# पार्लियामेण्ट र सल्लाहकार सभा

# REFERENCE

Not for Issue

# पार्लियामेण्ट
# र
# सलाहकार सभा


ढुण्डिराज शर्मा

*सदस्य, कानून-सुधार कमिशन*



साहित्य विभाग

प्रकाशक
नेपाल एकेडेमी
साहित्य विभाग

R Nee
328.3095496
Sh137
2016
231
e

[ सर्वाधिकार शर्तअनुसार प्रकाशकमा सुरक्षित ]

प्रथम संस्करण
२०१६ वि.

मुद्रक
नरेन्द्र यन्त्रालय,
काठमाडौं, नेपाल ।

# प्रकाशकीय--

विशेष अनुसन्धान गरी वा गराई विशिष्ट रचनाको प्रकाशनले मात्र वर्तमान समयमा देशको सर्वाङ्गीण आवश्यकता को पूर्ति हुन सम्भव छैन । अतः देश, काल, परिस्थितिका अनुकूल उपयोगी विषयका मौलिक अथवा अनूदित रचनाहरू समेत आफ्ना विभिन्न निकायहरूबाट सुलभ गराउनु पर्दछ भन्ने नीति निर्धारित गरेकोले नेपाल एकेडेमीले श्री भाइस-चान्सलरको सामान्य निर्देशनमा *'नेपाली वाङ्मयको सामान्य विकासको एक साधारण योजना'* स्वीकार गरेको छ, जो यस प्रकारछ :—

१ साहित्य

क – स्वदेशी साहित्य

१. कविता, नाटक, कथा, उपन्यास, निबन्ध, प्रबन्ध तथा अन्य प्रकारका रचनात्मक अभिव्यक्ति

२. साहित्यकार र साहित्यालोचना

३. साहित्यिक सिद्धान्त

४. व्याकरण, भाषा-विज्ञान, कोश तथा भाषासम्बन्धी अन्य अंग

: ख :

ख – विश्व साहित्य

१. कविता, नाटक, कथा, उपन्यास, निबन्ध, प्रबन्ध तथा अन्य प्रकारका रचनात्मक अभिव्यक्ति
२. साहित्यकार र साहित्यालोचन, साहित्यिक सिद्धान्त आदि

ग – प्राचीन वाङ्मय

१. मूल
२. सम्पादित
३. अनूदित

२ इतिहास र पुरातत्त्व

क – स्वदेशी इतिहास र त्यसका विभिन्न अंग-प्रत्यंग
ख – विश्व तथा विश्वका भिन्ना-भिन्नै देशका इतिहास र त्यसका निर्माता
ग – पुरातत्त्व र नृशास्त्र

१. सिद्धान्त
२. व्याख्या

३ विज्ञान

क – ज्योतिष र भूगोल
ख – प्राणी र वनस्पति
ग – शरीर, स्वास्थ्य र उपचार



घ – परिवार

ङ – शिक्षा

च – रसायन

छ – भौतिक

ज – समाज-विज्ञानका अन्य अंग, जस्तै

—कानून, न्याय र संसद

—प्रशासन

—पत्रकारिता र सूचना एवं
पुस्तकालय-संरक्षण आदि

—राजनीति–सिद्धान्त र व्यवहार,
आदि आदि

झ–भौतिक विज्ञानका विभिन्न अङ्ग

४ दर्शन

क – आध्यात्मिक दर्शन र दार्शनिक

१. पूर्वी

२. पश्चिमी

ख – मनश्शास्त्र र मनोविज्ञान

ग – धर्म, धर्मशास्त्र

५ कृषि, वाणिज्य र कौशल

६ कला

क – संगीत, ओपेरा, नोटेशन वा बिनानोटेशनका
गीतहरू

ख – मूर्ति
ग – चित्र
घ – वास्तु
ङ – अन्य कला-कौशल
च – महान् कलाकारहरू

७ सैनिक

क – विख्यात युद्ध र योद्धाहरू
ख – सिद्धान्त र व्यवहार

८ लोक–साहित्य

क – नोटेशनयुक्त गीत
ख – बिनानोटेशनका गीत
ग – विभिन्न देशका लोक-साहित्य

९ विविध

यस योजनाका प्रत्येक मूल स्कन्धमा नेपाल एकेडेमीले आफ्ना विभिन्न निकायबाट निर्धारित अवधिमा कमसेकम एक-एक पुस्तक प्रकाशित गर्ने वा गराउने निधो गरेको छ। यो पुस्तक पनि त्यसैअन्तर्गत प्रकाशित हुँदैछ।

आयोजक,
नेपाल एकेडेमी
साहित्य विभाग

# परिचय—

संवत् २०११ वैशाख १ गतेका दिन स्वर्गीय श्री ५ त्रिभुवन वीरविक्रम शाहदेवबाट द्वितीय सल्लाहकार सभा गठनको घोषणा भयो । म पनि त्यसमा सदस्य मनोनीत भएँ । अधिवेशन प्रारम्भ भयो। उक्त सभाको कार्यवाही-सम्बन्धी ज्ञान थिएन । बुद्ध-कालदेखिकै राजसत्तात्मक प्रजा-तन्त्रवादी देश भए तापनि बीचको अनुदार एकतन्त्री शासनको निरंकुशताले विकासको मूल ढोकैमा तालचो लागेको थियो। यस कारण, यस पद्धतिमा मजस्तै धेरै सदस्य प्रायः अनभिज्ञ नै हुनुहुन्थ्यो। सभाका सेक्रेटरीलाई भेटी आफ्नू कठिनाइ बतायौं। सोध्ने सदस्यहरूका घेरामा काम गर्दै बताउँदै उहाँले केही ढाँचा दिनु हुन्थ्यो । तर विषयको राम्रो ज्ञान नभई त्यतिले मात्र के हुन्थ्यो ? अध्ययन नगरी हुन्न भन्ने मनमा लाग्यो। आफ्ना (वामपन्थी) पार्टीका नेता श्री बालचन्द्र शर्माकहाँ गयौं र अध्ययन ( Class ) चलाउने व्यवस्था मिलायौं। यसमा अरू पार्टीका इच्छुक सदस्यहरू पनि शामिल हुनुहुन्थ्यो। यस पुस्तकको बीजारोपण त्यहींदेखि भएको हो । अध्यक्ष निर्वाचित भएपछि पनि उहाँले सभाको संचालनका साथै साथीहरूलाई बाटो देखाउने यो क्रम जारी नै राख्नु भयो।

सभाको कार्यवाही नियमित रूपले चल्न लाग्यो। दुवै अधिवेशन सफलतापूर्वक सम्पन्न भए। सदनमा आउनु पर्ने प्रायः मुख्य-मुख्य सबै विषय आए। संसदीय प्रणालीको अध्ययन र त्यसको व्यावहारिक रूपको ज्ञान अर्जन गर्दै आवश्यक संझेका कुरा संकलित गर्दै रहें। कुनै विषयमा पुस्तक लेख्नलाई विशेष पाण्डित्यको आवश्यकता पर्दछ। आफूमा त्यस्तो योग्यता नभए पनि आफ्नो मातृभाषामा संसदीय प्रणालीसम्बन्धी ग्रन्थको अभाव देखेर आफूले भोगेको कष्टबाट अरू बन्धुहरू-लाई त जोगाऊँ भन्ने लागेर 'मधुकर-वृत्ति' लिई यो सँगाल्न लागें।

सल्लाहकार सभाको गठन र संचालनमा मूलतः ब्रिटिश पार्लियामेण्टकै अनुसरण गरिएको थियो। नेपाल र ब्रिटेन दुवै देश वैधानिक राजतन्त्रात्मक प्रजातन्त्रमा आस्था राख्ने भएकाले यो कुरा स्वाभाविक पनि थियो। नेपालमा पनि करीब-करीब ब्रिटिश नमूनैमा मन्त्रिमण्डलको गठन र संचालन भएको छ। उसै गरी संसदमा पार्टी-प्रथाको ढाँचा अपनाइएको छ। परन्तु, संसदीय संचालन किटुवा नियमको बन्धनमा जकडिएर रहन सक्तैन। यो व्यवस्था सदैव सप्राण र गतिशील हुन्छ। समयानुसार परिस्थितिमा अन्तर पर्दा त्यसको प्रभाव संसदमा पनि पर्दछ, र अनि उसले आफ्नू व्यवस्था र पद्धतिलाई बदल्नु पर्दछ। ब्रिटिश पार्लियामेण्टको विकास पनि यसै गरी एंग्लो-सेक्सन कालदेखि हुँदै आएको छ, र

हाम्रो देशमा पनि त्यसको क्रमको परिचय यथास्थान दिइएको छ। परिणामस्वरूप सामान्यतः ब्रिटिश पार्लियामेण्टको अनुगामी भए तापनि हाम्रो सल्लाहकार सभामा देश, काल र परिस्थिति-अनुसारका मौलिकता छँदै थिए। यसको गठन हुँदा मन्त्रि-मण्डलमा एक पार्टी वा दलको प्रभुता नभई सबै तत्त्वको समावेश भएकोले सभामा पार्टीहरूका सदस्यका बीच मेल हुनगयो। किन्तु, सरकारी पक्षका सदस्य भए तापनि उनीहरू सरकारमा भएका आफ्ना साथीका अन्धभक्त थिएनन्। ब्रिटिश प्रथामा पार्टीको नीतिबाट पार्टीको सदस्य हट्न सक्तैन। पार्टी एक यन्त्रझैं हुन्छ, जसको एक वफादार पुर्जा त्यो सदस्य हुनै पर्दछ। हाम्रो सल्लाहकार सभाका सदस्य भने देशको समस्याप्रति अथवा आफ्नू विवेकप्रति ईमानदार थिए। उनले देशभन्दो पार्टी वा पार्टीका नेतालाई ठूलो संझेनन्। बिर्ता-प्रथा, मालपोतमा वृद्धि, देश-विकासका योजना आदि समस्याबारे पार्टीहरूभित्र जुन अन्तर्द्वन्द्व चलिरहेको थियो त्यसले संसदभित्र शक्ति पाएर; एउटा सानू प्रश्नमै भए पनि तत्कालीन सरकारको तख्ता पल्टायो।

ब्रिटिश पार्लियामेण्ट संसारका सबै 'संसदहरूकी जननी'-को रूपमा मान्य भए तापनि अरू देशका विधानले पनि देश, काल र परिस्थितिको जल-वायुमा यसै गरी रूप र गुणको केही मौलिकता लिएकै देखिन्छ। भारतीय विधानका विशेषता

बताउँदै एक जना विधिवेत्ता भारतीय विद्वान्ले लेख्नुभएको छ—

'हामीले ब्रिटेनकै ढाँचाको संसदीय प्रणालीको सरकार गठन गर्ने प्रणाली अपनाएका छौं— कार्यपालिका संसदप्रति उत्तरदायी छ तापनि ब्रिटिश पार्लियामेण्टको जस्तो सर्वाधिकारसम्पन्न हाम्रो संसद छैन । ··· ··· भारतीय संसद भारतीय संविधानभित्रको प्राणी हो र यसको शक्ति, अधिकार, सुविधा र वाध्यता (Obligation) विधानमै उपलब्ध हुन्छन् । असीम अधिकारयुक्त प्रभुतासम्पन्न निकाय यो होइन । भारतीय संविधानले भारतको संसदलाई यति विषयमा ऐन बनाउन पाउँछ भन्ने उल्लेख गरेको छ र केही दफाद्वारा यसको अधिकारलाई सीमित गरिदिएको छ+ ।

यसै गरी अमेरिका, फ्रान्स, स्विजरलैण्ड तथा भारतका विधानमा पनि अन्तर छन् । नयाँ व्यवस्थामा उन्नत देशबाट उपयोगी कुराहरू लिनु पर्दछ । तर एउटा देशमा उपयोगी भएका सबै कुरा सबै देशमा यस्तै हुन्छन् भन्न सकिंदैन । अतः नीर-क्षीर-विवेकद्वारा देश, काल र परिस्थितिको अनुकूल सार ग्रहण गर्ने काम विधि-विशेषज्ञको हो ।

---

+ Commentary on the Constitution of India— Durga Das Basu, Third Edition.

यो पुस्तक अघि नै तयार भएको थियो । राजनीतिको चोटले आर्थिक मेरुदण्ड भाँचिएकोले यसलाई आफैले छपाउन सकिन । प्रकाशनको निमित्त ठूला-बड़ालाई गोहार्न पनि बाँकी राखिन । आश्वासन पनि पाएँ । तेस्रो सल्लाहकार सभाको उद्घाटन नहुँदै छपाउने चेष्टा गरें । उक्त सभाका निकै सदस्यहरूले पनि मसंग यही आग्रह गर्नुभयो । किन्तु, मुद्रण अर्थकै अनुगामी हुन्छ । त्यसको अभावले गर्दा मेरो केही चलेन ।

यसैबिच नेपालको संविधान बनाउने काममा राय दिन ब्रिटेनबाट प्रसिद्ध विधिवेत्ता सर आइभर जेनिङ्स् काठमाण्डू आउने चर्चा सुनियो । पटक-पटक संसदीय ढाँचाका यस्ता सभाहरू संचालित भइसकेको हाम्रो देशमा संसदसम्बन्धी कुनै पुस्तक नहुनु ठीक लागेन । पुस्तकलाई प्रकाशनमा ल्याउन पुनः चेष्टा गरें । सर जेनिङ्स् आए, गए–मेरो पुस्तक पाण्डुलिपिमा मैसित रह्यो ।

किन्तु, यस विवशतामा पनि एउटा गुण भेट्टाएँ— तेस्रो सल्लाहकार सभालाई पनि यसमा समावेश गर्न पाएँ ।

यसैबिच श्री ५ महाराजाधिराजबाट २०१५ साल फाल्गुन, ७ गते (प्रजातन्त्र दिवस)-लाई देशको प्रथम आम चुनाव प्रारम्भ हुने दिन मुकर्रर गरिबक्सियो । सल्लाह-कार सभासम्बन्धी मेरो यस पुस्तकमा नयाँ-नयाँ पंक्ति थपिँदै जाँदा-जाँदै सल्लाहकार सभाको विषय नै इतिहासको सामग्री

हुनगयो । तर, यसलाई पनि सौभाग्यकै कुरो संझन्छु— आम चुनावभन्दा अघिको हाम्रो देशको संसदीय व्यवस्थाको सम्पूर्ण झलक यसमा उत्र्यो। यो पनि लोभकै विषय होला। हाम्रो देशमा घटनाहरूको लेखबद्ध संग्रह ( Record ) राखी त्यसलाई सर्वसुलभ गराउने प्रवन्ध छैन । अरू विषयमा त्यसको लाभ-हानि जेसुकै भए तापनि संसदीय व्यवस्थाका विषयमा त्यसबाट हानि नै देख्तछु। संसदीय व्यवस्था जनताको आफ्नू निधि हो। संसदभित्र भएका जीत-हार देशको प्रत्येक नागरिकलाई प्रभावित पार्ने विषय हुन्छ । यस कारण, निर्वाचित संसद खड़ा नहुँदै देशका प्रतिनिधिका रूपमा सल्लाहकार सभामा एकत्रित भएका सदस्यहरूले गरेका काम-कुराको देशवासीहरूलाई परिचय दिनु पनि एक आवश्यक कुरा ठान्दछु। अतएव यस पुस्तकको अन्तिम भागमा रेकर्ड ( Record ) अथवा नमूनाको निमित्त प्रयोजनीय अधिकाधिक विषयलाई संकलित गर्ने प्रयत्न गरेको छु।

अब यो पुस्तक हाम्रा देशका निर्वाचित संसद-सदस्यका हातमै पुग्ने छ । निर्वाचनभन्दा पहिले मनोनीत सदस्यहरूले संसदको मर्यादा बढ़ाउन र राष्ट्रको कल्याण गर्न के—कति गरेका रहेछन् ?—यसको एक चित्र यस पुस्तकमा उहाँहरूले पाउनु हुनेछ। संसदीय व्यवस्था जनताको अधिकारको गतिशील र

विकासोन्मुख कदम हो। प्रत्येक पछिल्लो कदमकै भरमा मनुष्य अगाडिको कदम उठाउँछ। हाम्रो देशको आगामी जनतान्त्रिक प्रगतिको पछिल्लो पाइलोको रूपमा सल्लाहकार सभाको यो चिन्हो कामलाग्ला, तथा मनोनीत सदस्यहरूले यतिसम्म गरेका रहेछन्, हामी निर्वाचित सदस्यहरूको अब के र कस्तो कदम हुनु पर्दछ ? भन्ने कुनै विचार यस प्रयासले उठाउन सक्यो भने यसको उद्देश्य सफल भएको ठान्नेछु।

हुन त हामी नित्य पाठ गरिने शुक्ल यजुर्वेदको एक सूक्तमै '*नमः सभाभ्यः सभापतिभ्यश्चवो नमो*'-पाउँछौं, जसबाट कमसेकम पाँच हजार वर्ष अघि हाम्रो आर्य-भूमिमा सभाको गठन, र सभापतिको निर्वाचनसम्बन्धी व्यवस्था भएको देखिन्छ, तथापि प्रस्तुत प्रसंग इतिहासको अनुसन्धानविषयक नहुनाले विक्रम संवत्को प्रारम्भभन्दा अघिको मात्र कुरा गरौं भने पनि कमसेकम बुद्धकालदेखि हाम्रो देशमा राजा शुद्धोदनको नेतृत्वमा प्रजातान्त्रिक व्यवस्था चलेको प्रमाणको उल्लेख गर्नु यहाँ अनावश्यकै छ। दुर्भाग्यले गर्दा गत शताब्दीमा हाम्रो मुख, र साथै बुद्धिको विकासमा पनि एकतकतन्त्रवादी तानाशाहीको तालचा लाग्यो। फलस्वरूप यो पुस्तक मैले जानेसम्म नेपाली भाषामा संसदीय व्यवस्थाको पहिलो पुस्तक हुनआएको छ। यसलाई मैले हर्ष वा खेद के ठान्ने ? जे भए पनि नेपाली भाषारूपो विशाल भवनमा यस विषयको यो एउटा नयाँ इँट थप्न पाएँ। यसमा स्वभावतः अनेक त्रुटि

रहेका होलान्। तिनको परिमार्जन अब विद्वान् र समर्थ लेखककै हातमा छ। आशा छ यसलाई सोंढ़ीको पहिलो खुड़किलो बनाइदिनु हुनेछ।

यस पुस्तकलाई मैले 'मधुकर-वृत्तिको एक परिणाम' भनेको छु। मेरो 'मधु-संचय'-मा अनेक सहृदय, समर्थ, जानकार व्यक्तिले मलाई ठूलो सहायता दिनु भएको छ—

म सर्वप्रथम श्री बालचन्द्र शर्मा, एम. ए., साहित्य-रत्न, माननीय अध्यक्ष, द्वितीय सल्लाहकार सभाको ऋणी छु, जसको योग्य नेतृत्वमा त्यो सभा कुनै विशेष पुस्तकको विषय बन्न सक्यो।

म ती सबै विद्वान् ग्रन्थकारहरूको आभारी छु जसका विशाल उद्यानबाट मैले 'मधु-संचय' गर्न पाएँ।

श्री कुलशेखर शर्मा, एम ए., सचिव, सल्लाहकार सभाको म कृतज्ञ छु जसको सहृदयताले मलाई तथ्याङ्क, मिति इत्यादिको संकलन सुलभ भयो र साथै तद्विषयक बहुमूल्य सुझाव प्राप्त भए। यस काममा मलाई सहायता दिने उक्त सभाका सम्पूर्ण स्टाफप्रति पनि म कम कृतज्ञ छैन।

अन्तमा, म नेपाल एकेडेमीका चान्सलर परमोदार राष्ट्र-नायक श्री ५ महाराजाधिराजबाट सर्वोपरि अनुगृहीत भएको छु जसबाट दया नभएको भए यो पुस्तक सम्भवतः पाण्डुलिपिमै विलीन हुने थियो।

परिशिष्टमा संकलित सामग्रीको मूल भाषामा परिवर्तन नगरी लेखाइ र विराम-चिन्हहरूमा सामान्यतया एकरूपता ल्याउने प्रयत्न मात्र गरिएको छ।

नेपाली पुस्तकको विशेषतः प्रथम संस्करणको मुद्रणमा प्रूफका अशुद्धि नरहुन् भन्ने आशा दुराशामात्र हो। यो पुस्तक पनि त्यसको अपवाद रहेन। सकनु, शकनु; हरु, हरू; ब, व; ढ, ढ़; मात्रा, विराम-चिन्ह; शब्द वा शब्दांश एकसाथ रहने, छुट्टिने आदि अनेक स्थलमा स्वच्छन्दचारी बनेका छन्। कहीं सलाहकार सभा र कहीं सल्लाहकार सभा—दुवै रूप देखा-पर्नेछ। सामान्य अशुद्धिलाई सच्याई पढ़ने दायित्व विज्ञ पाठकमै छोड़ी अर्थको अनर्थ हुन सम्भवजतिको मात्र शुद्धिपत्र दिएको छु।

—दुण्डिराज शर्मा

काठमाण्डू.
वसन्त पञ्चमी, २०१५. वि०




# विषय-सूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | ग्यालरी हल र वेस्टमिनिस्टर ... ... | ... १ |
| २. | पार्लियामेण्टको उत्पत्ति र विकास ... | ... १२ |
| ३. | हाउस अफ् लर्ड्स् र हाउस अफ् कमन्स् ... | ... २५ |
| ४ | नेपालमा संसदीय व्यवस्थाको परम्परा ... | ... ३५ |
| ५. | पार्लियामेण्टका सदस्यहरूको निर्वाचन ... | ... ७० |
| ६. | संसदको कार्यपद्धति ... ... ... | ... ८८ |
| ७. | कानून बनाउने विधि ... ... ... | ... ११३ |
| ८. | अध्यक्ष (स्पीकर) ... ... ... | ... १२३ |
| ९. | संसदीय शिष्टाचार ... ... ... | ... १३४ |
| १०. | संसदीय स्वाधीनता ... ... ... | ... १४९ |
| | उपसंहार ... ... ... | ... १८५ |
| | परिशिष्ट | |
| | १. २००४ सालको वैधानिक कानून | ... १९१ |
| | २. ऐ०-अनुसार गठित सभामा श्री सुवर्ण शंशेर ज. ब. रा.-ले दिएको उद्घाटन-रिपोर्ट र उक्त सभाको सदस्य-सूची | ... २२३ |
| | ३. ऐ०-मा प्रधान मन्त्रीको भाषण | ... २३६ |
| | ४. सल्लाहकार सभा ऐन, २००९ | ... २४४ |

५. ऐ०-कोसंचालन र कार्यविधिसम्बन्धी
नियम ... ... ... ... २५५
६. (क) पहिलो सल्लाहकार सभाको गठन
बारे २००८ साल आश्विन १७ गतेको
शाहीघोषणा ... ... ... ... ३०१
(ख) ऐ०-बारे वैशाख १ गते, २००९-को ३०३
७. पहिलो सल्लाहकार सभाको शाही सम्बोधन ३०५
८. सल्लाहकार सभा-विघटन ऐन, २००९ ... ३१४
९. २०११ साल वैशाख १ गतेको शाही
शुभेच्छासन्देश र दोस्रो सल्लाहकार
सभाको सदस्य-सूची ... ... ... ३१५
१०. दोस्रो सल्लाहकार सभाका शाही सम्बोधन
भाषणहरू—
(क) प्रथम अधिवेशनको ... ... ३२०
(ख) द्वितीय अधिवेशनको ... ... ३३६
(ग) प्रथम अधिवेशन समाप्तिको शाही
सन्देश ... ... ... ३४४
११. क (१) शाही सम्बोधन (प्रथम अधिवेशन)-
मा धन्यवादको प्रस्ताव ... ... ३४४
क (२) " " द्वितीय अधिवेशन ... ३४५
१२. (क) सदनको कार्यसूचीको नमूना ... ३४८
(ख) " दैनिक कार्य-विवरणको नमूना ३५०

१३. सरकारी विधेयकको नमूना ... ... ३५२
१४. गैरसरकारी विधेयकको नमूना ... ३५४
१५. सरकारी प्रस्तावको नमूना ... ... ३४८
१६. गैरसरकारी प्रस्तावका केही नमूना ... ३६१
१७. संशोधन प्रतावका केही नमूना ... ३६२
१८. छलफल टुंग्याउने प्रस्ताव ( Closure Motion)-को नमूना ... ... ३६३
१९. प्रश्नहरूका नमूना ... ... ... "
२०. दोस्रो सल्लाहकार सभाका अध्यक्षका केही व्यवस्था (Rulings) ... ... ३६५
२१. सल्लाहाकार सभा-विघटन ऐन, २०१२ ३७७
२२. तेस्रो सल्लाहकार सभा गठनबारेको शाही घोषणा ... ... ... ३७८
२३. तेस्रो सल्लाहकार सभाको सदस्य-सूची ... ३८०
२४. अध्यक्ष-पदको नामजदगी (Nomination)-को नमूना ... ... ... ३८५
२५. मार्ग ११ गते, २०१५-का दिन श्री ५ महाराजाधिराजबाट तेस्रो सल्लाहकार सभालाई बक्सेको सम्बोधन ... ... ३८५
२६. तेस्रो सल्लाहकार सभामा अध्यक्षले दिएका व्यवस्था (Rulings) ... ... ३८८
२७. (तृतीय) सल्लाहकार सभा-विघटन ऐन, ३८९

२८. जन-गणना र निर्वाचन-क्षेत्रका तालिका ३६०
२९. जन-प्रतिनिधित्व ऐनका केही अंश ... ३९६
३०. नेपाल अधिराज्यको संविधानका संसद-सम्बन्धी अंश ... ... ... ४०३
३१. श्री ५ त्रिभुवनको २००७ साल फाल्गुन ७ गतेको शाही घोषणा ... ... ४३१
३२. नेपालमा नगरपालिका र पंचायतको सूत्र-पातका सम्बन्धमा केही ज्ञातव्य कुरा ... ४३४
३३. २००७ सालयताका मर्यादा-क्रमका सूची क-७ अक्टूबर, १९५२ ई०-मा प्रकाशित ... ४३४
ख+ ज्येष्ठ २६ गते, २०१३-मा निर्णीत ... ४३७
३४. शुद्धि-पत्र ... ... ... ... ४४१



द्वितीय सलाहकार सभाको दोस्रो अधिवेशनमा शाही सम्बोधन-भाषण।

# अध्याय - १

## ग्यालरी हल र वेस्टमिनिष्टर

विक्रमी संबत् २०११ ज्येष्ठ २५ गतेका दिन अपराह्न समय सिंहदरवारको दक्षिणपट्टि ठूलो चहल–पहल थियो। रातो जङ्गी पोशाक लगाएका ब्याण्डवालाहरू सुमधुर स्वरले—

*जय देवी भैरवि, गोरखनाथ,*
*दर्शन देउ भवानि हे !—*

को मङ्गल धुन वजाइरहेका थिए। अर्कोतिर पटांगनीमा देशका कुना-कुनाबाट आएका राजनैतिक र सामाजिक कार्यकर्ताहरूको चहल-पहल थियो। उनीहरूका मुखमण्डलमा प्रसन्नताभन्दा कहीं बढ़ी गम्भीरता देखिन्थ्यो; मानो यस विशेष परिस्थितिमा आफूमाथि आइपरेको उत्तरदायित्वलाई उनीहरू अनुभव गर्दथे। त्यस भेलामा व्यस्त पत्रकारहरू, सरकारी कर्मचारीहरू तथा सर्वसाधारण नागरिकहरूको पनि दौड़धूप देखिन्थ्यो। पटांगिनीको सम्मुख त्यो भव्य भवन थियो जो 'ग्यालरी हल' को नामले प्रसिद्ध छ। राजधानीमा यस्ता तीनवटा अरू हल पनि छन— सिंहदरवारको मोहडामा भव्य स्टेट हल छ, दोस्रो प्रसिद्ध हल हो— हनुमान ढोकाको 'गद्दी बैठक' र तेस्रो शानदार हल नारायणहिटी दरबारको हल हो, जुन राजदरबारको मूल बैठक भएकोले झन महत्त्वपूर्ण छ। किन्तु,

माथि भने मैं ग्यालरी हलको आफ्नै विशेषता छ। यसको प्रथम निर्माण चन्द्र शम्शेरले गराए ता पनि यसको वर्तमान सजावट जुद्ध शम्शेरको समयमा भएको हो। नवीनता र प्राचीनताको विलक्षण समन्वय यसको मौलिक विशेषता हो। यसको लम्बाइ र चौडाइ करीब असी फीट र ऊँचाइ करीब तोस फीट छ। यसको भुईं बढ़िया सेता र काला संगममरले छापिएको छ। हलको दायां-बायां भागमा खड़ा दुइ लहर खम्बा छन्। तिनमा लागेको सुनौला रोगन र तिनका तल र माथि रंग-विरंगी सजावटले गर्दा एक अद्भुत किसिमको शोभाको सृष्टि हुन्छ। हलको प्रवेश-द्वारमै दुइ विशाल सिंह छन्, जो देख्दै मल्लकालीन नेपालको संझना गराउँछन्। अनि, काठका भ्यालहरू र पुरानै ढाँचाका चित्र छन्। जसले हल-लाई नेपालको आफ्नैपना प्रदान गरेको छ। हलभित्र श्री ५ महाराजाधिराज र प्रधान मन्त्रीहरूका विशाल चित्रहरू छन्। शिकारी जुद्ध शम्शेरले शिकारका दृश्य र शिकारमा मारिएका बाघ र गैंड़ाहरूका किसिम किसिमका सामग्रीहरू र तिनको समुचित स्थानमा विन्यासले पनि हललाई सजाउन बाँकी राखेका छैनन्। हलको पूर्वपट्टि माझमा रातो मखमलको चँदुवा र त्यसको तल रातो कपड़ाले मोन्हेको वेदीमा शाही आसन झलिकरहेको छ; जसका दुवैपट्टि धातुका विशाल सिंह छन्। हलमा प्रकाशको राम्रो व्यवस्था छ। देश-विदेशका प्रत्येक कला-रसिकले यस हलको मुक्तकण्ठले प्रशंसा गरेको छ।

यो हल मुख्यतया राजकीय भोजहरूको निमित्त बनाइएको थियो। किन्तु, भाग्यले यसको अब अर्कै उपयोग भइरहेको छ। आज दोस्रो सल्लाहकार सभाको बैठक यसै हलमा हुने भएको छ। यस बखत श्री ५ महाराजाधिराज त्रिभुवनको शाही सन्देश सुनाउन श्री ५ युवराजाधिराज महेन्द्रको सवारी हुने भएको छ। सबै त्यसैका प्रतीक्षामा छन्।

हुन त मतदानद्वारा संसद् खड़ा गरी प्रजातान्त्रिक शासन गर्ने पद्धति कमसे कम आजदेखि २५००।३००० वर्ष अघि हाम्रो देशमा रहेको प्रमाण पाइन्छ। तथापि त्यसको आधुनिक रूपको जन्मस्थल इङ्गलैण्ड हो। प्राचीन कालका मल्ल, शाक्य, वृज्जि आदि लोकतान्त्रिक शासन हाम्रै देशमा थिए। किन्तु, कालचक्रले गर्दा हामीले त्यसको निमित्त २००७ विक्रमी संवत्मा क्रांति गर्नु पऱ्यो। यसै क्रांतिको फलस्वरूप हामीले संसदीय पद्धतिको प्रजातांत्रिक व्यवस्था ( Parliamentary Democracy ) पाएका छौं। ठीक यस्तै शासन-व्यवस्था ग्रेट ब्रिटेनमा पनि छ। त्यहाँ पनि राष्ट्रको सर्वोच्च स्थानमा राजा छन्। शासनको उत्तरदायित्व मन्त्रिमण्डलमा छ, जो संसद्-बाट अस्तित्व र शक्ति प्राप्त गर्दछ। इंगलैण्डको संसद्लाई 'पार्लियामेण्ट' ( Parliament ) भनिन्छ। लण्डन, टेम्स ( Thames ) नदीको किनारामा पार्लियामेण्ट र त्यसका साथै खड़ा विशाल भवन ब्रिटिश जातिको गौरव र शानको कुरा छ।

टेम्स नदीको तटमा घेरै अघिदेखि नै 'वेस्टमिनिस्टर एबे' ( Westminister Abbey ) नामको शानदार गिर्जा-घर थियो। सैक्सन ( Saxon ) वंशको शासन कालदेखि नै इंगलैण्डका राजाहरू यहाँ उपासना गर्दथे। १०६६ ई० मा जब फ्रांसको नर्मण्डी ( Normandy ) रियासतका सामन्त, विलियम ( William ) ले इंगलैण्डमा नर्मन ( Norman ) वंशीय शासनको स्थापना गरे, उनले यस प्राचीन गिर्जाघर-तिर पनि ध्यान दिए। त्यसको समीपमै एक सानु दरबार पनि थियो। उनी त्यसै ठाउँमा आफ्नू प्रतिष्ठाको अनुकूल एक भव्य दरबार बनाउन चाहन्थे। योजना पनि तयार गरियो। किन्तु निर्माणको श्रेय उनलाई प्राप्त हुन सकेन। उनी दिवंगत भए। उनी पछि उनका पुत्र विलियम रुफस ( William Rufus ) गद्दीमा बसे। उनैको पालामा वेस्टमिनिस्टर हलको निर्माण थालियो। यो भवन राजा द्वितीय रिचर्ड ( Richard II ) को पालामा पूरा भयो। यो भव्य हल ( Westminister Hall) २५० फीट लम्बा, ६८ फीट चौड़ा र ९२ फीट अग्लो छ। यसको छत ( Ceiling ) ओक ( Oak ) काठको छ, जसमा साह्रै राम्रो कारीगरी छ। यसको छत टेवा दिने खंबा बिना नै खड़ा छ। युरोप भरमा यसलाई उछिन्न सक्ने शायदै कुनै हल होला।

यस ऐतिहासिक हलमा गत सात सय वर्षमा यस्ता अनेक कुरा भएका छन्, जसको ब्रिटिश इतिहासमा ठूलो महत्त्व छ।

ब्रिटिश राजाहरूको राज्याभिषेक वेस्टमिनिस्टर गिर्जाघरमा हुन्छ, अनि ती वेस्टमिनिस्टर हलमा आउँछन् र यहीं शानदार राजकीय भोज हुन्छ। यसै अवसरमा राजाका एक वफादार सरदार (Knight) जिरह बख्तर ('कवच') मा कसिकसाउ भएर घोड़ामा चढ़ी त्यस हलमा रवाफसाथ आउँछन्। सबैको अगाड़ि हातमा लगाएको आफ्नू फौलादी पंजा फुकाल्दै उपस्थित जनसमुदायलाई हाँक दिएर भन्दछन्— 'हाम्रो राजाको उत्तराधिकारमा कोई शंका उठाउँछ भने त्यसको जवाब शस्त्रले दिन म यहाँ खड़ा छु।' यो ब्रिटेनको परम्परागत चलन हो। यसले गर्दा सारा भाइ-भैयाद, भारादारहरुद्वारा नयाँ राजाको वैधानिक उत्तराधिकारको हक अनुमोदित हुनजान्छ।

यस हलको एकातिर शयकड़ौं वर्षसम्म दुइटा विशेष न्यायालय पनि थिए। यसै हलमा १३०५ ई० मा स्कटलैण्डका प्रसिद्ध नेता विलियम वालेस (William Wallace) माथि मुद्दा चलाइएको थियो। वालेसले स्कटलैण्डको नेतृत्व गरी इंगलैण्डको विरोध गरेका थिए। वालेसले क्रांतिकारी वीरलाई सुहाउने सजाय पाए— उनले शहीदको वेदीमा चढ़नु पऱ्यो। उनको शरीर चार टुक्रा पारियो। त्यसको प्रदर्शन स्कटलैण्डका जनताको बीच गरियो। जसमा त्यस उपरान्त इंगलैण्डको शासनको विरोध गर्ने साहस कसैलाई नहोस्।

यसै हलमा भारतका बड़ा लाट वारेन हैस्टिंग्स् (Warren Hastings) माथि पनि उनको शोषण, अन्याय र अत्याचारको विरूद्ध एड्मण्ड बर्क, चार्ल्स जेम्स फाक्स (Edmund Burke Charles James Fox) आदि जस्ता ब्रिटेनका न्यायप्रिय र बहादूर जनप्रतिनिधिहरूले मुद्दा चलाएका थिए। ईस्ट इण्डिया कम्पनीलाई उनीबाट भएको ठूलो सहायताको विचार गरी उनीमाथि मेहरबानी नगरिएको भए ठहरिशकेको अभियोगको फलस्वरूप उनले अपराध सुहाउँदो गम्भीर दण्ड भोग्नै पर्ने थियो। तैपनि उनले दयनीय गरीबीमा शेष जीवन बिताई पापको प्रायश्चित गर्नै पऱ्यो। युटोपिया (Utopia) नामक विख्यात ग्रन्थका लेखक टामस मूर (Thomas Moore) जस्ता प्रसिद्ध विद्वान्लाई पनि यहीं सन् १५३५ ई० मा प्राणदण्ड सुनाइएको हो। यसै हलमा राजा द्वितीय रिचर्ड (Richard II) ले ठूलो अपमान सहेर आफूले लगाइराखेको राजमुकुट आफ्न हातले फुकाली आफ्ना उत्तराधिकारी चतुर्थ हेन्री (Henry IV) लाई सुम्पन वाध्य हुनुपरेको थियो। प्रथम चार्ल्स (Charles I) को मुद्दा पनि यसै हलमा भएको थियो, र यहीं उनलाई ज्यान-सजाय सुनाइयो। यसै हलमा इंगलैण्डका शासक र अमर विभूतिहरूका लाश पूरा सम्मानको साथ गाड़िन्छ। यहीं राजा-हरूको अभिनन्दन गरिन्छ र यस्तै अरू पनि विशेष महत्त्वका कुरा समारोहसाथ सम्पन्न गरिन्छन्।

टेम्स नदी र वेस्टमिनिस्टर हलको बीचमा एउटा खुब

राम्रो फुलबारी छ। युरोपका दरबारहरूमध्येको एक प्यारो पुरानू दरबार– वेस्टमिनिस्टर दरबार ( Westminister Palace ) यसैको नजिक खड़ा छ। फ्रान्स, जर्मनी, स्पेन आदिका प्राचीन दरबारहरू बन्नुभन्दा अघि नै यो दरबार बनिशकेको थियो, र यसमा ब्रिटिश राजा बस्दथे। किन्तु, दुर्भाग्यवश १८३४ ई० मा यहाँ एक भयानक अग्निकाण्ड भयो। दरबारका नोकरहरूले एक कुनामा थुपारी राखेका बेचल्ती लट्ठोहरूको ठूलो रास देखेका थिए। पुरानू जमानामा हिसाब-किताब गर्दा त्यस समयको प्रथा अनुसार तिनैद्वारा गन्ती गरिन्थ्यो। जमाना बदलिशकेको र त्यो प्रथा हटिशकेकोले ती लट्ठी बेकम्मा भई थन्किएका थिए। जाड़ोको रात थियो। नोकरहरूले आगो बाल्ने चिमनीमा तिनै लट्ठीका मुठाका मुठा कोचिदिए। अनेक वर्षदेखि सुकिरहेका लट्ठी तुरुन्त दन्के। ज्वाला प्रचण्ड भयो र आगो फिंजियो। यस अग्निकांडमा प्रायः सम्पूर्ण दरबार पनि पऱ्यो। सौभाग्यवश यस क्षेत्रको एक इमारत मात्र जोगियो। त्यो थियो वेस्टमिनिस्टर हल !

१८३७ ई० मा सरकारले वेस्टमिनिस्टर दरबार फेरि बनाउने निश्चय गऱ्यो। देशका प्रत्येक प्रसिद्ध वास्तु-शिल्पीसित नक्शा मागिगो। नब्बे वटा जति नक्शा आए। तीमध्ये चार्ल्स बेरी ( Charles Barry ) को चाहिं स्वीकृत भयो। यस योजनामा आठ लाख पाउण्ड जति खर्च हुने अठोट् गरिएको थियो। तर, काम थालेपछि अनेक बाधाहरू आइपर्न लागे।

नजिक प्रवाहित टेम्स नदीको तल-भूमिको हाराहारीसम्म जग खनेर लैजांदा स्वाम्स्वामी धस्ने बालुवा भेटियो। त्यसमा विशाल जग हाल्नु साह्रै गाह्रो थियो। फलस्वरूप अन्दाज गरिएको अङ्कभन्दा धेरै बढ़ी खर्च हुन लाग्यो। जनताले स्वभावतः यी बाधाहरू बुझन शकेन। बिचरा बेरीको सर्वत्र कटु आलोचना हुन लाग्यो। पार्लियामेण्टको छलफलमा पनि बेरीको काम-कार्वाइ अनेक पटक पर्‍यो। किन्तु, त्यस महान् कलाकारले यस्ता लोक-निन्दाको कत्ति वास्ता गरेन। उनी आफ्नु निर्माण-कार्यमा मग्न थिए। अन्तमा १८४७ ई० मा भवनको एक भाग बनेर तयार भयो। १८५२ ई० मा महारानी भिक्टोरियाले पहिलो पटक औपचारिक रूपमा यस नयाँ दरबारको निरीक्षण गरिन्। १८६० ई० सम्ममा यसका बुर्जा र घण्टा-घरहरू पनि बनेर तयार भए। किन्तु, त्यसभन्दा अघि नै महान् कलाकार सर चार्ल्स बेरी संसारबाट विदा भइसकेको थिए। उनको महान् कार्यको सम्मान गर्दै देशवासीले उनको समाधि वेस्टमिनिस्टर एबेमा बनाए। निर्माण पूरा हुँदा बीस लाख पाउण्ड व्यय भइसकेको थियो। भवनलाई सजाउँदा अर्को पाँच लाख पाउण्ड थप खर्च भयो। तैपनि चार्ल्स बेरीको योजना पूरा हुन शकेन। जे-जति बन्यो त्यत्तिकैले सन्तोष गर्नु परे ता पनि १९सौं शताब्दिमा अंग्रेजहरूले बनाएका भवनहरूमध्ये यसको विशेष महत्त्व छ।

वेस्टमिनिस्टरका दुई वटा बुर्जाले छ एकड़ जति भूमि


छेकेको छ । यी भवनहरूमा गोथिक कला (Gothic Style) को खूबै राम्रो नमूना भेटिन्छ। भवनको हरेक भाग मसीनो कारीगरीले सजिएको छ। यस कुराको कसै-कसैले त आलोचना पनि गरेका छन्। भवनको पुनर्निर्माण हुँदा पुरानू ध्वंसावशेषको सकेसम्म उपयोग गरिएकोले कलाकारले मध्यकालीन युरोपीय वास्तुशैलीकै परिपालन गर्नु परेको थियो। तर, लण्डनको चीसो र आर्द्र जलवायुमा मसीनू बुट्टा र मूर्तिहरू धेरै समयसम्म राम्रो रूपमा कायम रहन संभव हुन्न। स्वभावतः तिनको विनाश हुन लाग्दछ। यसै कारण यी भवनहरूको कुनै-नकुनै भागमा मरम्मतको काम भई नै रहेको देखिन्छ।

जे भए तापनि बाह्र फीट मोटो भित्ता भएको भिक्टोरिया टावर (Victoria Tower) र विश्वविख्यात बिग वेन (Big Ben) नामक घण्टाघर एवं यी दुवैको बीच नक्काशीले खचित भित्ता र कमनीय छत भएका पाँच सयभन्दा बढ़ी कोठाबाल दरबार टेम्स नदीको तीरमा शानसित खड़ा देखेर कुन चाहि अंग्रेजको छाती गर्वले नफूल्दो होला ? उसको मानस-पटलबाट यो मनोरम दृश्य कहिले पनि पंछिन संभव छैन। वेस्टमिनिस्टर क्षेत्रको भव्यताले त उसको मनमा यसरी गर्वको संचार हुन्छ हुन्छ, झन् ती भवनहरूमा सयकड़ौं वर्षको संघर्ष र बलिदानबाट उसको राष्ट्रले जुन गौरव अर्जित गऱ्यो, त्यसको संझनाले उसको मनले अझै कति गौरव अनुभव गर्दो होला !

यहाँ संसदीय प्रणालीको आधुनिक प्रजातन्त्रवाद ( Parliamentary Democracy) ले फस्टाएर जुन रूप ग्रहण गऱ्यो त्यसको अनुकरण आज संसारका अनेक राष्ट्र गर्दैछन् ।

द्वितीय विश्व युद्धमा वेष्टमिनिष्टर क्षेत्र माथि एक पटक फेरि विपत्ति आइपरेको थियो । जर्मनीका तानाशाह हिटलर [ Herr Hitler ] अंग्रेज जातिको, यस शानलाई ध्वस्त पार्न चाहन्थे । नाजी बमवर्षकले १० मई, १९४१ ई० को दिन वेष्टमिनिष्टर क्षेत्र माथि बमवर्षा गरे । हाउस अफ कमन्स [ House of commons ] अर्थात् लोकसभा, हाउस अफ लर्ड्स (House of Lords) अर्थात् भारादारी सभा र वेष्टमिनिष्टर हल माथि बम् खसे । यी भवनहरूको सुरक्षाको विशेष प्रबन्ध गरिएको थियो । तैपनि एकै पटक सबै ठाउँमा यसरी बम ओइरिएकाले कर्मचारीहरू हतबुद्धि भए— कुन भवन जोगाउनतिर लाग्ने, कसलाई छोड्ने !! किन्तु, यस समयसम्म नागरिकहरूको ठुलो घुइँचो त्यहाँ एकत्रित भइसकेको थियो । भीड़बाट ठुलो आवाज उठ्यो, 'हललाई जोगाऊ ! हाम्रो वेष्टमिनिष्टर हललाई बचाऊ !!' ठीक यही नारा अघि १८३४ ई० को ठुलो आगलागीमा पनि लण्डनका नागरिकहरूको भीड़बाट उठेको थियो र हवाई हमलाबाट हिफाजत गर्ने दल हलतिरै दगुऱ्यो । दाहक बमले हलको काठको बहुमूल्य छत भेट्टाइसकेको थियो । तर धेरै क्षति हुन पाएन ! हल त जोगियो ! तर अर्कोपट्टि हाउस अफ कमन्स ध्वस्त भइसकेको थियो ।

त्यसको केवल गुम्बजद्वार प्रवेशद्वारमात्र बाँकी थियो। पछि त्यसलाई कायमै राखी अंग्रेजहरूले दुरुस्त अघिको जस्तै हाउस अफ कमन्सको नयाँ भवन तयार पारे। यसरी नयाँ भवनमा पुरानू भवनको एउटै चिन्हो— ढोकामात्र बाँकी रहेको छ। त्यो पनि बमको चोटको चिन्हले परिपूर्ण छ। जतिसुकै क्षत-विक्षत भए तापनि पुरानू हाउस अफ कमन्सको एउटा अवशिष्ट चिन्ह— त्यसको प्रवेशद्वारलाई कायमै राखेको-बाट अंग्रेज जातिको एउटा अर्को विशेषता प्रकट हुन्छ— अंग्रेजहरू सितिमिति आफ्ना पुराना रीति-रिवाजलाई छाड़दैनन्। झन् पार्लियामेण्टको चलन-व्यवहारलाई कायम राख्नमा त उनीहरू अझै पनि कट्टर हुन्छन्। यसले पनि ब्रिटिश पार्लियामेण्टलाई एक विशेष प्रकारको मर्यादा प्रदान गरेको देखिन्छ। यसले अंग्रेज जातिलाई द्वितीय महासमर-मा आफूले सहन परेको विपत्तिको सदा संझना गराउँदै रहन्छ। यस ढोकाको नाम 'चर्चिल गुम्बज' ( Churchill Arch ) राखिएको छ। तत्कालीन प्रधान मन्त्री मिस्टर चर्चिल (Mr. Churchill) को युद्ध-कौशल र कूटनैतिक योग्यताको यो स्मारक छ। यहाँ भेला हुने ब्रिटिश जनताका प्रतिनिधि यसबाट सदा नयाँ उत्साह र नवीन प्रेरणा प्राप्त गर्दछन्।



# अध्याय २

## पार्लियामेण्टको उत्पत्ति र विकास

१०६६ ई०भन्दा पहिले इंगलैण्डमा एंग्लो-सैक्सन (Anglo-Saxon) राज-घरानाको शासन थियो। यी राजाहरू देशका बुद्धिमान व्यक्तिहरूलाई राखी समय-समयमा महत्त्वपूर्ण कुराको छलफल गर्दथे। यस्ता सम्मेलनलाई 'विटेनागेमोट्' (Witenagamot) अर्थात् 'बुद्धिमानहरूको सम्मेलन' भन्दथे।

ईसाको एघारौं शताब्दीदेखि विलायतमा नार्मन वंशीय राजाहरूको शासन चल्यो। प्रथम नार्मन राजा विलियम (William I) ले इंगलैण्डमा फ्यूडेलिज्म् (Feudalism) अर्थात सामन्ती व्यवस्था स्थापित गरे। यसको अन्तर्गत ठुलठुला सरदारहरूलाई देशको विभिन्न भागको अधिकार दिइयो। उनीहरूले पनि आफ्ना मातहतका सरदारहरूलाई भूमिको व्यवस्था बाँडे। युरोपमा प्रचलित यस्तै सामन्ती व्यवस्थामा विलियमले आफ्नू अनुकूल परिवर्तन ल्याएर ब्रिटेनको मौलिक सामन्तवादी व्यवस्था तयार पारे, जस्को अनुसार ठुला सरदार वा सामन्त र तिनका मातहतका साना सरदार र सामन्तसमेतले आवश्यकता परेमा सोझै

राजासित सम्पक राख्नु पर्दथ्यो ।— राजाले पनि उनीहरूको सल्लाह मान्नु पर्दथ्यो । यसले गर्दा एंग्लो-सैक्सन राजाहरूले लिनेगरेको सर-सल्लाहभन्दा नार्मन राजाहरूले लिनुपरेको सर-सल्लाह स्वभावतः प्रभावशाली हुन्थ्यो । राजकाजसम्बन्धी गम्भीर समस्याहरू आइपरेमा नार्मन राजाहरूले देशभरिका मुख्य-मुख्य मानिसलाई भेला गर्दथे । यस भेलामा सामन्त र सरदारहरू त हुन्थे नै, साथै पादरीहरूको पनि यसमा निकै उपस्थिति हुन्थ्यो । कारण, मध्य युगमा धर्म र धार्मिक संस्थाहरूको सर्वत्र बोलबाला थियो । यस्तो सम्मेलन 'म्याग्नम कन्सिलियम्' ( Magnum Concillium ) अर्थात् 'महा-सम्मेलन' कहलाउँथ्यो । राजा स्वयं यसका अध्यक्ष हुन्थे । उनका साथ उनका 'चान्सलर' ( Chancellor ) रहन्थे । चान्सलर अर्थ-व्यवस्था गर्दथे । हिजो-आजको प्रचलित शब्दावलीमा उनलाई त्यस समयको अर्थमन्त्री भने हुन्छ । अनि, त्यहीं 'चेम्बरलेन' ( Chamberlain ) को स्थान थियो । चेम्बरलेन राजदरबारको देखरेख र व्यवस्था गर्दथे । अनि, जस्टिसियर (Justiciar) र कन्स्टेबुल (Constable) हुन्थे । जस्टिसियरलाई त्यस जमानाको न्यायाधीश र कन्स्टे-बुललाई रक्षा-मन्त्री भने पनि हुन्छ । स्मरणीय कुरा छ कि आजका मन्त्रीको र त्यस समयका उक्त पदाधिकारीहरूको बहाली, अधिकार र कर्तव्य सर्वथा भिन्न थिए । यसको विस्तारपूर्वक चर्चा यहाँ प्रयोजनीय छैन ।

किन्तु, स्याग्नम् कन्सिलियमको बैठक बराबर गरिरहनु बहुतै अपठ्यारो कुरा थियो। यस कारण राजाले चान्सलर, चेम्बरलेन आदि माथि उल्लिखित सर्वोच्च भारादारहरूको बैठक गरेर महत्त्वपूर्ण कुराहरूमा राय-सल्लाह लिने गर्दथे। यस बैठकलाई 'क्यूरिया रेजिस' (Curia Regis) अर्थात् 'राजकीय परिषद' भन्दथे।

× × × ×

एकातिर यो व्यवस्था चलदै रह्यो। अर्कोतिर समय - समयमा यस्ता घटना पनि घट्दै थिए जसले गर्दा 'जनताका प्रतिनिधि'का रूपमा भेला हुनेगरेका माथि उल्लिखित 'महा-सम्मेलन'-का भारादार र पादरीहरू एवं राजासित विभिन्न विषयमा मतभेद भई खटपट हुन थाल्दथ्यो। अन्ततोगत्वा राजाको केही लाग्दैनथ्यो र राजा जति कठोर हुन्थे उतिनै उनको हातबाट अधिकार फुस्कन्थ्यो। यस प्रकार क्रमशः पार्लिया-मेण्टले रूप लिन लाग्यो।

आफ्ना मनपरेका केही स्वार्थी र चाकरीबाज दरबारिया हरूको मुट्ठीमा परी, उनैको कुमन्त्रणामा लागेर देशको भलाइ हुने कुरातिर राजाले ध्यान नदिएको देख्ता सामन्त, भारादार एवं पादरीहरू र सर्वसाधारण जनताहरूलाई ज्यादै दुःख लाग्दथ्यो। ब्रिटेनको इतिहासको थोरै ज्ञान हुने मानिस पनि राजा जॉनको वृत्तान्त संझेर, यसको परिणाम के हुन्थ्यो होला, भन्ने कुरा बताउन सक्छ। केही गर्दा पनि कुने सीप नलागेर

आखिरमा इंगलैण्डका सामन्तहरूले राजा जॉन (King John) लाई घेरामा पारी रन्नीमीड (Runneymede) भन्ने ठाउँमा सन् १२१५ ई० जून महिनाको १५ तारीखको दिन 'म्याग्ना कार्टा' (Magna Carta) अर्थात 'महान अधिकारपत्र' मा हस्ताक्षर गर्न बाध्य तुल्याए।

यो 'अधिकारपत्र' मुख्यतः सामन्तहरूकै अधिकार र सुविधाको विचार गरी तयार गरिएको भए तापनि यो सम्पूर्ण अंग्रेज जातिको स्वतन्त्रताको पहिलो विजय सिद्ध हुनगयो।

कानूनबमोजिम मुद्दा चलाई अपराधी नठहरेसम्म राजाले मनपरी कसैलाई थुन्न अथवा कानूनद्वारा प्राप्त कसैका सुविधाहरूको अपहरण गर्न, अथवा कसैलाई ज्यान-सजाय दिन सक्तैन भन्ने कुरा पनि 'म्याग्ना कार्टा' मा परेकोले जसलाई हामी आज 'नागरिक हक' भन्दछौं त्यसको सिर्जना यसैद्वारा हुन गयो। हुन त यो सुविधा सामन्तहरूले आफ्नै निमित्त खोजेकोले मुद्दा चलाउँदा आफ्नै समकक्ष वा बराबरीका मानिसले इन्साफ गर्नु पर्दछ भन्ने कुराको जिकिर 'म्याग्ना कार्टा' मा थियो, परन्तु पछि यसले सर्वसाधारणके निमित्त स्वतन्त्र न्याय-व्यवस्थाको विकासमा पहिलो बिउ रोपेर्‍यो कामगरेको देखिन्छ।

माथि उल्लिखित 'म्यागनम् कन्सिलियम्' अर्थात् 'महासभा' को बैठकमा स्वीकार नभएसम्म राजाले सोझै कुनै क्रिसिमको

रकम अथवा कर लगाउने छैनन भन्ने अर्को महत्त्वपूर्ण कुरा 'म्याग्ना कार्टा' मा परेको थियो। हुन त राजाले त्यस समय कुनै किसिमको रकम वा कर लगाउँदा तिनै महत्त्वपूर्ण व्यक्ति अथवा महासभाका सदस्य सामन्त र पादरी आदि उपर लगाउने गर्दथे, तैपनि ती सामन्तहरूका रैतीले पनि बिस्तार बिस्तार आफ्ना मालिकहरूसित त्यही सुविधा लिए, र यसरी त्यो सार्वजनिक सुविधाको विषय हुनगयो।

'म्याग्ना कार्टा' प्राप्त भएको ८० वर्षसम्म राजा तथा देशका सामन्त र ठुलाठुला मानिसको बीच यस आर्थिक विषयलाई लिएर भारी तानातानी र संघर्ष चल्दै रह्यो। राजा रकम वा कर असूल गर्न चाहन्थे, सामन्तहरू 'म्याग्ना कार्टा' द्वारा प्राप्त अधिकारबमोजिम 'म्याग्नम् कन्सिलियम'-मा राजालाई के-कति धनको आवश्यकता छ र त्यो कति र कसरी असूल गर्ने?— यस कुरालाई राम्ररी छलफल गरी ठहर नभएसम्म सो रकम तिर्ने कुराको विरोध गर्दथे

माथि भनिएअनुसार बिस्तार-बिस्तार यस अधिकारको चेतना ब्रिटेनका सारा नागरिकलाई हुँदैगयो। राजाको आर्थिक आवश्यकता र त्यसको पूर्तिको उपायको सम्बन्धमा सारा जनताका प्रतिनिधिहरूको बैठकले निर्णय नगरेसम्म लगाइएको रकम तिर्न मंजूर छैन भनी उनीहरूले विरोध गरे आखिर, धन सर्वसाधारण जनताबाटै असूल भएर सामन्तहरूले र

ती मार्फत राजाले पनि पाउने भएकोले जनताको माँगको उपेक्षा कसैले गर्न सक्तैनथ्यो ।

× × × ×

जॉनका उत्तराधिकारी राजाहरूले पार्लियामेण्टको बैठक बोलाउँदा त्यसमा प्रत्येक इलाका (County) बाट सामन्त (Barons), पादरी (Bishops), महन्त (Abbots) र धनी-मानी भूस्वामीहरूलाई डाक्थे । उनीहरूलाई खुश चलेका मौकामा मात्र 'म्याग्ना कार्टा' मा परेका दफा बमोजिम काम-कारवाई गर्दथे । घेरैजसो ती राजाहरू मनपरी नै गर्दथे ।

तर, तृतीय हेन्री ( Henry III ) को पालामा संघर्ष ज्यादै चर्को हुन गयो, सामन्त पक्षका नेता साइमन डि मण्ट-फर्ट (Simon de Montfort) थिए । साइमनले १२६५ ई० मा ठुलठुला मानिसलाई मात्र होइन कि केही ठुलठुला शहरका नागरिकहरूलाई समेत सम्मिलित गरी पार्लियामेण्टको बैठक आयोजित गरे । यो पार्लियामेण्ट आधुनिक अर्थमा 'पार्लियामेण्ट' भन्न निकै सुहाउने थियो ।

१२६५ ई० मा राजा प्रथम एड्वर्ड ( Edward I ) लाई युद्धको निमित्त धन चाहियो । यस कारण उनले पार्लियामेण्ट डाके । यस पार्लियामेण्टमा अर्ल (Earls), अन्य महत्त्वपूर्ण सामन्त (Barons) प्रधान पादरी (Arch-bishops) तथा पादरी (Bishops) एवं महन्त (Abbots) का साथै प्रत्येक इलाका (County) बाट दुइ जनाका दरले सरदारहरू (Kni-

ghts) र प्रत्येक शहरबाट दुइ जनाका दरले नागरिकहरू पनि डाकिएका थिए।* यस प्रकार सर्वप्रथम यस्तो व्यापक प्रतिनिधित्व भएकोले यसलाई 'आदर्श पार्लियामेण्ट' (Model Parliament) भन्दछन्। यस पार्लियामेण्टले राजालाई आवश्यक धन स्वीकार गऱ्यो। कन्तु, यस पालि पनि आम जनताका सच्चा प्रतिनिधिले जनताद्वारा नै रोजिएर पार्लियामेण्टमा जाने अवसर पाएका थिएनन्। यसको निमित्त अझै केही समय लाग्यो। उक्त 'आदर्श पार्लियामेण्ट'मा शहर र देहातका प्रतिनिधिको हैसियतले भाग लिन जाने व्यक्ति शहरका कुनै धनी व्यापारी अथवा गाउँतिरका कुनै नाउँचलेका मानिस हुन्थे। तिनलाई मुखिया (Sheriffs) वा नगर-पिता (Mayors) ले आफ्ना तजवीज-बमोजिम रोजेर पठाउँथे। उनीहरूले स्वभावत: किसान र मजदूरलाई कुनै मौका दिएका थिएनन।

× + ×

मध्य युगका यो पार्लियामेण्टहरू र आधुनिक पार्लियामेण्टमा अरू पनि धेरै कुराका अन्तर थिए। पुराना पार्लियामेण्टको बैठक न जनताको माँगमै, न निश्चित समयमै हुन्थे। राजालाई मनलागेको बखत पार्लियामेण्ट डाकिन्थे। पार्लिया-

---

* यो कुरा पढ्दा प्रधानमंत्री पद्मशंसेरका पालामा २००२ संवत्मा जिल्ला - जिल्लाका प्रतिनिधिहरूको सम्मेलन डाकिएको पाठकहरूमध्ये धेरैलाई संझना होला, यद्यपि यी दुवै सम्मेलनको अधिकार र उद्देश्यमा ठूलो अन्तर थियो।

मेण्टको बैठक बसे तापनि त्यसले भचेलको मैं कुनै ऐन बनाउन वा ऐनमा संशोधन गर्न सक्तैनथ्यो । ऐन बनाई लागू गर्ने अधिकार त राजा र उनका मन्त्रीहरूमै सीमित थियो। मध्य-युगी पार्लियामेण्टको करीब-करीब एक मात्र काम थियो—राजाले मागेको पैसा मंजूर; गनु र त्यो रकम कुन किसिमले टैक्सद्वारा उठाउने हो, यसको निधो गरिदिनु ! लागेको आफ्नु खर्चसम्म पाउने भए तापनि यस्तो स्थितिमा पार्लियामेण्टको सदस्य हुन को रुचाउँदो हो ? व्यापारीहरूका प्रतिनिधि त भन् आफ्नू कारवार छोड़ी पार्लियामेण्टको बैठकमा भाग लिन लण्डनसम्म किन गइरहँदा हुन् ! बरू ती लागेको जरिबाना तिर्दथे ।

तर, पार्लियामेण्टको यो दुर्दशा छँदाछँदै पनि त्यसबाट दुइटा विशेष कुरा प्राप्त भए । पहिलो यो कि पार्लियामेण्टमा भाग लिन आउने प्रतिनिधिहरू आफ्ना इलाकाको पीर-मर्का बारेको विनतिपत्र पनि बोकेर ल्याउने गर्दथे । ती उपर पार्लियामेण्टमा छलफल हुन्थ्यो र त्यसलाई अरू सदस्यहरूले समर्थन गरेको खण्डमा त्यो राजाकहाँ पठाइन्थ्यो । राजाको मेहरबानी भए त्यसमा Le roi le veult (राजाको इच्छा छ) भन्ने प्रमाणी हुन्थ्यो, नत्र भने Le roi S'avisera (राजाबाट यस बारे विचार हुनेछ) भन्ने लेखिन्थ्यो जो आजकालको 'ऐन सवाल बमोजिम गर्नू' वा 'उचित कारवाइ गर्नू' भन्ने तो क-

संग मिल्दछ। अर्थात्, गोल बोलीमा यसको अर्थ हुन्थ्यो— यसबारे केही हुन्न।

मध्यकालीन पार्लियामेण्टबाट एक अर्को लाभ पनि भयो। पुरानू पार्लियामेण्टको चलनले गर्दा पार्लियामेण्टले मंजूर नगरेसम्म देशमा कुनै किसिमको रकम वा कर लगाउन पाइँदैन भन्ने थिति नै बसेर गयो। नयाँ लाग्ने कर कसरी असूल गर्ने हो ?— यस कुराको निधो गर्ने अधिकार पनि पार्लियामेण्टलाई नै भयो। पहिले त यो महत्त्वपूर्ण कुरा 'चलन'को रूपमा मात्र थियो, तर पछि हुँदा-हुँदा यसले ज्याद शक्तिशाली 'कानून'को मर्यादा लियो।

मध्ययुगी पार्लियामेण्टका यी दुवै कुरा अन्योन्याश्रित सम्बन्धमा गाँसिन गए। पार्लियामेण्टले अनुभव गऱ्यो कि पैसाको खाँचो नभएसम्म राजाले पार्लियामेण्ट बोलाउन्नन्। तसर्थ सदस्यहरूले पेश गरेका पीर-मर्का सम्बन्धी विनतिपत्र-हरूलाई स्वीकार गराउन पार्लियामेण्टले त्यसैको आधार समात्यो। सदस्यहरू स्पष्ट भन्न लागे कि हाम्रो पीर-मर्का नहटाएसम्म हामी राजालाई खाँचो भएको पैसा मंजूर गर्ने होइनौं। उच्छा नहुँदानहुँदै पनि राजा र मन्त्रीहरूले आफ्नो-साथ पार्लियामेण्टका सदस्यहरूले ल्याएका विनतिपत्रमा रहेका मागहरू पूरा गर्नै पर्ने भ्यो। यसरी क्रमशः राजाको भन्दा पार्लियामेण्टको शक्ति बढ्दै गयो। सयकडौं वर्ष सम्म क्रमशः पार्लियामेण्टको शक्ति बढ्दै गएकोले अन्ततोगत्वा ऊ सर्वोच्च शक्तिसम्पन्न हुन गयो।

मध्यकालीन पार्लियामेण्टमा सामन्त, पादरी र साधारण नागरिकहरू—यी तीन थरीको भेला हुने भए तापनि 'पार्लियामेण्ट' को बैठक एउटै ठाउँमा हुन्थ्यो र त्यो एउटै निकाय थियो। पार्लियामेण्टको बैठक राजाले तोकेको ठाउँमा हुने गरेकोले कहिले ब्रिस्टलमा. कहिले अक्सफोर्डमा, कहिले विण्डसरमा र कहिले लण्डनमा हुने गर्दथ्यो। तर, देशको राजधानी लण्डन भएकोले लण्डन नै सबैलाई पाइक पर्ने ठाउँ थियो। लण्डनमा पार्लियामेण्टको जत्रो बैठक गर्नलाई वेस्टमिनिस्टर हॅल वा त्यसै क्षेत्रको अर्को कुनै हॅलबाहेक सुविधाजनक ठाउँ भेट्टाउन सजिलो थिएन। यस कारण पार्लियामेण्टका बैठकहरू यहीं हुने थिति बन्दै गयो।

सामन्त र पादरीहरूका साथै आम जनताका प्रतिनिधिसमेत एकै ठाउँमा बसी बैठक गर्न अप्ठ्यारो पर्न लाग्यो। एक त सामन्तहरूलाई नै साधारण जन—प्रतिनिधिसित सँगै बस्न मन पर्दैनथ्यो, दोस्रो जन-प्रतिनिधिहरूले पीर-मर्काको जुन विनतिपत्र ल्याउँथे ती घेरैजसो सामन्तहरूकै विरुद्ध हुन्थे। त्यस्ता विषयमा छलफल गर्दा हुनै थरीलाई अपठ्यारो पर्दथ्यो। सामन्तहरूको पक्षमा त आफनै रैतीले आफनै विरुद्ध उजुर गरेकोले अपमान गरेजस्तो पनि हुन जान्थ्यो। सामन्तले पछि-परन्तु के गर्ने हुन् भन्ने डर जन प्रतिनिधिको मनमा पनि हुन्थ्यो। सामन्तहरू आफनू पल्टन पनि राख्ने गर्दथे। त्यसको डर जनीहरूलाई हुनु स्वाभाविकै कुरो हो।

पादरीहरू पनि भिन्नै बस्ने इच्छा गर्दथे। किन भने उनीहरूको मामला धर्मसम्बन्धी थियो, जसमा उनीहरू सबैस्वतन्त्र थिए। त्यसमा राजासम्मले हस्तक्षेप गर्न पाउँदनथे। यसको अतिरिक्त सामन्त, पादरी, जनप्रतिनिधि— जम्मै एकै ठाउँमा मेला हुँदा ज्यादै ठुलो हूल हुन्थ्यो। त्यसमा रात्रिरो छलफल गर्न पाउनु अति गान्हो कुरा हुन्थ्यो। यी तथा यस्तै अन्य अनेक असुविधाले गर्दा केही समय पार्लियामेण्ट तीन भागमा विभाजित भयो। पादरीहरूले छुट्टै पार्लियामेण्ट खड़ा गरे। यो कन्भोकेशन (Convocation) भनिन्थ्यो। सामन्तहरूको सभा हाउस अफ लर्ड्स (House of Lords) हुन गयो। पछि यसमा पादरीहरूले आफ्ना तरफका केही प्रतिनिधिहरू पनि पठाउन लागे। जन-प्रतिनिधिहरूले छुट्टै ठाउँमा बैठक गर्न लागे। यो हाउस अफ कमन्स (House of Commons) भयो। सामन्तहरूले बैठक गर्न वेष्टमिनिष्टर दरबारमै एउटा राम्रो कोठा भेट्टाए। यसमा उनीहरूलाई गाह्रो परेन। पादरीहरूको आफ्नै अधिकारमा वेष्टमिनिष्टर एबे ( Westminister Abbey ) जस्तो शानदार गिर्जाघर भएकोले उनीहरूलाई पनि सभा गर्न कठिनाई थिएन। बिचरा जनप्रतिनिधिहरूमात्र धेरै समयसम्म बिचल्लीमा परे। अन्दाजी दुइ सय वर्षसम्म उनीहरूले वेष्टमिनिष्टर एबेको 'च्याप्टर हाउस' (Chapter House) मा भेला हुने गरे। राजा प्रथम एडवर्डको पालिदेखि राजा आठौं हेनरीको पालिसम्मको कमन्सको सभा हुने थो

ठाउँ अझै पनि सुरक्षित छ। सभामा जन-प्रतिनिधिहरूले पादरी, धार्मिक रीति-रिवाज र गुठीहरूको कटु आलोचना गर्न पनि बाँकी राखेनन्। आफूले दया-माया गरी सभा गर्न ठाउँ दिंदादिंदै पनि आफ्नै विरूद्ध छलफल र आलोचना हुन लागेको पादरीहरूलाई किन मन पर्‍यो ? धार्मिक स्थलमा हुल्याहाहरूले हल्लीखल्ली गरी गिर्जाघरको शान्ति र पवित्रतामा खलल पारेको अभियोगमा जन-प्रतिनिधिहरू त्यहाँबाट लखेटिए।

अलि पर वेस्टमिनिस्टरको दरवारमा एउटा ठाउँ खाली थियो। ठाउँ सभा गर्न सकिने निकै फराकिलो थियो। यसमा अघि धार्मिक कार्य हुने भएकोले यो ठाउँ पादरीहरूको नियन्त्रणमा थियो। तर, राजा आठौं हेन्रीले उनीहरूलाई त्यहाँबाट निकालिदिएकोले यो ठाउँ त्यसै खाली थियो। यसलाई सेण्ट स्टिफेन्स च्यापेल (St. Stephen's Chapel) भन्दथे। जन-प्रतिनिधिहरूले सभा गर्न यही च्यापेल भेट्टाए। यसपछिको करीब तीन सय वर्ष यही च्यापेल 'हाउस अफ कमन्स' (लोक-सभा) छ। यसै कारण पार्लियामेण्टलाई आज सम्म पनि सेण्ट स्टिफेन्स् (St. Stephen's) पनि भन्दछन्। उपासना-गृहमा कुनै समय यसरी हाउस अफ कमन्स भएकोले धार्मिक किसिमका अनेक चलन आजसम्म हाउस अफ कमन्सको व्यवहारमा कायम रहिआएको भेटिन्छ।

हाउस अफ कमन्स (लोक-सभा) दिन-प्रतिदिन शक्तिशाली हुँदै गएकोले सेण्ट स्टिफेन्स च्यापेलको मूल नाम-लाई मानिसहरू बिर्सन लागे र यो ठाउँ पार्लियामेण्ट भवनक नामले विख्यात हुन थाल्यो।

हाउस अफ कमन्स र हाउस अफ लर्ड्स् यसरी छुट्टिए तापनि कहिलेकाहिं विशेष-विशेष अवसरमा तिनको संयुक्त बैठक पनि हुने गर्दछ। पार्लियामेण्टको उद्घाटन र समाप्तिको अवसर; तथा यस्तै अन्य महत्त्वपूर्ण मौकामा राजाबाट दुवै सदनको संयुक्त बैठक हुने आज्ञा हुन्छ। यस्ता संयुक्त बैठकहरू कहिले-काहिं हाउस अफ लर्ड्स् चेम्बरमा र कहिलेकाहिं पेन्टेड् चेम्बर (Painted Chamber) भन्ने ठूलो हलमा हुने गर्दछ। वेष्टमिनिष्टर हलमा पनि दुवै सदनको बैठक कहिलेकाहिं भएको छ—जस्तै, माथि उल्लिखित राष्ट्रीय महत्त्वका विशेष निर्णयको अवसरमा।

× × ×

# अध्याय ३

## हाउस अफ लर्ड्स् र हाउस अफ कमन्स्

फ्रान्सको नर्मण्डी नामको रियासतका सामन्त, प्रथम विलियमले १०६६ ई० मा इङ्गलैण्डमा आक्रमण गरी आफ्नू राज्य कायम गरे। इङ्गलैण्डमा आक्रमण गर्दा स्वभावतः उनलाई आफ्ना अरू मित्र सामन्त र सरदारहरूको सहयोगको आवश्यकता थियो। यसै कारण विलियम राजा भएपछि इङ्गलैण्डमा जुन किसिमको सामन्तवादी प्रथा कायम गरियो त्यसको छोटकरी उल्लेख हामीले पृष्ठ १२ मा गरिसकेका छौं। ती सामन्तहरू आफ-आफ्ना इलाकाका शक्तिशाली राजाजस्तै थिए। उनीहरूका निजी फौज थिए, किल्ला थिए, मालपोत उठाउने र प्रशासकीय बन्दोबस्तका आफ्नै व्यवस्था थिए। उनीहरूले विद्रोह गरेको खण्डमा इङ्गलैण्डको राजसिंहासन खतरामा पर्दथ्यो। उनीहरू र राजपरिवारमा समानरूपले बिहाबरी हुन्थ्यो। राजवंशको परिवर्तन हुँदा घेरैजसो उनीहरूमध्येकै कुनै सामन्त राजसिंहासनमा बस्न पुग्दथ्यो। यसै कारण सामन्तहरूलाई राजालेपीयर (Peer) भन्दथे। जसको अर्थ 'बराबरी'को अथवा 'जोड़ा' हुन्छ। राजा सामन्तहरूका यसरी समकक्ष भए तापनि तीमध्येका प्रधान अथवा नेता (First among equals) थिए।

अतएव देशको ठुलठुलो काम आँट्ता राजाले यिन समकक्ष व्यक्तिहरूसित राय-सल्लाह लिनु मुनासिब हुनगयो, जो क्रमशः प्रथा नै बन्नगएको छोट्करी वर्णन माथि अध्याय २-मा गरिसकिएको छ। त्यसै प्रसंगमा यो पनि भनिसकिएको छ कि हाउस अफ लर्ड्समा देशका ठुलठुला सामन्तहरू रहँदै आएका छन र शुरूमा केही समय ठुलठुला पादरीहरूले कन्भोकेशन (Convocation) को नाममा आफ्नू छुट्टै पार्लियामेण्ट बनाए तापनि पछि-परन्तु उनीहरूका प्रतिनिधिहरूसमेत लर्ड-सभामै सम्मिलित हुन लागे। यस प्रकार सामन्त, ठुलठुला सामन्त र राष्ट्रीय गिर्जाघरका प्रमुख व्यक्तिहरूको सम्मेलनले इङ्गलैण्डको हाउस अफ लर्ड्स् (House of Lords) खड़ा भयो। यसलाई हामी नेपालीमा करीब-करीब 'भारादारी सभा' भन्न सक्छौं। स्मरणीय छ— नेपालमा 'भारादार' भन्नाले तो व्यक्ति ठुलाबड़ा भए तापनि नोकरीवाल हुन्छन् र ती राजाका 'पीयर' (Peer) हुँदैनन्। हाम्रो देशमा बाइसे-चौबीसे राज्यका जुन अवशेष छन् तिन्को पहिले शक्ति छँदा कुनै यस्तो सभा हुने परम्परा बसेन।

कतिपय व्यक्तिले ब्रिटिश पार्लियामेण्टको हाउस अफ लर्ड्स्को आलोचना गर्न छोड़ेका छैनन्। बलिया, योग्य र अनुभवी सामन्तहरूकै सम्मेलनले ब्रिटिश पार्लियामेण्टको जग बसेकोले, तथा अंग्रेजहरू आफ्ना परम्परागत पुराना रीतिथितिका कट्टर संरक्षक भएकाले र साथै हाउस अफ लर्ड्स्ले

समय-समयमा क्रमशः आफ्ना अख्तियारहरू युगानुकूल ढंगले हाउस अफ कमन्सलाई सुम्पँदै आएकोले हाउस अफ लर्ड्सको विरुद्ध हुने यस्ता आलोचना फीका परेका छन् ।

ब्रिटेनमा कानून बनाउने अधिकार घेरै पहिलेदेखि नै पार्लियामेण्टमा रहिआएको हो । परन्तु, यस महान् अधिकारको उपभोग समय-समयमा पार्लियामेण्टमा रहेका तीन प्रमुख तत्त्व, सामन्त, पादरी र जन साधारणले आफ-आफनूमहत्त्व भएको समयमा विशेष मात्रामा गर्दथे । शुरूका केही शताब्दि-सम्म त राजा र शक्तिशाली सामन्तहरूमै संघर्ष रह्यो । यस झगड़ामा राजा कहिले पादरीहरूको सहयोग ली सामन्त-हरूसित भिड़दथे, र कहिले सामन्तहरूको मदद लो पाद-रीहरूलाई परास्त गर्दथे । यसै बखेड़ामा जन-प्रतिनिधिहरूले पनि पार्लियामेण्टमा प्रवेश पाउने मौका भेट्टाएका हुन्, जसको चर्चा पहिलो अध्यायमा भइसकेको छ । पार्लियामे-ण्टमा रहेको यस तृतीय शक्तिको सहयोग लिने चेष्टा राजाले थोरै पटकमात्र गरे । यसले गर्दा माथिल्लो वर्गको बखेड़ादेखि घेरै अंशमा पृथक् रहेर जन-प्रतिनिधिहरूले क्रमशः आफनु शक्ति बढ़ाउँदै लैजाने राम्रो अवसर भेट्टाए ।

पहिलेका पार्लियामेण्टमा राजा, सामन्त र पादरीहरूका तरफबाट पेशभएका प्रस्तावहरूमा 'हुन्छ' भन्नु सिवाय जन

-प्रतिनिधिहरूको अरू केही चल्दैनथ्यो। त्यसपछि राजा र उनको मन्त्रिपरिषद्ले माँगगरेको धनको रकम र त्यसलाई उठाउने साधनको निधो गर्ने महत्त्वपूर्ण अधिकार जन-प्रतिनिधिहरूले प्राप्त गरे। यसले जनताको शक्ति धेरै नै बढ्यो।

यसपछि जन-प्रतिनिधिहरूले मन्त्रीहरूलाई रोज्ने अधिकारको दावा गर्न थाले। अन्ततोगत्वा ब्रिटेनमा गृहयुद्ध भयो। यसको लगत्तै अघि पालियामेण्टले राजा प्रथम चार्ल्स (Charles I) का मुख्य मन्त्री स्ट्राफर्ड (Strafford)-लाई ज्यान-सजाय दिएको थियो। अनि १६४५ ई० मा प्रधान राजगुरु आर्क बिशप लॉर्ड (Archbishop Laud) लाई पनि प्राण-दण्ड दिइयो।

जबसम्म सामन्त र ठुलठुला जमीन्दारहरू आफ्ना सानिसलाई हाउस अफ कमन्समा घुसाउन पाइँथे, स्वभावतः हाउस अफ कमन्स र हाउस अफ लर्ड्समा कटु संघर्ष हुँदैनथ्यो। किन्तु ईसवी चण्डाइसौं शताब्दिको प्रारम्भदेखि पुरानै स्थिति रहन पाएन र हाउस अफ लर्ड्स र हाउस अफ कमन्समा पनि संघर्ष हुन लाग्यो।

हाउस अफ लर्ड्सका सदस्य किन ठुलठुला इलाकाका मालिक हुन्थे, कि त राजाका प्रिय-पात्र भएकाले राजाद्वारा नै लर्ड बनाइएका हुन्थे। लर्डको पदवी बाबुपछि छोरामा ब्रिटिश उत्तराधिकारको क्रमानुसार सर्दै जान्थ्यो। तर

मन्त्री रोज्ने अधिकार हाउस अफ कमन्सको हातमा आउ-नासाथ उनीहरूले मन्त्रि-परिषद् मार्फत् जनतामध्येका मानि-सलाई पनि लर्डको दर्जामा उकाली हाउस अफ लर्ड्सको सदस्य बनाउन दबाव पार्न लागे। यस प्रकार बिस्तार-बिस्तार अनेक देशभक्त र योग्य मानिस हाउस अफ लर्ड्समा थपिँदै गई रहेका छन्।

हाउस अफ लर्ड्समा सुधार बिलहरू (Reform Bills) पेश हुँदा त्यसको घोर विरोध भयो। कारण, ती बिलद्वारा यस्ता क्षेत्रका मानिसलाई पनि भोट दिने अधिकार दिइएको थियो, जो पुरानू व्यवस्था अनुसार उक्त अधिकारबाट वंचित थिए। उनीहरू मतदानका अधिकारी भएमा सामन्तहरूको हानि र हाउस अफ कमन्सको शक्ति वृद्धि हुने थियो। ताना-तानी बढ़दै गयो र अन्तमा प्रधान मन्त्रीले स्पष्ट शब्दमा 'सुधार बिलहरू स्वीकार हुन्नन् भने हाउस अफ लर्ड्समा उक्त बिलका समर्थकहरू नयाँ लर्ड्सका रूपमा पर्याप्त मात्रामा थपिने छन्' भन्नु पऱ्यो। अन्ततोगत्वा हाउस अफ् लर्ड्सले 'सुधार बिलहरू' स्वीकार गर्नै पऱ्यो। यसरी कमन्स सदा लर्ड्स् माथि विजयी हुँदै आइरहेको छ।

हाउस अफ कमन्सबाट स्वीकृत भएका विधेयक वा बिल (Bills) हाउस अफ लर्ड्समा पेश हुनुपर्दछ। अस्वीकार गरे सो बिल मंजूर नभए लर्ड्स् सभा त्यसलाई फिर्ता पठाइदिन

सक्छ। यस अवस्थामा त्यो विल ऐन (Act) बनी लागू हुन सक्तैन। हाउस अफ लर्ड्स् उक्त बिलमा हाउस अफ कमन्सलाई मंजूर नहुने संशोधन पनि गर्न सक्छ। अहिले पनि हाउस अफ कमन्स हाउस अफ लर्ड्स्को उक्त अधिकार काट्न समर्थ भइसकेकी छैन।

पहिले हाउस अफ कमन्सले हाउस अफ लर्ड्स्को मंजूरी बिना नै कर वा रकम उठाउने बिल पास गर्ने अधिकार लियो। यस्ता बिललाई 'अर्थ विधेयक' वा (Money Bills) भन्दछन। यतिले मात्र कमन्सको चित्त बुझेन।

१९११ ई०मा कमन्सले एउटा ठुलो निर्णय गऱ्यो। यस निर्णय अनुसार कुनै विधेयक (एनको मसौदा) लाई हाउस अफ कमन्सले पास गरी हाउस अफ लर्ड्समा पठाउँदा त्यो त्यहाँ पास नभएमा हाउस अफ कमन्समा पुनर्विचारको निमित्त फिर्ता आउँछ। यसरी फिर्ता आएको विधेयकलाई कमन्सले पास गर्ने नै इच्छा गऱ्यो भने त्यसलाई आफ्ना छुट्टाछुट्टै तीन सेसन अर्थात् बैठकमा पास गर्नु पर्दछ। यसरी पास भइसकेपछि सो विधेयक सोझै ऐक्ट (Act) अर्थात् ऐन बनी लागू हुन्छ। हाउस अफ लर्ड्सको त्यसमा केही चल्दैन। निश्चय नै यति रीत पुऱ्याउँदा दुइ वर्ष ढीलो हुनजान्छ।

यसले पनि हाउस अफ लर्ड्सको ताकत तोड्न सकेन। कारण, विधेयक उपर्युक्त नियमानुसार पास नहुँदै चाल्

पार्लियामेण्टको म्याद पुगो, अर्को पार्लियामेण्टको चुनाव हुन सक्थ्यो, र नयाँ पार्लियामेण्ट उक्त पुरानू विधेयक वा बिलको विरोधी पनि हुन सक्थ्यो ।

सन् १९४९ मा कमन्सले निर्णय गऱ्यो कि विधेयकलाई ढिल्याइदिने अधिकार हाउस अफ लर्ड्समा रहनु वेशै भए तापनि सो ढिलाइको म्याद केही छोटिनु पर्दछ । सन १९४९ ई० को 'पार्लियामेण्टको ऐक्ट' (Parliament Act of 1949) अनुसार हाउस अफ लर्ड्सले कुनै विधेयक वा बिललाई नामंजूर गरे, केही विशेष अवस्थामा, सो बिललाई हाउस अफ कमन्सले बाह्र महिनाको अवधि बीचमा राखी पास गर्न सक्दछ ।

माथिका कुराले यो ठान्न हुन्न कि हाउस अफ लर्ड्स् हाउस अफ कमन्ससित झगड़ामात्र गरिरहन्छ, काममा प्रगति हुन दिन्न । माथि नै भनियो कि हाउस अफ लर्ड्समा उत्तराधिकार क्रममा भएका लर्ड्सबाहेक देशका अरू योग्य मानिसहरू पनि सदस्य छन । यस्ता मानिस जीवनका विभिन्न क्षेत्रबाट लिइएका छन । तीमध्ये कानूनका विशेषज्ञहरू पनि पर्याप्त संख्यामा छन । हाउस अफ कमन्सबाट पठाइएका धेरैजसो बिलहरूमा यिनीहरूले बहुतै राम्रो र महत्त्वपूर्ण संशोधन गरिआएका छन् । हाउस अफ लर्ड्सले पनि देशोपयोगी अनेक बिलहरू बनाई हाउस अफ कमन्समा पठाएको छ । ब्रिटिश पार्लियामेण्टका दुइ

सदनले आपसमा सहयोग गरी काममा निकै शीघ्रता ल्याएका छन्। हाउस अफ लर्ड्सले आवश्यक बिलहरू आफैले तयार पारी पास गरेर हाउस अफ कमन्समा पठाउँछ। यस्ता उपयोगी बिलहरू हाउस अफ कमन्सबाट तत्कालै पास भएर जान्छ, त्यसमा अधिक समय लाग्दैन। यसले गर्दा हाउस अफ कमन्सको व्यस्त कार्य-क्रममा कुनै व्याघात पर्दैन, काम सजिलो भएर जान्छ।

ब्रिटेनको दुइ सदनको व्यवस्थाको आलोचना अझै बन्द भएको छैन। केही मानिस हाउस अफ लर्ड्समा – जसलाई 'द्वितीय सदन' (Second Chamber) पनि भन्दछन्– पर्याप्त सुधार गर्ने पक्षमा छन्। कोही यसलाई समाप्त गर्न चाहन्छन। कोई चाहिं हाउस अफ लर्ड्सका सदस्य वंशपरम्परा क्रमको विरोध गर्दै हाउस अफ लर्ड्सका सदस्य-हरू पनि योग्य मानिसबाट निर्वाचनको आधारमा लिइनु पर्दछ भन्ने कुराका समर्थक छन्। यस्ता मानिस पनि छन् जो भन्दछन्– ब्रिटेनका प्राचीन घरानियाँहरूले देशको ठुलो सेवा गरेका छन्। तिनको अधिकारको यसरी समाप्ति हुनु राम्रो कुरा होइन। उनीहरूमा पनि बहुतै योग्य मानिस छन्। हँ, वंशपरम्परागत क्रमले हुने सदस्यहरूको संख्या भने घटाएर रिक्त स्थानको पूर्ति निर्वाचनको आधारमा लिइएका योग्य मानिसबाट गरिनु पर्दछ।

यसै गरी हाउस अफ लर्ड्स्का अधिकारको सम्बन्धमा पनि विभिन्न मत छन्। कसैको रायमा हाउस अफ लर्ड्स्मा विधेयकहरूलाई ढिलाउने अधिकार रहनु असल हो। यसले विधेयकमाथि पर्याप्त छलफल हुन्छ र देशका सर्वसाधारण नागरिकले पनि विधेयकहरूको लाभ–हानि बारे सबै कुरा सुनी-बुझी रात्ररी विचार गर्ने अवसर पाउँछन्। अर्का थरी भन्दछन्— 'हाउस अफ लर्ड्स्का सदस्य भरौटे हुन्, उनीहरूले जनताद्वारा रोजिएका सदस्यहरूका कुराको विरोध गर्न पाउनु जनताको स्वाधीनता र अधिकारमा प्रहार गर्नु हो। यसले प्रजातन्त्रको सिद्धान्तमै बाधा पार्दछ। यो जनताको अनादर पनि हो, आदि आदि।

ब्रिटिश पार्लियामेण्टका दुइ सदनका सम्बन्धमा यस प्रकार मतभेद हुँदै रहे तापनि पार्लियामेण्टको अधिकार भने क्रमशः बढ़दै गइरहेको छ। अघि-अघिका सत्ताधारीहरू पार्लियामेण्ट डाकी 'यो-यो चाहिएको छ, यो-यो गर' भनी अह्राउँदथे। यस्ता अहौटे कुराको विरोध गर्दा अनेक वीरले शहीद समेत हुनुपऱ्यो। स्टुअर्ट (Stuart) कालमा सर जॉन इलियट (Sir John Eliot) लाई र महारानी प्रथम एलिजाबेथ (Queen Elizabeth I) को समयमा पिटर वेन्टवर्थ (Peter Wentworth) जस्ता वीरलाई हाउस अफ कमन्समा सत्ताधारीहरूको इच्छालाई हाँक दिए बापत टावर अफ लन्डन (Tower of

London) मा थुनिएर मर्नु पऱ्यो। ब्रिटेनको गृहयुद्ध पनि पार्लियामेण्टकै अधिकारको निमित्त हुन गएको हो।

ह्यानोभर (Hanover) राजवंश जर्मनीबाट आएको थियो। फल-स्वरूप यस वंशका प्रथम दुइ राजा—पहिला र दोस्रा जार्ज (George I & II) अंग्रेजी जान्दैनथे। यसले गर्दा उनीहरूले प्रधान मन्त्री (Prime Minister)-लाई नै सारा कुरा नपत्याई सुख पाएनन्। अतः प्रधान मन्त्री, मन्त्रिमंडल (Cabinet) र पार्लियामेण्ट ज्यादै शक्तिशाली हुनगए।

ब्रिटेनले निरङ्कुश राजतन्त्र (Absolute Monarchy) बाटै आफ्नू शासन-व्यवस्थाको विकास थालेको हो। अघिका राजा आफ्नै इच्छानुकूल काम गर्दथे। कसैले उनलाई रोक्न सक्तैनथ्यो। आज त्यहाँ वैधानिक राजतन्त्र (Constitutional Monarchy) छ। आफ्ना प्रजाले बनाएकै ऐनमा राजा चल्दछन्। ब्रिटिश व्यवस्थाको यो ठुलो विशेषता हो। जहाँ पनि संसदीय पद्धतिको प्रजातन्त्र ( Parliamentary Democracy ) छ, अथवा राजा विधानकै मर्यादाभित्र चल्दछन्, ब्रिटेन नै त्यसको आदर्श छ। ब्रिटिश पार्लियामेण्टलाई यसैले पार्लियामेण्टहरूकी जननी' (Mother of Parliaments)' भन्दछन्। नेपालले पनि मौलिक रूपमा ब्रिटिश-प्रथालाई नै आदर्श मानेको छ।

# अध्याय -४

## नेपालमा संसदीय व्यवस्थाको परम्परा

( १ )

हुन त ईसवी सनको प्रारम्भभन्दा घेरै नै अघिदेखि वर्तमान नेपाल राज्यका अनेक भागमा यस्ता स्वाधीन राज्यहरू कायम भइसकेका थिए जसमा स्वेच्छापूर्वक मतदानद्वारा शासकहरूको निर्वाचन हुन्थ्यो। किन्तु, घटना-क्रमले गर्दा तिनको सम्पूर्ण परम्परा हामीसम्म आइपुग्न पाएन। शाक्य, मल्ल, बृज्जी, आदि गणतन्त्र वा प्रजातन्त्र आज हाम्रो केवल अतीत इतिहासका गौरवपूर्ण घटनाका रूपमा मात्र स्मरणीय रहे।

त्यसपछि उत्तरी भारतमा राजतन्त्र र साम्राज्यवादको विकास भयो। यसमा वैदिक अथवा बुद्धकालीन व्यवस्थाको थोरबहुत युगानुकूल अवशेष पनि आएर मिसिएको देखिन्छ। राजाको अध्यक्षतामा ठुलठुला सामन्त, राजाका स्वजन, कुटुम्बीहरू र भारादारहरू एकत्रित हुने गर्दथे। यस्ता राजसभामा राज्यका महत्त्वपूर्ण विषयको छलफल हुन्थ्यो। हुन त राजाहरू निरंकुश थिए, र सभासद्हरूले राजालाई घेरैजसो राय-सल्लाह दिने

मात्र अख्तियार पाएका थिए, तैपनि यस्तो सल्लाहको कदर हुन्थ्यो। हिन्दू राज-शास्त्र र नीति-ग्रन्थ एवं पुराण-इतिहासहरूमा यसको वर्णन प्रशस्त भेटिन्छ। ब्रिटेनका एंग्लो-सैक्सन राजाहरूको 'विटेनागेमोट्' (Witenagamot) र क्युरिया रेजिस (Curia Regis) पनि लगभग यस्तै राजसभा थियो भन्ने कुरा माथि दोस्रो अध्यायमै दर्शाइएको छ।

भारतमा पनि राजदरबारको यो पुरानो परम्परा पछि मुगल कालसम्म पनि क्रमानुसार आउँदै गएको स्पष्ट छ। अकबरको 'दीवाने आम' र 'दीवाने खास'-लाई यूरोपका कुनै पनि राज्यको त्यस समयको राजदरबारसित दाँज्न सकिन्छ।

काठमाण्डू-उपत्यकाका मल्ल राजाहरू पनि आफ्ना भाइ-भारादार, स्वजन-कुटुम्बी र गुरु-प्रोहित र देश-विदेशका विद्वान् पण्डितहरूसित सर-सल्लाह लिन्थे। त्यसको पर्याप्त कदर पनि हुन्थ्यो। जयस्थिति मल्लले समाजको नयाँ व्यवस्था गर्दा गुरु-प्रोहित र देश-विदेशका विद्वान् पण्डितहरूसित दाम्रो परामर्श गरेका थिए। आपसमा कटुता र स्पर्धा भए तापनि उपत्यकाका तीनै राज्यका राजाले कुनै-कुनै समस्यामा एकैसाथ बसी छलफल गरेर धर्मपत्रहरू राखेको भेटिन्छ।

उपत्यकाबाहिरका राज्यहरूमा गोरखाको विशेष महत्व थियो। गोरखाली राजा रामशाहले त्यस समयको पहाडी

जीवनको अनुकूल खूबै राम्रो स्थिति बाँधिदिए। उनलाई यसमा पाँच जना अन्य छिमेकी राजाहरूको पनि सहयोग प्राप्त भएको थियो।+ समाजको व्यवस्था बाँध्न त्यस समय यत्तिकै र यस्तै भेला पनि पर्याप्त र महत्त्वपूर्ण थियो।

रामशाहले यसै क्रममा भारादारहरूको पनि वर्गीकरण र विभाजन गरिदिए। यस प्रसंगमा विलायतका राजा प्रथम विलियमको बन्दोबस्तको संझना हुन्छ। विलियमले इंगलैण्ड कब्जा गर्दा जुन सामन्त र धर्माधिकारीहरूको सहयोग पाएका थिए, तिनैलाई राज्यका प्रमुख भारादार बनाए। राजा विलियम निरंकुश भए तापनि दरबारमा यी भारादारहरूको निकै प्रभाव हुनु स्वाभाविक थियो। गोरखाको इतिहासमा पनि यस्तै कुरा भेटिन्छ। लमजुङ्का राजकुमार द्रव्यशाहलाई गणेश पाँड़ेप्रभृति केही प्रभावशाली व्यक्तिले सहयोग दिएर गोरखामा शाहवंशको राज्य कायम गराए। यसले गर्दा गोरखा दरबारमा उनीहरूका वंशजहरूको यथेष्ट महत्त्व हुनु स्वाभाविक भयो। आफ्नू नयाँ स्थिति बाँध्दा रामशाहले यसको विचार राखी छ थर (पाँड़े, पन्थ, अर्याल, खँदाल, राना र बोहरा)-लाई आफ्नै 'अंग' भनी विशेष मर्यादा दिए।* त्यस समयको गोरखा राज्य ज्यादै सानु थियो। भेटिएका पुराना प्रमाणहरूबाट

---

+ गोरखा वंशावली, पृ० २५, ३०

* गोर्खा वंशावली— नेपाल मुगस्थली गोरक्ष पीठद्वारा प्रकाशित प्रथम संस्करण, पृ० ३०

राज्यमा सात थुम वा इलाका (लिग्लिग्, हर्मि, लकाङ्, मिकोट, देउराली, धुवाकोट, च्याङ्लि)-मात्र थिए। राज्यको जनसंख्या जम्मा बाह्र हजार थियो। एउटा गह्किलो बस्ती राजधानी बाहेक अरू थिएन। गोरखा गई हेरेको खण्डमा त्यति सानू टुँडिखेलमा कवाज खेल्ने पल्टनले यत्रो दिग्विजय कसरी गऱ्यो भन्ने कुराको विचार गर्दा आश्चर्य हुन्छ। राजदरबार एउटा साधारण घरमात्र थियो। भारादारहरू राज्यका विभिन्न भागमा साधारण घरहरूमा बस्तथे। राजा र प्रजाको अत्यन्त निकट सम्बन्ध थियो— बरू भनौ, कौटुम्बिक सम्बन्धजस्तै थियो। राजा धनी-गरीब सबको घरमा डुल्दै पुग्दथे। प्रत्येक नागरिक पनि राजाको अगाडि सोझै पुग्न सक्थ्यो। भारादारहरूको अगाडि पुग्नु त झन् सजिलै कुरा भयो। यस अवस्थामा राजा, प्रजा र भारादारहरूको बीच ब्रिटेनमा भएजस्तो संघर्ष गोरखामा हुनु संभव नै भएन। जनताको विचारको कदर गोरखाली राजाले सदा नै गरेका हुन्। यसको सबभन्दा ठूलो दृष्टान्त कालु पाँडेले कब्याइँ पाउनु हो। पृथ्वीनारायण शाहको सन्तुवा विराज बपतोलाई काजी बनाउने थियो। तर, जनताको इच्छाको कदर गर्दै उनले कालु पाँडेलाई नै काजी तुल्याए।× कालु पाँडेको हातमा शासन सुम्पी उनी निर्धक्क आफनू राज्यभन्दा बाहिर पनि जान समर्थ भए। यो कुरा मध्यकालीन इंग्लैण्डका राजाहरूका निमित्त ज्यादै कठिन र खतरनाक थियो।

× "..... तर मलाई त रिकायो दुनिया जम्देखि राजि रहन्छन्।

पृथ्वीनारायण शाहपछि राजदरबारमा कलह र स्पर्धाले टाउको ठड्यायो। किन्तु, भारादारहरूको शक्तिमा भने कुनै कमी भएन। यहाँसम्म कि रणबहादुर शाहले गीर्वाणयुद्ध विक्रम शाहलाई गद्दीमा राख्दा त भारादारहरूको पूरा पूरा सहयोग लिए।

यसपछि कम्पनी सरकारसितको युद्धको जमाना आयो। यस युद्धको बारेमा दरबारमा खूब छलफल भयो, र भीमसेन थापाको दलकै जीत भएको हुनाले अंग्रेजसित युद्ध भयो।

'संसदीय प्रणाली' भन्नाले जुन कुराको आजको समयमा बोध हुन्छ, ठीक त्यही कुरा मध्यकालीन युगमा खोज्नु अलि युक्तिसंगत हुँदैन। झन् देश र परिस्थितिको पनि घटनाचक्र माथि पर्ने प्रभावको विचार गर्ने हो भने त त्यस समयको

---

उसैलाई कजाई दिनु भन्ने सास्त्रमा पनि कहेको छ. दुनियाँमा बुझि हेरूँ भनी बुझि हेर्दा दुनियाँबाट पनि कालु पाँडेको चाहा रहे छ र कालु पाँडेलाई कजाइ दिनु भया हामी दुनियाँदारमा छाहारी रहँदो हो भन्या. सल्लाहा दिया र अब बाईसि चौबिसिले क्या भन्छन् भनि बुझ्नु हुँदा बाइसि चौबिसिबाट पनि कालु पाँडेके चाहा रहेछ र कालु पाँडेलाइ कजाजि भया घाहा घराइस बलियो रापन्छौछ भन्ने सल्लाह दिया मेरा मनमा त विराज बपतिलाई कजाइ दिन आटेको थियो. तर ज्याधा बुद्धी कालु पाँडेकै ठहऱ्यो र कालु पाँडेलाई कजाजि भयाको हो।" पृथ्वी जयन्ती समारोहद्वारा प्रकाशित–द्वितीय वृत्ति दिव्य उपदेश पृ० ८, ९

नेपालमा आजको ब्रिटिश पार्लियामेन्टजस्तो संस्था भेट्टाउनु कसरी सम्भव होला ? ब्रिटेनको परिस्थिति अर्कै थियो । त्यहाँ परिस्थिति सुहाउँदो त्यस्तो संस्था खड़ा भयो । ब्रिटेनभन्दा उन्नत जर्मनी र फ्रान्समा समेत त्यस समय ब्रिटेनको जस्तो पार्लियामेन्ट सम्भव भएन । त्यहाँका स्थिति नै भिन्न थिए । किन्तु, एउटा कुरामा भने ब्रिटेन, युरोपका अरू देश र भारत एवं नेपालमा पनि समता थियो– राजामाथि भारादारहरूले दबाव पार्न लागेका थिए । राजामा रहेको शक्ति क्रमशः भारादारहरूमा बाँड़िन लागेको थियो । भारादारहरू लोक-जीवनबाट पनि उठेर जाने भएकाले राजामा रहेको प्रभुसत्ताको ठूलो अंश जनतामध्येको कुनै शक्तिशाली व्यक्तिको पहुँचभन्दा धेरै टाढ़ाको कुरा थिएन । राज्यका महत्त्वपूर्ण समस्या र घटनामाथि सर्वसाधारण जनता पनि विचार गर्दथ्यो । उनीहरूद्वारा प्रत्यक्ष वा परोक्ष रूपले राष्ट्रिय समस्यामाथि केही नकेही प्रभाव अवश्य नै पर्दथ्यो । इङ्गलेण्डको संसदीय इतिहासमा पनि जनताका प्रतिनिधिहरूले सहसा उछिनेर आजको जत्तिकै अधिकार भेट्टाएका होइनन् । अघिका अध्यायहरूमा हामीले यसको संक्षिप्त परिचय पाइसकेका छौं ।

जङ्गबहादुरले कोत-पर्व र भण्डारखाल आदिको हत्याकाण्डमा सम्पूर्ण भारादारहरूलाई सखाप नपारेका भए जङ्गबहादुर र उनका उत्तराधिकारीहरूले राज्यको जे-जति अधिकार एकलौटी गरे त्यो देशका विभिन्न वर्गका अनेक

योग्य व्यक्तिहरूमा बाँडिने थियो। त्यस्ता व्यक्ति सैनिक, प्रशासक, कलाकार, विद्वान् ,व्यवसायी आदि विभिन्न वर्गका प्रतिनिधि हुने थिए। निश्चय नै विशेष-विशेष अवसरमा व्यक्ति वा वर्गविशेषको अधिक प्रतिष्ठा हुने थियो, जस्तै युद्धको समयमा सैनिकको र व्यापार-वाणिज्यको समयमा साहु-महाजनको। तर, संसदीय व्यवस्थाको मूल सिद्धान्तमा राजसत्तामा जन-मतको ठूलो हात हुनु पर्दछ भन्ने जुन कुरा समाविष्ट छ त्यसको परिपालन अवश्य हुन जाने थियो। जङ्गबहादुरको उदयले त्यो हुन पाएन=। अथवा, राजकीय काम-काजमा कुनै किसिमको राय-सल्लाह हुने गरे तापनि अब त्यो सानु पारिवारिक घेराभित्र मात्र सीमित हुनगयो। हुन त जङ्गबहादुरले पनि यस्ता ऐन समेत बनाएका थिए जसले गर्दा एक विशिष्ट राजकीय निकायद्वारा स्वयं प्रधान मन्त्री पनि दण्डित हुन सक्तथ्यो, तर यस अधिकारको उपयोग कहिले पनि गरिएको बुझिएन। देवशंशेरले प्रशासनमा केही प्रजातान्त्रिक र संसदीय पद्धतिको समावेश पनि गराउने चेष्टा गरेको सुनिन्छ ;* तर,

=राजामा केन्द्रित रहेको सत्ताको निकै अंश 'म्याग्ना कार्टा' द्वारा ब्रिटेनमा सरदार र भारादारहरूले बाँडे; परन्तु जङ्गबहादुरले 'कोत-पर्व' गरी सरदार भारादार र स्वयं राजामा रहेको सत्तालाई संवत् १९०३ मा श्री ५ राजेन्द्र विक्रमबाट 'पंजापत्र'द्वारा आफू र आपना वंशज उत्तराधिकारीमा एकछत्री पारे। दुइटामा कत्रोमहान अन्तर!

* हेर्नुहोस् श्री बालचन्द्र शर्माद्वारा लिखित नेपालको ऐतिहासिक रूप-रेखा पृ० १४४

राणाहरूको पारिवारिक एकतान्त्रिकताले त्यो सम्भव हुन सकेन। देवशंशेरले लखेटिनु पऱ्यो।

देवशंशेरको यस विफलताको कारण के हो? उत्तर स्पष्ट छ –नेपालमा संसदीय विकासको अनुकूल परिस्थिति आइसकेको थिएन। ब्रिटिश हाउस अफ कमन्स् पनि अनुकूल परिस्थिति पाएरमात्र विकसित हुन सकेको हो। अट्ठारौं शताब्दिसम्म ब्रिटेनको साम्राज्य ज्यादै ठूलो भइसकेको थियो। ब्रिटेनमा बनेका मालको साम्राज्यभरिमा ठुलो माग थियो। फल-स्वरूप ब्रिटेनका कामदारले काम गरी प्रशस्त धन कमाउने मौका पाए। यसले ब्रिटिश सामाजिक व्यवस्था समेतमा ठुलो परिवर्तन ल्यायो। मामूली कामदार पनि थोरै समयमा प्रशस्त धन कमाएर पुराना सामन्तहरूसंग स्पर्धा गर्न सक्ने भए। ईस्ट इण्डिया कम्पनी जस्तो एक व्यापारी कम्पनीका हातमा ब्रिटेनभन्दा ज्यादै ठुलो-भारतको साम्राज्य आयो। सर्व-साधारण धनी र शक्तिशाली भएकाले हाउस अफ् कमन्समा एकत्रित भएका उनका प्रतिनिधिहरूको पनि प्रभाव बढ्न गयो। उनीहरूको हातमा क्रमशः बढ्दो अधिकार आइँदै गयो। यसरी हाउस अफ् कमन्सको वास्तविक अधिकार औद्योगिक क्रान्ति (Industrial Revolution) बाटै बढ्को हो।

ब्रिटेनमा झैं हाम्रो देशमा पनि सामन्तहरू नभएका होइनन्। उनीहरूको प्रभाव पनि कम थिएन। तर, आधुनिक

अर्थमा जसलाई हामी 'जनता' र 'जन प्रतिनिधि' भन्दछौं त्यसको विकास त्यस समय संभव भएन। सर्वसाधारण जनतालाई धनी र प्रभावशाली बनाउने ब्रिटेनको औद्योगिक क्रान्तिजस्तो कुनै साधन हाम्रो देशले पाएन। मानिसहरू सरकारी नोकरीकै बलमा समाजमा महत्त्व पाउँथे। देशका साधारण व्यक्तिले पनि पर्याप्त मात्रामा अध्ययन गरी आधुनिक राजनीतिक दृष्टिले चेतन हुन सक्ने अवस्था पनि त्यस समय थिएन। यस प्रकार हाम्रो देशमा त्यस समय त्यो स्थिति नै थिएन जस्मा 'मध्यम वर्ग' (Middle class) को विकास हुन सकोस्। यस्तो वर्ग तयार नभएसम्म जहाँ पनि आधुनिक ढंगको पार्लियामेण्टरी व्यवस्था पूरा-पूरा रूपमा कायम हुन पान अलि गाह्रो कुरा छ। कारण, यसं वर्गले 'जनताको हक' र 'जनताको प्रतिनिधित्व' भन्ने कुराको नेतृत्व गर्दछ। यही स्थिति नभएकोले देवशंशेरको चेष्टा असामयिक, अतः असफल हुन गयो।

परन्तु, क्रमशः परिस्थितिमा परिवर्तन आउँदै गयो। १९१९ ई० मा त्रिचन्द्र कालेजको स्थापना भयो। विद्यार्थीहरू पढ़न लागे। सीमित संख्यामा भए पनि यस्ता व्यक्ति पैदा हुन लागे जो साधारण परिवारका थिए, परन्तु तिनलाई आधुनिक संसारको राम्रो ज्ञान थियो। भारतको सम्बन्ध नजिक पार्ने १९२७ ई० मा एक सानू रेल-पथ पनि बन्यो। नवयुवकहरू

क्रमशः भारतीय विद्यालयहरूमा पनि ज्ञान अर्जन गर्न लागे। उता जुन् जन–चेतना आहरहेको थियो त्यसको प्रभाव पनि उनीहरूमार्फत देशमा पर्न लाग्यो। संवत् १९९७ र त्यसभन्दा अघि पनि एकतन्त्रवादको विरुद्ध केही नवयुवकले आत्मोत्सर्ग गरे। यसको परम्परा अगाडि बढ्दै गयो यसै क्रममा १९४६ ई० मा देशको अपेक्षाकृत ठूलो भागमा जनतामा चेतना आएको दृष्टिगोचर भयो। परिणामस्वरूप तत्कालीन प्रधान मन्त्री पद्म शंशेरले युग–परिवर्तनको दबावमा परी २००४ सालको 'नेपाल सरकार वैधानिक कानून'–को नामले 'सुधार घोषणा' गर्नु पऱ्यो की। हुन त यो 'सुधार घोषणा' एक आडम्बरमात्र थियो, तथापि यसमा आधुनिक किसिमको संसदको आवश्यकता पनि देशलाई छ भन्ने फुरा एकतन्त्रवादीहरूले लाचारीसाथ सर्व प्रथम वैधानिक रूपमा स्वीकार गरी घोषित गरेकोले हाम्रो संसदीय विकासको इतिहासमा यसलाई विर्सन सकिन्न।

वास्तवमा नेपालमा 'संसदीय प्रणाली'–बारे विचार गर्दा पद्मशंशेरको वैधानिक कानून' अघि नसारी हुन्न। कारण ब्रिटिश

---

की संवत् २०१४ को प्रथम संसदको उद्घाटन भाषणमा प्रधान मन्त्री महन शंशेरले अब दुनियाँलाई पनि सरकारको कार्य-प्रणालीमा शरीक गर्दै लैजाने हाम्रो अभिप्राय हुनाले''''''पूर्णरूपले विधान बमोजिम जिम्मेवारी र राष्ट्र सभाको संसद बोलाउने हाम्रो लक्ष्य हो' भनेका छन्। स् परिशिष्ट ३

पार्लियामेण्टलाई प्राप्त प्रत्येक बिशिष्ट अधिकार यसो हेर्दा यस कानूनले नेपाली जनतालाई पनि प्राप्त छ। यस कानून अनुसार—

(१) ब्रिटेनमा भएका दुइ सदन— हाउस अफ् लर्ड्स् र हाउस अफ् कमन्स् -जसले व्यवस्थापिका सभा र राष्ट्र-सभाका नामले दुइ सदन खड़ा गरिएका छन् (ऐनको दफा २२)*।

(२) व्यवस्थापक सम्मेलनबाटै मन्त्रिमंडलका सदस्यहरू लिइने भएका छन् (ऐनको दफा ७)*।

(३) दुवै सभाका सदस्यलाई विदेश वा यहाँ, जहाँसुकै रहेका नेपाली प्रजाको हित र शासन-व्यवस्थाबारे ऐन बनाउने, प्रश्न वा प्रस्ताव पेश गर्ने, अधिकार दिइएको छ (ऐनको दफा ३४, ३७) *।

(४) मुलुकको बजेट सभाको समक्ष पेश भई पास हुने भएको छ ऐनको दफा ३८, ३९ ) *।

(५) सभामा वाक्-स्वतन्त्रता छ र सभामा भएका कारवाइ-विषय कुनै अदालतमा पनि मामिला वा मुकदमा नचल्ने गरिएको छ (ऐनको दफा ३२, ४५) *।

(६) सभा भवनमा कुनै अपराधमा गिरफ्तार नगरिने भएको छ। यस सभामा आम जनताबाट निर्वाचित प्रतिनिधि लिइने व्यवस्था छ र विभिन्न जाति वर्ग र पेशाका प्रतिनिधिहरू पनि सम्मिलित गरिने भएका छन्*।

---

*हेर्नुहोस् परिशिष्ट १

यस प्रकार यस 'सुधार'-अनुसार ब्रिटिश पार्लियामेण्टले पाएको सम्पूर्ण विशिष्ट अधिकार नेपाली जनतालाई दिइएको देखिन्छ ।

परन्तु, यी अधिकारका साथै निम्नलिखित प्रतिबन्धहरू पनि झुन्डिएका छन्:—

(१) उक्त दुवै सभा प्राचीन रीति-थितिकै घेराभित्र जकड़िएका छन्, र सदासर्वदा राजाका साथै प्रधान मन्त्रीप्रति पनि उत्तरदायी छन् + । सदनका सदस्यहरूलाई प्रधान मन्त्रीले आफ्नू इच्छानुकूल भर्ना वा खारेज गर्न सक्छ । केन्द्रीय सभालाई पनि उसले चाहेको बखत स्थगित वा खारेज गर्न समेत सक्छ (ऐनको दफा ४७)। *

(२) मन्त्रिमण्डलका सदस्यहरू प्रधानमन्त्रीप्रति जवाबदेह रहने र उनैका इच्छामा रहने र खोसिने छन् (ऐनको दफा ८, ९)। *

(३) लोक-हितका निम्ति हानिकारक ठहराई 'जुनसुकै कानून-मसौदा, प्रस्ताव वा प्रश्न जुनसुकै अवस्थामा पनि' प्रधान मन्त्रीले 'रोक वा खारेज' गर्ने व्यवस्था छ (ऐनको दफा ३४, ३७)। *

---

+ ब्रिटेनमा राजालाई जुन विशेषाधिकार र सुविधा प्राप्त छ त्यही नेपालमा श्री ५ महाराजाधिराज मा रहेको कुरा भन्नाकै राणा प्रधान मन्त्रीले वस्तुतः ती विशेषाधिकार र सुविधाहरू विधानतः आफूमै राख्न चाहेको स्पष्ट छ ।

यति रोक लगाउँदा लगाउँदै पनि कुनै विषय आफ्नू हितको विपरीत हुन सक्ने आशंका देखिएमा प्रधान मन्त्रीले त्यसलाई अन्तिम अवस्थासम्म पनि रोक्न सक्तछ। कारण, त्यसमा खड्गनिशाना नलागेसम्म त्यो लागू हुन्न, र खड्गनिशाना भनेको प्रधान मन्त्रीकै एउटा छाप थियो। स्मरणीय छ कि सदनबाट पास भएका कानूनको मसौदामा राजा वा राष्ट्रपतिको अन्तिम स्वीकृति चाहिने अन्तर्राष्ट्रीय नियमको आड़मा यहाँ राणा प्रधान मन्त्रीले सो अधिकार आफैंमा राखेको छ।

(४) सभामा बजेट पेश भए तापनि चानचुने खर्चका जम्मा तीन दफा बाहेक मुख्य आमदानी-खर्चका दफाहरूमा "भोट वा छलफलको लागि कुनै किसिमको कुरा उठ्न सक्ने छैन" भनी कठोर प्रतिबन्ध लगाइएकोले यो दिइएको सुविधा मृग-मरीचीका हुन गएको छ। यसरि विना छलफल वा भोट पास भएको बजेट समेतमा प्रधानमन्त्री ले अन्तिम घडीसम्म पनि मनपरी गर्न पाउने कुराहरू सर्वथा सुरक्षित छन् (ऐनको दफा ३८,३९,४०,४१)*।

(५) एक सभाका अध्यक्ष प्रधान मन्त्री र अर्को सभाका अध्यक्ष कमाण्डर इन-चीफ भएकाले र उनीहरूले हस्तगत गरिराखेका असीम अख्तियारमा कुनै किसिमको कमी

---

* हेर्नु होस् परिशिष्ट १

आउन नपाएकोले, र साथै सभाहरूका सदस्यहरू पनि उनीहरूकै मनोनुकूल हुने प्रत्येक किसिमको व्यवस्था बडो सावधानी साथ गरिएकोले राणा प्रधान मन्त्री र उन का अधिकार वा हितको विरुद्ध बोल्ने साहस कसैको हुनै सक्तैनथ्यो। अतः सभामा वाक्स्वतन्त्रता दिएको कुनै अर्थै हुन्न। ऐनमा यस कुराको स्पष्ट किटान भएको छ– 'श्री ५ महाराजाधिराज र श्री ३ महाराजको गद्दी-रोलको उत्तराधिकार, क्रम परम्परा देखि चलिआएको रीत-रिवाज, बन्देज-कानुन बमोजिम कायम रही सँधैको निमित्त अपरिवर्तनीय र अविच्छेद्य रहने छ (ऐनको दफा ३)।*

यस 'वैधानिक कानून'- अनुसार उल्लिखित सभाहरूको दुइटा बैठक सम्म भए। यी सभाहरूको उद्घाटन अवसरमा श्री सुवर्ण शंशेरले पेश गरेको रिपोर्ट र प्रधान मन्त्रीले दिएको भाषण परिशिष्ट २ र ३- मा दिइएका छन। यसभन्दा बढी यसबारे केही हुन सकेन। जनतामा एकतन्त्री शासनप्रति असन्तोषको ज्वाला बढ्दै गएको र जनताले यसको घोरविरोध गरेको र साथै संसारको परिस्थितिमा अमिलदो यो चाल अब चलन नसक्ने भएकोले यो तथाकथित 'वैधानिक सुधार' त्यसै बिलाएर गयो।

---

* हेर्नु होस् परिशिष्ट १

—२—

पद्मशंशेर जनतालाई सोमित रुपमा भए पनि केही संसदीय अधिकार दिने कुरा इमान्दारी साथ सोच्तै थिए। परन्तु, उनका उत्तराधिकारी मोहन शंशेर तथा उनका समर्थकहरूले उनको केही चलन दिएनन्। इतिहासका कुरामा यहाँ विस्तार साथ विवेचना गरिरहने स्थान छैन। हामी केवल यति भन्न सक्छौं कि प्रजातन्त्रको जन्मपछि द्वितीय संशोधन बमोजिम जुन 'सल्लाहकार सभा' मनोनीत भयो त्यसलाई प्राप्त ऐनको निर्माणमा पनि पद्मशंशेरको यस 'सुधार ऐनको' ध्यान राखिएको कुरा दुवै ऐनको तुलनात्मक अध्ययन गर्दा बोध हुन्छ *।

अन्ततोगत्वा विक्रमी २००७ साल फाल्गुन ७ गते देखि पारिवारिक एकतन्त्रो शासन समाप्त भयो र आधुनिक अर्थमा 'मन्त्रिमण्डल' भन्न सुहाउने प्रशासकीय संस्थाको गठन भयो। नेपाली जनताले यो प्रजातन्त्र श्री ५ त्रिभुवनद्वारा प्रदत्त 'अन्तरिम शासन विधान, २००७'-बाट पायो। यसै अन्तरिम विधानमा पछि विक्रमी २००९ सालमा 'द्वितीय संशोधन' भयो। यस संशोधनद्वारा मूल ऐनको भाग ३ को परिच्छेद १ (कार्यकारिणी अधिकार) पछि परिच्छेद १ (क) थपिई 'सल्लाहकार सभा' संगठित भयो। *

---

* हेर्नुहोस् परिशिष्ट — ४

यस ऐनद्वारा नेपालमा लगभग ब्रिटिश पार्लियामेण्टकै अधिकार र क्षमताको संसद गठन गर्ने व्यवस्था भएको थियो।

यसका सदस्यहरूको संख्याको निर्धारण र तिनको मनोनयन श्री ५ बाटै भएको थियो (दफा २८ क १)* । ऐनमा 'गैर सरकारी सदस्यहरूमा सकेसम्म देशका विभिन्न भाग, वर्ग तथा विचारधाराको प्रतिनिधित्वगर्ने व्यक्तिहरू छानिने छन्' लेखिएकोले (दफा २८ ख)* यस सभामा ब्रिटिश हाउस अफ कमन्स्जस्तो क्षेत्रीय आधारमा प्रतिनिधिहरू लिइएका, र साथै वर्गीय दृष्टि तथा विचारधाराको पनि त्यसको गठनमा पूरा विचार राखिएकोले यसै एउटा सभाबाट ब्रिटिश हाउस अफ् लर्ड्स्समेतको विशेष लाभ पनि उठाउने प्रयत्न गरिएको देखिन्छ।

यसको दफा २८ क (२)-* मा 'संविधान सभाको गठन भएपछि सल्लाहकार सभाको अस्तित्व समाप्त हुनेछ' लेखिएकोले स्पष्ट छ कि यो सल्लाहकार सभा आम चुनाव भएर जन सभाको गठन नभएसम्मको अन्तरिम समयमा ठीक-ठीक पार्लियामेण्टकै रूपमा काम गर्न खड़ा गरिएको थियो। प्रत्येक ऐनको मसौदा सभामा पेश गर्नै पर्दथ्यो र त्यसमा नियमानुसार मत लिनै

* हेर्नुहोस परिशिष्ट —— ४

पर्दथ्यो (दफा २८ फ) *। देशको बजेट पनि यसको अपवाद थिएन (दफा ४)। राष्ट्रहितको निमित्त गोप्य केही सीमित विषयबाहेक (दफा २८ प) 'सरकारको व्यवस्थापक तथा कार्यकारिणी कृत्यहरूसंग सम्बन्धित कुनै विषयमाथि पनि सदस्यहरू प्रश्न गर्न सक्थे (दफा २८ ब)। सदस्यहरू कार्य विधिको नियमानुसार विधेयक (बिल) हरूमा प्रस्ताव पनि राख्न सक्थे (दफा २८ भ)। सदस्यहरूलाई ठीक त्यही अधिकार थियो जो ब्रिटिश पार्लियामेण्टका सदस्य (M. P.) लाई छ। अर्थात् सदस्यलाई सभामा प्रतिबन्धरहित वाक् स्वतन्त्रता थियो (दफा २८ न १)। सभा वा त्यसको कुनै समितिमा 'भनेको कुनै कुरा अथवा दिएको कुनै मतको सम्बन्धमा सभाको कुनै सदस्यको विरुद्ध कुनै न्यायालयमा पनि केही कार्यवाही चलन सक्ने नथ्यो' (दफा २८ न (२)।

अन्ततोगत्वा, यस सल्लाहकार सभाको पहिलो बैठक आषाढ १६ गते, २००६ सालको दिन ग्यारो हलमा बस्यो। प्रारम्भमा अध्यक्षको चुनाव नियमानुसार हुन बाँकी भएकोले वयोवृद्ध वीरविक्रम शाह कार्यकारी अध्यक्षको रूपमा पदासीन थिए। मन्त्रिमण्डलका सदस्य समेत यस सभामा जम्मा ६९

---

* हेर्नुहोस परिशिष्ट —— ४

सदस्य मनोनीत थिए* । जसमा तीन सदस्यले भाग लिएनन् । आषाढ १६ गतेको दिन नियमानुसार अध्यक्षको चुनाव भयो। नेपाली कांग्रेसका तत्कालीन महामन्त्री श्री कृष्णप्रसाद उपाध्याय १४ मतका विरुद्ध ४० मतले अध्यक्ष निर्वाचित हुनु भयो। सभा २१ गते सम्मलाई स्थगित भयो।

आषाढ २१ गतेका दिन १२-३० बजे श्री ५ महाराजाधिराजबाट सभालाई सम्बोधन बक्सियो +। हुन त यस सभामा सत्तारुढ पार्टी --नेपाली कांग्रेसकै अत्यधिक बहुमत थियो, तै पनि उक्त संस्थामा मतैक्य रहन नसकेकोले यसको प्रभाव देशको संसदीय सदस्यमा पनि पर्न जानु स्वाभाविकै थियो । यसै अवसरमा श्री हृषीकेश शाहले केही सदस्यका साथ "संसदीय विरोधी जमात"-को नामले 'विरोध-पक्ष' खडा गर्नु भयो।

उपाध्यक्ष पदको निमित्त कांग्रेसतरफबाट शिवपति प्रताप शाह र विरोधी जमाततरफबाट पुण्य प्रभादेवी खडा हुनु भएकोमा कांग्रेस उम्मेदवार ३० मत भेटाई विजयी हुनु भयो।

---

* हेर्नुहोस परिशिष्ट —— ६
+ हेर्नुहोस परिशिष्ट —— ७

यसपछि नै प्रधानमन्त्री श्री मातृकाप्रसाद कोइरालाले सरकारी कार्यक्रम हाल केही तयार भइनसकेकोले सभा एक महीनाको निमित्त स्थगित गरियोस् भनी पेश गर्नु भएको प्रस्ताव बहुमतद्वारा स्वीकृत भयो। यसरी स्थगित गरिएको यो सभा सदाकै निमित्त स्थगित हुन गयो।

यो सल्लाहकार सभा प्रजातन्त्रपछि बड़ा हौसलाको साथ पहिलो पटक खड़ा गरिएकोले यसमा सबैले निकै चाख र आस राखेका थिए। यसको निर्माण गर्ने ऐनको प्रस्तावनामै 'देशको शासन प्रबन्धमा जनताको प्रतिनिधिहरूलाई अझ बढी सम्मिलित गराउन' भन्ने कुरा व्यक्त गरिएकोले यसद्वारा सद्यः स्थापित प्रजातन्त्रलाई दृढतर तुल्याउने श्री ५ महाराजाधिराजको अभिलाषा व्यक्त हुन्थ्यो। यो सभा चलेको भए त्यो उद्देश्यको पूर्ति हुन सम्भव पनि थियो, र साथै यसले देशका राजनीतिक कार्यकर्ताहरूलाई संसदीय कार्य प्रणाली र त्यसको शक्तिको पनि रात्रो अनुभवसमेत अवश्य गराउँदै लैजाने थियो। परन्तु दुर्भाग्यवश यस लाभदेखि यस पटक देश वंचित रह्यो। सल्लाहकार सभाको यो प्रथम प्रयोग पूर्णतया असफल रह्यो।

( ३ )

श्री ५ त्रिभुवनबाट २०११ साल बैशाख १ गते दोस्रो पटक सल्लाहकार सभाको घोषणा भयो। यसको गठन पनि अघिको

अर्थात् २००६ सालकै, ऐन बमोजिम भएको थियो। यसमा ६२ गैर सरकारी र ७ सरकारी ( मन्त्रिमण्डलका पदेन ) सदस्य थिए *। यो संख्या आम निर्वाचनमा चुनावद्वारा संगठित हुने संसदको नजिक पुग्न आउँछ।

द्वितीय सल्लाहकार सभाको पहिलो अधिवेशन विक्रमी २०११ साल ज्येष्ठ १५ गतेदेखि २००६ सालकै 'कार्यविधि' अनुसार ग्यालरी हलमै प्रारम्भ भयो। यसमा राष्ट्रीय प्रजा पार्टी, नेपाल प्रजा-परिषद्, नेपाली राष्ट्रीय कांग्रेस, नेपाली जन) कांग्रेस, राष्ट्रवादी गोरखा परिषद् र नेपाल तराई कांग्रेसका अतिरिक्त दुइटै अखिल नेपाली नेपाली महिला संघ, वोमेन्स भोलंटेरी सर्विस् ( W.V.S.) , थारू कल्याणकारिणी सभा, किसान संघ (शुद्धीकरण), नेपाल दलित जाति संघ, किसान पंचायत आदि, आदि आर्थिक, सामाजिक, शैक्षिक र वर्गीय संस्थाहरूका प्रतिनिधिहरू पनि थिए। सदस्यतामा दिनको (दफा १८ ख) मा उल्लेख भएअनुसार 'गैर सरकारी सदस्यहरूमा सकेसम्म देशको विभिन्न भाग वर्ग तथा विचार-धाराको प्रतिनिधित्व गर्ने व्यक्तिहरूको समावेश भएको थियो। नेपाली कांग्रेसले मात्र यसदेखि असहयोग गऱ्यो। नेपाल कम्युनिष्ट पार्टी चाहिं सरकारद्वारा अवैध घोषित थियो।

---

* हेर्नुहोस् परिशिष्ट — १

अध्यक्षको चुनाव रीतपूर्वक नभएसम्मलाई श्री शिवपति प्रताप शाह कार्यकारी अध्यक्ष मनोनीत हुनु भएको थियो। ज्येष्ठ १६ गते, २०११-मा वैधानिक रीतिले अध्यक्षको निर्वाचन भयो। श्री बालचन्द्र शर्मा निर्विरोध (Uncontested) निर्वाचित हुनु भयो। पहिलो सल्लाहकार सभाको अवसरमा नेपाली कांग्रेसकै एकदलीय सरकार भए तापनि सोही पार्टीका महामन्त्री सभाको अध्यक्ष पदको निमित्त खड़ाहुँदा निर्विरोध निर्वाचित न हुनु र यस पटक भने बहुदलीय सरकार भए तापनि अध्यक्षको निर्वाचन यसरी निर्विरोध हुनु विशेष कुरा थियो। उहाँको योग्यता र व्यक्तित्वदेखि प्रभावित भएरै विरोधमा कसैले खडा हुन चाहेन। श्री शर्माले पनि यसरी आफूप्रति ससम्मान व्यक्ति गरिएको आस्था र विश्वासकै अनुसार कार्य संचालन गर्नु भयो। देशदेशान्तरबाट आएका अनेक योग्य र अनुभवी व्यक्ति सभाको कार्यवाही हेर्न आएका थिए। विभिन्न देशका राजदूत र कूटनीतिज्ञहरू पनि आए। प्रत्येकले सभाको संचालन र व्यवस्थाको मुक्त कण्ठले प्रशंसा गरे।

सुनीहरूमध्ये अनेकका मुखबाट 'अब यसभन्दा बढ़ी हाम्रो देशको संसदीय कार्यवाहीमा पनि के हुन्छ र!' भनेको सुनिन्थ्यो। सर्वोपरि, सभाका निर्माता श्री ५ महाराजाधिराज-

बाट पनि सभाका अध्यक्ष प्रति पूर्ण सन्तोष व्यक्त गरिबक्सेको थियो। श्री शर्माले नेपालमा संसदीय प्रणालीको यस्तो बलियो जग बसालिदिनु भयो जसलाई इतिहासले विर्सन सक्ने छैन।

सदनका नेता प्रधान मन्त्री श्री मातृका प्रसाद कोइरालाले संसदीय शिष्टाचार ( Parliamentary ettiquettes ), भाषण कौशल र हाजिर जवाबीको खूबै राम्रो परिचय दिनु भएको हो।

उपाध्यक्षको निर्वाचन आषाढ ३ गतेका दिन भयो। यस पदको निमित्त सभामा भएका विभिन्न दलद्वारा सर्व श्री गुलाब नारायण झा, तुलजा शर्मा, कमल शाह र सुमित्रा सिंहा–चार जना उम्मेदवार खड़ा हुनु हुन्थ्यो। चुनाव परिवर्तनीय मत ( Single transferable vote ) द्वारा भयो। बहुमतले श्री गुलाबनारायण झा निर्वाचित हुनु भयो। पछि 'अध्यक्ष मण्डल' ( Pannel of chairman )-को पनि निर्वाचन भयो। यसमा क्रमशः सर्वश्री माधुरी शाह, कुलचन्द्र कोइराला, कृष्णमोहन अधिकारी, नरेन्द्रकुमार प्रधान र रूपनराम पाँच जना हुनु हुन्थ्यो। यस 'मण्डल' मा पाँच जना रहने र उम्मेदवारको संख्या पनि पाँचमात्र भएकोले यहाँहरूको निर्वाचन विरोध रहित नै भयो। अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा अध्यक्ष-मण्डलका यी सदस्यहरूले क्रमशः अध्यक्षको आसन ग्रहणगरी सभाको काम चलाउँथे। जे सुकै भएतापनि, विधायिकाको यस्तो उच्च स्थानमा

एक महिला ( श्री माधुरी शाह ) र दलित वर्गको प्रतिनिधि ( श्री झमनराम ) ले स्थान पाउनु प्रजातान्त्रिक नव नेपालमै सम्भव भयो ।

सभाको यो प्रथम अधिवेशन २०११ साल श्रावण मासान्त सम्म सुचारु रूपले चल्यो । राणा– एकतन्त्री शासनको कठोर जकड़बन्दीमा परेको नेपाली जनताले सर्वप्रथम प्रजातन्त्रको सबभन्दा ठुलो उपलब्धिलाई सक्रिय रूपमा (Democracy in action) देख्न पायो । देशको निमित्त यो नयाँ, आश्चर्यमय र साथै आशाप्रद एवं महान् प्रेरणाप्रद कुरा थियो । राणाशासन-कालीन २००४ सालको व्यवस्थापिका सभा र राष्ट्र सभाको घोषणा 'गजभुक्तकपित्थवत्' सारहीन र व्यर्थ थियो । प्रजातन्त्र-को उदयपछि खड़ा भएको पहिलो सल्लाहकार सभाले देशलाई केही दिन पाएको थिएन । यसले गर्दा सल्लाहकार सभाप्रति नै देशभरि अनास्था र उपहासको भावमात्र व्याप्त थियो । यस्तो विपरीत परिस्थितिमा खड़ा भएको यस दोस्रो सल्लाहकार सभाले शुरु देखिनै यस्ता गहकिला कदम उठाउन लाग्यो जसले गर्दा देशवासीको मनमा जमेको अनास्थाको बदला विश्वास, उपहास-भावको बदला प्रशंसा र निराशाको बदला आशाको संचार भयो ।

संसदीय प्रजातन्त्रवाद (Parliamentary Democracy) को व्यावहारिक शिक्षा नेपाली जनताले सर्वप्रथम यसै दोस्रो

सल्लाहकार सभाबाट पाएको हो। प्रस्ताव र विधेयक (Resolutions and Bills) सभामा कसरी प्रस्तुत गरिन्छन, ऐन कसरी बन्दछ, सदस्यले सरकार सित कसरी प्रश्न गर्दछ, यसरी गरेका प्रश्नको उत्तर सरकारले कसरी दिनु पर्दछ, संसदीय कमिटीहरू र पूरा सदनको कमिटी कसरी बन्दछन, समस्यामाथि कसरी बहस गरिन्छ, कुनै काम गराउन सरकार उपर सदस्यहरू कसरी दबाव पार्न सक्दछन, बजेट कसरी पेश गरिन्छ, सभाले पास नगरी सरकारले कसरी एक दाम पनि खर्च गर्न नपाउने रहेछ, सदस्यहरूलाई वाक्स्वतन्त्रता कत्तिको प्राप्त हुने रहेछ; संसदभित्र सदस्यलाई सरकारले कसरी गिरफ्तार गर्न नसक्ने रहेछ, संसदप्रति सरकार कसरी र कत्तिको जवाबदेह हुँदो रहेछ; एकतन्त्री शासनमा 'तँ' र 'तिमी'- बाहेक अरू सम्बोधन नगर्ने गरेको ठाउँमा वस्तुतः प्रधानमन्त्री र मन्त्रीहरूले जनताका प्रतिनिधि सदस्य र अध्यक्षलाई कसरी आदरसाथ सम्बोधन गर्नु पर्दो रहेछ, जनताको अधिकार कतिसम्म हुँदो रहेछ आदि, आदि कुराहरू सभाको कार्य-कलापबाट नेपाली जनताले प्रत्यक्ष देख्न र अनुभव गर्न पायो। दर्शकहरूको संख्या दिनहुँ बढ्दै जान लाग्यो। सरकार सीट पुऱ्याउन नसक्ने भयो। यस सभाप्रति जनताको विश्वास यसरी बढेर गयो कि सरकारबाट हल हुन नसकेका अनेक समस्या र पीर बाधाको उजुरी लिएर देशका विभिन्न क्षेत्रबाट अनेक व्यक्ति र प्रतिनिधि-मण्डल जनताका

'इजलास' मा आउन लागे।

सभाको पहिलो अधिवेशन श्रावण ३२ गते टुंगियो। अधिवेशनको सफलताले सभाका जन्म दाता श्री ५ महाजा-राजाधिराज त्रिभुवनलाई पूर्ण संतोष थियो। प्रथम अधिवेशन समाप्तिको जुन 'शाही सम्बोधन' भाद्र १ गतेका दिन तत्कालीन श्री ५ युवराजाधिराज मार्फत सभाले प्राप्त गऱ्यो त्यसबाट संतोषको यही भावना व्यक्त हुन्थ्यो। शाही सम्बोधन यस प्रकार छः—

'मलाई संचो नहुँदा तपाईंहरूसित स्वयं भेट हुन पाएन तापनि तपाईंहरूको शुभेच्छाले गर्दा मलाई केही फायदा भएरै आएको छ। यस पाला पूर्ण अधिवेशन हुन पायो। तपाईंहरूले पनि प्रशंसनीय काम गर्नु भएको हुनाले सल्लोहकार सभाको राम्रो जग बस्न गएको छ।

'यो वर्षको दोस्रो अधिवेशनमा पनि आउनु हुनेछ। अर्को अधिवेशनको तिथि पछि निश्चित भई घोषित हुने छ। यो प्राथमिक अधिवेशन चाहीं आज समाप्त भयो।'

सभाको दोस्रो अधिवेशन २०११ साल मार्ग २ गते देखि प्रारम्भ भयो। यो 'बजेट-अधिवेशन' ( Budget Session ) थियो। यसमा २०११-१२ सालको बजट पेश गरियो। किन्तु दुर्भाग्यवश यस समयसम्म मन्त्रिमण्डलमा सम्मिलित भएका

विभिन्न पार्टीका सदस्यहरूमा खिचलो उठिसकेको थियो । यसले गर्दा सभामा भएका सरकारी पक्षका सदस्यहरूमा पनि नराम्रो गुटबन्दी हुन लाग्यो । आखिर नेपाल प्रजा परिषद्का एक जना प्रतिनिधि रत्नप्रसाद खरेलले परराष्ट्र मन्त्रालयको बजेटको एउटा दफामा राखेको 'कटौतिको प्रस्ताव' (Cut motion) पास भयो । सरकारको पक्षमा ३६ र खरेलजीको प्रस्तावको पक्षमा ४३ मत आएकाले सरकारको हार भयो । यो घटना २०११ साल माघ १७ गतेको हो ।

सरकारले पेश गरेको बजेटमा यस्तो कटौतीको प्रस्तावको तात्पर्य सरकार प्रति अविश्वास प्रकट गर्नु हुन्छ । खरेलजीको उक्त प्रस्तावबाट पनि प्रधानमन्त्री श्री मातृका प्रसाद कोइराला-को नेतृत्वमा गठित सरकार (मन्त्रिमण्डल)-प्रति अविश्वास रिएको तात्पर्य निस्कन्थ्यो ।

देशका प्रतिनिधिका रूपमा एकत्रित भएका सदस्यहरूको भामा यसरी हारखाएर फेरि सोही सभाका 'सदनका नेता' eader of the House) को रूपमा भाग लिन आउनु न्तान्त्रिक पद्धतिअनुसार वास्तवमा देशका प्रधान मन्त्रीको न्ताविरुद्ध कुरा हुन्थ्यो । प्रधान मन्त्रीले अन्ततोगत्वा श्री राजाधिराजका हजूरमा राजीनामा पेश गर्नु भयो । मा स्वीकार भएकोले मन्त्रिमण्डल भंग भयो । केही छ 'सल्लाहकार सभा विघटन ऐन २०१२'-द्वारा यस

सल्लाहकार सभाको विघटन पनि २०१२ साल ज्येष्ठ २७ का दिन गरियो *।

२०१२ साल जेष्ठ २७ गते पछि नेपाल अनेक महत्वपू घटनाबाट गुज्र्यो। हाम्रा प्रजातन्त्रका जनक श्री ५ महाराजाधिराज त्रिभुवनको अस्त भयो। अनि तरुण राजा श्री ५ महेन्द्र वीरविक्रम शाहदेवको उदय भयो। नेपालले विभिन्न देशसित सम्बन्ध जोड्यो। संयुक्त राष्ट्र-संघ ( *United Nations Organisation*) मा सर्वप्रथम नेपाली प्रतिनिधिले भाग लिए। देशमा अनेक योजनाहरू क्रियात्मकतातिर लम्कन लागे। नेपालमा सर्वप्रथम वैज्ञानिक रीतिले जनगणना भयो र २०१२ साल श्रावण २४ गतेमा श्री ५ महाराजधिराज द्वारा आगामी आम निर्वाचन २०१४ साल आश्विन शुक्ल पूर्णिमादेखि हुनेछ भन्ने घोषणा पनि भयो। परन्तु, राजनीतिक परिस्थितिले गर्दा उक्त घोषित तिथिमा आम चुनाव हुन पाएन। २०१५ साल फाल्गुन ७ गतेदेखि आम चुनाब शुरू हुनेछ भन्ने कुराको फेरी श्री ५ महाराजाधिराजबाट २०१४ साल माघ १६ गते मा घोषणा भयो।

यसैबिच अर्थात् २०१४ साल माघ १६ गतेका दिन हामीले एक 'शाही सन्देश' पायौं। यसमा कतिपय प्रस्तुत राजनीतिक

समस्याहरूको समाधान गरियो । नेपालमा संसदीय विकास-प्रति जिज्ञासा भएका व्यक्तिको निमित्त पनि यो शाही सन्देश बडो महत्त्वको छ । कारण यसमा यी कुराहरू समेत परेका छन्:-

(१) देश काल परिस्थितिलाई विचार गरी वर्तमान अन्तरिम शासन विधानको मसौदा प्रस्तुत गर्ने कमिशनको व्यवस्था हुनेछ र दरकार हेरी यसलाई मदत र सल्लाह दिन विदेशी विशेषज्ञहरू पनि सल्लाहकारमा नियुक्त गरिने छन् र सोही संविधानका आधारमा देशको आम चुनाव अब संसदको लागि गरिने छ, र यसमा दुई सभा (House) को व्यवस्था गरी यथाशक्य देशको सार्वभौमिक स्वतन्त्रता र जन अधिकार सुरक्षित गरिने प्रयत्न हुनेछ ।

(२) चुनाव नभएसम्म पनि सरकारी कामकाजमा यथाशक्य हाम्रा प्यारा प्रजाहरूको राय, सल्लाह र प्रतिनिधित्व प्राप्त होस् र प्रजातान्त्रिक पद्धतिको अनुभव हासिल गरुन् भन्ने अभिप्रायले मौजुदा विधानमा दरकार अनुसार हेरफेर गर्नु परेमा सो समेत गरी एउटा सल्लाहकार सभाको आयोजना गरिनेछ । यसमा देशको विभिन्न भागका व्यक्तिहरू मनोनीत हुनेछन् र यो सभाले मुख्यतः निम्न प्रकारले काम गर्नेछः—

विना भोट सबै सार्वजनिक कुरामा यो सभाले छलफल गर्न र बहस गर्न सकुनेछ ।

*सभाको कुनै कारवाइले सरकार विघटन हुनपर्ने छैन। सभामा बहुमतले व्यक्त गरिएका प्रमुख विचार-धाराको ख्याल र कदर सरकारले राख्ने छ। चुनाव सम्बन्धी प्रगति-को रिपोर्ट सभामा पेश गरिनेछ र तत्सम्बधी सल्लाह लिइनेछ *।*

यस घोषणामा परेका कतिपय कुराको व्याख्या फाल्गुन २२ गते २०१४ को शाही घोषणामा + भएको छ र त्यसअनुसार खडा भएको (तृतीय) सल्लाहाकार सभामा सदस्यहरूको नामावली ज्येष्ठ २० गते, २०१५ को शाही घोषणामा प्रकाशित भएको छ।

उक्त माघ १६ गतेको शाही सन्देशको आधारमा बनेको तेस्रो सल्लाहकार सभामा नेपाली कांग्रेस, नेपाल प्रजा परिषद्, नेपाल कम्यूनिष्ट पार्टी, नेपाली राष्ट्रीय कांग्रेस, संयुक्त प्रजातन्त्र पार्टी, राष्ट्रवादी गोरखा परिषद् यी प्रत्येक राजनीतिक पार्टीबाट पार्टीले पठाएका २।२ जना सदस्य लिने व्यवस्था पनि थियो। मन्त्रिमण्डलको सुझाव बमोजिम श्री ५ महारा-जाधिराजबाट १३ जना सदस्य मनोनीत गरिबक्सियो। अरू जिल्लेबाट चुनिएर आए। यसरी पदेन मन्त्रिपरिषदका सदस्य

---

* २०२४ साल माघ २१ गतेको 'गोरखापत्र बाट.

+ हेर्नुहोस् परिशिष्ट — — — २२

२ " " — — — २३

६ जना समेत जम्मा ६१ सदस्य थिए । संयुक्त प्रजातन्त्र पार्टीले आफ्ना सदस्य उक्त सभामा पठाएन । यस सभाको अधिवेशन मार्ग ४ गते, २०१५ देखि प्रारम्भ भयो । सभाको सचिवको सन्मुख एक जना वयोवृद्ध सदस्य श्री लोकनाथ जोशीले शपथ ग्रहण गर्नु भयो र अध्यक्षको निर्वाचन नभएसम्म सभाको कार्य संचालन गर्न उहीं कार्यकारी अध्यक्ष मनोनीत हुनु भयो । उहींका अध्यक्षतामा अरु उपस्थित सदस्यहरूले शपथ ग्रहण गरे ।

मार्ग ८ गते अध्यक्षको निर्वाचन प्रारम्भ भयो । उम्मेदवारमा सर्व श्री सूर्यबहादुर थापा, होराप्रसाद जोशी, काशीराज उपाध्याय र कीर्तिनिधि विष्ट खड़ा हुनु भयो । जम्मा ७५ सदस्यको मतदान परेकोमा आठ मतदान-पत्र रद्द ठहरे । शेष मतदान-पत्रको प्रथम इच्छा क्रम अनुसार उहींहरूले निम्नलिखित संख्यामा मत पाउनु भयोः-

| | | |
|---|---|---|
| श्री सूर्यबहादुर थापा | (स्वतन्त्र) | २५ |
| श्री होराप्रसाद जोशी | (नेपाली कांग्रेस) | १८ |
| श्री काशीराज उपाध्याय | (नेपाल प्रजा-परिषद्) | १४ |
| श्री कीर्तिनिधि विष्ट | (नेपाली कांग्रेस) | १० |

यसरी सबभन्दा कम मत श्री कीर्तिनिधिविष्टलाई प्राप्त भएकोले उहींलाई प्राप्त मतहरूमा उल्लेख गरिएका द्वितीय

इच्छा क्रमको मतहरूलाई शेष उम्मेदवारहरूमा बाँड्दा फल यस प्रकार भयो ।

श्री सूर्यबहादूर थापा — २७
श्री हेरा प्रसाद जेाशी — २०
श्री काशीराज उपाध्याय — १८

यसेा गर्दा पनि आधाभन्दा बढ़ो मत कसैलाई प्राप्त नभएकेाले श्री काशीराजलाई प्राप्त मतमा उल्लेखगरिएका द्वितीय इच्छा-क्रमका मतहरू र श्री कीर्तिनिधिको द्वितीय इच्छा क्रमबाट उहाँलाई प्राप्त हुन गएको तृतीय इच्छाक्रमका मतहरू बाँकी सदस्यहरूमा बाँड्दा फल यस प्रकार भयो—

श्री सूर्यबहादूर थापा ३० श्री हेराप्रसाद जेाशी २१

नियमानुसार दिइएको जम्मा मतको आधाभन्दा बढ्ता मत पाउने सदस्य मात्र चुनिएको घेाषित हुनुपर्ने भएकेाले चुनावको कुनै निश्चित परिणाम निस्कन सकेन । र फेरि हुने चुनावमा श्री सूर्यबहादूर थापा, श्री हेराप्रसाद जेाशी र श्री काशीराज उपाध्याय मात्र उम्मेदवार हुनु भयो ।

मार्ग ६ गते पुनः चुनाव भयो । जम्मा ७६ मतदान गरियेा । यिनमा ४ मतदान-पत्र रद्द ठहरिए । प्रथम इच्छा क्रमको मत गणनाको परिणाम यस प्रकार भयो —

श्री सूर्यबहादूर थापा — २६
श्री हेराप्रसाद जोशी — २७
श्री काशीराज उपाध्याय — १६

सबभन्दा थोरै मत श्री काशीराज उपाध्यायलाई प्राप्त भएकोले उहाँलाई प्राप्त मतहरूमा उल्लेख भएको द्वितीय इच्छा -क्रमका मतहरूलाई बाँकी दुइ उम्मेदवारहरूमा बाँड्दा नतीजा यस प्रकार भयो —

श्री हेराप्रसाद जोशी — ३२
श्री सूर्यबहादूर थापा — ३०

यस प्रकार कुनै पनि उम्मेदवारलाई जम्मा दिइएका मतको आधाभन्दा बढी मत प्राप्त नभएकोले यस चुनावको पनि कुनै निश्चित नतीजा निस्केन ।

अध्यक्ष पदको निमित्त गरिएको तेस्रो चुनावको परिणाम यस प्रकार भयो—

जम्मा दिइएको मत — ७६
श्री सूर्यबहादुर थापा — ४४
श्री हेराप्रसाद जोशी — ३१
रद्द ठहरेको — १

यसरी श्री सूर्यबहादूर थापा बहुमत प्राप्त गरी अध्यक्ष निर्वाचित हुनु भयो ।

कार्यकारी अध्यक्षले उहाँलाई बधाई दिँदै अध्यक्षको आसन ग्रहण गर्ने अनुरोधमा नवनिर्वाचित अध्यक्षले आफ्नू आसन ग्रहण गर्नु भयो। सदस्यहरूले बधाइको भाषण दिनु भयो।

मार्ग ११ गतेका दिन २·३० बजे श्री ५ महाराजाधिराजको सवारी भयो र सल्लाहाकार सभालाई सम्बोधन* गर्नुभयो।

सदस्य श्री युगेश्वर प्रसादले दस्तूर बमोजिम धन्यवादको प्रस्ताव पेश गर्नु भयो। यसमा अनेक संशोधन आए। अन्तमा मार्ग १६ गते उक्त प्रस्ताव सर्व सम्मतिले मूल रूपमै स्वीकृत भयो।

मार्ग १८ गते उपाध्यक्षको चुनाव भयो। उपाध्यक्षको पदमा सर्व श्री सुशोला थापा, योगेश्वर मिश्र, सेमन्तराज बनारसी महतो, नगेन्द्रप्रसाद रिजाल, भरतमणि शर्मा उम्मेदवार खडा हुनु भएको थियो। पहिलो निर्वाचनमा निर्णायक मत प्राप्त भएन। दोस्रो पटकको चुनावमा जम्मा ६१ मत दिइयो। श्री नगेन्द्र प्रसाद रिजालले ३६ र श्री भरतमणि शर्माले २२ मत पाउनु भयो र श्री नगेन्द्रप्रसाद उपाध्यक्ष चुनिनु भयो।

मार्ग २५ गते श्री धनमानसिं परियारले निम्नलिखित प्रस्ताव पेश गर्नु भयो।—

---

* हेर्नुहोस् परिशिष्ट २५

'२०१४ साल माघ १९ गतेको शाही घोषणा अनुसार संविधानको आधारमा संसदका लागि देशमा आम निर्वाचन हुने तथा त्यसमा दुइ सदनको व्यवस्था हुने भन्ने भएको, तर अहिलेसम्म संविधान जन समक्ष आइनसकेको र 'जन प्रतिनिधित्व ऐन' मा लेखिएको प्रतिनिधि सभा चुन सदनको भन्ने स्पष्ट नभएकोले संविधान जन समक्ष आईमात्र आम निर्वाचन होस् भन्ने सल्लाहकार सभा प्रार्थना गर्दछ'।

यो प्रस्ताव ठुलो बहुमतले स्वीकृत भयो।

पौष २ गते श्री चित्रमान सिंह बस्नेतले चुनाव सम्बन्धी यो प्रस्ताव पेश गर्नु भयो—

'देशको उत्तरी तथा दक्षिणी सिमानाका इलाकामा मतदाता सूची पुनः जाँची त्रुटिहरू सच्याई र तिनीबाट अनागरिकहरूको नाम हटाई सबैले वोट दिनसकुन् भन्ने हेतुले मतदान केन्द्रहरू बढ़ी मात्रामा थपी जनताको सुविस्तोअनुसार चाहिने जतिलोई स्थानान्तर समेत गरी तथा शान्ति सुव्यवस्थाको राम्रो पर्याप्त मात्रामा बन्दोबस्त गरेर मात्र आम चुनाव शुरू गरियोस भन्ने सल्लाहकार सभा श्री ५ महाराजाधिराजका हजूरमा प्रार्थना गर्दछ'।

यो प्रस्ताव बहुमतले स्वीकृत भयो।

पौष ६ गते सभामा अध्यक्षले राजदरबारबाट प्राप्त भएको निम्नलिखित पत्र पढ़ेर सुनाउनु भयो—

**माननीय अध्यक्ष,**

**सल्लाहकार सभा**

यही २०१५ साल फागुन ७ गते देखि शुरू हुने भएको निर्वाचनको तयारीको निमित्त सदस्यहरूका सुविधाको लागि मन्त्रि-परिषदको सल्लाहअनुसार श्री ५ महाराजाधिराजबाट अन्तरिम शासन विधान २००७-को दफा ४७-को उपदफा (२) बमोजिम,

संवत २०१४ साल माघ १९ गते रोज ७ को घोषणाको आधारमा गठन गरिएको सल्लाहकार सभाको चालू अधिवेशन अनिश्चित समयको लागि हाललाई संवत् २०१५ साल पौष ६ गते रोज १ का दिन समय १५-०-० देखि भंग गरिएको छ ।

हुकुम बक्से बमोजिम

सरदार हंसमान सिंह

प्रमुख सचिव

०१५।९।६।१

यस सभामा सरकारी पक्षबाट केही विधेयक र जन-पक्षबाट केही प्रस्ताव आए। यसरी तेस्रो सल्लाहकार सभाको यो प्रथम अधिवेशन जम्मा बाइस दिन बैठक बसेर समाप्त भयो।

(५)

माघ १६ गते, २०१४-को घोषणाअनुसार दुइ सदनको संसद रहने व्यवस्थाको संविधान श्री ५ महाराजाधिराजबाट

संवत् २०१५ फाल्गुन १ गते वसन्त पंचमीको दिन दिउसो हनुमानढोका दरबारबाट बक्सियो। नेपालको यस प्रथम संविधानद्वारा हाम्रो देशको प्रशासन चलने छ। यस संविधानले हाम्रो देशको शासनको नयाँ अध्याय प्रारम्भ गरेको छ।

---

# अध्याय ५

## पार्लियामेण्टका सदस्यहरूको निर्वाचन

कतिपय काम उठानमा अति सामान्य भए तापनि पछि ज ए ज्यादै ठुला र महत्त्वपूर्ण भएका छन्। उदाहरणमा ब्रिटेनको हाउस अफ् कमन्सलाई अघि सारे सकिन्छ। शुरु-शुरुमा यसमा जस्ता जन-प्रतिनिधिहरू आउँथे यसको छोटकरी परिचय अघिका अध्यायमा दिइसकिएको छ।

मध्ययुगी ब्रिटिश हाउस अफ् कमन्सका देहाती क्षेत्रबाट आउने सदस्यहरू लाई 'नाइटस् अफ् द शायर' (Knights of the shire) भन्ने गर्दथे। किनकि ती गाउँघरका सोच्चिके 'नाइट' अर्थात् सरदार नै हुन्थे। घेरैजसो उनीहरूको यसै

विशेषताले गर्दा काउण्टीको शेरीफ (County sheriff) अर्थात् इलाकाका तालुकदारले उनीहरूलाई हाउस अफ् कमन्स्को सदस्यमा पठाउँदथे । पद्मशंशेरका पालामा जिल्ला–जिल्लाका 'जन-प्रतिनिधि' भनि जो मानिस झिकाइएका थिए ती पनि प्रायः बड़ाहाकिमका रायबाटै लिइएका थिए । वास्तविक 'जन-प्रतिनिधि' भएर राजकीय सम्मेलनहरूमा एकत्रित हुनमा सर्वत्र केही समय लागेकै देखिन्छ ।

ब्रिटेनमा केही समयपछि बिस्तार-बिस्तार पार्लियामेण्टको सदस्यको निमित्त भोट दिने चलन चल्न लाग्यो । तर, प्रारम्भमा सालाना चालीस शिलिङ् भन्दा कम तिरो बुझाउनेले भोट दिने अधिकार पाएन । यो त गाउँठाउँको कुरा भयो । शहरमा पनि मानिसको आर्थिक स्थितिको विचार गरेरमात्र भोट दिने अधिकार दिइयो । शहरमा पनि यतिसम्म मोल पर्ने घरधनीले मात्र भोट दिन पाउँछ भन्ने नियम बन्यो ।

यस प्रकार भोट दिने अधिकारीहरूको कुनै न कुनै किसिमको शर्त राखिने* चलन भए तापनि ब्रिटेनमा शुरू-शुरूमा शहर-शहरको समेत बेग्ला बेग्लै प्रथा बन्न गयो । देशभरिमा एकै नियम चलन सकेन । कहीं कुनै खालको मानिस कुनै एक किसिमको प्रभाव र अधिकारको आधारमा रोजिन्थ्यो । कहीं अर्के किसिमको व्यक्ति कुनै अर्के कुराको आधारमा । परन्तु,

* २०१४ सालको श्री पद्मशंशेरको 'वैधानिक कानून' द्रष्टव्य छ ।

जे भए पनि परिणाममा धनीले नै मौका पाउँथ्यो । भोट दिने अधिकार सम्पन्न खालका थोरै व्यक्तिमा सीमित रहेकोले 'शेरिफ' वा 'मेयर' ले कुनै धनी मानिसलाई नै मिलाएर पार्लिमेण्टमा पठाइ दिने गर्दथे । त्यस समयको ब्रिटेनमा चालीस शिलिङ् तिरो बुझाउनु वा शहरमा घर हुनु चानचुने कुरा थिएन । इलाकामा त्यस्ता मानिस थोरै नै हुन्थे ।

तल्लो चालीस शिलिङ् सम्म तिरो बुझाउने मानिसहरूले मात्र भोट दिन पाउने उक्त नियम पनि यथार्थ रूपमा रहन पाएको भए तद्विशेष हुँदो हो, तर त्यो पनि हुन पाउन्थ्यो । धनी, सामन्त र जमीन्दारहरूले बिस्तार-बिस्तार सारा जमीन र घर किन्न थाले । फलस्वरूप त्यस्तै सम्पन्न व्यक्तिले इच्छा गरेको जोसुकै मानिस 'पार्लियामेण्टको सदस्य' हुन लाग्यो । यस किसिमबाट कुनै कुनै एउटै सामन्तका त ८।१० मानिससम्म सदस्य भई हाउस अफ् कमन्समा पुगुन लागे । यस्ता सदस्य स्वभावतः उसै सामन्तका इशारामा नाच्थे । कसैलाई पार्लियामेण्टको सदस्य हुन मन लाग्यो, अथवा आफ्ना कुनै मानिसलाई त्यसमा घुसाउन मन लाग्यो भने चाहिने जति जग्गा-जमीन अथवा घर किनेर इच्छा पूरा गर्न सक्थ्यो ।

यसको अतिरिक्त अर्को समस्या पनि खड़ा हुनगयो । परम्पराअनुसार चलि आएको पुराने निर्वाचन-क्षेत्रको लिष्ट बमोजिम पार्लियामेण्टको चुनाव हुँदै आइरहेको थियो । कुनै

क्षेत्रबाट दुइसय वर्ष अघि चार सदस्य लिइने गरेका भए दुइसय वर्षपछि पनि त्यस क्षेत्रबाट त्यति नै सदस्य लिइन्थे। यस बिच सो इलाकाको सदस्य-संख्या घेरै नै घटन पनि सक्तथ्यो, र बढ़न पनि। भन अट्ठारौं शताब्दीको प्रारम्भमा औद्योगिक क्रान्ति (Industrial Revolution) हुन गएकोले अनेक नयाँ औद्योगिक शहरहरू जन्मन लागेका थिए। तिनको आबादी पनि पर्याप्त थियो। पार्लियामेण्टमा यी शहरहरूको कुनै प्रतिनिधित्व थिएन। उता पुराना र खिइसकेका बस्तीहरूको भने दुइ वा तीन सदस्यसम्म पार्लियामेण्ट मा जान्थे। त्यस समय ब्रिटेनमा भोट दिने प्रथा पनि सन्तोषजनक थिएन। भोट खुले आम हुन्थ्यो। कसले कसलाई भोट दियो – यसको विवरण सहितको लिस्ट छापिन्थे। यसले गर्दा कुनै धनी र प्रभावशाली व्यक्तिको विरुद्ध भोट दिने साइस लरतरोले गर्न सक्तैनथ्यो।

पैसाले भोट किन्न पनि खूब सजिलो थियो, किनकि भोट दिने अधिकारी थोरै थिए। आजभन्दा एक शताब्दी पहिले पनि ब्रिटेनमा भोटको खरीद-बिक्री गर्दा मनग्य बढ़ाबढ़ी हुन्थ्यो। भोट किन्दा मानिसहरू हजारौं पाउण्ड * खर्च गर्दथे। उदाहरणस्वरूप १८०७ ई० मा वेस्टबेरी (Westbury)-निर्वाचन-क्षेत्रका सदस्यताका दुइ सीटको निमित्त दश हजार

* अंग्रेज एक पाउण्डको भा. रु. करीब १३।] प्राप्त हुन्छ।

पाउण्ड दिइयो। १७६४ ई०-मा ग्याटन (Gatton) इलाकाको सदस्यताको सीट डाँक वढ़ाबढ़ गरी लिलामद्वारा बिक्री हुने भएको विज्ञापन खुले आम गरिएको थियो। विरोधीले प्रत्येक भोटको पाँच पाउण्डका दरले भोट किनिदिएकोले लर्ड डण्डोनलड ( Lord Dundonald ) जस्ता व्यक्तिले पनि हनिटन (Honiton) निर्वाचन-क्षेत्रमा हार्नु पऱ्यो ×। १८८० ई०-सम्म पनि भोटको खुलेआम खरीद-बिक्री हुन्थ्यो। त्यस साल म्याकलस्फील्ड (Macclesfield) का छ हजार मतदातामध्ये पाँच हजार किनिएका थिए भन्ने कुरा जाँचद्वारा साबित भयो। १८३० ई०-मा लिवरपूल (Liverpool)-मा एउटा भोटलाई पन्ध्र पाउण्डदेखि एक सय पाउण्डसम्म तिरिएको थियो।

यस्ता अनेक कमजोरीले गर्दा त्यस समयको हाउस अफ् कमन्समा वस्तुतः सच्चा जन-प्रतिनिधि पुग्न सक्दैनथे। सारा कुरा पैसाको खेल थियो। यस कारण प्रथम ब्रिटिश प्रधान मन्त्री (Prime-minister) वालपोल (Walpole)-ले खुलेआम भने– प्रत्येक मानिसलाई किन्न सकिन्छ ( Every man has

× एक जना मतदाताले लर्ड डण्डोनल्डलाई मजाको जवाब दिएको थियो। कसलाई भोट दिन्छौ भनी तपाईंले मसित सोध्नै पर्दैन; जैलेसुकै पनि मैले [बढी] थ्री मान नगदनारायणलाई भोट दिने गरेको छ। One elector said to Lord Dundonald, you need not ask me, my Lord, who I votes for; I always votes for Mr. Most')

his price)। बकस, उपहार वा पदोन्नतिको आश्वासनले त्यस जमानामा अधिकारीहरू पार्लियामेण्टका सदस्यजस्ता मानिसबाट जे पनि गराउन सक्थे। तैपनि ब्रिटेनको पार्लियामेण्टले लड़ी-भिड़ी यत्रो अधिकार जीतदै आयो — यसको विचार गर्दा आश्चर्य लाग्दछ।

परन्तु, जनताको शक्ति सदा नै विकासोन्मुख हुन्छ। पार्लियामेण्टमा जति पनि दोषहरू थिए ती सबैलाई स्वयं पार्लियामेण्टले नै बिस्तार-बिस्तार हटाउँदै लग्यो।

१८३२ ई०मा पहिलो सुधार कानून (Reform Act) पास भयो। यसद्वारा यस्ता अनेक क्षेत्र (Boroughs) खारेज गरिए जो ज्यादै पुराना र कम आबादीका भइसकेका थिए। यस्ता क्षेत्र (Borough)-मा धेरैजसो कम मतदाता भए तापनि तिनलाई पार्लियामेण्टको मेम्बर रोज्ने अख्तियार परम्परादेखि मात्र प्राप्त थियो। उनीहरूको उजड़िसकेको जनसंख्याकै अनुरूप उनीहरूलाई 'पाकेट बरो वा 'राटन् बरो (Pocket Borough or Rotten Borough)भन्दथे, जसको तात्पर्य 'सड़िसकेको क्षेत्र' हुन्छ। यस्ता बरोमध्ये कुनै-कुनैमा त दुइ वा तीन मतदाताले नै रोजेको एउटा सदस्य पार्लियामेण्टमा जाने भइसकेको थियो। स्यालिसबरी (Salisbury) शहरसंगैको ओल्ड् सरम (Old Sarum) भन्ने एउटा निर्वाचन क्षेत्रमा त झन् अचाकली नै भएको थियो। यस क्षेत्रमा जम्मा एक जना मतदाताले भोट

दिई दुइ जनालाई पार्लियामेण्टको सदस्य रोजेर पठाउने गरेको थियो । कुनै–कुनै बरोमा भएका जम्मा दस–बीस जना मतदाता एउटै मालिकका नोकर–चाकर थिए ।

१८३२ ई - कै सुधार कानून Reform (Act)–ले जहाँ एकातिर यसरी 'सडिसकेको क्षेत्र' लाई खारेज गऱ्यो, अर्कोतिर नयाँ खडा भइसकेका शहरहरूलाई पार्लियामेण्टमा सदस्य पठाउने अधिकार पनि दियो । यस 'सुधार ऐन' –द्वारा घटीमा वार्षिक दस पाउण्डसम्म टैक्स चुक्ताउने घरको धनीलाई मतदानको अधिकार प्राप्त भयो। यत्तिकै रकम पनि त्यस समयको निमित्त कम थिएन। तैपनि यसले त्यस वर्गलाई मतदानको अधिकारी तुल्यायो जसलाई हामी मध्य–वित्त वर्ग (Middle class) भन्दछौं। अलि सुविधाजनक स्थितिमा भएका कामदारले पनि यस ऐनद्वारा सर्वप्रथम पार्लियामेण्टको सदस्यताको निमित्त भोट दिने प्रजातान्त्रिक हक पाए । देहातका सानासाना जगाधनी र मोहीहरूलाई समेत् यो अधिकार प्राप्त भयो पुरानू परिस्थितिको विचार गर्दा यो ज्यादै ठुलो कदम थियो ।

तर, उद्योग–धन्दाको विकासले गर्दा कामदारहरूको नुन एक अत्यन्त ठुलो वर्ग खडा भइसकेको थियो, अझै पनि पार्लियामेण्टको निमित्त भोट दिने अधिकारदेखि वंचित थियो । १८३१ ई० मा ब्रिटेनको दुइ करोड चालिस लाखको

जन--संख्यामा जम्मा दस लाख मानिसलाई भोट दिने अधिकार थियो। रचड़ेल (Rochdale) का १३५८ मतदातामध्ये जम्मा ६८ जना कामदार थिए।

१८६७ ई०-मा पार्लियामेण्टले 'दोस्रो सुधार कानून' (Second Reform Act) पास गऱ्यो। यसद्वारा शहरका प्रत्येक घर-धनी, र घटीमा दस पाउण्डसम्म सालाना बहाल तिर्ने हरएक मानिसलाई मतदानको अधिकार भयो। टाट उल्टेको, फौजदारी अपराधमा सजाय पाएको, पागल, भीखमाँग्ने-बाहेक कुनै मानिस कुनै ठाउँमा एक वर्षभन्दा बढ़ी बसेको छ भने त्यसलाई त्यस क्षेत्रबाट मतदान दिने अधिकार भएकोले शहरको लगभग प्रत्येक पुरूषलाई पार्लियामेण्टको निमित्त भोट दिने हक भयो। गाउँका कामदार साना-साना कृषक अझै पनि यस अधिकारदेखि वंचित नै थिए। परन्तु, १८८४ ई०-मा पास भएको तृतीय 'सुधार ऐन' (Third Reform Act) द्वारा गाउँका यस्ता मानिसले पनि भोट दिने अधिकार पाए।

परन्तु, ब्रिटेनका स्त्री जातिसित अझ पनि पक्षपात नै भएको थियो। उनीहरूलाई अहिलेसम्म मतदानको अधिकार थिएन। यसकुरालाई लिएर बीसौं शताब्दीको शुरूमा महिलाहरूले ठुलो आन्दोलन गरे। यस्ता आन्दोलनकारी महिलाहरूलाई 'सफ्रेजेट्स्' (Suffragettes) भन्दथे। यसको अर्थ 'मतदानको अधिकारको दावा गर्ने' हुन्छ। मतदानको अधिकारलाई

अंग्रेजीमा सफ्रेज् (Suffrage) भन्दछन्। आफ्नू अधिकारको निमित्त लड़ने यी महिलाहरूले कुनै-कुनै अवसरमा त ठुलो दंगा-फसाद पनि गरे। उनीहरूमध्ये धेरै जना झेलखाना पनि गए। अन्ततोगत्त्वा प्रथम महायुद्धपछि नै (अर्थात १९१९ ई०)-देखि तीस वर्ष पुगेका सबै महिलालाई भोट दिने अधिकार भयो। पछि उमेरको गो हद घटाएर पुरुषकै सरह एकाइस वर्ष तुल्याइयो।

पैसाले मतदानमा प्रभाव पार्ने किसिम किसिमका चालबाजीहरूलाई पनि पार्लियामेण्टले कानूनद्वारा रोक्ने चेष्टा गर्दै थियो। १८८३ ई० मा दुराचार निवारण ऐन' (Corrupt Practices Act) पास भयो। यसद्वारा त्यस किसिमका कारवाईलाई अपराध घोषित गरियो जो सोझै घूसखोरी र भ्रष्टाचार नै थिए। यस्ता अपराधको निमित्त भारी दण्डको व्यवस्था गरिएको थियो। खुद पार्लियामेण्टकै यो सब प्रयत्नले गर्दा पार्लियामेण्टको चुनावमा शुद्धता आयो। यसको एउटा सानू उदाहरण नै पर्याप्त छ— १८८० ई०-मा ब्रिटेनमा तीस लाख मतदाता थिए। त्यस वर्ष चुनावमा तीस लाख पाउण्ड व्यय भयो। पाँच वर्षपछि अर्थात् 'तृतीय सुधार ऐन' र 'दुराचार निवारण ऐन' पास भएपछि मतदाताको संख्या बढ़ेर पचपन्न लाख हुन गयो, र अर्कोतिर चुनावको खर्च घटेर साढे सात लाख पाउण्ड हुन पुग्यो।

चुनावमा अर्को एउटा बाधा थियो। १८७२ ई०-को 'मतपात्र ऐन' (Ballot Act) द्वारा त्यो पनि टुंगियो। यस ऐनअनुसार मतदान गुप्त रूपमा हुने भयो। निर्धोले बलियाको डर र त्रासले आफ्नू प्रजातान्त्रिक अधिकारको जुन स्वेच्छानुकूल उपयोग गर्न पाउँदैनथ्यो, त्यो पनि यस ऐनले उसलाई दियो।

अब ब्रिटिश पार्लियामेण्टका सदस्यहरूको चुनाव कसरी हुन्छ भन्ने कुरा पनि संक्षेपमा बुझौं—

फौजदारी अपराधमा दण्ड पाएको, बौलाहा, टाट उल्टेको, हाउस अफ् लर्ड्स्को सदस्य अथवा एंग्लिकन मतावलम्बी पादरी (Anglican Clergyman) बाहेकको प्रायः कुनै पनि उमेर पुगेको मर्दानो वा जनाना पार्लियामेण्टको सदस्यको उम्मेदवारीमा खड़ा हुन सक्छ। तर, आफूलाई आफैले भने उम्मेदवारीमा प्रस्तावित गर्न पाइन्न। कमसेकम दस जना मताधिकारीले आफ्नू सहीछाप परेको सिफारिशद्वारा उसलाई उम्मेदवारको रूपमा खड़ा गर्नु पर्दछ।

यति गर्दा गर्दै पनि कुनै मानिस व्यर्थमा उम्मेदवार खड़ा हुन सक्छ। यस्ता मानिस चुनावमा जित्ने कुनै लक्षण नभए तापनि त्यसै पनि खड़ा हुन्छन्। यसलाई रोक्न उम्मेदवार हुन चाहने प्रत्येक व्यक्तिले एक सय पचास पाउण्ड (अंग्रेजको दरले भारतीय रु. दुइ हजार जति) धरौट राख्नु पर्दछ।

त्यस निर्वाचन-क्षेत्रमा परेको जम्मा भोटको आठ खण्डको एक खण्डभन्दा कम भोट पाउने उम्मेदवारको यो धरौट जब्त हुन्छ। अरूले भने फिर्ता पाउँछन।

एकाइस वर्ष पुगेको प्रत्येक नर-नारीलाई ब्रिटेनमा भोट दिने अधिकार छ। तर, फौजदारी अपराधमा दण्ड पोएको वा बौलाहा वा टाट उल्टेको मानिस चाहिं छाटिन्छन। अरू पनि अनेक देशमा मतदाताको उमेरको यही तल्लो हद राखिएको छ।

प्रत्येक वर्षमा मतदाताको नाम रजिस्टरमा दर्ता हुन्छ। चुनाव-भन्दा अगाड़ि त्यसैअनुसार तयार भएको मतदाताको सूची ठाउँ-ठाउँमा राखिन्छन। प्रत्येक प्रजातन्त्र-प्रेमीले त्यसमा आफ्नू नाम, ठेकाना आदि छुटे वा रहेको अथवा त्यसमा कुनै किसिमको भूल भए-नभएको कुरा जाँच-बूझ गर्दछ। किनकि भोट दिने अधिकार ज्यादै ठुलो कुरा हो। एक-एक भोटले राज्यकै नीतिलाई समेत आनको तान पार्न सक्छ। मतदाता-सूचीमा आपनू नाम नभए तोकिएको म्यादभित्र सरोकारवाला अफिसर कहाँ रिपोर्ट गरी मतदाता सूची सच्याउन लाउनु पर्दछ।

नयाँ पार्लियामेण्ट बन्दा हुने चुनावलाई 'आम चुनाव' (General Election) भन्दछन। नयाँ पार्लियामेण्टको चुनाव न होइन, तर पार्लियामेण्टको कुनै सदस्यको स्थान (Seat) कुनै कारणले खाली हुन गएकोमा त्यसको निमित्त मात्र चुनाव हुने भएको छ भने त्यसलाई 'उपनिर्वाचन' (Bye Elec-

tion ) भन्दछन । यस्तो उप-निर्वाचन केवल त्यसै क्षेत्र ( Constituency )-मा मात्र हुन्छ जसको सदस्यको सीट खाली हुनगएको छ ।

चुनावको दिनमा कुनै किसिमको प्रचार गर्न पाइन्न । त्यसको अघिल्लो दिनसम्म प्रत्येक उम्मेदवारले मतदाताहरूको चित्त बुझाएर सकेसम्म बढ़ी भोट आफैंलाई पार्न भरमग्दूर गर्दछ । ऊ, उसका साथी-भाई र उसका मानिस त्यस चुनाव क्षेत्रभरि धूमधाम दौड़ धूप र प्रचार गर्दछन् । थरि-थरिका भाषण हुन्छन् । चुनावमा उम्मेदवारहरूले हरएक मतदातालाई चिठ्ठी पठाउँछ । त्यतिका चिठ्ठी लेखी साध्य हुन्न । यस कारण ती पत्र छापिएका हुन्छन् । मतदाताहरूका ढोका–ढोकामा उम्मेदवारहरू दौड़धूप गर्दछन् । आफूले भ्याउन नसकेका ठाउँमा आफ्ना मानिस पठाउँछन् । रङ्ग बिरङ्गी नाना थरिका आकर्षक पर्चा र पोस्टरहरू टासिन्छन् । चुनाव भनेको जहाँ पनि रमाइलो कुरा हुन्छ ।

अचेल चुनाव लड़न घेरैजसो राजनीतिक पार्टीका मानिस अघि सर्दछन् । एकलो दुकलो वा फाटफुटे मानिसले चुनाव जितेर पार्लियामेण्टमा उसको प्रायशः केही लाग्दैन । कारण, पार्लियामेण्टमा बहुमतकै आधारबाट काम कुरा हुन्छन् । राजनीतिक पार्टीहरू देशव्यापी हुन्छन् अथवा देशका घेरै ठाउँमा हुन्छन् । उनीहरूले जितेको खण्डमा पार्लियामेण्टमा गठ

मिलाएर बस्तछन्। भोट दिने मानिसलाई पनि कुन पार्टीको कस्तो नीति छ, बुझ्न सजिलो हुन्छ। चुनावको समय पार्टीका नेताहरू ठाउँ-ठाउँको दौड़ाहा गर्दछन्। हाम्रा फलाना मानिस यस क्षेत्रबाट खड़ा भइरहेका छन्। उनलाई जिताएर पार्लिया-मेण्टमा हाम्रो पार्टीको बहुमत हुने तुल्याउनु होस। यसरी हाम्रो सरकार बनेमा हामी यो गर्छौं, हामी ऊ गर्छौं भन्दछन्। स्वतन्त्र उम्मेदवारहरू पनि प्रायः यसै गर्दछन्। ब्रिटेनमा त हरएक पार्टीका मुख्य नेताले रेडियोबाट समेत भाषण गर्न पाउँछन। प्रत्येक उम्मेदवारको आफ्-आफ्नै हुलाक कायम हुन जान्छ। त्यसमा उनका साथी-भाइ र सहायकहरू हुलाकीझैं काम गर्दछन। देशभरि भारी रम्झम हुन्छ।

अन्तमा चुनावको दिन आइपुग्दछ। प्रचारको सारा हल्ल-खल्ल एकाएक बन्द हुनजान्छ। देशभरिका स्कूल, पाठशाला र अरू यस्तै सार्वजनिक ठाउँहरूमा 'भोट दिने अखाड़ा'(Polling Booth) खड़ा हुन्छन्। भोटका अखाडा सकेसम्म नजिक-नजिकै राखिन्छन। यसो गर्दा भोट दिने मानिसलाई धेरै टाढ़ा जाने परिश्रम पर्दैन। पुरानू जमानामा ब्रिटेनमा टाउको गनेर मत लिइन्थ्यो। पुरानू अंग्रेजी भाषामा टाउको (Head)लाई 'पोल'(Poll) भन्दथे। त्यसै कारण अचेलसम्म 'भोट दिनु' लाई 'पोलिङ्(Polling)पनि भन्दछन्। अतः अंग्रेजीमा भोट दिने दिनलाई 'पोलिङ् डे' [Polling day] र भोट दिने अखाड़ालाई 'पोलिङ् बूथ' [Polling Booth] भन्दछन्। भोट दिने मुख्य दुइ तरीका छन्।

ब्रिटिश प्रथामा मतदातालाई एउटा छाप लागेको कागज दिइन्छ। त्यस कागजमा अकारादि क्रमले जम्मै उम्मेदवारको नामको ठीक सामुन्ने एउटा गुणन चिन्ह [ × ] बनाइ दिन्छ। यसको अतिरिक्त केही पनि लेख्न हुन्न। चिन्ह पनि ठीक ठाउँमा हुनु पर्दछ। नत्र भने त्यो मत रद्दी हुन जान्छ। मतदाताले अनि त्यो कागज मतदानको बाकसभित्र छिराइ दिन्छ। यस किसिमको चलनमा एक मतदानको अखाड़ामा एउटै बाकस भएपनि काम चल्दछ। यो प्रथा हुन त ज्यादै किफायतको छ, किन्तु यसलाई पठित र भोट दिनमा अभ्यस्त जनताले मात्र सफलतापूर्वक उपयोग गर्न सक्तछ। भारतमा पनि क्रमशः जनतालाई यसै प्रथामा अभ्यस्त गराउने प्रयत्न हुँदैछ।

अर्को प्रथाको उपयोग नपढ़ेका मानिसले पनि गर्न सक्तछन्। मतदानको प्रथाको प्रारम्भ गर्ने देशमा यो दोस्रो प्रथा अपनाइएको छ। यसमा हरएक अखाड़ामा एउटा कोठामा प्रत्येक उम्मेदवारको बेग्ला-बेग्लै बाकस हुन्छ। त्यस बाकसमा उम्मेदवारले रोजेको चिन्ह हुन्छ। यी चिन्हको पनि पूरा प्रचार हुन्छ। जस्तै, कसैको बाकसमा चुनाव चिन्ह 'कुकुर' भए अर्कोमा 'गाई' होला। यिनको प्रचार पनि रमाइलो किसिमले गरिन्छ। कुकुर चिन्हवालाले प्रचार गर्ला— कुकुर मनुष्य समाजको निःस्वार्थ सेवक हो। सारा सुतेका बेला रातको बखत मानिसका घरमा पस्ने चोर-डाकूहरूबाट यसले रक्षा गर्दछ। कुकुर चिन्ह

भएको बाकसमा आफ्नू भोट खसाल्नु भयो भने श्री फलानाको त्यस्तै निःस्वार्थ सेवा पाउनु हुनेछ। उहाँले इमानदारीसाथ समाजको सेवा गर्नु भएको सबैलाई थाहै छ। उहाँ संसदमा जानुभयो भने जनताको अधिकार र हितको रक्षा प्रतिक्रिया-वादीहरूबाट अवश्यमेव हुनेछ। गाई - चिन्हवालाले प्रचार गर्नेछ—हुन त 'कुकुरजी' ले भन्नुभएको कुरा झुठो होइन, तैपनि गाई ठुली कि कुकुर भन्ने कुरामा आफै विचार गर्नु होस्। 'गाई' लक्ष्मी हुन्। उनले जिते देशमा लक्ष्मीको बास हुन्छ। गाईबाट दूध-घिउ प्राप्त हुन्छ। गहुँत र गोबरको मल हुन्छ। बाछोले खेत जोतेर अन्न उब्जाउँछ। मरेपछि गाईले बैतरणी पार गराउँछिन्। गाई चिन्हमै भोट खसाल्नु होस् इत्यादि।

हाम्रो देशमा नगरपालिकाको चुनाव र साथै आम निर्वाचनको निमित्त यही दोस्रो प्रथा अपनाइएको छ।

भोट दिने दिनमा मत-दाता भोट दिने अखाड़ामा जान्छ। उसले त्यहाँ भएका अफिसरलाई आफ्नू मतदाता संख्या (Polling number) सहित नाम बताउँछ। अफिसरले रजिस्टरमा हेरी उसको नाम जाँच्दछ। ऊ नियमानुकूल मतदाता भए उसले उसलाई एउटा मत-पत्र (Voting paper or Ballot paper) दिन्छ। अनि अफिसरले रजिष्टरमा उसको नाउँमा चिन्हो लगाइदिन्छ। मत-पत्रमा प्रमाणको निमित्त छाप लाग्नेको हुन्छ। यस्तो छाप नलागेको मत-पत्रमा

जालसाजी पनि हुने डर हुन्छ । मतदाता भोट खसाल्ने बाकस भएको कोठामा पस्तछ । त्यस कोठामा ऊ बाहेक अरू कोई हुन्न । उसले कुन बाकसमा भोट खसाल्यो अथवा उसले कस्को नाममा चिन्ह लगाई खसाल्यो भन्ने ऊ बाहेक कसैलाई थाह हुन्न ।

भोटको बाकसको माथिल्लो भागमा मत-पत्रमात्र छिसानू प्वाल हुन्छ । त्यसैबाट भोटको कागज खसालिदिनु पर्दछ । भोटको बाकस (Ballot Box) मा लाहा-छाप लगाएको हुन्छ ।

बेलुकी पख तोकिएको समयमा मतदानको काम बन्द गरिन्छ । त्यसपछि भोट दिन आउने मानिसले भोट दिन पाउन्न । अखाड़ाको अफिसरले मतदानका बाकस निश्चित ठाउँमा पुऱ्याउने व्यवस्था गर्दछ । मतदानको बाकसको पूरा-पूरा हिफाजत हुन्छ । त्यसमा लागेको लाहा-छाप टुट्न पाउन्न । अथवा कुनै किसिमले सन्दिग्ध हुन पाउन्न ।

एक क्षेत्रका जम्मा भोटका बाकसहरू एकै ठाउँमा एकत्रित गरिन्छन् । अनि त्यस चुनाव-क्षेत्रमा खटिएका मुख्य निर्वाचन-अफिसरको उपस्थितिमा भोटका बाकस खोलिन्छन् । यी अफिसरलाई अंग्रेजीमा 'रिटर्निङ् अफिसर' (Returning Officer) भन्छन् । उनका मातहतमा काम गर्ने कर्मचारीलाई अंग्रेजीमा टेलर्स ( Tellers ) भन्दछन । टेलर्सहरूले भोट

सन्दछन् । मतदानको बाकसमा लागेको लाहा-छाप खोल्दा चुनावका उम्मेदवारहरू र उनले रोजेका मानिसहरू पनि त्यहाँ उपस्थित रहन्छन । कुनै बाकस, कुनै भोट अथवा अन्य कुनै कुरामा केही शंका वा उजुर भए रिटर्निङ् अफिसरले उम्मेद-वारको चित्त बुझाइदिनु पर्दछ ।

बेग्ला-बेग्लै चुनाव-अखड़ावाट आएका मतपत्र (Ballot papers)-को गणना हुन्छ । कुन उम्मेदवारले कति भोट पायो र जम्मा कति भोट खसे ?-दुवै कुराको लेखा राखिन्छ । जम्मा मतपत्रको संख्या र मतदाताहरूका सूचीहरुमा लागेका चिन्हको संख्याको रुजू गरिन्छ । कसैले मतपत्र लिएर बाकसमा नख-सालेको भए अथवा कसैले जाली मतपत्र खसालेको भए रुजू गर्दा पत्ता लाग्दछ । यस प्रकार मतदान ज्यादै कड़ाई र ईमान-दारीसाथ गर्ने व्यवस्था हुन्छ । निर्वाचनमा कुनै किसिमको धोखाबाजी गर्ने व्यक्तिलाई कड़ा सजाय दिने व्यवस्था सर-कारले गर्दछ । अन्तमा, कसले कति भोट पायो भन्ने कुराको घोषणा हुन्छ । सबभन्दा बढ़ी भोट पाउने उम्मेदवार त्यस निर्वाचन-क्षेत्रवाट रोजिएको ठहर्दछ । त्यस क्षेत्रमा खटिएको रिटर्निङ् अफिसरले रीतपूर्वक निर्वाचित सदस्यको नाम निर्वाचन कमिशन (Election Commission) मा पठाइ दिन्छ ।

ब्रिटेनमा चुनावको बखत अब मनपरि पैसा खर्च

गर्न पाइन्न। कानूनले यसलाई रोकिसकेको छ। एउटा उम्मेद-वारले चार सय पचास पाउण्ड र अनि शहरमा भए मतदाता-पिछे साढेतीन पेन्स र गाउँमा भए दुइ पेन्सभन्दा बढ़ी खर्च गर्न पाउन्न। कुनै उम्मेदवारले कुनै मतदातालाई नगद पैसा दिए अथवा पैसा दिने कुनै किसिमको वादा गरे अथवा अरू कुनै किसिमको आश्वासन दिए त्यस्तो उम्मेदवारलाई खारेज गरी कड़ा दण्ड दिने बन्दोबस्त छ। त्यहाँ यतिसम्म कड़ाई हुन्छ कि कुनै उम्मेदवारले कुनै मतदातालाई चुनावको वेलामा एक कप चिया वा एउटा चुरोटसम्म खुवाउनु गैरकाननी र दण्डनीय ठहर्छ। चुनावमा यस्तै निस्पक्षताले गर्दा ब्रिटिश पार्लियामेण्टको स्वदेशमा त त्यत्रो ठुलो इज्जत छँदैछ; संसारका अरू देशले पनि यस कुरामा ब्रिटेनकै अनुकरण गर्दछन, उसैको नजीर मान्दछन्।

# अध्याय ६

## संसदको कार्य पद्धति

प्रजातन्त्रको स्थापनाभन्दा अघि पनि हाम्रो देशमा चार पटक जन-गणना गर्ने प्रयत्न भएको थियो। पहिलो प्रयत्न १९६८ साल ( १९११ ई० )-मा, दोस्रो प्रयत्न १९७७ साल ( १९२० ई० )-मा, तेस्रो प्रयत्न १९८७ साल ( १९३० ई० )-मा, र चौथो प्रयत्न १९९८ ( १९४१ ई० )-मा । ! परन्तु, यी चारै पटक एकत्रित तथ्याङ्क पूर्णतया भरपर्दा छैनन् । कारण, विशेष गरी पहाड़-खण्डमा आबादी जुन किसिमले पातला बस्तीहरूमा छरिएको छ, र यसमा पनि प्रजातन्त्रभन्दा अघि जन-संख्या लिंदा जस्तो हेलचेक्याईंका साथ काम भएको थियो यसले गर्दा ठीक-ठीक तथ्याङ्क प्राप्त हुनु ज्यादै गाह्रो थियो। प्रजातन्त्रपछि २००९ साल ( १९५२ ई० )-देखि पहिलो पटक सकेसम्म वैज्ञानिक तरीकाले देशको जन-संख्याको तथ्याङ्क एकत्रित गर्ने प्रयत्न भयो। हुन त यस प्रकारको पहिलो पटकको काम भएकोले यो तथ्याङ्क पनि बिना भूलको छ भन्न अलि गाह्रो होला, तैपनि यसको आधारमा केही आवश्यक कुराहरूको [मोटा--मोटी विचारहरू स्थापित गर्न सकिन्छ । जन गणनाका प्राप्त तथ्याङ्कहरूको तालिका परिशिष्ट २४ मा दिइएको छ।

हुनत संसदको प्रत्येक सदस्यताको निमित्त सर्वत्र मतदाताको उत्तिकै संख्याले मत दिनु आदर्श कुरा हो, तैपनि यो कुरा सम्भव हुन्न। धेरै शताब्दीदेखि आम निर्वाचनको प्रथा चलिआएको ब्रिटेनजस्तो देशमा त विभिन्न क्षेत्रका मतदाताको संख्यामा निकै घटी-बढ़ी भएको देखिन्छ भने हाम्रो देशमा त यो झन ऐले कसरी सम्भव छ ? ब्रिटेनकै उदाहरण दिऊँ — १६५१ ई० को मतदाता सूची ( Voters List )-अनुसार ट्विकेनहैम् ( Twickenham ) निर्वाचन क्षेत्रमा ७७,४४४ मतदाता थिए, परन्तु रीडिङ् नार्थ ( Reading North) निर्वाचन क्षेत्रमा भने जम्मा ३६,६८१-मात्र थिए। यस विषमताको कारणमा आबादीको बाक्लो र पातलोपना छ। कुनै शहर वा बस्तीमा केही कम वा बढ़ी जन-संख्या छ भने बढ़ी जन-संख्याबाट निर्धारित संख्यामात्र एक चुनाव क्षेत्रमा राखी अरू-लाई अन्यत्रको चुनाव क्षेत्रमा गाभ्न लैजानु सजिलो हुन्न। यसरी गाभिदिएको खण्डमा टोल टोल छुटिन जाने छ। सड़कवारि एक क्षेत्र र पारि अर्को क्षेत्र हुन जाने छ— यहाँसम्म कि एउट घरका मानिस पनि विभिन्न निर्वाचन-क्षेत्रमा बाँडिन जाने छन्। यो कुरा राम्रो हुन्न। यस कारण यति मतदाता भएमा एउटा निर्वाचन-क्षेत्र बनाउनु पर्दछ भन्ने सरकारले साधारण अड़कल राखे तापनि भौगोलिक तथा अन्य कारणले गर्दा सरकारको यस अड़कलमा सदैव नै धेरै वा थोरै अन्तर अवश्य पर्दछ। हाम्रो देशमा त झन् साच्है असमान आबादी छ। बाटो

–घाटोको पनि ज्यादै असुविधा छ। जिल्लाहरू पनि असमान छन्। यी भौगोलिक र प्रशासकीय असमानताले हाम्रो संसदको चुनावमा मतदाताहरूको एकाइ (Unit) तयार गर्दा स्वभावतः उपर्युक्त किसिमको असमानता झन् बढ़ी हुनु स्वाभाविक हो। यो कुरा प्रकाशित मतदाता सूचीबाटै स्पष्ट छ।

× × ×

चाहे आम चुनाव (General Election) मा जनताले रोजेका सदस्यहरूको संसदमा होस् अथवा अन्तरिम कालमा मनोनीत सल्लाहकार सभा * मा होस्–'जनताका प्रतिनिधि'–को रूपमा सदन (House) मा आउनासाथ सदस्यहरूको उत्तरदायित्व घेरै नै बढ़नजान्छ। सरकारसित अल्झिएको प्रत्येक किसिमको कुराको निमित्त इलाकाको हरएक नागरिकले सदनमा आफ्नू प्रतिनिधित्व गर्ने सदस्यलाई भन थाल्दछ। कुनै पेन्सनवालालाई पेन्सन पाउन कुनै किसिमको बाधापर्‍यो भने उसले सदनमा तुरन्त आफ्नू सदस्यलाई चिट्ठी लेख्तछ। कसैको छोराले छात्र-वृत्ति पाएन भने उसले सदस्यलाई नै संझन्छ। कुनै इलाकामा स्कूल, डिस्पेन्सरी, सिंचाइको व्यवस्था,

---

* सल्लाहकार सभा भन्नाले २०११ सालमा गठित दोस्रो सल्लाहकार सभा बुझ्नु पर्छ। २००९ सालमा गठित पहिलो सल्लाहकार सभाको तात्पर्य भएमा स्पष्ट रूपले पहिलो सल्लाहकार सभा भन्ने किटान गरिने छ। त्यसै गरी तेस्रो सल्लाहकार सभाको उल्लेख हुँदा पनि स्पष्ट नै तेस्रो सल्लाहकार सभा भनि जनाइने छ।

इलाक, बाटो–घाटो–कुनै कुराको आवश्यकता परे इलाकाका मानिस सदस्यछेउ नै पुग्दछन् । स्थानीय कुनै आर्थिक, सामाजिक अथवा प्रशासकीय समस्या खड़ाभए सदस्यलाई नै जनताले भन्दछ । अर्थात् सदस्य आफ्नू इलाकाको सही अर्थमा 'प्रतिनिधि' हुन्छ । ऊ जनता र सरकारको बीचको कड़ी हो । उसले आफ्नू इलाकाका वासिन्दाहरूको पक्ष लिएर सरकारमा पहुँच गर्नै पर्दछ । कसैको व्यक्तिगत सेवाको मौका छ भने उसले विभागीय मन्त्रीसित अथवा उसका विभागको अधिकारी सित भेटघाट वा लेखापढ़ी गरी त्यो सेवा-कार्य पूरा गर्नु पर्दछ । त्यो काम यसरी व्यक्तिगत सम्पर्कले साध्य नहुने किसिमको भए त्यस सम्बन्धमा सदनमा प्रश्न राखेर अथवा अरू कुनै संसदीय रीति अपनाएर सरकारमा दबाव पारी पूरा गर्नु पर्दछ । यो उसको कर्तव्य हो र यसको निमित्त पनि इलाकाका मानिसले उसलाई आफ्नू प्रतिनिधि मान्दछन् । इलाकाबाट मानिसहरू राजधानीमा आफ्ना सदस्यकहाँ विभिन्न समस्याहरू लिई आइ नै रहन्छन् । सदस्य आफ्नू इलाकामा गएमा इलाकाका मानिसहरू आफ्ना कुरा सुनाउन उसकहाँ आउँछन् । कतिले आफ्नू व्यक्तिगत दुःख सुख र पीर-मर्का सुनाउँछन, कतिले इलाकाको बाली–नाली, रोग–व्याधि, हाकिम-कारिन्दा आदिका असल-खराब कुरा सुनाउँछन । सदस्यले यसबारे उनीहरूलाई राय-सल्लाह दिन्छ, र फर्केर राजधानी पुगेपछि ती सब कुराबारे जे गर्नु पर्छ, गर्दछ । एक किसिमले

ऊ आफ्नू सम्पूर्ण इलाका ( Constituency )-को अभिभावक ( Guardian ) हो ।

इलाकाहरूको आफ-आफ्नू विशेषता र समस्याहरू हुन्छन् । विराटनगरमा पटुवाको पैदावार हुन्छ । धनकुटामा सुन्तला र चिराइताको विशेषता छ । बाग्लुङको कागजको महत्त्व छ । भोजपुरमा धातुका भाँडाहरू वेश बन्दछन । इलाममा चिया कमान छ । बुटवल–भैरहवा फौजी पेन्सन-वालाहरूको मूल बाटो हो । बर्दिया र चितौनघाट तोरीको निकासी हुन्छ । ती इलाकाका मानिसहरूको दृष्टि मुख्यतया यिनै उद्योगमा हुन्छ । ती इलाकाका सदस्यहरूले पनि तिनको उन्नतिको निमित्त संसदमा प्रयत्न गर्नु पर्दछ । आफ्नू इलाका-का विशेषतामा कुनै किसिमको बाधा पर्नलागे उसले आफ्नू बल लगाउनु पर्छ र त्यसले नपुगे सदनका अरू सहयोगीहरू-सित मेल–जुल गरी बल पुऱ्याउनु पर्दछ । सल्लाहकार सभामा पनि अनेक पटक यस्ता स्थानीय समस्या आएका थिए । पाल्पामा पहिले खानीको काम हुन्थ्यो । भारतितिरबाट धातु आएर त्यहाँ सस्तो बिक्न लागेकोले पाल्पा क्षेत्रका खानीमा आधुनिक साधन नभएका कामगर्नेहरूले काम छोड्नु पऱ्यो । परन्तु, सरकारले यसबाबत उनीहरूमाथि विशेष कर ठेकिदियो । एक त जीविकाको धन्दामा धक्काल्नु, अर्कोतिर त्यसबाबत कर ठेक्नु ! पाल्पा-गुल्मीका जनताको एक वर्गप्रति यो अन्याय भइरहेको थियो । त्यस इलाकाका प्रतिनिधिले लड्दी भिड्दी

सो लागेको रकम माफी गराउने प्रस्ताव स्वीकार गराउनु भयो।

सदनमा वर्ग विशेषका प्रतिनिधिहरूपनि हुन्छन्। उसको वर्गले ऊसित आफ्नू स्वार्थ-पूर्तिको आशा राख्नु स्वाभाविक हो। सल्लाहकार सभामा दलित वर्गका प्रतिनिधिको प्रस्ताव अनुसार नेपालका सार्वजनिक स्थानमा छूत-अछूतको भेद हटाउने कुरा सरकारले, कमसे कम त्यस समय सैद्धान्तिक रूपले, मानी आवश्यक कानून बनाउन मन्त्रालयलाई आदेश दिनुपर्‍यो। यसै गरी काठमाण्डूका संस्कृत कालेजका छात्रहरूको परीक्षा, वीरगंजको श्री ठाकुरराम कालेजलाई डिग्री कालेज बनाउने, छात्रवृत्ति वितरणमा सुव्यवस्था, २००८ सालमा वीरगंजमा ठूलो अस्पताल बनाउन उठाइ राखेको सवा दुइ लाख रुपैयामा थप्नु परे थपी सरकारले बनाउने आदि आदि अनेक समस्या सल्लाहकार सभामा पेश भए, र तिनलाई त्यस समयको सरकारले मंजूर पनि गर्नु पर्‍यो।

यसअतिरिक्त सदस्यहरूले यस्ता पनि समस्या सदनको अगाडि ल्याउँछन् जो इलाका र वर्गमै सीमित नरही देशव्यापी हुन्छन्। २०११ सालमा हाम्रो देशमा अनावृष्टि र त्यसको लगत्त अतिवृष्टि र अनि फेरि लगत्तै अनावृष्टिको घोर मार पर्‍यो। यसबारे सल्लाहकार सभामा ठुलो छलफल भयो। सारा सदस्यले पीडित जनतालाई सान्त्वना दिन र तथ्य ज्ञात गरी

आउन आफ्ना अध्यक्षसमेतलाई दौड़ाहामा पठायो। पीड़ित जनतालाई सहायता गर्न सरकारमा दबाव पारयो । सदनको यस चिन्ता र तत्परताले संसारका अन्य देशहरूमा पनि प्रभाव पारेर नेपालको निमित्त सहायता र सहयोग उपलब्ध गरायो। यसै गरी आफ्ने देशभित्र पनि एक ठाउँबाट अर्को ठाउँमा जानु-आउनु पर्दा एकतन्त्री शासनकालमा उच्च पदस्थ सरकारी अफिसर जिम्मा जमानी न दी राजधानीमा आउन-जान न पाउने कठोर राहदानी प्रथा व्यक्तिगत स्वतन्त्रता ऐन-विरुद्ध हुनाले त्यो प्रथा तोड्न लगाई आम जनताको ठुलो पीर हटायो। कामै नगरी खान पाउने गरी एकतन्त्री शासन कालमा सामन्तहरूलाई दिइ आएको भत्ता प्रथा धेरै अंशमा बन्द गरायो। प्रधान न्यायालयमा धेरै दिनदेखि नछिनिई थुप्रिइ-रहेका धेरै मुद्दाहरू छिनिने व्यवस्था मिलायो। यसै गरी व्यक्ति-गत, क्षेत्रीय, वर्गीय र राष्ट्रीय समस्याहरू अन्यत्रका संसदमा पनि सदस्यले पेश गर्दछन र तिनको समाधान सरकारद्वारा गराउने पूरा-पूरा प्रयत्न गर्दछन्।

यसरी माथि लेखिएका विभिन्न कोटिका काम सदस्य-हरूले वैयक्तिक रूपमा ( As private members ) सम्पन्न गर्दछन्। परन्तु, यदि त्यो सदस्य स्वतन्त्र उम्मेदवारको रूपमा चुनिएर पार्लियामेण्टमा गएको नभई कुनै पार्टीको सदस्य भए बापत त्यसैको उम्मेदवारको रूपमा निर्वाचित भई संसदमा गएको छ भने त्यसका जिम्मेदारीहरू अझै बढ्न जान्छन्।

प्रत्येक पार्टीको आफ-आफ्नू राजनीति, समाज, अर्थ आदि विषयक नीति हुन्छ। उदाहरणको निमित्त कुनै पार्टी पूर्णतया वैधानिक राजतन्त्रको समर्थन गर्दछ, कुनै पार्टी गर्दैन। हाम्रो देशमा प्रजातान्त्रिक पार्टीहरू वैधानिक राजतन्त्रका समर्थक छन्। राजतन्त्रलाई महत्व नदिने कम्यूनिष्ट पार्टीले पनि हाम्रो देशमा राजतन्त्रको आवश्यकताको अनुभव गरी राजतन्त्रकै समर्थक भएको छ। आर्थिक दिशामा पनि हाम्रो देशका केही पार्टी बिर्ता र जमीन्दारी रहेको रुचाउँदैनन्। प्रत्यक्षरूपले नभने तापनि कुनै कुनै पार्टी बिर्ता र जमीन्दारी तथा सम्पत्ति अल्प संख्यामै केन्द्रित राखने प्रथाको संरक्षण गर्न चाहन्छन्। धर्म, भाषा र संस्कृतिको आधारमा पनि पार्टीहरूमा मतभेद हुन्छ। हाम्रा छिमेकी देशमा जनसंघ, हिन्दू महासभा, मुस्लिम लीग, भारतीय कांग्रेस आदि यसका उदाहरण हुन्। मतदाताले आम निर्वाचनको बखतमा प्रायशः पार्टीको सिद्धान्तको विचार गरेर नै भोट दिन्छ, र पार्टीले पार्लियामेण्टमा बहुमत प्राप्त गरेमा राष्ट्रीय नीति पार्टीकै नीतिको अनुकूल बनाउने प्रयत्न गर्दछ।

पार्टी-प्रथानै वास्तवमा पार्लियामेण्टरी प्रथा हो। पार्लियामेण्टमा समर्थन र विरोधको नीति रहेन भने त्यो एक तानाशाही वा डिक्टेटरी ( Dictatorship ) हुन जान्छ। विरोध र समर्थन-पक्षको बीच थोरै सदस्यको मात्र अन्तर रहनु पार्लियामेण्टरी प्रथाद्वारा शासित देशको निमित्त लाभप्रद हुन्छ

कारण, यस अवस्थामा सरकारमा रहेको पार्टीबाट कुनै पनि नराम्रो काम हुन गएमा सरकार विघटित भई विरोधी पक्षले जित्ला भन्ने त्रासले सरकारमा रहेका मानिसलाई बहुतै सावधान तुल्याई राख्तछ। यस प्रकारको पार्टी-प्रथाको जन्मदाता पनि ब्रिटेन नै हो। दोस्रो अध्यायमा हामीले ब्रिटिश पार्लियामेण्टको विकासको चर्चा गर्दा देखिसकेका छौं कि राजा जोनबाट सामन्तहरूले अधिकार लिएर पार्लियामेण्टरी विकासमा ठुलो काम गरे। यस बखतदेखि ब्रिटेनमा स्वभावतः विचार-धाराको द्वन्द्व शुरू भयो। हाउस अफ कमन्सको क्रमिक उन्नतिले विचारधाराको यस द्वन्द्वलाई अझै तीव्र पार्‍यो। सन् १६४६ ई०-मा यो द्वन्द्व पराकाष्ठामा पुगेको देखिन्छ। क्रमवेल (Cromwell) को नेतृत्वमा ब्रिटेनमा जुन गृहयुद्ध भयो त्यसको पूर्णाहुति स्वरूप यस वर्ष राजा प्रथम चार्ल्स् ( Charles I )-को शिरच्छेद भयो। यस गृहयुद्धमा राजाका नीतिका समर्थकहरू 'केवेलियर' ( Cavalier ) र राजाका नीतिका विरोधी 'राउन्ड हेडस्' ( Round Heads ) भनिन्थे। राजाको नीतिको समर्थन र विरोधको यसै द्वन्द्वले पछि-पछि टोरी ( Tory ) र ह्विग ( Whig ) पार्टीको रूप लियो। अट्ठारौं शताब्दीमा औद्योगिक क्रान्तिले गर्दा यस द्वन्द्वको मूल आधारमा फरक पर्न गयो। राजाको नीतिको समर्थन र विरोधबाट हटेर द्वन्द्वले उद्योग वाणिज्यको धरातल पक्र्यो। ब्रिटेनको साम्राज्य धेरै ठुलो भइसकेको थियो। व्यापारीहरू

सकेसम्म सुविधाको साथ देश–विदेशमा गई व्यापार गर्न चाहन्थे। एकातिर उनीहरूको यो स्वतन्त्र व्यापार ( Free Trade अथवा Lassiez Fare )–को नीति थियो। अर्कोतिर मिलमालिक र जमीनदारहरूको संगठित स्वार्थ थियो। देश देशान्तरबाट अनियन्त्रित व्यापारले आएको सस्तो मालको मुकाबिलामा ब्रिटिश कारखाना र खेतीका फार्मबाट उत्पादित वस्तुले प्रतिद्वन्द्विता गर्नु पर्दथ्यो। यो ब्रिटेनका उद्योगपति र भू-स्वामीहरूको स्वार्थको विरोधी कुरा थियो। उनीहरू विदेश-बाट आउने मालमाथि नियन्त्रण गर्न (Tariff Board बसा-उन ) चाहन्थे। अट्ठारौं शताब्दीदेखि ब्रिटिश पार्लियामेण्टको चुनावमा यस द्वन्द्वले मुख्य स्थान लियो।

ब्रिटिश टोरी पार्टीको नाम पछि 'कंजर्भेटिभ पार्टी' (Conservative party ) र 'ह्विग पार्टी' ( Whig party ) को नाम 'लिबरल पार्टी' ( Liberal party ) भयो। प्रथम महायुद्धपछि 'लेबर पार्टी' (Labour Party)-को अस्तित्व अगाडि सर्न लाग्यो। हुँदा हुँदा लिबरल पार्टी आज ज्यादै सानू भइसकेको छ। आज ब्रिटेनमा मुख्यतः द्वन्द्व छ 'लेबर पार्टी र कंजर्भेटिभ' पार्टीमा। यी तीन पार्टीको अतिरिक्त ब्रिटिश हाउस अफ् कामन्समा कम्यूनिस्ट पार्टी (Communist Party)-का पनि केही सदस्य छन्।

नेपालमा खड़ा भएको २००४ सालको संसदमा 'सरकारी पक्षको विरोध' भन्ने कुराको कुनै सम्भावना नै

थिएन। २००६ सालको सल्लाहकार सभामा श्रीहृषीकेश शाहको नेतृत्वमा ५।७ जनाको 'संसदीय विरोधी जमात' खड़ा भएको चर्चा पहिले नै भइसकेको छ। यस 'जमात' ले आफ्नू नीति र सिद्धान्तको छोटकरी सूचना अध्यक्ष (Speaker) लाई दिएको थियो। परन्तु, त्यसबारे कुनै निश्चय हुनु भन्दा अगावै सभा विघटित भयो। २०११ सालको सल्लाहकार सभामा श्री लक्ष्मीप्रसाद देवकोटाको अध्यक्षतामा ७।८ जनाले आफूलाई 'विरोधी जमात'-को नाममा संगठित पार्ने चाहेका थिए। आफ्नू नीतिको एक छोटकरी विवरण औपचारिक रूपले अध्यक्ष (Speaker) छेउ पेश गरे तापनि यसले विशेष मान्यता पाउन सकेन। ६६ सदस्यको सदनमा ७।८ जनाको संगठनको कुनै विशेष शक्ति र प्रभाव सम्भव थिएन। सामान्यतया विरोधी पार्टी (Opposition Party) खड़ा गर्न जम्मा सदस्य संख्याको ३०।३५ प्रतिशत नभई त्यसको कुनै विशेष शक्ति देखिन्न। सदस्य संख्याको दस प्रतिशतसम्म भए विरोधी जमात (Opposition group)मान्न सुहाउँछ। यसमा सदनका अध्यक्ष (Speaker)को स्वीकृति सर्वोपरि हुन्छ। त्यस भन्दा कम संख्याको संगठनलाई कुनै किसिमको छुट्टै 'दल'-को रूपमा मान्यता दिन सुहाउँदैन। अध्यक्षले चाहेमा उनीहरूलाई 'विरोध पक्ष' अथवा 'विरोधी-हरू' (The opposition)-सम्म भन्न सक्छन्। श्री लक्ष्मी-प्रसाद देवकोटाको अध्यक्षतामा गठित दलको सदनभित्र र

बाहिर कुनै निर्धारित नीति र कार्यक्रम नभए तापनि, संसदका सदस्यहरूलाई विरोधी पक्षको अस्तित्व र क्रिया-कलापको केही ज्ञानसम्म गराउन अध्यक्षले श्री देवकोटाका सहयोगी सदस्य-हरूलाई यदाकदा 'विरोधी'-हरू भनी उल्लेख गर्नु हुन्थ्यो ।

उक्त जमातको अतिरिक्त श्री वेदानन्द झा (तराई कांग्रेस) श्री मृगेन्द्र शम्शेर (राष्ट्रवादी पोरखा परिषद्) श्री कृष्ण गोपाल टण्डन (व्यापारी वर्ग) आदि केही सदस्य व्यक्तिगत रूपले भएता पनि सरकारी नीतिको आलोचना गर्नु हुन्थ्यो ।

सरकारमा रहेका पार्टीमा पार्टीगत र पार्टीभित्र पनि दलगत विरोध कायमै रहेकोले तिनका सदस्यहरूमध्ये पनि अनेक आफ्नै सरकारको नीतिका विरोधी थिए । यी जम्मे विरोधकै परिणामस्वरूप अन्ततोगत्वा मातृका-सरकारको हार हुन गएको हो । तर, नेतृत्व र संगठनको अभावले गर्दा संसदमा जुन रूप र पद्धतिले 'विरोधी पार्टी' खड़ा हुनु पर्दथ्यो वस्तुतः त्यो हुन पाएन ।

संसदीय नियमानुसार आम निर्वाचनपछि साधारणतः संसदमा बहुमत भएको पार्टीका नेतालाई राजा अथवा राष्ट्रपतिले डाकेर सरकार बनाउने आज्ञा दिन्छन् । यस्तो नेता प्रधान मन्त्री हुन्छ । संसदमा उसको पार्टी पर्याप्त बहुमतमा छ भने उसले संसदमा भएका आफ्नै पार्टीका सदस्यहरू

मध्येबाटै मन्त्रिमण्डल गठन गर्दछ। उसको पार्टी त्यत्रो ठुलो बहुमतमा छैन भने उसले संसदमा भएका अरू-अरू पार्टीलाई पनि मिलाएर 'संयुक्त मन्त्रिमण्डल' ( Coalition Cabinet ) बनाउँछ। उसले बनाउने मन्त्रिमण्डलको सूचीलाई राजा वा राष्ट्रपतिले स्वीकार गर्नु आवश्यक हुन्छ। प्रधान मन्त्रीले उचित ठहराए राज्यमन्त्री र उपमन्त्रीहरू पनि बनाउँछ। पूरा मन्त्री भन्दा राज्यमन्त्रीको पद तल्लो र उपमन्त्रीको पद त्यसभन्दा पनि तल्लो हुन्छ। राज्यमन्त्री र उपमन्त्री ( State minister and Deputy minister ) मन्त्रिमण्डल ( Cabinet )-को बैठकमा सदैव सम्मिलित हुन पाउन्नन्। आवश्यक समयमा प्रधान मन्त्रीको आदेशानुसार उनीहरू मन्त्रिमण्डलको बैठकमा भाग लिन जान्छन्। नेपालमा हाल यही प्रथा अपनाइएको छ।

ब्रिटेनमा पनि लगभग यही प्रथा छ। वहाँ प्रधान मन्त्रीले आफ्ना मन्त्रीहरू रोजेर उनीहरूलाई विभाग बाँड्दिसके पछि ती मन्त्रीहरूमध्ये विशेष महत्वपूर्ण केही व्यक्तिलाई छानेर मन्त्रिमण्डल (Cabinet) बनाउँछ। मन्त्रिमण्डल (Cabinet)-ले नै सरकारको नीति निर्धारित गर्दछ। अरू मन्त्रीहरूमाथि त्यस नीतिलाई कार्यान्वित गर्ने उत्तरदायित्व हुन्छ।

मन्त्रीहरूले आफ-आफ्ना विभागीय विषयबारे संसदमा हरकिसिमबाट जवाबदेह हुनु पर्दछ। विरोधी-पक्षले सरकारी नीतिको आलोचना गर्दा विभागीय मन्त्रीले नै उत्तर

प्रत्युत्तर दिन्छन् । विभागीय विषयमा कुनै ठुलो गल्ती वा त्रुटि भए विभागीय मन्त्रीले प्रधान मन्त्रीलेऊ आफ्नू राजीनामा पेश गर्दछन् ।

विरोधी पार्टीले पनि आफ्ना नेताको नेतृत्वमा छुट्टाछुट्टै विभागीय विषय ली संगठन तयार गर्दछ । सरकारी पक्षबाट मन्त्रीले जे भन्दछ वा जुन विषय संसदमा पेश गर्दछ त्यसको आलोचना गर्ने उत्तरदायित्व विरोधी पक्षको एक निश्चित व्यक्तिलाई नै सुम्पिएको हुन्छ । प्रायः यस्तो व्यक्ति विरोधी पक्ष सरकारमा भएको बखत त्यसै विभागको मन्त्री भइसकेको हुन्छ, अथवा ऐलेको विरोधी पक्ष पछि सरकारमा गएमा त्यसै विभागको मन्त्री हुनु सम्भव हुन्छ । संक्षेपतः विरोधी पार्टीको संसदीय गठनपनि मन्त्रिमण्डलीय गठनकै अनुरूप र त्यसैको हाराहारी वा समानान्तर भएकोले त्यसलाई 'छाया मन्त्रिमण्डल' (Shadow Cabinet) पनि भन्दछन् ।

सरकारतरफबाट कुनै विषय सदनको समक्ष पेश हुँदा विरोधी पार्टीको निर्धारित व्यक्तिले त्यसको अलोचना गर्दछ । त्यो मतमा राख्ने विषय छ भने त्यसबारे सदनमा भोट लिइन्छ । यस्तो भोटको परिणाम प्रायशः निश्चित नै हुन्छ । कारण, पार्टी असंगठित छैन र त्यसभित्र आपसी फूट छैन भने सरकारी पक्षका सबै सदस्यले सरकारको पक्षमा भोट दिन्छन्, र विरोधी पार्टीका सबै सदस्यले सरकारको विरोधमा भोट दिन्छन् ।

संसदमा बहुमत भएके आधारमा सरकार बनने भएकोले सरकारी पक्षको मत अधिक हुन्छ र विरोधी पार्टीको मत कम हुन्छ । परन्तु, कहिले काहिँ यसको उल्टोपनि हुन सक्त छ । सरकारमा भएको पार्टीमा कुनै वखत आपसी मतभेद हुनगए त्यसका केही सदस्य विरोधी पार्टीतिर मिली सरकारको विरुद्ध भोट दिन्छन् । नेपालको दोस्रो सल्लाहकार सभामा यस्तै भएको थियो ।

संसदको कुनै सीट कुनै कारणवश खाली हुन गएकोमा त्यस सीटको निमित्त उप-निर्वाचन (Bye-election) हुन्छ । सरकारी पक्षको सदस्यको सीट खाली भएकोमा उपनिर्वाचन हुँदा कथंकदाचित विरोधी पार्टीको व्यक्ति निर्वाचित हुनगयो भने सरकारी पक्षको शक्ति घटेर विरोधी पार्टीको शक्ति बढ़न जान्छ । अथवा, संसदमा केही स्वतन्त्र किंवा साना साना पार्टीका उम्मेदवार पनि जितेर आएका हुन्छन् । तिनीहरू कहिले सरकारतिर र कहिले विरोधी पार्टीतिर लाग्दछन् । यसले गर्दा सरकारी पक्षको हार पनि हुन जान्छ ।

कुनै विषयमा मत लिंदा सरकारी पक्षको हार भयो र त्यो विषय साधारण तथा तपसील (Detail)-को मात्र छ भने सरकारले त्यसलाई स्वीकार गर्दछ । त्यसले सरकार भंग हुन्न । परन्तु, विषय सैद्धान्तिक वा महत्त्वको छ भने भोटमा हारनासाथ सरकारी पक्षका नेता अर्थात प्रधान

मन्त्रीले राजा वा राष्ट्रपतिको समक्ष आफ्नू मन्त्रिमण्डलको राजीनामा पेश गर्दछ । अनि तुरन्त आम चुनाव हुन्छ र बहुमत प्राप्त गरेको पार्टीले नयाँ सरकार बनाउँछ ।

ज्यादै महत्त्वपूर्ण विषय छ भने संसदमा भोटले नहारे पनि, सरकारमा भएको पार्टीले आम चुनाव गराउँछ । यस्तो चुनावको तात्पर्य सो महत्त्वपूर्ण विषयबारे देशभरिको राय बुझनु हुन्छ । त्यसमा जनताको समर्थन छ भने सरकारी पक्षलाई अधिक मत प्राप्त हुन्छ, र त्यसले फेरी आफ्नू मन्त्रिमण्डल बनाई सो विषय प्रतिपादित गर्दछ । नत्र भने विरोधी पार्टीको जीत हुन्छ र उसले सरकार बनाई आफ्नै नीतिबमोजिम काम गर्दछ । जनमतको कसीमा आफ्नू नीतिलाई जाँच्न यसरी आम चुनाव गराउन अघि सर्नु सरकारमा रहेको पार्टीको नैतिकता हो ।

\+ + + +

संसदमा भएका विभिन्न पार्टी अथवा दलले आफूमध्ये-बाट आवश्यकता हेरी केही सदस्यलाई आफ्नू 'सचेतक' ( Whip ) रोजदछन् । पार्टीका कतिपय सचेतक भए तीमध्ये एक जना 'प्रधान सचेतक' ( Chief Whip ) रोजिन्छ । सचेतकलाई एक किसिमले सदस्यहरूको नायक भने पनि हुन्छ । संसदमा कुन विषय कहिले पेश हुन्छ, त्यसमा पार्टीले के गर्ने भएको छ, कुन विषयमा कहिले भोट हुन्छ आदि महत्त्वपूर्ण संसदीय विषयबारे आफना सदस्यहरूलाई सचेतकले बराबर

सूचना दिँदैरहन्छ । यस्ता सूचनालाई पनि व्हिप ( Whip ) भनिन्छन् ।

सदस्यहरू सदैव संसद्मा रुजू हाजिर रहिरहनु सम्भव हुन्न । कहिले कसैलाई कुनै पार्टी वा संस्थाको काम वा मीटिङ्मा जानु पर्ला, कसैलाई कहिले मुद्दैको तारीखमा अदालतमा हाजिर हुनु पर्ला वा कुनै घर-बास्ता वा व्यापारको अत्यन्त महत्त्वपूर्ण काममा नगई नहुने होला, परन्तु, उता संसद्मा भोट दिँदा सदस्यको संख्या घटी-बढी हुनगए त्यसको प्रभाव पार्टी र सरकारले नै बेहोर्नु पर्दछ । यस कारण सचेतकले सूचना (Whip) पठाउँदा कुन चाहिं अवसरमा रुजू हाजिर रहनु अनिवार्य छ— त्यसको पनि सुचना दिन्छ । प्रमुख विषयको तल अचेल तीन रेखासम्म खीचिएको (Underlined) हुन्छ । यसरी तीन धर्के (Trible Underlined) विषयको अवसरमा सदस्यले उपस्थित रहनै पर्दछ । सरकारी र विरोधी पार्टीको बीच अधिक कम संख्याको अन्तर रहन गएको खण्डमा सदस्यहरू बिरामी हुँदा हुँदै पनि संसद् भवनमा रुजू रहन्छन्, बरु उनीहरूको आराम र उपचारको व्यवस्था संसद्-भवनभित्रै मिलाइएको हुन्छ ।

युद्धकाल अथवा यस्तै कुनै व्यस्त र महत्त्वपूर्ण समयमा त अहोरात्र ( Round the Clock )-का बैठकहरू पनि चलदछन् । रुजू रहेका सदस्यहरूको निमित्त त्यहाँ सबै किसिम-

को सुविधा र आरामको व्यवस्था मिलाइएको हुन्छ ।

अघि-अघि मौकामा संसद्मा रुजू हाजिर नरहने सदस्यलाई जरिबाना गर्ने चलन पनि थियो । नराम्रो संझी अचेल यो प्रथा हटिसकेको छ । बराबर अनुपस्थित रहने सदस्यको बदनामी पार्टीभित्र र साथै उसको निर्वाचन-क्षेत्रमा पनि हुन्छ । यसको परिणाम पछि-परन्तुको चुनावमा उसले भोग्नु पर्दछ । सार्वजनिक कार्यकर्ताको सम्पूर्ण गति-विधिलाई जनताले लखि रहनु स्वाभाविक हो ।

संसद्को अधिकांश समय मन्त्रिमण्डलका सदस्यहरू-तरफबाट पेश गरिएका विषयमै व्यतीत हुन्छ । केही निर्धारित समय विरोधी पार्टीले पनि पाउँछ । यस्ता दिनलाई 'सप्लाइ डे' ( Supply Day ) भन्दछन् । यी दिनमा विरोधी पार्टीले रोजेका विषयहरूमा छलफल हुन्छ ।

साधारण सदस्य ( Private Member )-ले हप्तामा सीमित समय मात्र पाउँछन् । उता साधारण सदस्यको संख्या भने सबभन्दा बढ़ी हुन्छ । प्रत्येक सदस्य आफ्-आफ्नू निर्वाचन-क्षेत्रका पीर-बाधाबारे छलफल गर्न आतुर हुन्छ । यता समय भने बहुतै कम हुन्छ । परिणामस्वरूप साधारण सदस्यहरू सदैव असन्तुष्ट देखिन्छन् ।

सल्लाहकार सभामा प्रत्येक बुधबारको दिन साधारण सदस्यहरूके काममा व्यय हुन्थ्यो। एक बुधबार प्रस्तावलाई दिइएको थियो भने अर्को बुधवार विधेयकलाई †।

सदस्यहरू आफ्ना प्रस्ताव र विधेयक संसदीय आफिस मा दिन्थे। सेक्रेटरीले ती नियमानुसार भए-नभएको जाँची मिलाई एकत्रित गर्दथे। अनि गोलाहालेर ( By lottery system ) आगामी बुधवारको कार्य-सूचीमा तिनलाई क्रमबद्ध गरिन्थ्यो। सूचीको पहिलो विषय (Item) समाप्त भएपछि क्रमशः अर्को विषय पेश हुन्थ्यो *। त्यस बुधवार समाप्त नभएका विषय (Items) स्वयमेव खारेज हुन जान्थे। सदस्यले चाहेमा ती पुनः नयाँसरह अघिकै क्रमले पेश गर्न सकिन्थे।

साधारण सदस्य (Private Member)-का प्रस्ताव पास भइहाले तापनि साधारण सदस्यले पेश गरेको कुनै पनि विधेयक (Private Member's Bill)-ले पूरा-पूरा पास हुने सौभाग्य पाउन सकेन। हुन त नेपाल नहर-बाँध-पैन विधेयक, २०११, नेपाल विवाह विधेयक, २०११, प्राभिडेण्ट फण्ड विधेयक २०११, नेपाल हुलाक बन्दोबस्त विधेयक, २०११, सेनाद्वारा राष्ट्र निर्माण गराउने विधेयक, २०११ जस्ता कतिपय उपयोगी विधेयक साधारण सदस्यतरफबाट पेश भए, र सौभाग्यवश

† हेर्नुहोस् परिशिष्ट —— २०

* कार्यसूचीको नमूनाको निमित्त हेर्नुहोस् परिशिष्ट —— १२ क.

तिनको रीतपूर्वकको प्रथम वाचन भयो। त्यसभन्दा अगाड़ि तिनको भाग्यले साथ दिएन। नारी–संरक्षण विधेयकको त द्वितीय वाचन थालिएर पनि पास हुन सकेन। जहाँ पनि यस्ता विधेयकको प्रायशः यस्तै भाग्य हुन्छ। अतः सदस्यहरूले सके सम्म कम र साना-साना धारा भएका विधेयक तयार पार्नु श्रेयस्कर हुन्छ। विधेयक सानू रहेछ र मौकाले विरोध पारेन भने ती यदाकदा पास पनि हुन सक्तछन्। यसरी पास भएका ती सरकारी विधेयकजस्तै ऐन (Act) बन्न जान्छन्। परन्तु, सरकारमा भएका सदस्यहरू यस्ता साधारण सदस्यको विधेयक (Private member's Bill)-का समर्थक छन् अथवा कमसे कम त्यसका विरोधी छैनन् भनेमात्र त्यसले स्वीकृत हुने कुनै अवसर पाउन सक्तछ।

स्वीकृत हुने मौका यसरी विरलै भए तापनि साधारण सदस्यहरू आफ्ना बिल पेश गर्दै रहन्छन्। यसले एक त सदस्यको ख्याति बढाउँछ दोस्रो उसको दृष्टि-कोणलाई जनताको समक्ष स्पष्ट गर्दछ। कहीं सरकारी सदस्यहरूले पनि त्यसलाई रुचाइहाले भने त्यसमा परेका कुरालाई सरकारले आफ्नू तरफबाट पेश गरेर पनि लागू गर्न सक्तछ।

साधारण सदस्यका प्रस्ताव स्वीकार भएमा त्यसलाई सरकारले सुझावको रूपमा ग्रहण गर्दछ। पछि-परन्तु सरकार

तरफबाट आउने विधेयकहरू र सरकारी कार्यकलापमा तिनको प्रभाव पर्ने सक्छ। दिनभरको कार्य समाप्त भएपछि सरकार-तरफबाट 'आजको बैठक यहीं स्थगित होस्'। ("I move that the House do now adjourn") भनी प्रस्तावित गरेपछि आधा घण्टाको समय साधारण सदस्यलाई दिने चलन ब्रिटिश हाउस अफ् कमन्समा छ। यस अवसरमा छोटकरी भाषण र त्यति नै छोटकरी उत्तरको अवकाश भएकोले यसलाई 'दस मिनटे नियम (Ten minutes rule)' भन्दछन्। यस अवसरमा पेश हुने विषय र त्यसलाई पेश गर्ने सदस्यको निर्धारण गोला हाली पहिले नै भइसकेको हुन्छ। परन्तु, यो प्रथा हाम्रो सल्लाहकार सभामा अपनाइने अवस्था आइसकेको थिएन। बुधवारको समयले नै पुगिरहेको थियो।

साधारण सदस्यले सरकारी पक्षसित प्रश्न गर्ने सुविधा पनि पाएको हुन्छ। संसदको बैठकको प्रारम्भमा एक घण्टा सम्म प्रश्नको समय हुन्छ। सदस्यहरूले सोध्नु पर्ने प्रश्नहरू पहिले नै नियमानुसार लेखेर संसद सचिवालयमा दिइसकेका हुन्छन्। प्रश्न नियमानुकूल भए-नभएको सेक्रेटरीले हेरी, मिलाई अध्यक्षको स्वीकृति लिएर मुद्रित रूपमा सदस्यहरूलाई बाँडिदिन्छन्। ती प्रश्नहरू कुन दिन कुन मन्त्रीसित सोधिने हो ?— यस कुराको उल्लेख पनि प्रश्नपत्र * मा गरिएको

* सल्लाहकार सभामा सोधिएका केही प्रश्न नमूनाको निमित्त परिशिष्ट १९ मा दिइएका छन्।

हुन्छ । सम्बन्धित मन्त्रीलाई सोधिने प्रश्नको जनाउ पहिले नै गइसकेको हुन्छ । यसरी उनी उत्तर दिन तयार भएर आएका हुन्छन् । ज्यादै लामा र तपसीली उत्तर माग्निएको प्रश्नको टाइप गरिएको उत्तर सम्बन्धित मन्त्रीले सदनको टेबुलमा राखि दिन सक्तछन् । त्यसलाई सदस्यले स्वयमेव पढ्दछन् ।

प्रश्नोत्तरको यो एक घण्टा उत्तेजनापूर्ण र रमाइलो हुन्छ । अध्यक्षबाट प्रश्न गर्ने अनुमति पाएर प्रश्न गर्ने सदस्यले "आज-को प्रश्न सूचीको अमुक नम्बरको प्रश्नको उत्तर सम्बन्धित माननीय मन्त्रीज्यूसंग सोध्न चाहन्छु" भन्दछन् । सम्बन्धित मन्त्रीले त्यसको उत्तर दिन्छन् । स्मरणीय छ कि सदनमा जति पनि प्रश्नोत्तर हुन्छन् अथवा भाषण र छलफल हुन्छन् ती सबै अध्यक्षलाई सम्बोधन गरेर नै हुन्छन् । सरकारी वा कुनै सदस्यले आपसमा सम्बोधन र कुराकानी गर्न हुन्न ।

मूल प्रश्नको उत्तर सम्बन्धित मन्त्रीले दिएकोमा त्यसले कुनै कुरा स्पष्ट नभए सदस्यहरूले त्यस मूल प्रश्नको परिधि-भित्रका कुरा खुलासा बुझ्न एक-दुइ संक्षिप्त प्रश्न सोध्न सक्तछन् । यस्ता उप-प्रश्नलाई 'पूरक प्रश्न' (Supplementary Questions) भन्दछन् ।

प्रश्नोत्तरको समयमा अध्यक्ष र उत्तर दिने मन्त्रीको योग्यताको पारख हुन्छ । कुनै-कुनै प्रश्नमा पूरक प्रश्न सोध्न

४०।५० जना सदस्य पनि एक साथ उभिन्छन् । अध्यक्षले कसलाई अनुमति दिने कसलाई छोड्ने ? सबैलाई अनुमति दिने हो भने प्रश्नको पूरा एक घण्टा त के ? पूरा दिन समेत त्यसै एक प्रश्नमा व्यतीत हुन सक्छ । प्रश्नबाट पूरक प्रश्न र तीबाट पनि अनेक हाँगा-बिंगा निस्कँदै जान्छन् । अध्यक्ष योग्य छ भने उसले निमेषमात्रमा कुन सदस्यले यस विषयमा युक्तियुक्त प्रश्न गर्न सक्छ भन्ने विवेक गरिसक्छ । प्रश्न गर्न आतुर उभिइएका पचासौं सदस्यमध्ये उसले अरूतिर आँखा चिम्ली एउटा कुनै सदस्यलाई अनुमति दिन्छ । उसले प्रश्न गर्दछ, अरूले सन्तोष गर्नु पर्दछ । अध्यक्षको निर्णयमा कसैले चूँसम्म बोल्न पाउन्न ।

यस घडीमा उत्तर दिने मन्त्रीको योग्यताको पनि नाप हुन्छ । मूल प्रश्नको उत्तर त विभागका कर्मचारीहरूले तयार गरेर टाइप गरी मन्त्रीलाई दिइसकेका हुन्छन्, र त्यही पढ़ेर सुनाइ दिए हुन्छ । पूरक प्रश्न भने सदनमै सोधिन्छन् र ती अप्रत्याशित पनि हुन्छन् । मन्त्रीले तिनको उत्तर तत्काल दिनु पर्दछ । केही प्रश्न वस्तुतः उपयोगी र व्याख्यात्मक हुन्छन् । केही चाहिं मन्त्रीको कार्य-कलाप, सरकारको आलोचना आदिबारे आक्रोशगर्भित र व्यङ्ग्यमूलक पनि हुन सक्छन् । मन्त्रीले आफूलाई सम्बन्धित राजकीय संसदीय शिष्टाचारको पूर्णतया पालनगर्दै तिनको उत्तर दिनु पर्दछ ।

अप्ठ्यारा प्रश्नको उट्पटाङ् उत्तर हुन गएमा ऊ प्रश्नको अ
ठुलो भुमरीमा पर्न जान्छ र मूर्ख पनि साबित हुन जान्छ

हुन त प्रश्नोत्तरले कुनै कुराको तत्काल निधो हुन्न तैपनि यसले सरकारी नीति र कार्यक्रमको व्याख्यागराउँछ अनेक विषयमा सरकारको ध्यान आकृष्ट गराउँछ। सरकारी सुस्ती र असावधानीलाई पन्छाउनमा पनि यसले मदद गर्दछ।

\+ + + +

ब्रिटिश पार्लियामेण्टका सदस्यहरूलाई अघि आफ्-आफ्ना इलाकाका मानिसहरूले नै खर्च भर्नु पर्दथ्यो। ईसवी सत्रौं शताब्दीदेखि यो प्रथा हट्यो। हुन त यसले गर्दा सदस्यहरूलाई आफ्नू इलाकाबाट लण्डनसम्म आउँदा र पार्लियामेण्टको बैठक चलेसम्म त्यहाँ बस्दा निकै खर्च पर्दथ्यो, तैपनि उनीहरू उत्साहसाथ नै पार्लियामेण्टको उम्मेदवारीमा खड़ा हुन्थे। कारण, मध्ययुगदेखि पार्लियामेण्टमा दिइने भोटको खरीद-बिक्री हुन लाग्यो। यस व्यापारले गर्दा सदस्यहरूले बेहोर्ने खर्च नाफासहित उनीहरूले फिर्ता पाउन लागे। यसको अनेक आलोचना हुन लागे। अन्तमा ईसवी बीसौं शताब्दीको प्रारम्भमा पार्लियामेण्टका सदस्यहरूलाई सरकारबाटै वेतन दिने निधो भएकोले उनीहरूले वार्षिक जनही ४०० पाउण्ड र पछि ६०० पाउण्डका दरले पाउन लागे। द्वितीय महासमरपछि

यो रकम बढाई एक हजार पाउण्ड गरिएको छ। यसको अतिरिक्त आफ्नू निर्वाचन क्षेत्रदेखि लण्डनसम्म आउने र जाने पास (Free Pass), लण्डनमा बस्ने ठाउँको व्यवस्था आदि अन्य केही सुविधापनि प्राप्त छन्।

मन्त्रीहरूलगायत सरकारी वहदा भएका अरू सदस्य, अध्यक्ष (Speaker) र उपाध्यक्ष (Deputy Speaker)-ले छुट्टै वेतन पाउँछन्। विरोधी पार्टीका नेतालाई चाहिं वार्षिक दुइ हजार पाउण्ड दिइन्छ।

हाम्रो सल्लाहकार सभाका सदस्यलाई मासिक एक सय रुपियाको अतिरिक्त सभा चालू रहेसम्म उपस्थित भएको दिनको मोरु दसको दरले जनही भत्ता प्राप्त थियो। यसको अतिरिक्त काठमाण्डूमा आफ्नू घर नभएका खण्डमा बाहिर-बाट आएका सदस्यलाई महिनाको मोरु ६०।- का दरले घर भाड़ापनि दिइन्थ्यो। आफ्नू इलाकादेखि काठमाण्डूसम्म आउने र बैठक समाप्त भएपछि आफ्नू घरसम्म फर्केर जान उनीहरूले प्रथम श्रेणीको बाटो-खर्च पनि पाउँदथे।

# अध्याय ७

## कानून बनाउने विधि

संसद्को मुख्य अधिकार र कर्तव्य कानून बनाउनु हो। चाहे प्रशासकीय व्यवस्थाको निमित्त होस् चाहे लोक-कल्याण-कारी कार्यको निमित्त होस् अथवा आर्थिक आय र व्ययको निमित्त होस्, संसद्ले कानून बनाउँछ। यसै कारण संसद्लाई सरकारको 'विधायक अंग' (Legislative Body) भन्दछन्। सरकारका बाँकी दुइ अंग हुन्— न्यायपालिका र कार्यपालिका। विधायिका, कार्यपालिका र न्यायपालिका— यी तीनद्वारा सरकार सर्वाङ्गीण बन्दछ।

प्रजातन्त्र कानूनी शासन भएकोले कानून बनाइँदा संसद्मा पर्याप्त सावधानी राखिन्छ। यसै कारण संसद्बाट कानून बन्दा निकै समय लाग्दछ। अतः त्यसमा खर्चपनि निकै लाग्नु स्वाभाविक भयो। परन्तु, यसरी राम्ररी विचार पुऱ्याई बनाइएको कानून राष्ट्रोन्नतिमा प्रभावशाली र महत्त्व-पूर्ण पनि हुन्छ। ऐनको जुन मसौदा स्वीकृतिको निमित्त संसद्मा पेश गरिन्छ त्यसलाई 'विधेयक' अथवा बिल (Bill) भन्दछन्। अघिका जमानामा ब्रिटिश पार्लियामेण्टमा कुनै बिल पेश गर्दा प्रस्तावकले बिलको शीर्षकसम्म पढ्दा यो बिल

संसद्को स्वीकृतिको निमित्त म पेश गर्न चाहन्छु भनी अनुमति माग्दथ्यो। तदनन्तर सदनको 'क्लार्क'(Clerk of the House)-ले सम्पूर्ण बिल जोरसित वाँचेर सुनाई त्यो बिल ससम्मान अध्यक्षलाई दिन्थे। अध्यक्षले टोपी फुकाली उठेर शीर्षक पढ़ेर सुनाउँथे। अनि सम्पूर्ण बिलको संक्षिप्त तात्पर्य र व्याख्या पनि सुनाउँथे। यस अवस्थामा कुनै छलफल हुन्नथ्यो। प्रायशः सर्वदा नै त्यस बिललाई पेश गर्ने अनुमति सदनबाट प्राप्त हुन्थ्यो। त्यसलाई बिलको 'प्रथम वाचन' (First Reading) भन्दथे।

परन्तु, अब छापाखानाको जमानामा सदनमा क्लार्कले सम्पूर्ण बिल पढ़ेर सुनाइरहने आवश्यकता रहेन। कार्य-सूचीमा उल्लेख भएबमोजिम + विधेयकको शीर्षक वाँचेर सुनाई 'यो बिल विचारार्थ म सदनमा पेश गर्ने अनुमति चाहन्छु' भनी प्रस्तावित गर्दछ। यसमा सदनको अनुमति प्राप्त हुन्छ। यतिले नै प्रथम वाचनको कार्य टुंगिन्छ। तदनन्तर त्यो बिल मुद्रित रूपमा प्रत्येक सदस्यलाई दिइन्छ। सदस्यहरू त्यसको अध्ययन गर्दछन्। यसले त्यसमा छलफल गर्नमा पनि सुविधा हुन्छ।

---

+ साधारण सदस्य र सरकारतर्फबाट संसद्-कार्यालयमा नियमानुसार दाखिल भइरहेका प्रस्ताव बिल, प्रश्न आदिबाट अध्यक्ष (Speaker) को आज्ञानुसार संसद्ले दैनिक कार्यसूची प्रस्तुत गरी छपाएको हुन्छ। नमूनाको निमित्त हेर्नुहोस् परिशिष्ट —— १२ क.

हाम्रो सल्लाहकार सभामा पनि यही प्रथा अपनाइएको थियो ।

विधेयकको द्वितीय वाचन सर्वाधिक महत्त्वको हुन्छ । ब्रिटिश प्रथाको अनुसार गर्दा गर्दै पनि नेपालको सल्लाहकार सभामा केही छोटो बाटो लिइएको थियो । ब्रिटिश हाउस अफ् कमन्समा द्वितीय वाचनको प्रारम्भ गर्दा प्रस्तावकले— अब यस बिलको द्वितीय वाचन गरियोस् भन्ने प्रस्ताव पेश गरेर त्यसमा औपचारिक अनुमति प्राप्त भएपछि विधेयकमा रहेको कुराको सैद्धान्तिक पक्षमा बहस गरिन्छ । यस अवस्थामा विधेयकको दफा-दफाली छलफल हुन हाम्रो सल्लाहकार सभामा भने द्वितीय वाचन एक-एक दफामा छलफलदेखि प्रारम्भ हुन्थ्यो । हो, बिलको संक्षिप्त शीर्षक (Short Title) र विस्तृत शीर्षक ( Long Title )-मा भने सबभन्दा पछि छलफल हुन्थ्यो ।

ब्रिटिश हाउस अफ् कमन्समा विधेयकको द्वितीय वाचन होस् भन्ने कुरा प्रस्तावित हुनासाथ विरोधीहरू यस बिलमा अमुक समयमा छलफल होस् भनी बिरोध गर्दछन् । यसरी प्रस्तावित समय पार्लियामेण्टको बैठकै नबाने समय पार्दछन् । अथवा कसैले यस बिलमा केही कुरा बेश परेको भए तापनि यसका अधिकांश कुरा निरर्थक अथवा हानि-कारक भएकाले यसको द्वितीय वाचन हाल नहोस् भनी

प्रस्तावित गर्न सक्तछ । यस विषयमा यस्तै अरू विंगा पनि लगाइन्छन् । परन्तु प्रायः सरकारी पक्षबाट आएको भए अथवा बहुमतद्वारा समर्थित भए द्वितीय वाचनको प्रस्ताव पनि स्वीकृत हुन्छ ।

ब्रिटिश हाउस अफ् कमन्समा विधेयकको द्वितीय वाचन रोक्न जुन किसिमका विंगा लगाइन्थे ती नेपालको सल्लाहकार सभामा प्रथम वाचनकै अवसरदेखि शुरू हुन्थे । यस्ता बखेड़ा कहिले काहिं संसदीय मनोरञ्जनका साधन पनि बन्न जान्छन् ।

अन्ततोगत्वा विधेयकको द्वितीय वाचन प्रारम्भ गरिचेस् भन्ने प्रस्तावमा मत लिइन्छ । यसका विरोधीको जीत भए विधेयकको त्यहीं हत्या भयो । प्रस्तावकको जीत भए त्यसको द्वितीय वाचन स्वीकार भएको मानिन्छ ।

ब्रिटिश प्रथाअनुसार द्वितीय वाचनपछि विचार-विमर्शको निमित्त विधेयकलाई कमिटीमा पठाइन्छ । कमिटी आयोजनअनुसार कहिले सम्पूर्ण सदनकै बन्दछ, कहिले केही सदस्यहरूको मात्र । सानू कमिटी बने पनि त्यसमा विधेयकका समर्थक र विरोधी--दुवै पक्षका सदस्य समाविष्ट गरिन्छन् । विरोधीहरूले चाहिने कुरा भिजन लगाई अथवा नचाहिंदो कुरा थप्न लगाएर अथवा यस्तै अरू कुनै तरीकाले विधेयकलाई बिगार्ने प्रयत्न गर्दै रहन्छन् । परन्तु, विधेयकका समर्थकले

भने विधेयकको राम्रो अध्ययन गरी त्यसमा नपुगेका कुरा थपी अथवा अनावश्यक कुरा झिकी त्यसलाई अझै उपयोगी बनाउने प्रयत्न गर्दछन्।

यस प्रकार कमिटीको अवस्था (Committee Stage) पार गरिसकेपछि विधेयक कमिटीद्वारा प्रस्तावित परिवर्तन, परिवर्धन, संशोधन आदिका साथ पुनः सदनमा पेश गरिन्छ। विरोधीहरूले फेरि त्यसमा आक्रमण गरी त्यसलाई क्षत-विक्षत अथवा कुरूप र निरर्थक पार्न भरमग्दूर गर्दछन्।

कमिटीबाट सदनको समक्ष यसरी पेश गरिएको अवस्थालाई विधेयकको 'रिपोर्ट अवस्था' (Report Stage) भनिन्छ।

हाम्रो सल्लाहकार सभामा त्यस समय सामान्यतः कमिटी-अवस्था र रिपोर्ट-अवस्थाको उत्तिको आवश्यकता महसूस गरिएन। विधेयक घेरै भए तिनमा सदन भित्रै छलफल गर्न घेरै समय लाग्ने भएकोले सो सम्भव नभए कमिटीमा पठाउनु लाभप्रद हुन्छ। परन्तु सल्लाहकार सभाको समक्ष सरकारतर्फबाट त्यति घेरै काम पेश भएन। थोर-बहुत जुन काम पेश भए तिनमा सदन भित्रै छलफल गर्ने अवकाश थियो।

सल्लाहकार सभामा एक-दुइ वटा विधेयकलाई कमिटीमा पठाउने आवश्यकता अनुभव भएको थियो। यसको निमित्त 'प्रवर-समिति' (Select Committee) को पनि

गठन भयो र त्यसको सुझाव सहित विधेयक दफावार छलफलको निमित्त सदनमा पेश गरिए। परन्तु, यो व्यवस्था ब्रिटिश हाउस अफ् कमन्समा अपनाइएको प्रथाअनुसार द्वितीय वाचनको अवसरमा नभई प्रथम वाचनकै क्रममा गरिएको थियो। प्रवर-समितिबाट आएका सुझाव सहित पेश गरिएको विधेयक द्वितीय वाचनमा दफावार छलफल भएको थियो।

यसपछि विधेयक तृतीय वाचन ( Third Reading ) को निमित्त सदनमा पेश गरिन्छ। यस अवसरमा दफाहरूमा परेका विषयमा संशोधनका प्रस्ताव आउन सक्तैनन्। कुनै शब्दावलीको परिवर्तन अत्यावश्यक भएमा मात्र तिनको प्रस्ताव हुन सक्छ। तृतीय वाचनको अवसरमा विरोधीहरूले सम्पूर्ण विधेयकलाई नै निष्प्रयोजनीय देखाई पास नहोस् भनी अन्तिम चेष्टा गर्न सक्छन्। त्यसभन्दा बढी विधेयमा परेको कुनै विषयको परिवर्तन, परिवर्धन वा संशोधनसम्बन्धी आलोचना गर्न पाइन्न। यो ब्रिटिश प्रथा हाम्रो सल्लाहकार सभामा पनि यसै रूपमा अपनाइएको थियो।

तृतीय वाचनमा पास भइसकेपछि ब्रिटिश हाउस अफ् कमन्समा त्यस विधेयकबारे सारा काम टुंगिएको ठानिन्छ। त्यसमा पुरानै रीतिअनुसार लेटिन भाषामा "Soit baillie aux seigneurs"—"Let it be sent to the Lords."अर्थात् 'यो

लर्ड्सछेउ पठाइयोस्' भनी लेखिन्छ, र त्यो रीतपूर्वक विचार र स्वीकृतिको निमित्त हाउस अफ् लर्ड्समा पुग्दछ।

हाउस अफ् लर्डसमा पुगेपछि पनि बिलले हाउस अफ् कमन्समा गुज्रन परेको प्रत्येक अवस्थाबाट फेरि उसै गरी गुज्रनु पर्दछ। हाउस अफ् लर्ड्सले बिललाई त्यसै रूपमा स्वीकार गरिदिए कुरै टुंगियो, नत्र भने त्यसको स्वीकृतिमा अझै केही समय लाग्दछ। हाउस अफ् लर्ड्सले बिलमा केही संशोधन गरेर पठाएकोमा सो संशोधन हाउस अफ् कमन्सलाई पनि स्वीकार भए ती कुरा बिलमा पर्दछन् र अनि त्यसलाई राजाको स्वीकृतिको निमित्त पठाइन्छ। हाउस अफ् लर्डसले गरेको संशोधनमा हाउस अफ् कमन्सको चित्त नबुझे दुवै थरी बसी राय-सल्लाह मिलाउँछन्। कुरा मिले बेश भयो, नमिलेको खण्डमा हाउस अफ् कमन्सले आफ्नू विशेष अधिकारको प्रयोग गरी बिलमा राजाको स्वीकृति माग्दछ। यसबारे अध्याय ३ मा पनि केही चर्चा भइसकेको छ।

विधेयक अथवा बिलले ऐन ( Act )-को रूप लिन अन्तमा राजा वा राष्ट्रपतिको स्वीकृति प्राप्त गर्नु अनिवार्य हुन्छ। ब्रिटेनमा पहिले त यस अवस्थामा पनि केही विवादको सम्भावना रहन्थ्यो। परन्तु अचेल यो केवल औपचारिक कुरा मात्र रहन गएको छ। नेपालमा सल्लाहकार सभाबाट पास भएको बिधेयकको एक प्रति सल्लाहकार सभा सचिवालयबाट

श्री ५ महाराजाधिराजका हजुरमा पठाइन्थ्यो ।

सल्लाहकार सभाबाट स्वीकृत विधेयकको अर्को एक प्रति कानून मन्त्रालयमा पनि पठाइन्थ्यो । उक्त मन्त्रालयले त्यो विधिपूर्वक नेपाली कागजमा लेखी त्यसमा कानून मन्त्री एवं प्रधान मन्त्रीको हस्ताक्षर गराई श्री ५ महाराजाधिराजका निजी सचिवालयमा पठाउँथ्यो । तदनन्तर त्यसमा श्री ५ महाराजाधिराजका प्रमुख सचिव र मिलिटरी सेक्रेटरीका हस्ताक्षर हुन्थे । अनि त्यसमा लालमोहर लाग्दथ्यो । यसपछि त्यो विधेयक ( बिल ) ऐन (Act) बन्दथ्यो । त्यो (Act) कानून मन्त्रालयमा आएपछि मन्त्रालयका सेक्रेटरीले नेपाल गजेटको आफ्नू खण्डमा प्रकाशित * गराउँथे र साथै छुट्टै छपाई बिक्री-वितरणको पनि व्यवस्था गर्दथे ।

ब्रिटिश विधेयकमा शाही स्वीकृति लिने केही भिन्न विधि छ । अघि-अघि राजा स्वयं हाउस अफ् लर्ड्स्मा उपस्थित हुन्थे । अचेल चाहिं उनका प्रतिनिधिका रूपमा केही लर्ड्सहरू नै बस्तछन् । हाउस अफ लर्ड्सको घेरा (Bar)-निर हाउस अफ् कमन्सका सदस्यहरू उभिएर हेरिरहेका हुन्छन् । क्लार्क (Clerk)-ले विधेयक पढ़ेर सुनाउँछ । अनि उसले अध्यक्षको पदमा

---

* प्रथम वाचन पछि सल्लाहकार सभाले विधेयकलाई नेपाल गजेटमा प्रकाशित गराउँथ्यो । कारण, अरू देशमा भैं सल्लाहकार सभाको आफ्न कुनै छुट्टै प्रकाशन-व्यवस्था थिएन ।

आसीन लर्ड चान्सलर ( Lord Chancellor )-लाई नुहेर ( Bow ) अभिवादन गर्दछ। लर्ड चान्सलरले लाएको टोप उचाली सलामी फर्काउँछन्।

अर्को क्लार्कले लर्ड चान्सलरलाई नुहेर अभिवादन गर्दै नजिकै उभिएका हाउस अफ कमन्सका अध्यक्ष (Speaker) र सदस्यहरू तिर फर्केर भन्दछ–'राजाको सहमति भयो'। अंग्रेजहरू आफ्ना परम्परालाई सितिमिति नछोड़ने भएकोले क्लार्कले नार्मन कालदेखि नै चलिआएको प्रथाबमोजिम यसको घोषणा गर्दा फ्रेञ्च भाषाकै प्रयोग गर्दछ–'Le roi le veult'–"The King wills it" त्यो अर्थ विधेयक भए क्लार्कले—'Le roi remercie ses bons sujets, accepte leur benevolence, et ainsi le veult— "The King thanks his good subjects, accepts their generous gift, and so wills it". अर्थात् 'राजा आफ्ना लायक प्रजालाई धन्यवाद दिन्छन्, उदारतापूर्वक उनीहरूले दिएको नजराना स्वीकार गर्दछन्, र यस ( अर्थ विधेयक ) मा आफ्नू सहमति प्रकट गर्दछन्।

ब्रिटेनमा यसरी विधेयकले ऐन (Act)-को रूप लिन्छ। त्यसमा पार्लियामेण्टको अधिवेशनको मिति, अध्याय ( Chapter ) नम्बर, राजाको राज्यकाल–वर्ष अङ्कित गरिन्छ। त्यस पछि हाउस अफ् लर्ड्स्ले त्यसलाई छपाई त्यसको बिक्री

-वितरणको व्यवस्था मिलाउँछ।

ब्रिटिश हाउस अफ् कमन्सले जसरी विधेयक तयार पारी हाउस अफ् लर्ड्स्मा पठाउँछ त्यसै रीतिले हाउस अफ् लर्ड्स्ले पनि आफूले पास गरेका विधेयक अनुमोदन र स्वीकृतिको निमित्त हाउस अफ् कमन्स्मा पठाउने गर्दछ।

संसदबाट पास भएका ऐन साधारणतया दुइ कोटिका हुन्छन्। कुनै-कुनै ऐन देशभरमा लागू हुन्छन्। यस्ता ऐनका विधेयकलाई 'पब्लिक बिल' (Public Bill) भन्दछन्। कुनै कुनै विधेयक कुनै एक शहर अथवा बस्ती अथवा त्यस्तै एक सानू क्षेत्रमा मात्र लागू हुने पनि हुन्छन्। यस्ता विधेयकलाई 'प्राइवेट बिल' (Private Bill) भन्दछन्। प्राइवेट बिल ( Private Bill ) र प्राइवेट मेम्बर्स बिल (Private Member's Bill)-मा भ्रम हुनु हुन्न। प्राइवेट बिल सीमित क्षेत्रमा लागू हुने विधेयकलाई भन्दछन्। त्यसलाई साधारण सदस्य ( Private Member ) अथवा सरकार— जसले पनि पेश गर्न सक्तछ। प्राइवेट मेम्बर्स बिल ( Private Member's Bill ) भनेको साधारण सदस्यले पेश गरेको पब्लिक बिल ( अर्थात् देशभरमा लागू हुने विधेयक ) वा सीमित क्षेत्रमा लागू हुने विधेयक ( Private Bill ) दुवै हुन सक्तछन्।



# अध्याय ८

## अध्यक्ष (Speaker)

ब्रिटिश पार्लियामेण्टको अध्यक्षलाई 'स्पीकर' (Speaker) भन्दछन्। 'स्पीकर' शब्दको अर्थ 'वक्ता' हुन्छ। अघि पार्लियामेण्ट र राजामा संघर्ष चलिरहेको बखत सदस्यहरूले राजासित केही भन्न जानु खतरनाक पनि हुन सक्थ्यो। अतः आफूमध्येबाट एउटा योग्य मानिसलाई रोजेर उनीहरू पार्लियामेण्टका निर्णय, माग आदिका सम्बन्धमा कुराकानी गर्न राजाकहाँ पठाउँदथे। यस प्रकार हाउस अफ् कमन्सको प्रवक्ताको रूपमा काम गर्ने भएकोले नै उसलाई 'स्पीकर' भन्ने चलन चल्यो।

वास्तवमा त्यस जमानामा स्पीकर बन्नु ज्यादै खतरनाक थियो। कारण, उसले राजाको पक्ष लिएमा आफ्नै साथीहरू रिसाउँथे। कमन्सको पक्ष लिएमा राजा जंगिन्थे। अष्टम हेन्री (Henry VIII)-ले एक पटक स्पीकरलाई आफूले चाहेको एउटा विधेयक तुरन्त पास गराएर हाजिर गराउने हुकुम दिँदै भनेका थिए– विलम्ब भयो भने तिम्रो गर्दन रहने छैन। यसै कारण मध्य युगमा स्पीकर हुन कुनै सदस्य अघि सर्दैनथ्यो। कसैको नाम सदनमा प्रस्तावित हुँदा उसले— म यस पदको निमित्त बिलकुल बेलायक छु, अथवा म अलि कान

सुन्दिन, आँखाले पनि राम्ररी ठभ्याउन्न, अथवा मेरो स्मरण-शक्ति कच्चा भएकोले सदस्यहरू जम्मैको नाम संझिरहन शक्तिन, कृपया मलाई माफ गर्नु होस् र अरू कसैलाई रोजी दिनु होस्' आदि भनी सकेसम्म जोगिने कोशिश गर्दथ्यो। अध्यक्ष निर्वाचित भइसके पछि पनि ऊ सहसा आसनमा गई बसदैनथ्यो, अरू कसैलाई रोज्ने अभुनय गर्दै रहन्थ्यो। अन्तमा, सदस्यहरूले उसलाई ठेलठाल गर्दै जबर्जस्ती लगेर आसनमा बसाइदिन्थे। युग र परिस्थिति बदलिए तापनि आजसम्म यस परम्पराको अवशेष ब्रिटिश पार्लियामेण्टमा बाकी नै छ। हाउस अफ् कमन्समा नयाँ स्पीकर निर्वाचित हुनासाथ उसको नाम प्रस्तावित गर्ने दुइजना सदस्यले उसको कुम समाती ठेल्दै आसनमा बसाउन लैजान्छन्। सल्लाहकार सभामा सदस्यहरूले शपथ ग्रहण गरेपछि पहिला काम अध्यक्षको निर्वाचन भएको थियो। निर्वाचित अध्यक्ष पदासीन नभएसम्म भइपरिआउने जरूरी काम चलाउन श्री ५ महाराजाधिराजबाट एक जना सदस्यलाई कार्यकारी अध्यक्ष मनोनीत गरिबक्सेको थियो। निर्वाचित अध्यक्षले राजाको दर्शन गर्न जाने चलन छ। राजा-बाट उसको निर्वाचनलाई वैधानिक रीतिले सदर गर्नु पर्दछ। कारण, उसलाई जुन अधिकार प्राप्त हुन्छ त्यसको मूल उद्गम-स्थल राजा नै हो। राजामा रहेको सम्पूर्ण राष्ट्रीय सत्तामध्ये विधायिका (Legislature)-पक्षको सर्वोच्च अधिकार अध्यक्ष-लाई सुम्पिएको प्रतीकको रूपमा ब्रिटिश स्पीकरको साथ सदैव

अधिकार-दण्ड (Mace) लिएर हिंड्ने प्रथा छ ! सल्लाहकार सभामा निर्वाचित भएपछि हाम्रा अध्यक्षले पनि श्री ५ महाराजाधिराजको दर्शन गर्नु भएको थियो र मौसूफबाट बधाई सन्देश पठाएर संसद्ले उहाँलाई निर्वाचित गरेको दस्तूर बमोजिम सदर गरिबक्सेको थियो ।

संसद्को रवाफ, इज्जत र प्रतिष्ठा सदस्यहरूको योग्यता, उनीहरूको संगठनको दृढ़ता र उद्देश्यप्रति उनीहरूको ईमानदारी को साथै धेरैजसो सदनका अध्यक्ष (स्पीकर)-को व्यक्तित्व र योग्यतामा पनि निर्भर गर्दछ । यस कारण अध्यक्ष रोज्न र त्यसको सम्मान बढ़ाउनमा सदनले सदैव सावधानी राख्नु पर्दछ । अध्यक्ष लायक छ भने सदनको कारवाई गम्भीर प्रभावशाली र व्यवस्थित हुन्छ । त्यसको प्रभाव सदनका निर्णयहरूमा पनि पदछ । यसको असर देशव्यापी हुनु स्वाभाविक हो ।

अध्यक्षको व्यक्तित्वबारे दुइ राय हुनै सक्तैन । उसको शारीरिक र बौद्धिक व्यक्तित्व यस्तो हुनु पर्दछ जसले सदनमा प्रभाव पार्न सकोस् । स्वस्थ शरीर, अग्लो व्यक्तित्व, उज्ज्वल चरित्र, गम्भीर अध्ययन, शुद्ध, स्पष्ट र संतुलित व्याख्यानशक्ति, जस्तोसुकै जटिल प्रश्नमा पनि तत्काल र चित्त बुझने किसिमले निर्णय दिनसक्ने प्रतिभा अध्यक्षका यत्ता गुण हुन् जसले सबै सदस्यका मनमा उसप्रति सम्मान र भरोसाको भाव पैदा गर्दछ ।

उसको सार्वजनिक जीवनपनि ज्यादै महत्त्वको हुनुपर्दछ। पर्याप्त समयसम्म उसले निर्भीक भावले तत्परतासाथ गरेको जनसेवाले पनि उसको व्यक्तित्वलाई विभूषित पारेको हुनुपर्दछ। कहिले कहिं अलि झोक देखाउने र प्रायशः गम्भीर विनोदयुक्त बार्ता गर्ने अध्यक्षको नियन्त्रणमा सदन प्रायशः सहजै आउँछ। विभिन्न पार्टी भएको सदनमा केही उत्तेजना, असन्तोष र उच्छृङ्खलता यदाकदा देखापर्न लाग्नु अस्वाभाविक होइन। अध्यक्षले यस्ता अवसरमा सदनको मर्यादालाई अक्षुण्ण राखेन मिजाजको कड़ापन देखाएन भने बहुमतले अल्पमतलाई थिचोमिचो पार्ने साहसपनि यस्ता अध्यक्षको अगाड़ि गर्न सक्तैन। सदनमा लामू पट्टाइलाग्दो बहस चलेको अवसरमा अथवा कुनै सदस्यले विषय छोड़ी बोलेको अवसरमा, अथवा सदैव चाहिने-नचाहिने अड़को थापी त्यसैले आफ्नू व्यक्तित्व बढ़ेको ठान्ने खालका सदस्यहरूसित अध्यक्षले कुनै बखत प्रच्छन्न किसिमको एउटा सानू व्यंग गरिदिंदा सदनको सम्पूर्ण थकाइनै मेटिन्छ, सदनमा एक नयां स्फूर्ति आउँछ।

संसद्का अध्यक्षलाई कुनै मन्त्रीभन्दा कम प्रतिष्ठा प्राप्त हुन्न। उसले सजिलैसित राजालाई भेटी कुराकानी गर्न सक्तछ। उसलाई बस्ने घर, चढ़ने सवारी, सहायता गर्ने कर्मचारी, काम गर्ने आफिस, सबै कुराको बहुत बढिया व्यवस्था सरकारले मिलाइदिएको हुन्छ। ब्रिटिश हाउस अफ् कमन्सको स्पीकरको असाधारण रवाफ हुन्छ। ऊ वेस्तमिनिस्टर दरबारकै एक

शानदार भागमा बस्तछ । त्यसलाई 'स्पीकर निवास(Speaker's House) भन्दछन् । आफ्ना सदस्यहरूलाई र विदेशबाट आएको महत्त्वपूर्ण पाहुनाहरूलाई उसले बराबर भोज खुवाइ-रहन्छ । उसको निवासस्थानबाट सभा-भवनसम्म भित्रभित्रै जाने शानदार बाटो (Corridor) छ । ऊ हिंड़दा उसको अघि अघि भड़किला पोशाक लगाएको एउटा मानिस(Attendant) हिंड़दछ । अनि त्यसपछि सर्जेण्ट-एट-आर्मस् (Seargent-at-Arms) अधिकार दण्ड (Mace) हातमा लिएर हिंडेको हुन्छ । अनि आफ्नू ओहदाको पोशाक लगाएका 'माननीय अध्यक्ष महोदय' हिंड़दछन् । उस्ले पहिरेको लामो लबादा (train) लाई समातेर उसका अनुचर हिंड़दछन् । अनि उनको सेक्रेटरी र फेरि उनको चैपलेन (Chaplain) हुन्छन् । मानिसहरूलाई सावधान गर्न बाटोभरी पुलिसका कर्मचारीहरू *माननीय अध्यक्षज्यू, माननीय अध्यक्षज्यू !!* भनी कराइँदै सूचना दिन्छन् । प्रधान मन्त्री, मन्त्री, सदस्यहरू र त्यहाँ भएका अरूले समेत शिरबाट टोपी फुकाली हातमा लो शिर झुकाएर खड़ा रहनु पर्दछ— मानो कुनै विशेष अवसरमा कुनै सम्राट्को सवारी भइरहेको छ !

अध्यक्षले सभा भवनमा प्रवेश गर्दा सारा सदस्य आफ्-आफ्नू ठाउँमा निस्तब्ध र ससम्मान मस्तक नुहाएर खड़ा हुन्छन् । अध्यक्षपनि विस्तारै शिर झुकाई अभिवादनको सामूहिक उत्तर दिंदै प्रार्थना सकी आसनमा बस्तछ । उसको

आज्ञा बिना सदनमा कुनै काम कारवाई हुन सक्तैन, कुनै सदस्य वा अरू कोइ बोलन सक्तैन । एसले सदनमा गरेको कुनै काम-कारवाईबारे कसैले प्रश्न गर्न सक्तैन । उसमाथि कुनै किसिमको आलोचना वा आक्षेप हुन सक्तैन । सदनमा वा त्यसको बाहिर पनि उसले दिएका निर्णय (Rulings) सदनमा कानून-सरह मान्य हुन्छन् र ती संकलित गरी राखिन्छन् । स्पीकरले नै त्यसको खण्डन गरी अर्को निर्णय दिन्न तबसम्म त्यो नजीरको रूपमा सदैव मान्य हुन्छ । अध्यक्षले अर्डर, अर्डर भन्नासाथ सदनमा जस्तोसुकै उत्तेजना भए तापनि निस्तब्धता व्याप्त हुनजान्छ । ऊ उठनासाथ प्रत्येकले सावधान भई शान्त बस्नु पर्दछ । ऊ सदनको निर्देशक, नियन्त्रक र व्यवस्थापक पनि हो । उसको इज्जत सदनकै इज्ज़त हो, प्रत्येक सदस्यको इज्जत हो ।

अध्यक्षको उत्तरदायित्व बहन गर्नु सजिलो कुरा छैन । उसलाई जे-जति सुविधा प्राप्त छन्, तो सबै उसको कर्तव्य पालनमा सहयोग गर्न सदनले नै दिएको हो । त्यसलाई उसले उत्तरदायित्वपूर्वक धारण गरेको छ । त्यसको उपयोग उसले बड़ा सावधानीसाथ सदन र त्यस मार्फत राष्ट्रहितको निमित्त गर्दछ । कुन विषयमा कुन-कुन सदस्यले उपयोगी बिचार व्यक्त गर्न सक्तछन्— अध्यक्षले यस कुरालाई ठहराई ती सदस्यहरू-लाई बोल्ने र बहस गर्ने अवसर दिन्छ । कतिपय अवसरमा अनेक सदस्य आफ्ना विचार ब्यक्त गर्न एक साथ खड़ा हुन्छन् । कहिले कहिं त लगभग सम्पूर्ण सदन नै अध्यक्षको अनुमति

प्राप्त गर्न खड़ा होला। अध्यक्षले जसलाई अनुमति दिन्छन् उसैले मात्र बोलन पाउँछ। अरूले चुपचाप बस्नु पर्दछ। कसैले बाधा-विरोधको साधारण अभिव्यक्तिसम्म देखाउनु अध्यक्षको अपमान गर्नु हो, विधायिकाको गौरवलाई कलङ्कित पार्नु हो। परन्तु, अध्यक्षले जुन व्यक्तिलाई बोल्न दिन रोजेको छ त्यो कुनै माया–मोह र पक्षपातले होइन। त्यसमा अवश्य कुनै कारण छ। कि त त्यो व्यक्ति त्यस विषयमा अधिकारपूर्वक कुनै अत्यन्त महत्त्वको कुरा भन्न सक्ने क्षमताको होला— अध्यक्ष यस कुरालाई जान्दछ। कि त पार्टीहरूका बिचले अमुक–अमुक व्यक्ति हात्रातरफबाट यस प्रश्नमा खास गरी बोल्ने छन् भनी अध्यक्षलाई सदनभन्दा बाहिरै समयमै सूचित गरिसकेको हुनु पर्दछ। हुन सक्तछ अध्यक्षबाट अनुमति प्राप्त व्यक्ति एउटा सान्है सानु दलको सदस्य होला, हुन सक्तछ त्यो व्यक्ति बहुतै कम अवसरमा बोल्न खड़ा भएको होला— कि त सके पहिलो पटक नै बोल्न खड़ा भएको होला। अध्यक्षले आफ्ना सारा सदस्यको विचार राख्नु छ। ऊ दलगत स्वार्थले प्रभावित हुन्न। उसको दृष्टिमा सबै बराबर छन्। उसको यही निरपेक्षता (Neutrality)-ले उसलाई सबैको दृष्टिमा सम्मान-नीय तुल्याएको छ। बरू अधिक मत भएका दलले त्यसै बराबर मौका पाइहाल्दछन् भनी उसले अल्पमतको विचार राख्तछ। बहसमा प्रत्येक विचार-धाराले स्थान पावस्, कुनै महत्त्वको कुरा सुन्नदेखि सदन वञ्चित नहोस् भन्ने उसको

उद्देश्य हुन्छ। स्पीकरको निष्पक्षताले ब्रिटेनमा उसलाई एउटा अर्को विशेष सुविधा दिएको छ। हुन त कुनै पार्टीकै सम्मेदवारको रूपमा उसले पहिले पार्लियामेण्टको सीट जितेको हुन्छ। पार्टीकै समर्थनले ऊ स्पीकर भएको हुन्छ, परन्तु, स्पीकर भएपछि उसले पार्टीको सक्रियताको परित्याग गर्दछ। सदनभित्रको छलफल ( Debate )-मा उसले कहिले पनि भाग लिन्न। मतदानको अवसरमा पनि ऊ कतैतिर सम्मिलित हुन्न। हो, मत बराबर विभाजित भएर उसले मत नदिई नहुने खण्ड परेमा मात्र उसले आफ्नू निर्णायक मत ( Casting vote ) दिन्छ। पार्टीदेखि यसरि टाढ़ा भएकोले पछि उसलाई निर्वाचनमा जित्न वाधा पर्ला भन्ने अभिप्रायले स्पीकर भएको सदस्यको कसैले विरोध नगर्ने एउटा शिष्टाचार भइ सकेको छ. र विशेष कारणवश नै एक-दुई पटक यसको उल्लङ्घन भएको हुन सक्छ। उसले कुनै प्रस्ताव नराख्ने भएकोले उसको निर्वाचन क्षेत्रमा आवश्यक कुराहरू सरकारले पूरा गरिदिन्छ। ब्रिटिश हाउस अफ कमन्सको स्पीकरले स्वेच्छया राजीनामा नदिएसम्म ऊ स्पीकर नै रहन्छ। उसले आफ्नू पद छोड़ेको खण्डमा उसलाई कमसेकम वाइकाउण्ट ( Viscount ) दर्जाको लर्ड बनाइन्छ।

नेपालको पहिलो सल्लाहकार सभाका अध्यक्षलाई राज्यमन्त्री ( State minister )-सरह सुविधा र सम्मान दिइएको थियो। परन्तु, दोस्रो सल्लाहकार सभाको अवसरमा

भने अर्कै व्यवस्था गर्नु पऱ्यो। अध्यक्षको पद-मर्यादा यस सभाकै अनुकूल हुनुपर्छ भनी सदनमा प्रश्न उठ्यो। सदनमा यसको प्रारम्भ शाही सम्बोधनको अंग्रेजी अनुवादबाट उठन गएको थियो। त्यसमा Honorable Speaker को सट्टा Honorable Chairman पारेकोले सदस्यहरू क्षुब्ध थिए। उता स्वयं अध्यक्ष र प्रधान मन्त्रीको यस कुरामा छलफल चलिनैरहेको थियो। अन्ततः भूल सच्याइयो र नेपालीमा 'अध्यक्ष' र अंग्रेजीमा Speaker नै लेखियो। मर्यादाक्रम ( Warrant of Precedence )-मा अध्यक्षको मर्यादा मन्त्रि-मण्डल ( Cabinet )-मा भएका मन्त्रीसरह राखियो र वेतन, आफिस खर्च, अङ्गरक्षक, यात्रा-सुविधा आदि सारा कुरा पूरा मन्त्री सरह नै निर्धारित गरियो।

हुन त ग्यालरी बैठक भव्य छ, तथापि त्यसको निर्माण संसदको बैठक गर्नको निमित्त नभएकोले ब्रिटिश प्रथादेखि केही भिन्नता राख्नु आवश्यक हुनगएको थियो। बैठकको पूर्वपट्टि बीचमा मंच ( Dias ) छ। त्यसैमा अध्यक्षको आसन थियो। त्यसको पछाडि एउटा द्वार छ। त्यसको पूर्वपट्टि बाटो ( Corrider ) र त्यसभन्दा पूर्व लहरै पश्चिम मुखका कोठाहरू छन्। तिनैमध्ये सामुन्नेको एउटा कोठा अध्यक्षको विश्राम कक्ष र संगैको अर्को कोठा मन्त्रिमण्डलका सदस्यहरूको निमित्त राखिएको थियो। अध्यक्ष आफ्नू कोठाबाट निस्केर

मंचको पछिल्तिरको ढोकाबाट सभामा आउनु हुन्थ्यो। यो ढोका उहाँसिवाय अरूले उपयोग गर्दैनथ्यो।

निश्चित समयमा घंटी बज्दथ्यो र सदस्यहरू सभा भवनमा आफ-आफ्नू स्थानमा बस्तथे। अनि सभाका एक जना निर्धारित अफिसरले मञ्चमा आई— *माननीय सदस्यगण, माननीय अध्यक्षज्यू!* भनी अध्यक्षको सभा-प्रवेशको उद्घोषणा गर्दथ्यो र अध्यक्षले त्यसै गरी प्रत्यभिवादन गर्नु हुन्थ्यो। अनि अध्यक्षले आसन ग्रहण गरेपछि सदस्यहरूपनि बस्तथे र विस्तरित दैनिक कार्य–सूचीबमोजिम अध्यक्षको आदेशानुसार सभाको कार्यवाही चल्दथ्यो।

अध्यक्षको उच्चासनभन्दा तल मंचको अगाड़ि एउटा ठुलो टेबुल थियो, जसको शीर्षमा सभाका सेक्रेटरी बस्तथे। टेबुलको दाहिने-बायाँ अभिलेखक तथा सेक्रेटरी तथा अन्य सहयोगीहरू बसी काम गर्दथे।

अध्यक्षको मंचको दाहिनेतिर अलि हटेर एउटा सैनिक अफिसर बस्तथे। यी शाही गार्डका एक अफिसर थिए र सल्लाहकार सभामा ती राजदरबारबाटै नियुक्त भई आउँदथे। यिनको स्थान र कर्तव्य त्यही थियो जो ब्रिटिश सदनमा सर्जेन्ट-एट्-आर्म्स् (Seargent-at-arms) को हुन्छ।

सदनभित्र कुनै अनावश्यक कर्मचारीको स्थान थिएन।

ब्रिटेनमा सदनको कारवाई प्रार्थनादेखि प्रारम्भ हुन्छ। सल्लाहकार सभामा यो प्रथा थिएन। दैनिक कार्य समाप्त भएपछि ब्रिटेनमा जसंरी सरकारी पक्षबाट नित्य नै 'अब सभाको कार्यवाही यहीं स्थगित गरियोस्' भन्ने स्थगन प्रस्ताव ( Adjournment motion ) आउनु जरूरी छ त्यो हाम्रो सदनमा थिएन। अध्यक्षले आफैं विचार गरी उठेर सभाका सदस्यहरूको मुखतिर हेरी— समय पर्याप्त भइसक्यो, अब त आजको कारवाई यहीं स्थगित गर्नु पर्छ कि ? भन्नु हुन्थ्यो। अनि सभाको भाव बुझी—'सभाको आजको कारवाई यहीं स्थगित गरिन्छ। सभा अमुक दिन अमुक समयसम्मको निमित्त स्थगित गरिन्छ' भन्ने घोषणा गर्नु हुन्थ्यो। अनि फेरि प्रथाअनुसार 'सभाको कारवाई यहीं स्थगित गरिन्छ' भनी दोहऱ्याउनु हुन्थ्यो।

# अध्याय ६

## संसदीय शिष्टाचार

संसद्मा रहेसम्म प्रत्येक सदस्यले केही निर्धारित शिष्टाचार पालन गर्नै पर्दछ । यसले सदनको गम्भीरता र प्रतिष्ठा बढ़ाउनमा सहायता हुन्छ, जसको असर खुद सदस्य-हरूकै व्यक्तित्व एवं उनीहरूको निर्णयहरूमा पनि पर्दछ ।

सदस्यले सदनभित्र प्रवेश गरी प्रत्येक पटक आफ्नू आसन ग्रहण गर्दा वा आसन छोडी बाहिर जाँदा ससम्मान अध्यक्षलाई शिर झुकाउनु पर्दछ । सदन भित्र आउँदा-जाँदा उसको चालमा गम्भीरता र विनय हुनु पर्दछ । लापरवाहीसाथ अथवा कसैसित गफसफ गर्दै सदनभित्र कसैले पनि हिंड़न हुँदैन । कसैले कसैलाई डाक्नु पर्दा संकेतले नै डाक्नु पर्दछ, र केही कुरा गर्नु परे सदनबाट बाहिर गएर सुस्तसंग गर्नु पर्दछ । सदनभित्र 'धूम्र-पान गर्नु अथवा यस्तै अरू केही गर्नु सख्त मना छ । देशको कानून बनाउने, अथवा राष्ट्रीय भाग्यका निर्माताले जस्तो आचरण गर्नु पर्दछ त्यसै किसिमबाट प्रत्येक सदस्यले सदनभित्र हरएक काम कारवाई गर्नु पर्दछ ।

हाम्रो सल्लाहकार सभामा अध्यक्ष (Speaker) आफ्नू आसनको पछाड़िको ढोकाबाट आउनुहुन्थ्यो र मंचमा उक्ले

पछि आफ्ना दायां बायां र सन्मुख अभिवादनमा खड़ारहेका सदस्यहरूलाई तीनैतरफ एक-एक पटक फर्की शिर झुकाई सामूहिक रूपले प्रत्यभिवादन गर्नु हुन्थ्यो भन्ने कुरा यथाक्रम माथि पनि लेखिसकिएको छ। ब्रिटेनमा सदनको पल्लो छेउमा एउटा बार ( Bar ) ले घेरेको छ। सदनको कारवाई त्यसैभित्र हुन्छ। अध्यक्ष त्यतैतिरबाट पसी त्यसको पल्लो पट्टि रहेको आफ्नू आसनतिर अग्रसर हुन्छन्। बारमा पुग्नासाथ अध्यक्षले आफ्नू आसनतिर फर्केर शिर झुकाई अभिवादन गर्दछन्। अनि आसनतिर अग्रसर हुँदा दोस्रो पटक त्यसै गरी फेरि अभिवादन गर्दछन् र अन्तमा आसननिर उभिएर तेस्रो पटक अभिवादन गर्दछन्। हाउस अफ् कमन्स सेण्ट स्टिफेनको उपासना-गृह ( St. Stephen's Chapel)-मा बसेको कुरा प्रथम अध्यायमै वर्णित छ। उपासना-वेदीको सन्मुख अध्यक्षको आसन थियो। यसकारण त्यस जमानामा त्यसै उपासना-वेदीलाई शिर झुकाई भक्ति देखाउँदै अध्यक्षको आसनतिर फर्की अभिवादन गरेजस्तो हुनजान्थ्यो। यो प्रथा हुँदा हुँदा पछि संसदीय शिष्टाचारमै भइसकेको छ।

उपासना गृहमै बैठक हुने गरेकोले ब्रिटेनमा सदनको कारवाई शुरू हुनु भन्दा अघि प्रत्येक दिन ईश-वन्दनाको परम्परा चल्यो।

सदनको कारवाईमा अध्यक्षसिवाय अरू कसैलाई

सम्बोधन गरिन्न । कुनै सदस्यले अर्को सदस्य वा सदस्यहरूलाई सम्बोधन गर्न हुन्न । कुनै सदस्यले अर्को सदस्यलाई सम्बोधन वा उल्लेख गर्दा सल्लाहकार सभामा माननीय अध्यक्षज्यू, एक जना माननीय सदस्यले अमुक विषयमा यसो भन्नु भएको .....इत्यादि तरीकाले सम्बोधन गरिन्थ्यो । ब्रिटेनमा सदस्यको उल्लेख हुँदा अमुक क्षेत्रका माननीय सदस्य भनिन्छ । सल्लाहकार सभाका अध्यक्षले सदस्यहरूको नाम सम्मानपूर्वक लिनु हुन्थ्यो । परन्तु, ब्रिटेनमा अध्यक्षले पनि सदस्यहरूको नाम सामान्यतया लिन्नन् । कुनै सदस्यले संसदीय शिष्टाचार भंग गरेमा दण्डको रूपमा मात्र अध्यक्षले सदस्यको नाम लिने प्रथा त्यहाँ चलेको छ ।

प्रत्येक अवस्थामा सरकारी वा गैर सरकारी सदस्यहरूको नाम अथवा उनीहरूको अरू कुनै किसिमको उल्लेखमा भनि प्रत्येक पटक 'माननीय' शब्दको प्रयोग गर्नै पर्दछ । जस्तै, माननीय अध्यक्षज्यू, परराष्ट्र विभागका माननीय मन्त्रीज्यूको सम्बन्धमा एकजना माननीय सदस्यले यसो यसो ... ... ... भन्नुभयो । ब्रिटेनमा गैर सरकारी (अर्थात् साधारण) सदस्यलाई माननीय (Honourable) र सरकारी सदस्य अर्थात् मन्त्रीहरूलाई सम्माननीय ( Right Honourable ) भन्ने चलन छ । प्रिभि काउन्सेलर (Privy Counsellor)-लाई पनि ब्रिटिश प्रथाअनुसार सम्माननीय (Right Honourable)

भनिन्छ। ब्रिटिश सदनमा सम्बोधनसम्बन्धी यस्तै अरू पनि केही चलन छन्। आफूनै पार्टीको सदस्य भए उसलाई सम्बोधन गर्दा 'माननीय'(Honourable) पछि 'साथी' (Friend), विरोधी पक्षको भए 'महाशय' (Gentleman), कुनै भूतपूर्व कमिशन प्राप्त(Commissioned)अफिसर भए वीर(Gallant), वकील भए–('विद्वान्') (Learned), कुनै 'उपाधि (Title) धारी' भए 'भद्र' (Noble) भन्ने चलन छ। उदाहरणार्थ जस्तै, *लंकाशायरका सम्माननीय र वीर सदस्य महोदय* (The Right Honourable and gallant gentleman, the member for Lancashire), आक्सब्रिज्का मेरा माननीय सदस्य साथी (My Honourable Friend, the member for Oxbridge), वेण्टवर्थको माननीय सदस्य वा सुश्री, श्रीमती * (The Noble Lady the member for Wentworth'—and so on) आदि।

सदस्यहरूको नाम लिई बहसगर्दा कुरा व्यक्तिगतजस्तो पनि हुने र साथै त्यसले गरमा गरम बहसमा सदस्यहरूको मनमा उत्तेजनापनि चढ़नजाने सम्भव हुन्छ। अर्कोतिर

---

* हाम्रो सदनमा महिलाहरूलाई पनि 'सदस्या' नभनी 'सदस्य' नै भन्ने अध्यक्षले व्यवस्था (Ruling) दिनु भएको थियो। कारण, सदनको सदस्यता पद-मर्यादा हो! सामान्य जातिवाचक संज्ञा (Common Noun) होइन।

सम्बोधनमा अधिकाधिक सम्मानसूचक पदावलीको प्रयोगले गर्दा आलोचनाको कटुता धेरैजसो हट्न जान्छ र साथै सदनको गम्भीरता र गौरव-वृद्धिमा पनि यो सहायक हुन्छ।

संसद्मा प्रत्येक कुरा मतदानद्वारा निर्णय गरिन्छ। यस कारण प्रत्येक विषयको बहसको निर्णय "हुन्छ" वा "हुन्न"-द्वारा गरिन्छ। बहसको अन्तमा अध्यक्षले भन्दछन्— 'जो माननीय सदस्य यस प्रस्तावको पक्षमा हुनु हुन्छ, उहाँहरूले "हुन्छ" भन्नु होला र जो यस प्रस्तावको विरोधमा हुनु हुन्छ, उहाँहरूले "हुन्न" भन्नु होला। यति बुझाएर अध्यक्षले फेरि भन्दछन्— जो माननीय सदस्य यस प्रस्तावको पक्षमा हुनु हुन्छ उहाँहरूले कृपया "हुन्छ" भन्नु होस्। प्रस्तावका पक्षमा भएका सदस्य-हरूले आफ्नू आसनमै वसी एक स्वरले "हुन्छ" भन्दछन्। अनि अध्यक्षले फेरि भन्दछन्— 'अब जो माननीय सदस्य यस प्रस्तावका विरोधमा हुनु हुन्छ उहाँहरूले कृपया "हुन्न" भन्नु होस्। प्रस्तावका विरोधी सदस्यहरूले उसै गरी "हुन्न" भन्दछन्।

अध्यक्षले "हुन्छ" र "हुन्न" आवाजको बलाबलको विचार गरी भन्दछन्—मलाई त 'हुन्छ' (अथवा हुन्न) नै बढ़ी-जस्तो लाग्यो ("I think the Ayes have it", or "I think the Noes have it.")

कुनै सदस्यलाई आपत्ति भए नम्रतासाथ *यसो* होकि भन्दछ। अनि अध्यक्षले मत विभाजन ( Division of votes ) को यो 'ध्वनि-पद्धति' ( vote by voice ) भन्दा अझै स्पष्ट पद्धति अपनाउँछन्— अध्यक्षले भन्दछन्— जुन माननीय सदस्य यस प्रस्तावका समर्थक हुनुहुन्छ उहाँहरू कृपया एक छिन आफ-आफ्ना ठाउँमै उभिदिनुहोस्। सदस्यहरूले *यसो* गरेपछि हाम्रो सल्लाहकार सभामा सेक्रेटरीले उभिएका सदस्यहरूको संख्या लिनु हुन्थ्यो।

यसपछि अध्यक्षको आदेशानुसार ती सदस्य बस्तछन्। अनि फेरि अध्यक्षले उसै गरी प्रस्तावका विरोधी सदस्यहरूलाई उभिने अनुरोध गर्दछन्। उभिएपछि उनीहरूको संख्यापनि सेक्रेटरीले टिपेर अध्यक्षलाई सूचित गर्दछन्, र अध्यक्षले प्रस्तावको पक्षमा *यति* र विपक्षमा *यति* रहेछ भनी सदनलाई सूचित गर्दछन्। चाहेमा कसैले आपत्ति गर्न सक्ने अवसर दिई अध्यक्षले फेरि भन्दछन्— मत-गणनाअनुसार यो प्रस्ताव स्वीकार (वा अस्वीकार) भयो। यस कुरालाई अध्यक्षले फेरि दोहऱ्याउँछन्।

यस प्रकारको मत गणनामा कसैलाई सन्तोष नभए अध्यक्षले अन्तिम निर्णय दोहऱ्याउनु भन्दा अगावै कुनै सदस्यले खड़ा भएर एक पटक अझै राम्ररी चित्त बुझाउन पाए हुने थियो भनी अनुरोध गर्न सक्तछ।

यस्तो खण्ड परेमा अध्यक्षले सदस्यहरूका पक्षको विभाजन (Division)-को पद्धति अपनाउँछन्। सदनमा घण्टी बज्दछ। घण्टीको आवाज सुन्नासाथ यत्र तत्रबाट सदस्यहरू तुरुन्त आफ-आफ्ना आसनमा बस्न आउँछन्। यसको निमित्त छोटो अवकाश दिएर अध्यक्षले सदनका ढोका बन्द गरिदिने आदेश दिन्छन्। अब सदनमा कुनै सदस्य पस्न वा बाहिर निस्कन पाउँदैन। अनि अध्यक्षले उठेर भन्दछन्— जो माननीय सदस्य यस प्रस्तावका पक्षमा हुनुहुन्छ उहाँहरू कृपया यतातिर आई बस्नु होस, र जो माननीय सदस्य यस प्रस्तावका विपक्षमा हुनुहुन्छ उहाँहरू कृपया यतातिर आई बस्नु होस्।

यसरी मत विभाजित भएपछि हाम्रो सदनमा सेक्रेटरीले सदस्यहरूको मुद्रित नामावलीको सूची लिएर एक सूचीमा समर्थक र अर्को सूचीमा विपक्षी सदस्यहरूको नाममा यसै गरी चिन्ह लगाई गणना र आवश्यक परेमा सदस्यहरूको हस्ताक्षरसमेत गराउँदथे। गणनाको परिणाम अध्यक्षले सुनाउनु हुन्थ्यो।

ब्रिटिश हाउस अफ् कमन्समा ध्वनिद्वारा मत गणनाले चित नबुझे सोझै मत विभाजन (Division) गरिन्छ।

यसरी मत विभाजन हुँदा-हुँदै कुनै सदस्यले तटस्थ बस्न पाउनन। उसले कुनैनकुनै पक्षमा मत दिनै पर्दछ।

माथि नै भनेअनुसार संसदमा बहुतै शिष्टतापूर्वक आचरण गर्नु पर्दछ। सदनमा मूर्ख, झुट्ठा, बदमाश आदि जस्ता असंसदीय ( Unparliamentary ) शब्दको प्रयोग आपत्तिजनक र दण्डनीय पनि हुन्छ। ब्रिटिश पार्लियामेण्टमा त यस्ता असंसदीय शब्दको सूची नै खड़ा गरिएको छ। त्यस्ता शब्दको प्रयोग गरिएमा सदस्यले खेद व्यक्त गरी त्यसलाई फिर्ता लिनु पर्दछ। नत्र भने अध्यक्षले उसलाई लज्जित पार्ने संसदीय दण्ड-व्यवस्था गर्न सक्तछ।

संसदमा पेश भएका अनेक कुरामा सदस्यहरू धेरै छलफल, विचार, परामर्श र संशोधन गर्न चाहन्छन्। परन्तु, संसदको नियम र शिष्टाचार एवं त्यसमा भएको कामको भीड़ले यो कुरो सम्भव हुन कठिन हुन्छ। अतः यस्ता विषय आएमा सदनले नै सदस्यहरूको कमिटी बनाई सो विषय त्यहीं छलफल र संशोधित गराएर फेरि पेश गराउने व्यवस्था गर्दछ।

'कमिटी' २।४ जना विशेष जानकारी राख्ने सदस्यहरूको पनि हुन सक्तछ, धेरैको पनि हुन सक्तछ, र आवश्यकता भए पूरा सदनकै पनि हुन सक्तछ।

'कमिटी'-को वास्तविक अर्थ त्यो व्यक्ति हुन्थ्यो जसलाई कुनै काम सुपुर्द ( Commit ) गरिन्थ्यो। एकभन्दा बढ़ी मानिस भए त्यसै शब्दको बहुवचन द्योतक (Committees) शब्दप्रयोग

गरिन्थ्यो । परन्तु, पछि-पछि एक वचनकै प्रयोगले यस्ता व्यक्तिहरूको समूह भएको निकायको बोध हुनलाग्यो ।

कमिटीको बैठक संसद-भवनकै भित्र कुनै छुट्टै कोठामा हुन्छ । त्यसको आफ्नू छुट्टै सभापति ( Chairman ) हुन्छ । कमिटीमा निर्णय भएका विषय सभापतिले सदनमा अध्यक्षलाई सम्बोधित गरी पेश गर्दछ र त्यसमा सदनले नियमानुसार विचार गर्दछ । त्यस विषयमा कमिटीमै आवश्यक छलफल र संशोधन भइसकेकोले सदनमा त्यो स्वीकार हुन विलम्ब लाग्दैन ।

संपूर्ण सदनकै कमिटी (Whole House Committee) बन्दा स्पीकर सदन छोड़ी बाहिर जान्छन् । कमिटीका सभापति ( Chairman ) ले सेक्रेटरी ( ब्रिटि शहाउस आफ् कमन्समो भए Clerk of the House )- को आसनमा बसी सभाको संचालन गर्दछ । पुनः अध्यक्ष ( Speaker ) पदासीन भएपछि अन्य कमिटीका क्रममा भएजस्तै सभापतिले आफ्नू कमिटीको निर्णीत विषय अध्यक्षलाई रीत पूर्वक जाहेर गर्दछ । अनि सदनले त्यसमा नियमानुसार कारवाई गर्दछ ।

मध्य कालमा राजा र हाउस अफ् लर्ड्स सित ब्रिटिश हाउस अफ् कमन्सको द्वन्द्व चलिरहेको बखतदेखि कमिटी बनाई छलफल गर्ने प्रथा चल्यो । कुनै-कुनै सदस्य वा अध्यक्षले

नै अमुक-अमुक सदस्यले यसो-यसो भने भनी राजा वा लर्डलाई सूचित गरी काममा बाधा पार्ला अथवा राजा लर्डको क्षति गराउने मन्सूबा गरेको चुग्ली हाल्ला भन्ने डर केही विश्वस्त सदस्यहरूको कमिटी बनाउने प्रथा चलेको थियो परन्तु, कमिटी बहस छोट्ट्याउने, समय बचत गर्ने दृष्टिले पनि महत्त्वपूर्ण भएकोले अघिको संघर्षको जमाना बितीसके तापनि त्यो संसदीय पद्धतिको एक उपयोगी अङ्ग बन्नगएको छ।

अध्यक्ष र राजाको सम्पर्कको आशंकाले अध्यक्षलाई मात्र हटाई सम्पूर्ण सदनको कमिटी बनाउने जुन प्रथा हाउस आफ् कमन्समा चल्यो त्यो आज अन्य प्रजातान्त्रिक देशहरूमा पनि महत्त्वपूर्ण विचार-विमर्शको निमित्त अपनाइएको छ।

ब्रिटिश हाउस अफ् कमन्सको सदस्यताबाट राजीनामा दिन पाइन्न। परन्तु सदस्यताबाट कोई मुक्त हुन चाहन्छ भने उसले नार्थस्टेड्को स्टिवार्ड ( The Stewardship of Northstead ) अथवा चिल्टर्न हण्ड्रेड्स् ( The Chiltern Hundreds )-मा बहाली पाउँभनी राजाकहाँ दर्खास्त दिन्छ। ती पद अघि काम लाग्ने भए तापनि अचेल धेरै समयदेखि बेकामका छन् र तिनमा वेतनपनि वर्षको केही पैसा (Pence)-मात्रको छ। यसको तात्पर्य यो हो कि पार्लियामेण्टको सदस्यले सरकारी नोकरी गर्नहुन्न अथवा निजामती सेवामा भएका सरकारी कर्मचारीले पार्लियामेण्टको सदस्यता पाउन्न।

ब्रिटिश हाउस अफ् कमन्सको चलन अपनाई हाम्रो सल्लाहकार सभामा पनि मतदाता सदस्यले मतदानको अवसरमा सदनमा खुद रुजू हाजिर रहने नियम चलाइएको थियो। फ्रेञ्च विधान (French Constitution)-को निर्माण भने यस प्रकार गरिएको छ, जसअनुसार संसद्मा मतदानको अवसरमा अनुपस्थित रहेका सदस्यको मत (Vote) पनि पार्टीका नेताले नै दिए हुन्छ। ब्रिटिश हाउस अफ् कमन्समा कुनै सदस्यले केही समयको निमित्त विदा लिन चाहेमा विरोधी पक्षको कुनै सदस्यसित उसले त्यति अवधिसम्मको निमित्त आफ्नू मत नदिने गरी मिलाए हुन्छ। यस प्रकार विदा लिएको सदस्यको अनुपस्थिति मा उसको पक्षको जुन मतको कमी हुन्छ विरोधी पक्षको सहमत सदस्यले पनि आफ्नू मत नदिएकोले त्यसको पूर्ति हुन जान्छ। यस प्रकार जोड़ा लागेको कुनै सदस्यले आफ्नू वचन भंग गरी मतदान दिएमा सदस्यहरूको नैतिकताको रक्षा गर्न अध्यक्षले त्यस्तो एकतर्फी मतलाई खारेज गरिदिन सक्तछन्।

सल्लाहकार सभामा अध्यक्षको दायाँ बायाँ र सामने सदस्यहरूका लामा-लामा कुशनवाला (Cushioned) बेंच थिए। एक बेंचमा चार जनाको सीट थियो। दाहिनेतिरका सोटमा मन्त्रिमण्डलका सदस्यहरू बस्ने गर्दथे— सर्व प्रथम सदनका नेता, अर्थात् प्रधान मन्त्री र अनि अरू मन्त्रीहरू बस्तथे। उनीहरूको अगाडि लामू टेबुल थियो, जसमा उहाँहरू

आफ्ना कागज-पत्र, फाइलहरू र माइक्रो फोन राख्नु हुन्थ्यो। यसलाई 'सरकारी-पक्ष' ( Treasury Bench ) भन्दथे। मन्त्रिमण्डलको कमसेकम एउटा सदस्यले सरकारी बेंच कहिले पनि छोड्न हुँदैन थ्यो। सरकारी पक्षमा सीटको एउटै लहर थियो।

ट्रेजरी बेंचदेखि पश्चिम तीन-तीन लहर ( Rows )-मा उस्तै बेंचहरू थिए। इनको अगाडि टेबुल थिएन। इनमा सदस्यहरू बस्तथे। अध्यक्षको सन्मुख सदनको यिनको पल्लोपट्टि पनि यसै क्रमले बेंच थिए। तिनको बीचमा अलिकति बाटो छोड़िएको थियो, जसबाट सदस्यहरू आउने-जाने गर्दथे। बायांपट्टि पनि यही क्रम थियो। बायांपट्टिको सबभन्दा पहिलो आसनमा उपाध्यक्ष बस्नु हुन्थ्यो, अनि विरोधीहरू बस्नु हुन्थ्यो। संख्या सीमित भएकोले हाम्रो सदनमा विरोधी-पक्षलाई वैधानिक मान्यता प्राप्त हुन नसकेको कुरा माथिनै उल्लेख भइसकेको छ।

सरकारी सदस्यको सीट ( Treasury Bench )-को पछाड़ि मन्त्रालयका सेक्रेटरीहरू बस्तथे। उनीहरू सदनभन्दा बाहिर मानिन्थे। अतः उनीहरूले सदनको कारवाइमा भाग लिन पाउन्नथे। परन्तु, सदनमा चलेको छलफल अथवा प्रश्नोत्तरमा आफ्ना विभागीय मन्त्रीलाई कुनै किसिमको सूचना वा तथ्य चाहिएमा उनीहरूले पछाड़िबाट काने खुसी गरी भनिदिन्थे। त्यसै गरी सदनको बायां भागमा विरोधी-

हरूका आसनको पछाडि पत्र-प्रतिनिधिहरूको स्थान थियो। अनि, सदस्यहरूको पछाडिको स्थानमा सदनको सीमाबाहिर दर्शकहरू ( Visitors )-को निमित्त स्थान थियो। भवनको माथिल्लो भागमा रहेको बार्दली ( Balcony )-बाट पनि दर्शकहरूले सदनको कारवाई हेर्दथे। ब्रिटिश हाउस अफ् कमन्समा सदनको माथिल्लो भागमा मात्र बाहिरियाहरूको निमित्त स्थान राखिएको छ। प्रवेश-पत्रबिना बाहिरियाहरू सदनभित्र आउन पाउन्नन्। सल्लाहकार सभामा प्रवेश-पत्र दिने छुट्टै आफिस थियो र उतैबाट कुनै सदस्यको सिफारिशमा प्रवेश-पत्र दिने व्यवस्था थियो।

सदनको सीमा बाहिर बसेका सरकारी कर्मचारी, पत्र-प्रतिनिधि तथा जुनसुकै दर्शकले पनि सदनको कारवाइमा कुनै किसिमबाट भागलिन अथवा हस्तक्षेप गर्न पाउन्न— न उनीहरूले ताली बजाई हर्षध्वनि नै गर्न पाउँछन्, न कुनै कुरामा विरोध वा धिक्कार नै व्यक्त गर्न सक्तछन्।

कुनै-कुनै अवसरमा सदस्यहरूको इच्छानुसार संसदको गोप्य बैठकपनि हुन्छ। यस अवसरमा सदस्यहरूबाहेक अरू कोई पनि सदनभित्र बस्न पाउन्न। यस्तो गोप्य बैठक हुनु पर्छ भन्ने विचार भएमा कुनै सदस्यले उठी यसको प्रस्ताव राख्नु पर्दछ र अध्यक्षले सदनको निर्णय ली त्यसको व्यवस्था गराइदिन्छन्। यस्ता बखतमा सारा बाहिरिया मानिसले सदन छोडी निस्क-

दिनु पर्दछ। सदस्यहरू, सेक्रेटरी अथवा क्लार्क अफ द हाउस (Clerk of the House) आदि सदनकै अत्यावश्यक अफिसर-बाहेक त्यहाँ अरू कोई बस्न पाउन्न।

यस्तो बैठक गराउने उद्देश्य भए ब्रिटिश पार्लियामेण्टमा एउटा अर्को परम्परागत प्रथा चलिआएको छ। एउटा सदस्यले उठेर भन्दछ—*म बाहिरिया मानिसहरूलाई देख्तछु* (I spy strangers)! राजा र लर्ड्सूसित हाउस अफ् कमन्सको दुर्भाग्यपूर्ण संघर्ष चलेको विगत युगको प्रतिध्वनि यस भनाईमा भेटिन्छ। यो सुन्नासाथ सर्जेण्ट-एट्-आर्म्स्-ले आफ्ना मानिस लगाई सारा बाहिरिया मानिसलाई सदनबाहिर पठाउन लगाउदिन्थे।

यस्तै एक अवसरमा गत शताब्दीको अन्ततिर ब्रिटिश हाउस अफ् कमन्समा एउटा ज्यादै अप्रिय घटना भयो। तिनताक आयरलैण्डमा स्वाधीनताको निमित्त संघर्ष चलिरहेको थियो। परिणामस्वरूप पार्लियामेण्टमा रहेका प्रत्येक आयरिश सदस्यले सदनको कारवाईमा बाधा पार्ने चेष्टा गरिरहन्थे। यसो गरी उनीहरू ब्रिटिश शासनप्रति आयरिश जनताको विरोध-भाव व्यक्त गर्दथे।

जुन दिनको चर्चा यहाँ हुँदैछ त्यस दिन हाउस अफ् कमन्सको कारवाई हेर्न आएका अनेक विशिष्ट व्यक्तिमध्ये

ब्रिटेनका युवराजाधिराज (Prince of Wales) पनि थिए। एउटा आयरिश सदस्यले उठेर भन्यो– I spy strangers (म बाहिरिया मानिसलाई देख्तछु)! परिणामस्वरूप नियम-बमोजिम सर्जेण्ट-एट-आर्म्स र उसका मानिसले सबै दर्शकका साथ युवराजाधिराजलाई सदनबाहिर निकालिदिनुपऱ्यो। यस दुर्घटनापछि हाउस अफ् कमन्सको यस चलनमा परिवर्तन गरियो। अब कसैले (I spy strangers) म बाहिरिया मानिस-लाई देख्तछु भनेमा त्यस कुरालाई सदनमा पेश गरी बहुमतले बाहिरिया मानिस देखिए वा नदेखिएको कुरा निर्णय गर्नु पर्दछ। र, अनिमात्र बाहिरिया मानिसलाई निकाल्नु पर्ने वा नपर्ने कारवाइ गरिन्छ। परन्तु, यस प्रथालाई अपनाउदा पनि अनेक पटक बड़ा मनोरंजक घटना घटेका छन्। ई० १९५०–को ग्रीष्मकालीन अधिवेशनमा एक दिन तत्कालीन विरोधी पार्टीका नेता सर विन्सटन चर्चिल (Sir Winston Churchill) ले एका एक उभिई चारैतिर हेरेर भने— माननीय अध्यक्षज्यू, म यहाँ बाहिरिया मानिसलाई देख्तछु! परिवर्तित प्रथानुसार यो कुरा मतमा राखियो र जम्मा एक जनाको बहु-मतले निर्णय भयो कि सदनमा कोइ पनि बाहिरिया मानिस देखिदैन। भन्नु नपर्ला, दर्शकहरूको ग्यालरी भने त्यस समय खचाखच नै थियो !!

# अध्याय १०

## संसदीय स्वाधीनता

सल्लाहकार सभामा एक दिन बड़ो उत्तेजना देखिएको थियो— एक जना सदस्य श्री रत्नप्रसाद खरेलले अध्यक्षसित आई निवेदन गर्नु भयो— मलाई सरकारतर्फबाट पकड़ाउ गर्ने चेष्टा भइरहेको छ, मेरो संरक्षण होस्। रत्नप्रसाद खरेल प्रायशः सदनमा सरकारको विरोध गर्नु हुन्थ्यो। यस कारणपनि सरकारले उहाँलाई कुनै निहँले थुन-छेक गर्न चाहनु सम्भव थियो। अतः अध्यक्षले उहाँलाई भन्नु भयो— तपाईं चाहनु हुन्छ भने सदनभित्र बस्नुहोस्, प्रजातान्त्रिक देशमा सदस्यलाई प्राप्त सुविधानुसार तपाईंलाई यस सदनभित्र संरक्षण दिन सकिन्छ। परन्तु, मैले बुझ्दा यदि तपाईं कुनै फौजदारी अभियोगमा साबित भइसक्नु भएको छ र सरकारले त्यसैमा तपाईंलाई गिरफ्तार गर्न खोजेको छ भने यो संसदीय सुविधा तपाईंलाई प्राप्त हुन सक्ने छैन। श्री खरेलले विश्वास दिलाउँदै भन्नु भयो कि म कुनै किसिमको त्यस्तो फौजदारी अभियोगमा साबित भएको छैन। यसबारे श्री अध्यक्षले श्री प्रधान मन्त्रीसित सोद्धा उहाँले पनि रत्नप्रसादजी फौजदारी अभियोगमा साबित भएको मलाई थाह छैन र सरकारी अधिकारी उहाँलाई

गिरफ्तारै गर्न चाहन्छन् भने पनि किन गर्न चाहन्छन्, म जान्दिन भन्नु भयो।

यता यस्तो कुरा चल्दै थियो उता अनेक सदस्यसित श्री खरेललाई संसद भवनभित्र सुरक्षित राखिदिने अनुरोध गर्दै थिए। श्री अध्यक्षले अन्तमा आफूले दिएको आश्वासनलाई क्रियात्मक रूप दिदै स्वयं बाहिर जाने इच्छा प्रकट नगरेसम्म श्री खरेललाई संसद भवनभित्रै सुरक्षित रहन दिने व्यवस्था मिलाईदिनु भयो।

यस प्रकारका विशेष-विशेष संसदीय सुविधा प्राप्त गर्न अनेक वीरहरूले प्राणोत्सर्ग गर्नु परेको छ। तिनै वीरहरूको पवित्र रक्तले प्रजातन्त्रको बरुवालाई हुर्काएको छ। यस्ता वीर एक-देशीय हुन्नन्। ती जहाँ जन्मुन् चाहे जहाँ संघर्ष गरुन्, जहाँ शहीद हुन्, तिनको वलिदानले तिनको सिद्धान्तलाई नै बलियो पार्दछ, अनि उनीपछिको समाज— चाहे उनको आफ्नै देशको होस्, चाहे संसारको अरू कुनै कुनाको होस्, उनको बलिदानको फलको उपभोग गर्दछ। यो सिद्धान्त नजीरको रूपमा सर्वत्र मान्य हुन्छ। प्रजातन्त्रवादका महान् योद्धाहरूमध्ये दुइ एकको आदर्श वृत्तान्त प्रस्तुत गर्नु अप्रासंगिक हुने छैन।

महारानी प्रथम एलिजाबेथ अविवाहिता नै मरिन्। उनको विवाहको कुरालाई लिएर हाउस अफ् कमन्समा बराबर

बहस भइनैरहन्थ्यो। कारण, एलिजाबेथभन्दा अघि धार्मिक संघर्षमा परी अनेकले भयानक यातना सहँदै प्राण विसर्जित गर्नु परिसकेको थियो र ब्रिटिश जनता एलिजाबेथपछि फेरि अर्को कुनै क्याथलिक (Catholic) मतावलम्बीलाई इङ्गलैण्डको राज सिंहासनमा बसाली अघिको हत्याकाण्डको पुनरावर्तन गराउन चाहन्नथ्यो। अतः एलिजाबेथको विवाह केवल एउटी नारीको व्यक्तिगत प्रश्न थिएन। त्यसमा धार्मिक र त्यसको आधारमा राज़नीतिक एवं राष्ट्रीयताको पनि कुरा समाविष्ट थियो। उता अहंकारी र गर्वीलो एलिजाबेथ आफूनू विवाहको प्रश्न साधारण जनताको बीच छलफलको विषय भएको कहिले रुचाउँथिन्? ट्यूडर (Tudor) राजवंशको दर्प र स्वेच्छाचारिता ब्रिटिश इतिहासमा प्रसिद्ध छ।

एलिजाबेथले बराबर रोपपूर्वक मनाही गर्दागर्दैपनि ल्याम्बर्ट र पिटर वेण्टवर्थ जस्ता निर्भीक व्यक्तिले पार्लियामेण्टमा उनको विवाह र उत्तराधिकारीबारे छलफल गर्न छोड़ेनन्। अन्तमा २५ नवम्बर सन् १५६६ ई–मा एलिजाबेथले पार्लियामेण्टमा जे कुरा पनि बहस र निर्णय गरे हुन्छ भनी अंगीकार गर्नै पऱ्यो। संसदलाई पूर्ण रूपले वाक्स्वतन्त्रता (Freedom of speech) छ भन्ने सिद्धान्त यसद्वारा मान्य भयो।

परन्तु, जनवरी सन् १५६७ ई०–मा नयाँ चुनावको निमित्त पुरानू पार्लियामेण्टलाई भङ्ग गर्दा एलिजाबेथले हाउस

अफ् कमन्सको आलोचना गर्दै भनेको थिइन् कि पार्लियामेण्टले त्यस पटक नचाहिंदो कुरामा मात्र समय खेरहाल्यो। सदनको वाक् स्वतन्त्रतामाथि यसरी आक्षेप भएको कुरा पिटरवेण्ट-वर्थजस्ता सदस्यलाई कहिल्यै पनि सह्य थिएन। पिटरवेण्टवर्थ पॉल वेण्टवर्थका भाई थिए। दाज्यूले पहिलो पार्लियामेण्टमा जस्तो निर्भीकता देखाएका थिए, भाई त्यसभन्दा किन पछि रहन्थे!

सन् १५७५ ई०-मा उनी फेरि पार्लियामेण्टका सदस्य निर्वाचित भएर आए। उनले पहिले नै एउटा भाषण तयार गरिसकेका थिए। सन् १५७५ ई०-को ८ फर्बरीको दिन सदनमा उनले त्यो लिखित ऐतिहासिक भाषण बाँचेर सुनाए। उनले भनेका थिए— माननीय अध्यक्ष, मैले एउटा सानु पुस्तकमा यी प्रभावोत्पादक कुरा लेखेको देखेको छु— *"स्वाधीनताको नामै पनि प्यारो हुन्छ, परन्तु झन् त्यो स्वयं त एउटा यस्तो मूल्य-वान वस्तु हो जसलाई कुनै पनि दौलतले भेटाउन सक्तैन"* (Mr. Speaker, I find written in a little volume these words in effect, "Sweet is the name of liberty, but the thing itself a value beyond all inestimable Treasure.)। अनि यसको व्याख्या गर्दै उनले भने कि पार्लियामेण्टको काम घातक ऐनहरूलाई खारेज गर्दै उपयोगी ऐनहरू बनाउनु हो। जबसम्म पार्लियामेण्टमा बोल्ने पूर्ण स्वाधीनता हुन्न तबसम्म यो पवित्र कर्तव्य पूरा हुनै सक्तैन।

पूर्ण वाक्-स्वतन्त्रता बिना यसलाई 'पार्लियामेण्ट भवन' भन्नु नै यसको उपहास गर्नु हो। यहाँ त शैतान र त्यसका गणको उपासना सुहाउला *। अनि उनले मुक्तकण्ठले रानी एलिजाबेथ र उनका मन्त्रीहरूको भर्त्सना गर्दै भने— सारा कुरा कानून-द्वारा नै नियन्त्रित गर्नु पर्दछ किनकि 'कोई पनि दोषहीन छैन, यहाँसम्म कि, महारानी पनि हुनुहुन्न' [Nc one is without fanlt, not our Queen]।

पिटर वेण्टवर्थको एक-एक शब्दमा पार्लियामेण्टका सदस्यहरूको हृदय उद्वेलित थियो। परन्तु, आफ्ना मनमा रहेका तिनै भावलाई व्यक्त गर्ने साहस कसैमा थिएन। त्यस समय त्यो एउटा भयानक दुःसाहस थियो।

असह्य भएर अध्यक्षले उठेर पिटर वेण्टवर्थलाई अनुशासित हुने आज्ञा दिए। परन्तु, पिटरले भाषण सिध्याइसकेका थिए।

अब आइपर्ने सम्भावित कुराको विचार गर्दा अनेक सदस्यहरूको होश गुम भयो। अध्यक्षको अवस्था त झन् खराब थियो।

---

* "A mockery to call it a Parliament House. A fit place to serve the Devil and his angels in."

सदनको आज्ञानुसार सर्जेण्ट-एट-आर्म्स्ले पिटर वेण्टवर्थलाई गिरफ्तार गऱ्यो। सदस्यहरूकै एक कमिटीले उनी माथि अभियोग चलायो। अध्यक्षले उनलाई अपराधी ठहराई फैसला सुनाए— पिटर वेण्टवर्थलाई कैदको सजाय दिइयो। उनी राजनीतिक कैदीहरू थुनिने भयानक र रहस्यमय कैदखाना टावर (Tower)-मा कैद गरिए। मुद्दा चल्दा पनि उनले जुन निर्भीकता देखाई संसदीय मर्यादा राखे त्यो प्रजातान्त्रिक इतिहासको एक सुनौला घटना हो।

परन्तु, एलिजाबेथ यस्ता मामलामा ज्यादै सिपालु थिइन्। मार्च १२ तारिखको दिन उनको गार्डको कप्तानले आएर संसद्लाई सूचित गऱ्यो कि सदनको इच्छा भए वेण्टवर्थलाई महारानीबाट कारामुक्त गरिन्छ।

सदनले बड़ो हर्षकोसाथ यस महती अनुकम्पालाई स्वीकार गऱ्यो। पिटर वेण्टवर्थलाई सर्जेण्ट-एट-आर्म्स्ले सदनको बार (Bar) अगाड़ि ल्याई खड़ा गरे। अध्यक्षले उनलाई बेसगरि हपकाउँदै महारानीको महान र उदारतापूर्ण दयाको उल्लेख गरेर उनी स्वच्छन्द रूपमा छाड़िएको आज्ञा सुनाए।

परन्तु, विद्रोही वेण्टवर्थ—परिवारले किन नसीहत लिन्थ्यो। सन् १५८१ ई०-मा पिटर वेण्टवर्थका दाज्यू पाल

वेण्टवर्थले फेरि उत्पात मचाए। उनले २१ जनवरी १५८१ ई० मा सदनमा एउटा प्रस्ताव राखी सार्वजनिक रूपमा उपवास गरी प्रार्थना र धर्म-प्रचार गर्ने निर्णय गराए। यो निर्णय १०० को विरूद्ध ११५ भोटले भएको थियो।

यो भारी अपराध थियो। कारण, धर्माधिकार सम्पूर्णतः रानीमै सुरक्षित थियो। पाल वेण्टवर्थको प्रस्तावले शाही अधिकारमा खलल पाऱ्यो र धार्मिक बिषयलाई पनि आफ्नू अधिकारसीमाभित्र लियो। स्वभावतः रानी एलिजाबेथको क्रोधको सीमा रहेन। सदनभित्र पनि भारी गोलमाल मच्यो। कार्लटन् नामक एक जना सदस्यले उठेर सदनलाई पूर्ण स्वाधीनता भएको कुरा गर्न चाहे। किन्तु, अध्यक्षले अनुमति दिएनन्। पार्लियामेण्टले लाचार भई चुपलाग्नु पऱ्यो। पार्लियामेण्टको यो भारी पराजय थियो।

यसपछि पॉल त चुपलागे, पिटर वेण्टवर्थमा रहेको क्रान्ति भावना चाहिं पराजित हुन सकेन। १ मार्च १५८६ ई०-को दिन उनले केही समस्याहरू लिखित रूपमा अध्यक्षलाई दिंदै सदनमा तिनको विचार हुनु पर्दछ भन्ने प्रस्ताव राखे। उनलाई केही सदस्यहरूले सहयोगको वचनपनि दिएका थिए। तर, मौकामा एलिजाबेथको क्रोधको मुकाबिला गर्न ठडि जमामर्द कम्ति नै भए।

पिटरले उठाएका समस्या पार्लियामेण्टको स्वाधीनता-

विषयक नै थिए। उनले सदनमां भएका चाहिने-नचाहिने कुरा लगी रानीसित लाउने मानिसमाथि मुद्दा चलाउने पनि अनुरोध गरेका थिए। रानीको कोपको डरले अध्यक्षले कुनै सदस्यलाई बोलनबाट वर्जित गर्न सक्छ वा सक्तैन भन्ने पनि उनको एउटा प्रश्न थियो।

अध्यक्षले ती समस्याहरू सदनको सम्मुखै राखेनन्। उनले लगाएको चुगलीअनुसार पिटर वेण्टवर्थ गिरफ्तार गरिए र उनी फेरि टावरमै कैद गरिए। पाँच वर्षपछि उनी कारामुक्त भए।

वेण्टवर्थसित सरकारी अधिकारीहरू जङ्गिए तापनि प्रत्येक स्वतन्त्रताप्रिय व्यक्ति उनको आदर गर्दथ्यो। प्रत्येक पटक उनी चुनावमा जितेर पार्लियामेण्टमा आउँथे र प्रत्येक पटक उनी यसै प्रकार स्वतन्त्रताको निमित्त लड्दथे।

१५९३ ई०-मा उनले एउटा विधेयक पेश गरे। यस-अनुसार रानी एलिजाबेथले आफूनू उत्तराधिकारीको नाम घोषित गर्नै पर्दथ्यो। रानीको निमित्त यो असह्य थियो। भोलि-पल्टै पिटर वेण्टवर्थ टावरमा कैद गरिए। संसदीय स्वाधीन-ताको यो महान् सेनानी त्यहीं शहीद भयो।

परन्तु, शहीदका रक्त कसैले सुकाएर सुक्तैन। वेण्ट-वर्थ-परिवारका दाज्यू र भाइले स्वाधीनताको जुन संघर्ष छेड़ेका

थिए त्यसको उत्तराधिकार वहन गर्न उनीपछि जॉन इलियट (Sir John Eliot), हैम्पडेन् (Hampden), पिम (Pym) उनका सहयोगी हॉलिस (Hollis), स्ट्रोड (Strode) र हेजेलरिग् (Haselrigg) जस्ता निर्भीक व्यक्ति अघि सरे।

एलिजाबेथ ज्यादै बाठी थिइन्। कुन बखत झोकदेखाउनु पर्दछ र कुन बखत नरम व्यवहार गरेर आफ्नू मर्यादाको रक्षा गर्नु पर्दछ— उनले खूब जानेकी थिइन्। किन्तु, उनका उत्तराधिकारीको रूपमा जब स्टुअर्ट वंशी राजाहरू (Stuart kings) आए ट्यूडर वंशी शासकहरू (Tudor kings) ले राखिआएको सन्तुलन गड़बड़िंयो। स्टुअर्ट वंशको पहिलो राजा प्रथम जेम्स (James I) र उनका छोरा प्रथम चार्ल्स (Charles I)-को सम्पूर्ण जीवन नै पार्लियामेण्टसंग नाहक झगड़ा गर्दै बित्यो। प्रथम जेम्स त कुनै तरह काल-गतिले मर्न पाए। मूर्खताबश विचरा चार्ल्सले त्यो सौभाग्य पनि पाएनन्— पार्लियामेण्टको निर्णयद्वारा उनले प्राण अर्पण गर्नु पर्‍यो।

राजाको दैवी अधिकारको सिद्धान्त (Divine Right Theory)-को कट्टर समर्थक भएकोले प्रथम जेम्स पार्लियामेण्टको कत्ति वास्ता गर्दैनथे। परन्तु, पार्लियामेण्टले अर्थ विधेयक स्वीकार नगरेसम्म उनले कसरी खर्च चलाउने? उता पार्लियामेण्ट भने हाम्रा माँगहरूको पूर्ति नभए सम्म कुनै पनि अर्थ विधेयक पास गर्न हामी मंजूर छैनौं भन्दथ्यो। परिणामस्वरूप

प्रत्येक पटक कलहमात्र गरेर जेम्सले पार्लियामेण्टलाई विसर्जित गर्नु पर्दथ्यो । उनले कहिले त पर्याप्त लामू अवधिसम्म पार्लियामेण्टको बैठक नडाकी अरू-अरू उपाय गरी कुनै तरहले खर्च चलाउनु पर्‍यो । विवेकहीन व्यक्ति भएकाले उनी 'ईसाई संसारका सबभन्दा विद्वान् मूर्ख'- का नामले प्रसिद्ध छन् ।

जेम्सले पार्लियामेण्टको सदस्यहरूलाई स्पष्टै भने कि पार्लियामेण्टको प्रारम्भमा अध्यक्षमार्फत सदस्यहरूलाई जुन सुविधा ( Privileges ) प्राप्त हुन्छन् ती कुनै उनीहरूका जन्मसिद्ध अधिकारका कुरा होइनन्, राजाबाट इच्छा भएमा ती दिइएका कुरा मात्र हुन् ।

यस महत्वपूर्ण कुराको सम्मुख अरू सारा विषय सेलाए । दिसम्बर सन् १६२१ ई०-मा हाउस अफ् कमन्सले यसको विरोधमा एउटा प्रस्ताव पासगर्दै स्पष्ट घोषित गर्‍यो— पार्लियामेण्टका स्वाधीनता, मताधिकार, सुविधा र अधिकार-क्षेत्र प्राचीन कालदेखि नै इङ्गलैण्डको प्रत्येक रैतीको जन्मसिद्ध अधिकार र परम्परागत उपलब्धि हो जसमा कुनै विवाद उठ्न सक्तैन ( The liberties, franchises, privileges and jurisdictions of Parliament are the ancient and undoubted birthright and inheritance of the subjects of England ) ।

जेम्स जङ्गिएर स्वभावतः आगो भए । उनले हाउस अफ्

कमन्सबाट मिनिट बुक झिकाई उक्त विरोध-प्रस्ताव (Protest) लाई च्यातिदिए। आज पनि त्यो खण्डित मिनिट बुक वेस्ट मिनिस्टर दरबारमा सुरक्षित राखिएको छ।

यति काण्ड गरी उनले तुरुन्त पार्लियामेण्ट भंग गरिदिए। उक्त प्रस्तावका प्रस्तावक र समर्थक सदस्यहरू भोलिपल्टै गिरफ्तार भई टावरमा कैद गरिए। यिनमा सबभन्दा प्रसिद्ध जॉन पिम ( John Pym ) थिए। नौ महिना पछि तिनीहरू छुटे।

पैसाले ज्यादै खाँचो परेको हुनाले सन् १६२४ ई०-मा जेम्सले पार्लियामेण्ट नडाकी सुखै पाएनन्। उनले यसपालि अलि भद्रता पूर्वक नै व्यवहार गर्नु पऱ्यो। यस पार्लियामेण्टका एक जना सदस्य सर जॉन इलियटले गत पार्लियामेण्टमा घटेका दुर्घटनाहरूको तीव्र निन्दा गर्दै भने कि— सनातनकालदेखि चलिआएका संसदीय सुविधा र अधिकार ( Parliamentary privileges ) मा घाटा हुने कुरामा पार्लियामेण्ट कुनै किसिम-को संझौता गर्न तयार छैन।

यस पार्लियामेण्टले राजाप्रति आफ्नू पूर्ण वफादार भइआएको कुरामोथि फेरि जोर दिंदै भन्यो कि हाम्रा राजालाई नचाहिंदो काम गराउने सारा दोष मन्त्रीहरूकै हो। उनीहरू नै पार्लियामेण्टमा भएका असल कुरालाई पनि बंग्याएर राजा कहाँ चुगली हाल्छन। राजाबाट त वास्तवमा कुनै गल्ति हुन

सक्तैन (The King can do no wrong)। उनको नाममा सारा कुकर्म गर्ने गराउने त उनका लग्गूझग्गू नै हुन् । राजा सदैव हाम्रो निमित्त आदरणीय छन्।

पार्लियामेण्टले एक जना मन्त्री मिडल सेक्सका अर्ल (Earl of Middlesex)-माथि मुद्दा चलाई उसलाई अपधारी ठहराई पाँच हजार पाउण्ड जरिबाना गरेर पार्लियामेण्टको सदस्यता र जागीरबाट सदाको निमित्त निष्कासित गर्दै कैदसमेत गऱ्यो। पैसाको अत्यन्त खाँचो भइरहेकोले पार्लियामेण्टको यस निर्णयको विरूद्ध मुख्य मन्त्री (Chief Minister) ड्यूक अफ् बर्किंघम ( Duke of Buekingham )-ले चूसम्म बोलेनन्। जेम्सले पनि चुप लाग्नु नै श्रेयस्कर ठाने।

सन् १६२५ ई०-मा जेम्सको मृत्यु भयो र उनका छोरा प्रथम चार्ल्स (Charles I) गद्दीमा बसे। उनले पार्लियामेण्टलाई चलिआएको सब सुविधा र अधिकार दिएकोले त्यस विषयमा त कुनै टंटा परेन। तर, प्रथम जेम्सको समयमा आफूले भोग्नु परेको सारा अन्यायको छानवीन गर्न जब पार्लियामेण्टले विभिन्न कमिटीहरू खड़ा गऱ्यो, बखेड़ा शुरु भयो। यसका नेता सर जॉन इलियट जस्ता निर्भीक र बहादुर व्यक्ति थिए र उनको सन्मुख वेण्ट वर्थ-बन्धुको आदर्श थियो।

इलियटको नेतृत्वमा पार्लियामेण्टको संघर्ष वर्किंघम आदि

मन्त्रीसित चलन लाग्यो हाउस अफ् कमन्सले बर्किंघममाथि मुद्दा पनि चलायो, जसको कुनै वास्ता दुर्भाग्यवश राजाले गरेनन्--बरू उनले जनताका द्रोही अफिसरहरूलाई नै कारवी च्याप्ने भूल गरे। यस संघर्षमा अनेक पटक इलियट र उनका साथी-हरूले कैदपनि पर्नु पऱ्यो। यसले उनको यश र शक्तिमा झन वृद्धि गरायो।

यसै संघर्षको बीच पार्लियामेण्टले यो प्रस्ताव पनि पास गऱ्यो कि संसदभित्र भनिए वा गरिएका कुनै कुरामा बाहिरको कुनै पनि अदालतले कारवाइ गर्न सक्तैन। त्यसबारे जो गर्नुपर्ने संसदले आफै गर्दछ। यो एउटा ज्यादै ठुलो संसदीय सुविधा मानिन्छ। यस संघर्षको क्रममा पार्लियामेण्टले यो पनि निर्णय गऱ्यो कि पार्लियामेण्टलाई स्थगित गर्ने अधि-कार पार्लियामेण्टलाई नै छ।

पार्लियामेण्ट र राजाको संघर्ष यसपछि पनि टुंगिएन। पार्लियामेण्ट सदैव आफ्ना राजाको साथै जनप्रतिनिधिहरूको पनि पूर्ण सम्मान राख्न चाहन्थ्यो—यहाँसम्म कि उनीहरूले राजतन्त्र र पार्लियामेण्टकै मर्यादाको निमित्त राजासित गृह-युद्ध ( Civil war ) गरे। अनि त्यसपछि राजा र पार्लिया-मेण्टक निमित्त खेदपूर्वक चार्ल्स्लाई प्राणदण्ड पनि दिए। राजतन्त्रप्रति आफ्नू यस अद्भुत शक्ति-भावनालाई जस्तो-सुकै विकट परिस्थितिमा पनि व्यक्त गर्न पार्लियामेण्टले छोड़ेन।

किन्तु, मनुष्य आफ्ना वरिपरिका मानिसद्वारा प्रभावित हुन्छ र बहकाइन्छ। स्टुअर्टवंशी राजाहरूमा पनि यही भयो। ड्यूक अफ् बकिंघम (Duke of Buckingham)-जस्तो प्रमुख मन्त्री हेन्रिएटा मेरिया (Henrietta Maria)-जस्ती पत्नीको उत्तेजना नभएको भए उदार दयालु र सौम्य स्वभाव-को चार्ल्स्ले आफ्ना जनतासित झगडा गर्ने थिएनन् भन्ने कुरा वधस्थलमा उनले देखाएको अद्भुत सौम्य व्यवहारबाट पनि प्रकट हुन्छ। तर, हुने हुनामीलाई कसैले टार्न सक्तो रहेनछ। चार्ल्स् र पार्लियामेण्टको संघर्ष चल्दै रह्यो।

आखिरमा चार्ल्स्ले पार्लियामेण्ट विघटित गरिदिए र अनि ११ वर्षसम्म उनले पार्लियामेण्टको अधिवेशन बोलाएनन्।

पार्लियामेण्ट भंग भएको भोलिपल्टै इलियट र उनका प्रमुख साथी हॉलिस (Hollis) र अन्य सात जना सदस्य पक्ड़ाउमा परे। उनीहरूमाथि मुद्दा चल्यो। फलस्वरूप सर जॉन इलियटले त्यही पुरस्कार पाए जो संसारका महान क्रान्तिकारीहरूले पाउँछन्—टावर (Tower)-को कैद खानैमा नवेम्वर सन् १६३० ई० मा उनी शहीद भए!

× × ×

सन् १६४० ई० मा प्रथम चार्ल्स्ले फेरि बाध्य भएर पार्लियामेण्टको अधिवेशन आमन्त्रित गर्नु पऱ्यो। यस पार्लि-यामेण्टको शुरूदेखि नै पुरानू झगड़ाले अझै चर्को रूप लियो।

पार्लियामेण्टमा यस पटक जुन संघर्ष भयो त्यसका प्रमुख हैम्प्डेन ( Hampden ) र पिम् ( Pym ) थिए। उनका सर्व-प्रमुख सहयोगी थिए—हॅलिस ( Hollis ) स्ट्रोड ( Strode ) र हेजल्रिग् (Haselrigg)। यी ब्रिटिश इतिहासमा 'पाँच सदस्य' ( The Five Members )-को सामूहिक नामले विख्यात छन्। राजाका मुख्य मन्त्री स्ट्राफर्डका अर्ल ( Earl of Strafford )-उपर मुद्दा चलाएर प्राणदण्ड दिनमा पनि पिमकै-विशेष हात थियो। यस कारण राजा उनी र उनका सहयोगी-हरूदेखि अत्यन्त कुपित थिए र उनीहरूलाई मौका पाई विताउने प्रयत्न गर्दै थिए। पार्लियामेण्ट र राजाको यस विभेद-लाई माथि भनिएअनुसार राजाका समर्थक भारदार र विशेष गरी उनकी फ्रेञ्च पत्नी हेन्रिएट्टा मेरिया ( Henrietta Maria ) बढाउँदै थिइन्। हेनरिएट्टा मेरियाले त एक पटक चार्ल्स्को लाछीपनलाई धिक्कारदै भनेकी थिइन्—'कायर कहींको, तुरुन्त जाऊ र मेरो निमित्त ती दुच्चाहरूलाई कान पक-ड़ेर निकाली देऊ। सक्तैनौ भने मलाई मुख देखाउन कहिल्यै न आए ( Go you coward, and pull me these rogues out by the ears, or never see my face more )' ! एउटा पुरुषले आफ्नी पत्नीको यस्तो धिक्कारलाई कसरी सहन गर्न सक्थ्यो ! राजाको कोपाग्निमा घृताहुति परेमैं भयो।

३ जनवरी १६४२ ई०-को दिन पिमले बड़ा दुःखसाथ सदनलाई सूचित गरे कि राजकर्मचारीहरूले उनको निवासमा

जबर्जस्ती पसी उनो र हॅलिसका बाकस, उनको कोठा र अध्ययनकक्षमा तालचा मारी लाहाछापसमेत लगाई दिएका छन्। यसले राज-पक्षका मानिस बाहेक सारा सदस्य असाध्य रिसाए। झन् यसै अवसरमा राजपक्षको एउटा सदस्यले भन्यो यो कुनै आश्चर्यको कुरा होइन, किनकि त्यसै दिन हाउस अफ् लर्ड्समा मन्त्रीहरूले पिम र उनका अरू चार जना साथीमाथि भयानक राजद्रोह ( High Treason )-को अभियोग लगाइसकेका छन्। यस अवस्थामा उनका कोठा र कागज-पत्रमा लाहाछाप लगाउनु उचित नै छ।

संसदीय अधिकारलाई यो प्रत्यक्ष हाँक थियो। हुन त यस पटक पार्लियामेण्ट बसेदेखि नै नाना थरिका हल्ला फिंजाइएका थिए— कहिले भनिन्थ्यो, स्ट्राफर्डको रक्तको प्रतिशोध राजाले लिने नै छन्, कहिले भनिन्थ्यो हाउस अफ् कमन्सलाई सखाप पार्ने षडयन्त्र रचिंदैछ; कहिले सुनिन्थ्यो मन्त्रीहरूको विरोध गर्ने मानिसहरू झुण्ड्याइने छन् आदि आदि। तर, यस पालिजस्तो पार्लियामेण्टमाथि प्रत्यक्ष रूपले प्रहार अघि भएको थिएन। आशंकाले गर्दा ढोका थुनेर सदनको कारवाई गर्ने प्रथा चलाउनु पऱ्यो। जो आजसम्म पनि परम्परागत ढंगले चलिआएको छ।

पार्लियामेण्टले एउटा प्रस्ताव पास गऱ्यो, जसमा भनिएको थियो— कुनै पनि मानिसले कुनै पनि सदस्यको

बाकस, ढोका र कागज-पत्रमा लाहाछाप मार्नु अथवा उसलाई कैद गर्ने प्रयत्नगर्नु संसदीय सुविधा ( Parliamentary Privileges )-मा खलल पार्नु हो।

यसपछि हाउस अफ् कमन्सले आफ्नू सर्जेण्ट-एट-आर्म्स ( Sergent-at-Arms )-लाई तुरुन्त गई 'पिम' र हॅरिस' का घरमा मारिएको लोहाछाप तोड्दिने आज्ञा दिए।

यत्तिकैमा हाउस अफ् लर्ड्सको सर्जेण्टले हाउस अफ् कमन्समा आएर अध्यक्षसित राजाको हुकुमले तीं पाँच जना सदस्यहरूलाई भयानक राजद्रोह ( High Treason )-को अभियोगमा गिरफ्तार गर्न आफू आएको कुरा भन्यो। सदनले उसलाई बाहिर गई प्रतीक्षा गर्ने आदेश दियो। अनि यसबारे जुन किसिमको विचार-विमर्श सदनभित्र भयो होला, त्यसको अनुमान गर्न सकिन्छ। गिरफ्तार गर्न आएको सर्जेण्टले रित्तै फर्कनु पऱ्यो। हाउस अफ् कमन्सले यसबारे जे-जस्तो उत्तर पठाउनु पर्दछ, आफ्नै तरफबाट पठाउने निर्णय गरेको थियो।

पिम र उनका साथीहरूको कोठामा लाहाछाप मार्ने मानिसहरूको पत्ता लगाई हाउस अफ् कमन्सले आफ्नू सर्जेण्ट-एट-आर्म्सलाई नै पठाएर गिरफ्तार गर्ने प्रस्ताव पास गऱ्यो।

प्रतिनिधि सदस्यहरूले सदनको निर्णयबमोजिम राजा

सित भेटे । यद्यपि यस कुरा-कहानीमा केही समय लाग्यो र यस बिच अनेक छलफल र घटना पनि भए, स्थितिको गम्भीरतामा भने कुनै परिवर्तन आएन— दुवै पक्ष दृढतापूर्वक आफ–आफ्ना विचारमा अडिग थिए । यो दुबैको अस्तित्वको प्रश्न भइसकेको थियो ।

अन्ततो गत्वा ४ जनवरी १६४२ ई०–को दिन दिउसो ४ बजेको अन्दाजमा राजा चार्ल्स् ती 'बदमाश' ५ जना सदस्यलाई गिरफ्तार गरी लैजान दलबल सहित आफैं सदनमा आइपुगे । तर, शिकारी आइपुग्नु भन्दा अघिबाटै चरा भुर्र उड़िसकेका थिए— ती पाँच जना सदस्य गुप्ती बाटोबाट निस्की जल-मार्ग द्वारा लण्डन शहरभित्र लुकिसकेका थिए ।

सिपाहीहरू हातमा नंगी तरबार र भरिभराउ पिस्तोल लिएर 'हाउस अफ् कमन्सको उछित्तो होस् [ Plague take the House of Commons !] निउँ खोऊन्छन् भने झुण्डिन्छन् ( Let them be hanged if they will !)' कराउँदै हुरहुर्ति सदन भित्र पसे । यो अझै मूर्खतापूर्ण कुरा भयो ।

सदनबाहिर पटांगिनीमा आम जनताको उत्तेजित ठुलो भीड़ खड़ा थियो । भित्र भने ब्रिटेनको इतिहासको निर्माण भइरहेको थियो ।

सदनभित्र राजा पस्ने वित्तिकै सारा सदस्य सम्मानमा

टोपी फुकाली खड़ा भए। आफ्नू आसननजिकैं अध्यक्षपनि उभिए।

चार्लस् दुवै तिर फर्केर नियमानुसार शिर झुकाई सदस्यहरूको अभिवादन गर्दै सोझै अध्यक्षको आसनतिर लम्के। सदस्यहरूपनि त्यसै गरी रीतपूर्वक उनलाई प्रत्यभिवादन गर्दै थिए।

राजाले अध्यक्षसित भने— तपाईंको अनुमति भए, अध्यक्ष महोदय, तपाईंको आसन केही समयको निमित्त लिने थिएँ ( By your leave, Mr. Speaker, I must borrow your Chair a little )। अनि उनले उठेर चारैतिर नजर दौड़ाई आफ्ना शिकारलाई खोजे। परन्तु, त्यहाँ ती थिएनन्। अनि उनले सोधे— हलिस यहाँ छन्? कसैले उत्तर दिएन। अनि रिसाएर अध्यक्षतिर फर्कदै भने— यी मानिसहरू मध्ये सदनभित्र कोई छ कि छैन? तपाईं यहाँ कसैलाई देख्नु हुन्छ? कहाँ छन् यी?

अध्यक्ष नम्रतापूर्वक राजाको अगाड़ि घुँडाले टेकेर उभिए। एक क्षण उनले कुनै उत्तर दिएनन्। त्यसपछि उनले भने— "क्षमा होस् प्रभो, यस सदनको सेवक भएकोले सदनले नै आफ्नू इच्छानुसार मलाई आदेश नदिएसम्म नत मेरा आँखाले नै देख्न सक्छन् न यहाँ मेरो जिह्वाले नै बोल्न सक्छ ( May it

please your Majesty, I have neither eyes to see nor tongue to speak in this place, but as the House is pleased to direct me, whose servant I am here. )"'

यस उत्तारले त्यसपछि सदा नै प्रजातान्त्रिक मुलुकका संसदका अध्यक्षलाई कर्तव्य–पालनको बाटो देखाएको छ । यो उत्तार संसदीय प्रजातन्त्रवादीहरूको इतिहासमा अमर छ ।

यसको उत्तार राजाले बड़ो अधैर्यसाथ दिए— लौ, लौ भइगो । मेरो विचारमा मेरा आँखापनि कसैकाभन्दा कम्ति देख्ने छैनन् । आन उनले निकै बेरसम्म सदनमा यता–उति हेरे ।

सदनमा पूर्ण निस्तब्धता थियो । सदस्यहरूका मनमा भयानक क्रोधाग्नि दन्किरहेको थियो । परन्तु, कसैले पनि आफ्ना राजाप्रति एक रत्तिपनि अभद्रता देखाएन— सारा सदस्य सम्मानपूर्वक शिर झुकाएर खड़ा थिए ।

निराश चार्ल्स्ले अन्तमा भने अच्छा, चरा उड़िसकेका रहेछन् । यहाँ फर्की आउने बित्तिकै उनीहरूलाई म कहाँ हाजिर गराउला भन्ने आशा गर्दछु ।

हताश चार्ल्स बाहिर निस्के । बाटोमा एकत्रित भीड़ कराउँदै थियो— हाम्रो अधिकार, हाम्रो अधिकार !

भोलिपल्ट सुरक्षाको दृष्टिले हाउस अफ् कमन्सको बैठक लण्डन शहरभित्र गिल्डहॅल (Guildhall)-मा भयो। चार्ल्स् लेफेरि स्वयं आई सिटि काउन्सिल (City Council)-सित गिल्डहल-बाट उक्त पाँच जना सदस्यलाई गिरफ्तार गरी बुझाउने अनुरोध गरे। काउन्सिलका सदस्यले आफ्ना राजाको भव्य स्वागत गरे, तर उनको मांगको कुनै उत्तर दिएनन्, यो सैद्धान्तिक द्वन्द्व थियो।

बाहिर ठुलो जन–समूह एकत्रित भइसकेको थियो। जनताले— हाम्रो अधिकार ! हाम्रो अधिकार !! भनी लगाएको नाराको बीचबाट क्रुद्ध चार्ल्सले गुञ्जनु पर्‍यो।

जनताको अधिकारको मागलाई दुर्भाग्यवश चार्ल्स्ले आफ्नू अपमान ठाने। अब लण्डनमा बस्नु उनलाइ सह्य भएन। १० जनवरी १६४२ ई०-मा उनले लण्डन छोड़िदिए। चार्ल्सको लण्डनबाट यो अन्तिम विदाइ थियो।

यसपाछको वृत्तान्त इतिहासको विषय हो। यहाँ त्यसको वर्णन प्रयोजनीय छैन। परन्तु, यी संघर्षहरूको बीच संसदले आफ्नू जुन अधिकार प्राप्त गर्‍यो त्यो देश र कालको परिधि नाघी सबै प्रजातन्त्रवादीको साझा भइसकेको छ।

संसद्ले आफ्ना अधिकारको सुरक्षा त्यसै अवस्थामा गर्न सक्तछ जब त्यसका निर्माता— आम जनतामा पनि आफ्नू

अधिकारप्रति त्यत्तिकै जागरुकता हुन्छ, त्यसको संरक्षणको निमित्त संघर्ष गर्ने त्यत्तिकै कूवत हुन्छ। जुन किसिमले जनताका प्रतिनिधिले आफ्नू अधिकारको निमित्त सामन्तहरूसंग संघर्ष गरे—यहाँ सम्म कि सामन्तहरुको पक्षमा गएको खण्डमा आफ्ना प्यारा राजासंग पनि संघर्ष गर्न छोड़ेनन्, त्यसै गरी पार्लियामेण्टले नै कुनै अवस्थामा जनताको अधिकारको खयाल नराखेमा जनताले नै दृढ़तापूर्वक पार्लियामेण्टसित संघर्ष गरेर त्यसलाई अन्तमा पराजित गर्नु परेका अनेक दृष्टान्त पनि छन्।

जॉन विल्किज्को कथा यस्तै एक संघर्षको कथा छ—

संसदको प्रत्येक अधिवेशनको प्रारम्भमा राजाले 'सम्बोधन भाषण' दिने चलन छ। अघि-अघि यस्तो अवसरमा राजाले यस अधिवेशनमा यो-यो कुरा हुनु पर्छ भनी आफ्नै तजवीजअनुसार भन्ने गरेको भए तापनि पछि-पछि यस्ता शाही सम्बोधनलाई मन्त्रिमण्डलले नै तयार पारी राजाबाट भनाउने चलन चल्यो। मन्त्रिमण्डलबाट तयार भएका यस्ता शाही सम्बोधनमा स्वभावतः सरकारको नीतिको व्याख्या हुन्छ। अतः विरोधी पोर्टीले त्यसको आलोचना गर्दछन् र उक्त भाषणमा पार्लियामेण्टतरफबाट जुन धन्यवादको प्रस्ताव पास गर्न चलन छ त्यसमा आफ्नू तरफबाट संशोधन पनि थपिदिने प्रयत्न गर्दछन्। हाम्रो सल्लाहकार सभामा शाही सम्बोधन

भाषणमा जुन धन्यवादको प्रस्ताव पेश भएको थियो, त्यसमा थप्न पेश गरिएका प्रस्तावित संशोधन प्रस्तावका केही नमूना परिशिष्ट ११ मा दिइएका छन् । तिनको अध्ययनले विषय अझै स्पष्ट हुने छ ।

आज सदनमा भएका छलफल र निर्णय विशेष परिस्थितिमा बाहेक सर्व साधारण प्रचारका साधनद्वारा प्रकाशित र प्रचारित हुन सक्तछन् । तिनमा कुनै प्रतिवन्ध छैन । परन्तु, १७६३ ई०-सम्म पार्लियामेण्टका छलफल र कारबाईहरू सदस्यहरूमा मात्र सीमित थिए । किन्तु, त्यस समयको ब्रिटिश हाउस अफ् कमन्सका एक जना सदस्य जोंन विल्किन्जले यसको उल्लंघन गरी एउटा फसाद खड़ा गरे ।

विल्किन्ज् एलसबरी निर्वाचन–क्षेत्र (Alesbury Constituency) बाट रोजिएर पार्लियामेण्टका सदस्य बनेका थिए । उनी विरोधी पक्षमा थिए ।

विल्किन्ज् 'नार्थ ब्रिटन' North Briton नामक समाचारपत्रमा बराबर लेख लेखिरहन्थे । उनका लेखमा प्रायशः सरकारी नीतिको कटु आलोचना हुन्थ्यो । हालै पार्लियामेण्टमा दिइएको शाही सम्बोधन भाषणको उनले उक्त पत्रको पैंतालीसौं अंकमा तीव्र आलोचना गर्दै लेखेका थिए । त्यसमा उनले यो पनि लेखेका थिए कि मन्त्रीहरू स्वेच्छाचारिता र

भ्रष्टाचारका यन्त्र tools of despotism and corruption बनिरहेका छन्, देशमा शान्ति कायम गर्न तिनको शक्ति कम गर्नु नै एकमात्र उपाय छ (the only way to keep peace in land is by the extinction of their power.)

विल्किज्को उक्त लेखाइको तात्पर्य यो हुन्थ्यो— राजा अत्याचारी हुन् र उनीबाट तलब पाउने गरेको हुनाले मन्त्रीहरू जनताप्रति अन्याय गर्दछन् ; र यस कारण तिनीहरुबाट परित्राण पाउन देशलाई विल्किज गृह युद्धको निमित्त अनुरोध गर्दछ ।

त्यस समय इगलैण्डको राज गद्दीमा तृतीय जार्ज थिए। उनी शक्तिशाली राजा थिए । तृतीय जार्जलाई विल्किज्को लेखाइ ओफ्नू व्यक्तिगत अपमान लाग्यो । मन्त्राहरूले झुराको मसला थपे । फलस्वरूप उक्त लेख लेख्ने, छाप्ने अथवा त्यो सित कुनै किसिमबाट सम्बन्धित व्यक्ति वा व्यक्तिहरुलाई गिरफ्तार गर्न एउटा व्यापक वारण्ट (General warrant)जारी गरियो। विल्किज् र उनका सहयोगीहरु पकड़िएर टावर (Tower of London)-मा थुनिए।

परन्तु, संसद्का सदस्यहरूलाई जुन सुविधा (Privilege) प्राप्त भइसकेको थियो त्यसको निमित्त अपील गर्दा वेस्ट मिनिस्टर हलमा बसेको शाही बेंच (King's Bench)-ले उनलाई

कारामुक्त गराइदियो । साथै, जुन किसिमको व्यापक वारण्ट (General warrant) जारी गरिएको थियो विल्किज्ले त्यस को विरोध गर्दा न्यायाधीशहरुले त्यस वारण्टलाई गैर कानूनी घोषित गरिदिए ।

न्यायालयबाट विजयी विल्किज् निस्कँदा जनताका अनेकानेक भीड्हरुले उनलाई बड़ा उल्लासका साथ स्वागत गर्न लगे ।

संसद्को सदस्यलाई सरकारले थुन–छेक गर्न पाउन्न । यस अधिकारलाई पार्लियामेण्टका वीर शहोदहरूले उपलब्ध गराइसकेको कुरा माथि वर्णन गरिसकिएको छ । परन्तु आफ्ना सदस्यहरूलाई दुराचरणको निमित्त दण्ड दिने अधिकार भने पार्लियामेण्टमै सुरक्षित छ । यसरी विल्किज् कारा–मुक्त भए-पछि हाउस अफ् कमन्सले आफूमा रहेको त्यसै अधिकारको प्रयोग गरेर 'नार्थ ब्रिटन'–को ४५–सौं अंकमा छापिएको उक्त लेखलाई 'निन्दापूर्ण मानहानि' ( Scandalous libel ) बताउँदै ठहर गऱ्यो कि विल्किज्लाई पार्लियामेण्टको सदस्यले पाउने सुविधाको उपयोग गरेर त्यस्तो दुष्टतापूर्ण लेख लेखी प्रका-शित गराउने कुनै हक छैन । नर्थ ब्रिटेनको उक्त ४५-सौं अंकलाई एउटा साधारण बधिक पोड़े (Common hangman) द्वारा-सार्वजनिक रूपले जलाउन लगाउने निर्णय पनि सदनले गऱ्यो, र आवश्यक कारवाइको निमित्त सदनमा आइ हाजिर हुने

आज्ञा पनि विल्किज्लाई दिपठायो ।

विल्किज्को व्यक्तिगत जीवन त्यति असल थिएन । उनले आफ्नू स्वभावअनुसार एउटा नास्तिकतापूर्ण कविता पनि लेखिसकेका थिए । होउस अफ् लर्ड्स्ले त्यसबारेत पनि उनलाई गिरफ्तार गर्ने निर्णय गऱ्यो । यसै बखत उक्त नार्थ ब्रिटन वाला लेख लेखेकोमा विल्किज्लाई एक जना कुनै मानिसले द्वन्द्व युद्धको निमित्त हाँक दिएकोमा लड्दा विल्किज् घाइते भएका थिए । यसरी द्वन्द्व युद्ध लड़ने चलन गैर कानूनी भइसकेको थियो ।

विल्किज्ले उम्केर फ्रान्समा शरण लिनु उचित ठाने । त्यहींबाट उनले होउस अफ् कमन्सलाई साऱ्है बिरामी भएकोले हाल त्यहाँ हाजिर हुन असमर्थ छु भनी लेखि पठाए । त्यसको जाँच गर्न होउस अफ् कमन्सले डाक्टर पठाउने भयो । तर, विल्किज्ले भने जाँच गराउन ईन्कार गरे ।

होउस अफ् कमन्सले विल्किज्लाई सदनको मानहानिको अपराधको दोषी ठहरायो । 'नर्थ ब्रिटन'-को मुद्दामा पुनर्विचार गर्दा विल्किज् अपराधी नै ठहरिए । अतः पार्लियामेण्टको सदस्यताबाट उनी निष्कासित गरिए । उनको निर्वाचन क्षेत्र-एल्सबरी (Aylesbury)-बाट अर्को सदस्य रोजिएर आयो । यस पटकलाई टंटा समाप्त भयो ।

विल्किज् पार्लियामेण्टको सदस्य अब नरहेकोले अदालतले मौका पायो। छिन्न बाँकी नै रहेको मानहानिको मुद्दाको तारीखमा उनलाई डाक्ता हाजिर नभएकोले उनलाई अदालतले कानूनबाट पाउने प्रत्येक संरक्षण र सुविधाबाट वंचित (Outlaw) गरिएको घोषित गऱ्यो। विल्किज् पेरिसमै आफ्नू सुरक्षाको राम्रो बन्दोबस्त मिलाई बसे।

१७६८ ई०मा पुरानू पार्लियामेण्ट म्याद पुगी भंग भयो र नियमानुसार नयाँ पार्लियामेण्टको निमित्त आम चुनाव भयो। विल्किज् फ्रान्सबाट फर्की राजासित क्षमा प्रार्थना गरी उनी चुनावमा खड़ा भए। मिडलसेक्स (Middlesex) बाट उनी विजयी भए। यति भएपछि उनले सरासर शाही बेंच (King's Bench) को समक्ष आत्म समर्पण गरिदिए। न्यायाधीशहरूले उनलाई तुरन्त कैद गराइदिए।

आफ्नू सदस्य यसरी कैद परेको जनतालाई सह्य भएन। एक ठुलो भीड़ले झेलखाना घेरेर आफ्ना सदस्यलाई पार्लियामेण्टमा आफ्नू प्रतिनिधित्व गर्न पाउन तुरन्त छोड़ि दिने माग गऱ्यो। विल्किज्जस्तो बाठो मानिसले यस्तो अवसर किन छोड़दथ्यो? पार्लियामेण्टको सदस्यलाई प्राप्त सुविधा-अनुसार आफू छुट्ने कुरा उनलाई थाहै थियो। यी घटनाले गर्दा उता जनतामा पनि उनको खूब प्रचार भइरहेको थियो। विल्किज्ले ढिपी कसे— म झेलखानैमा बस्तछु। देशका कुना

कुनासम्मबाट सानिस सयकडौंको संख्यामा ऊनलाई भेट्न आउँथे। आराम, उपहार र सम्मानको उनीमाथि वर्षा भइरहेको थियो।

उता पार्लियामेण्टले विल्किज्को विगत आचरणको विचार गरी घोषित गऱ्यो कि उनी चुनावमा खड़ै हुन पाउन्नथे। अतः अध्यक्षले मिडलसेक्स निर्वाचन-क्षेत्रमा फेरि चुनाव गर्ने आदेश (Writ) जारी गरे। विल्किज् त्यस निर्वाचनमा फेरि खड़ा भए। जनताले फेरि उनैलाई रोज्यो।

पार्लियामेण्टले विल्किज्लाई यस पटक पनि सदस्य हुनमा अनधिकारी घोषित गऱ्यो। फेरि अर्को नयाँ आज्ञा (Writ) जारी गरियो र मिडलसेक्समा नयाँ चुनाव भयो। जनताले फेरि विल्किज्लाई नै रोज्यो। चौथो पटक यस्तै भयो। चौथो पटकको निर्वाचनमा विल्किख्लाई ११४३ भोट र उनका प्रतिद्वन्द्वी लट्रेल (Mr. Luttrel)—लाई जम्मा २९६ भोट प्राप्त भएका थिए।

पार्लियामेण्टले अब के गर्ने! अन्तमा यस फसादबाट उम्कन पार्लियामेण्टले विल्किज्को निर्वाचनलाई रद्द (Null and void) गरी लट्रेल नै निर्वाचित हुनु पर्ने (Onght to have been returned) भनी घोषित गर्दै १४ अप्रील १७६९ ई०-को दिनदेखि लट्रेललाई नै मिडल सेक्सको सदस्य मान्यो।

मिडलसेक्सका जनताको निर्णयको यो अपमान थियो। उसले लगातार चार पटक विल्किज्लाई नै आफ्नू पत्यारको मानिस घोषित गरिसकेको थियो। पार्लियामेण्टले त्यस मानिसको सट्टा यस्तो मानिसलाई रोजेको थियो जसलाई जनताले भोटद्वारा आफ्नू विश्वास प्रदान गरेको थिएन। खुद पार्लियामेण्टकै अनेक सदस्य यस कुराको विरोधी हुन गएका थिए। पार्लियामेण्टले यसो गर्न पाउने भए आम चुनाव गराउने मतलब नै के? अधिकारीहरूले मनपरेका मानिसलाई त्यसै सदस्य निर्वाचित भएको घोषित गरिदिए पनि त हुँदो रहेछ।

पार्लियामेण्टको यस स्वेच्छाचारिताको विरुद्ध देशभरमा ठूलो हल्ली-खल्ली मचिन थाल्यो। सर्वत्र विल्किज् र स्वाधीनता एउटै हुन्! विल्किज्को जीत हाम्रो अधिकारको जीत हो! भन्ने भावना व्याप्त भयो। यसको विरुद्ध सरकारतरफबाट जे-जति काम कारवाई भए तिनले झन् उल्टै विल्किज्को प्रचार गरे।

यसै प्रसिद्धिले गर्दा विल्किज् लण्डनका मजिस्ट्रेट र अनि लण्डनका शरीफ (Sheriff) र त्यसपछि १७७३ ई०-मा लण्डनका लर्ड मेयर (Lord Mayor)-सम्म भए।

१७७४ ई०-को आम चुनावमा विल्किज्सित झगड़ा

नबढ़ाउनु नै उचित ठानियो। विल्किज् पार्लियामेण्टमा आई बसे। कसैले विरोध गरेन। अब उनले आफूलाई पार्लियामेण्टबाट निकालन पास भएका प्रस्ताव हाउस अफ् कमन्सका मिसिल (Records)-बाट मेटिदिनुपर्दछ भन्ने कुरामा जिद्दी गर्न लागे। १७७४ ई०-मा उनको यो प्रस्ताव फेल भयो। १७७७ ई०-मा उनले यो प्रस्ताव फेरि दोहऱ्याए। यस पटक पनि त्यो प्रस्ताव पास भएन। अन्तमा ३ मई, १७८२ ई०-को दिन जनताको अधिकारलाई सुरक्षित पार्ने यो ऐतिहासिक प्रस्ताव पास भयो। प्रस्ताव संक्षेपमा यस प्रकार छ—

*१७ फर्बरी १७६९ ई०-को दिन पास भएको प्रस्ताव सदनको मिसिलबाट मेटिन्छ किनकि त्यसबाट राज्यका समस्त मतदाताहरूको अधिकारको हनन भएको छ*।*

विल्किजले बीस वर्ष संघर्ष गर्नु पऱ्यो। अन्ततोगत्वा सिद्ध भयो कि प्रजातान्त्रिक देशमा आफ्नू प्रतिनिधि रोज्न जनता पूर्ण स्वाधीन छ।

यस संघर्षको फलस्वरूप एउटा अर्को कुरा पनि हुन गयो— अबउपरान्त पार्लियामेन्टका बहस र कार्यवाही विशेष

---

* "That the resolution on the 17 th day of February 1769 be expunged from the records of this House, as being subversive of the rights of the whole body of Electors of this Kingdom."

अवसरमा बाहेक सर्वसाधारणको निमित्त प्रकाशित र प्रचारित गर्न सकिन्छ।

× × × ×

प्रजातान्त्रिक मुलुकको संसद्मा सदस्यहरूलाई धार्मिक स्वाधीनता पनि छ। उनीहरू आस्तिक भए ईश्वरको नाममा, र नास्तिक भए आफ्ना सत्यनिष्ठालाई साक्षी राखी पार्लिया-मेण्टमा बसेर राष्ट्रको प्रति वफादार रहने शपथ लिन्छन्। सदस्यतामा प्रविष्ट हुँदा हाम्रो सल्लाहकार सभाका सदस्यलाई पनि यही धार्मिक स्वाधीनता थियो +।

यस स्वाधीनताको निमित्त पनि कम संघर्ष गर्नु परेन। १८८० ई०-मा चार्ल्स् ब्रैडला (Charles Bradlaugh) हाउस अफ् कमन्सको सदस्य निर्वाचित भएर आए। उनी नास्तिक थिए; उनलाई ईश्वरमा विश्वास थिएन। त्यस जमानामा यो बड़ो अप्रिय कुरा थियो। तर, विल्किज्ले जुन विजय पाइसकेका थिए त्यसअनुसार ब्रैड्लाको सदस्यताबारे हाउस अफ् कमन्सले केही गर्न सक्तैनथ्यो।

शपथ लिँदाखेरि भने अपठ्यारो पर्नगयो। पार्लिया-मेण्टमा ईश्वरकै नाममा शपथ लिइन्थ्यो। ब्रैड्लालाई के गराउने नि ? अन्ततोगत्त्वा ब्रैड्ला घृणापूर्वक नै भए तापनि

+ हेर्नुहोस् सल्लाहकार सभा पेनको अनुसूची १ परिशिष्ट — ४

चलिआएको प्रथानुसार ईश्वरको नाम लिएर शपथ ग्रहण गर्न राजी भए र यसरी उनले समस्याको हल् गर्ने एउटा बाटो बनाइदिए। परन्तु यो त झन् नराम्रो भयो। जुन परम पिता परमात्माको नाम अरू सदस्यहरू पूर्ण श्रद्धाको साथ लिएर गम्भीरतापूर्वक प्रतिज्ञा गर्दथे त्यस नामलाई ब्रैड्लाले यस्तो उपहास्य बनाइदिए!

लामू छलफलपछि पार्लियामेण्टले निश्चय गऱ्यो कि ब्रड्लालाई यसप्रकार प्रतिज्ञा गर्न दिनु मुनासिब छन। उनी पार्लियामेण्टबाट निष्कासित गरिए।

अब विल्किज्को कथाको पुनराबृत्ति हुनलाग्यो। नार्दम्प्टन (Northampton) निर्वाचन-क्षेत्रका जनताले लगातार चार पटक ब्रैड्लालाई ठीक त्यसै गरी रोजेर पठायो जसरी मिडलसेक्सका निर्वाचन क्षेत्रका जनताले केही वर्षअघि विल्किज्लाई।

चार वर्ष यो संघर्ष चल्यो। आखिर ब्रैड्ला पार्लियामेण्ट-मा आई आफ्नू आसनमा बस्न पाउने भए। तर, रीतपूर्वक शपथ नलिएकाले उनलाई भोट दिने अधिकार चाहिं प्राप्त भएन।

१८६८ ई०-मा नयाँ पार्लियामेण्टको चुनाव भयो, र ब्रैड्ला फेरि निर्वाचित भएर आए। यस पटक धार्मिक शपथ

नलिए तापनि उनी पूर्ण सदस्यको रूपमा स्वीकृत भए।

× × ×

तर यी र यस्ता ज्ञात र अज्ञात अनेकन् संघर्ष र बलिदान हुँदा हुँदै पनि संसदीय सुविधा र स्वाधीनताको समस्याको समाधान अझसम्म पनि पूरा भइसकेको छैन। कहिले कहिं त स्वाधीनताको आधिक्य नै विकट समस्या बन्न जान्छ। तिनलाई मर्यादित गर्न अनेक संसदीय उपाय गर्नु आवश्यक हुनजान्छ, कारण एउटाको स्वाधीनता र सुविधाले अर्काको स्वाधीनता र सुविधालाई बाधा पुऱ्याउने डर हुन्छ।

अमेरिकन सिनेट (Senate)-मा कुनै सदस्यले जतिसम्म र जे जे मनलाग्यो भने हुन्छ— कसैलाई खुश चले हफ्तौंसम्म पनि एउटैले बोलिरहन सक्छ। बोल्ने कुराको पनि सीमा छैन— चाहेमा कुनै ग्रन्थका अध्यायका अध्याय र अखबारका पृष्ठका पृष्ठ बाँचिरहे पनि हुन्छ, कविता पाठ गरिरहे पनि हुन्छ। उसको यस स्वाधीनतामा कसैले प्रतिबन्ध लगाउन सक्तैन। यस प्रकार भएको मनपरी संसदीय भाषामा 'फिलिबस्टरिङ' × (Filibustering) कहलाउँछ।

---

×कुनै नियम कानूनमा नरहने समुद्री डाकूलाई 'फिलिबस्टर'(Filibuster) भन्दछन्। अमेरिकन 'सिनेट' (Senate)-मा अचेल यस्तो फिलिबस्टरिङ्मा रोक लगाउने केही उपाय गरिएको छ तापनि त्यहाँ यो एक समस्या न छ।

यस प्रकारको फिलिबस्टरिङ् अमेरिकन सिनेटमा मात्र सीमित छैन । यसले अरू अरू संसद्लाई पनि निकै पिरेको छ। १८८१ ई०-मा ब्रिटिश हाउस अफ् कमन्सका एक जना सदस्यले लगातार ४१ घण्टासम्म भाषण दिएका थिए । उनको भाषण सोमवार दिउँसो साढ़े चार बजे शुरू भएको थियो र बिलकुलै नरोकिई अवाध गतिले बुधवार बेहान साढ़े नौ बजे सम्म चलेको थियो । यी सदस्य आयरिश (Irish) सज्जन थिए। आयरलैण्ड (Ireland)-का सदस्य ब्रिटिश सदनमा तिन्ताक यस्तै काम बिथोल्ने कुरा गरिरहन्थे । कारण, ब्रिटेनले आयरलैण्डको स्वाधीनाताको माग पूरा गरेको थिएन ।

ब्रिटिश हाउस अफ् कमन्समा विषयान्तर भने बोल्न पाइन्न । तर, संसदीय अखाड़ियाहरू यस प्रतिवन्धलाई छल्ने अनेक उपाय गर्दछन् ।


हाम्रो सल्लाहकार सभामा पनि यस्तो फिलिबस्टरिङ्को अभाव थिएन र त्यसलाई टुंग्याउन बराबर 'क्लोजर मोशन्' (Closure motion) अर्थात् बहस टुंग्याउने प्रस्ताव सदनमा आइरहन्थे । यो ब्रिटिश हाउस अफ् कमन्सको प्रणाली हो। यस्तो प्रस्ताव कुनै पनि सदस्यले पेश गर्न सक्तछ र अध्यक्षले उक्त प्रस्ताव सदनको सम्मुख राखी त्यसबारे मत लिंदा निर्णय भएअनुसार चलिरहेको छलफल टुंगिन्छ, अथवा जारी नै रहन्छ ।

सरकारले कुनै त्यस्तै विधेयकको कुनै अंशविशेष अमुक समयसम्म टुंगो लाग्नै पर्दछ भनी किटान पनि गर्न सक्तछ। विधेयकका यस्ता अंशमा चाहे जतिसुकै संशोधन-प्रस्ताव आएका हुन् निर्धारित समयमा उक्त विधेयकका यस्ता अंशको टुंगो लगाउनै पर्दछ। यस प्रणालीलाई 'गिलोटिन्' (Guillotine) भन्दछन्।

अध्यक्ष वा कमिटीका चेयरमैनले केही संशोधन प्रस्तावलाई त्यसै पनि छलिदिन्छन्। यस्ता प्रस्ताव कित अनियमित ढंगका होलान्, कित लगभग त्यसै आशयको कुनै प्रस्ताव आइसकेको होला, अथवा त्यस्तै विषयमा छलफल भइसकेको होला, कित तिनको उद्देश्य सदनको समय बर्बाद पार्ने जस्तोमात्र होला। नचाहिने यस्ता संशोधन-प्रस्तावलाई छल्ने उपाय 'कंगारू' (Kangaroo)-प्रथा कहलाउँछ।

बहुमतको आधारमा सरकारी पक्षका सदस्यहरूले अल्पमतको विचारधारालाई आउनै नदिने क्लोजर मोशनको जथाभावी प्रयोग गर्न पनि सक्तछन्। यस्तो अवस्थामा अध्यक्षले अल्पमतका विचार-धाराको संरक्षण गर्नु पर्दछ। ब्रिटिश हाउस अफ् कमन्समा अध्यक्षले यस्तो परिस्थितिमा कुनै क्लोजर मोशनलाई आफ्नै तजवीजले केही समयको निमित्त स्थगित अथवा खारेज समेत गर्न सक्तछन्। यस अधिकारको उपयोग हाम्रो सल्लाहकार सभामा पनि हुन्थ्यो।

तर, स्वाधीनता र सुविधा भन्ने कुराको कुनै किटुवा र अपरिवर्तनीय सीमा हुन सक्तैन। कुनै समय र परिस्थितिमा कुनै कुरा सुविधा मानियो भने भिन्न परिस्थिति र भिन्न समयमा त्यही कुरा अन्यथा पनि हुनजान सक्तछ। प्रश्न छ- असुविधा भनेको कुरा आफ्नै इच्छाको वशवर्ती छ अथवा अरू कसैले लादिदिएको छ। आफूलाई आफैले नियम बनाई बाँधेको छ, र ती नियमलाई आफ्नू सुविधाको निमित्त आफ्नू इच्छानुसार बदल्न सकिन्छ भने त्यसको बोझ मनुष्यले अनुभव गर्दैन। यसको विपरीत भए जतिसुकै स्वाधीनता पनि बन्धन हो, सुविधा पनि बाधा हो। संसदीय प्रजातान्त्रिक व्यवस्थामा स्वाधीनता र सुविधाको यसै कमीमा मूल्याङ्कन हुन्छ। संसदीय प्रजातंत्रवादको समर्थक स्वाधीनता चाहन्छ; अराजकता र मनपरीपना चाहन्न। ऊ नियम र मर्यादाको सीमाभित्र हिंड्दछ।



# उपसंहार

समय कसैको पनि सदा एकनास रहँदैन । नेपालमा पनि परिवर्तनको समय आयो। एकतन्त्री शासनको कठोरतामा चिर कालदेखि जकडिएको जनता स्वाधीनता प्राप्त गर्न संगठित र सक्रिय भएकोले विद्रोहको लक्षण देखा पर्न थाल्यो। शासकले जस्तोसुकै गरे पनि प्रत्यक्ष विरोध गरी उक्त शासनलाई बदल्न सक्ने बलियो संगठन भइ नसकेकोले मात्र स्वर्गीय श्री ५ त्रिभुवनले पिंजड़ामा परेको सिंहझैं मड़ारिएर रहनु परेको थियो। उहाँका अन्तरंग व्यक्तिहरूद्वारा उहाँको मनोभाव जनताले भित्र भित्रै पाउँदथ्यो। पछि शासकले यसको गन्ध पाएकोले स्वयं उहाँले पनि कठोरता भोग्नु पस्यो। आफ्ना प्रजालाई एकतन्त्री शासनको उकुस मुकुसबाट कसरी मुक्त गराऊँ भन्ने दन्केको भावना कतिजेल तिरोहित रहन सक्तथ्यो ? अवसर अनुकूल हुनासाथ एक दिन ज्वालामुखी फुटेझैं फुट्यो र आफूले मात्र होइन, आफ्नू वंश-परम्पराले भोग्न पाउने राजपाट छुट्छ भने छुटोस्, आफैं मर्नु पर्छ भने मरूँ, तर यो कालपाशजस्तो एकतन्त्री शासनको कठोर बन्धनलाई तोड़ेरै छोड्छु भन्ने उहाको दृढ संकल्पमा सहायक हाम्रा वर्तमान राष्ट्रनायक श्री ५ महाराजाधिराजका साथै संवत् २००७ कार्तिक कृष्ण एकादशी, सोमवार २१ गते, ६ नवम्बर १९५० ई०-का

दिन प्रातःकाल शिकार गर्न जाने बहानाले लोक-कल्याणको निमित्त भगवान् बुद्धले महानिष्क्रमण गरेझैं देशमा प्रजातन्त्र स्थापित गर्न श्री ५ त्रिभुवनले महानिष्क्रमण गरिबक्सियो। यसरी राजाको महान् सहयोगले हाम्रो देशमा प्रजातन्त्र आयो।

ग्रेट ब्रिटेनमा आफ्नू हक प्राप्त गर्न जनताले राजासित कतिसम्म संघर्ष गर्नु पर्‍यो, कत्रा-कत्रा कति काण्ड भए र पनि आफ्नू देशमा 'राजतन्त्र'–लाई जनताले सम्मानसाथ कसरी सुरक्षित र अक्षुण्ण राख्यो ?– माथिका अध्यायहरूमा स्पष्ट भइसकेको छ। ग्रेट ब्रिटेनजस्तो समुन्नत देशमा त्यसो हुनु र हाम्रो देशमा स्वयं राजाले नै प्रजाको निमित्त संघर्ष गरेर प्रजाका हातमा शासनको अधिकार सुम्पनु —के यस्तो उदाहरण कुनै देशको इतिहासमा उपलब्ध होला ? के नेपालको निमित्त यो कम गौरवको कुरो हो ? हामीले यसको महत्त्वलाई राम्रो गरी बुझ्नु पर्दछ र पाएका अधिकारको सदुपयोग गर्नु पर्दछ।

राजा राष्ट्रको प्रतीक हुनाले ऊ राजनीतिमा हुने कटुता र पक्षपातदेखि पृथक् रहन्छ औ सबैमा समदर्शी हुन्छ। वंश-परम्परागत र आफ्नू आजीवनको शासनसम्बन्धी ज्ञान र अनुभव राजा राष्ट्रलाई दिन्छ। वैधानिक राजतन्त्रात्मक व्यवस्था दृढ, स्थायी, राष्ट्रलाई हितकर र आफ्नू देशको परिस्थिति-सुहाउँदो हुनाले नै संसारका चतुर अंग्रेज जातिले ग्रेट

ब्रिटेनमा यही व्यवस्था कायम राखेको छ। नेपालले यसैलाई अपनाएको छ।

आफू-आफूमै परस्पर लड़िरहने साना-साना राज्यहरूल आफ्ना पुरुषार्थले एउटैमा मिलाएर संसारको नक्शा नेपाललाई एक स्वतन्त्र राष्ट्रको महत्त्वपूर्ण स्थान जुन वंश दिलायो, आफ्ना हातको शासन-सत्तालाई उदारतापूर्व प्रजाका हातमा जुन वंशले सुम्प्यो र नेपालले यति सुगमता साथ आज यो संसदीय व्यवस्थाको उपभोग गर्न पायो, उसै वंशका श्री ५ महेन्द्रजस्ता कुशल राष्ट्रनायकका नेतृत्वमा हामी सबै एकमना भई राष्ट्र-निर्माणको प्रत्येक दिशामा संलग्न हुन अघि सरौं। यसैमा नेपाली जनता र नेपालको कल्याण छ।

—❀❀—

# परिशिष्ट

# परिशिष्ट— १

## संवत् २००४ सालको नेपाल सरकारको बैधानिक कानून

### प्रस्तावना

आगे नेपाल भरमुलुकका भाई-भारदार साहु महाजन, रैयत दुनियाँ गैहके यथोचित ।

उप्रान्त संवत् १९०३ सालदेखी श्री ५ महाराजाधिराज़हरूबाट समय-समयमा पाला-पालाका श्री ३ महाराजहरूलाई बक्सेको भर मुलुकको शासनसम्बन्धी अख्त्यारको पंजापत्रबमोजिम हामीबाट मुलुकको हाल हुकुम पाई काम चलाई आएकोमा श्री पशुपतिनाथ सुरक्षित यो पुण्य भूमि नेपाललाई सामाजिक, आर्थिक, राजनैतिक सबै सुधारद्वारा संसारका अग्रगामी राष्ट्रहरूको उन्नतिको दाँजोमा पुऱ्याउने हाम्रो गाढ़ा इच्छा भएको हुनाले,

र परम्पारादेखि चलिआएको आफ्नो संस्कृतिको अनुकूल पञ्चायत प्रणाली र अरू सोही प्रकारका संस्थाको पुनरुत्थानद्वारा हाम्रा प्यारा प्रजालाई राज्यप्रणालीको हरएक अंगमा झन-झन बढी मात्रामा सम्मिलित गराई मुलुक र दुनियाँको उत्तरोत्तर वृद्धि गराउने हाम्रो इदमित्थम् नीति भएकोले,

र यस किसिमको वृद्धि क्रमशः यथा समयमात्र हुन सक्ने औ नयाँ अख्तियारीअनुसार कामगर्नेहरूको सहयोग र नयाँ अविभार चलाइएको कुशलताबाट थप अधिकारको निर्णय हुनुपर्ने भएकोले,

र हामीबाट यस कुरामा तुरुन्त कदम बढाई बक्सिने बखत आयो भन्ने ठहराई बक्सेकोले,

स्वस्ति श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाह गिरिराज चक्र चूड़ामणि नर नारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपाल तारा ॐ राम अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखा दक्षिणबाहु महाधिपतिनाम् सदा समर विजयिनाम्बाट—

यस नेपाल राज्यको सिंहासनारूढ होइ बक्सेको छत्तिसौँ वर्षमा हामी स्वस्ति श्री ३ महाराज मदतिप्रचण्ड भुजदण्डेत्यादि ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐ राम अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखा दक्षिणबाहु पृथुलाधीश नेपालप्रतापवर्धक पद्मसम्शेर जङ्गबहादुर राणा जी. सी. एस. आई., जी. बी. ई., के. सी आइ. इ., एस्. टी. आर. के., जी. सी. एल. एम. एस., थ. चुंग. त्हा. सु. पावटिंग शुन च्यांग, सैनिक दीर्घसेवापट्ट आनरेरी लेफटिन्याण्ट जनरल ब्रिटिश आर्मी, आनरेरी कर्णेल अफ अल दि गोरखा राइफल रेजिमन्ट अफ अल दि इण्डियन् आर्मी, लुह चुयान श्यांग च्यांग, प्राइम-मिनिष्टर

सुप्रीम कम्याण्डर इन चीफ बाट- यो नयाँ विधान ऐन जारी गरि वक्सेको छ ।

## ( भाग १ )

## भूमिका

१- यो घोषणा संवत २००४ सालको 'नेपाल सरकार वैधानिक कानून, -को नामबाट उल्लेख गरिनेछ ।

२- यो कानून संवत् २००५ साल वैशाख १ गतेदेखि जारी हुनेछ, तर स्थानीय परिस्थिति वा अरू कारणबाट यो विधानका सबै दफाहरू एकै पटक सबै ठाउँमा चालु हुनु श्री ३ महाराजबाट सम्भव देखिवक्सेन भने जुन-जुन दफा जुन--जुन ठाउँमा जस--जस बखत चालु हुन सक्छ सोही बमोजिम गर्न- गराउन लगाई वक्सनेछ । तर २००५ सालको अन्तसम्ममा सबै दफा मुलुक भर जारी भै सक्नेछन् ।

३- श्री ५ महाराजाधिराज र श्री ३ महाराजको गद्दी रोलको उत्तराधिकार-क्रम परंपरादेखि चलिआएको रीत--रीवाज, बन्देज--कानून-बमोजिम कायम रही सँधैको निमित्त अपरिवर्तनीय र अविच्छेद्य रहने छ ।

## ( भाग २ )

## मौलिक हकहरू

४- लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत-स्वतन्त्रता, वाक्-स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा संघ-स्वतन्त्रता, धार्मिक-स्वतन्त्रता, ऐन कानूनी पूर्ण समानता, छिटो र सुलभसाथ पाइने इन्साफ, मुलुकभर अनिवार्य निःशुल्क प्रारंभिक शिक्षा, उमेर पुगेका सबैले बोट गर्न पाउने समान हक, व्यक्तिगत संपत्ति--संरक्षणका हकहरू दिने काम भएकोछ ।

५- शारीरिक, मानसिक र आर्थिक क्षमतानुसार मुलुकको सुरक्षा र कल्याणको निमित्त शारीरिक र मानसिक परिश्रम गर्नमा तत्पर रहने, सरकारलाई दिनुपर्ने कर, रकम दिने, लोकहित हुने काममा सहायता दिने श्री ५ महाराजाधिराज र श्री ३ महाराजहरूमा सच्चा राजभक्तिका साथ नेपाल राज्य र नेपाल राज्यका विधान पद्धतिमा इमानदारीसाथ सद्भाव राखने काम प्रत्येक नागरिकको -- कर्तव्य हुनाले सो क्रमोजिम सबैले गर्नु पर्नेछ ।

## ( भाग ३ )

## कार्यकारिणी सभा

६-- यस कानूनमा लेखिएबमोजिम नेपालको शासन--अधिकार श्री ३ महाराजमा रहेको हुनाले शासन--संबन्धी सबै काम मौसुफबाट वा आफ्नू अधीनका कर्मचारीहरूद्वारा सञ्चालन हुनेछ।

७ - (क) मुलुकको शासन–अधिकार सञ्चालन गर्ने काममा श्री ३ महाराजलाई मदद र सरसल्लाह दिनानिमित्त व्यवस्थापक सम्मेलनका सदस्यहरूबाट एउटा मन्त्रिमण्डल मुकर्रर हुनेछ।

(ख) सो मन्त्रिमण्डलमा ५ जनामा नघटाई श्री ३ महाराजबाट बखत--बखत मा तोकिबक्सेबमोजिम सदस्यहरू रहने छन्। सो सदस्यहरू मध्ये कमसेकम २ जना व्यवस्थापक सम्मेलनका निर्वाचित सदस्यहरूबाट मुकर्रर हुने छन्।

(ग) व्यवस्थापक सम्मेलनमा ओहदाको हैसियतले सदस्य हुने पञ्चायतहरूका सभापति र उपसभापतिहरूपनि निर्वाचित सदस्यहरू सरह मानिने छन्।

८-- (क) मन्त्रिमण्डलको बैठकमा श्री ३ महाराज वा मौसुफका

अनुपस्थितिमा मुखत्यारबाट सभापतिको आसन ग्रहण गरि-बक्सनेछ । मन्त्रिमण्डलका सबै सदस्यहरू श्री ३ महाराजबाट यस विषयमा बनाइबक्सेको नियममा रही श्री ३ महाराजप्रति उत्तर-दायी हुनेछन् ।

[ख] श्री ३ महाराजबाट मन्त्रिमण्डलको सदस्यहरूबाट विभिन्न विभागको कामको बाँड--फाँड र त्यससंबन्धी स्थानको क्रमसमेत मुकर्रर गरिबक्सनेछ ।

[क] श्री ३ महाराजबाट नियुक्त भएपछि मन्त्रिमण्डलका सदस्यहरूले तोकिएको धर्म भाकी ४ वर्षसम्म काम चलाउने छन् ।

[ख] सो समय भन्दा अगाडि मन्त्रिमण्डलका सदस्यहरूमध्ये कसैले-[१] आफ्नू कामको अविभाराको राजीनामा लेखी श्री ३ महाराजमा चढायो भने वा

[२] श्री ३ महाराजको तजवीजमा विश्वासपात्र ठहरिएन भने वा

[३] उनीहरूले कुनै किसमको बेकाइदा गरेको स्वीकार गरे वा

सो गरेको मन्त्रीमण्डलका गोप्य वोटले ठहरायो भने

मात्र आफ्नू कामबाट झिकिने छन् ।

[ग] तर [१] र [२] दफाबमोजिम झिकेका सदस्यहरू आफ्नो ग्याद भित्रसम्म व्यवस्थापक सभामा भने बस्न पाउने छन् ।

१०-- श्री ३ महाराजबाट समय--समयमा निश्चित गरिबक्सेको मुताबिक मन्त्रीहरूले तलब र भत्ता पाउने छन् ।

११ --[क] मन्त्रिमण्डलबाट मुलुकको सबै काममा रेखदेख पुऱ्याइने छ तर व्यवस्थापक सभाको हदबाहिरका विषयहरूमा विशेष ध्यान दिइने छ । सबै शासन--विभागको नीति कायम गरी यसलाई दरकार हुने आम्दानी खर्चको फाँट निरीक्षण गरी सरकारतर्फबाट व्यवस्थापक सभामा रहने कानूनका मसौदाहरूको छलफल र हरेक शासन-विभागमा सहयोग र संगठन कायम गरिने छ ।

(ख) हरेक विभागका मन्त्रीहरुले यो ऐनका हदभित्र र मन्त्रिमण्डल-ले कायम गरेको नीतिभित्र रही आफ्नू विभागको शासन चलाउन आफनै तजवीजले काम गर्ने छन् र आफना विभाग-हरूलाई चाहिने आम्दानी-खर्चको फाँटवारी कायम गरी मन्त्रिमण्डलमा पेश गर्ने छन । सो काम गरेकोमा मन्त्रिमण्ड़-लहरु प्रति जवाबदेही हुनु पर्नेछ औ श्री ३ महाराजबाट चाहिबक्सेको सबै कागजातहरु पेश गर्नु पर्ने छ ।

कानूनी विषयमा समय–समेयमा सरकारलाई आवश्यक परेको राय सल्लाह पेश गनलाई यौटा प्रधान कानूनी सल्लाहकार श्री ३ महाराजबाट नियुक्त हुनेछ ।

(ख) प्रधान कानूनी सल्लाहकारको हरएक अड्डाअदालतमा गै सरकार-तर्फबाट छलफल गर्ने अधिकार रहने छ ।

(ग) उसको बाहाली र तलब भत्ता श्री ३ महाराजका तजवीजबाट हुनेछ ।

१३— सरकारको शासननीति कायम हुँदा व्यवस्थापक सभाको राय-समेत पेश मै काम कारवाई चलोस् भनी विभिन्न विभागका सहायता र सल्लाह दिनको निम्ति व्यवस्थापक सभाका सदस्य-हरुबाट शासन समितिहरु खड्ा गराइबक्सिनेछ ।

१४— (क) व्यवस्थापक सभाले पाएका अखत्यारीभित्रका र अरू विभाग हरूमा समेत श्री ३ महाराजको तजवीजबाट यी समितिहरु रहने छन् ।

(ख) यसको लागि व्यवस्थापक सभाबाट सदस्यहरू छान्नाको लागि राष्ट्रसभाबाट एक समिति श्री ३ महाराजबाट नियुक्त गरि बक्सने छ ।

(ग) हरेक शासन—समितिमा कमसेकम ४ सदस्यहरू रहने छन् र जुन विभागको निमित्त समिति खड़ा गरिएको छ सोही विभागको मन्त्री त्यस शासन-समितिको सभापति हुनेछ ।

(घ) आफूलाई तोकिएको विषयहरुको शासन-नीति काम कारबाई यी समितिहरुले सञ्चालन गर्ने छन् तर दैनिक कार्यक्रम, बहाली, बर्खासी र रोलमा भने विभाग मन्त्रीको पूरा अधिकार रहने छ ।

१५— यी समितिहरुका कार्यक्रम र नियमहरु सरकारबाट बन्ने छन्

## ( भाग ४ )

## व्यवस्थापक सभा

### ( क ) पञ्चायती सभा

१६— सरकारबाट बनेका नियमानुसार योग्य ठहरिएका पुगेका जनताका वोटद्वारा ५ देखि १५ निर्वाचित हरुको एक " ग्राम पञ्चायत " हरेक ग्राममा समूहमा रहने छ । यिनीहरुले आपनै प्रधान पञ्च

१७— हरेक शहर वा नागरिक क्षेत्रमा पनि त्यस्तै

१० देखि ५० निर्वाचित सदस्यहरुको एक " नगर पञ्चायत " रहने छ ।

१८— हरेक " ग्राम पञ्चायत " र " नगर पञ्चायत " का सभापतिहरुले आफसबाट र आवश्यक परेमा आफना सदस्यहरुबाट १५ देखि २० सदस्य छान्ने छन् । यिनीहरु र नियममा उल्लेख गरिएका विशेष प्रतिनिधिहरुसमेत भई तिनीहरुको समूहबाट सरकारले तोकिदिएका स्थानहरुमा एक-एक जिल्ला पञ्चायत रहने छ । यिनीहरुले पनि आफ्नै प्रधान पञ्च चुन्ने छन् ।

१९— सरकारको रेख-देख, अधीनमा रही आफना आम्दानीले भेट्टाएसम्म ग्राम, नगर, शहर पञ्चायतलाई आफना इलाका भित्रको जनताको समृद्धि, कल्याण र शिक्षासंबन्धी कामहरु सुघर–सफाई, सड़क, ढल, पूल, प्राटी–पौवा धर्मशाला, बांध, पैन बनाउने, गौचर राखने, बत्ती, पानीको इन्तजाम गर्ने, हाट बज़ारको बन्दोबस्त, प्रारम्भिक र आधार शिक्षा, घरेलु इलमद्वारा बेइलमीलाई रोजगारको बन्दोबस्त इत्यादि जनताको आर्थिक सामाजिक उन्नतितिर सुख शान्ति हुने काम गर्ने अधिकार दिइएकोले ग्राम र नगर पञ्चायतहरुले जिल्ला पञ्चायतको रेख–देख,अधीनमा रही माथि लेखिएको काम गर्ने छन् ।

२०– जिल्ला पञ्चायतहरूले आपनू–आफ्नू जिल्लाको निमित्त सरकारबाट पाएको पूँजी (रुपियाँ) आफ्नू कामको निमित्त आधा राखी बाँकी आधा आफ्ना मातहतका पञ्चायतहरूलाई बाँडने छन्। सो बाँडिदिंदा पञ्चायतहरूले आफ्ना इलाकाबाट जति रुपियाँ उठाउन सक्तछन् सकेसम्म उत्तिनै दामासाहीले जहाँ सम्म हुन्छ मिलाई बाँड़िदिनु पर्छ। इलाका इलाकाका पञ्चायत-हरूले सो रूपियाँ सरकारबाट बनाएका नियमबमोजिम खर्च गर्नु पर्नेछ।

२१– जिल्ला पञ्चायतले आफ्नू मातहतभित्रका ग्राम र नगर पञ्चाय-तहरूको काममा सहयोग र गठन कायम गर्ने र बड़ाहाकिमलाई जिल्लाको तरक्की विषयको नीति कायम गर्न सरसल्लाह, चाहिएको मदद दिनेछ। सरकारबाट समय–समयमा तोकिएका अरू कामहरू पनि जिल्ला पञ्चायतले गर्नेछ।

## (ख) केन्द्रीय सभा

२२- (क) श्री ३ महाराज, राष्ट्रसभा र भारादारी सभाबाट नेपालको व्यवस्थापक सभा बन्ने छ।

(ख) राष्ट्रसभामा फेहरिस्त (क) बमोजिमका निर्वाचित र सरकारबाट नियुक्त भएका सदस्यहरू गरी ६० भन्दा नघटाई

७० मा नब्रढाई सदस्यहरू रहने छन्। यी दुई किसिमका सदस्यहरुमा ३ र २ को दामासाहीले (वा सो भन्दा सकेसम्म नजीक अनुपातमा) सदस्य मुकर्रर हुनेछन्।

(ग) भारादारी सभामा सकभर सबै संस्था, पेशा, रोजगार र विशेष योग्यताद्वारा मुलुकको गौरव बढाएका व्यक्तिहरूको ख्याल राखिबक्सी श्री ३ महाराजका तजवीजबाट घटीमा २० र बढीमा ३० सदस्य नियुक्त गरिबक्सने छ।

(घ) व्यवस्थापक सभाका लगभग चतुर्थांश सदस्यले प्रत्येक वर्ष पदत्याग गर्ने छन् र तिनीहरूको स्थानमा नयाँ सदस्य निर्वाचित वा नियुक्त हुने छन्। पहिला ३ वर्षमा सालसालै बदली हुने सदस्यहरूको फेहरिस्त शुरूमै सभापतिद्वारा मुकर्रर हुनेछ।

२३ (क) व्यवस्थापक सभाका दुबै सभाको बैठक कमसे–कम वर्षको दुइ पटक हुनेछ।

(ख) सो बाहेक यस विषयमा बनेका नियमानुसार अरु बखत पनि श्री ३ महाराजको तजवीजअनुसार १ वा दुबै सभालाई ठाउँ र समय तोकी बोलाउने वा सभालाई स्थगित वा खारेज गरिबक्सने छ।

२४- श्री ३ महाराजबाट आफ्नू तजवीज अनुसार कुनै १ वा दुवै वा संयुक्त सभालाई कुनै भाषण बक्सिने वा सन्देश पठाई बक्सने छ। त्यस्तो भाषण वा सन्देशको बिषयमा सभाले सकेसम्म चाँड़ो छलफल गरी काम पूरा गर्नु पर्नेछ।

२५- हरेक मन्त्री, प्रवन्ध सभाको सभापति वा उनीहरू नभएको बखत विभाग–सचिव र सरकारी कानूनी सल्लाहकारहरूले एक वा दुवै सभाको बैठक वा उपसमितिमा बोल्न, बहस गर्न र अरू किसिम-बाट सम्मिलित हुन पाउने छन्। तर वोट भने आफू सदस्य भएको सभामा मात्र दिन पाउने छन्।

२६- (क) राष्ट्र सभाको सभापति श्री ३ महाराजबाट मुकर्रर हुने र उपसभापति सबै सदस्यका चुनावद्वारा सदस्यहरुमध्येबाट हुनेछ। सभापति वा उपसभापतिको पद खाली भएकोमा अर्को तोकिने वा निर्वाचित जो हुनुपर्ने हुनेछ।

(ख) (१) सभापति र उपसभापतिले आफनो कामको राजीनामा पत्र श्री ३ महाराजका हजूरमा चढाउन पाउने छन्। नियमावलीअनुसार कारण देखिएमा श्री ३ महाराजका हुकमबाट झिकिने छन्। यसरी खाली भएको पदमा जो हुनुपर्ने निर्वाचन वा नियुक्तिद्वारा नयाँ भर्ना हुने छ।

(२) सभाको सदस्य हुन छोडेपछि उनीहरुले आफनो पदत्याग गर्नुपर्ने छ । सभाका द्वितृतीयांश सदस्यका रायले पेश भएको प्रस्ताव उत्तिकै वोटको वहुमतद्वारा पास भएमा उनीहरु आफनो पदबाट हटाइने छन् ।

(ग) भोरदारी सभाको सभापति कम्याण्डर-इन-चीफ होइनवक्स छ । सो सभाको उपसभापति श्री ३ महाराजबाट नियुक्त गरिनवक्सने छ ।

## व्यवस्थापिका सभा

२७- (क) यो 'ऐन' मा प्रत्यक्ष खुलेको विषयमा वाहेक अरु सबै कुरामा कुनै एक वा संयुक्त सभाको छलफलमा सबै प्रश्नको निणय उपस्थित र वोट दिने सदस्यहरूका वहुमतद्वारा हुनेछ । सभापति वा कायम-मुकायमले पहिलो पटक आफनो वोट न दिई वोट वराबर भएमा मात्र आफनो वोटद्वारा कुराको टुंगो लगाइ दिनेछन् ।

(ख) सदस्यहरुमध्ये कसैको स्थान खाली भएको वखत कारवाई भएको मा वा उपस्थित भएका सदस्यहरुमध्ये कुनैले योग्यता नभए तापनि वोट दिए वा अरु कारवाईमा सम्मिलित भएको पछि थाहा भएमा पनि सभाको काम सदर

ठहरिने छ, बदर हुने छैन ।

(ग) सभा वा सभाहरुको कुनै बैठकमा जम्मा सदस्यहरू मध्ये ४ खण्डको १ खण्डसम्म पनि मौजूद भएनन् भने सभापतिले बाट चाहिए जति सदस्यहरु जम्मा नभएसम्म सभा स्थगित राखिने छ ।

२८— हर एक सदस्यले सभामा बहाल गर्नुभन्दा अघि सरकारबाट तोकिएबमोजिमको धर्म भाकनु पर्ने छ ।

२९- (क) दुवै सभाको लागि एउटै मानिस चुनावको निमित्त खडा हुन पाउने छैन ।

(ख) तल ३० दफामा तोकिएको अयोग्यताद्वारा वा आफूले लेखी श्री ३ महाराजका हजूरमा राजीनामा चढ़ाएमा सदस्यको ठाउँ खाली भएको ठहरिने छ ।

(ग) सभाको लगातार दुई पटकको बैठकमा पनि हाजिरै नहुने वा सभापतिको इजाजत नलिई सभाको छलफलमा लगातार ४५ दिन सम्म हाजिर भएन भने पनि सदस्यको ठाउँ खाली भएको ठहरिने छ ।

३०- (क) तपसील बमोजिमका मानिसहरू व्यवस्थापक सभामा निर्वाचित हुन र सदस्य बन्न अयोग्य ठहरिने छन्—

(१) सरकारले लिन हुन्छ भनी तोकेको बाहेक अरु सरकारी काम गर्नेहरु ।

(२) हावा ब्रिग्रेकाहरू ।

(३) टाट उल्टी ऋण तिर्न नसकेकाहरु ।

(४) चुनाव विषय सरकारबाट जारी भएको नियम भंग गर्नेहरू । यस्तोमा अयोग्यताको हद–म्याद तोकिने छ ।

(५) यो जारी नहुँदै वा जारी भएपछि एक वष र सो भन्दा बढी कैदको सजाय पाएका हरू । यसमा सजाय पाई छुटकारा पाएको ५ वर्ष वा सो भन्दाअगि सरकारबाट यो अयोग्यता हटन सकने छ ।

(६) निजामती वा जंगी जागीरबाट बर्खास भएकाहरु ।

(ख) कैद भै थुनुवामा परिरहेका मानिसहरू निर्वाचित भै सदस्य हुनु अयोग्य ठहरिने छन् ।

(ग) सदस्य हुन अयोग्य ठहरिने मुद्दा लागेमा सो मुद्दाको अन्तिम किनारा नलागेसम्म ठाउँ खाली ठहरिने छैन ।

(घ) माथि (क) (१) दफामा लेखिएका तपसीलका कुराहरू लिन गर्न हुने ठहरिने छन—

(१) कुनै सरकारी अड्डाको तालुक ।

(२) सरकारी काम गरेर बाहेक दर्जा वा अरू किसिमको ओहदाद्वारा भत्ता पाउनु ।

(३) गाउँको काम गर्ने थरी, मुखिया इत्यादि जस्ता सरकारी खान्गी जागीर पाएकाहरू।

३१— कुनै सभामा बस्न वा वोट गर्न नहुने वा अयोग्य ठहरिएका मानिसले बसे वा वोट गरेमा दिनै पिच्छेमा रु० १००। जरिमाना भै सरकारी असूल हुने रकम सरह ठहरिने छ ।

३२- (क) यो ऐनको हद र सभोविषयक नियमभित्र रही सबै सदस्यहरूले सभाको बखत वाक्स्वतन्त्रता पाउने छन् । सभा वा त्यस-सम्बन्धी समितिभित्र भनेको वा वोट दिएको कुरालाई लिएर वा सो सभाको नियमबमोजिम सभामा भए गरेको कुरा प्रकाश गरेकोमा समेत सदस्यलाई कुनै तरहबाट पनि बात लागने छैन ।

[ख] सभाको बखत सभागृहमा जुन सुकै मुद्दामा पनि र सभाको अधिवेशनको म्यादभित्र देवानी मुद्दामा कुनै सदस्यलाई पनि कसैले छेक थुन गर्न पाउने छैन ।

(ग) अटेरी सदस्यलाई यस विषय बनेका नियमबमोजिम निकालन पाउने बाहेक सभापतिले सदस्यहरुलाई अरु सजाय दिन पाउने छैन ।

३३— हाल पहिला पटकलाई सरकारबाट र पछि व्यवस्थापक सभाबाट तोकिएको तलब भत्ता सबै सदस्यले लिन पाउने छन्।

३४- (क) यो कानूनसम्बन्धी बनेका शर्त र बन्देजको नियमबमोजिम दुवै सभाका सदस्यहरुले सभाको बैठकमा नेपाल भर मुलुक वा कुनै खण्डको लागि विदेश वा यहाँ जहाँसुकै रहेका नेपाली प्रजाको हित र शासन व्यवस्थाबारे कानूनको मसौदा प्रश्न वा प्रस्ताव पेश गर्न पाउने छन्। तर लोकहितका निम्ति हानिकारक ठहराइबक्सेका जुन सुकै कानूनको मसौदा, प्रस्ताव वा प्रश्न जुन सुकै अवस्थामा पनि श्री ३ महाराजबाट रोक वा खारेज गरिबक्सनु हुनेछ।

(ख) श्री ५ महाराजधिराज, श्री ३ महाराजका उत्तराधिकारी, ओहदा, पदवी र विशेष अधिकारसम्बन्धी परम्परादेखि चलिआएका रीत रीवाज कानून बन्देज़मा खलबल हुने कुनै कुराको पनि प्रस्ताव वा कानूनको मसौदा पेश गर्न वा यस्तै अरु कुरा गर्नु हुदैन।

(ग) व्यवस्थापक सभामा कुनै मानिसको व्यक्तिगत चरित्र—विषय वा कुनै न्यायाधीशले आफनू अखत्यारीभित्र अदालतमा गरेको काम विषय कुरा उठाउने वा छलफल हुने छैन।

३५- (क) आर्थिक कानूनको मसौदा विषय तल छुट्टै लेखिएको हुनाले त्यसबाहेक जुनसुकै कानूनको मसौदा पनि यस विषयमा बनेका नियममा रही दुवै सभामा जसले पेश गरे पनि हुन्छ।

(ख) दुवै सभाबाट मञ्जूरी भएपछि मात्र कानूनको मसौदा स्वीकृत भएको ठहरिने छ।

३६– (क) एक सभाबाट मञ्जूर भै कुनै कानूनको मसौदा वा अरु कुनै विषय अर्को सभामा गएको मा—

(१) अर्को सभाले प्रस्तावित कानून नामंजूर गऱ्यो भने वा

(२) कानूनको मसौदा अदल–बदल गर्ने विषय सभाहरुको राय मिलेन भने वा

(३) अर्को सभामा वर्ष दिनसम्म पनि श्री ३ महाराजबाट सदर गराइन सो मसौदा पेश न भै रह्यो भने।

श्री ३ महाराजबाट दुवै सभाको संयुक्त सभा बोलाई छलफल गराई बक्सिने छ।

(ख) यो संयुक्त सभाले मञ्जूर गरेको कुरा यो ऐनबमोजिम स्वीकृत भएको ठहरिने छ।

(ग) यस्तो संयुक्त सभामा भारादारी सभाको सभापति वा नीजको अनुपस्थितिमा श्री ३ महाराजबाट नियुक्त गरिबक्सेका मानिसले सभापतिको आसन ग्रहण गर्ने छ।

३७– (क) व्यवस्थापक सभाबाट स्वीकृत भएको कानूनको मसौदामा श्री ३ महाराजबाट सदर गरिबक्सी खड्गनिशाना लागे पछि मात्र कानून बन्नेछ।

३८– (क) श्री ३ महाराजबाट हरेक वर्षको अन्जामी आम्दानी-खर्चको फिहरिस्त दुवै सभामा पेश गराउन लगाइबक्सने छ।

(ख) यो फिहरिस्तमा तपसोलबमोजिमको भिन्न-भिन्न रकम देखाइने छ —

(१) मुलुकको आम्दानीउपर खर्च गर्ने पर्ने सालबसाली खर्च र

(२) मुलुकको आम्दानीबाट पुगेसम्म खर्च हुने पटके खर्च।

(ग) माथिको सालबसाली खर्चमा तपसील बमोजिमको रकम राखिने छन् —

(१) श्री ५ महाराजाधिराज र श्री ३ महाराजको सालबसाली दरबन्दी रकम्।

(२) जंगी तर्फको खर्च।

(३) श्री ३ महाराजबाट भर्ना भएका निजामतीतर्फको तलब, पेन्सन्, भत्ताविषय खर्च।

(४) प्रचलित वा पछि हुने अहद सम्झौताद्वारा हुनुपर्ने समेत परराष्ट्रसम्बन्ध विषयको खर्च।

(५) मुलुकमा कतै पनि अशान्ति हुन नदिने आर्थिक मजबूती कायम राखने साना-तिनाहरुलाई ठालुहरुको थिचोमिचोबाट बचाउने सरकारको विशेष जवाबदेही कार्यमा अरु श्री ३ महाराजको तजवीजबमोजिम खर्च गर्नको निम्ति छुट्याइएको रकम कुनै भए सो रकमसमेत।

(६) मन्त्रिमण्डलका सदस्यहरु सरकारी कानूनी सल्लाहकार र प्रधान जाँचकीको तलब भत्ता।

(७) धर्म कार्य गुठीको खर्च।

(८) सरकारबाट लिने ऋण र ऋण तिर्नानिमित्त जगेरा राखनुपर्ने जगेरा, सूद इत्यादि ।

(९) यो ऐन वा अरू कानूनबाट यो फिहरिस्तमा रहनु पर्ने ठहराइएको कुनै रकम ।

(घ) कुनै खर्चको रकम मुलुकको आम्दानीउपर खर्च गर्नै पर्ने सालबसाली रकमभित्र पर्छ पर्दैन भन्ने कुरामा निर्णय श्री ३ महाराजबाट गरिबक्सने छ।

३९- (क) माथि लेखिएका मुलुकको आम्दानीउपर खर्च गर्नै पर्ने सालबसाली रकमविषय व्यवस्थापक सभामा वोट वा छलफलका लागि कुनै किसिमको कुरा उठनसक्ने छैन् । तर ७, ८, ९ भने छलफलसम्मका लागि पेश हुने छ ।

(ख) पञ्चायतका कामलाई तोकिएको अञ्जामी अंकमा व्यवस्थापक सभाले घटाउन पाउने छैन ।

(ग) माथि ३८ (ख) दफामा लेखिएको पटके खर्चको निमित्त अञ्जामी अंक कायम गरी पहिले राष्ट्र सभा र त्यस पछि भारदारी सभामा पेश गरिने छ । यी रकमहरूमा पूरा छलफल भै अन्जामी अंक मञ्जूर गर्ने, इन्कार गर्ने वा थप-घट गर्ने समेत सभाहरुलाई अखत्यारी रहने छ ।

(घ) श्री ३ महाराजको मञ्जूरीबिना कुनै अन्जामी अंकहरु पेश गरिने छैनन् ।

४०- व्यवस्थापक सभाबाट निकासा भएको रुपैयाँको फिहरिस्तमा श्री ३ महाराजको बाहुली निशोना लागेपछि मात्र ती रकमहरू

कानूनी निकासा ठहरिने छन् ।

४१- व्यवस्थापक सभाले मञ्जूर गरेका रकममा पछि कुनै वर्ष बढ़ी खर्च गर्नुपर्ने परिआएमा माथि दफा दफामा लेखिएबमोजिम कारवाई गरी सो अङ्क मञ्जूर गराए हुनेछ ।

४२- (क) तपसीलबमोजिमका विषयमा कानूनको मसौदा वा संशोधन सरकारतर्फबाट मात्र पेश हुनेछ ।

(१) कुनै रकम वा कर महसूल लगाउने वा थपघट गर्ने विषय ।

(२) सरकारी हक विषय ।

(३) सरकारले कुनै देशी वा विदेशी कर्जा उठाउने विषय ।

(४) हात हतियार राख्ने वा प्रयोग गर्ने विषय ।

(ख) कुनै जाति वा संस्थाको धार्मिक आचार वा विचार परिवर्तन हुने प्रस्तावको विचार हुँदा जम्मा भएको तीन खण्डको दुइ खण्ड सदस्यको राय भए मात्र परिवर्तन हुनेछ ।

४३- (क) व्यवस्थापक सभाको काम राम्ररी वेला-वेलामा चलोस कुनै किसिमबाट पनि अड़काउ वाधा नपरोस् भन्नानिमित्त सरकारबाट बनेका नियमबमोजिम कार्यक्रम चल्नेछ ।

(ख) यसमा कुनै किसिमको वाधा अड़काउ पऱ्यो भने आधा सदस्यहरूले राय पेश गरे भने सरकारबाट बनाइएका नियममा अदल-बदल गरिबक्सने विचार हुनेछ ।

४४- व्यवस्थापक सभामा सबै कुरा-कहानी छलफल इत्यादि राष्ट्रभाषा नेपालीमा नै हुनेछ ।

४५– (क) व्यवस्थापक सभामा भएका कारवाइहरु वा त्यसका कर्मचारी-द्वारा सवालबमोजिम त्यहाँ भित्र भएको कारवाई–विषय कुनै अदालतमा पनि मामिला वा मुकदमा चल्ने छैन ।

(ख) कार्यक्रममा साना तिना त्रुटि भए भन्दैमा व्यवस्थापक सभामा भएको कारवाई बदर हुने कुरा उठाइने छैन ।

४६– मुलुकभर कतै पनि शान्ति भंग नहोस् भन्नानिमित्त श्री ३ महाराजबाट मन्त्रिमण्डलको सल्लाहले चाहिएको अस्थायी कानून जारी गरिबक्सनु हुन्छ । तर यस्ता अस्थायी कानून छ महीनाभन्दा बढ़ी जारी रहने छैन । अवस्था सुध्र्यो भनी ठानिबक्सेमा श्री ३ महाराजबाट बीचमा जुनसुकै बेला पनि सो कानून खारेज गरिबक्से हुनेछ ।

४७– (क) मुलुकमा कुशासन वा अशान्ति वा दुवै भई यो ऐन बमोजिम शासनपद्धति चलाउने अवस्था छैन भन्ने श्री ३ महाराजबाट कुनै बखत ठहराई बक्स्यो भने इश्तिहार जारी गरी तपसील बमोजिमको कारवाई गरिबक्सनेछ:—

(१) यो कानूनबाट कुनै व्यक्ति वा सभाले पाएको काम वा अखत्यारी आफैमा खिंचिबक्सने छ ।

(२) यो ऐनद्वारा हुने कारवाईहरू यस यस किसिमबाट हुनेछ भनी तजवीजबमोजिम तोकिदिइबक्सने छ ।

(ख) यसरी जारी गरिबक्सेका इश्तिहार अर्को इश्तिहारद्वारा खारेज हुन वा बदलिन सक्नेछ ।

(ग) यो दफाबमोजिम इश्तिहार भएमा छ महिनाभित्र फेरि

श्री ३ महाराजबाट उही वा तजवीजले अर्को व्यवस्थापक सभा बोलाइबक्सने छ।

## भाग ५

## न्याय–प्रबन्ध

४८– इन्साफ शीघ्र र सुलभ हिसाबसंग दिइने प्रबन्ध हुनेछ। शुरूका देवानी र फौजदारी मुद्दाहरू ऐन र नियमले तोकिने बन्देज र देखरेखमा रही, ग्राम पञ्चायतहरूले हेर्ने छन्।

४९– इन्साफको निमित्त खड़ाभएका ओम अड्डा अदालतहरूमा न्यायाधीशहरूबाट इन्साफ गरिने छ। शुरूको र अपील सुन्ने अड्डाहरू अदालत गनिने छन्।

५०– यस ऐनमा लेखिएबमोजिम अड्डा अदालतको नियम र बन्दोबस्त अदालत र न्यायाधीशहरूमा काम र हदको बाँड़ फाँड़, भर्नाको नियम, नोकरीको हद, नोकरीलाई चाँहिने ल्याकत र योग्यता र अरू सबै न्याय प्रबन्धसंबन्धी विषयहरू ऐन मुताबिक हुने छन्।

५१– कुनै अपरफट् परिस्थिति पर्न आएमा स्थापित भैरहेका साधारण अदालतहरूका कार्यक्रमद्वारा मुलुकको जनतामा शान्ति कायम राख्ने कारवाई हुन नसकेको देखियो भने श्री ३ महाराजबाट विशेष अदालतहरू खड़ा गरिबक्सिने छ।

५२– (क) श्री ३ महाराजका व्यवस्थापक सभाका सदस्यहरूमध्येबाट एक न्यायाधिकारी समिति खड़ा गरिबक्सनेछ। यसमा १२

जनाभन्दा नबढाई सदस्य रहने छन् । यी मध्ये दुइ जनासम्म विशेष योग्यता भएका व्यवस्थापक सभाबाहिरका मानिसलाई पनि श्री ३ महाराजबाट नियुक्त गरिबक्सिनेछ ।

(ख) यो समितिले तपसील बमोजिमको अखत्यारी पाउनेछ—

(१) तोकिएका विशेष मुद्दाहरू हेर्ने सर्वोच्च अपील अड्डाको काम यस ऐनबमोजिम बनेको सवाल सनदभित्र रही गर्ने ।

(२) अदालतहरूले कुन मुद्दामा कति कति न्यायाधीश बसी कुन किसिमबाट मुद्दा हेरी कारवाई चलाए सबैमा न्याय पर्न जान्छ भन्ने विचार गरी नियम र सवालहरू बनाउने ।

(३) यो ऐनको ६ र ७ दफा बमोजिम कारवाई गर्ने ।

(ग) यो ऐनको हदभित्र रही यो समितिको रचना र कार्यक्रम विषय नियमहरू समय–समयमा सरकारबाट बन्ने छन् ।

५३- (क) नेपालमा एक प्रधान न्यायालय रहने छ ।

(ख) प्रधान न्यायालयमा एक प्रधान न्यायाधीश र अरू १२ न्यायाधीशमा नबढ़ाई श्री ३ महाराजबाट आवश्यकता अनुसार समय-समयमा भर्ना गरिबक्सिनेछ । तर प्रधान न्यायाधीशले सिफारिश गरेमा दुइ वर्षको निमित्त श्री ३ महाराजबाट थप न्यायाधीशहरू भर्ना गरिबक्सिनेछ । यस तरीकाले भर्ना भएका न्यायाधीशहरूको बहाली रहेसम्म अरु प्रधान न्यायालयका न्यायाधीशहरु सरह नै अख्त्यार हुनेछ ।

५४. प्रधान न्यायालयको हरएक स्थायी न्यायाधीशको उमेर

६५ पैसट्टी वर्ष ननाघेसम्म बहाली कायम रहने छ। तर—

(क) न्यायाधीशले आफैंले श्री ३ महाराजमा राजीनामा चढाई पदत्याग गर्न पाउने छ।

(ख) व्यवस्थापक सभामा दुवै सम्मेलनको समिति बैठकबाट कुनै न्यायाधीश प्रमाणित बदचलन भएको वा काम चलाउन अयोग्य नठहरिएसम्म श्री ३ महाराजबाट बर्खास्त हुने छैनन्।

(ग) न्यायाधीशले ठूलो कसूर गरेमा वा मानसिक वा शारीरिक अयोग्यताको कारणबाट श्री ३ महाराजबाट सोधनी हुँदा न्यायाधिकारी समितिले कसूर वा अयोग्यताको समर्थन गरेमा नालायक वा काम गर्न नसक्ने ठहरिएको न्यायधीशलाई श्री ३ महाराजबाट खारीज गरिबक्सने छ।

(घ) प्रधान न्यायालयका न्यायाधीशहरूले श्री ३ महाराजबाट तोकिबक्से मुताबिक तलब पाउने छन्। तर बहाली रहेसम्म यिनीहरूको तलब घटबढ हुने छैन।

५५— मुद्दाहरूको फाँट र लगत राख्ने काम प्रधान न्यायालयको हुनेछ र मातहतका अदालतहरूमाथि र इन्साफसम्बन्धी विषयमा ऐन—कानूनले तोकिएको अख्त्यारी प्रधान न्यायालयले पाउने छ।

५६— आफ्नो अख्त्यार भित्रका सबै अदालतहरूमाथि प्रधान न्यायालयको ताबुक रहने छ र तपसीलमा लेखिएको काम

प्रधान न्यायालयले गर्नेछ:—

(क) कुनै मुद्दा झिकाई हेर्ने वा हेर्न लाउने ।

(ख) कुनै मुद्दा वा अपील परेको मुद्दा एउटा अदालतबाट समान अखत्यारवाला अर्को अदालत वा त्यसभन्दा बढी अखत्यार भएको अदालतमा सार्ने ।

(ग) आफ्नो मातहतका अदालतको नियम र सिलसिला बसाई सो जारी गर्ने ।

(घ) अदालतहरूले स्याहा स्रेस्ता राख्ने र मुद्दा मिसिलहरूको लगत किताब खड़ा गर्ने तरीका तोक्ने ।

तर चालुरहेको ऐनमा बाधा नखाने गरी नियमहरू र कार्यकर्ताहरू ता खड़ा हुनु पर्छ ।

५७— यस ऐन मुताबिक हुनुपर्ने कुनै न्यायसम्बन्धी काम नचलेसम्म भइरहेकै ऐन र नियमहरू कायम रहने छन् ।

५८— ऐन र आफ्नो अखत्यारभित्र धर्म संभी कर्तव्यपालन निमित्त न्यायसम्बन्धी काम गर्दा-गराउँदा न्यायाधीश र अदालतका कर्मचारीहरूलाई बात नलागोस भन्नानिमित्त बचाउको लागि चाहिंदो ऐन बन्ने छ ।

५९— यो ऐनभित्र परेको कुन कुराले श्री ३ महाराजबाट अपराधीलाई माफी, मिनहा, मोजरा र सजाय घटाइबढिसनें अधिकारमा असर पर्ने छैन ।

## ६ भाग
## विविध

६०- यो कानूनबमोजिम काम आरम्भ भएपछि शकभर चाँड़ो र अवस्थाले दिएसम्म भरमुलुकमा प्रारंभिक शिक्षा निःशुल्क अनिवार्य गरिदिन र मातृभूमिको सेवालाई चाहिने शिल्प-शिक्षा र उच्च शिक्षाको प्रवन्ध सरकारबाट हुनेछ। साथ-साथै निरक्षरता हटाउने व्यवस्था पनि जतिसक्यो उति हुनेछ। शिक्षाको मुख्य लक्ष्य नैतिक उपदेश, व्यक्तिगत योग्यता र कार्यकुशलता, राष्ट्रप्रेम र अन्तरराष्ट्रीय मैत्रीभाव फैलाउने हुनुपर्छ।

६१- मुलुकको उन्नति सम्बन्धी कामनिमित्त र संकट परिआएका बखत सरकारबाट ऋण लिने वा उठाइने छ। तर सो ऋण लिएको कुरा ब्यवस्थापक सभाको अर्को सभामा पेश गरी थाहा दिनु पर्नेछ।

६२- (क) सरकारबाट बनेको नियमबमोजिम मुलुकको आमदानी खर्चको हिसाब जाँचनलाई एक प्रधान जाँचकी श्री ३ महाराजबाट भर्ना गरिबक्सने छ। निजले सरकारबाट तोकिबक्सेबमोजिम तलब खाई काम गर्नेछ। निजको बहाली बर्खासी प्रधान न्यायालयको न्यायाधीशसरह हुनेछ।

(ख) मुलुकको आमदानी खर्चको तेरीज बनाई हरेक साल्तमाम पछि निज प्रधान जाँचकीले सो फेहरिस्त विषयक रिपोर्ट व्यवस्थापक सभाको दुवै सभामा पेश गर्नको निमित्त श्री ३

महाराजमा चढाउने ।

६३– मंत्रिमण्डलले गरेको काम पट्टा कबूलियतहरू सबै नेपाल सरकारतर्फबाट भएका मानिने छन् ।

६४– (क) मौलिक हकको विषय; पञ्चायतको काम; न्याय–प्रबन्ध, जाँच (अडिटर) जंगी निजामती नोकरी सम्बन्धी, भर्ती-सरुवा बढुवा, शिक्षा, जंगी निजामती कर्मचारीहरूको स्वार्थको संरक्षण र यो विधान पद्धतिमा नजनाइएका कुराहरू खुलाउने र सो बमोजिम कारवाई गर्ने नियमहरू सरकारबाट बनाइने छन् ।

(ख) हरएक कक्षाको निर्वाचित विषय नियमहरू वोट दिन पाइने र चुनिन पाउनेहरूको योग्यता, सदस्यहरू आउने इलाका छुट्याउने इत्यादि विषय पनि सबै कुरामा सरकारबाट नियमहरू बन्नेछन् ।

६५– (क) मुलुकभर सबै ठाउँमा योग्य कर्मचारीहरू भर्ना हुन् भनी श्री ३ महाराजबाट एक 'दरखास्त–परिषद्' खड़ा गरिबक्सनेछ ।

(ख) यसमा श्री ३ महाराजका तजवीजबाट खटिएका सदस्यहरू र जुन विभागमा भर्ना गर्नु छ सोही विभागको एक प्रतिनिधि समेत रहने छनू ।

(ग) यस विषयमा बन्ने नियमबमोजिम सरकारी नोकरीका उम्मेदवारहरूको दरखास्त आएमा यस परिषद्ले योग्यता वा ल्याकत जाँच बुझ गरी सरकारमा सिफारिश पेश गर्नेछ ।

६६- यो ऐनबाट काम गर्दा पहिला पटकलाई चुनाव गर्ने विधिमा वा अरू कुनै कुरामा अड़काउ देखियो भने श्री ३ महाराज-बाट सो बाधा अड़काउ हटाउने जरूरी आड़र बक्सो कानूनको मनसाय पुग्ने कारवाई गर्ने गर्न लगाइबक्सनेछ।

६७- यो कानूनको दफा र सो दफाबमोजिम बनाइएका नियम-हरूको अर्थ खुलासा नबुझी राय बाझिन गएमा सरकारी कर्मचारी वा कुनै सरोकारवाला व्यक्तिले बिन्तिपत्रद्वारा प्रधान न्यायाधिकारिणी समितिमा त्यसबारेको उजुरी दिनुपर्छ। उजुर परेको दुइ महिनाभित्र सो उजुरको फैसला हुनेछ र सो फैसला अन्तिम निर्णय मानिने छ।

६८- यो विधान पद्धति जोरी भएको ७ वर्ष अथवा श्री ३ महा-राजको तजवीजअनुसार हुनसके सो भन्दा अगावै शासन पद्धतिको काम, शिक्षा र उत्तरदायी संस्थाहरूको प्रचार इत्यादिबारे जाँच-बुझ गर्नानिमित्त एक परिषद् मुकर्रर गरिने छ। सो परिषद्का सदस्यहरूमा लगभग आधा व्यवस्थापक सभाले आफ्नो सदस्यहरूमध्येबाट छान्ने छ। सो परिषद्ले अहिले स्थापित भएको शासन-पद्धतिमा कतिसम्म थपघट वा अदल-बदल गर्न मनासिब हुन्छ— सो बारे जाहेरी पेश गर्नेछ। यो परिषद् श्री ३ महाराजबाट हुकुम बक्सेबमोजिम अरू कुराहरूबारेमा पनि जाँच-बुझ गरी रिपोर्ट गर्नेछ। सो परिषद्ले गरेका रिपोर्टमा श्री ३ महाराजबाट विचार भई परि-षद्को सिफारिशमा उचित ठहरिएको कारवाई गरिबक्सने छ।

# फेहरिस्त " क "

## "राष्ट्रसभा"-को रचना

१- निर्वाचित सदस्यहरू ४२

(क) तपसीलका जिल्ला पञ्चायतका प्रधान पञ्चहरू ३२

| | |
|---|---|
| १ पूर्व १ नं | १७ डँड़ेलधुरा |
| २ " २ " | १८ बैतड़ी |
| ३ " ३ " | १९ जुम्ला |
| ४ " ४ " | २० चिसापानी |
| ५ धनकुटा | २१ चार भंज्याङ्भिन्न |
| ६ इलाम | २२ बारा-पर्सा |
| ७ प० १ नं | २३ रौतहट |
| ८ " २ " | २४ महोत्तरी |
| ९ " ३ " | २५ सर्लाही |
| १० " ४ " | २६ सप्तरी |
| ११ पाल्पा | २७ सिरहा |
| १२ गुल्मी | २८ मोरङ्-झापा |
| १३ सल्यान | २९ पाल्ही र माझखण्ड |
| १४ प्यूठान | ३० खजहनी र स्यूराज |
| १५ दैलेख | ३१ बाँके र बर्दिया |
| १६ डोटी | ३२ कैलाली र कञ्चनपुर |

(ख) तपसील नगर पञ्चोयतका प्रधान पञ्चहरू ४

३३ काठमाडौं ३५ भक्तपुर

३४ ललितपुर ३६ वीरगंज

टिप्पणी– जन-संख्या वा क्षेत्रफलको हिसाबबाट इलाकाको बाँड़फाँड़ भएमा जम्मा संख्यामा फरक नपारी माथि तोकिएका ठाम-ठाममबाट आउने सदस्यको संख्यामा घट-बढ़ हुन सक्तछ ।

(ग) तपसोलबमोजिमका विशेष काम वा योग्यताद्वारा भरमुलुकका विशेष प्रतिनिधिबाट सदस्य हुन पाउने— ६

(१) साहु-महाजन-व्यापारीबोट १

सरकारलाई सोलियाना रु. १०० वा सोभन्दा बढ़ता अङ्क भन्सार वा बजार महसूल ३ वर्षसम्म लगातार बुझाउनेहरूको आपसबाट प्रतिनिधि छान्ने ।

(२) बिर्ताबाल-जिमिन्दारहरूबाट १

२० रोपनी वा १० पाथी बिउ जाने वा १० बिगाह वा सोभन्दा बढ़ी जग्गाका धनीहरू वा रु. १०००। सम्म वा बढ़ी माल-पोत तिर्नेहरूको आपसबाट प्रतिनिधि छान्ने ।

(३) लेखपढ़ गरेकाबाट २

म्याट्रिक वा मध्यमा र सोभन्दा बढ़ी योग्यता हुनेले म्याजु-एट, आचार्य वा नेपालीमा सोहीसरह योग्यता भएकाहरूलाई सदस्य छान्नेछन् ।

(४) सरकारी कर्मचारीहरूबाट १

(५) श्रमजीवीबाट १

४-५ दफा विषय नियम सरकारबाट बन्नेछ ।

(६) नियुक्त सदस्यहरू २८

श्री ३ महाराजबाट यी सदस्य नियुक्त हुने छन् ।

## परिशिष्ट २

**२००४ सालको 'वैधानिक कानून'—अनुसार खड़ा भएको सभामा श्री सुवर्ण शम्शेर ज० ब० रा०*-ले दिएको उद्घाटन रिपोर्ट र उक्त सभाको सदस्य सूची—**

**महाराज,**

संवत् २००४ साल माघ १३ गते घोषणा भएको "नेपाल सरकार वैधानिक कानून"-लाई सुचारु रूपमा सकभर चाँड़ो चलाउन सरकारबाट कायममुकायम प्राइम मिनिष्टर होइबक्सँदै 'वैधानिक समिति' खड़ा गरिबक्सियो । तर सरकारको उदय भएदेखि मात्र यस अड्डाले वैधानिक कानूनका हरएक दफाहरू कसरी चालू गर्ने भन्ने काम जोर तोड्संग शुरू गरेको हो । बिलकुलै नचलिआएको काम हुँदा हरएक अड्डा अदालतमा लेखापढ़ी गर्दा संझाउन बुझाउन मुश्किल पर्ने र यातायातको अपठ्यारोले गर्दा जवाफहरू लिन दिन पनि प्रशस्त समय लाग्ने हुँदा काममा केही विलम्ब हुनु स्वाभाविकै हो । तथापि यस समितिलाई चाहिने सामग्रीहरू गोंडा गोश्वाराहरूबाट सकभर ताकिता

*वर्तमान चीफ एलेक्शन् कमिश्नर

साथ झिकाइयो । साथ साथै यहाँबाट हुन सकने कामहरू पनि शुरू भयो । सारा देशलाई नै असर पर्ने यत्रो महोन् महिमाको काम हुनाले यस अड्डाबाट तर्जुमा भएका कामहरूको निरीक्षण र समर्थनको लागि सरकारबाट आफ्नै देखरेखमा श्री मिनिष्टर आयण्ड कम्याण्डर इनचीफ र अरू बुवाज्यूहरूजस्ता राजकाजमा पूरा अनुभवीहरूका सभा पटक-पटक गराइबक्सेकोले यो काम चाँड़ो र सुविस्तासाथ हुनगयो । बिच-बिचमा ऐन-कानून बोध भएका र सरकारिया काममा वर्षौं बिताएका गुरु पुरोहित भारादारहरूलाई पनि शरीक गराइबक्सियो ।

सबभन्दा पहिले यस समितिको ध्यान नागरिक हकहरूपट्टि गयो । अरू राष्ट्रहरूमा चलेसरह नागरिक हकहरूका ऐनका सिद्धान्त-हरू यहाँ पनि दिनु नै यस समितिले सर्वोत्तम संझी सोहीबमोजिम व्यक्तिगत स्वतन्त्रता, सभा संघ स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता र वाक् स्वतन्त्रताबारेको ऐन तर्जुमा गरी वैधानिक कानूनबमोजिम २००५ सालको अन्तसम्ममा जारी गरे पनि हुने हो तापनि सरकारबाट सकेसम्म चाँड़ै आफ्नो दुनियाँहरूलाई नागरिक हकहरू दिने मन्सूबा प्रकट गरिबक्सेकोले २००५ सालको आरम्भ दिनैमा यी चारै ऐनहरू खड्गनिशाना भै मुलुकभर लागू हुने गरी जारी भयो । यस विषयमा विशेष के विन्ति गरूँ यहाँको नागरिकहरूलाई बक्सेको मौलिक हकहरू सम्बन्धका ऐनहरू अरू मुलुकका मौलिक हकसम्बन्धी ऐनहरूसरह छन् भन्ने पूर्णतया आश्वासन चढ़ाउँदछु । विशेषज्ञहरुले निष्पक्ष भै विचार गरेमा थाहा हुने नै छ । धार्मिक स्वतन्त्रताको हकमा

यो मुलुक एकमात्र हिन्दू राष्ट्र भएकोले र प्रचलित ऐन कानून, रश्म रिवाज, सामाजिक रीति थिति सबै हिन्दू धर्मकै जगमा खड़ा भएको हुँदा यति ठूलो काम यति छोटो समयमा यो समितिले मात्र निर्णय गर्नु असंभवमात्र होइन कि अनुचित समेत ठान्दा अहिलेलाई यस बारेमा केही काम भएको छैन । आफ्ना-आफ्ना धर्मअनुसार पूजा, पाठ, विधि विधान गर्न यस मुलुकमा केही बाधा पीर-मर्का नपरेको र यहाँको इतिहासमा नै धार्मिक झ झगड़ा नदेखिएको हुँदा केही खास ऐन तयार गर्न पनि आवश्यक देखिंदैन । ऐन कानूनी पूर्ण समानता छिटो र सुलभसाथ पाइने इन्साफको प्रबन्ध गर्न यस समितिलाई इन्साफ गर्ने र इन्साफ पाउनेहरूको रायको अत्यन्त आवश्यक हुँदा अहिले न्यायालयका हाकिमहरूको कमिटी बसी के कसो गर्नाले दुनियाँलाई ऐन कानूनी पूर्ण समानता र झन् छिटो र सुलभसंग इन्साफ होला भन्ने रिपोर्ट यस समितिमार्फत जाहेर गर्नु भन्ने एकछापे पनि गइसकेको छ । अब यसबारे दुनियाँको पनि राय लिने प्रबन्ध गर्नुपर्ला जस्तो लाग्दछ । अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षाको प्रबन्ध शिक्षा विभागबाट तर्जुमा हुनलागेको छ । यथासाध्य सोही विभागबाट नै एलान हुने नै छ । व्यक्तिगत सम्पत्तिको रक्षणको खण्डमा यस मुलुकमा पनि अरू मुलुकमा झैं यो रक्षा हरएक व्यक्तिले ऐनबाट पाएको हुँदा अन्यायबाट कसैले कसैको सम्पत्ति हरण गरेमा अड्डा अदालतमा नालिश लाग्ने हुँदा यसबारेमा यस समितिले हालसाल केही खास ऐन वा नियम बनाउनु नपर्ने ठहऱ्याएको छ । विधानमा यो वाक्य पर्नु नै सर्वोत्तम हो । उमेर पुगेका सबैले भोट गर्न पाउने समान हकको खण्डमा

गाउँ पञ्चायत जिल्ला पञ्चायत र विशेष प्रतिनिधिहरूको निर्वाचनमा यस अधिकारलाई कार्यरूपमा परिणत गरिएको छ ।

यो नागरिक हकहरूमा गर्नु पर्ने जति काम सकेपछि यस समितिले ग्राम पञ्चायत ऐन, पञ्चायती अदालत ऐन, नगर पञ्चायत र जिल्ला पञ्चायत ऐनहरू तर्जुमा गरी मुलुकभर लागू हुने गरी जारी गऱ्यो । निर्वाचनसम्बन्धी नियमहरू पनि यस समितिबाट तयार भयो । नयाँ विधानबमोजिम् पञ्चायतहरु नै निर्वाचन वड़ा भएकोले यी ऐनहरू पहिले बनाउन जरूरत भयो र यिनमा धेरै समय बित्यो । सरकारको मनशाय यो विधान सकेसम्म चाँडो चलाउने हुँदा यी कामहरू निकै चाँड़ो भएको छ । यसै सालमा हरएक जिल्ला गौंड़ा गोश्वारामा पञ्चायतहरू खड़ा गर्न निर्वाचन अफिसरहरू पनि पठाइयो । धेरै जस्तो दुनियाँलाई यस बारेको विशेष बोध नभएकोले यिनीहरूलाई मोटामोटी यी ऐनहरु र यिनका उद्देश्य बताउने काम पनि यिनै अफिसरहरूलाई नै पर्ने जाँदा समय धेरै नै चाहिने भयो र यस साल जम्मा १५८ पञ्चायतहरूमात्र खड़ा भयो । जुग्ला टाढ़ा भएको हुनाले र समयको कमीले गर्दा त्यहाँ यो साल पञ्चायत खड़ा गर्ने प्रबन्ध हुन सकेन । रौतहटमा पनि काम शुरु नहुँदै हैजा उठेकोले पञ्चायत खड़ा हुन सकेन । यस सालको बैठकलाई यी दुइ इलाकालाई पनि स्थान दिन त्यहाँका ठाम ठामकै मानिसहरु जम्मा गरी एक जनालाई निर्वाचन गरी यहाँ पठाउनु भन्ने सन्देश गयो । अब पनि अरू थप पञ्चायतहरू खड़ा गर्ने र यस सालमा खड़ा भएको पंचायतहरूको काम देखरेख गर्न निर्वाचन अफिसरहरू जानेछन् ।

यो काम बिलकुल नयाँ हुनाले उम्मेद गरेजति पनि पञ्चायत खड़ा हुन सकेनन्। एक त पंचायत-प्रथाको मर्म धेरैले बुझेनन्। आर्को यातायातको असुविधाले पनि बाधा गऱ्यो। कतै कतैका रैतीले हामीलाई पंचायत चाहिंदैन, हाम्रो पुरानो रीति स्थिति नै कायम रहोस् भन्ने जाहेर गरे। कुनै ठामबाट हामी पंचायती गरिरहन सक्तैनौं, हामीलाई झन्झट थपिने भयो भन्ने राय प्रकट गरे। एक-आध जिल्लाका रैतीले हामीलाई पंचायत राम्रो चलाउन सरकारबाट सहायता, शिक्षा पाउनु पर्दछ भन्ने प्रस्ताव पास गरी पठाएका छन्। खड़ा भएका धेरैजसो गाउँ पंचायतले अदांलती काममै ज्यादा रुचि देखाएका छन्। बन्दोवस्ती काममा ध्यान दिएको देखिंदैन। एक-दुइ ठामबाट पंचायत पाऊँ भन्ने र बेइलाकाका मुद्दाहरू पनि पंचायतैबाट हेराइ पाऊँ भन्ने जाहेरी पनि बराबर आउँदैछ।

भक्तपुर, ललितपुरमा पनि नगर पंचायतहरूले नगर पंचायत ऐन बमोजिम काम शुरू गरे। ललितपुर, भक्तपुर नगर पंचायतहरूले पनि खूब उत्साह देखाई सन्तोष दिने काम गरेका छन्। काठमाड़ौंमा भने त उत्तिको सन्तोषजनक नतीजा निस्केको छैन। संवत् १९७९ सालमा पनि निर्वाचित र नियुक्त सदस्यहरू राखी यस राजधानीको सेर-सफाइ स्वास्थ्य-सुधारको अभिभारा एक बोर्डलाई सुम्पने अभिप्रायले म्युनिसिपलिटी बन्यो। यस नयाँ क्षेत्रमा नागरिकहरू राम्रो तालीम नभएकाले चाहिंदो सहयोग यिनीहरूबाट नमिल्दा यो नयाँ तजुंमाबमोजिम काम चलाउने अभिभारा सरकारमा पर्न आयो र

काठमाडौं म्युनिसिपलिटी खड़ा हुन गयो। सालियाना रु. डेढ़ लाख बढ़ी खर्च गर्दै सरकारबाट नै म्युनिसिपलिटीको काम चलाउँदै ल्याएको-मा संवत् २००४ सालमा प्रजालाई पनि राजकाजमा शरीक गराउने एक विधान तर्जुमा गर्नू भन्ने चेष्टा प्रकट गरिबक्सिएकोले सुधार समिति खड़ा भयो। दुनियाँले कतिसम्म राजकाजको अभिभारा उठाउन शक्तछन् भन्ने विचार गर्ने हेतुले सुधार समितिले यो मुख्य केन्द्रस्थान काठमाडौंमा निर्वाचित सदस्यहरू र यिनीहरूलाई सल्लाह मदत दिन नियुक्त सदस्यहरूसमेत राखी एक अस्थायी स्थानीय स्वतन्त्र संस्था खड़ा गरयो। यस संस्थालाई चाहिने विधान तर्जुमा गरी सुधार समितिमा पेश गर्ने र यहीबीचमा प्रचलित ऐनबमोजिम काम पनि चलाउनू भन्ने अधिकार बक्सेको थियो। निर्वाचित सदस्यमध्यबाट भाइस-चेयरमैन चुनी हरएक काममा उनको पनि सहीछाप चाहिने बन्दोवस्त पनि भएको थियो। तर काम सुचारु रूपमा चलेन भन्दै २१ निर्वाचित सदस्यहरूमध्ये ११ सदस्यहरूले अभिभारा सुम्पिएको ६ महिनाभित्रै राजीनामा दिए। बाँकी १० जनाले म्युनिसिपलि-टीलाई चाहिने विधान तर्जुमा गर्दै थिए। स्वास्थ्यको कारण वा घरको अनुकूल नमिल्दा पटक-पटक गरी फेरि ६ सदस्यहरूले छोड़े। यही-बिचमा वैधानिक समितिले पनि १ नगर पञ्चायत ऐन तयार गरयो। खाली वड़ाहरूमा यो नगर पञ्चायत ऐन जारी हुनुभन्दा अगाड़ि एक पटक र जारी भैसके पछि एक पटक जम्मा २ पटक निर्वाचन गर्ने प्रबन्ध भयो। तर एक वड़ाबाट मात्र दखास्त पर्न आयो। दुई पटक-सम्म पनि निर्वाचनमा कोही खड़ा नभएकोले निर्वाचन नियममुता-

बिक सरकारबाट सदस्य मनोनीत गरी अर्को चुनाव नभएसम्म काम चलाउनू भन्ने भएको छ। यो साललाई बाँकी रहेका निर्वाचित सदस्य ५ र नियुक्त सदस्य १० जम्मा १५ सदस्य रही काठमाडौं नगर पञ्चायतको काम शुरू भयो। नगर पञ्चायत ऐनमा सोही इलाकाका बहाल सरकारीया कर्मचारी निर्वाचित सदस्य हुनु हुँदैन भन्ने छ तापनि ३ नगर पञ्चायतमा सरकारी नोकरहरू यो ऐन बन्नुभन्दा अगाडि नै बहुमतद्वारा आफ्ना वडाबाट चुनिएका हुनाले एक पटकसम्म पनि काम गर्न नदिनु बेमनासिब भएकोले यस पटक सदस्य भै काम गर्ने र नगर पञ्चायतका ३ खंडको १ खंड सदस्यहरूले हरएक वर्ष पदत्याग गर्नु पर्ने हुँदा पहिलो वर्ष यिनै सरकारिया कर्मचारीहरूले पदत्याग गर्ने प्रबन्ध हुने भएको छ।

विशेष प्रतिनिधिहरूको हकमा काम नयाँ हुँदा पटक-पटक सूचनाहरू जारी गर्दा पनि आफ्ना-आफ्ना वडामा नाम दर्ता गर्न बहुतै कम मानिसहरू आए। मत नदिएमा सजाय हुन्छ हुँदैन, मताधिकारीको फिहरिस्तमा नाम दर्ता गर्दा के कति आर्थिक सहायता पाइन्छ इत्यादि अनेकौं प्रश्नको उत्तर यस समितिले दिन पऱ्यो। विशेष प्रतिनिधिका मताधिकारीको नामावली तयार गर्न यस समितिलाई धेरै नै मुश्किल परयो। पढ़े-लेखेका मानिसहरूको नाम हरएक अड्डाखानो, स्कूल, कलेज र गौंड़ा गोश्वाराबाट ल्याउन पऱ्यो। यहाँबाट जम्मा दुइ जना निर्वाचन हुनेमा ५ मात्र दर्खास्त पर्न आयो। त्यसमा पनि निर्वाचनको अगाड़ि ३ उम्मेदवार सदस्यले निर्वाचनमा खड़ा हुन नचाहेकोले निर्वाचनको नियमबमोजिम बाँकी २ जना निर्वाचित सदस्य भए। हाम्रा शिक्षित

वर्गले निर्वाचनको झैं-झगड़ा दूर गरी एकमत देखाउनु राम्रो लक्षण हो। बिर्तावाल जिमिदारमा पनि सोही कष्टहरू सामुना गर्नु परयो। कतैबाट पनि मताधिकारीको नामावलीमा नाम दर्ता गर्न आएनन् र निर्वाचन हुन चाहनेहरूले दर्खास्त हाल्नु पर्ने आखिरी मितितिरमात्र नयाँ मुलुकबाट ४ र काठमाडौंबाट १ जम्मा ५ दर्खास्त हाले। विधान-बमोजिम यिनीहरू उम्मेदवार सदस्य हुने हो होइन बुझी मात्र निर्वाचन गराउनु पर्ने हुँदा यस पटकको बैठकमा यस विशेष प्रतिनिधिलाई हाजिर गराउन सकिएन। निर्वाचन त चाँड़ै नै हुने भएको छ। अर्को पटकलाई भने यस वड़ाबाट पनि सदस्य आउँदछ।

साहु-महाजनतर्फ पनि दर्खास्त पर्नु पर्ने मितिसम्ममा केवल एक-मात्र दर्खास्त परेको हुँदा उनै नै यस वड़ाका प्रतिनिधि चुनिए। हाल साले भने कोही-कोहीले कुनै ठुलठुला साहू- महाजनहरूलाई यस वड़ामा नियुक्त गरिदिएको भए पनि त हुन्थ्यो भन्ने राय यस समितिलाई प्रकट गर्दा यस समितिले सरकारबाट नियुक्त हुने होइन, निर्वाचित हुन दर्खास्त हाली चुनिन पो पर्दथ्यो भनी सम्झायो।

सरकारिया कर्मचारीहरूले एक सरकारिया कर्मचारी निर्वाचन गर्नेमा निजामती सरकारीया कर्मचारिहरूलाई मात्र निर्वाचन गर्ने र निर्वाचित हुने गराइएको छ। धेरैजसो नियुक्त सदस्य जङ्गीतर्फको हुने हुँदा जङ्गीलाई फेरि अर्को एक विशेष प्रतिनिधि राख्नाको आवश्यक देखिदैन। यिनीहरूले उचित स्थान पाएका छन्।

मजदूरबाट पनि एक प्रतिनिधि आउनु पर्नेमा वैधानिक कानून-

बमोजिम प्रवन्ध मिलिनसकेकोले यस पटकलाई यसतर्फको प्रतिनिधि आउन सकेन।

ज्यादा विस्तार के जाहेर गरुँ, यस प्रथम वर्षलाई यो प्रथम संसदको प्रथम बैठकमा भारादारी सभामा श्री मिनिष्टर एण्ड कम्याण्डर इन चिफ बुवाज्यू सभापति र सदस्यहरूमा—

( २ ) श्री पु. क. ज. बुवाज्यू
( ३ ) श्री द. क. ज. बुवाज्यू
( ४ ) श्री ज. नारायण शम्शेर ज. ब. रा. बुवाज्यू
( ५ ) श्री ले. ज. सुरशम्शेर ज. ब. रा. बुवाज्यू
( ६ ) श्री मे. ज. वसन्तशम्शेर ज. ब. रा. बुवाज्यू
( ७ ) श्री मे. ज. ब्रह्मशम्शेर ज. ब. रा. बुवाज्यू
( ८ ) श्री मे. ज. नरशम्शेर ज. ब. रा. बुवाज्यू
( ९ ) श्री मे. ज. सारदाशम्शेर ज. ब. रा. बुवाज्यू
(१०) श्री मे. ज. अरुणशम्शेर ज. ब. रा. बुवाज्यू
(११) श्री गुरूराज विश्वराज पंडितज्यू
(१२) श्री ले. ज. रामशम्शेर ज. ब. रा.
(१३) श्री मे. ज. मेघराजशम्शेर ज. ब. रा.
(१४) श्री ले. क. पार्थिवशम्शेर ज. ब. रा.
(१५) श्री वृ. क, झुलेन्द्रविक्रम राणा
(१६) श्री साहेबज्यू शम्भुविक्रम शाहा
(१७) श्री राजा गेहेन्द्रबहादुर शाहा

(१८) श्री चौतरिया बहादुर शाहा
(१९) श्री गु. प्रो. जनकराज
(२०) श्री गुरु क्षत्रनाथ
(२१) श्री बड़ाकाज़ी रत्नमान
(२२) श्री बृ. क. इन्द्रबहादुर कार्की
(२३) श्री ले. क. वेदबहादुर खत्री
(२४) श्री सरदार सोमप्रसाद
(२५) श्री पं. लेखनाथ
(२६) श्री सरदार नरेन्द्रमणि आ. दी.

राष्ट्र सभामा श्री प. क. ज. बुवाज्यू सभापति र नियुक्त सदस्यहरूमा

( २ ) श्री ज. हरिशम्शेर ज. ब. रा. बुवाज्यू
( ३ ) श्री ज. प्रचण्डशम्शेर ज. ब. रा. बुवाज्यू
( ४ ) श्री ले. ज. एकराजशम्शेर ज. ब. रा. बुवाज्यू
( ५ ) श्री मे. ज. मृगेन्द्रशम्शेर ज. ब. रा. बुवाज्यू
( ६ ) श्री मे. ज. लक्ष्मणशम्शेर ज. ब. रा. बुवाज्यू
( ७ ) श्री मे. ज. अर्जुनशम्शेर ज. ब. रा, बुवाज्यू
( ८ ) श्री मे. ज. विजयशम्शेर ज. ब रा. बुवाज्यू
( ९ ) श्री ले. क. सुवर्णशम्शेर ज. ब. रा.
(१० ) श्री ले. क. भरतशम्शेर ज. ब- रा.
(११) श्री गुरुराज नयनराज पण्डितज्यू
(१२) श्री मे. ज. नीरशम्शेर ज. ब. रा.

(१३) श्री मे. क. बालकृष्णशम्शेर ज. ब. रा.
(१४) श्री ले. क. खड्गनरसिं राणा
(१५) श्री बृ. क. सोभागजङ् थापा
(१६) श्री ले. क. सुरेन्द्रबहादुर शाह
(१७) श्री लें. क. यज्ञबहादुर बस्नेत
(१८) श्री सरदार मानबहादुर
(१९) श्री सरदार गुञ्जमानसिं
(२०) श्री सरदार कृष्णबहादुर
(२१) श्री मी. सु. उपेन्द्र पुरुष
(२२) श्री डा. सिद्धिमणि आ. दी.
(२३) श्री प्रो. कुलनाथ लोहनी
(२४) श्री इ. ज्ञानबहादुर प्रधान
(२५) श्री सु. भगवतीप्रसाद सिंह
(२६) श्री पं. लोकनाथ जोशी
(२७) श्री मी. सु. भोमबहादुर

निर्वाचित सदस्यहरूमा

(१) पूर्व १ नं बाट श्री जगतबहादुर
(२) पूर्व २ नं. " श्री मेघराज उपाध्याय
(३) पूर्व ३ नं. " श्री तुल्सिराम गिरि
(४) पूर्व ४ नं. " श्री पशुपतिप्रसाद उपाध्याय
(५) धन्कुटा " श्री गजेन्द्रबहादुर प्रधानाङ्ग
(६) इलाम " श्री टंकनाथ बाँसतोला

(७) बारा-पर्सा" श्री शिवदत्त पजीयार
(८) रौतहट " श्री केवल चौधरी
(९) महोत्तरी " ... ... ...
(१०) सर्लाही " श्री राजेन्द्र सिंह
(११) सप्तरी " श्री बोध विक्रम पन्थ क्षेत्री
(१२) सिराहा " श्री शिवदयाल साहु
(१३) मोरङ्-झापा " श्री हरिनारायण साहु
(१४) प. १ नं. " श्री भीमबहादुर
(१५) प. २ नं. " श्री देवीबहादुर कवर क्षत्री
(१६) प. ३ नं. " श्री ऋषिराम सेढाईं
(१७) प. ४ नं. " श्री सन्तमान श्रेष्ठ
(१८) पाल्पा " श्री भवेन्द्रराज पौड्याल
(१९) गुल्मो " श्री रणबहादुर घर्ती
(२०) सल्यान " ... ... ...
(२१) प्यूठान " श्री गिरिराज उपाध्याय
(२२) दैलेख " ... ... ...
(२३) डोटी " ... ... ...
(२४) डँढेल्धुरा" ... ... ...
(२५) बैतड़ी " ... ... ...
(२६) जुम्ला " ... ... ...
(२७) चिसापानी" श्री इन्द्रबहादुर जोशी
(२८) पाल्ही-माझखण्ड" श्री लक्ष्मीनारायण श्रेष्ठ

(२९) खजहनी-स्यूराज" श्री गयाप्रसाद शाह
(३०) कैलाली-कञ्चनपुर " ... ...
(३१) बाँके-बर्दिया " श्री कृष्णगोपाल टन्डन
(३२) नेपाल ४ भञ्ज्याङ्" श्री कृष्णप्रसाद
(३३) काठमाड़ौं नगर पंचायत" श्रीईश्वरीप्रसाद रिमाल
(३४) मक्तपूर " श्री महन्त गोविन्दहरि जङ्गम
(३५) ललितपुर नगर पञ्चायतबाट" श्री रुद्रबहादुर
(३६) वीरगंज नगर पंचायतबाट... ... ...

शिक्षित वर्गको विशेष प्रतिनिधि

(३७) श्री शंकरदेव पन्त
(३८) श्री पूर्णप्रसाद ब्राम्हण

साहू महाजन व्यापारी वर्गको विशेष प्रतिनिधि

(३९) श्री भेषराज शर्मा

सरकारी कर्मचारीको विशेष प्रतिनिधि

(४०) श्री प्रो० भवनाथ

जिमिदारको विशेष प्रतिनिधि

(४१) ... ... ... ...

मजदूरको विशेष प्रतिनिधि

(४२) ... ... ... ... ...

राखिबक्सेको छ।

पाल्पाको भवेन्द्रराज पौड़ेलले घर गै मात्र यहाँ आउनलाई अरू यप म्याद १५ दिन पाऊँ भन्ने जाहेरी आएकोले आज हाजिर छैन।

सल्यान, दैलेख, डोटी, डँड़ेल्धुरा, बैतड़ी, जुम्ला, कैलाली-कञ्चनपुरबाट खबर आइपुगेको छैन । शायद बाटामा आउँदै होलान् । महोत्तरीका प्रधान पंचहरू कोही इलाकाबाट बाहिर गएका र कोही बिरामी भएकाले त्यहाँबाट यो पाली प्रतिनिधि आउन सकेनन् । वीरगंजमा नगर पञ्चायत खड़ा गर्ने काम भैरहेछ,

महाराज, यति थोरै समयमा यति विशाल रूपमा यो व्यवस्थापिका सभा खड़ा हुनु धन्य हो,

जो हुकुम् ।

## परिशिष्ट ३

### २०१४ सालको 'वैधानिक कानून'-अनुसार खड़ा भएका सभामा श्री प्रधान मन्त्रीको भाषण

भाइ मिनिष्टर एन्ड कम्याण्डर इन-चीफ, जङ्गीलाठ र संसदका सदस्यहरू,

हाम्रो देशको प्रथम संसदमा भाग लिन भनी मुलुकको प्रत्येक भागबाट आएका तिमी सबै सदस्यहरूलाई हाम्रो हार्दिक स्वागत छ । तिमीहरूको सभा हाम्रो देशमा एक ऐतिहासिक र महत्त्वपूर्ण मौका हो । यो सभा बोलाउने र नयाँ विधान चालू गराउने विषयमा हामीले भरखर नानी ले० क० सुवर्ण शम्शेरबाट रिपोर्ट सुन्यौं । त्यसबाट सो

काममा बाधा कठिनाइ पर्न आए तापनि वैधानिक समितिले ती सबको सकभर छिटो र राम्रो हल गरी मेहनत गरेकोले आज तिमीहरू यहाँ जम्मा हुन सकेका हौउ—सो तिमीहरूले बुझेकै होउला।

विधानबमोजिम जिल्ला पंचायतहरू सबै खड़ा गरी राष्ट्र सभा बोलाउने प्रबन्ध गरिकन मात्र सो सभाको प्रथम बैठक गर्न आज केही समय लाग्ने हुनाले सबै होनिर हुन नसके तापनि हामीबाट तिमीहरूलाई एक पटक यहाँ जम्मा गरी हाम्रो संसदको उद्घाटन गरी बिधानको यो दफा पनि सकभर चाँड़ो चालू गरिबक्सेको हो।

यो नयाँ कदम उठाउन लागिबक्सेकोमा तिमीहरू सबै हाम्रा प्यारा दुनियाँको सहयोग र सद्भावका निमित्त आशा राखिबक्सेका छौं। त्यसबाट मात्र हाम्रो यो प्रयत्न सफल हुनजानेछ।

यो प्यारो देश नेपालमा राणाजीले राज्य-व्यवस्थाको अभिभारा बोक्न परेको अहिले १०४ वर्ष भयो। यो समयमा देशमा जति काम र उन्नति भएका छन् त्यो सबैलाई थाहा छ। तीमध्ये दुइ-चार बिषयहरू संक्षेपले वर्णन गरिबक्सन्छौं।

प्रथमतः देशको स्वाधीन राजसत्तालाई एक अमूल्य रत्न ठानी त्यसको रक्षाको लागी सरकार सदा दत्तचित्त रहेको छ।

बेथितिले पीड़ित भएको देश र दुनियाँमा एक निश्चित व्यवस्था खड़ा गरी देशमा सुरक्षा र शान्तिको प्रबन्ध भएकोले दुनियाँले

[illegible]ले उन्नति र बेहत्तरीको मार्गको अवलम्बन गर्ने अवसर पाइआएका छन् ।

देशवासीको हित र भलाइको बन्दोबस्तहरूमध्ये देशमा त्यस समयसम्म चलेको दासत्व प्रथाको ८२ साल्मा अन्त भएको कुरा पनि चिरस्मरणीय छ । त्यसबाट सरकार र दुनियाँ दुवैको संसारका राष्ट्रहरू-मध्ये शिर ठाड़ो हुनगएको छ ।

देशमा शान्तिको आवश्यकता र महत्त्वको बारेमा हामीबाट तिमीहरूलाई बताइरहनु पर्दैन । सारा संसारका सरकारहरूले सो कुरा देशको व्यवस्थामा सबभन्दा जरूरी र मुख्य कुरा मानी सो कायम राख्ना-लाई औ त्यसको भङ्ग हुन नदिनाको खातिर कति उपाय गरेका छन्, कति प्रकारको ऐन कानून बनाएका छन् सो तिमीहरूले पनि थाह पाएकै हुनु पर्दछ ।

शासकहरूले सदा सार्वजनिक भलाइको प्रयत्न गरिआएकोमा परमेश्वरको कृपाद्वारा सो चेष्टा धेरै मात्रामा सफल भएर आएको पनि तिमीहरूलाई थाहै छ । अब दुनियाँलाई पनि सरकारको कार्यप्रणालीमा अरोक गराउँदै लैजाने हाम्रो अभिप्राय हुनाले समयमा यो सभा फल्दै फुल्दै गई देश र दुनियाँलाई समृद्ध र उन्नतिशाली बनाओस् भन्ने हाम्रो शुभेच्छा छ ।

ऐतिहासिक दृष्टिकोणबाट विचार गर्दा ती सबै कुराले औ आजको यो समारोहबाट नेपाल राज्यका शासक वर्गले देश र दुनियाँको

उन्नतिको सदा खयाल राखी समयको विचारगर्दै राज्यव्यवस्थामा पनि चाहिने परिवर्तन गर्दै अग्रसर भएको नीति लिएको स्पष्टसंग देखिन्छ।

यस्तो कठिन राजनैतिक विषयमा हतार गर्नु आत्मघाती हुन-जाने हुनाले यसमा पूर्वापरको राम्ररी विचार र अनुसन्धान गरी अनुभवबाट प्राप्त भएको शिक्षाको आधारमा अग्रसर हुँदै जाने हाम्रो इरादा हो।

ग्राम पंचोयतहरू हाम्रा यो पद्धतिका जग हुन्। सो खड़ा गर्दा के के परिस्थिति बाधा पर्न आए, ती सबै कसरी हटाइए, त्यसको विवरण तिमीहरूले सुनिहाल्यौ। सबै ठाउँमा अफिसर खटाई पठाइ-बक्सी सम्झाई बुझाई बाकी रहेका ग्राम, जिल्ला, नगर पंचायतहरू पनि खड़ा गरी त्यहाँ पछि पूर्णरूपले विधानबमोजिम भारादारी र राष्ट्र सभाको संसद बोलाउने हाम्रो लक्ष्य हो।

संसदले गर्ने कामको विवरण विधानमा लेखिने हुनाले सो हामीबाट अहिले ठहऱ्याइबक्सनु पर्ने प्रयोजन छैन।

संसारका अरू सबै मुलुकले आफू आफूलाई मिल्ने किसिमको नियम बनाई यस्ता संस्थाको काम राम्ररी चलाइआए बमोजिम हामीले पनि सोही गर्ने प्रयत्न गरेका छौं।

हाम्रो परराष्ट्र-नीतिको हामीबाट अघि गरिबक्सेको घोषणाहरू-बाट तिमीहरूले थाहा पाएकै हुनु पर्छ। विदेशहरुसंगको व्यवहारमा

नेपालले स्वाधीन नीति लिई सबै देशहरूसंग आफ्नो स्वतन्त्र सम्बन्ध कायम गर्ने लक्ष्यमा सबभन्दा पछिल्लो कदम करीब डेढ़ महिनाजति अघि भएको भारत सरकारसंगको शान्ति र व्यापारका सन्धिपत्रहरू हुन्। युनाइटेड् किङ्डम् (विलायत) र फ्रान्ससंग पनि नयाँ सन्धिपत्र हुने भएका छन्। विलायतसंगको सन्धिमा अब चाँड़ो हस्ताक्षर हुने पनि भएको छ। हामीसंग मित्रता खोज्ने अरू मुलुकहरूसंग दोस्ती भाव कायम गर्ने हाम्रो अघि देखिकै चलन हो।

युनाइटेड् नेशन्स्को सदस्यताको निमित्त हाम्रो दर्खास्त परेको प्रायः डेढ़ बर्ष भयो। एक देशले अरूहरूसंगको आफ्नू विवादको कारणले हाम्रो प्रवेश रोकिदिएकोले यसमा कदम बढ़ाउन सकेको छैन। तर संयुक्त राष्ट्रसंघ संस्थामनिका अरू सार्वजनिक हितका संस्था समितिहरूसंग हामीले चाहिने र सक्ने सहयोग गर्ने गरिआएका छौं।

हाम्रो मित्री नीतिको विचार गर्दा देशमा शान्ति र शृंखला अभङ्ग गरी कायम राख्नु नै मुख्य हुन आउँछ। कोही सरकारले देशमा अशान्ति र उपद्रव, अथवा शान्ति भङ्ग हुने वा गराउने कारवाइलाई सहन गर्दैन। त्यसपछि हाम्रो विशेष ध्यान हाम्रो नयाँ विधानको बाँकी रहेका दफाहरू चालू गराउने विषयमा गैरहने छ।

दुनियाँको आर्थिक अवस्थामा सुधार गर्न औ हाम्रा प्रजाको जीवनस्तरलाई उच्चतर गराउनाको निमित्त सरकारबाट धेरै प्रयत्न भइ-राखेको छ। पन्हार उद्घाटन गरिबक्सेको राष्ट्रिय आर्थिक योजना समितिले बराबर तर्जुमाहरू तयार गरी हाम्रो सामुन्ने पेश गर्ने गरेकोमा

कतिलाई हामीबाट मञ्जुरी मिली काम चालु भइसक्यो । यातायातको सुधारमा देशमा चाहिने ठाउँमा बाटो बनाउनालाई आवश्यकीय विशेष अध्ययन, छलफल, परीक्षा औ काम चलिरहेका छन् । समाचार आदान प्रदानमा, सुगमता र शीघ्रताको लागि बेतार र टेलिफोनको स्थापना र विकाश भइरहेको छ । चौंडै ब्रड्कास्टिङ् स्टेशन पनि खड़ा हुने भएको छ । खेती र तत्सम्बन्धी विषयको उन्नतिका निमित्त दुनियाँमा खाद्यको कमीको समस्या हल गर्नाको लागि खाद्य परिषद् खड़ा भयो, हेटौंड़ाको पर्ति जग्गा आबाद गर्ने योजना स्वीकृत भयो । पहाड़ र तराई दुवै ठाउँमा कृषिको उन्नतिको निमित्त धेरै काम हुन लागिरहेका छन् । पूर्व मकवानपुर, पश्चिम रमौली प्रतापपुर, उत्तर रापती र दक्षिण चुरे नयाँबस्ति यति चारकिल्लाभित्र ५२५० बिगाहा जमीन आधुनिक तरीकाबाट मेशिन ( ट्रैक्टर इत्यादि )-को प्रयोजनद्वारा २ वर्षभित्रमा खेतीलाई तयार हुने भएको छ । यस काममा सरकारतर्फबाट ८००,००० रुपियाँ खर्च निकासा बक्सेका छौं । सदरमा गाईवस्तुको उन्नति, मत्स्यपालन, इत्यादि प्रबन्ध हुन लागेको छ । वन बिभागको अनुशासन सुचारुरूपबाट चलोस् भन्ने हेतुले नयाँ ढंगबाट सो अड्डाको कार्य चलाउनका लागि ५ लाखको बजेट निकासा बक्सेका छौं ।

हेटौंड़ाको इलाकामा परीक्षाको रूपमा म्यालेरिया र कालाज्वरहरू हटाउने योजनाबमोजिम यहाँका डाक्टरहरू खटाइबक्सी भारतबाट पनि विशेषज्ञ भिकाई सो काम गराइबक्सेकोबाट धेरै सफलता भएको

समाचार आएको छ । अब सो योजनाहरू अरु पीड़ित इलाकाहरूमा पनि लगाउने प्रवन्ध हुने छ । राजधानीमा वैज्ञानिक तरीकाले पानी छान्ने र शुद्ध गर्ने प्रवन्ध गर्नलाई वीर धारा र त्रिभोम धारामा फिल्ट्रेशन प्लान्ट्स् खड़ा गर्ने योजना शुरु भइसकेको छ । आगामी जाड़ाको मौसिमदेखि सो चालू हुने छ ।

सार्वजनिक स्वास्थ्यको सुधारको लागि विलायतमा डाक्टरहरू तालीमको निमित्त गैरहेछन् । यहाँ पहोड़ र तराईमा चल्ने डिस्पेन्सरी र डाक्टरी सुविधाहरूको बन्दोबस्त इत्यादि स्वास्थ्य विभागले प्रस्ताव गरेको योजनाहरूलाई स्वीकृति चक्सेका छौं । सोबमोजिम काम हुन लागेको छ ।

शिक्षाको विस्तार हाम्रो देशमा राम्री भइरहेको छ । आधार शिक्षाका धेरै केन्द्र खुलेका छन् । साधारण स्कूल र पाठशालाहरू औ वालिका पाठशालाहरू, मन्टेसरी केन्द्र इत्यादि विद्यालयहरू धेरै खुलिसकेका छन् । संस्कृत महाविद्यालय खोल्ने आयोजना सबै पूर्ण भै सो विद्यालय खुल्ने भएको छ ।

नेपाल विश्वविद्यालय योजना समितिको सिफारिश हामीबाट स्वीकार गरिबक्सी विश्वविद्यालय खड़ा गर्ने निकासा अघि नै बक्सिसक्यौं, अब सो विश्वविद्यालय पनि आगे साल स्थापना हुने छ । अंग्रेजी पद्धतिअनुसार यहाँ पनि एक सार्वजनिक स्कूल खोलेमा धेरै अभिभावकहरूले त्यसबाट लाभ उठाई आफ्ना लड़का विदेश पठाउन पर्दा उता जाने पैसाको बचाउको साथसाथै यहाँ त्यस प्रकारको एक

स्कूलको दर्कार पनि हाम्रा शिक्षा विभागले अध्ययन गरी हामीमा जाहेर गर्ने भएका छन् ।

टाढा टाढाबाट सदस्य आउन पर्ने तर वर्षाको समय हुनाले संसदका सबै सदस्य जम्मा हुन सक्ने नसक्ने सन्देह भएकोले यस पालि दुवै सभाको कार्यक्रम छोटकरी गराइबक्सेको छ ।

व्यवस्थापिका सभाका निर्वाचित सदस्यबाट २ जना मन्त्रि-मण्डलमा लिइबक्स्यौं । शासन समितिहरू पनि खड़ा गराइबक्सने भएको छ । त्यसमा परेका तिमीहरूले आफ्ना आफ्ना विषयमा उचित सल्लाह दी हाम्रो शासन-नीति कायम गर्न मददत गर्ने छौ ।

देशभरिबाट तिमीहरू यहाँ जम्मा भएकोले अब हाम्रा जिल्ला इलाकाहरूमा पनि केही विशेष जरूरत भएमा तिमीहरूले त्यस्ता विषयहरू हाम्रो सामुन्ने पेश गर्ने अवसर भयो । त्यस्ता विषयमा तामीबाट सँधै उचित ध्यान बक्सी चाहिने कारवाइ गर्न लगाइ-बक्सने छौं ।

आज हामीबाट उद्घाटन गरिबक्सेको काम श्री परमेश्वरको पाले र तिमीहरूको सहयोग र सद्भावले पछि-परन्तुसम्म राजा, देश दुनियाँको सेवा गर्दै अग्रसर भएर जोओस् भन्ने हाम्रो दिलैदेखिको प्रार्थना छ ।

# परिशिष्ट— ४

## नेपालको निमित्त एउटा सल्लाहकार सभाको गठन गर्नाको लागि नेपाल अन्तरिम शासन विधान, २००७- लाई संशोधित गर्ने एउटा ऐन

प्रस्तावना:— देशको शासन-प्रबन्धमा जनताको प्रतिनिधिरूलाई अझ बर्ता सम्मिलित गराउनाको निमित्त श्री ५ महाराजाधिराज र मौसूफको मन्त्रिमण्डललाई आफ्नो कार्यको सम्पादनमा सहायता र सल्लाह दिने एउटा सल्लाहकार सभाको गठन आवश्यक तथा वाञ्छनीय भएकोले देहायका अधिनियमहरू बनाइएका छन् —

१. (१) यस ऐनको नाम नेपाल अन्तरिम शासन-विधान ( दोस्रो संशोधन ) २००६ हुनेछ ।

(२) यो ऐन तुरुन्त लागू हुने छ ।

### परिभाषा

२. प्रसंगबाट अर्के अर्थ नलागेसम्म, यस ऐनमा--

प्रधान ऐन— नेपाल अन्तरिम शासन-विधान २००७- लाई भनिनेछ ।

सभा—सल्लाहकार सभालाई भनिने छ ।

अरू शब्दहरूको, जसको परिभाषा यहाँ दिइएको छैन, उही अर्थ र महत्त्व हुनेछ, जो कि उनीहरूको प्रधान ऐनमा थियो ।

प्रधान ऐन भाग ३-को परिच्छेद १ कार्यकारिणी अधिकार-पछि निम्नलिखित अर्को परिच्छेद थपिने छ ।

## परिच्छेद १ (क) सल्लाहकार सभा

### साधारण

२८ क. (१) नेपालमा एउटा सल्लाहकार सभाको गठन हुनेछ, जसको सदस्यहरूको संख्या श्री ५ महाराजाधिराजले तोकिबक्सेबमोजिम हुनेछ, र जो कि श्री ५ महाराजाधिराजले नेपालका प्रामाणिक नागरिकहरूमध्येबाट मनोनीत हुने छन् र जसमा नेपाल सरकारका सबै मन्त्री, राज्यमन्त्री तथा उपमन्त्री पदेन सदस्य हुने छन् ।

(२) संविधान सभाको गठन भएपछि सल्लाहकार सभाको अस्तित्व समाप्त हुनेछ ।

२८ ख. सभाका गैरसरकारी सदस्यहरूमा सकेसम्म देशको विभिन्न भाग वर्ग तथा विचारधाराको प्रतिनिधित्व गर्ने व्यक्तिहरू छानिने छन् ।

२८ ग. (१) नेपालका नागरिक,

(२) २५ वर्ष पुगिसकेको, तथा—

(३) तल २८ घ.-मा दिइएको अयोग्यतारहित नभइकन कुनै व्यक्ति पनि सल्लाहकार सभाका सदस्य मनोनीत हुने योग्य हुने छैन ।

२८ घ. (१) देहायका व्यक्तिहरू सल्लाहकार सभाका सदस्य चुनिन अयोग्य हुने छन:—

(क) नेपाल सरकारको मातहतमा कुनै लाभको पद धारण गरेका व्यक्तिहरू

(ख) अदालतद्वारा नैतिक विकृति तथा भ्रष्टाचारको अभियोगमा दोषी साबित भएका व्यक्तिहरू ।

(ग) मगज बिग्रेका व्यक्तिहरू ।

तर यस दफाको लागि, नेपालको मन्त्रिमण्डलको सदस्य अथवा राज्यमन्त्री अथवा उपमन्त्री भएको व्यक्तिलाई लाभको पद धारण गरेको व्यक्ति मानिने छैन ।

(२) कुनै व्यक्ति पनि शपथ ग्रहण नगरिसकेसम्म सभाको सदस्य मानिने छैन ।

२८ङ. (१) सल्लाहकार सभाको कुनै सदस्यले पनि निम्नलिखित कुनै अवस्थामा पनि आफ्नो स्थान रिक्त गरेको ठहरिने छः—

(क) आफ्नो हस्ताक्षरमा लिखित त्यागपत्र सभाको अध्यक्षलाई पेश गरेमा, अथवा—

(ख) दफा २८ ग-मा लेखिएको अयोग्यताको भागी हुन गएमा, अथवा—

(ग) २५ दिनको अवधिसम्म सभाको बैठकहरूमा, सभाको अनुमतिबिना अनुपस्थित रहेमा,

तर यो २५ दिनको अवधिको गणनामा, सभाको स्थगन-काल यदि लगातार चार दिनभन्दा बढी छ भने, सम्मिलित गरिने छैन ।

(२) कुनै सदस्य, दफा २८ ग-मा वर्णित अयोग्यताको भागी हुन गएको छ अथवा छैन भन्ने कुनै प्रश्न उठ्यो भने, सो प्रश्न निर्णयको निमित्त श्री ५ महाराजाधिराजमा पेश

गरिने छ र मौसूफको निर्णय अन्तिम हुनेछ ।

२८ च. सभाका सदस्यहरूले पाउने वेतन तथा भत्ता श्री ५ महाराजाधिराजले तोकिबक्सेबमोजिम हुनेछ ।

२८ छ. यदि कुनै व्यक्ति शपथ ग्रहण गर्नु भन्दा पहिले नै अथवा आफू सदस्यताको निमित्त योग्य छैन अथवा अयोग्य छु भन्ने थाहा पाएर पनि सभाको बैठकमा सदस्यको हैसियतले बस्दछ अथवा मत दिन्छ भने, सो व्यक्तिलाई सभामा बसेको अथवा मत दिएको प्रत्येक दिनको मोरु १००।- का दरले जरिबाना गरिने छ, जो कि ऊसंग राज्यलाई देय ऋणको रुपमा वसूल गरिने छ ।

२८ ज. सभामा कुनै स्थान रिक्त भएमा, त्यसको पूर्ति गर्ने अधिकार श्री ५ महाराजाधिराजलाई रहने छ ।

## सभाका पदाधिकारीहरू

२८ झ. श्री ५ महाराजाधिराजले तोकिबक्सेको सदस्य अथवा व्यक्तिको सभापतित्वमा, सल्लाहकार सभाले आफ्नो अधिवेशनको प्रथम बैठकमा, दुइ जना सदस्यलाई क्रमशः आफ्नो अध्यक्ष तथा उपाध्यक्ष चुन्ने छ र पछि पनि जैले-जैले अध्यक्ष अथवा उपाध्यक्षको पद रिक्त हुनेछ, कुनै अन्य सदस्यलाई, स्थिति-अनुसार अध्यक्ष अथवा उपाध्यक्ष चुन्ने छ । अध्यक्ष र उपाध्यक्षको चुनाव सभामा उपस्थित सदस्यहरूको बहुमतले गरिने छ, तथा सभाका पदेन सदस्यहरू यी पदका चुनावको निमित्त उम्मेदवार खड़ा हुन पाउने छैनन् ।

२८ ञ. सल्लाहकार सभाको अध्यक्ष तथा उपाध्यक्षको पद धारण गर्ने सदस्य —

(१) यदि सल्लाहकार सभाको सदस्य रहँदैन भने, आफ्नो स्थान रिक्त गर्नेछ ।

(२) आफ्नो हस्ताक्षरमा लिखित श्री ५ महाराजाधिराजलाई सम्बोधित पत्रद्वारा पद-त्याग गर्न सकनेछ ।

(३) आफ्नो पदबाट सभामा उपस्थित सदस्यहरूको ३ खण्डमा २ खण्डको बहुमतले पास भएको प्रस्तावद्वारा हटाइन सक्नेछ।

२८ ट. (१) सभाको अध्यक्षको पद रिक्त भएमा उपाध्यक्ष तथा उपाध्यक्षको पनि स्थान रिक्त भएमा श्री ५ महाराजाधिराजले यस प्रयोजनको निमित्त खटाइबक्सेको सदस्यले त्यस पदको कर्तव्यको पालन गर्नेछ ।

(२) सभाको कुनै बैठकमा, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले तथा उपाध्यक्षको पनि अनुपस्थितिमा कार्यविधिको नियमानुसार सभाले निर्धारित गरेका व्यक्तिले अध्यक्षको रूपमा कार्य गर्नेछ ।

२८ ठ. सभाको अध्यक्षलाई अथवा अध्यक्षको रूपमा कार्य गरिरहेको उपाध्यक्ष अथवा अन्य कुनै व्यक्तिलाई प्रथमतः मत दिने अधिकार रहने छैन, तर मत बराबर बाँड़िएको स्थितिमा, आफ्नो निर्णायक मत दिने अधिकार रहने छ ।

२८ ड. अध्यक्षलाई हटाउने प्रस्ताव विचाराधीन भएको समयमा अध्यक्षले, तथा उपाध्यक्षलाई हटाउने प्रस्ताव विचाराधीन

भएकी समयमा उपाध्यक्षले सभामा पदासीन हुन पाउने छैन।

२८ ढ. अध्यक्ष तथा उपाध्यक्षले पाउने वेतन र भत्ता श्री ५ महाराजाधिराजले तोकिबक्सेबमोजिम हुनेछ ।

## सभाको आह्वान र अधिवेशन

२८ ण. (१) सल्लाहकार सभा प्रत्येक वर्षमा कमसेकम दुइ पटक आह्वान गरिने छ र एक अधिवेशनको अन्तिम बैठक तथा अर्को अधिवेशनको प्रथम बैठकको बीचमा ६ महिनाको काल व्यतीत हुन पाउने छैन।

(२) माथि उपदफा [ १ ]-को अधीन रही श्री ५ महाराजाधिराजले समय-समयमा—

(क) उपयुक्त संझिबक्सेको स्थान र समयमा सभालाई आह्वान गर्न सकिबक्सने छ।

(ख) सभाको अधिवेशन भङ्ग गर्न सकिबक्सनेछ।

२८ त. श्री ५ महाराजाधिराजले, प्रत्येक अधिवेशनको प्रारम्भमा, सभालाई सम्बोधन गरिबक्सने छ, सभाको आह्वानको कारण ज्ञात गराइबक्सने छ।

२८ थ. (१) श्री ५ महाराजाधिराजले सभालाई सम्बोधन गर्न सकिबक्सने छ र यस प्रयोजनका निमित्त सदस्यहरूको उपस्थिति चाहन सकिबक्सनेछ।

(२) श्री ५ महाराजाधिराजले सभालाई, सभाको समक्ष प्रस्तुत विषय अथवा अन्य कुनै विषयको सम्बन्धमा सन्देश

पठाउन सकिबक्सनेछ र सभाले त्यस सन्देशमा लिखित विषयमाथि सुविधानुसार यथाशीघ्र विचार गर्ने छ ।

## सभाको कार्य-सञ्चालन

२८ द. सभाको प्रत्येक सदस्यले आफ्नो आसन ग्रहण गर्नु भन्दा पहिले श्री ५ महाराजाधिराज अथवा मौसूफबाट त्यस कामको निमित्त नियुक्त गरिबक्सेको व्यक्तिको समक्ष पहिले अनुसूचीमा दिइएको बेहोराअनुसार शपथ ग्रहण गर्नेछ ।

२८ ध. (१) यस ऐनमा अन्यथा लेखिएबाहेक, सभाको बैठकमा सबै प्रश्नहरूको निर्णय अध्यक्ष अथवा अध्यक्षको कार्य गरिरहेको व्यक्तिबाहेक अरू उपस्थित र मत दिने सदस्यको बहुमतद्वारा गरिने छ ।

(२) सभाको कुनै स्थान रिक्त भएकोले अथवा कुनै अनधिकृत व्यक्तिले सभामा मत दिएको अथवा कुनै अन्य प्रकारले भाग लिएको पछि थाहा पाइन गएकोले सभाको कार्यवाही अमान्य हुने छैन ।

(३) सभाको बैठकको निमित्त सदस्यहरूको आवश्यक उपस्थिति संख्या २५ हुनेछ ।

(४) सभाको बैठक-कालमा सदस्यहरूको संख्या यदि आवश्यक उपस्थिति-संख्याभन्दा कम हुन गयो भने, अध्यक्षले अथवा अध्यक्षको कार्य गरिरहेको व्यक्तिले या त आवश्यक उपस्थिति-संख्या पूरा नहुन्जेलसम्म सभाको कार्यवाही रोकिदिनेछ, अथवा सभालाई स्थगित नै गरिदिनेछ ।

## सदस्यहरूको विशेषाधिकार

२८ न. (१) यस ऐनको तथा सभाको कार्यविधिका नियमहरूको भित्र सभामा वाक्-स्वतन्त्रता रहनेछ ।

(२) सभामा अथवा सभाको कुनै समितिमा भनेको कुनै कुरा अथवा दिइएको मतको सम्बन्धमा, सभाको कुनै सदस्यको विरुद्ध कुनै न्यायालयमा पनि केही कार्यवाही चल्न सक्तैन । न कुनै व्यक्तिकै विरुद्धमा सभाको अधिकृतिद्वारा अथवा सभाको अधीन रही कुनै रिपोर्ट, पत्र, मत तथा कार्यवाहीको प्रकाशनबारेको सम्बन्धमा नै यस प्रकारको कुनै कार्यवाही चल्न सक्नेछ ।

## सल्लाहकार सभाको शक्ति

२८ प. सल्लाहकार सभाले, निम्नलिखित कुराहरूबाहेक, सरकारको व्यवस्थापक तथा कार्यकारिणी कृत्यहरूसंग सम्बन्धित कुनै विषय-माथि पनि छलफल गर्न सक्नेछः—

(१) यस्ता कुराहरू जसमाथि छलफल गर्दा नेपाल सरकारको कुनै विदेशी राष्ट्र संगको मैत्रीपूर्ण सम्बन्धमा खलल पर्न सक्नेछ ।

(२) श्री ५ महाराजाधिराज तथा मौसूफको परिवारका सदस्य-हरूको व्यक्तिगत आचरणसम्बन्धी कुराहरू ।

(३) यस्ता कुराहरू जसलाई प्रकट गर्दा सार्वजनिक अहित हुन जाने सम्भावना हुन्छ, जस्तै कि सैन्य-दलको खटन तथा गतिविधि ।

(४) कुनै मन्त्री अथवा सम्पूर्ण मन्त्रिमण्डलमाथि अविश्वासको प्रस्ताव ।

२८ फ. सल्लाहकार सभामा बहुमतले नगराई तथा मत नलिई, कुनै पनि कानून श्री ५ महाराजाधिराजको स्वीकृतिको निमित्त मौसूफमा पेश गर्न सकिने छैन ।

२८ ब. सल्लाहकार सभाको कुनै सदस्यले पनि, दफा २८ घ-मा लेखिएका कुराहरूबाहेक, सरकारको व्यवस्थापक तथा कार्यकारिणी कृत्यहरूसंग सम्बन्धित कुनै अरू विषयका बारेमा पनि प्रश्न सोध्न पाउने छ ।

२८ भ. सभाको कुनै सदस्यले पनि अध्यक्षको अनुज्ञा लिई तथा सभाको कार्यविधिको नियमानुसार चली सभाका विचारार्थ, कुनै बिलमा प्रस्ताव प्रस्तुत गर्न सक्ने छ ।

२८ म. श्री ५ महाराजाधिराजले आफ्नो विवेकले, सभाद्वारा पास गरिएका कुनै बिल, प्रस्तावलाई आफ्नो अनुमति दिन अस्वीकार गर्न सकिनसकिने छ। अथवा आफूले उचित संझिनसक्सेको हेरफेर तथा संशोधनसहित सभाको पुन विचारार्थ फर्काइदिन सकिनसकिनेछ ।

२८ य. सभाले यदि कुनै बिल या प्रस्तावलाई अस्वीकार गर्दछ अथवा श्री ५ महाराजाधिराजद्वारा प्रस्तावित हेरफेर तथा संशोधनलाई स्वीकार गर्दैन र यदि श्री ५ महाराजाधिराजले सो बिल, प्रस्ताव हेरफेर तथा संशोधनलाई पास गर्नु सार्वजनिक हितको दृष्टिले उचित संझिनसक्छ भने, मौसूफले सो बिल, प्रस्ताव

हेरफेर तथा संशोधनलाई, सभाले पास गरेको प्रमाणित गर्न सकिनेछ ।

२८ र. श्री ५ महाराजाधिराजले यस ऐनका दफाहरूको अधीन रही, सभाको कार्यविधि तथा कार्य-संचालनको सम्बन्धमा नियमहरू बनाउन सकिनेछ ।

४. प्रधान ऐनको दफा २८ रद्द गरिने छ र त्यसको ठाउँमा निम्नलिखित दफा २८ राखिने छ ।

२८. वार्षिक आर्थिक विवरण वा बजेट सल्लाहकार सभाको समक्ष राखिने छ र सभालाई सो आर्थिक विवरण वा बजेटमाथि छलफल गर्न अथवा मत दिन अधिकार रहने छ ।

परन्तु, श्री ५ महाराजाधिराजको व्यक्तिगत कोष अथवा त्यससंग सम्बन्धित विषयहरूमाथि सभाले छलफल गर्न सक्ने छैन ।

र, दफा २८ म तथा य, म-का नियमहरू, यस दफाका अधीन कुरोहरूमाथि पनि लागू हुने छन् ।

५. अन्तरिम विधानको उपदफा २९-को उपदफा (२) क रद्द गरिई त्यसको ठाउँमा निम्नलिखित उपदफा २ क. राखिने छ ।

सल्लाहकार सभाको अर्को अधिवेशन शुरू भएको तीन महिना पुगेपछि खारिज हुनेछ ।

—✱✱—

## अनुसूची— १

१. मन्त्री, राज्यमन्त्री तथा उपमन्त्रीको निमित्त पदको शपथ-वेहोरा —

म..... ईश्वरको नाउँमा शपथ लिन्छु / सत्यनिष्ठाले प्रतिज्ञान गर्दछु कि म श्री ५ महाराजाधिराज, मौसूफका उत्तराधिकारीहरू तथा कानूनद्वारा स्थापित अन्तरिम विधानप्रति श्रद्धा र निष्ठा राख्नेछु र नेपालको मन्त्री, राज्यमन्त्री, उपमन्त्रीको रूपमा आफ्नो कर्तव्यको पालन श्रद्धापूर्वक तथा शुद्ध अन्तःकरणले गर्नेछु र भय या पक्षपात अनुराग या द्वेष नराखी म सब्ब प्रकारका व्यक्तिहरूप्रति विधान र कानूनको अनुसार न्याय गर्नेछु ।

२. मन्त्री, राज्यमन्त्री तथा उपमन्त्रीको निमित्त गोपनीयताको शपथको वेहोरा—

म..... ईश्वरको नाउँमा शपथ लिन्छु / सत्य निष्ठाले प्रतिज्ञान गर्दछु कि कुनै पनि यस्तो कुरा जो कि,— मन्त्री, राज्य मन्त्री, उपमन्त्रीको रूपमा विचारार्थ मकहाँ ल्याइन्छ अथवा मलाई ज्ञात हुन्छ, आफ्नो कर्तव्यको उचित पालन गर्न आवश्यक परेबाहेक, अन्य कुनै अवस्थामा कसैलाई पनि कुनै कुरा पनि प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपले सूचित अथवा प्रकट गर्दिन ।

३. सल्लाहकार सभाको सदस्यको निमित्त शपथको व्यहोरा—

सल्लाहकार सभाको सदस्य मनोनीत भएको म.....

ईश्वरको नाउँमा शपथ लिन्छु
सत्यनिष्ठाले प्रतिज्ञान गर्दछु कि म श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरूप्रति तथा कानूनद्वारा स्थापित अन्तरिम विधानप्रति श्रद्धा र निष्ठा राख्ने छु र आफूले ग्रहण गर्ने लागेको पदको कर्तव्यहरूको पालन श्रद्धापूर्वक गर्ने छु ।

---

## परिशिष्ट ५

## नेपाल सल्लाहकार सभाको कार्यसंचालन तथा कर्यविधिका नियमहरू

### भूमिका

यी नियमहरू श्री ५ महाराजाधिराजबाट अन्तरिम शासन विधान ऐनको दफा २८ र बमोजिम बनाइबक्सेको हो । यी नियमहरू तुरन्त लागू हुने छन् ।

### १ प्रारम्भिक

१. यी नियमहरूको नाम *नेपाल सल्लाहकार सभाका नियमहरू* हुने छ ।

२. (क) यी नियमहरूमा, प्रसंगबाट अर्के अर्थ नलागेसम्म देहायमा लेखिएका शब्दहरूको अर्थ देहायमा दिएको बमोजिम हुने छ:—

अन्तरिम विधान — अन्तरिम शासन विधान ऐन

नियमहरू — नेपाल सल्लाहकार सभाका नियमहरू

सभा — सल्लाहकार सभा

मन्त्री — नेपालको मन्त्रिमण्डलको सदस्य, राज्य मन्त्री अथवा उपमन्त्री

सदस्य — नेपाल सल्लाहकार सभाको सदस्य

सेक्रेटरी — सल्लाहकार सभाको सेक्रेटरी अथवा तत्काल सेक्रेटरीको काम गरिरहेको व्यक्ति

अध्यक्ष — अध्यक्षको पद धारण गर्ने व्यक्ति अथवा तत्काल अध्यक्षको कर्तव्य पालन गरिरहेको व्यक्ति

प्रस्ताव — सामान्य सार्वजनिक वास्ताको कुरा-माथि छलफल गर्ने कुनै प्रस्ताव

गजेट — नेपाल गजेट

(ख) अन्तरिम विधानमा प्रयोग गरिएका, तर यी नियमहरूमा विशेष रूपले अर्थ नदिइएका शब्दहरूको अर्थ र महत्त्व उही हुने छ जो कि उनीहरूको अन्तरिम विधानमा छ।

## २ सभाको बैठक

३. श्री ५ महाराजाधिराजबाट सभाको अधिवेशनको समय र स्थान निश्चित गरिबक्सेपछि सेक्रेटरीले प्रत्येक सदस्यलाई निश्चित समय र स्थानको सूचना दिँदै बुलावट पठाउने छ तर, बुलावट अधिवेशनको शुरू हुनुभन्दा कमसेकम १५ दिन पहिले पठाउनु पर्ने छ।

४. अधिवेशन प्रारम्भ भएपछि, अध्यक्षले सभाको कार्यको ध्यान राखी समय-समयमा दिएको आदेशानुसार सभा बस्ने छ।

५. सभाको बैठक सामान्यतः ११ बजे शुरू हुने छ र दिउसो ४ बजे समाप्त हुने छ ।

## ३. अध्यक्ष तथा उपाध्यक्षको चुनाव

६. (१) सभाको अध्यक्षको चुनाव श्री ५ महाराजाधिराजबाट तोकिबक्सेंको दिन हुने छ र सेक्रेटरीले सदस्यलाई त्यस दिनको सूचना दिने छ ।

(२) चुनावका लागि तोकिएको दिनको अघिल्लो दिन दिउसो १२ बजेसम्ममा कुनै सदस्यले पनि प्रस्तावकको रूपमा आफ्नो तथा समर्थकको रूपमा अन्य सदस्यको हस्ताक्षर भएको नामजदगीको कागज सभाको अफिसमा दाखिल गरी कुनै अन्य सदस्यलाई चुनावको निमित्त नामजद गर्न सक्ने छ, र नामजदगीको कागजमा—

(क) नामजद गरिएको सदस्यको नाम, तथा

(ख) नामजद गरिएको सदस्य, चुनिएको सदस्य चुनिएको पक्षमा अध्यक्षको कार्य गर्न तयार छ, भन्ने कुरा स्पष्टतया लेखिनु पर्दछ ।

(३) चुनावको दिन सभापतित्व गर्ने व्यक्तिले, नियमानुसार नामजद भएको सदस्यहरूको तथा उनीहरूको प्रस्तावक तथा समर्थकहरूको नाम सभालाई पढ़ेर सुनाउने छ, र एउटामात्र सदस्य नामजद भएको छ भने, त्यसै सदस्यलाई नै अध्यक्ष चुनिएको घोषित गर्नेछ ।

[(४) माथि उपदफा (३)-को निमित्त, कुनै सदस्य नियमानुसार नामजद भएको मानिने छैन यदि सो सदस्य, अथवा

सो सदस्यको प्रस्तावक अथवा समर्थकले, सभाको सदस्यताको शपथ ग्रहण गरिसकेको छैन, न त कुनै सदस्य शपथ ग्रहण नगरेसम्म मत दिन अधिकृत हुने छ।

(५) दुइभन्दा बर्ता सदस्यहरू नामजद भएको पक्षमा, चुनाव परिवर्तनीय मतको अनुसार गरिने छ र दिइएको जम्मा मतहरूको आधाभन्दा बर्ता पाउने सदस्य चुनिएको घोषित हुने छ।

७. (१) उपाध्यक्षको चुनाव, अध्यक्षले तोकेको दिन हुने छ, सेक्रेटरीले सबै सदस्यहरूलाई त्यस दिनको सूचना दिने छ।

(२) चुनावको लागि तोकिएको दिनको अघिल्लो दिन दिउसो १२ बजेसम्ममा कुनै सदस्यले पनि प्रस्तावकको रूपमा आफ्नो तथा समर्थकको रूपमा अन्य सदस्यको हस्ताक्षर भएको नामजदगीको कागज सभाको अफिसमा दाखिल गरी कुनै अन्य सदस्यलाई चुनावको निमित्त नामजद गर्न सक्ने छ, र नामजदगीको कागजमा—

(क) नामजद गरिएको सदस्यको नाम, तथा

ख) नामजद गरिएको सदस्य, चुनिएको पक्षमा उपाध्यक्षको कार्य गर्न तैयार छ,

भन्ने कुरा स्पष्टतया लेखिनु पर्दछ।

(३) चुनावको दिन सभापतित्व गर्ने व्यक्तिले, नियमानुसार नामजद भएका सदस्यहरूको तथा उनीहरूको प्रस्तावक तथा समर्थकहरूको नाम सभालाई पढ़ेर सुनाउने छ, र एउटा-

मात्र सदस्य नामजद भएको छ भने, त्यसलाई नै उपाध्यक्ष चुनिएको घोषित गर्ने छ ।

(४) माथि उपदफा (ग)-को निमित्त, कुनै सदस्य नियमानुसार नामज़द भएको मानिने छैन, यदि सो सदस्य, अथवा सो सदस्यको प्रस्तावक अथवा समर्थकले, सभाको सदस्यताको शपथ ग्रहण गरिसकेको छैन, न त कुनै सदस्य शपथ ग्रहण नगरेसम्म मत दिन अधिकृत हुने छ ।

(५) दुइभन्दा बर्ता सदस्यहरू नामजद भएको पक्षमा, चुनाव परिवर्तनीय मतको अनुसार गरिने छ र दिइएको जम्मा मतहरूको आधाभन्दा बर्ता पाउने सदस्य चुनिएको घोषित हुनेछ ।

६. अध्यक्ष तथा उपाध्यक्षको चुनाव समाप्त भैसकेपछि, सभाले ५ सदस्यहरूको नामजद गर्ने छ । र अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा, यस सूचीमा नाउँ रहेका सदस्यहरूले आफ्नो क्रमानुसार अध्यक्षको काम गर्ने छन् ।

## ४. श्री ५ महाराजाधिराजको सम्बोधन तथा सन्देश

६. सभाको अधिवेशनको प्रारम्भमा श्री ५ महाराजाधिराजबाट अन्तरिम विधान दफा २८-को अनुसार बक्सेको भाषणमा उल्लेख गरिएका कुराहरूमाथि छलफल गरिने समयावधि अध्यक्षले तोकेबमोजिम हुनेछ ।

१०. कुनै सदस्यले धन्यबादको प्रस्ताव पेश गरेपछि तथा कुनै अन्य सदस्यले त्यस प्रस्तावको समर्थन गरेपछि, श्री ५ महाराजाधिराजको भाषणमा उल्लेख गरिएका कुराहरूमाथि छलफल गर्न सभा स्वतन्त्र रहने छ।

११. धन्यबादको प्रस्तावमाथि, अध्यक्षले उपयुक्त ठहऱ्याएको रूपमा संशोधन पेश गर्न सकिने छ।

१२. छलफलमा पहिले भाग लिसकेका भए पनि अथवा नलिएको भए पनि, प्रधान मन्त्री अथवा अन्य कुनै मन्त्रीलाई, छलफलको अन्तमा, सरकारको तर्फबाट सरकारको स्थितिको स्पष्टीकरण गर्ने सामान्य अधिकार रहने छ।

१३. (१) श्री ५ महाराजाधिराजको भाषणमाथि बहस गर्नाको निमित्त कुनै दिन तोकिए तापनि सो दिन—

(क) बिल पेश गर्न अनुमति माग्ने प्रस्तावहरू तथा बिलहरू-समेत पनि पेश गर्न सकिन्छन्।

(ख) भाषणमाथिको छलफल आरम्भ गर्नुभन्दा पहिले, सभाले कार्य-विधिका अरू सामान्य कार्यहरू पूरा गर्न सक्नेछ।

(२) भाषणमाथिको छलफल, अध्यक्षले तोकेको आगामी कुनै दिन गरियोस् भन्ने प्रस्ताव पेश भएमा, भाषण-माथिको छलफल, कुनै सरकारी बिल अथवा कार्यको पक्षमा स्थगित गर्न सकिने छ। अध्यक्षले यस्तो प्रस्ताव, निर्णयार्थ

तुरुन्त सभाको समक्ष प्रस्तुत गर्ने छ र छछफल गर्न अथवा संशोधन पेश गर्न अनुमति दिने छैन ।

(३) भाषणमाथिको छलफल, दफा ४५- बमोजिमको कार्य स्थगित गर्न प्रस्तावद्वारा रोक्न सकिने छ ।

१४. अन्तरिम विधानको दफा २८ थ- को उपदफा (ख) अथवा दफा २८ म- बमोजिम श्री ५ महाराजाधिराजको कुनै सन्देश सभालाई प्राप्त भएको पक्षमा अध्यक्षले सो सन्देश सभाको समक्ष पढ़ेर सुनाउने छ र सन्देश लेखिएका कुराहरू-माथि विचार गर्नाको निमित्त अपनाउने कार्य-विधिको सम्बन्धमा आदेश दिने छ । यस्ता आदेश दिंदा अध्यक्षलाई नियमहरूमा आवश्यक परिवर्तनहरू गर्ने अधिकार रहने छ ।

## श्री ५ महाराजाधिराजलाई सम्बोधन

१५. (१) सभाले अध्यक्षद्वारा श्री ५ महाराजाधिराजको समक्ष एउटा सम्बोधन पेश गर्न सक्ने छ ।

(२) यस्तो सम्बोधन नियमानुसार पेश भई पास भएको प्रस्ताव-बमोजिममात्र पेश गर्न सकिने छ ।

## ५. कार्य-व्यवस्था

१६. सभाको बैठक हुँदा प्रत्येक बुधवारको दिन आवश्यक सूचना प्राप्त भैसकेको र गैरसरकारी कार्यले प्रथमत्व पाउने छ । अरू दिन सरकारी कार्यलाई प्रथमत्व दिइने छ ।

१७. सरकारी कार्यले प्रथमत्व पाउने दिन, सरकारी कार्यको क्रम,

अध्यक्षले प्रधान मन्त्रीसंग सल्लाह गरी निर्धारित गरेको तरीका-अनुसार, सेक्रेटरीले मिलाउने छ।

१८. गैरसरकारी सदस्यहरूले सूचना दिएको प्रस्ताव, तथा बिलहरूको पारस्परिक क्रम अध्यक्षद्वारा निर्देशित विधिअनुसार निर्वाचन-पत्र हाली निर्धारित गरिने छ।

१९. (१) सेक्रेटरीले प्रत्येक दिन कार्य-सूची तैयार गर्ने छ, र उपस्थित सबै सदस्यहरूमा वितरित गर्ने छ।

(२) यी नियमहरूमा अन्यथा लेखिएबाहेक, सभामा, दैनिक कार्य-सूचीमा रहेका कार्यबाहेक अन्य कार्यहरू अध्यक्षको अनुमतिबिना, तामेल गर्न सकिने छैनन्।

(३) अध्यक्षले अन्यथा आदेश दिएबाहेक, सूचनाको चाहिने कुनै कार्य पनि, चाहिने सूचनाको अवधि समाप्त नभए-सम्म दैनिक कार्य-सूचीमा सम्मिलित गरिने छैन।

२०. कुनै दिनको निमित्त तोकिएको काम यदि त्यस दिन तामेल हुन सकेन भने बकौता काम, यथास्थिति सरकारी अथवा गैर-सरकारी कामले प्रथमत्व पाउने अर्को दिनको निमित्त राखिने छ।

## ६ कार्य-विधिका सामान्य नियमहरू

२१. (१) यी नियमहरूअनुसार दिनु पर्ने सूचना लिखित रूपमा सेक्रेटरीलाई सम्बोधित गरी बिदाबाहेक अरू दिनको ११

बजेदेखि ३ बजेभित्र उसको आफिसमा पुऱ्याइदिनु पर्दछ ।

(२) ओफिस बन्द भैसकेपछि पुऱ्याइएका सूचनाहरू, अर्को काम गर्ने दिन दिएको सूचना संझिने छ ।

२२. (१) सेक्रेटरीले प्रत्येक सूचनाको नकलहरू, तथा यी नियम-अनुसार सबै सदस्यहरूलाई उपलब्ध गराउन पर्ने कागज-पत्रहरू, सबै सदस्यहरूमा वितरित गर्ने पूरा प्रयत्न गर्ने छ ।

(२) सभाको अधिवेशनको अवधिसम्ममा या शुरू हुनुभन्दा ३ दिन अगावै कुनै सूचना अथवा अन्य कुनै कागजपत्र, यदि अध्यक्षले निर्देशित तरीकाबाट सभा-भवनको अथवा निर्देशित ठाउँमा राखिएको छ भने सबै सदस्यहरूमा वितरित गरिएको संझिने छ ।

२३. कुनै सदस्यले अप्रासंगिक कुरा बोलिरहे अथवा आफ्नै या अन्य कुनै सदस्यको तर्क बारम्बार दोहऱ्याइरहे अध्यक्षले सो सदस्यको आचरणप्रति सभाको ध्यान आकर्षित गर्दै, सो सदस्यलाई आफ्नो भाषण बन्द गर्ने आदेश दिन सक्ने छ ।

२४. अध्यक्षको अधिकारको अवहेलना गर्ने उच्छृङ्खलतापूर्ण आचरण गर्ने, अथवा नियमहरूको दुरूपयोग गर्दै सभाको कार्यमा बारबार बाधा दिरहने सदस्यलाई, अध्यक्षले सभाबाट हटन आदेश दिन सक्ने छ । कुनै सदस्य उही अधिवेशनमा, दोस्रो पटक पनि हटने आदेश पायो भने, अध्यक्षले त्यस सदस्यलाई सभाबाट

ज्यादा से ज्यादा ६ दिनसम्म अनुपस्थित रहने आदेश दिन सक्ने छ ।

यसरी अनुपस्थित रहन आदेश दिइएको सदस्य, अन्तिम विधानको दफा २८ ड १ ग-को निमित्त, अनुपस्थित रहेको संझिने छ ।

२५. अध्यक्षले सभामा व्यवस्था कायम राख्ने छ र आफ्नो निश्चय लागू गराउनको निमित्त चाहिने शक्ति, ऊसंग रहने छ ।

२६. घोर अव्यवस्था भएको पक्षमा, अध्यक्षले सभाको बैठकलाई, आफूले तोकेको कुनै निश्चित समयसम्मलाई भंग गरिदिन सक्दछ ।

## सदस्यहरूले पालन गर्नु पर्ने नियमहरू

२७. अध्यक्षले निर्धारित गरेको क्रममा सदस्यहरूले बस्नु पर्दछ ।

२८. (१) कुनै सदस्य बोल्न उठेपछि, अध्यक्षले त्यस सदस्यको नाउँ लिने छ । एकै बेलामा एउटाभन्दा बढी सदस्य बोल्न उठेको पक्षमा अध्यक्षले जुन सदस्यको नाउँ लिन्छ त्यही सदस्य बोल्न अधिकारी हुनेछ ।

(२) सभाको समक्ष पेश गरेको कुनै विषयमा आफ्नो विचार प्रगट गर्न चाहने सदस्यले आफ्नो ठाउँबाट बोल्ने छ, उठेर बोल्ने छ, तथा अध्यक्षलाई सम्बोधन गर्नेछ । यदि कुनै बेला अध्यक्ष उठ्यो भने कुनै सदस्य बोल्दै भए पनि बस्नु पर्छ ।

तर बिरामीले अथवा दुर्बलताले अशक्त भएको सदस्यलाई अध्यक्षले बसीबसी बोल्ने अनुमति दिन सक्नेछ ।

२९. सभाको बैठक भैराखेको समयमा सदस्यहरूले—

(क) सभा-स्थलमा शिष्टतापूर्वक भित्र पस्नु पर्दछ अथवा बाहिर जानु पर्दछ ।

(ख) सभा-स्थलको वारपार गरिरहनु हुँदैन ।

(ग) सभाको कार्यसंग सम्बन्धित विषयबाहेक अन्य विषयहरूको पुस्तक, अथवा समाचारपत्र अथवा कागजात पढ्नु हुँदैन ।

(घ) चुप लागेर बस्नु पर्दछ ।

(ङ) कुनै अन्य सदस्यले बोलिरहेको समयमा, हल्ला गरेर अथवा अन्य कुनै अव्यवस्थापूर्ण ढंगले उसको भाषणमा विघ्न हाल्नु हुँदैन ।

३०. (१) सदस्यहरूको प्रत्येक भाषण, सभाको समक्ष पेश भइराखेको कुरासंग संबद्ध हुनु पर्दछ तथा कुनै अप्रासंगिक हुनु हुँदैन ।

(२) कुनै सदस्यले पनि आफूले बोल्दा—

(क) नेपालको कुनै न्यायालयको समक्ष पेश भइराखेको कुराको उल्लेख गर्नु हुँदैन ।

(ख) कुनै अन्य सदस्यको विरूद्ध व्यक्तिगत आरोप लगाउनु हुँदैन ।

(ग) सभाको आचरण अथवा कार्यवाहीको बारेमा अपमान-

सूचक, आपत्तिजनक शब्द प्रयोग गर्न हुँदैन ।

(घ) न्यायाधीशहरूको आफ्नो कर्तव्य पालन गर्दा, गरेको आचरणको आलोचना गर्नु हुँदैन ।

(ङ) छलफलमाथि प्रभाव पार्ने ध्येयले श्री ५ महाराजाधिराजको नाउँ लिनु हुँदैन ।

(च) सभाको कुनं निश्चय रद्द गरियोस् भन्ने प्रस्तावमाथि बोल्दैबाहेक अरू समयमा, सभाको कुनै निश्चयको आलोचना गर्नु हुँदैन ।

(छ) भाषण गर्ने आफ्नो अधिकारलाई सभाको कार्यमा बाधा हाल्ने ध्येयले प्रयोग गर्नु हुँदैन ।

(ज) राजद्रोहात्मक, विद्रोहात्मक तथा निन्दाजनक शब्दहरूको प्रयोग गर्नु हुँदैन ।

३१. छलफल चलिरहेको समयमा कुनै विषयको सम्बन्धमा समाचार प्राप्त गर्नु परेकोले, अथवा अन्य कुनै यथेष्ट कारणले, कुनै सदस्यले कुनै सदस्यसंग सभामा विचाराधीन कुनै कुराको प्रश्न सोध्न पऱ्यो भने, यस्तो प्रश्न अध्यक्षद्वारा सोध्नु पर्छ ।

३२ सभाको समक्ष कुनै प्रश्न नभएता पनि, कुनै सदस्यले, अध्यक्षको अनुमतिद्वारा व्यक्तिगत स्पष्टीकरण दिन सक्ने छ, तर यसो गर्दा कुनै विवादनीय विषय उठाउनु हुँदैन ।

## प्रस्तावहरू

३३. सभाको उसै अधिवेशनमा कुनै प्रस्तावद्वारा छलफल गरिसकेको अथवा मत लिइसकेको वस्तुतः उही कुरा उठाउने अर्को प्रस्ताव

पेश गर्न पाइने छैन ।

३४. (क) कुनै सदस्यले पनि आफूले पेश गरेको प्रस्ताव, सभाको अनुमति नलिई फिर्ता लिन पाउने छैन।

( **स्पष्टीकरण**– सभाको अनुमतिको अर्थ, सभामा उपस्थित सदस्यहरूको बहुमतले दिएको अनुमति हुनेछ ।)

तर प्रस्तावमाथि कुनै संशोधन पेश भएको छ भने, त्यो संशोधन टुंगो नलागिकन, प्रस्ताव फिर्ता लिन पाइने छैन ।

३५. निम्नलिखित प्रस्तावहरू, अध्यक्षले अनुमति दिएमा, सूचना-बिना नै पेश गर्न सकिने छन्:-

(क) बैठक स्थगित गर्नाको निमित्त प्रस्ताव

(ख) प्रवर-समितिको सदस्य चुन्नको निमित्त प्रस्ताव

(ग) बिल, प्रस्ताव तथा संशोधन फिर्ता लिनको निमित्त प्रस्ताव

(घ) बधाई दिनको अथवा शोक प्रकट गर्नाको निमित्त प्रस्ताव

(ङ) सभाको समक्ष रहेको कुनै कार्यलाई स्थगित गर्नको निमित्त प्रस्ताव

(च) छलफल गर्नाको निमित्त प्रस्ताव

(छ) श्री ५ महाराजाधिराजको समक्ष सम्बोधन गर्नाको निमित्त प्रस्ताव

(ज) बाहिरी व्यक्तिहरूलाई सभाबाट हटाउनको निमित्त प्रस्ताव

३६ सभामा पेश भइराखेको कुनै बिल, तथा प्रस्ताव ( बैठक स्थगित गर्ने प्रस्तावबाहेक )-माथि विचार उही अधिवेशन अथवा अर्को अधिवेशनको कुनै आगामी मितिमा गरियोस् भन्ने प्रस्ताव, कुनै

सदस्यद्वारा कुनै समयमा पनि पेश गर्न सकिने छ र त्यस्तो प्रस्तावले सभाको समक्ष पेश भइराखेको सबै प्रस्तावहरूमाथि प्रथमत्व पाउने छ। अध्यक्षले प्रस्तावकलाई तथा, कुनै सदस्यले विरोध गर्न चाहेमा विरोधकलाई, एउटा सानो वक्तव्य दिने अनुमति दिएपछि, सो प्रस्तावलाई अरू बर्ता छलफल हुन नदिई, सभाको समक्ष निर्णयार्थ प्रस्तुत गरिदिने छ।

(२) अध्यक्षको विचारमा, यदि कार्य स्थगित गर्ने कुनै प्रस्ताव, सभाको कार्यमा बाधा हाल्ने ध्येयले मात्र पेश गरिएको हो भने, उसले त्यस्तो प्रस्तावलाई अस्वीकार गर्न सक्ने छ।

३७. यी नियमहरू तथा अन्तरिम विधानको विरुद्ध भएको कुनै प्रस्ताव अथवा प्रस्तावको कुनै भागलाई, अध्यक्षले पेश गर्ने अनुमति दिने छैन।

३८. अध्यक्षले कुनै प्रस्तावलाई अस्वीकार गरेमा फेरि त्यसै प्रस्तावमाथि त्यही अधिवेशनमा कुनै छलफल गर्न पाइने छैन।

## संशोधनहरू

३९. (क) कुनै प्रस्तावमाथि पेश गरिने संशोधन, त्यस प्रस्तावमा रहेको मुख्य कुरासंग प्रासंगिक हुनु पर्दछ।

(ख) यस्तो संशोधन पेश गरिने छैन, जो कि पास भएको पक्षमा, वस्तुतः त्यस प्रस्तावहरूको विरूद्ध प्रकट गरिएको निर्णयजस्तै हुनेछ।

(ग) कुनै प्रश्नमाथि पेश गरिने संशोधन, त्यसै प्रश्नमाथि सभाले पहिले प्रकट गरिसकेको निर्णयको विरुद्ध हुनुहुँदैन।

(घ) कुनै प्रस्तावको कुनै भागमाथि पेश गरिएको कुनै संशोधनमा सभाले आफ्नो निर्णय दिइसकेको भए, त्यसभन्दा पहिलेको भाग संशोधित हुन सक्ने छैन ।

(ङ) कुनै संशोधन यदि अध्यक्षको रायमा अस्पष्ट, निरर्थक अथवा महत्त्वहीन छ भने पेश गर्न पाइने छैन ।

(१) प्रस्ताव गरिएको कुनै संशोधनको एक प्रति, प्रस्तावमाथि विचार गरिने दिनको अघिल्लो दिन नै सभाको आफिसमा दाखिल नगरे, कुनै सदस्यले पनि त्यस संशोधनमाथि आपत्ति गर्न सक्ने छ, र यस्तो आपत्ति, अध्यक्षले संशोधन पेश गर्न अनुमति दिएचाहेक, अरू हालतमा स्वीकार गरिने छ ।

(२) समयले भ्याएमा सेक्रेटरीले सूचना पाइसकेको प्रत्येक संशोधनको एक-एक प्रति सबै सदस्यलाई उपलब्ध गराउने छ ।

४१ (१) संशोधन पेश भएपछि, अध्यक्षले त्यसलाई सभाको निर्णयार्थ प्रस्तुत गर्नुभन्दा पहिले मूल प्रस्ताव तथा संशोधन दुवै सभालाई पढ़ेर सुनाउने छ ।

(२) सभाको निर्णयको निमित्त, अध्यक्षले आफ्नो विवेकानुसार पहिले मूल प्रस्ताव तथा त्यसमाथिको संशोधन, जुन होस्, प्रस्तुत गर्न सक्ने छ ।

## बोल्ने क्रम तथा उत्तर दिने अधिकार

४२ (१) प्रस्ताव पेश गर्ने सदस्यले बोलिसकेपछि अरू सदस्यहरूले

अध्यक्षले नाउँ लिएको क्रमले बोल्ने छन्। अध्यक्षले नाउँ लिंदा नबोल्ने सदस्यले, अध्यक्षको अनुमतिबिना, पछि उही प्रस्तावमाथि बोल्न पाउने छैन।

(२) यी नियमहरूमा अन्यथा लेखिएबाहेक, अथवा उत्तर दिने अधिकारको प्रयोग गर्दाबाहेक कुनै सदस्यले पनि एउटै प्रस्तावमा, अध्यक्षको अनुमतिबिना, एक पटकभन्दा बर्ता बोल्न पाउने छैन र यस्तो स्थितिमा कुनै विवादग्रस्त बिषय ल्याउन सक्ने छैन।

(३) कुनै स्वाधीन प्रस्ताव पेश गर्ने सदस्यले उत्तर दिनको निमित्त फेरि बोल्न सक्ने छ, र यदि प्रस्ताव कुनै गैर-सरकारी सदस्यले पेश गरेको छ भने सम्बन्धित मन्त्रीले (चाहे उसले छलफलमा पहिले भाग लिसकेको होस् या नहोस्) प्रस्तावक सदस्यले उत्तर दिइसकेपछि, अध्यक्षको अनुमति लिई फेरि बोल्न सक्ने छ।

(४) कुनै प्रश्नलाई सभाको निर्णयार्थ प्रस्तुत गर्नुभन्दा पहिले कुनै समयमा पनि अध्यक्षले, सभालाई संबधनो गर्न सक्ने छ।

## छलफल अन्त गर्ने नियम

४३. (१) प्रस्ताव पेश भइसकेपछि कुनै समयमा कुनै सदस्यले पनि, अब प्रश्न निर्णयार्थ प्रस्तुत गरियोस् भन्ने प्रस्ताव पेश गर्न सक्ने छ। र अध्यक्षले, यदि यस्तो प्रस्तावले, नियमहरूको

दुरुपयोग गरेको अथवा उचित छलफल गर्न पाउने अधिकारको हनन गरेको भन्ठान्दैन भने, यस्तो प्रस्तावलाई निर्णयको निमित्त प्रस्तुत गर्नै छ ।

(२) माथि उपदफा (१)-बमोजिमको प्रस्ताव यदि सभाले स्वीकार गऱ्यो भने, अध्यक्षले सम्बन्धित प्रस्ताव अथवा प्रश्नलाई, अरू छलफल हुन नदिई, निर्णयार्थ सभामा प्रस्तुत गरिदिने छ ।

तर, यी नियमहरूअन्तर्गत उत्तर दिने अधिकार प्राप्त भएको कुनै सदस्यलाई, अध्यक्षले उत्तर दिने अनुमति दिने छ ।

## सभाको निर्णय

४४. कुनै सदस्यले पेश गरेको प्रस्तावमाथि सभाको निर्णय, अध्यक्षले सभाको समक्ष प्रश्न प्रस्तुत गरेर लिने छ ।

४५. (१) सभाको समक्ष प्रश्न प्रस्तुत गरेपछि, अध्यक्षले प्रस्तावको पक्षमा हुने सदस्यले 'हुन्छ'र विरुद्ध हुने सदस्यले 'हुन' भन्नू भन्ने आदेश दिने छ ।

(२) त्यसपछि अध्यक्षले मेरो रायमा 'हुन्छ'(अथवा 'हुन')भन्नेहरूको बहुमत छ, भन्ने छ । अध्यक्षको रायप्रति कसैले विरोध प्रकट गरेन भने, निजले दुइ पटक आफ्नो राय दोहऱ्याउनेछ । र सभाको निर्णय,अध्यक्षको रायअनुसार नै ठहरिने छ ।

(३) अध्यक्षको रायको विरोध कसैले गऱ्यो भने सभाको मत विभाजनद्वारा लिइने छ ।

(४) विभाजनद्वारा मत लिने तरीका अध्यक्षले निर्धारित गर्नै छ ।

(५) विभाजनको फल तुरन्तै घोषित गरिने छ, त्यसलाई कसैले विरोध गर्न पाउने छैन ।

## कार्य-विधिसम्बन्धी एतराज

४६. (१) कुनै सदस्यले पनि कार्यविधिसम्बन्धी एतराज अध्यक्षको समक्ष पेश गर्न सक्ने छ, तर यसो गर्दा, उठाएको एतराजको कुरामात्र भन्नु पर्दछ ।

(२) अध्यक्षको समक्ष कार्यविधिसम्बन्धी एतराज पेश गरिएमा, बोलिरहेको सदस्यले तुरुन्तै आफ्नो आसन ग्रहण गर्नु पर्दछ ।

(३) कार्यविधिसम्बन्धी उठाइएको जम्मै एतराजहरुमाथि निर्णय अध्यक्षले दिने छ र निजको निर्णय अन्तिम हुने छ ।

(४) अध्यक्षले सभाको राय लिन उचित भन्ठानेको बाहेक अरू हालतमा, कार्यविधिसम्बन्धी कुनै एतराजमाथि पनि छलफल गर्न पाइने छैन ।

## बाहिरी व्यक्तिहरू

४७. सभा भइराखेको समयमा, सभा-स्थलभित्र बाहिरी व्यक्तिहरू तथा पत्र-प्रतिनिधिहरूको प्रवेशसम्बन्धमा नियमहरू, अध्यक्षले आदेश दिएअनुसार हुने छन् ।

४८. सभामा स्वीकृत कुनै प्रस्तावअनुसार अथवा आफूले उचित भन्ठानेको वेलामा, अध्यक्षले सभा-स्थलको कुनै भागबाट पनि बाहिरी व्यक्तिहरू हट्न आदेश दिन सक्ने छ ।

## अध्यक्ष उठेपछि पालन गर्नु पर्ने नियम

४९. (१) अध्यक्ष बोल्न उठेपछि, सभाले निजले बोलेको कुरा चुप लागेर सुन्नु पर्दछ, र बोलिरहेको सदस्यले अथवा बोल्न खोज्ने सदस्यले तुरुन्त बस्नु पर्दछ ।

(२) अध्यक्षले सभालाई सम्बोधन गरिरहेको समयमा कुनै सदस्यले पनि आफ्नो आसन छोड्नु हुँदैन ।

## शेष अधिकार

५०. यी नियमहरूमा विशेष रूपले नदिएका कुराहरूको सम्बन्धमा, तथा यी नियमहरू लागू गर्दा उठ्ने प्रश्नहरूको सम्बन्धमा, अध्यक्षलाई आवश्यक नियमहरू बनाउने अधिकार रहनेछ ।

## ७. छलफल गर्नाको निमित्त स्थगन-प्रस्ताव

५१. जरूरी सार्वजनिक महत्त्वको कुनै स्पष्ट कुरामाथि छलफल गर्नाको लागि कार्य स्थगित गर्ने प्रस्ताव, अध्यक्षको अनुमति लिई पेश गर्न सकिने छ ।

तर, आफूले प्रस्ताव पेश गर्न अनुमति दिन इन्कार गरेमा अथवा प्रस्ताव नियमानुकूल छैन भन्ने ठहऱ्याएकोमा, अध्यक्षले यदि आवश्यक भन्ठान्दछ भने, सभालाई प्रस्तावको सूचना पढ़ेर सुनाउने छ र आफूले अनुमति दिन इन्कार गरेको, अथवा प्रस्तावलाई नियमानुकूल नठहऱ्याएको कारण बताउने छ ।

५२. जरूरी सार्वजनिक महत्त्वको स्पष्ट कुरामाथि छलफल गर्नाका लागि

कार्य स्थगित गर्ने प्रस्ताव पेश गर्ने अनुमति, प्रश्नहरू समाप्त भएपछि तथा दैनिक कार्यक्रम शुरू हुनुभन्दा अघि, माग्नु पर्नेछ ।

३३. स्थगन-प्रस्तावको सूचना, प्रस्ताव पेश गर्न खोजेको दिन, बैठक शुरू हुनुभन्दा पहिले नै अध्यक्ष, सेक्रेटरी तथा सम्बन्धित मन्त्रीलाई दिनु पर्ने छ ।

३४. जरूरी सार्वजनिक महत्त्वको कुनै स्पष्ट कुरामाथि छलफल गर्नाका लागि कार्य स्थगित गर्ने प्रस्ताव पेश गर्ने अधिकारीमाथि निम्नलिखित बन्धनहरू रहने छन्:—

(क) सभाको एउटै बैठकमा, एकभन्दा बर्ता प्रस्ताव पेश गर्न पाइने छैन ।

(ख) एउटा प्रस्तावमा एउटाभन्दा बर्ता कुरामाथि छलफल गर्न पाइने छैन ।

(ग) प्रस्ताव हालै घटित प्रत्यक्ष कुरासम्ममात्र सीमित हुनु पर्दछ ।

(घ) सभाको उही अधिवेशनमा पहिले भइसकेको छलफललाई यस्तो प्रस्तावद्वारा पुनर्जीवित गराउन सकिने छैन ।

(ङ) यस्तो प्रस्तावले विशेषाधिकारको कुनै प्रश्न उठाउन पाइने छैन ।

(च) छलफलको निमित्त पहिले नै समय नियत भैसकेको कुन कुरा यस्तो प्रस्तावमा राख्न पाइने छैन ।

(छ) प्रस्ताव पेश गर्न नसकिने कुराहरूमाथि यस्तो प्रस्ताव राख्न पाइने छैन ।

५५. अध्यक्षको रायमा प्रस्ताव नियमानुकूल छ भने, उसले प्रस्ताव सभालाई पढ़ेर सुनाउने छ तथा प्रस्ताव पेश गर्न चाहने सदस्यलाई सभाको अनुमति प्राप्त छ कि छैन भनी सोध्ने छ। यदि कुनै सदस्य अनुमति दिनको विरोध गर्दछ भने, अध्यक्षले, अनुमति दिन समर्थन गर्ने व्यक्तिहरूलाई उठने आदेश दिने छ र यदि १५ अथवा बढी सदस्यहरू यसरी उठछन् भने, अध्यक्षले, प्रस्ताव पेश गर्न चाहने सदस्यलाई सभाको अनुमति प्राप्त छ तथा १५-भन्दा कम सदस्य उठछन् भने अनुमति प्राप्त छैन भन्ने सूचना गर्ने छ।

५६. (१) प्रस्ताव ४ बजेतिर अथवा सरकारसंग सल्लाह गरी अध्यक्षले आदेश गरेको त्यसभन्दा पहिले कुनै समयमा राखिने छ।

(२) अध्यक्षको विचारमा यदि प्रस्तावमाथि पर्याप्त छलफल भइ-सकेको छ भने, उसले तोकेको समयमा आवश्यक परे ६ बजे पनि प्रश्न सभाको निर्णयार्थ प्रस्तुत गर्न सक्ने छ।

## ८. प्रश्नहरू

५७. अध्यक्षले अन्यथा आदेश ननिकालेसम्म, प्रत्येक बैठकको पहिला घण्टा प्रश्न सोध्न तथा उत्तर दिनको निमित्त राखिने छ।

५८. प्रश्न सोध्न चाहने कुनै सदस्यले, कमसेकम ७ दिनअगाड़ि नै निम्नलिखित कुराहरूसमेत लेखी, सेक्रेटरीलाई सूचना दिनु पर्ने छः—

(क) मन्त्रीको सरकारी नाम जोसंग प्रश्न सोधिएको छ।

(ख) मिति जसमा प्रश्नकर्ताले प्रश्नको उत्तर चाहन्छ ।

५६. (१) नेपाल सरकारसंग वास्ता राख्ने कुनै पनि सार्वजनिक महत्त्वका कुरामाथि प्रश्न सोध्न सकिने छ ।

(२) कुनै विषयको प्रश्न त्यस विषयको निमित्त जिम्मेदार मन्त्रीलाई सम्बोधित हुनु पर्दछ ।

६०. निम्नलिखित शर्तहरू पूरा नगर्ने प्रश्न सोध्न पाइने छैन:—

(क) प्रत्येक प्रश्न केवल समाचार प्राप्त गर्नको निमित्त एउटा अनुरोधको रूपमा मात्र हुनु पर्दछ, र आफ्नो उत्तर आफैले संकेत गर्ने अथवा कुनै सुझाव दिने अथवा कुनै खास दृष्टिकोणको प्रचार गर्ने रूपमा हुनु हुँदैन ।

(ख) प्रश्नलाई बुझाउनको निमित्त अत्यावश्यक नभएसम्म कुनै प्रश्नमा पनि कुनै नाउँ अथवा वक्तव्य रहनु हुँदैन। र यदि यस्तो कुनै वक्तव्य प्रश्नमा रहन्छ भने, त्यस वक्तव्यको यथार्थताको निमित्त प्रश्नकर्ता जिम्मेदार हुनेछ ।

(ग) कुनै प्रश्नले स्वभावबाट नै गुप्त रहने कुराहरू—जस्तै कि— मन्त्रिमण्डलको बैठकको कार्यवाही इत्यादि—को सम्बन्धमा समाचार प्राप्त गर्ने अनुरोध गर्न पाउने छैन ।

(घ) कुनै प्रश्नमा पनि कुनै मताभिव्यक्ति, तर्क, अनुमोन, आरोप, आक्षेप, व्यंग्योक्ति, तथा आपत्तिजनक शब्दहरू रहनु हुँदैन, न त कुनै प्रश्नले कुनै विषयमा मताभिव्यक्तिको माग नै गर्नु हुन्छ ।

(ङ) कुनै प्रश्नले पनि कुनै कल्पित तथा अनुमानित समस्या-

को समाधानको माग गर्न हुने छैन ।

(च) कुनै प्रश्नले पनि कुनै व्यक्तिको, सरकारी अथवा सार्वजनिक हैसियतबाहेक अरू कुनै हैसियतबाट गरेको आचरणको सम्बन्धमा सोध-पूछ गर्न पाउने छैन ।

(छ) कुनै प्रश्नमा पनि कुनै किसिमको व्यक्तिगत आरोप हुनु हुँदैन ।

(ज) कुनै प्रश्नले पनि नीतिको कुनै यस्तो ठूलो कुरो उठाउन पाइने छैन, जसलाई कि एउटा प्रश्नको जवाफको रूपमा प्रकट गर्न नसकियोस् ।

(झ) कुनै प्रश्नद्वारा, जवाफ दिइसकेको कुरो अथवा जवाफ दिन इन्कार गरेको कुरोलाई फेरि सोधन पाइने छैन ।

(ञ) कुनै प्रश्नले पनि, कुनै अन्य साधनबाट सहजै ज्ञात हुन सक्ने कुराको सम्बन्धमा समाचारको माग गर्ने छैन ।

(ट) कुनै प्रश्नले पनि, नेपालभित्रको कुनै न्यायोलयको विचाराधीन कुराको सम्बन्धमा सोध-पूछ गर्न पाउने छैन ।

(ठ) कुनै प्रश्नमा, अप्रत्यक्ष रूपले अथवा प्रचारको उद्देश्यले कुनै व्यक्ति अथवा कुनै संस्थाको नाम राखिनु हुँदैन ।

(ड) कुनै समाचारपत्रमा छापिएको कुरा अथवा कुनै गैर-सरकारी व्यक्तिको कुनै वक्तव्य सत्य हो अथवा होइन भनेर प्रश्न सोधन पाइने छैन ।

(ढ) कुनै पनि प्रश्न अत्यन्त लामो, तथ्यहीन, निरर्थक

तथा अस्पष्ट हुनु हुँदैन ।

(ण) सभाको कुनै समितिको बैठकको कार्यवाहीको सम्बन्धमा, समितिले सभाको समक्ष आफ्नो रिपोर्ट पेश गर्नुभन्दा पहिले, प्रश्न सोध्न पाइने छैन ।

६१. कुनै प्रश्न स्वीकारणीय छ अथवा छैन भन्ने कुराको निर्णय अध्यक्षले गर्ने छ र प्रश्न सोध्ने अधिकारको दुरुपयोग देखिएमा अथवा अन्तरिम विधान र यी नियमहरूको विरुद्ध देखिएमा, अध्यक्षले कुनै प्रश्न सोध्ने अनुमति दिने छैन ।

६२. कुनै प्रश्न स्वीकारणीय छ अथवा छैन भन्ने कुराको सम्बन्धमा अध्यक्षको निर्णयमाथि अथवा कुनै प्रश्न अथवा कुनै प्रश्नको उत्तरमाथि छलफल गर्न पाइने छैन ।

६३. कुनै उत्तरमा भनिएको कुराको अझ बर्ता स्पष्टीकरण चाहेमा कुनै सदस्यले पनि पूरक प्रश्नहरू सोध्न सक्ने छ ।

तर, प्रश्नहरूसम्बन्धी नियमहरूलाई भंग गर्ने पूरक प्रश्नहरू सोध्न पाइने छैनन् ।

६४. प्रत्येक दिन, त्यस दिन उत्तर दिइने प्रश्नहरूको सूची बनाइने छ र यस्तो प्रश्न–सूचीमा अस्वीकार नगरिएका सबै प्रश्नहरू सम्मिलित गरिने छन् ।

६५. कुनै सदस्यले पनि आफ्नो प्रश्नको उत्तर दिइने दिनभन्दा पहिले कुनै समय, एउटा सूचना दिएर आफ्नो प्रश्न फिर्ता लिन, अथवा अन्य कुनै दिनको निमित्त स्थगित गर्न सक्ने छ ।

६६. आफूले सूचना पाएको प्रत्येक प्रश्नको एक प्रति सेक्रेटरीले

अध्यक्षको सम्मुख राख्ने छ र अध्यक्षले स्वीकार गरेपछि एक प्रति सम्बन्धित मन्त्रालयको सेक्रेटरीलाई पठाउने छ।

६७. (१) प्रश्नको उत्तर दिने समय आएपछि, अध्यक्षले प्रश्न-सूचीमा नाउँ रहेका सदस्यहरूको क्रमानुसार नाउँ लिने छ।

(२) यसरी नाउँ लिएको सदस्य आफ्नो आसनबाट उठने छ र प्रश्न-सूचीमा आफ्नो नाउँमा रहेको प्रश्न सोध्ने छ।

(३) यदि प्रश्न सोध्न चाहने सदस्य सभामा उपस्थित छैन भने अध्यक्षको अनुमति लिएर कुनै अन्य सदस्यले उसको नाउँमा रहेको प्रश्न सोध्न सक्ने छ।

६८. कुनै गैरसरकारी सदस्यसंग पनि उसले पेश गरेको बिल, प्रस्ताव-बारेमा अथवा ऊसंग सम्बन्ध राख्ने कुनै अन्य कार्यको बारेमा कुनै स्पष्टीकरण चाहेमा, प्रश्न सोध्न सकिने छ।

६९. दैनिक प्रश्न-सूचीमा राखिएका केही प्रश्नहरूको उत्तर यदि समयको अभावले गर्दा मौखिक रूपमा दिन सकिएन भने, लिखित रूपमा दिइने छ र सबै सदस्यहरूलाई उपलब्ध गराइने छ।

७०. अध्यक्षले अन्यथा आदेश नदिएमा, प्रत्येक प्रश्न र त्यसको उत्तर, सभाको कार्यवाहीमा दर्ता गरिने छ।

तर अस्वीकार गरिएको कुनै प्रश्न दर्ता गरिने छैन।

७१. (१) सार्वजनिक महत्त्व राख्ने कुराको सम्बन्धमा कुनै प्रश्न १० दिनभन्दा कमको सूचना दिएर पनि सोध्न सकिने छ। तर कम सूचना दिएर प्रश्न सोध्न परेको कारण, सूचनामा लेख्नु पर्दछ।

(२) अध्यक्षले प्रश्नलाई जरूरी ठान्दछ भने, प्रश्नको सूचनाको एक

प्रति सम्बन्धित मन्त्रीलाई पठाइदिने छ, र लेखिएको मितिमा उत्तर दिन सम्भव छ कि छैन भनी सोधने छ। मन्त्रीले सम्भव छ भनेको पक्षमा, अध्यक्षले प्रश्नलाई स्वीकार गर्ने छ र सो प्रश्न-सूचीमा लेखिएको दिन सोधिने छ।

७२. (१) कुनै प्रश्नको विषय भएको, कुनै प्रशस्त सार्वजनिक महत्त्वको कुरामाथि छलफल गर्नको निम्ति अध्यक्षले सप्ताहमा दुइ दिन अर्थात सोमवार र बृहस्पतिवारको दिन ४-देखि ४॥ बजेसम्मको समय नियत गर्नेछ।

तर, सभाको कार्यवाही ४ बजेभन्दा पहिले नै समाप्त भयो भने, यो आधा घन्टाको समय, सभाको कार्यवाही समाप्त भएको समयदेखि शुरू हुनेछ।

(२) छलफल शुरू गर्न चाहने सदस्यले कमसेकम ३ दिन-अगाडि नै सेक्रेटरीलाई आफूले, छलफल गर्न खोजेको कुरा तथा त्यसो गर्नाको कारणसमेत लेखी सूचना दिनु पर्दछ।

तर, अध्यक्षले सम्बन्धित मन्त्रीको सहमति लिएर तीन दिनभन्दा कमको सूचनामा पनि छलफल गर्न अनुमति दिन सक्ने छ।

(३) छलफल गर्न खोजेको कुरा प्रशस्त सार्वजनिक महत्त्वको छ अथवा छैन भन्ने कुराको निर्णय अध्यक्षले गर्ने छ।

(४) छलफल गर्दा सभाको समक्ष न त कुनै प्रस्ताव राखिने छ, न त मत नै लिइने छ। सूचना दिने सदस्यले एउटा सानो वक्तव्य दिने छ र सम्बन्धित मन्त्रीले संक्षेपमा

त्यसको उत्तर दिने छ। कुनै कुराको स्पष्टीकरण चाहिएमा, प्रश्न सोध्न सकिने छ।

७३. सभामा दिइने उत्तर, सभामा दिइनसकेसम्म अथवा सदस्यहरूलाई उपलब्ध नगराइसकेसम्म, प्रकाशित गर्न अनुमति दिइने छैन।

## ६. प्रस्ताव

७४. कुनै प्रस्ताव पेश गर्न इच्छा गर्ने सदस्यले, कमसेकम ७ दिन-अगाड़ि नै आफ्नो इरादाको लिखित सूचना दिनु पर्ने छ, र साथै पेश गर्न चाहेको प्रस्तावको एक प्रति दाखिल गर्नु पर्ने छ।

तर अध्यक्षले सम्बन्धित विभागको मन्त्रीसंग सहमति लिई कुनै प्रस्तावलाई सात दिनभन्दा कमको सूचनामा पनि, दैनिक कार्य-सूचीमा राख्ने आदेश दिन सक्ने छ।

र कुनै मन्त्रीले अथवा निजले अधिकृत गरेको कुनै सदस्यले दुई दिनको सूचनाद्वारा पनि प्रस्ताव पेश गर्न सक्ने छ।

७५. यी नियम तथा अन्तरिम विधानको अधीन रही, कुनै सदस्यले पनि सामान्य सार्वजनिक वास्ताको कुनै कुरामाथि प्रस्ताव पेश गर्न सक्ने छ।

७६. निम्नलिखित शर्तहरू पूरा नगर्ने कुनै प्रस्ताव पेश गर्न पाइने छैनः—

(क) कुनै पनि प्रस्ताव, नेपाल सरकारसंग वास्ता राख्ने कुराको सम्बन्धमा हुनु पर्दछ।

(ख) प्रत्येक प्रस्ताव स्पष्ट तथा निश्चित रूपले व्यक्त गरिएको हुनु पर्दछ ।

(ग) प्रत्येक प्रस्तावले कुनै एउटा स्पष्ट प्रश्न उठाएको हुनु पर्दछ ।

(घ) कुनै प्रस्तावमा पनि तर्क, अनुमान, व्यंग्योक्ति. आक्षेप तथा आपत्तिजनक वक्तव्य रहनु हुँदैन ।

(ङ) कुनै प्रस्तावमा पनि, कुनै व्यक्तिले सार्वजनिक अथवा सरकारी हैसियतबाहेक अरू हैसियतले गरेको आचरणको उल्लेख हुनु हुँदैन ।

(च) कुनै पनि प्रस्ताव, नेपालको कुनै न्यायालयको समक्ष विचाराधीनको कुरासंग सम्बन्धित हुनु हुँदैन ।

७७. कुनै प्रस्ताव स्वीकारणीय छ अथवा छैन भन्ने प्रश्नको निर्णय अध्यक्षले गर्ने छ र यदि उसको विचारमा कुन प्रस्ताव, यी नियम तथा अन्तरिम विधानको विरुद्ध छ भने, अस्वीकार गरिदिने छ ।

७८. स्वीकार गरिएको प्रत्येक प्रस्तावको एक-एक प्रति, सेक्रेटरीले सम्बन्धित मन्त्री तथा श्री ५ महाराजाधिराजको सेक्रेटरीलाई पठाइदिने छ ।

७९. (१) अध्यक्षले दैनिक कार्य-सूचीमा प्रस्ताव पेश गर्न भनी लेखिएको सदस्यको नाउँ लिएपछि सो सदस्यले, प्रस्ताव फिर्ता लिन चाहेमा, सभाको समक्ष पेश गर्ने छ । प्रस्ताव पेश गर्दा सदस्यले आफ्नो भाषण कार्य-सूचीमा लेखिए-

अनुसार प्रस्ताव पढ़ी शुरू गर्ने छ।

तर, अध्यक्षको अनुमति लिएर, कुनै सदस्यले कुनै सदस्यलाई आफ्नो प्रस्ताव पेश गर्नलाई अधिकृत गन सक्ने छ।

(२) प्रस्ताव पेश गर्न चाहने सदस्यले, अध्यक्षले आफ्नो नाउँ लिएपछि, सोहीअनुसार आफ्नो इच्छा प्रकट गर्ने छ।

(३) कुनै पनि सदस्यले यदि आफ्नो नाउँमा रहेको प्रस्ताव पेश गर्दैन भने, अध्यक्षको अनुमति लिई कुनै अन्य सदस्यले त्यस प्रस्तावलाई पेश गर्न सक्ने छ।

(४) उपदफा (१), (२), (३)-बमोजिम पेश गरिएका प्रस्ताव, फिर्ता लिइएको मानिएको छ।

(५) पेश गरिसकेको प्रस्ताव, सभाको अनुमति नभई फिर्ता लिन सकिने छैन।

८०. प्रस्तावमाथि छलफल गर्दा, कुनै भाषणले पनि १५ मिनेटभन्दा बढी समय लिन पाउने छैन। तर, प्रस्ताव पेश गर्ने सदस्यले, प्रस्ताव पेश गर्दा, तथा सम्बन्धित मन्त्रीले पहिलो पटक बोल्दा ३० मिनटसम्म समय लिन पाउने छ।

८१. कुनै प्रस्तावमाथि गरिने छलफल त्यस प्रस्तावको विषयसम्ममात्र सीमित हुनु पर्दछ।

८२. यी नियमहरूको भित्र रही, कुनै सदस्यले पनि, छलफल भइरहेको समयमा, प्रस्तावमाथि संशोधन पेश गर्न सक्ने छ।

८३. सभाले पास गरेको प्रत्येक प्रस्तावको एक प्रति मन्त्रिमण्डललाई

र श्री ५ महाराजाधिराजको सेक्रेटरीलाई पठाउनु पर्दछ ।

## १०. व्यवस्थापन

८४. (१) बिल पेश गर्न अनुमति माग्न चाहेमा सदस्यले, आफ्नो इरादाको लिखित सूचना सेक्रेटरीलाई दिनु पर्ने छ र साथै बिलको एक प्रति तथा बिल पेश गर्ने ध्येय र कारण-हरूको एउटा वक्तव्य पनि दाखिल गर्नु पर्ने छ ।

(२) आर्थिक व्यय गराउने बिल अथवा संशोधनको साथसाथै एउटा टिप्पन रहनु पर्दछ। टिप्पनले आर्थिक व्यय गराउने दफाहरूप्रति विशेष ध्यान आकृष्ट गर्दै, बिल पास भएर ऐन बनेको पक्षमा के कति खर्च लाग्दछ, त्यसको स्पष्ट ब्यहोरा दिनु पर्दछ ।

(३) बिल पेश गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नलाई, कमसे-कम १५ दिनको सूचना चाहिने छ । तर, सरकारी बिलको सम्बन्धमा यो उपदफा लागू हुने छैन ।

८५. (१) कुनै गैरसरकारी सदस्यबाट, बिल पेश गर्न अनुमति माग्ने प्रस्तावको सूचना पाएपछि सेक्रेटरीले, त्यस सूचनाको एक प्रति सम्बन्धित विभागको सेक्रेटरीलाई तथा एक प्रति श्री ५ महाराजधिराजको सेक्रेटरीलाई, पठाइदिने छ ।

(२) उपदफा (१) बिलसम्बन्धी संशोधनको सूचनाको सम्बन्धमा पनि लागू हुने छ ।

८६ अध्यक्षसंग अनुरोध गरिएको, निजले. कुनै पेश गर्ने अनुमति नदिएको, बिललाई पनि गजेटमा प्रकाश गर्ने आज्ञा दिन

सक्ने छ। यस्तो बिललाई पछि पेश गर्न अनुमति लिइरहनु पर्दैन, तथा, बिल पेश गरिसकेपछि त्यसलाई फेरि प्रकाशित गरिरहनु पर्ने छैन।

८७. कुनै बिल पेश भएपछि, त्यस बिललाई शीघ्रातिशीघ्र गजेटमा प्रकाशित गर्नु पर्ने छ।

८८. बिल पेश गर्ने अनुमति माग्ने कुनै प्रस्तावको विरोध गरिएमा अध्यक्षले, विरोधक तथा प्रस्तावक सदस्यहरूलाई एउटा संक्षिप्त वक्तव्य दिने अनुमति दिएपछि, अरू बर्ता छलफल हुन नदिई, प्रश्नलाई निर्णयार्थ प्रस्तुत गरिदिने छ।

८९. बिल पेश गर्दा अथवा पछि कुनै मौकामा, बिल पेश गर्ने सदस्यले, आफ्नो बिलको सम्बन्धमा, निम्नलिखितमध्ये कुनै एउटा प्रस्ताव पेश गर्न सक्ने छ :—

(क) बिलमाथि सभामा तुरुन्त अथवा भविष्यको कुनै तोकिएको मितिमा विचार गरियोस्, अथवा

(ख) बिललाई, प्रस्तावमा लेखिएको सदस्यहरूको एउटा प्रवर समितिलाई, फलानो मितिसम्ममा रिपोर्ट दिनू भन्ने आदेशसहित सुपुर्द गरियोस्, अथवा

(ग) बिललाई, राय माग्नको निमित्त वितरित गरियोस्।

तर, बिलको प्रति सबै सदस्यहरूलाई प्राप्त नभइसकेसम्म, उपरोक्त कुनै प्रस्ताव पेश गर्न पाइने छैन, र प्रस्ताव पेश गर्नेभन्दा ४ दिनभन्दा पहिले नै बिलका प्रतिहरू सबै सदस्यहरूलाई प्राप्त भैसकेको छैन भने, कुनै

सदस्यले पनि, उपरोक्त प्रस्ताव पेश गरेकोमा एतराज गर्न सक्ने छ ।

९०. विलमाथि विचार गरियोस् अथवा बिल पास गरियोस् भन्ने प्रस्ताव बिल पेश गर्ने सदस्यले बाहेक अरूले सभामा राख्न पाउने छैन । र बिल प्रवर समितिलाई सुपुर्द गरियोस् अथवा राय माग्नको निमित्त वितरित अथवा पुनः वितरित गरियोस् भन्ने कुनै प्रस्ताव पनि बिल पेश गर्ने सदस्यले राखेको प्रस्ताव-माथि संशोधन रूपमा बाहेक, अरू हालतमा कुनै सदस्यले पनि पेश गर्न पाउने छैन ।

९१. (१) यस्तो प्रस्ताव पेश गरेको दिन, अथवा, अन्य कुनै दिन जुन दिनको निमित्त छलफल स्थगित गरिएको छ, बिलको सिद्धान्त तथा सामान्य कुराहरूमाथि छलफल गरिने छ ।

(२) बिलको यस स्थितिमा, बिलमाथि कुनै संशोधन पेश गरिने छैन, तर बिल पेश गर्ने सदस्यले—

(क) बिलमाथि बिचार गरियोस् भन्ने प्रस्ताव पेश गरेमा, कुनै सदस्यले पनि बिल प्रवर समितिलाई सुपुर्द गरियोस् या सो बिल राय माग्नको निमित्त वितरित गरियोस् भन्ने संशोधन पेश गर्न सक्ने छ । या,

(ख) बिल प्रवर समितिलाई सुपुर्द गरियोस् भन्ने प्रस्ताव पेश गरेमा, सो बिल राय माग्नको निमित्त वितरित गरियोस् भन्ने कुनै संशोधन पेश गर्न सक्ने छ ।

(३) कुनै बिल राय माग्नको निमित्त वितरित गरियोस् भन्ने

प्रस्ताव सभामा पास भएर निर्देशित विधिअनुसार वितरित भई, मागिएको राय पनि प्राप्त भइसकेपछि, यदि विल पेश गर्ने सदस्यले आफ्नो विललाई अगाडि बढाउन चाहन्छ भने, प्रवर समितिलाई सुपुर्द गरियोस् भन्ने प्रस्ताव पेश गर्नेछ। तर, अध्यक्षले विलमाथि विचार गरियोस् भन्ने प्रस्ताव पनि पेश गर्ने अनुमति दिन सक्ने छ।

६२. (१) सम्बन्धित विभागको मन्त्री, कानून मन्त्री तथा विल पेश गर्ने सदस्य—प्रत्येक प्रवर समितिको सदस्य रहने छन्।

(२) प्रवर समितिको अन्य सदस्यहरूको संख्या, सम्बन्धित मन्त्रीले विल पेश गरेको छ भने आठ र अन्य सदस्यले पेश गरेको छ भने सात हुने छ। समितिका सदस्यहरू सभाद्वारा निर्धारित गरिने छन्। र यो काम, विल समिति-लाई सुपुर्द गरियोस् भन्ने प्रस्ताव पेश गरेको बैठकमा अथवा पछिको अन्य कुनै बैठकमा तामील गरिने छ। चुनाव गर्ने आवश्यकता परेमा चुनाव अनुपातीय प्रति-निधित्वको सिद्धान्तअनुसार परिवर्तनीय मतद्वारा गरिने छ।

(३) विलसंग सम्बन्धित विभागको मन्त्री, समितिको सभापति हुने अधिकारी हुने छ र निजले आफ्नो अधिकार छाड़ि-दिएमा समितिले नै सभापति चुन्ने छ। मत बराबर बाँड़िएको स्थितिमा सभापतिलाई दोस्रो अथवा निर्णयको मत दिने अधिकार रहने छ।

(४) प्रवर समितिको प्रथम बैठक, विलसंग सम्बन्धित विभागको

मन्त्रीले, बिल सुपुर्द गरिएको १ महिनाभित्र संयोजित गर्ने छ। प्रवर समितिको त्यसपछिको बैठक सभापतिले बोलाउने छ र सभापति नै समितिको रिपोर्ट तयार पार्नको निमित्त पनि जिम्मेदार रहने छ।

(५) प्रवर समितिले, आफ्नो समक्ष विचाराधीन रहेको बिल-द्वारा असर पर्न सक्ने वर्गका प्रतिनिधिहरूको, तथा विशेषज्ञहरूको समेत राय सुन्न सक्ने छ।

(६) समितिको आधाभन्दा बढी सदस्यहरू उपस्थित नभएसम्म समितिले कुनै कार्यवाही गर्न सक्ने छैन।

(७) प्रवर समितिलाई तोकिएको कुनै मितिसम्ममा आफ्नो रिपोर्ट पेश गर्नू भन्ने आदेश दिइएको भए समितिले, सभाले त्यस मितिलाई पर नसारिदिएमा, त्यस मितिसम्ममै आफ्नू रिपोर्ट दिनु पर्ने छ।

(८) प्रवर समितिमा भएको छलफल कुनै सदस्यले पनि प्रकाश गर्न हुँदैन, न त यस्तो छलफलको बारेमा सभामा कुनै उल्लेख नै गर्न पाइने छ।

६३. (१) प्रवर समितिले, आफूलाई सुपुर्द गरिएको बिलमाथि आफ्नो रिपोर्ट, सभालाई चाँडै दिनू नभनेमा, बिल सुपुर्द गरिएको दुइ महिनाभित्रमा दिने छ।

(२) समितिको रिपोर्ट प्रारम्भिक अथवा अन्तिम हुनेछ।

(३) समितिको रिपोर्टमा, बिल प्रकाशित गरिएको मिति पनि लेखिनु पर्दछ।

(४) समितिद्वारा कुनै बिलमा अदलबदल गरिएको छ भने, त्यस अदलबदलले गर्दा बिल पुनः प्रकाशित गर्नु पर्ने जरूरत छ अथवा छैन भन्ने राय पनि समितिको रिपोर्टमा रहनु पर्दछ ।

९४. (१) कुनै पनि सदस्यले समितिको रिपोर्टमा आफ्नो असहमति अंकित गर्न चाहन्छ भने, बहुमतको रिपोर्टमाथि हस्ताक्षर गर्दा, आफ्नो असहमति भएको कुरा देखाउने छ र साथै आफ्नो असहमतिसूचक बयान पनि दाखिल गर्ने छ ।

समितिको एउटा पनि बैठकमा उपस्थित नभएको सदस्यले रिपोर्टमा हस्ताक्षर गर्न पाउने छैन, न त उसले असहमति नै अंकित गर्न पाउने छ ।

(२) बहुमतको रिपोर्टमाथि हस्ताक्षर गर्दा दाखिल नगरेको असहमतिसूचक बयान अथवा हस्ताक्षर नगरी नै दाखिल गरेको बयानले रिपोर्टमा स्थान पाउने छैन ।

९५. प्रवर समितिको रिपोर्ट प्राप्त हुनासाथ सेक्रेटरीले सो रिपोर्टलाई, र, समितिको रायमा आवश्यक भए, संशोधित बिललाई पनि, गजेटमा प्रकाशित गर्न लगाउने छ र एक प्रति सबै सदस्यहरूमा वितरित गराउने छ ।

९६. बिल पेश गरेको सदस्यले, प्रवर समितिको रिपोर्ट सभाको समक्ष पेश गर्ने छ र सो रिपोर्ट पेश गर्दा कुनै विवादनीय प्रश्न उठाउने छैन ।

९७. (१) प्रवर समितिले रिपोर्ट पेश गरिसकेपछि, बिल पेश गरेको

सदस्यले निम्नलिखित कुनै प्रस्ताव राख्न सक्ने छ:—

(क) बिलमाथि, प्रवर समितिको रिपोर्टबमोजिम विचार गरियोस्। तर यदि कुनै सदस्यले उक्त प्रस्ताव पेश गर्नु भन्दा ३ दिन अगाड़ि नै समितिको रिपोर्टको एक प्रति पाइनसकेको भए, प्रस्ताव पेश गर्दा एतराज गर्न सक्ने छ। अथवा

(ख) बिल प्रवर समितिलाई—

(I) सम्पूर्ण रूपले, अथवा

(II) कुनै दफा अथवा संशोधनको सम्बन्धमा मात्र अथवा,

(III) कुनै विशेष दफा हाल्ने आदेशसहित,

पुनः प्रवर समितिलाई सुपुर्द गरियोस्, अथवा

(ग) प्रवर समितिले रिपोर्ट गरेअनुसार बिल, अरू राय माग्नको निमित्त पुनः बितरित गरियोस्।

(२) बिल पेश गरेको सदस्यले बिलमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गरेमा, कुनै सदस्यले पनि बिल या त प्रवर समितिलाई फेरि सुपुर्द गरियोस् या त अरू राय माग्नको निमित्त पुनः वितरित गरियोस् भन्ने संशोधन पेश गर्न सक्ने छ।

(३) यी नियमहरूअनुसार, कुनै बिल पुनः प्रवर समितिलाई सुपुर्द गर्नु परेमा, सभाले अन्यथा निश्चय नगरेसम्म उही प्रवर समितिलाई सुपुर्द गर्नु पर्ने छ, र यससम्बन्धमा नियम

८८ लागू हुनेछ ।

९८. प्रवर समितिले संशोधित गरेको बिल फेरि प्रकाशित गरियोस् भन्ने प्रस्ताव पेश गर्न सकिने छ । सभाले सोही निर्णय गरेकोमा, अध्यक्षले बिललाई पुनः प्रकाशित गर्ने आदेश दिने छ ।

९९, बिलमाथि विचार गरियोस् भन्ने प्रस्ताव सभामा पास भएपछि, कुनै सदस्यले पनि, त्यस बिलमाथि कुनै संशोधन पेश गर्न सक्ने छ ।

१००, संशोधनहरूमाथि, सम्बन्धित दफाहरूको क्रमअनुसार विचार गरिने छ ।

१०१, उही दफाको उही कुरासंग सम्बन्ध राख्ने संशोधनहरूको क्रम मिलाउँदा, बिल पेश गरेको सदस्यले राखेको संशोधनलाई प्राथम्य दिइने छ । यसको बाहेक अरू संशोधनहरू, सूचना प्राप्त भएको क्रमअनुसार मिलाइने छन् ।

१०२ यी नियमहरूमा जे भनिए ता पनि, बिलमाथि विचार गरियोस् भन्ने प्रस्ताव पास भएपछि, अध्यक्षले आफ्नो विवेकानुसार बिललाई अथवा बिलको कुनै भागलाई, दफा–दफा गरेर सभाको समक्ष पेश गर्न सक्ने छ । यो कार्य विधि अपनाएपछि अध्यक्षले बिलको प्रत्येक दफालाई छुट्टा-छुट्टै पढ़ेर सुनाउने छ र त्यसमाथि पेश गरिएका संशोधनहरूमाथि विचार गरिइसकेपछि यस प्रकारको प्रश्न निर्णयार्थ प्रस्तुत गर्ने छ—यो दफा (अथवा संशोधित दफा) बिलको ऐउटा अंश रहोस् ।

१०३ अध्यक्षले उचित भन्ठानेमा, निजले कुनै दफामाथिको विचार-

लाई स्थगित गर्न सक्ने छ ।

१०४ बिलको पहिला दफा, प्रस्तावना, तथा नामलाई, अरू दफाहरूको टुंगो नलागिसकेसम्म स्थगित राखिने छ र त्यसपछि अध्यक्षले यस प्रकारको प्रश्न निर्णयार्थ प्रस्तुत गर्ने छ— पहिलो दफा, प्रस्तावना तथा नाम, बिलको एउटा भंश रहोस् ।

१०५ (१) बिलमाथि विचार गरियोस् भन्ने प्रस्ताव पास भइसकेपछि यदि कुनै संशोधन पेश हुँदैन भने, बिल तुरन्तै पास हुन सक्ने छ ।

(२) कुनै संशोधन पेश भइसकेको छ भने, कुनै सदस्यले, सो बिललाई त्यसै बैठकमा पास गर्नमा एतराज गर्न सक्नेछ ।

(३) एतराज स्वीकार गरिएको पक्षमा, बिल भविष्यको कुनै बैठकमा प्रस्तुत गरियोस् भन्ने प्रस्ताव पास हुन सक्नेछ ।

(४) सामान्य कार्यविधिको दृष्टिले उचित देखिएको आहेक अरू संशोधनहरू, यस्तो प्रस्तावमाथि पेश गर्न सकिने छैनन् ।

१०६ सभाले बिल पास गरेपछि, सेक्रेटरीले अध्यक्षको अनुमति लिई, आवश्यक देखिन्छ भने, दफाहरूको संख्या फेरिदेखि मिलाउन सक्ने छ र टिप्पणीहरूलाई दोहऱ्याउन र पूरा गर्न सक्ने छ र सामान्य दृष्टिले आवश्यक देखिएको संशोधन गर्न सक्ने छ तथा जसको दृष्टिमा अन्जामबाट भएको भूलहरूलाई सच्याउन सक्ने छ ।

त्यसपछि सेक्रेटरीले बिलको एक प्रति अध्यक्षको सन्मुख पेश गर्ने र अध्यक्षले त्यसमाथि हस्ताक्षर गर्ने छ । बिलमा गरिएको

हेरफेरहरूको एक प्रति यथासंभव शीघ्र सबै सदस्यहरूमा वितरित गरिने छ र टेबिलमा पनि राखिने छ ।

१०७ पास भएको कुनै बिल यदि श्री ५ महाराजधिराजले सभाको पुनर्विचारार्थ फर्काइदिनुभएछ भने, पुनर्विचार गर्नु पर्ने कुराहरू अथवा सिफारिश गरिएका संशोधनहरू अध्यक्षद्वारा सभामा पेश गरिने छन् र तिनीहरूमाथि उही तरीकाले विचार गरिने छ जुन तरीकाले बिलको संशोधनहरूमाथि विचार गरिन्छ । अथवा अध्यक्षले सुविधाजनक ठहऱ्याएको तरीकाले विचार गरिने छ ।

१०८. सभाले कुनै बिललाई पास गरेपछि सो बिल श्री ५ महाराजाधिराजको समक्ष मौसूफको स्वीकृतिको निमित्त पेश गरिने छ मौसूफको स्वीकृति प्राप्त भएपछि,गजेटमा, श्री ५ महाराजाधिराजद्वारा स्वीकृत नेपाल सरकारको एउटा ऐनको रूपमा प्रकाशित गरिने छ ।

१०९ बिल पेश गरेको सदस्यले बिलको कुनै स्थितिमा पनि बिललाई फिर्ता लिने प्रस्ताव गर्न सक्ने छ र यस्तो प्रस्ताव पास भएपछि त्यस बिलको सम्बन्धमा अरू कुनै प्रस्ताव पनि पेश गर्न पाइने छैन ।

## ११. आर्थिक विषय

११०. सरकारको वार्षिक आम्दानी-खर्चको विवरण अर्थात् बजेटलाई अर्थमन्त्रीले उपयुक्त ठहऱ्याएको रूपमा सभाको विचारार्थ

पेश गरिने छ ।

२११. (१) अध्यक्षले अर्थमन्त्रीसंग सल्लाह गरी यस कामको निमित्त निर्धारित गरेको दिन अथवा दिनहरूमा बजेट पेश गरिसकेपछि, सम्पूर्ण बजेट अथवा बजेटमा निहित कुनै सिद्धान्तमाथि छलफल गर्न सभा स्वतन्त्र रहने छ ।

(२) अर्थ मन्त्रीलाई, छलफलको अन्तमा, उत्तर दिने सामान्य अधिकार रहने छ ।

(३) अध्यक्षले उचित संझेमा, निजले प्रत्येक भाषणले लिन पाउने समयावधि तोक्न सक्ने छ ।

२१२. (१) अनुदानहरूको मागको मतदान, श्री ५ महाराजाधिराजद्वारा यसको निमित्त तोकिबक्सेको दिनहरूमा हुने छ, तर यस्तो दिनहरूको संख्या १०-भन्दा बर्ता हुन पाउने छैन ।

(२) यसरी तोकिएको दिनहरूमा, सभाले एउटा मागमाथि दुइ दिनभन्दा बर्ता छलफल गर्न पाउने छैन । छलफल गर्न पाइने समयावधि पूरा हुनेबित्तिकै, अध्यक्षले बिचाराधीन रहेको मागको टुंगो लगाउनाको निमित्त आवश्यक प्रश्नहरू प्रस्तुत गर्ने छ ।

(३) माथि उपदफा १-बमोजिम अनुदानहरूको मागमाथि छलफल गर्न तोकिएको दिनमा, अध्यक्षको अनुमतिबिना ४ बजेभन्दा पहिले अरू कुनै कार्यको पनि सम्पादन गर्न पाइने छैन ।

तर, यो नियमहरूअनुसार तोकिएको समयमा, प्रश्न

सोध्न र उत्तर दिनलाई, यस नियमले रोक्न पाउने छैन ।

(४) यसरी तोकिएको दिनहरूको अन्तिम दिनमा ४ बजे अध्यक्षले अनुदानको मागको सम्बन्धमा बाँकी रहेका कुराहरूको टुंगो लाउनको निमित्त आवश्यक प्रत्येक प्रश्नलाई निर्णयार्थ प्रस्तुत गर्नेछ ।

११३. अनुदानको अतिरिक्त माग, श्री ५ महाराजाधिराजबाट तोकिबक्सेको दिन पेश गरिने छ र यसमाथि पनि उही तरीकाले विचार गरिने छ जुन तरीकाले बजेट विचार गरिएको थियो ।

११४. (१) श्री ५ महाराजाधिराजबाट समय-समयमा, खर्चको पूरक विवरण सभामा पेश गर्नको निमित्त एक दिन निर्धारित गर्न सकिबक्सने छ ।

(२) अध्यक्षले मन्त्रिमण्डलसंग सल्लाह गरी एक अथवा एकभन्दा बर्ता दिन, खर्चको अनुमानमाथि छलफल गर्नको निमित्त तोक्ने छ ।

बजेट सभामा पेश गरिएको दिन, बजेटमाथि छलफल गरिने छैन ।

## सल्लाहकार सभा

### दर्शक तथा विशिष्ट दर्शकहरूको प्रवेशसम्बन्धी नियमहरू

११५ (१) दर्शकहरूको निमित्त प्रवेश-पत्र दुइ किसिमका छन्—
(१) दर्शक (२) विशिष्ट दर्शक ।

(२) विशिष्ट दर्शकको प्रवेश-पत्रहरू, देशका प्रख्यात व्यक्तिहरू सार्वजनिक जीवनमा भाग लिने प्रमुख व्यक्तिहरू, सरकारका ठूला कर्मचारीहरू, सदस्यहरूका निकटतम सम्बन्धीहरू तथा सरकारका अतिथि भएर आएका विशिष्ट विदेशी यात्री इत्यादि तथा अन्य विशिष्ट व्यक्तिहरूको निमित्त राखिएको हो।

(३) प्रवेश-पत्रहरू साधारणतः सदस्यहरूद्वारा अनुरोध गरेमा प्राप्त हुन सक्ने छन्। पासको निमित्त अनुरोधको फार्म सदस्यहरूलाई सूचना-आफिसबाट प्राप्त हुने छ।

(४) स्थानाभावले गर्दा, साधारणतः एकजना सदस्यलाई एकभन्दा बढ़ता प्रवेश-पत्र प्राप्त हुने छैन। तर कुनै सदस्यलाई एकभन्दा बढ़ता प्रवेश-पत्र चाहिएमा सेक्रेटरीलाई लेख्नु पर्दछ र यदि स्थान खाली रहो भने बढ़ी प्रवेश-पत्रहरू प्राप्त हुन सक्ने छन्।

(५) सदस्यहरूद्वारा अनुरोध गरिएका प्रवेश-पत्रहरू सदस्यहरूलाई अथवा सदस्यहरूद्वारा लिखित रूपमा अधिकृत व्यक्तिहरूलाई मात्र दिइने छ।

(६) प्रवेश-पत्रको निमित्त अनुरोध सभा आरम्भ हुनुभन्दा २४ घण्टाअगाड़ि नै सूचना-आफिसमा प्राप्त भइसक्नु पर्दछ। कुनै विशेष कारणले सो हुन सकेन भने कारण खुलाएर लेखेमा त्यसभन्दा पछि प्राप्त भए पनि हुन्छ।

(७) दर्शकहरूले सभा-भवनभित्र पुस्तक, अखबार इत्यादि

पढ़न हुँदैन तथा छाता, लट्ठी, पुस्तक, हैण्डब्याग इत्यादि सभा-भवनभित्र लैजान पाउने छैन ।

(८) आवश्यक परेमा, कुनै दर्शक अथवा दर्शकहरूलाई अध्यक्षको आदेशानुसार बाहिर जाने आदेश दिन सकिने छ ।

(९) सभा-भवनभित्र दर्शकहरूले कुनै प्रकारको प्रदर्शन गर्न अथवा कुनै किसिमको गड़बड़ी गर्न हुँदैन र त्यसो गरेमा उनीहरूलाई सभा-भवनबाट बाहिर जाने आदेश दिइने छ ।

(१०) सेक्रेटरीको आदेशबिना १० वर्षभन्दा कमका बालक-बालिकाहरूले सभा-भवनभित्र प्रवेश गर्न पाउने छैनन् ।

(११) सभाको गुप्त बैठक भएको बेलामा दर्शकहरूले सभा-भवन-भित्र प्रवेश गर्न पाउने छैनन् ।

(१२) अध्यक्षको आदेशानुसार, सभा-भवनभित्र कुनै पनि व्यक्तिको प्रवेश रोक्न सकिने छ ।

(१३) प्रवेश-पत्रहरू अपरिवर्तनीय छन् ।

(१४) सदस्यहरूद्वारा सिफारिश गरिएका दर्शकहरूले सभा-भवन-भित्र गरेको कुनै कार्यको जिम्मेदारी सिफारिश गर्ने सदस्य-माथि रहने छ ।

(१५) दर्शकहरूले सदस्यहरू बस्ने स्थानमा तथा कर्मचारीहरू बस्ने स्थानमा जान पाउने छैनन् ।

(१६) सभाका कर्मचारीहरूले प्रवेश-पत्र हेर्न खोजेमा, देखाउनु पर्ने छ ।

(१७) प्रवेश पत्रमा लेखिएका नियमहरूको उल्लंघन गर्ने दर्शक-

लाई सभा-भवन बाहिर जाने आदेश दिन सकिने छ ।

(१८) सदस्यहरूले बाहेक अरूले निवेदन-पत्र दिएमा पनि प्रवेश-पत्रहरू प्राप्त हुन सक्ने छन् । तर कुनै दिन पनि २०-भन्दा बर्ता यस्ता प्रवेश-पत्रहरू दिइने छैनन् । यस्ता प्रवेश-पत्रहरू, सेक्रेटरीले, अध्यक्षको आदेशानुसार अथवा अध्यक्षद्वारा अधिकृत भएमा आफ्नो विवेकानुसार दिन सक्ने छ ।

## सल्लाहकार सभाका सदस्यहरूको भ्रमण भत्ता तथा दैनिक भत्ता सम्बन्धी नियमहरू

(१) आफ्नो स्थायी निवासको स्थानबाट सल्लाहकार सभाको बैठकमा भाग लिन आउँदा अथवा भाग लिएर फर्कंदा, सदस्यहरूलाई निम्नलिखित तवरले भ्रमण भत्ता प्राप्त हुने छ :

(क) रेलबाट भ्रमण गर्दा दोस्रो दर्जाको १·३/५ भाड़ा सफर भएको अतिरिक्त खर्चको पूर्तिको निमित्त हो ।

(ख) मोटरबाट भ्रमण गर्दा ४ आना प्रतिमीलको दरले ।

(ग) पैदल भ्रमण गर्दा प्रतिमील १ रु०को दरले ।

तर रक्सौलदेखि काठमाडौंसम्मको भ्रमण भत्ता नो. रु. १५ तथा मो. रु. ५० हुनेछ ।

(२) काठमाडौंमा नै स्थायी निवासस्थान हुने सदस्यहरूलाई कुनै प्रकारको पनि भ्रमण भत्ता प्राप्त हुने छैन ।

(३) सभाको अधिवेशन-कालमा प्रत्येक सदस्यलाई मो. रु. १०

प्रतिदिनको दैनिक भत्ता प्राप्त हुन सक्नेछ ।

(४) काठमाडौंभन्दा बाहिरबाट सभाको अधिवेशनमा भाग लिन आउने सदस्यहरूलाई अधिवेशन आरम्भ हुनुभन्दा तीन दिनअगाडिदेखि तथा अधिवेशन समाप्त भएको तीन दिन पछाडिसम्म दैनिक भत्ता प्राप्त हुन सक्नेछ ।

(५) सदस्यहरूलाई सभाको बैठकमा भाग नलिएको दिन सो दिनको दैनिक भत्ता प्राप्त हुने छैन ।

## १२. कार्यवाही-रिपोर्ट तथा अभिलेख

११६ (१) सेक्रेटरीले एउटा खाता राख्ने छ जस्मा कि सभामा दिन-दिनको कार्यवाहीको संक्षिप्त विवरण दर्ता गरिने छ ।

(२) प्रत्येक बैठकपछि सो खाता, अध्यक्षको समक्ष उसको अनुमोदन तथा हस्ताक्षरको निमित्त पेश गरिने छ र उसको हस्ताक्षर भएपछि सभाको कार्यवाही अभिलेख हुनेछ ।

११७. (१) सेक्रेटरीले सभाको प्रत्येक बैठकको कार्यवाहीको पूरा रिपोर्ट पनि तैयार गर्न लगाउने छ र अध्यक्षले आदेश दिएको रूपमा, यथासंभव शीघ्र प्रकोशित गर्न लगाउने छ ।

(२) यस्तो रिपोर्टको एक प्रति, सेक्रेटरीले, सभाको प्रत्येक सदस्यलाई तथा श्री ५ महाराजाधिराजको सेक्रेटरीलाई पठाइ-दिने छ ।

## १३. विविध

११८. (१) अन्तरिम विधानको दफा २८ ङ-अनुसार गणना गर्दा २५ दिन अथवा बर्ता सम्म यदि कुनै सदस्य उपस्थित रहन सक्दिन भन्छ भने, यसरि अनुपस्थित रहनको निमित्त अनुमति माग्न सक्नेछ ।

(२) अनुमति माग्ने यस्ता दर्खास्तहरू अध्यक्षले आफ्नो सिफारिशसहित श्री ५ महाराजाधिराजकहाँ पेश गरिदिने छ र अध्यक्षले त्यससम्बन्धमा मौसूफको आज्ञाको सूचना पाउने छ ।

(३) त्यसपछि सेक्रेटरीले यथासम्भव शीघ्र, दर्खास्त दिने सदस्यलाई श्री ५ महाराजाधिराजको आज्ञाको सूचना दिने छ ।

(४) यदि कुनै सदस्य अन्तरिम विधानको दफा २८ ङ- अनुसार गणना गर्दा २५ दिन अथवा बर्तासम्म सभामा, अनुमति-बिना अनुपस्थित रहन्छ भने अध्यक्षले उसको बारेमा एउटा रिपोर्ट श्री ५ महाराजाधिराजकहाँ पेश गर्ने छ र उसको स्थान रिक्त भएको मानिने छ ।

११९. (१) सदस्यताबाट राजिनामा गर्न चाहने सदस्यले आफ्नो हस्ताक्षरमा लिखित राजिनामा-पत्र अध्यक्षलाई पठाउनु पर्दछ ।

(२) अध्यक्षले यस्तो पत्र पाउनेबित्तिकै सभालाई र श्री ५ महाराजाधिराजलाई सूचित गर्नेछ ।

# परिशिष्ट ६ (क)

## पहिलो सल्लाहकार सभाको गठनबारे

## २००८ साल आश्विन १७ गते

## श्री ५ महाराजाधिराज त्रिभुवनबाट भएको शाही घोषणा

मेरा प्यारा प्रजाहरू !

जनताबाट चुनिएका प्रतिनिधिहरूको विधान परिषद्ले विधान नबनाउन्जेल हामीबाट निर्मित र नियुक्त गरिएको मन्त्रिमण्डलले सरकारको काम हामीले स्वीकृत गरेको अन्तरिम विधानबमोजिम चलाउनु पर्ने भएकोले र विधान परिषद्को निर्वाचनका लागि तयारी गर्न केही समय लाग्ने भएकोले र यही अन्तरिम कालमै मेरो इच्छा जनताका धेरैजसो प्रतिनिधिहरूको राज-संचालनमा सहयोग गराउने भएकोले म यस घोषणाद्वारा मलाई र मेरो मन्त्रिमण्डललाई मदत र सल्लाह दिनका लागि एउटा सल्लाहकार सभाको नियुक्ति गर्दछु । यस सभाका नियमहरू छिटै पछि बन्ने छन् । सल्लाहकार सभाका सदस्यहरू मुलाट भौगोलिक र जनसंख्याका आधारमा नियुक्त भएका छन् । हाम्रो मन्त्रिमण्डलका सदस्यहरू सल्लाहकार सभाका पनि सदस्य हुने छन् । हामीबाट सबै रैती दुनियाँलाई आदेश दिइन्छ कि हामीबाट नियुक्त गरिएको सल्लाहकार सभालाई सबैले पूरा सहयोग दिउन् । हाम्रो यो दृढ विश्वास छ कि यस सभाको निर्माणले हाम्रो सरकारलाई देश र जनताको हित गर्न धेरै सहायता प्राप्त हुनेछ । हामी र हाम्रो

मातहतको अधिकारीहरूलाई जनताको हित गर्ने हाम्रो इच्छालाई पूर्ण गर्न ईश्वरबाट सबलिर दृढता मिलोस् ।

## सदस्यहरूका नाउँ

१. प्रो० रत्नबहादुर बिष्ट
२. शिवराज पन्त
३. राजेश्वरीप्रसाद
४. राधाकृष्ण थारू
५. भरतमणि शर्मा
६. महावीर शम्शेर
७. डा० त्रिवेणीप्रसाद
८. भरतबम मल्ल
९. महेन्द्र विक्रम शाह
१०. शिवपति प्रताप शाह
११. परशुनारायण चौधरी
१२. धनप्रसाद गुरुङ्
१३. बखान सिं गुरुङ्
१४. गोपालप्रसाद उपाध्याय
१५. ललितमान तामाङ्
१६. खड्गमान सिं
१७. केदारमान
१८. सरजुप्रसाद
१९. डा० बृजनन्दन
२०. गुलाब नारायण भा
२१. राजदास
२२. बद्रि विक्रम
२३. सेरिं तेन्जीं लामा
२४. नारदमुनि थुलुङ्
२५. तिलविक्रम श्रेष्ठ
२६. शम्सेरबहादुर सुब्बा लिम्बु
२७. रामनारायण मिश्र
२८. महेन्द्रनारायण निधि
२९. महेश्वरप्रसाद सिंह
३०. सूर्यनाथदास यादव
३१. मातृकाप्रसाद कोइराला
३२. नरेन्द्रनाथ बास्तोला
३३. कृष्णप्रसाद उपाध्याय
३४. वीरेन्द्र विक्रम शाह
३५. डम्बरध्वज राना मगर

# परिशिष्ट ६ (ख)

## प्रथम सल्लाहकार सभाबारे

## वैशाख १ गते, २००६ वि०-को शाही घोषणा

आगे हाम्रा प्यारा प्रजाहरू के यथोचित । उप्रान्त संवत् २००८ साल आश्विन १७ गतेको हाम्रो घोषणाद्वारा ३५ पैंतिस जना गैर-सरकारी सदस्यहरू र मन्त्रीहरूको एउटा सल्लाहकार समितिको घोषणा भएकोमा उक्त समितिको सदस्यहरूमध्ये कुनै मन्त्रीको पदमा र कुनै सरकारी पदमा नियुक्त भइसकेको र कुनै विशेष अरू कारणवश तपसीलका सदस्यहरू उक्त समितिका गैरसरकारी सदस्य नरहेबाट

१. प्रो० रत्नबहादुर बिष्ट
२. श्री शिवराज पन्त
३. श्री मे० ज० महावीर शम्शेर
४. श्री महेन्द्र बिक्रम शाह
५. श्री खड्गमान सिंह
६. श्री सूर्यप्रसाद
७. श्री बद्री बिक्रम
८. श्री नारदमुनि थुलुङ्
९. श्री मातृकाप्रसाद कोइराला

सो सल्लाहकार समितिको पैंतिसै जना गैरसरकारी सदस्यहरू मुलुकको विभिन्न क्षेत्रबाट छानिएका हुन् तापनि हाम्रो विचारमा सो समितिमा स्थान पाउनु पर्ने अरू विशेष महत्त्वपूर्ण तत्त्वहरू पनि छन् । प्रतिनिधित्व गर्ने कुरामा जनताको यथार्थ आवाज र अभिरुचि नियमित रूपले गरिएको सूचनाबाटै राम्ररी थाह पाइने कुरा हो । तर हाम्रो मुलुकमा यस किसिमको चुनाउ हालसालैमा सम्भव नदेखिएकोले,

अहिलेको परिस्थितिमा सो सल्लाहकार समितिलाई व्यावहारिक रूपबाट जतिसक्यो उति प्रतिनिधित्व गर्ने बनाउनलाई र जनतामा यस समितिको काम-कारवाईमा पूरा भरोसा र विश्वास होस् भन्ने हेतुले, आजको यो घोषणाद्वारा तपसीलका सज्जन तथा महिलाहरूलाई पनि हामीबाट सो सल्लाहकार समितिको गैरसरकारी सदस्य मनोनीत गरिबक्सिन्छः—

१. श्री भानुभक्त
२. श्री दिलीप सिंह
३. श्री धर्मबहादुर थापा
४. श्री खड्गबहादुर मल्ल
५. श्री होराप्रसाद जोशी
६. श्री अयोध्याप्रसाद थारू
७. श्री हृदयराज शर्मा
८. श्री सुब्बा पशुपति कोइराला
९. श्री विश्वेश्वरप्रसाद कोइराला
१०. श्रीमती मायाकुमारी शाह
११. श्रीमती पुण्यप्रभादेवी
१२. डा० ताहिर
१३. श्री लक्ष्मीप्रसाद देवकोटा
१४. श्री शिवप्रसाद रौनियार
१५. श्री टङ्कप्रसाद
१६. श्री नृपजंग राणा
१७. श्री तुलसी मेहर
१८. श्री कुलानन्द झा
१९. श्री हृषीकेश शाह
२०. श्री दया शंकर मुन्शी
२१. श्रीमती प्रभावती देवी

अन्त्यमा उक्त सल्लाहकार समितिको सदस्यहरूलाई जो चाहिने सहायता र सहयोग हाम्रा प्यारा प्रजाहरूले दिने छन् भन्ने हाम्रो कामना छ ।

जय नेपाल !

# परिशिष्ट ७

## पहिलो सल्लाहकार सभाको शाही सम्बोधन

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलीविराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐ राजपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्याण्डर-इन-चीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीरविक्रम जंगबहादुर शाह बहादुर शम्शेर जंगदेवानाम् सदा समरविजयीनाम्।

सल्लाहकार सभाका माननीय अध्यक्ष तथा सदस्यहरू,

आज यो सल्लाहकार सभाको सर्वप्रथम अधिवेशनमा तपाइ-हरूलाई स्वागत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। देशको इतिहासमा आजको दिन ठूलो महत्त्वको छ। दुनियाँको रायअनुसार देशको सरकार चलोस्, मुलुकको शासन-व्यवस्था दुनियाँको रुचि र इच्छाको अनुकूल होस् भन्ने घेरै वर्षअघिदेखिको मेरो इच्छा थियो। सबैको सहयोगले त्यो पुरानो सपना बिस्तारै-बिस्तारै पूरा हुँदै आएको देख्न पाउँदा मलाई सन्तोष लागेको छ। सबैको परिश्रम, सद्भावनो र सहयोगको बल पाई हाम्रो सरकारलाई पूर्णरूपले प्रजातान्त्रिक सिद्धान्तको बलियो जगमा संसदीय पद्धतिको सिढीमा सर्वहिताय अगाडि बढाउँदै जाने मेरो दृढ इच्छा छ। देश र दुनियाँको कल्याणको निमित्त यो अङ्ग, यो ध्येयलाई सफल बनाउन सबैको निःस्वार्थ सेवा र सहयोगको ठूलो आवश्यकता छ।

(२) २००७ सालमा देशको इतिहासमा एक ठूलो परिवर्तन आयो, देश र दुनियाँले एक नयाँ कदम उठायो। सम्पूर्ण सरकारी व्यवस्थामा फेर-बदल शुरू भयो। देशमा आएको यो नयाँ परिवर्तन-लाई सुदृढ पार्न यो सल्लाहकार सभाको उद्घाटनले आज अर्को कदमको श्री गणेश भएको छ। दुनियाँहरूद्वारा छानिएका प्रतिनिधिहरूको संविधान सभा खड़ा नभएसम्म यस अन्तरिम समयमा पनि बढीसेबढ़ी मात्रामा दुनियाँहरूलाई शरीक गराउने तथा संसदीय प्रणालीमा अनुभवी गराउने अभिप्रायले यो सभाको निर्माण भएको हो। देशको निमित्त यस किसिमको व्यवस्था नौलो भएकोले भर्खरमात्र आएको प्रजातन्त्र-लाई जोगाउन, हुर्काउन र सुदृढ तथा सबल बनाउन यो सभाका सदस्यहरूको ठूलो हात तथा जिम्मेदारी रहने छ। सदस्यहरूले निःस्वार्थ देशसेवाको भावनालाई सदैव अगाड़ि राखी परस्परको ईर्ष्या, द्वेष, वैमनस्यलाई पर सारी मैत्रीभावनालाई अपनाई खालि देश र दुनियाँको बृहत्तर उन्नति र भलाइको लागिमात्र ध्यान दिई आफ्नो कर्तव्य पालन गर्ने छन् भन्ने मेरो ठूलो आशा छ। देशमा शुद्ध प्रजातान्त्रिक संसदीय प्रणालीको जग बसाल्न र बढ़ाउन तपाईंहरू लाग्नु हुनेछ भन्ने मेरो अर्को आशा छ। सत्य र स्वार्थरहित आलोचनाद्वारा देशको उन्नति र भलाइको काममा मेरो सरकारलाई सहयोग र सहायता गर्नु यो सभाको मुख्य काम हुनेछ।

(३) दुइ ठूला राष्ट्रहरूको मतभेद र खींचातानीले गर्दा विश्वको परिस्थिति झन्झन् खराब हुँदै गइरहेको छ। संसारको अस्तो शोचनीय अवस्थामा दलबन्दीतिर कतै नलागी देशको सार्वभौम प्रभुसत्तालाई

यथास्थिति कायम राखी मुलुकको वृहत्तर उन्नति र विकासको निमित्त हाम्रो सरकार सदा प्रयत्नशील रहने छ। संसारको सबै राष्ट्रहरूसंग हाम्रो राम्रो सम्बन्ध छ। सबै देशसंग मेरो सरकारले शान्ति र मैत्रीको व्यवहार अपनाउने छ। अन्तर्राष्ट्रीय वैमनस्यको कारण गुटबन्दीमा संलग्न भएको आजको परिस्थितिमा सम्पूर्ण मानव जातिमा भ्रातृभाव जागृत गर्ने र अन्तर्राष्ट्रीय शान्ति कायम गर्ने महान उद्देश्यलाई सफल गराउन हाम्रो यो सानो मुलुकले गरेर हुन सक्ने सबै कुरा गर्नमा हामी कटिबद्ध छौं। अन्तर्राष्ट्रीय शान्ति र सुरक्षाको काममा हाम्रो मुलुकले पनि यथोचित भाग लिन सकोस् भन्ने अभिप्रायले संयुक्त राष्ट्र-संघको सदस्यताको निमित्त आवेदन गरेकोमा अन्तर्राष्ट्रीय वैमनस्यले गर्दा बाधा भैरहेको सबैलाई थाह नै छ। तर सो संघअन्तर्गत अन्तर्राष्ट्रीय खाद्य तथा कृषि संस्थाको सदस्यता प्राप्त भइसकेको छ। कोलोम्बो योजनामा पनि हामी सम्मिलित भएका छौं।

(४) विश्वव्यापी दोस्रो महायुद्धपछि एशिया तथा अफ्रिका महादेशहरूमा जातीय स्वतन्त्रताको आन्दोलनको बाढी आयो धेरै कालदेखि थिचिएर बसेका जातिहरूले प्राप्त गरेको स्वतन्त्रता हामीले खुशी मानेका छौं।

(५) हाम्रो छिमेकी राष्ट्र भारतसंग प्राचीन कालदेखिको झ्यादै घनिष्ट सम्बन्ध छ। सांस्कृतिक, भौगोलिक, राजनैतिक दृष्टिकोणबाट जोडिएका हाम्रा दुइ मुलुकको बीचमा पूर्णतया सौहा मैत्री छ। छोडिएको बेलामा हरकिसिमको सहयोग र स

परस्परमा आदान-प्रदान भइआएको छ र भइ नै रहने छ । सहयोग र सहायतामा दुवै देशले आपस्तमा कुनै कसर बाँकी राख्नेको छैन । देशको पुनर्गठन, विकास तथा सुरक्षाको निमित्त हामीले अनुरोध गरेको समय पर्याप्त सहयोग मित्र-राष्ट्र भारतबाट पाइआएका छौं । हालै भारतको उत्तर प्रदेश तथा पश्चिमी बंगाल राज्यहरूलाई खाद्यान्न-बारे सकेको सहयोग र सहायता गर्ने मेरो सरकारले निश्चय गरिसकेको छ । एवं बखत-बखतका संकटकालमा पनि हामीले आफ्नो सक्दो सहायता गरेका छौं ।

(६) ब्रिलायतसंग हाम्रो धेरै अघिदेखिको ऐतिहासिक मैत्रीसम्बन्ध २००७ सालमा भएको सन्धिले अझ मजबूत पारेको छ । हामीले मुलुकमा चलाउन खोजेको प्रजातान्त्रिक संसदीय प्रबन्ध तथा प्रणालीको निमित्त ब्रिलायतको संस्था र अनुभव अनेक प्रकारबाट लाभदायक हुनेछ । संयुक्त राष्ट्र अमेरिका तथा फ्रान्ससंग पनि हाम्रो सम्बन्ध मैत्रीपूर्ण छ । यी सबै देशहरूको उन्नत टेक्निकल अनुभव र सहायता हाम्रो मुलुकको विकास र उन्नतिको निमित्त ज्यादै लाभदायक सिद्ध हुनेछ । स्विट्जरलेण्ड-बाट पनि हामीलाई ठूलो सहायता प्राप्त भएको छ । हाम्रा विद्यार्थीहरूको तालीमका निमित्त यी मुलुकहरुमा हाल भइरहेका भन्दा चाँडै नै बढ़ता सुविधा प्राप्त हुने आशा गरिएको छ ।

(७) उत्तरी सिमानामा छिमेकी भोटसंग हाम्रो पुरानो सम्बन्ध यथास्थित पूर्ववत् कायमै छ । चीनको केन्द्रीय जन-सरकारप्रति हाम्रो शुभ कामना छ । भोटमा रहेका चीनी अधिकारीहरूसंग हाम्रा सम्बन्धित

कर्मचारीहरूको सम्बन्ध राम्रो रहिआएको छ । भोटसंग हाम्रो मैत्री-सम्बन्ध छ; दुइ देशको बीचमा मित्रताको संदेश र सद्व्यवहार कायमै छ । भोटको नयाँ राजनैतिक परिस्थितिबाटसमेत हाम्रो पुरानो सम्बन्धमा परिवर्तन भएको छैन ।

(८) विकास र शिक्षामा हाम्रो मुलुक धेरै पछाडि परेको छ । यातायात तथा संचारका साधनहरूको कमीले गर्दा राष्ट्रीय धन—वन, जंगल, खानी र जल-शक्तिको राम्रो उपयोग हुनसकेको छैन । मुलुकको शासनव्यवस्था राम्रो र आधुनिक तरीकाबाट होस् भनी केन्द्रीय सचिवालयको सृजना गरिएको छ । देशको विकासको जुनसुकै योजनाको निमित्त तथ्यांकको जरूरत पर्दछ । यसैले सो सबै विषयमा सो आधारभूत तथ्यांकको संकलनमा मेरो सरकारले जोड़ दिएकोछ । वन-जंगलको राम्रो हिफाजतको निमित्त मेरो सरकारले उचित विचार गर्दैछ । खनिज पदार्थले सम्पन्न हाम्रो देशमा खानीको कामबाट विशेष लाभ हुने कुरा सबैलाई थाह भएकै कुरा हो । स्विट्जरलैण्ड तथा अमेरिकाबाट हाम्रो सहायताको निमित्त आएका विशेषज्ञहरुद्वारा मुलुकको भूगर्भ-चित्र तैयार गर्ने काम र कुन किसिमको खानी कहाँ के कति छ भनी जिओलोजिकल सर्भेको काम चलिरहेको छ । यस वर्षभित्र पश्चिम १ नं०-देखि मुस्ताङसम्मको जाँच-पड़ताल पूरा हुने भएको छ । देशको उन्नति र विकासको निमित्त टाउँ-टाउँमा बिजुलीको उत्पादन गर्ने विभिन्न योजनाहरूमाथि विचार हुँदैछ । यी योजनाहरू कार्यान्वित भएपछि कृषि तथा उद्योग-धन्दाको सामूहिक विकासमा धेरै मदत मिल्नेछ

(९) यातायात र संचारको साधनहरू बढाउँदै लाने काममा मेरो सरकार लागेको छ। यसै वर्षको वर्षाकाल समाप्त हुनासाथ भीमफेदीदेखि राजधानीसम्मको बाटो बनाउने काम शुरू हुनेछ। दुइ वर्षभित्र तैयार हुने अनुमान लगाइएको छ। जिल्ला-जिल्लामा पनि मुख्य-मुख्य सड़क बनाउने काम शुरू भइसकेको छ। मध्येश र पहाड़को यातायातको सुविधाको लागि ठाउँ-ठाउँमा कुन किसिमको बाटो बनाए बेश होला भन्ने कुराको निरूपण हुन लागेको छ। डाँक र टेलिफोनको सुविधा-हरू क्रमशः देशभरी बढ़ाउँदै लाने मेरो सरकारको विचार छ। घेरे-नसो जिल्लाहरूमा आकाशवाणीको स्थापना भइसकेको छ, बाँकी जिल्लाहरूमा पनि चाँड़ै नै आकाशवाणी-केन्द्र खोलिने भएको छ। ठाउँ-ठाउँमा हवाई अड्डाहरू बनाउने काम चालू नै छ। यातायात र संचारका साधनहरूको विकासबाट देशको उन्नति, व्यापार, शिक्षा आदि सबै कुरामा ठूलो सुविधा हुनेछ।

(१०) कृषिप्रधान देशमा कृषिको सुधारको ठूलो आवश्यकता छ। पर्ती जग्गालाई खेतीयोग्य बनाउने, हरेक जिल्लामा नहर-सिंचाइको चाँड़ो प्रबन्ध गर्ने र ठाउँ-ठाउँमा उन्नत बीज तथा वैज्ञानिक तरीका-बाट हुने फाइदा देखाउने प्रदर्शन तथा प्रयोगशालाहरू खोल्ने विचार मेरो सरकारको छ। खाद्यान्नबारे आवश्यक तथ्यांकको संकलन शीघ्रता-पूर्वक हुँदैछ। भूमिव्यवस्थाको सुधारको आवश्यकता मेरो सरकारले अनुभव गरिरहेको छ। किसान दाज्यु-भाइहरूको स्थितिमा सुधार ल्याउने प्रयत्न पनि भइरहेको छ। यी सबै कुराको राम्रो छानबीन र चाँड़ो विकासको निमित्त हाले मेरो सरकारले एउटा राष्ट्रीय खाद्य-

कृषि संस्था खड़ा गरेको छ। यसको कार्यविधिको रिपोर्ट सरकारले बराबर सभामा पेश गर्नेछ। देशको विभिन्न भागका किसानहरूलाई आधुनिक ढंगबाट खेती गर्ने तरीका सिकाउने प्रबन्ध मेरो सरकारले मिलाएको छ।

(११) देशमा घरेलू इलमको व्यापक प्रचार बिस्तारै-बिस्तारै, औद्योगीकरण गर्दै लैजाने, कम्पनी कानूनमा आवश्यक सुधार तथा मुलुकको बन्द-व्यापारको निमित्त कोशिश भइरहेको छ। श्रमिकहरूको फाइदाको निमित्त श्रम-कमिशनको रिपोर्ट प्राप्त हुनासाथ एउटा फैक्टरी कानून सभामा पेश गरिने छ।

(१२) मुलुकभरि ठाउँ-ठाउँमा पञ्चायतहरू खोल्ने काम जारी नै छ। चाँड़ै नै जम्मा १५०० पञ्चायतहरू खड़ा हुने भएको छ। पञ्चायतहरूलाई बढ़ता कानूनी अधिकार दिनालाई मौजूदो पञ्चायत कानूनमा आवश्यक संशोधनबारे मेरो सरकार विचार गर्दैछ। ठाउँ-ठाउँमा खाने पानीको कलधाराको निमित्त बन्दोबस्त हुने भएको छ। जनताको स्वास्थ्य-सेवाको निमित्त ठाउँ-ठाउँमा अस्पताल, ट्रूरिङ् अस्पताल खोल्ने योजनाहरूमा मेरो सरकारले विचार गरिरहेको छ। आयुर्वेदीय औषधिहरू तैयार पार्ने र वितरण गर्ने समुचित व्यवस्था पनि हुँदैछ। होमियोप्याथिक चिकित्सा-प्रणालीलाई प्रोत्साहन दिने मेरो सरकारले निश्चय गरेको छ। विश्व स्वास्थ्य-संस्थाको सदस्यताको निमित्त पनि कोशिश हुँदै छ।

(१३) मुलुकको सुरक्षाको निमित्त मेरो सरकारले जंगीतर्फ सबै कुराको बन्दोबस्त मिलाउन लागिरहेको छ। सैनिकहरूको शिक्षा तथा आधुनिक तालीम दिनालाई विस्तृत योजना तैयार भइसकेको छ। मेरो सरकारले हाम्रा सैनिकहरूलाई तालीम दिन तथा सेनाको पुनर्संगठनको निमित्त सल्लाह लिनालाई भारतबाट एउटा सैनिक दल झिकाएको छ। सो दल यहाँ आई मेरो सरकारको राय-निर्देशबमोजिम काम गर्दैछ। उच्चतम सैनिक तालीमको निमित्त योग्य सनिकहरूलाई विदेशका तालीम केन्द्रहरूमा पनि पठाइएको छ। देशको शान्ति-व्यवस्थामा मद्दतको निमित्त पुलिसको पनि राम्रो संगठन, तालीमको बिचोर भएको छ।

(१४) शिक्षा-प्रचारको कामलाई मेरो सरकारले महत्त्वपूर्ण स्थान दिएकोछ। उच्च कोटिको शिक्षा हासिल गर्नालाई विदेशका ठाउँ-ठाउँको शिक्षा-केन्द्रहरूमा हाम्रा विद्यार्थीहरूलाई पठाइएको छ। विशेष गरेर हाम्रा विद्यार्थीहरूलाई विज्ञान र टेक्निकल लाइनमा प्रवीण तुल्याउन परेको छ। मुलुकको आर्थिक विकासको निमित्त किसिम-किसिमका रचनात्मक योजनाहरू कार्यान्वित गर्न भारत सरकारबाट पन्द्रह करोड रुपिया सापट लिने कुरा निश्चय भैसकेको छ। सबै कुरामा एकदम मेरो सरकारले ध्यान दिनु परेको छ। कुनै कुरा पनि इच्छा गर्नासाथ तुरुन्त पूरा हुँदैन। ईमानदारीसाथ संलग्न भै सबैले सहयोग दिएमा देशोन्नतिको काम सफल हुँदै जानेछ।

(१५) देशभरि दोषरहित स्वतन्त्र चुनाव गराई संविधान सभाको

निर्वाचन मेरो सरकारको सर्वप्रथम कर्तव्य हो । जनगणनाको काम धमाधम चलिरहेकोछ । पोहर साल गठन भएको निर्वाचन कमिशनद्वारा मतदाताहरूको नामावली तैयार हुँदैछ, सो नामावली तैयार हुनासाथ अविलम्ब चुनावको घोषणा हुनेछ ।

(१६) सभाको यो अधिवेशनमा मेरो सरकारले तैयार गरेको मुलुकको आय-व्ययको विवरण सभाको विचारार्थ प्रस्तुत गरिनेछ । अन्त उप्रान्त मेरो स्वीकृतिको निमित्त आउने सबै कानूनका मसौदाहरू पनि सभामा पहिले पेश गर्नु पर्नेछ । देशहितको ख्याल राखी सबै सदस्यहरूले नियममा रही आफ्नो-आफ्नो कर्तव्य-पालनमा संलग्न र दत्तचित्त हुनेछन् भन्ने मेरो आशा एवं विश्वास फेरि एक पल्ट दोहऱ्याँउछु ।

(१७) अन्त्यमा प्यारो देश र प्यारा देशवासीहरूको कल्याणको निमित्त यो सभाको कार्यक्रम र परिश्रम सफल होस् भनी परमेश्वरलाई सविनय प्रार्थना गर्दछु

जय नेपाल ।

इति संवत् २००६ साल आषाढ २१ गते रोज ६ शुभम् ।

# परिशिष्ट ८

## सल्लाहकार सभा विघटन ऐन २००६

### प्रस्तावना

मन्त्रिमण्डलले राजीनामा पेश गरेकोले तथा अहिलेको परिस्थितिमा मेलमिलाप राखी जनताको कल्याणको निमित्त राम्ररी काम चलाउन सक्ने मन्त्रिमण्डलको निर्माण सम्भव नभएकोले श्री ५ महाराजाधिराजबाट देशको शासन केही परामर्शदाताहरूको मद्दतले चलाउने निर्णयको घोषणा २००६ साल श्रावण ३० गते रोज ५-मा भएकोले,

र वर्तमान परिस्थितिमा सल्लाहकार सभाको आवश्यकता नरहेकोले,

र साथै अनावश्यक खर्च हटाई किफायत गर्नु पर्ने भएकोले,

र सल्लाहकार सभाका केही सदस्यहरूले काम नगरी सरकारी भत्ता खानु अनुचित ठहऱ्याई आफ्नो राजीनामा पेश गरेकोले,

श्री ५ महाराजाधिराजबाट शाहो परोमर्शदाताहरूको सल्लाहअनुसार यो ऐन जारी गरिबक्सेको छ -

१ (१) यो ऐनको नाम सल्लाहकार सभा विघटन ऐन २००६ रहने छ ।

(२) यो ऐन २००६ साल भाद्र १६ गते रोज ४-देखि लागू हुनेछ।

(३) यो ऐन नेपाल राज्यभर लागू हुनेछ ।

(४) विशेष परिस्थिति अधिकार ऐन २००६ कायम रहेसम्म यो ऐन पनि लागू रहने छ ।

२ नेपाल अन्तरिम शासन विधान दोस्रो संशोधन २००९-बमोजिम गठित भएको सल्लाहकार सभाको विघटन गरिएको छ।

३ नेपाल अन्तरिम शासन विधान दोस्रो संशोधन २००९ स्थगित गरिएको छ।

इति संवत् २००९ साल भाद्र २८ गते रोज ६ शुभम्।

## परिशिष्ट ९

### २०११ वैशाख १ गते रोज ३- मा श्री ५ त्रिभुवनबाट रेडियोद्वारा प्रसारित गरिबक्सेको नव वर्षको शुभेच्छा सन्देश

मैले प्रायः सबै राजनैतिक दलहरूको सहयोगबाट एउटा राष्ट्रीय सरकारको गठन गर्ने उद्देश्यले मन्त्रिमण्डलको विस्तार र पुनर्गठन गरेको कुरा पनि तपाईंहरू सबैलाई विदितै छ। मन्त्रिमण्डलबाट बाहिर रहेका दलहरू र व्यक्तिहरूसंग मेरो यही अनुरोध छ कि उनीहरूले पनि जिम्मेवारी र देशभक्तिका साथै रचनात्मक कार्यहरू गरेर देशको सुख, शान्ति र समृद्धिका लागि जो सकेको सेवा गरुन्। देशलाई प्रजातान्त्रिक तथा संसदीय प्रणाली तथा व्यवस्थामा पनि अभ्यास होस् र शासन-व्यवस्थामा जनताको पूर्ण सहयोग पनि प्राप्त होस् भन्ने हेतुले लगभग दुइ वर्षअगाडि एउटा सल्लाहकार सभाको गठन भएको थियो। केही समयपश्चात् देशको परिस्थिति बदलिएकाले सो सभाको विघटन हुनु आवश्यक भयो। तर अब फेरि उक्त सभाको गठन भएमा देशको शासन-

प्रबन्धमा जनतालाई अरू अधिक मात्रामा सम्मिलित हुने मौका मिलने भएकोले म आज फेरि एउटा बृहत्तर सल्लाहकार सभाको ऐलान गर्न लागेको छु। सदस्यहरूको नाम छुट्टै घोषित हुनेछ। यो कदम देशमा प्रजातान्त्रिक संस्थाहरूको पूर्ण विकास होस् भन्ने मेरो इच्छाको फलस्वरूप नै उठाइएको हो। मलाई आशा छ कि सबै सदस्यहरूले आफूले उचित देखेका सुझावहरू दिएर देशको सेवा गर्ने छन् र देशमा प्रजातन्त्रका निमित्त अत्यावश्यक संसदीय परम्पराको जग बसाल्दै जाने छन्। मैले गत प्रजातन्त्र-दिवसको उपलक्षमा भनेको यो कुरा फेरि दोहऱ्याउन चाहन्छु कि देश सबैको साझा हो र सबैको सामूहिक प्रयत्नबाट नै यसको उत्थान हुन सक्तछ।

परमेश्वरले हामी सबैलाई सद्विचारले प्रेरित गरुन्।

जय नेपाल।

---

२०११ साल वैशाख १ गते श्री ५ महाराजाधिराजबाट नवगठित सल्लाहकार सभामा मनोनीत गरिबक्सेको सदस्यहरूको नामावली–

| जिल्ला | सीट | प्रतिनिधिहरूको नामावली |
|---|---|---|
| पू. १ नं. | ३ | हंसराज श्रेष्ठ, राजदास, रत्नप्रसाद खरेल। |
| पू. २ नं | ३ | मोहनबहादुर कार्की, कुलचन्द्र कोइराला, सूर्यप्रसाद ढुंगेल। |
| पू, ३ नं. | ३ | बलबहादुर राई, छिरिंग तेंजिङ् लामा (आंग बाबु), रेवतीरमण उपाध्याय पोखरेल। |

| जिल्ला | सीट | प्रतिनिधि |
|---|---|---|
| पू. ४ नं. | २ | डा. भूदेव राई, खड्गबहादुर कार्की । |
| धनकुटा | ५ | नरेन्द्र कुमार प्रधान, नारायण भक्त प्रधान, विष्णुबहादुर, विद्यानाथ पोखरेल, सु० लाखध्वज लिम्बु । |
| इलाम | १ | नरेन्द्रनाथ बास्तोला । |
| झापा | १ | सुन्दरलाल राजवंशी |
| विराटनगर | २ | हेमनारायण चौधरी, कृष्णबहादुर थापा । |
| सप्तरी | ४ | देवनाथ यादव, रामेश्वरप्रसाद अर्जेल, रामानन्द सिंह, बेदानन्द झा । |
| उदयपुर | १ | गुमानसिंह राउत । |
| महोत्तरी सर्लाही | ५ | विश्वनाथ ठाकुर, रासबिहारी राय, रामचन्द्र सिंह, महेन्द्र नारायण निधि, केशवराज कार्की, |
| बीरगंज बारा पर्सा, र चितउन | ६ | गुलोब नारायण झा, केवल चौधरी, ढुण्डिराज शर्मा, पशुपति घोष, जनकप्रसाद प्रधान, शिवेन्द्र विक्रम शाह । |
| पाल्हीमाझखण्ड | २ | दानबहादुर श्रीवास्तब, काशीप्रसाद श्रीवास्तव |
| खजहनी स्यूराज | १ | पद्मबहादुर सिंह । |
| बाँके बर्दिया | १ | कुँवर कल्द्र सिंह । |
| कैलाली कंचनपुर | १ | जनकबहादुर कर्माचार्य । |
| प. १ नं. | ३ | विजयबहादुर मल्ल, बामदेव उपाध्याय, रुद्रप्रसाद शर्मा । |

| विशेषः— | सीट | प्रतिनिधि |
|---|---|---|
| प. २ नं. | १ | राजेश्वर देवकोटा । |
| प ३ नं. पोखरा | ३ | हृषीकेश शाह, कीर्तिनिधि बिष्ट, धनेश्वरश र्मा । |
| प. ४ नं. स्याङ्जा | ३ | क. प. नरबहादुर गुरुङ्ग, जयाप्रसाद शर्मा, जमानसिंह गुरुङ्ग । |
| गुल्मी बागलुङ | ५ | दयानिधि शर्मा, भीमबहादुर बुढाथोकी मगर, विष्णुसुन्दर श्रेष्ट, स्थानेश्वर उपाध्याय, काशीराज उपाध्याय । |
| पाल्पा | १ | पद्मचन्द्र श्रेष्ट । |
| प्यूठान | २ | मोहन विक्रम सिंह, कृष्णप्रसाद रिमाल । |
| सल्यान | २ | झग्गुप्रसाद शर्मा, भरतमणि शर्मा । |
| दाङ देउखुरी | १ | धर्मबहादुर थापा । |
| दैलेख | ३ | दीनानाथ सापकोटा, महेन्द्र शाही, कृष्ण विक्रम शाह । |
| जुम्ला | १ | लोकेन्द्रबहादुर शाह । |
| डड़ेल्धुरा | १ | पुष्करनाथ उप्रेती । |
| बैतड़ी | १ | चन्द्रवीर सिंह । |
| डोटी | ३ | वीरेन्द्रबहादुर शाह, शेरबहादुर शाही, खड्गबहादुर । |
| चीसापानी गढ़ी | १ | रामहरि शर्मा । |
| उपत्यकाञ्चल | ६ | होराप्रसाद जोशी, त्रिपुरवर सिंह प्रधान, |

| जिल्ला | सीट | प्रतिनिधि |
|---|---|---|
| | | सुवर्ण शम्शेर ज. ब. रा., बालचन्द्र शर्मा, चूडाप्रसाद शर्मा, मृगेन्द्र शंशेर। |
| क. महिलावर्ग | १० | इन्दिरा आचार्य, विराटनगर, तुलजा शर्मा, परासी, सरस्वती राइ, इलाम, माधुरी शाह, बीरगंज, चन्द्रकान्तादेवी, पुण्यप्रभादेवी, कमल शाह, कोठमाडौं, श्रीमती नर्मदादेवी श्रीवास्तव एम्. ए., नेपालगञ्ज, सुमित्रादेवी महोत्तरी, तारादेवी शर्मा, कलैया। |
| ख. व्यापारी-वर्ग | ४ | राजालाल आर्य, वीरगंज, कृष्णगोपाल टण्डन, नेपालगंज, लोकनाथ जोशी, बी. एल. शर्मा, काठमाड़ौं,। |
| ग. किसान-प्रतिनिधि | ४ | बासुपासा, काठमाड़ौं, चन्द्रभूषण पाण्डेय, कृष्णमोहन अधिकारी, (महोत्तरी) भक्तलाल। |
| घ. मजदूर-प्रतिनिधि | १ | शेरबहादुर, से. स्वतन्त्र मजदूरसंघ, विराटनगर। |
| ङ. अन्यान्य उपेक्षित वर्ग | ३ | डा. झमनराम, सप्तरी, शेख लियाकत अली, रौतहट, सिद्धिबहादुर, काठमाण्डू। |
| च. राजनैतिक र बुद्धिजीवी वर्ग | ६ | बिश्वेश्वरप्रसाद कोइराला, पूर्णबहादुर एम्. ए. (काठमाड़ौं) लक्ष्मीप्रसाद देवकोटा (काठमाड़ौं), परशुनारायण |

चौधरी एम्. ए. (दाङ, देवखुरी), शिव पतिप्रताप शाह, एम्.ए.एल.एल.बी., (शिवराज) किशोरेन्द्र विक्रम शाह, (वीरगंज)।

## परिशिष्ट १० (क)

### दोस्रो सल्लाहकार सभामा

### श्री ५ महाराजाधिराजको ज्येष्ठ २५ गते, २०११ वि०-मा

### संबोधन भाषण

सल्लाहकार सभाका माननीय अध्यक्ष तथा सदस्यहरू !

आज यस नयाँ संगठित सल्लाहकार सभाको अधिवेशनमा तपाईंहरूलाई स्वागत् सम्बोधन गर्न पाउँदा मलाई खुशी लागेको छ। देशका बिभिन्न भागबाट एकत्रित हुनु भएका तपाईंहरूले देशका बिभिन्न समस्याहरूमाथि विचार विमर्श गरी देशलाई अगाडि बढ़ाउने देशलाई सुखी र समृद्ध बनाउने कुरामा मलाई सल्लाह र सहायता दिनु होला भन्ने लागेको छ। देशमा आएको ठूलो राजनीतिक परिवर्तनपछि देशलाई प्रजातान्त्रिक पद्धतितिर ढाल्दै लैजाने मेरो दृढ इच्छा र अभिलाषा तपाईंहरूलाई विदितै छ। तर, यस तीन वर्षको अवधिभित्र देशमा जुन प्रकारको राजनीतिक सद्भावनाको आवश्यकता थियो, जुन

प्रकारको सामूहिक प्रयासको आवश्यकता थियो, त्यो हुन सकेन, त्यो दोष सबै नेपालीको हो। मुलुक कुनै व्यक्ति विशेष, दलविशेष वा वर्ग विशेषको नभई सबैको साझा हो र त्यसको उन्नतिमा र अवनतिमा हामीसबै एकनासबाट प्रवाहित हुन्छौं, त्यसमा पनि कुनै संदेह छैन। व्यक्ति र दलको मात्र ध्यान नराखी देशको सामूहिक उन्नति र विकाससमस्त देशवासीको कर्तव्य हुनु पर्ने हो। परिवर्तन भएपछिका यस तीन वर्षका अवधिमा सरकार गठित गर्नेबारे विभिन्न प्रकारका प्रयोगहरू भए। तर कुनै पनि स्थायी रहन नसकेकोले देशमा जुन मात्रामा उन्नति हुनु पर्दथ्यो त्यति देशले उन्नति गर्न सकेन, गरेन वा गर्न पाइएन। सर्व प्रथम दुइ दलको संयुक्त सरकार बन्यो, आपसको खींचातानी र एउटाले अर्कोमाथि दोषारोपण गर्नाले अन्त्यमा त्यसको विघटन भयो। त्यसपछि एकदलीय सरकार बन्यो र त्यसबेला केही काम होला भन्ने आशा राखिएको थियो र प्रथम सल्लाहकार सभाको अधिवेशन पनि त्यसबेला आह्वान गरिएको थियो, तर त्यसले केही काम गर्नभन्दा अगावै जुन दलको सरकार थियो त्यसैमा आन्तरिक कलह उत्पन्न भएकाले त्यो सरकार पनि विघटित भयो र साथै सल्लाहकार सभापनि। बाध्य भएर मैले शासन आफ्नै हातमा लिनुपऱ्यो र केही परामर्शदाता हरूका सल्लाहबाट केही महीना शासन चल्यो। मलाइ आशा थियो त्यस अवधिभित्र विभिन्न राजनीतिक दलहरूमा सौहार्द र सद्भावना उत्पन्न भई देशको राजनीतिक वातावरणमा केही परिवर्तन आउने छकि भनी, तर त्यस अवधिभित्र विभिन्न प्रयासहरू चले तापनि सफल हुन सकेनन्। एकातिर मेरो शरीर स्वास्थ्य दिनदिन बिग्रंदै गयो र उपचारका

लागि मैले विदेश जानु पर्ने पनि आवश्यकता ठहरिन आयेा । विभिन्न दलहरू एकत्रित भई सरकार संगठित गर्ने छन् भन्ने मेरेा आशा र इच्छामा प्रयास चले तापनि त्यो सम्भव हुन सकेन र स्थितिअनुसार मैले आफ्ना भूतपूर्व प्रधानमन्त्रीलाई फेरि सरकार गठित गर्ने अनुमति दिएँ । त्यसबेला पनि मेरेा इच्छा र अभिलाषा त्यही थियेा । विभिन्न राजनीतिक दलहरूले आपसमा सौहार्द र सद्भावना बढाई सरकारमा शामेल भई प्रजातन्त्रको जग बसाली हुर्काउने उत्तरदायित्व बोकुन् । मेरा प्रधान मन्त्रीद्वारा त्यस दिशामा बराबर प्रयास गरिए तापनि येही महिनासम्म त्यो सम्भव भएन । अन्तमा तीन विभिन्न राजनैतिक दल-हरूका नेताहरूसित संझौता हुन सक्यो र आजको यो सरकार त्यस प्रयासको फलस्वरूप खड़ा छ । अरू राजनीतिक दललाई पनि अवसर प्रधान मन्त्रीले दिएकोमा उनीहरूले सेा उत्तरदायित्व बोक्न स्वीकार गरेनन् ।

जनताद्वारा आम निर्वाचनमा चुनिएका प्रतिनिधिद्वारा संगठित सरकार कायम हुन नसकुंज्याल यो अन्तरिम अवधिका निमित्त कुनै नकुनै किसिमको समय सुहाउँदेा सरकार आवश्यक छ । विभिन्न दलहरूले मैं ठूलेा मैं ठूलेा भने तापनि जनताको इच्छाको मापदण्डबाट मत नलिउंजेल कसलाई मैले ठूलेा भन्ने कसलाई मैले सानु भन्ने । अतः सबै दलहरू मिलेर काम गरेमा यसको स्वतः समाधान हुनजाने हुँदा मैले राष्ट्रीय सरकारमाथि बराबर जोर दिएको हुँ । आजको यस सल्लाहकार सभाको संगठनले मलाई आशा मात्र हेाइन विश्वास छ कि सरकार चलाउने जिम्मेदारी अझ विस्तृत रूपले जनताको प्रतिनिधिहरूमा

बाँड़िन गएको छ । सबैको परिश्रम सद्भावना र सहयोगको बलपाए हाम्रो सरकारलाई पूर्णरूपले प्रजातान्त्रिक सिद्धान्तको बलियो जगमा संसदीय पदको बलियो सीढीमा सर्वहिताय अगाड़ि बढाउँदै लैजाने मेरो दृढ इच्छा छ । देश र दुनियाँको कल्याणको निमित्त यो लक्ष्य यो ध्येयलाई सफल बनाउन सबैको निःस्वार्थ सेवा र सहयोगको ठूलो आवश्यकता छ । दुनियाँहरूद्वारा छानिएका प्रतिनिधिको संविधान सभा खड़ा नभएसम्म यस अन्तरिम समयमा पनि बढ़ी बढ़ी मात्रामा दुनियाँहरूलाई शरीक बनाउने तथा संसदीय प्रणालीमा अनुभवी गराउने अभिप्रायले यो सभाको निर्माण भएको हो । देशको निम्ति यस किसिमको व्यवस्था नौलो नभएकोले भरखरमात्र आएको प्रजातन्त्रलाई जगाउन हुर्काउन सुदृढ तथा सबल बनाउन यो सभाका सदस्यहरूको ठूलो हात तथा जिम्मेदारी रहने छ । पुरानो सल्लाहकार सभाभन्दा यसलाई बृहत्तर तुल्याई सबै क्षेत्र, वर्ग र दलहरूको प्रतिनिधिहरूलाई समावेश गराउने मेरो इच्छानुसार मैले आह्वान गरेकोमा केही व्यक्तिहरूले यसमा भाग लिन मंजूर गरेनन् । सरकारको स्वस्थ आलोचना गर्ने अवसर मेले दिंदादिंदै पनि त्यो अवसर नलिएकोमा उत्तरदायित्व नलिनेकै हो जस्तो मलाई लाग्छ । सदस्यहरूले निःस्वार्थ देश सेवाको भावनालाई सदैव अगाड़ि राखी परस्परको ईर्ष्या, द्वेष, वैमनस्यलाई परसारी मैत्री भावनालाई अपनाई खाली देश र दुनियाँको बृहत्तर उन्नति र भलाइको लागिमात्र ध्यान दी आफ्नु कर्तव्य पालन गर्ने छन् भन्ने मेरो ठूलो आशा छ । देशमा शुद्ध प्रजातान्त्रिक संसदीय प्रणालीको जग बसाल्न र बढाउन तपाईहरू लाग्नु हुनेछ भन्ने मेरो अर्को आशा छ । सत्य र स्वार्थरहित

आलोचनाद्वारा देशको उन्नति र भलाईको काममा मेरो सरकारलाई सहयोग र सहायता गर्नु यो सभाको मुख्य काम हुनेछ।

वर्तमान जगतमा कुनै पनि राष्ट्रले अकेला पृथक् भएर जिन्दगी बिताउन सक्दैन भन्ने कुरा निर्विवाद छ। पारस्परिक सहयोग गरी निकटतरसम्बन्ध स्थापना गरी सबै राष्ट्रहरूले मानवमात्रको भलाईको ख्याल ली प्रगति मार्ग पकड़ी उन्नति गर्नु पर्दछ भन्ने युगको माग छ। अतएव हामीले पनि त्यही मार्ग अवलम्बन गरी सबैसंग मैत्री र सद्भावना स्थापना गरी कुनै गुटबन्दीमा नलागि हाम्रो सार्वभौमिकतालाई अकुण्ठित राखी प्रगतिशील भई उन्नति गर्नु छ। यही नीतिअनुसार हामीले विश्वका प्रगतिशील देशहरूसंग मैत्री बढ़ाई उनीहरूको सहायता स्वीकार गरी सक्को सर्वतोमुखी उन्नतिको लागि भरमग्दूर प्रयत्न गर्नुमा नै हाम्रो कल्याण छ। विज्ञानमा उन्नति गरिसकेका स्वीजरल्याण्ड, इङ्गल्याण्ड, अमेरिका प्रभृति देशबाट विशेषज्ञ तथा यन्त्रै अरू सहायता समेत प्राप्त गरेका छौं। अनेकन हाम्रा छात्रहरूलाई उक्त देशहरूमा तालीम लिन पठाएका प्राचीन मित्र पड़ोसी भारतसंग पनि सोही प्रकारले चाहिने सहायता लिएका छौं। भारतबाट पाएको सहायता हाम्रो भौगोलिक, सांस्कृतिक तथा प्राकृतिक कारणले समेत अरूसंगको भन्दा प्रचुरतर र सो राष्ट्रसित हाम्रोसम्बन्ध निकटतर मात्रामा हुनु हाम्रो दुवै देशको पारस्परिक समान स्थिति ध्येय नीति इत्यादिले नै हो। तथा पड़ोसीले पड़ोसीका सुख दुःख सबै कुरामा शरीक भई अरूभन्दा बढ़ता मद्दतगार हुनु स्वाभाविकै तथा हितैको कुरा हो भन्ने निर्विवाद छ। हाम्रो अनेकन नागरिकले विश्व भ्रमण गरी ज्ञान परिवर्धन गरिरहे-

छन्। विदेशका नागरिकहरू पनि नेपाललाई पारस्परिक सौहार्द र सहानुभूति-दानको निमित्त सचेष्ट छन्। इराक, टर्की, आर्जेन्टिन्, जापान, क्यानडाका उच्च व्यक्तिहरू नेपालमा बराबर आएको छन्। हाम्रो छात्रहरूपनि न्यूजिल्याण्ड, अस्ट्रेलिया, जापान प्रभृति सुदूर देशमा समेत तालीम लिंदैछन्। पिछड़िएका देशले प्रगतिशील देशसंग सहायता लिनु, प्रगतिशील देशले पनि कुनै शर्त वा बन्धन नपारी सहायता दिनु युगको कर्तव्य संझिएको छ। यसमा न त पिछडिएकालाई सहायता दिए बाबत शर्म हुने कुरो हो, न त सहायता लिए बाबत कसैले अवहेलना नै गर्न पाउँछ। यस्तो पारस्परिक सहयोगिता मैत्रीपूर्ण सम्बन्धलाई हस्तक्षेप भन्ने नामकरण गर्नु अनधिकृत द्वेषयुक्त अज्ञानपूर्ण विकृत भावनाको परिचय दिनु मात्रहो भन्ने तपाईंहरूलाई विदितै छ। कुनै देश विशेष मात्रको सहायता लिई अरूसंग सम्बन्ध स्थापना नगरेको भए पनि शायद त्यस्तो आक्षेप समुचित हुन्थ्यो। तर, नेपाल विभिन्न राष्ट्रीय संस्था जस्तो कि, विश्व-स्वास्थ्य संघ, एक्याफे, युनेस्को, कोलम्बो प्लान, यू० एस० ओ० ए० (प्वाइण्ट फोर) इत्यादिबाट सहायता लिइरहेछ तथा संयुक्त राष्ट्र संघको सदस्य हुनलाई सक्रिय छ। नेपालले विलायत, अमेरिका, फ्रान्स, हिन्दुस्थान देशसंग दौत्यसम्बन्ध स्थापना गरिसकेको छ एवं उत्तरको छिमेकीसित पनि हाम्रो सम्बन्ध राम्रो चलिआएको छ औ आवश्यकता अनुसार यी सम्बन्धलाई मजबूत गर्दै अरू देशसंग पनि स्थापना गर्ने छ। नेपालको सार्वभौम सत्ताको सतत संरक्षण गरी सबैसंग मैत्रीभाव स्थापना गरी कसैका प्रभावमा नपरी गुटबन्दीमा नआई, नेपाललाई अग्रगामी गराउनु हाम्रो वैदेशिक नीति

छ। यस्तो सद्भावनायुक्त सम्बन्धको नीतिलाई जानी बुझी बुझपचाईं कसैले दुर्नाम दिन्छ भने सो सत्यको पारगमन हो भन्ने स्वतः सिद्ध हुनेछ भन्ने आशा गर्दछु।

हाम्रो आर्थिक अवस्था शोचनीय छ तापनि सो सुधार्नको निमित्त यथाशक्ति प्रयत्न भइरहेछ। सबै सम्पन्न देशले पनि चालू राख्न नसकेको चाँदीको मुद्राको चलन हाम्रो गरीब देशले गरिरहेको थियो। अब क्यूप्रो निकेलको सिक्का चालू गरिसक्यो, त्यसबाट चाँदीको बचत भई निकै नै लाभ हुने अनुमान गरिएको छ। १९५० को भारत सरकारसंगको वाणिज्य सन्धि लागू गराउन र अन्तः शुल्क फिर्ता गराउन समेत यथोचित कारवाई भइरहेछ। अन्तः शुल्क फिर्ता हुने भएबाट नै नयाँ टैक्स केही नलागी करीब ६० लाखको सरकारलाई थप आय हुने अनुमान गरिएको छ। यो मामूली आय वृद्धि होइन। भन्सारको आय चुहिरहेको रोक्नलाई आधुनिक तवरले भन्सार सुधार सम्बन्धमा काम हुन लागिरहेछ। त्यारिफ बोर्ड खड़ा भएबाट एउटा मालमा २।३ ठाउँमा भन्सार तिर्नु पर्ने परिस्थिति हट्न गई सर्वसाधारणलाई सुविधा समेत हुने योजना भइसकेको छ।

हाम्रो मुद्राको स्फीति भई अवमूल्यन भयो भन्ने निकै नै खलबली भएको छ। पुरानो शासनमा भरसक कम खर्च गरी बचत चलन चल्तीमा नआई अन्यत्र जाने हुनाले मुद्राभाव जस्तो थियो, प्रजातन्त्र भएपछि देशको सबै आय देशमै खर्च हुने भयो। त्यसबाट मुद्रा प्राचुर्य भई तथा क्रय शक्ति जनतामा आई मुद्रास्फीति भएको हो कि भन्ने अनुमान

हुनु अनौठा कुरा होइन। यो बढ़ी मात्रामा चलन चल्तीमा नेपाली मुद्रा नेपालभर फिंजाएमा र भारतीय मुद्रा चलेको हाम्रो पूर्व र पश्चिम पहाड़मा पनि नेपाली मुद्रा हालै चलन च आइसकेको छ। तत्पश्चात् देश भरमा चलाउने प्रबन्ध मिलाए ३० करोड़ नेपाली मुद्रा सजिलैसंग देशमा भिजने हुनाले त्यस दृष्टि यथोचित प्रबन्ध हुँदैछ र नेपालको वर्तमान अवमूल्यन स्थायी होओ भन्ने आशा औ विश्वास गरिएको छ।

स्वास्थ्य-सम्बन्धमो पनि हाम्रो सरकारले आफुसंग भएको साध र विदेशी सहायताद्वारा निकै नै प्रगति गरेको छ। ३१ वटा नयाँ डिस्पेन्सरी हालै नै थपिने भएका छन्। भारत सरकारबाट नेपालका हस्पतालका लागि बिना मूल्य सामान सहित ५०० बेड प्राप्त भएका छन्। मलेरिया, कालाज्वर, फाइलेरिया इत्यादि नियन्त्रणको लागि विश्व-स्वास्थ्य संघ समेतबाट सहायता मिलेको छ। नर्स ट्रेनिङ् पनि यथाशीघ्र शुरू हुने भएको छ। आयुर्वेदको पुनरुत्थानको लागि छुट्टै डाइरेक्टर खड़ा भई कार्य शुरू भइसकेको छ। स्वास्थ्यसम्बन्धी सार्वजनिक काम गर्ने गैर सरकारी संस्थाहरूलाई पनि यथा सम्भव आर्थिक र अरू किसिमको सहायता दिई गैर सरकारी संस्था समेत खुलाउने प्रोत्साहन दिइएको छ।

नेपालमा शिक्षाको ज्यादै नै अभाव भएकोले सो अभावपूर्तिका लागि सरकारको साधन सीमित भए तापनि यथाशक्ति कारवाई भइ-रहेको छ। नेपाललाई सुहाउँदो शिक्षा योजना तयार पार्नको निमित्त

शिक्षा आयोग खड़ा भएको छ। पाठशाला नभएका ठाउँमा २२५ प्रारम्भिक पाठशाला खोल्ने प्रबन्ध भई त्यसमध्ये केहीले सहायता समेत पाएका छन् ।

प्राइभेट पाठशालालाई यथाशक्ति सहायता दिइएको छ। हाई स्कूल, कलेज, संस्कृत महाविद्यालय इत्यादि पनि हालै खुलेका छन्। विदेशमा पढ़न जानेहरूलाई छात्रवृत्ति दिइएको छ। कोलम्बो प्लान, एफ. ए. ओ. प्रभृतिबाट छात्रवृत्ति प्राप्त गरी सयकड़ों छात्र छात्राहरूलाई विदेशमा उच्च शिक्षा हासिल गर्न पठाइएको छ। शिक्षा अतिशय महत्वको कुरा हुनाले सरकारले भरसक प्रयत्न गरेको छ तापनि अझै अरू सफलता कसरी हुन्छ भनी समुचित अन्वेषण गरिंदैछ ।

देशको प्राकृतिक साधन ( Natural Resources ) र सामग्रीको निमित्त हाम्रो सरकार भरसक कोशिश गर्दैछ । विभिन्न किसिमको भौमिक, कृषि र खनिज पदार्थ इत्यादि निरीक्षण र आप-रीक्षण हुँदै छन् । यो निरीक्षणको काम ज्यादै पारिभाषिक भएकोले हाम्रा इंजिनियरहरूमात्र बाट हुन असम्भवप्रायः थियो । तर, हामीले प्रगतिशील देशसंग सहायता लिने नीति अपनाएको हुनाले नै यो काममा हामीलाई विदेशी विशेषज्ञबाट बहुमूल्य सहायता मिल्यो। गोदावरी फूलचोकी डाँड़ामा फलाम पनि फेला पऱ्यो । त्यसबाट नेपालको फलामको मांग पूरा हुन सक्ने आशा छ। डाक्टर हागन् भन्ने स्विस विशेषज्ञले ' जियोलजी अफ नेपाल ' भन्ने रिपोर्ट तयार गर्नु भएको

छ । त्यसबाट निकट भविष्यमा अरू के के खानीको काम हुन सक्ने छ, जाँच पड़ताल हुँदैछ । काठमाडौं उपत्यकामा मट्टी कोइलाको केही भागमा उपयोग भएको हो तापनि बैज्ञानिक ढंगबाट काम हुन सकेको थिएन, अब इंट पोल्ने काममा दाउराको निकै नै बचावट हुने भैसक्यो तथा अरू बढ़ता मात्रामा त्यसको उपयोग गरी जङ्गलको दाउरा बचाई जङ्गल सुरक्षित हुने प्रबन्ध हुनेछ । रापती बेशीमा १४ लाख मुरी अन्न उत्पादन गर्ने योजना यथाशीघ्र कार्यान्वित हुने भएको छ । गोरस सम्बन्धी काम एफ. ए. ओ. बाट आउनु भएका स्विस विशेषज्ञ सुल्तेक्सले सन्तोषजनक तौरबाट गरिरहनु भएको छ । कृषि तथा ग्रामोद्योग विकासको लागि 'त्रिभुवन ग्रामविकास योजना' चालू भइसकेको छ । कोशीको मारबाट बचनको लागि भारत सरकारलाई कोशीमा बाँध बाँधने इजाजत दिएको छ । त्यसबाट हाम्रो देशलाई निकै नै लाभ हुने छ भन्ने विश्वास गरिएको छ । २० महिना भित्रमा नै १६०० किलोवाटको बिजुली थर्मल प्लान्ट काठमाडौंमा चालू हुने छ । तिलाउ, सिर्सिया, दुधौरा योजना मध्येसमा, महादेव खोला सिंचाई योजना उपत्यकामा र ट्यूब वेल योजना इत्यादि कृषि सम्बन्धी योजना पनि चालू भइसकेका छन् । उपर्युक्त विकासको कामलाई हाम्रो आफ्नो साधन तथा कोलम्बो प्लान टी. सी. ए. एफ. ओ. प्रभृतिबाट प्राप्त सहायता सम्मीलित गराई यथासम्भव शीघ्र सर्वतोमुखी विकास गराउनको लागि समुचित प्रयत्न भइरहेछ । उपर्युक्त त्रिभुवन राजपथ र त्रिशूली योजनालाई जम्मा करीब चार करोड़ रूपैया लाग्ने अनुमान भएको छ । औ सो कोलम्बो प्लानअन्तर्गत भारतद्वारा प्राप्त हुने

भएको छ। त्रिभुवन राजपथ निकै नै बनिसक्यो एवं आर्कौं सिजन-देखि चालू हुने अनुमान गरिएको छ।

यातायात र संचारको असुविधाको पनि देशको उन्नतिलाई प्रचुर मात्रामा बाधा गरेको छ, अतएव त्यसपट्टि पनि सरकारले यथा संभव ध्यान दिएको छ। सड़क निर्माणलाई धेरै खर्च लाग्ने हुनाले र हाम्रो साधन कम हुनाले सड़क निर्माण वैदेशिक सहायताबाट गराउने नीति अपनाएको हो। प्राइवेट तवरबाट बाटो बनाउँदौं भन्ने नेपाली नागरिकलाई भरसक सहूलियत दिइएको छ। बड़ाहाकिमहरूलाई स्थानीय जनताको सहयोगले सड़क बनाउनु भनी खास अर्डर भएको छ तथा यथाशक्ति आर्थिक सहायता दिइएको छ। हवाई जहाजको निमित्त लैण्डिङ् ग्राउण्ड ५।७ ठाउँमा तयार भइसकेका छन्। पहाड़ औ तराईको सबै प्रमुख स्थानमा लैण्डिङ् ग्राउण्ड चाँड़ै बनाउने योजना छ। पाल्पादेखि बुटौल भैरहवासम्म टेलिफोन लाइन विस्तार भइसकेको छ। कोइलाबासदेखि दाङ्सम्म टेलिफोन लाइन विस्तार गर्ने कामका लागि मानिस खटिइसकेका छन्। आकाश बाणीका नयाँ १५।१६ वटा स्टेशन चालू भइसकेका छन्। देशका प्रमुख स्थानमा टेलिफोन वा आकाशवाणी जेबाट हुन्छ यथाशीघ्र सम्बन्ध स्थापना गर्ने आयोजना कार्यान्वित हुँदैछ। भारत सिमाना नजिकका प्रमुख नेपाली पोस्ट अफिसहरूलाई एक्सचेंज पोस्ट अफिसमा परिणत गर्ने बारेमा भारत सरकारसंग चाहिंदो लेखापढ़ी भैरहेको छ।

काठमाड़ौं उपत्यकाभित्र पनि राजधानीमा टेलिफोन बराबर

अविच्छिन्न चलिरहन पाउने कुरामा पनि बिच-बिचमा काटिने खप्टिने हुन नपाओस् तथा साथै सर्वसाधारणले पनि उपयोग गर्न पाउने हेतुले जमीनभित्रबाट तार लैजाने व्यवस्थाका लागि धमाधम काम हुँदै रही चाँड़ै नै सो सम्पन्न हुने भएको छ ।

उद्योग वाणिज्यमा नेपाल कत्तिको पिछड़िएको छ, सो दुखद कुरा दोहऱ्याउनु शायद जरूरी छैन । हाम्रो देश पिछड़िएको हुनाले कच्चा माल निर्यात हुन्छ । तयारी माल आयात हुन्छ । विराटनगरका २ जूट मिल मध्ये १ जूट मिल विराटनगर जूटमिल पाटको भाउ घटी नोक्सान भई केही महीनासम्म गतवर्ष बन्द भयो । त्यसरी एक पल्ट राम्रो रंग चलिसकेको मिल फेल भएमा देशको उद्योगलाई ठूलो आघात पर्ने हुनाले हाम्रो सरकारले सहानुभूतिपूर्वक मिललाई सहायता को बन्दोबस्त गरिदिई फेरि चलाएको छ । अर्को मिल रघुपति जूट मिलमा पनि मेनेजिङ् एजेन्सीलाई लिएर गत ५।७ वर्षदेखि झगड़ा भै मिल चल्न सकेको थिएन । देशको प्रमुख उद्योग हुनाले र त्यसमा हाम्रो नागरिकको धेरै पैसा फसिसकेको बर्बाद हुने नस्तो देखिएकोले झगड़ा निर्मूल गरिदिई मिल चलाई शेयरहोल्डरको र देशकै समेत कल्याणको खातिर उक्त मिलको मेनेजिङ् एजेन्सी राइट समेत खरीद गरी मिल चलाइएको छ । आशा गरिन्छ उक्त प्रमुख दुइ मिल चलेपछि अरू अरू मिललाई पनि उन्नति गर्न सजिलो हुने छ । नयाँ उद्योग चालू गर्न खोज्नु भन्दा भएको उद्योगको संरक्षण गर्नु बेहत्तर हुनाले सरकारले यो कदम लिएको हो ।

वाणिज्यबारे पनि नेपालको व्यापार धेरै जसो भारत 'ग हुने हुनाले भारत नेपाल वाणिज्य सन्धि केही वर्ष अगाड़ि भए तापनि त्यसको परिणति आजसम्म हुन नसकेकोमा त्यसलाई यसै एक महीना-भित्र लागू गराउने व्यवस्था मिलाएको छ ।

'हरियो वन नेपालको धन' भन्ने कुरा तपाईंहरू सबैमा विदित छ । हामीले यस धनको पूर्ण मात्रामा बैज्ञानिक सदुपयोग गर्न सकेका छैनौं । स्थिति सुधार्नको निमित्त भारतबाट वन विशेषज्ञ झिकाई त्यसतर्फ कारवाई गरिंदै छ । विशेषज्ञको रिपोट प्राप्त भएपछि भरसक चाँड़ो वैज्ञानिक ढंगले धनको संवर्धन तथा संरक्षण गर्ने सरकारको नीतिलाई कार्य रूपमा परिणत गर्न सरकारले निर्माणात्मक सुझावको निमित्त सबैसंग अनुरोध गरिरहेको छ । गत वर्ष मनाए झैं यस वर्ष पनि वन महोत्सव मनाउन आवश्यक कारवाई गरिंदै छ ।

यही ज्येष्ठ १५ गते तपाईं हामीले जनगणना दिवस समेत मनाइसकेका छौं । पूर्व पट्टिको जनगणना लिने काम २००६ साल मै समाप्त भइसकेको छ । पश्चिमपट्टिको पनि धमाधम भइरहेको कुरा तपाईंहरूमा विदित छ ।

निर्वाचन चिताएको टाइमभित्र गर्न कोशिश चलिरहे तापनि अहिलेसम्म हुन नसकेकोमा खेदको कुरा छ । निर्वाचन नेपालको निमित्त अनौठा कुरा हुनाले र हाम्रो प्रजामा शिक्षाको अभाव हुनाले उचित मात्रामा सहयोग नपाएकोले र काम पनि ज्यादै नै ठूलो हुनाले समय बढ़ता लाग्न गएको हो । इलेक्शन अफिसरहरूलाई पनि तालीम

दिइँदै छ । चुनावको निमित्त जिल्लाहरूलाई जन-संख्याको आधारमा बढ़ामा विभक्त गर्ने काम पनि हुने भएको छ । अहिलेसम्म ३०,८६,१०८ मतदाताको नामावली तयार भइसकेको छ । अब चाँड़ै नै निर्वाचन हुन सक्ने आशा छ ।

मालपोत, गुठी, भूमि इत्यादिको जटिल समस्या समाधान गर्नको लागि सम्बन्धित विभागहरू क्रियाशील छन् । क्याडेस्ट्रल सर्भे गर्ने निर्णय भई तत्सम्बन्धी योजना आंशिक रूपले कार्यान्वित पनि भइसक्यो । उक्त सर्भेबाट भूमि-सुधार औ मालपोत-सुधारलाई पनि प्रशस्त मद्दत मिल्ने आशा गरिएको छ । समस्था अतिशय जटिल औ महान् हुनाले आकांक्षित फल चाँड़ै मिल्न मुश्किल हुने स्वाभाविकै कुरा हो तापनि यो महान् कार्यमा उचित मात्रामा जनताको सहयोग मिलेमा सफलता प्रत्याशित समयभन्दा पहिल्यै पनि मिल्न सक्ला । भूमि-सुधार-कमिशनले ३ अधिवेशन गरिसक्यो, आगामी अधिवेशन आगामी आषाढमा गर्ने योजना छ ।

ठाउँ-ठाउँमा चलिरहेको जिमिदार र किसानको खींचातानी सुल्झाई उचित व्यवस्था कायम राख्नको निमित्त एउटा भूमि-सुधार योजना चाँड़ै नै लागू गराउन घुम्ती अदालतहरू पठाउन सरकारले कारवाई गरिरहेछ । घुम्ती अदालतका नियमहरू तयार हुनासाथ जिल्ला-जिल्लामा सो अदालतहरू पठाई चाड़ै नै जिमिदार-रैनीको खींचातानी दूर गराउने आशा गरिएको छ ।

देशको आभ्यन्तरिक र वाह्य सुरक्षाको लागि राष्ट्र सेनाको र

पुलिसको उपयोगिता सर्वविदितै कुरा हो। सेनाको नयाँ दरबन्दी सेना क्रमीकरण भई पुनर्गठन भई तालिम पाइरहेका कुरा तपाईंहरूलाई विदितै छ। पुलिस पनि राष्ट्रको आन्तरिक सुरक्षा र व्यवस्थाको आवश्यक अंग हुँदा र त्यसको पनि उचित पुनर्गठन वाञ्छनीय हुँदा सो काम धमाधम भइरहेको छ। हाम्रो राष्ट्रको पुलिस-संगठनमा विभिन्न प्रकारका इकाईहरू भएकोमा तिनलाई एकीकरणका साथ वर्गीकरण गर्ने काम सुचारु रूपले चलेको छ। यस सिलसिलामा हाम्रा पुलिसका अफिसरहरूमध्ये एकले माउण्ट आबूको ट्रेनिङ् कलेजबाट आइ. बी. तालीम र अरू आठले मुरादाबाद पुलिस ट्रेनिङ् स्कूलबाट तालीम पाई उत्तीर्ण भई आइसकेका छन्।

जिल्ला-जिल्लामा शान्ति भंग गर्ने तत्त्वहरूलाई यथोचित तौरले पक्रन र थुनामा राख्नको लागि बड़ाहाकिमहरूलाई सुरक्षा कानून प्रयोग गर्ने अधिकार दिइएको छ।

उक्त अधिकार परिस्थितिको ख्याल्ले र अत्यावश्यकताको महसूस गर्दै दिइएको हो तापनि प्रधान न्यायालयले त्यसको विरोध गरी त्यस्ता तत्त्वलाई थुनाबाट छोड़िदिई तथा मन्त्रिमण्डलको कार्यकारिणी अधिकार छैन भन्ने फुल बेञ्चबाट निरूपण गरिदिएबाट देशमा त्यस्ता-लाई प्रोत्साहन हुनजाने, सरकारको कार्यकारिणी शक्तिको अपहेलना हुनजाने तथा देशव्यापी विप्लवै हुनजानेसमेत आशंका भई प्रधान न्यायालयको ऐनको संशोधन गर्नु पर्ने आवश्यकता भई उक्त ऐन संशोधन भएको हो। व्यक्तिगत स्वतन्त्रता लोप भयो भन्ने निराधार

आलोचनाको खण्डन गर्दै हामीबाट व्यक्तिगत स्वतन्त्रता हरण भएको छैन, सुरक्षित छ भन्ने बारेमा २०१० साल फाल्गुन ७ गतेमा घोषणा गरेका थियौं। त्यसको समर्थन यहाँ पनि गर्दछु। शासनको हरएक अंग ऐन र कानूनको बन्धनमा चलुन् भन्ने मेरो अभिप्राय हो।

स्थानीय स्वायत्त शासन- सम्बन्धमा निकै नै प्रगति भएको छ। काठमाडौं, भक्तपुर, ललितपुर, विराटनगर, वीरगंजमा नगरपालिका खड़ा भइसके, तथा शीघ्र नै नेपालगंज, भद्रपुरप्रभृतिमा पनि खड़ा गर्ने योजना छ। करीब ६०० नगर-पञ्चायत पनि खुलेका छन्। विराटनगर, वीरगंजजस्ता प्रमुख स्थानमा वारुण यन्त्र राख्ने पनि योजना तयार भइसकेको छ। म्यूनिसिपल्टी म्यानुएल खड़ा गरी म्यूनिसिपल म्यानुएल-हरू बनाउने काम पनि भइरहेछ।

राजनैतिक परिवर्तनसाथ-साथ आउनु पर्ने विधान परिवर्तनको निमित्त पनि 'ल कमिशन' खड़ा भएको छ। त्यसले नेपालको सबै ऐन- सवाललाई आधुनिक तथा प्रजातान्त्रिक ढंगमा ढाली नेपाललाई सुहाउँदो ऐनको विकास गराउने काम शुरू गरिसकेको छ।

नेपाल सरकारका प्रचार विभाग तथ गोरखापत्र, रेडियो नेपाललाई अझै सुचारु रूपले चलाउनको लागि सुझाव दिनू भनी पब्लिसिटी कमिशन गठन भएको छ। आशा गरिन्छ त्यसको रिपोर्टले निकै नै मद्दत दिने छ।

नेपालको खास स्थिति सुधार्नको निमित्त अल्पकालीन तथा दीर्घकालीन दुवै किसिमका सुझाव दिनू भनी खाद्यान्न- संकट- निवारण

समिति गठन भएको छ। उपत्यकामा अन्न-संकट आइपरेछ भने त्यस्तो परिस्थितिको मुकाबिला गर्नको लागि अन्न मौज्दात पनि राखिएको छ।

हाम्रो सरकारले अपनाएको नीति तथा सो नीति कार्यन्वित गर्न बढाएको कदमको दिग्दर्शन गराई अब सरकारले लिएको लक्षजको पनि संकेत पाउँदछु। सो लक्षज 'न्यूनतम कार्यक्रम'-को नामले २०१० साल चैत्र २३ गते गोरखापत्रमा प्रकाश भइसकेको छ।

देश-सेवाको भावले प्रेरित भएर यस सभामा सम्मिलित हुनु भएका तपाईंहरू सबैले यी निर्देशक सर्वमान्य खँदिला सिद्धान्तहरूको सम्मानरक्षाका साथै कार्यान्वित गर्नमा भरमग्दूर सहयोग दिनु हुने नै छ। प्रजातान्त्रिक भावना, कार्यकुशलता इत्यादि विषयको लागि पनि समग्र देशलाई नै तपाईंहरू उदाहरणस्वरूप तथा प्रेरकसमेत हुनु होला भन्ने आशा गरेको छु।

श्री पशुपतिनाथले यो सल्लाहकार सभालाई सफल गरुन् भन्ने मेरो हार्दिक प्रार्थना छ। जय नेपाल!

## परिशिष्ट १० (ख)

### दोस्रो सल्लाहकार सभाको द्वितीय अधिवेशनको

### शाही सम्बोधन

सल्लाहकार सभाका माननीय अध्यक्ष तथा सदस्यहरू,

सल्लाहकार सभाको यो द्वितीय अधिवेशनमा तपाईंहरूलाई

स्वागत सम्बोधन गर्दा हामीलाई बड़ो हर्ष लागेको छ । करीब ५ महिना-पहिले प्रथम अधिवेशनको अवसरमा तपाईंहरूलाई जे सम्बोधन गरेको थिएँ त्यो आज स्मृति पटमा आउँछ । श्री ५ महाराजाधिराज बुवाज्यूका गाथमा आराम नभई उपचारको लागि विदेश सवारी भएको तपाईंहरूलाई थाहै छ । मौसूफको अनुपस्थितिले तपाईं हामी सबैलाई खल्लो लाग्नु स्वाभाविकै हो ।

तपाईहरूलाई पनि संसदीय प्रणालीमा निकै नै अनुभव हासिल भयो, औ दुनियाँको वास्तविक आशा औ उमंगको समुचित अध्ययन गर्नमा तपाईंहरूले यो छुट्टीको समय उपयोग गर्नु भयो होला भन्ने हामीलाई उम्मेदछ । यो द्वितीय अधिवेशनमा तपाईंहरूले अविरत तौरले, राष्ट्रहितको मात्र ख्याल राखी देशका विभिन्न समस्याहरूको समाधान गर्न प्रयत्नशील हुनु हुनेछ भन्ने महान् आकांक्षा राखेका छौं । राष्ट्रको कल्याण भएमा कस्को अकल्याण हुन्छ ? औ राष्ट्रकै अकल्याण भएमा कस्को कल्याण हुन्छ ? भन्ने कुरा तपाईंहरूलाई विदितै छ । हामी अहिले परिवर्तन-कालमा छौं । हाम्रो प्यारो मातृभूमिको भविष्य सप्रनु या बिग्रनु हाम्रो आजको कार्यमा निर्भर गर्दछ । अतएव हामीले आज यस्तो विचारधारा लिनु पर्दछ, यस्तो कर्तव्य गर्नु पर्दछ, जसको अनुमोदन हाम्रो आत्माले गरोस् तथा हाम्रा भावी सन्ततिले पनि हामीप्रति कृतज्ञता प्रकट गरुन् । हामीले केही गलत कदम लिएको देख्नु भयो भने सावधान गराउन निर्माणात्मक समा-लोचना गर्नु होस् भीन हामीले तपाईंहरूलाई स्वागत गर्दछौं, तथा राष्ट्रहितको लागि हामीले आफ्नो कर्तव्य कसरी हालको भन्दा पनि

अरू सुचारु रूपले पालन गर्न सक्छौं सो बारेमा. पनि तपाईंहरूको साध्य सल्लाहको लागि अनुरोध गर्दछौं ।

नेपालमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि हाम्रो सरकार देशलाई संसारका प्रगतिशील देशहरूको समानतामा ल्याउन सचेष्ट भएको छ । हाम्रो वैदेशिक ध्येय छ—सबैसंग मित्रता स्थापन गर्न, कसैसंग वैर नलिने । यही नीतिको अनुसरण गरेबाट आज हाम्रो विदेशी शक्तिहरूसंगको सम्बन्ध निकटतर तथा झन्-झन् हार्दिक हुँदैगएको छ । युनाइटेड् नेशन्स् अर्गानिजेशनमा सम्मिलित हुने नेपालको दर्खास्त-बारे आगामी छलफलमा विरोध हुने छैन भन्ने धेरै राष्ट्रहरूबाट आश्वासन मिलेको छ । चीनसंग पनि मित्रतापूर्ण सम्बन्ध स्थापना हुने सम्भावना छ । मित्र राष्ट्रहरूबाट हरेक प्रकारको सहायता लिने हाम्रो नीति पनि कायमै छ जसबाट हाम्रो भौतिक तथा बौद्धिक स्तर उन्नत गर्ने हाम्रो प्रयत्नमा प्रशस्त लाभ मिलेको छ ।

हाम्रो देशमा विकासको कार्य वृहत् मात्रामा नभएकोले हाम्रो आर्थिक साधन अपर्याप्त छ भन्ने कुरा सर्वविदितै छ । तथापि सोबारेमा सुधार ल्याउन हाम्रो सरकार यथासम्भव सक्रिय छ । खर्च घटाउने कुरा सजिलो छैन भन्ने तपाईंहरूलाई विदितै छ, आय- वृद्धि गर्नु पनि त्यस्तै दुष्कर छ । सुगम नभए पनि उक्त दुवै ध्येय संपादन गर्न, तथा विभिन्न विकास- योजनाद्वारा उत्पादन-वृद्धि गर्न हाम्रो सरकार भरमकदूर कोशिश गरिरहेछ । मुद्रा-विनिमय-संबन्धमा पनि सरकारको ध्यान पुगेको छ । यो प्रश्नको अध्ययन गरी

सुझाव पेश गर्नेको लागि विशेषज्ञहरूको एउटा कमिटी गठन भएको थियो। सो कमिटीको सुझाव आइसकेको छ। सरकारले यस सम्बन्धमा चाहिंदो ऐनको तर्जुमा गरिसकेको छ। २०११-१२ सालको बजेट तपाईं हरूको संमुख चौंडै नै प्रस्तुत हुने छ। सभाका समक्ष बजेट पेश हुने प्रथम अवसर यही नै हो।

लोकस्वास्थ्य बृद्धिको कामको लागि एउटा स्वास्थ्य–समिति गठन भएको छ। टोखा स्वास्थ्य–निवासको पुनर्गठन गरी क्षयरोगीहरू-लाई अरू बर्ता संख्यामा उपचार गर्न सकिने प्रबन्ध भएको छ। हेल्थ असिस्टेन्ट स्कूल खोल्ने निकासा भइसकेको छ। पशुपतिमा होमियो-प्याथिक हस्पताल खुलिसक्यो। नर्सहरूलाई तालीमगर्ने स्कूल खुल्ने भएको छ। औलो रोक्ने काममा प्रगति हुँदो छ। वीर हस्पतालमा चीर-फार सम्बन्धी काममा समुचित सुधार भएको छ। स्वास्थ्य-विकाससम्बन्धी प्राइभेट कार्यमा पनि सरकारले हरेक प्रकारले सहायता दिएको छ। विश्व-स्वास्थ्य संस्था ( W. H. O. )-बाट हामीलाई यो कामको लागि मदत मिलेको छ, सो संस्थाप्रति हामी सहर्ष कृतज्ञता प्रकट गर्दछौं।

हाम्रो साधन सीमित छ तापनि शिक्षासम्बन्धमा निकै नै प्रगति भएको छ। पाटनमा इन्टरमीडिएट कालेज खुल्यो, महिला-वर्गको लागि बी० ए० पनि पढ़ाइने प्रबन्ध भयो, कमर्स कालेज पनि खुले। प्राथमिक पाठशालाका शिक्षकहरूलाई तालीम दिने प्रबन्ध भएको छ, प्रौढ-शिक्षाको निमित्त २०० रेडियो–रिसीभिंग् सेटहरू गाउँ–गाउँमा-पठान गरिने भएका छन्, २०० प्राइमरी स्कूल पनि खोलिने भएका

छन् । शिक्षा, विज्ञान तथा संस्कृतिको विकासको ध्येय लिएर नेपालमा इन्टरिम नेशनल कमिशन फर युनेस्को स्थापित भएको छ। USOM, UNESCO, Colombo Plan -बाट हामीलाई यी कामको लागि मद्दत मिलेको छ। उक्त संस्थाहरूप्रति पनि हामी सहर्ष कृतज्ञता प्रकट गर्दछौं।

वनको बारेमा, अबको ४।५ वर्षभित्र जंगलले राष्ट्रलाई डेढ़-दुइ करोड़ आम्दानी दिन थाल्ने, १०।१५ वर्षभित्रमा ४।५ करोड़ सालियाना आम्दानी हुने योजना तयार भएको छ। सोबारेमा सरकार विचार-विमर्श गर्न लागेको छ, औ सो योजना चाँडै नै कार्यान्वित हुने आशा गरिएको छ। भूमि–व्यवस्थासम्बन्धमा समुचित व्यवस्था हुँदै छ, तथा उचित कानूनको समेत तर्जुमा भई यसै अधिवेशनमा पेश हुने छ।

सिंचाई तथा खाने पानीको प्रबन्धमा निकै नै प्रगति भएको छ। टीकाभैरव सिंचाई-योजना, सिसिंया-दुधौरा योजना तथा देशका विभिन्न इलाकामा ३०० ट्यूब वेल जड़ने योजना विशेषतया उल्लेखनीय छन्। यस सम्बन्धमा टी. सी. ए. औ कोलम्बो प्लानको हामी आभारी छौं। यसै सिजनमा धोसिंगदेखि टौवाबाससम्म रोपलाइन बढ़ाउने योजना छ। ओभरसीयर तालीम गर्नको लागि इंजिनियरिङ् स्कूलको निकासा भइसकेको छ।

यातायात, संचार विकास औ सर्भेको बारेमा प्रथम अधिवेशनको अवसरमा वर्णन गरिएका कुराहरू कार्यान्वित गर्ने याम शुरू हुन लागेकोले अब चाँड़ै नै यथोचित गरिने भएको छ।

स्थानीय स्वायत्त शासन बारे काठमाडौं, ललितपुर, भक्तपुर, वीरगंज, बिराटनगरमा म्युनिसिपलिटीहरूलाई प्रचुर सहायता दिइयो। नेपालगंज, पाल्पा, भद्रपुर, राजविराज, जनकपुर, पोखरामा पनि यसै आर्थिक वर्षभित्र म्यूनिसिपलिटी स्थापना गर्ने योजना छ। करीब ८१० ग्राम-पंचायत स्थापना भइसके, औ उनीहरूको पुनर्व्यवस्थाको लागि समुचित व्यवस्था हुँदो छ। बिराटनगर औ वीरगंजमा फायर ब्रिगेड राखिने भएका छन्। काठमाडौं उपत्यकाको खाने पानीको सप्लाई बढ़ाउनको लागि निकासा भएको छ।

हाम्रो फौजको पुनर्संगठन भइसकेको तपाईंहरूलाई थाहै छ। हाल फौजको विशेष तौरले तालीम दिइँदो छ। विदेशी मिलिटरी एकाडेमीहरूमा पनि जवानहरू तालिम लिइरहेका छन्। मिलिशियाको पुनर्निर्माणमा सरकार लागेको छ। हाम्रो फौजले बाढ़ध्वस्त भीमफेदी-अमलेखगंज रोडमा प्रशंसनीय काम गऱ्यो, औ गर्दै पनि छ।

पुलिसको स्क्रीनिंग सम्पन्न हुन लागिसक्यो। अब देशभर सुसंगठित तथा सुसज्जित पुलिस फोर्स कायम हुनेछ, औ शान्ति-सुरक्षाको व्यवस्था संतोषजनक हुने छ भन्ने आशा गरिएको छ। आधुनिक तौरले पुलिसलाई तालीम दिने योजना पनि भएको छ। जेल-सुधार, प्रचार-विभाग-सुधारका काम पनि चाँडैनै गरिने भएका छन्। कैदी तथा थुनुवाहरूलाई नियंत्रणबाट छुटेपछि काम गरी जीवन चलाउन सकुन् भन्ने हेतुले घरेलु उद्योगको काम सिकाइन लागेको छ। अड्डा-अदालतहरूमा परिरहेका मुद्दा-मामिलाहरू चाँडै फर्स्यौट गर्नको लागि

टूरिङ् जजहरू पठाउने प्रबन्ध हुँदो छ। भ्रष्टाचार-निवारणसम्बन्धमा पनि तदारुखसाथ कारवाई भइरहेछ।

जिल्ला-जिल्लाको सुशोसनको लागि सरकारले हालैमा बड़ा-हाकिमहरूको अदली-बदली गरेको छ। राष्ट्रहितको एकमात्र भावनाले प्रेरित भएर बड़ाहाकिमले आफ्नो-आफ्नो जिल्लामा काम गर्ने छन् भन्ने आशा गरिएको छ।

ऐन-कानूनको सुधार चाँडै सुसम्पन्न हुन सक्तै न भन्ने तपाईंहरू-लाई विदितै छ। ल-कमिशनले पुरानो ऐन-सवाल आधुनिक प्रणालीमा परिणत गर्दैछ, नयाँ बनाइएका ऐनहरू पनि आधुनिक तौरका हुँदै-आएका छन्।

यथासंभव शीघ्र चुनाव हुने प्रबन्ध भइरहेछ।

गत वर्षाकालमा खाद्यसंकट हुने आशंका भई दस लाखसम्म पनि नोक्सानी सहने विचार गरी सस्तो मोलमा खाद्यान्न बिक्री गर्ने काम भयो औ उपत्यकाको खाद्यान्न--संकट अपेक्षाकृत कम भयो।

गत दुखद बाढ़-प्रकोपको सम्बन्धमा केही विशेष उल्लेख गर्नु पर्ने देख्तछौं। पूर्व तराई, खास गरेर जिल्ला रौतहट, र पहाड़मा पूर्व पश्चिमतर्फ १ र २ नम्बर जिल्लाहरूमा बाढ़को खास मार पऱ्यो। डेढ़ करोड़भन्दा बढ़ीको क्षति भएको अनुमान भएको छ। सरकारको साधन सीमित भएँ पनि करिब १२ लाख रूपैया निकासा भइसक्यो, अझै अरू जरूरत भएमा अझै पनि निकासा दिने विचार

छ। भारत, ब्रिटेन, र अमेरिकाबाट दुःखनिवारण, घरबारविहीनको पुनर्संस्थापन, र क्षतिपूर्ति इत्यादि बाढ़जन्य काममा बहुमूल्य सहायता प्राप्त भएको छ। श्री ५ महाराजाधिराज बुवाज्यूको राष्ट्रीय दुःख-निवारण कोषको उद्घाटन भएकोमा सुदूर देशसमेतबाट चन्द आएको छ। हाम्रो राष्ट्र सेना, पुलिस औ इंडियन मिलिटरी मिशनका जवानहरूले हाम्रो जीवन-स्रोतस्वरूप भीमफेदी-अमलेखगंज रोडको पुनर्संचालनमा प्रशंसनीय काम गरिरहेछन्। सम्बन्धित सबै सरकारिया विभागहरूले पनि अवस्थानुसार बाढ़-प्रकोपको दुःखनिवारणको काममा हाथ बटाएका छन्। यस सल्लाहकार सभाका तपाईं सदस्यहरूबाट पनि बहुमूल्य सल्लाह र सहायता पाइएको छ। यस प्रकारको आन्तरिक र बाह्य सहयोगबाट बाढ़जन्य क्षतिको पूर्ति चाँडै नै हुने छ भन्ने आशा गरिएको छ।

एवम् प्रकारले राष्ट्रहितको लागि प्रयत्न भइरहेछ। सरकारको उद्योगमा केही त्रुटि रहनु असम्भव छैन, दृष्टिदोष पनि हुन सक्तछ। अतएव सरकारलाई आफ्नो कर्तव्य सुचारु-रूपले पालन गर्नमा निर्मा-णात्मक आलोचना तथा परामर्श दिनु नै तपाईहरुको कर्तव्य हो। व्यक्तिगत, पार्टीगत, तथा त्यस्तै अरु संकुचित भावनाले राष्ट्रहितको भावनालाई दबाएको देख्नु भयो भने त्यस्तो निरर्थक या अनर्थक भावनालाई कदापि सहन नगर्नु होला भन्ने तपाईंहरूमा प्रार्थना गर्दछु। हरेक कामको आदिमा, मध्यमा, अन्तमा, सदासर्वदा सर्वत्र राष्ट्रहितको भावना नै ओतप्रोत रहनु पर्दछ भन्ने हामी सबैको नीति हुनु पर्दछ।

श्री पशुपतिनाथले हाम्रो राष्ट्रीय भावनालाई सदासर्वदा जाज्वल्यमान राखुन् भन्ने हाम्रो हार्दिक प्रार्थना छ। जय नेपाल।

## परिशिष्ट १० (ग)

### दोस्रो सल्लाहकार सभाको प्रथम अधिवेशन समाप्ति-सन्देश

श्री ५ महाराजाधिराजबाट सल्लाहकार सभालाई पठाइबक्सेको निम्नलिखित संदेश श्री ५ युवराजाधिराजबाट मध्याह्न १२ बजे, सभालाई पढ़ेर सुनाइबक्स्योः—

"मलाई संचो नहुँदा तपाईंहरूसित स्वयं भेट हुन पाएन तापनि तपाईंहरूको शुभेच्छाले गर्दा मलाई केही फायदा भएरै आएको छ। यस पाला पूर्ण अधिवेशन हुन पायो। तपाईंहरूले पनि प्रशंसनीय काम गर्नु भएको हुनाले सल्लाहकार सभाको राम्रो जग बस्न गएको छ।

यो वर्षको दोस्रो अधिवेशनमा पनि आउनु हुने छ। अर्को अधिवेशनको तिथि पनि निश्चत भई घोषित भएको छ। यो प्राथमिक अधिवेशन चाहिं आज समाप्त भयो।

सल्लाहकार सभाको भाद्र १, २०११-को
बैठकको कार्यवाहीको विवरणबाट

## परिशिष्ट ११ (क-१)

### शाहो सम्बोधनमा धन्यवादको प्रस्ताव
(प्रथम अधिवेशन)

श्री होरा प्रसाद जोशीले निम्नलिखित प्रस्ताव पेश गर्नु भयोः—

"श्री ५ महाराजाधिराजलाई देहायबमोजिमको सम्बोधन पेश

गरियोस्:—

सल्लाहकार सभाको प्रथम अधिवेशनमा एकत्रित भएका सदस्यहरू श्री ५ महाराजाधिराजबाट सभालाई बक्सेको कृपापूर्ण सम्बोधनको निमित्त कृतज्ञता प्रकट गर्दछन् ।"

श्री काशी प्रसाद श्री बास्तवले उक्त प्रस्तावको समर्थन गर्नु भयो ।

## परिशिष्ट ११ (क–२)

### शाही सम्बोधनमा धन्यवादको प्रस्ताव

### ( द्वितीय अधिवेशन )

शाही सम्बोधनमा मार्ग ६ गते, २०११ -को दिन श्री विजय बहादुर मल्लले निम्नलिखित धन्यवादको प्रस्ताव पेश गर्नु भयोः—

सल्लाहकार सभाको द्वितीय अधिवेशनमा एकत्रित भएका सदस्यहरू श्री ५ महाराजाधिराजको तर्फबाट श्री ५ युवराजाधिराजबाट सभालाई बक्सेको कृपापूर्ण सम्बोधनको निमित्त कृतज्ञता प्रकट गर्दछन् ।"

श्री अवनिकुमार शर्माले प्रस्तावको समर्थन गर्नु भयो ।

## परिशिष्ट ११ --(ख)

शाही सम्बोधनमा श्री विजयबहादुर मल्लद्वारा प्रस्तावित र श्री अवनिकुमार शर्माद्वारा समर्थित उक्त ( ११ क २ ) धन्यवाद-प्रस्तावमा जम्मा १३४ संशोधन-प्रस्ताव आएका थिए जसमध्ये नमूनाको रूपमा केही यहाँ दिइएका छन्:-

प्रस्तावको अन्तमा निम्नलिखित कुराहरू जोड़ियोस्:—

'तर खेद छ कि २००७ सालको क्रान्तिमा शहीद भएका एवं घाइते भएका देशसेवकहरूका परिवारका लागि आर्थिक सहायता दिने विषयमा केही उल्लेख छैन ।'

—डा० भूदेव राई

'तर खेद छ कि काठमाड़ौंदेखि बाहिर सरकारको दृष्टि छैन ।'

—डा० भूदेव राई

'परन्तु खेद है कि सरकार मुद्रास्फीति और अवमूल्यन रोकनेके लिए कोई प्रयास नहीं कर सकी है ।'

—कृष्णगोपाल टण्डन

'तर खेद छ कि राष्ट्रको धनलाई बहिन्याउने शृङ्गार र विलास-सामानहरूलाई रोक्ने विषयको केही उल्लेख छैन ।

—सरस्वती राई

'परन्तु खेद है कि स्वतन्त्र तथा निष्पक्ष न्याय-प्रणाली और उसकी मर्यादा पर आघात किया गया है ।'

—वेदानन्द झा

'तर खेद छ कि सरकारले मद्यनिषेध गर्न चाहेन ।'

—शिवेन्द्र विक्रम

'लेकिन इस बातके लिए तकलीफ है कि खेती की उपज बढ़ाने के लिए छोटी-छोटी योजनाएँ लागू करने की जरूरत नहीं महसूस की गयी ।'

—शेख ल्याकत अली

'तर खेद छ कि राष्ट्रको एकताको निमित्त चाहिनु पर्ने एक राज्यको नीतिको उल्लेख नभई अझै पनि देशी रजौटाहरू कायम राखिएका छन ।'

—काशीराज उपाध्याय

'तर खेद छ कि राष्ट्रको प्राण जुन तत्त्वमा आधारित र देश-मरमा जुन व्यापक रूपले आवश्यक छ त्यस्तो खाद्यान्नको उत्पादन-वृद्धिमा अत्यावश्यक नहर-बाँध-पैनको व्यापक व्यवस्थाको चर्चासम्म-पनि गरिएको छैन ।'

—दुण्डिराज शर्मा

'तर खेद कि असह्य कड़ा ब्याजको ऋणमा डूबेका देशका जनतालाई क्रमशः ऋणमुक्त गराई नव जीवन प्रदान गर्ने विषयको चर्चा छैन ।'

—दुण्डिराज शर्मा

# परिशिष्ट १२ (क) र १५ *

## सदनको कार्य-सूचीको एक नमूना

## सल्लाहकार सभा

### मंगलबार, मार्ग १५, २०११ को कार्यक्रम

(१) माननीय श्री मातृका प्रसाद कोइराला, प्रधान मन्त्री, ले निम्नलिखित प्रस्ताव पेश गर्नु हुनेछः—

बाढ़ी र अनावृष्टिजनित परिआएको समस्यालाई तात्कालिक समाधानका लागी एउटा समितिको गठन आवश्यक देखिएको र भइरहेको समितिको कार्य-परिधि र अधिकारको निर्णय नभएबाट कार्य हुन नसकेकोले निम्नलिखित सदस्यहरूको एउटा नवीन समिति गठित होस् जसले कि वर्षा तथा बाढ़बाट भएको क्षतिमा यथोचित सहायता पुग्न नसकेको कारणहरूको छानबीन गरोस् र बाढ़-पीड़ितहरूलाई दिने सहायताको सम्बन्धमा, तथा सूखाद्वारा उत्पन्न भएको स्थितिको सामना गर्नेको निमित्त, आफ्नो सुझाव पेश गरोस्।

१. श्री बालचन्द्र शर्मा २. श्री मा. प्र. कोइराला ३. श्री केसरसम्शेर, ४. श्री भद्रकाली मिश्र, ५. श्री गुलाब नारायण झा, रौतहट,

---

*सदनको एक दिनको कार्य-सूचीको यसै नमूनामा सरकारी प्रस्तावको एक नमूना पनि भएकोले ती दुवैलाई छुट्टाछुट्टै प्रकट गर्न यस परिशिष्टमा दुइ संख्या दिइएका छन्। परिशिष्ट १२ (क) 'सदनको एक दिनको कार्य-सूचीको नमूना'—को निमित्त र परिशिष्ट १५ 'सरकारी प्रस्तावको एक नमूना' को निमित्त हो।

६. श्री वेदानन्द झा (सप्तरी ४ प्रगन्नना), ७. श्री विश्वनाथ ठाकुर (महोत्तरी), ८. श्री कुलचन्द्र कोइराला(पू २ नं), ९. श्री रामेश्वर प्रसाद अर्याल (स १० प्रगन्नना) १०. श्री राजेश्वर देवकोटा (गोर्खा), ११. श्री रामहरि शर्मा (चि. गढ़ी ),१२. श्री पुण्यप्रभादेवी (उपत्यकाञ्चल ), १३. श्री निस्तार राय (सर्लाही), १४. श्री हंसराज (प. १ नं), १५.श्री कृष्ण बहादुर थापा (मोरंग), १६. श्री पद्मबहादुर सिंह (तौलिहवा), १७. श्री भूदेव थुलुंग।

(२) माननीय श्री भद्रकाली मिश्रले निम्नलिखित बिल पेश गर्न अनुमति माग्नु हुनेछ र अनुमति प्राप्त भएपछि पेश पनि गर्नु हुने छः—

आवश्यक वस्तु-संक्षरण बिल, २०११

जन-उपयोगको आवश्यक वस्तुविशेषको संरक्षणको निमित्त बनेको विधेयक (बिल)।

(३) माननीय श्री नारदमुनि थुलुंग, मालपोत तथा वन मन्त्रीले प्रस्ताव पेश गर्नु हुने छ कि 'पर्ती जग्गा प्राप्त गर्ने विधेयक, २०११'-माथि विचार गरियोस्।

कुलशेखर शर्मा
सेक्रेटरी

# परिशिष्ट १२ ( ख )

## सल्लाहकार सभाको दैनिक कार्य–विवरणको नमूना

## सल्लाहकार सभा

### आइतवार, माघ १७, २०११-को कार्यको संक्षिप्त विवरण

माननीय अध्यक्षको अध्यक्षतामा सभाको कार्य अपराह्न १ बजेर १० मिनेटमा प्रारम्भ भयो ।

प्रारम्भमा श्री माननीय अध्यक्षले कटौतीका प्रस्तावहरूमा छापिन गएका केही अशुद्धिहरूलाई सच्याउने अनुरोध गर्नु भयो ।

१। श्री माननीय परराष्ट्र मंत्रीले निम्नलिखित प्रस्ताव पेश गर्नु भयो :

'श्री राजकीय परिषद्को सिफारिशबाट म प्रस्ताव गर्दछु कि ३३ परराष्ट्रको अन्तर्गत आर्थिक वर्ष २०११-१२-को निमित्त मो, रु. ५३००० तथा भा. रु. १२८०००–को अनुदान स्वीकार गरियोस्।'

निम्नलिखित माननीय सदस्यहरूले कटौतीका प्रस्ताव पेश गर्नु भयो :

श्री रत्नप्रसाद खरेल, श्री जगत्बहादुर सिंह, श्री जनकप्रसाद राजभण्डारी, श्री लक्ष्मीप्रसाद देवकोटा, श्री रामचन्द्र सिंह, श्री मृगेन्द्र शम्शेर ज. ब. रा. ।

निम्नलिखित माननीय सदस्यहरूले बोल्नु भयो :

श्री हेराप्रसाद जोशी, श्री बेदानन्द झा ।

श्री रत्नप्रसाद खरेल तथा श्री विष्णुकान्त ठाकुरका प्रस्तावमा छलफल भयो ।

त्यसपछि श्री माननीय परराष्ट्र मंत्रीले छलफलको उत्तर दिनु भयो ।

श्री जगत्बहादुर सिंह, श्री जनकप्रसाद राजभण्डारी, श्री लक्ष्मीप्रसाद देवकोटा, श्री रामचन्द्र सिंह तथा श्री मृगेन्द्र शम्शेर ज.ब.रा.–ले आफ्ना कटौतीका प्रस्तावहरू वापस लिनु भयो ।

श्री रत्नप्रसाद खरेलको निम्नलिखित कटौतीको प्रस्ताव स्वीकृत भयो:-

"वि. खर्च २-को २३ परराष्ट्र शीर्षकमा भा.रु. १-मात्र बाँकी राखी अरु जम्मै घटाइयोस्, बढ्दो खर्च भई अनावश्यक भएकोले ।"

उक्त कटौतीको प्रस्तावमा बिभाजनद्वारा मत लिइएको थियो; र विभाजनको परिणाम यस प्रकार थियो :

कटौतीको प्रस्तावको पक्षमा — ४३

कटौतीको प्रस्तावको विरोधमा — ३६

श्री रत्नप्रसाद खरेलले आफ्नो अर्को संशोधन वापस लिनु भयो ।

उक्त कटौतीको प्रस्तावद्वारा संशोधित रूपमा श्री माननीय परराष्ट्र मंत्रीद्वारा प्रस्तुत अनुदानको माग स्वीकृत भयो ।

श्री माननीय परराष्ट्र मंत्रीले, शेष अनुदानका मागहरू पेश गर्न भएकोले सभा माघ १८, २०११ अपराह्न १ बजेसम्मको निमित्त स्थगित भयो ।

# परिशिष्ट १३

## सरकारी विधेयकको नमूना

## पर्ती जग्गा प्राप्त गर्ने विधेयक (बिल), २०११

सल्लाहकार सभामा पेश गरिएको

राष्ट्रीय उत्पादन बढ़ाउनको निमित्त पर्ती जग्गा प्राप्त गर्नको लागि बनेको विधेयक ( बिल )

सल्लाहकार सभाका सल्लाहअनुसार श्री ५ महाराजाधिराज-बाट देहायको ऐन स्वीकार गरी जारी गरिबक्सेको छः

संक्षिप्त नाम र विस्तार

१. (क) यो ऐनको नाम 'पर्ती जग्गा प्राप्त गर्ने ऐन, २०११' भन्ने रहेको छ।

(ख) यो ऐन नेपाल राज्यभर लागू हुने छ।

२. (क) पर्ती जग्गाले जन-कार्यको निमित्त पर्ती राखिएको टुँड्खेल, सरकारले उपयोग गरिरहेको जग्गा, पार्क, गौचर, खेलकूद गर्ने चौर, तलाउ, च्यान र मसान-घाट, जग्गामध्येको केही प्रतिशत घर बनाउने सामान उत्पादन गर्नाको निमित्त छुट्याइएको जग्गा इत्यादि बाहेक अरू पर्ती रहेको जग्गालाई जनाउँदछ। तर, शहर, वन गाउँको भित्रको बाँझो जग्गालाई यस ऐनको निमित्त 'पर्ती जग्गा' भनी मानिने छैन।

१. जुन जग्गा सरकारी श्रेस्तामा वीरान वा पर्ती भनी जनाइएको छ।

२. जुन जग्गा यो ऐन लागू भएको मितिदेखि ३ वर्ष-अघिदेखि नै आबाद भएको छैन।

(ख) यदि कुनै जग्गाको विषयमा पर्ती हो-होइन भन्ने विवाद उत्पन्न भयो भने बड़ाहाकिम, मोलको हाकिम र अपीलको सुब्बाले बनेको ट्रिब्यूनलले संक्षिप्त तहकीकात (ठाड़ो) गरी फैसला गर्ने छ। त्यसको उपर अपील पऱ्यो भने ट्रिब्यूनलको अपील सुन्ने सरकारबाट भएको निर्णय अन्तिम हुनेछ।

निश्चित उद्दे- ३.(क) घर नभएका र सुकुंबासीलाई बसाउने सरकारी
श्यका लागि फार्महरू स्थापित वा संगठन गर्ने उद्देश्यले सरकार-
पर्ती जग्गा ले कुनै पर्ती जमीन प्राप्त गर्न सक्दछ।
प्राप्त गर्ने अधिकार

(ख) सो जग्गा प्राप्त गर्नेबारेको कारवाई जग्गा-जमीन-गोश्वाराको ऐन ५ दफाअन्तर्गत जग्गा प्राप्त गर्ने सम्बन्धित ऐनबमोजिम हुनेछ।

४. जग्गा-जमीन-गोश्वाराको ऐनमा जेसुकै लेखिए पनि ३ दफाबमोजिम पर्ती जग्गा प्राप्त गर्दा सरकारले कुनै क्षतिपूर्ति दिने छैन।

गबाद गर्ने ५. दफा ३ अन्तर्गत कुनै जग्गा प्राप्त गर्नुभन्दा अगावै

सूचना दिने — सो जग्गा आबाद गर्नको निमित्त जग्गाधनीलाई सूचना दिइने छ । जग्गाधनीले तोकिएको अवधि-भित्र सो जग्गा आबाद गरे-गराएमा त्यसको जग्गा सरकारद्वारा प्राप्त गरिने छैन ।

नियम बना- उने अधिकार ६. — यो ऐनको उद्देश्य-पूर्ति गर्नको लागि सरकारले नियमहरू बनाउन सक्तछ ।

## उद्देश्य र कारण

हाम्रो कृषिप्रधान मुलुकमा कुनैले हजारौं बिघा जमीन पर्ती राखिराखेका र कुनैले घर बनाई बस्नसम्म पनि जग्गा पाएको छैन । फलस्वरूप राष्ट्रीय उत्पादनमा धेरै नोक्सान भइरहेको र सामाजिक दृष्टिकोणले पनि यो व्यवस्था न्यायपूर्ण नदेखिनाले सामाजिक न्याय तथा राष्ट्रीय उत्पादन बढाउनानिमित्त यो 'पर्ती जग्गा प्राप्त गर्ने ऐन, २०११' तयार भएको छ ।

# परिशिष्ट १४

## गैरसरकारी विधेयकको नमूना

## नेपाल विवाह बिल, २०११

प्रचलित वैवाहिक व्यवस्थाका दोषहरू हटाई युगसुहाउँदो एक नयाँ न्यायोचित वैवाहिक व्यवस्था र तत्सम्बन्धी नारी–अधिकारको व्यवस्थापनको निम्ति पेश गरिएको बिल ।

१. सल्लाहकार सभाका सल्लाहले श्री ५ महाराजाधिराजबाट देहाय-बमोजिमको ऐन जारी गरीबक्सिएको छ :—

(१) यस ऐनको नाम 'नेपाल विवाह ऐन, संवत् २०११' रहेको छ।

(२) यो ऐन पास भएका मितिदेखि लागू हुने छ।

(३) यो ऐन नेपाल देशभरमा लागू हुने छ।

२. **परिभाषाः**— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा देहायका शब्द वा शब्दहरूको अर्थ देहायबमोजिम हुनेछ :—

(१) **बहु विवाह**— पतिले पत्नी छँदाछँदै अर्की स्त्रीसित विवाह गर्नु र पत्नीले पति छँदाछँदै अर्को पुरुषसित विवाह गर्नु बहु विवाह हो।

(२) **बाल-विवाह**— यसले १८ वर्ष नपुगेको कन्याको विवाह एवं २१ वर्ष नपुगेको केटोको विवाहलाई जनाउँदछ।

(३) **अनमेल विवाह**— यसले उमेर नमिलाई गरेको विवाहलाई जनाउँदछ।

(४) **विधवा-विवाह र विधुर-विवाह**—पति मरेपछि अर्को विवाह गर्नु विधवा-विवाह हो र पत्नी मरेपछि अर्को विवाह गर्नु विधुर-विवाह हो।

(५) **अवैध विवाह**— विवाह-कालमा कूट-पोटका ऐनमा लेखिएको ठूलो अङ्ग-भङ्ग भएका स्त्री पुरुषसित वा गर्भिणीसित कुनै किसिमले झुक्याई, ढाँटी वा जबर्दस्ती गरेको विवाह अवैध विवाह हो।

३ **बहुविवाह--निषेध र सजाय**— (१) अब्रउपरान्त बहु विवाह गर्न हुँदैन। यस्तो विवाहलाई विच्छेदित गरी विवाह गर्नेलाई एक वर्ष कैद नै हुन्छ। विवाह गराउने पुरोहित र अरू सहायकहरूलाई रु २००। दुइ सयका दरले दण्ड हुन्छ।

**बाल-विवाह-निषेध र सजाय**— (२) अब्रउपरान्त बाल-विवाह गर्न हुँदैन। यस्तो विवाहलाई विच्छेदित गरी सो गर्ने-गराउनेलाई तीन महीनादेखि एक वर्षसम्म कैदै हुन्छ। पुरोहित र अरू सहायकहरूलाई जनही रु २००। दुइ सय दण्ड हुन्छ।

**अनमेल-विवाह- निषेध र सजाय**—(३) अब्रउपरान्त अनमेल विवाह गर्न हुँदैन। अनमेल विवाह गर्ने--गराउनेलाई सो विवाह विच्छेदित गरी तीन महिनादेखि दुइ वर्षसम्म अवस्था हेरी कैद नै हुन्छ। पुरोहित र अरू सहायकहरूलाई रु २००। दुइ सयदेखि ५००। पाँचसयसम्म जनही दण्ड हुन्छ। वर र वधूको उमेरमा ७ वर्षभन्दा बढ़ीको फरक हुनु हुँदैन।

**अपवाद**— उमेर नपुगेकाहरुका हकमा माथि दफा-दफामा लेखिएका कैद र सजाय गर्नु पर्दैन, केवल विवाह विच्छेद गरी छोड़िदिए हुन्छ।

**विधवा-विवाह र विधुर-विवाह गर्न हुने अवस्था** (४) निम्न-लिखित शर्त पूरा भएमा अब्रउपरान्त विधवा-विवाह वा विधुर-विवाह गर्न हुन्छः-

(क) विधवा ३५ पैतीस वर्ष नाघेकी र सन्तान भएकी हुनु हुँदैन।

(ख) विधुर ४५ वर्ष नाघेको र सन्तान भएको नहोस् ।

**अपवाद**— सन्तान भएकोले विवाह गरेमा विवाह गर्नेलाई सन्तानको संख्या हेरी ५०० रु०--सम्म दण्ड गर्नू ।

**अवैध बिवाह-निषेध र सजायः**— (५) अघउपरान्त अवैध विवाह गर्न हुँदैन । सो गर्ने-गराउनेलाई अवस्था हेरी तीन महिना-देखि एक वर्षसम्म कैद नै हुन्छ र सो विवाह पनि विच्छेदित हुन्छ ।

५ **विवाहका अनिवार्य शर्तहरू**— दुइका बीचमा विवाह निम्न-लिखित शर्त पूरा भएमा नै हुन सक्छः—

(१) विवाहका निम्ति दुवैको स्वीकृति होस् ।

(२) दुवै पक्षमा कसैको पति या पत्नी नहोस् ।

(३) दुवैमा कोई पनि विवाहको समयमा पागल, क्षयपीड़ित कुष्ठी, पक्षाघात भएको र नपुंसक नहोस् ।

(४) वरको उमेर २१ वर्ष र कन्याको उमेर अठार १८ वर्ष-भन्दा कम नहोस् ।

(५) वर-वधू दुवै सपिण्ड र सगोत्री नहुन्; सपिण्ड र सगोत्रीमा कति पुस्ता त्रारने हो ? यसको विचार प्रचलित व्यवहार-अनुसार नै हुने छ ।

६ **विवाह-कालको हद**—स्त्रीले ४५ वर्ष नाघेपछि र पुरुषले ५० वर्ष पुगेपछि विवाह गर्न हुँदैन । यस ऐनको विरुद्ध चल्नेलाई रु. १००—सम्म न्यायाधीशका तजवीजले दण्ड हुन्छ ।

७ **वैवाहिक अधिकारको वापसी**—यदि पति-पत्नी एकसाथ बस्न

चाहँदैनन् र विवाह विच्छेदन गर्न पनि चाहँदैनन् भने उनीहरू अलग बस्ने प्रार्थना न्यायालयसित गर्न सक्दछन् र त्यसको अनुमति निम्नलिखित कारणहरू भएमा न्यायालयले दिन सक्दछ। तर यस स्थितिमा उनीहरू कसैसित विवाह गर्न सक्दैनन् :—

(१) यदि पति–पत्नी कुनै एकले दुइ वर्ष देखि अर्कोलाई त्यागिदिएको छ भने;

(२) यदि दुवैमध्ये कुनै एकले यस्तो निर्दय व्यवहार गरेको छ कि संग बस्दा दुवैमध्ये कुनै एकको वा दुवैको सुरक्षा असम्भव हुन्छ भने;

(३) यदि पति-पत्नीमध्ये कुनै एकको दिमाग खराव भएको छ भने;

(४) यदि दुवैमध्ये कसैलाई कुष्ठरोग भएको छ भने;

(५) यदि पतिले उपपत्नी वा पत्नीले उपपति राखेकी छ वा वेश्यावृत्ति गर्दछे भने ।

८ **विवाह-विच्छेदका शर्तहरू**—कुनै पनि विवाह–चाहे त्यो कानून बन्नुभन्दा पहिलेको किन नहोस्– बदर गर्न सकिन्छ, यदि पति-पत्नीमध्ये कुनै एकले निम्नलिखित कारण वा कारणहरू पेश गर्न सक्दछ:–

(१) पतिले उपपत्नी वा पत्नीले उपपति राखेको छ भनै;

(२) पति-पत्नीमध्ये कुनै एकले धर्म–परिवर्तन गरेको छ भने;

(३) यदि दुवैमध्ये कुनै एकलाई कुष्ट भएको छ भने र तीन वर्ष सम्म निको हुने सम्भावना देखिएको छैन भने;

(४) यदि दुवैमध्ये कुनै एकलाई पागलपनको बिमारी भएको छ र तीन वर्षसम्म पनि निको हुने सम्भावना देखिएको छैन भने;

(५) पति–पत्नीमध्ये कुनै एकको तीन वर्षदेखि पता लागेको छैन भने;

(६) न्यायालयबाट वैवाहिक अधिकारको वापसी लिएको दुइ वर्ष बितिसकेको छ भने ।

९ **दम्पतिको सम्पत्ति–अधिकार**–(१) विवाह भएपछि पति–पत्नी दुवैको सम्पत्तिमा बराबर अधिकार हुन्छ र पतिको स्वीकृतिबिना पत्नीले र पत्नीको स्वीकृतिबिना पतिले सम्पत्ति बेचबिखन गर्न पाउँदैन ।

(२) पति–पत्नी पृथक् रहेका अवस्थामा सम्पत्तिको आयको वितरण दुवैमा बराबर हुनेछ ।

१० **बालकहरूको संरक्षणको अधिकार**–छुट्टिएपछि वा विवाह–विच्छेद भएपछि उभेर नपुगेसम्म छोरा–छोरीहरू आमाका साथ रहने छन् र उनीहरूको पालन–पोषण र पढ़ाईको खर्च बाबुले भर्नु पर्ने छ ।

११ **दाइजो–निषेध र छोरीको अंशाधिकार**–(१) छोरीलाई दिने उपहार, जस्तै एक–दुइ जोर लुगा–गहनाहरूसिवाय अरू कुनै किसिमको दाइजो लिनु–दिनु हुँदैन । दाइजो दिनेलाई तीन महिना र दाइजो लिनेलाई ६ महिना कैद नै हुन्छ ।

(२) बाबु–आमाको सम्पत्तिमा छोरा–छोरी–दुवैको बराबर हक लाग्दछ । छोराको अभावमा छोरी नै बाबु–आमाको

सम्पत्तिकी पूर्ण उत्तराधिकारिणी हुन्छे, यदि छोराको पनि कोई उत्तराधिकारी छैन भने।

(३) बाबु-आमाको अंश-भागजति आमा-बाबुको साथ रहने छोरा कै हुन्छ।

१२ **विवाहमा फजूल खर्च रोक्ने**—विवाहमा २५ जवानभन्दा बढ़ी जन्ती लैजान र ५०० रुपियाँभन्दा बढ़ो खर्च गर्न हुँदैन। यस ऐनको विरुद्ध आचरण गर्नेलाई रु ५००-देखि ५०००-सम्म दण्ड हुन्छ।

## उद्देश्य र कारणहरूको विवरण

विवाह भनेको जीवनको सबैभन्दा महत्त्वपूर्ण घटना हो। तर हाम्रो देशमा वैवाहिक व्यवस्था अत्यन्त दोषपूर्ण छ जसले महिलाहरूको गौरवमा धक्का पुऱ्याएको छ र समाजमा अनेक दुराचार फैली समाज र देशको नैतिक आधार नै खलबलिएको छ।

समाजको चारित्रिक स्तर ऊँचा उठाउन र बहुविवाह आदि-द्वारा महिलाहरूउपर जुन अत्याचार-अन्याय भइरहेको छ त्यसलाई रोक्नु अत्यन्त आवश्यक भएकोले यो बिल यस सभाको समक्ष पेश गर्दछु।

मिति २८ आश्विन २०११ —*तारादेवी शर्मा*

# परिशिष्ट १६

## गैरसरकारी ( *सामान्य* ) प्रस्तावका केही नमूना

१. *कृष्ण गोपाल टन्डन*– सभा की यह राय है कि नेपाल रेडियो के दैनिक कार्यक्रम में कमसेकम २०मिनट प्रति ब्राड्कास्ट में राष्ट्रीयता, नैतिकता, चारित्रिक गठन, नागरिक कर्तव्य, प्रजातान्त्रिक सिद्धान्त, अपनी संस्कृति के प्रति आदर, सरकार और नागरिकों के बीच के सम्बन्ध तथा मितव्ययिता, जिनपर भी राष्ट्रका उत्थान और जीवन निर्भर होता है आदि विषयों पर प्रवचन, गीत, व्याख्यान, तथा संभाषण, लघु नाटक आदिका स्थान अनिवार्य रूप से हो ।

२. *श्री रास विहारी राय*– सभाको राय छ कि देशमा दृढतर एकता कायम गर्नका निमित्त यो आवश्यक छ कि तराईका माध्यमिक-सम्मका स्कूलहरूको पाठ्यक्रममा नेपाली भाषाको शिक्षण र पहाड़को माध्यमिक स्कूलहरूसम्मको पाठ्यक्रममा हिन्दीको शिक्षण अबदेखि एक अनिवार्य विषय राखियोस् ।

## (कटौती) प्रस्ताव

### परराष्ट्रसम्बन्धी

रत्नप्रसाद खरेल—वि० खर्च २-को २३ परराष्ट्र शीर्षकमा भा० रू० १J- मात्र बाँकी राखी अरू घटाइयोस्, बढ़ी खर्च भै अनावश्यक भएकोले ।

# परिशिष्ट १७

## संशोधन-प्रस्तावका केही नमूना

सरकारतर्फबाट पेश गरिएको 'पर्ती जग्गा प्राप्त गर्ने विधेयक, २०११' (परिशिष्ट १३)-मा सल्लाहकार सभाको मार्ग १८ गते, २०१४-को कार्य-सूचीअनुसार जम्मा २९ संशोधन--प्रस्ताव पेश भए। नमूनाको रूपमा तीमध्ये शुरूका चारवटा यहाँ दिइएका छन् :—

१) श्री देवनाथदास यादव– दफा २ (क) खारेज गरी निम्नलिखित दफा २ (क) राखियोस्:-२ (क) देहायका जग्गा पर्ती भनी मानिने छन् –(१)सरकारिया श्रेस्तामा वीरान वा पर्ती भनी जनाइएको जग्गा। (२) यो ऐन लागू भएको मितिभन्दा ३-वर्षअघिदेखि आबाद नभएको जग्गा।

तर, माथि (१) तथा (२)-मा लेखिएको जग्गा जन-कार्यका निमित्त पर्ती राखिएको छ वा सरकारले टुँड्खेलको रूपमा उपयोग गरिराखेको छ वा त्यसमा पार्क, गौचर, खेलकूद गर्ने चौर, तलाउ, च्यान र मसानघाट बनाइएको छ वा सो जग्गामध्ये केही प्रतिशत घर बनाउने सामान उत्पादन गर्नाको निमित्त छुट्याइएको छ भने त्यस्ता जग्गालाई यस ऐनको निमित्त पर्ती जग्गा भनी मानिने छैन, र शहर वा गाउँ भित्रको बाँझो जग्गालाई पनि यस ऐनको निमित्त पर्ती जग्गा भनी मानिने छैन।

२) श्री तारादेवी शर्मा–दफा २ (क) चौथा पंक्तिमा "जग्गा" र "इत्यादि"-को बीचमा "वन-जंगल" राखियोस् तथा "अरू"

र "पर्ती"-को बीचमा "रैकर, बिर्ता गैह" राखियोस् ।

३) श्री दुण्डिराज शर्मा-- दफा २ (क) चौथा पंक्तिमा 'अरू' र '
को बीचमा 'रैकर, बिर्ता, गुठीलगायत गैह किसिमका' रा
योस् र पाँचौं पंक्तिमा 'बाँझो जग्गा' र 'लाई'-को बी
'स्कूल, पुस्तकालय, वाचनालय, पंचायत, काँजी हाउस अ
सार्वजनिक कामलाई उपयोगी वा आवश्यक ठहरिएको बाहे
राखियोस् ।

४) श्री दुण्डिराज शर्मा-- दफा २' उपदफा (ख)-को दोस्रो पंक्तिक
"सुब्बा"-को सट्टा 'सर्वोच्च अधिकारी' राखियोस् ।

—:❀:—

## परिशिष्ट १८

### छलफल टुंग्याउने प्रस्तावको एक नमूना

म प्रस्तावित गर्दछु कि ... ... ... ... विषयमा सदनमा ऐले चलिरहेको छलफल टुंग्याइयोस् ।

---

## परिशिष्ट १९

### प्रश्नहरूका केही नमूना

१- श्री तारादेवी शर्माले श्री माननीय शिक्षा मन्त्रीज्यूसंग सोधने:- विदेशमा विशेष शिक्षा लाभ गर्न पठाइएका छात्रहरू पास मार्कको आधारमा वा कुन योग्यताका आधारमा पठाइने

गरेका छन् ?

२- श्री भीमबहादुर बुढाथोकी मगरले श्री माननीय योजना-विकास मन्त्रीजीसंग सोधनेः-

के पूर्व-पश्चिम पहाड़मा अघि चलेको ताँबा, फलाम, सीसा, सोभिता आदि खनिज पदार्थको घरेलु उद्योग पुनः चालू गर्न सरकारले कुनै कानून बनाएको छ? यदि छ भने कैले-सम्म तयार भै स्वीकृत हुन्छ ?

३)- श्री बलबहादुर राईले श्री माननीय स्वास्थ्य मन्त्रीजीसंग सोधनेः-

के पूर्व ३ नम्बर ओखलढुंगामा सरकारले आधुनिक किसिमको मेडिकल अस्पताल राख्ने प्रबन्ध गरेको छ ?

४- श्री सुन्दरलालले श्री माननीय स्वास्थ्य मन्त्रीजीसंग सोधनेः-

भद्रपुर इलाकाको मलेरियाले ज्यादा सताइएको क्षेत्रमा सरकारबाट डी डी टी पाउडर दिने केही प्रबन्ध भएको छ ? छ भने कैलेदेखि ?

५- श्री तारादेवी शर्माले श्री माननीय प्रधान मन्त्रीजीसंग सोधनेः-

के सरकारी नियुक्तिहरूमा केही प्रतिशत महिला वर्गको लागि छुट्याइराख्ने सरकारको नीति छ ? यदि छैन भने सरकारले त्यस नीतिलाई अपनाउने इरादा राखेको छ ?

६- श्री बासुगासाले श्री माननीय प्रधान मन्त्रीजीसंग सोधनेः-

यस वर्ष आजसम्म बाढ़-पीडितको निमित्त कहाँ कति खर्च भएको छ ?

७- श्री डा० झमनरामले श्री माननीय संसदीय प्रबन्ध मन्त्रीजीसंग

सोधनेः—

*नेपालके तराई तथा पहाड़ी इलाके में 'अछूत' कहलानेवाले व्यक्तियों की संख्या कितनी है ?*

## परिशिष्ट २०

### दोस्रो* सल्लाहकार सभाका अध्यक्षका केही व्यवस्था (Rulings)

द्वितीय सल्लाहकार सभाको प्रथम अधिवेशन १५ ज्येष्ठ, २०११-देखि शुरू भयो। नियमानुसार अध्यक्षको निर्वाचन नभएसम्म कार्यकारी अध्यक्षको रूपमा काम चलाउन श्री ५ महाराजाधिराजबाट श्री शिव-पति प्रताप शाह मनोनीत हुनु भएकोले १६ ज्येष्ठ, २०११—सम्म उहाँले नै अध्यक्षको कामचलाउनु भयो। उहाँको अध्यक्षतामा केवल सदस्यहरूलाई सल्लाहकार सभा ऐनको अनुसूची १—बमोजिमको शपथ ग्रहण गराउने काम भयो--*उहाँलाई चाहिं संसदीय प्रबन्ध मन्त्रालय का सेक्रेटरीले शपथ ग्रहण गराउनु भएको थियो।*

श्री शाहले अध्यक्षको आसन ग्रहण गर्नु भएपछि *संसदीय प्रबन्ध मन्त्रालयका सेक्रेटरीले* सदस्यहरूलाई क्रमशः नाम लिएर डाक्नु हुन्थ्यो। ती सदस्य सेक्रेटरीको समीपमा आई उभिनु हुन्थ्यो। उहाँको हातमा शपथ-पत्र दिइन्थ्यो। सदस्यले उक्त पत्रअनुसार शपथ

---

* प्रथम सल्लाहकार सभा चल्न नसकेकोले त्यसमा कुनै 'व्यवस्था' भएन।

लिनु हुन्थ्यो । अनि शपथ-पत्रमा आफ्नू हस्ताक्षर गरेर श्री सेक्रेटरीका सहायकलाई बुझाएर आफ्नू आसनमा गई बस्नु हुन्थ्यो ।

१—शपथ ग्रहण गरेर फर्कंदा कोई सदस्य सरासर आफ्नू आसनमा गई बस्नु हुन्थ्यो । कुनै सदस्यले का. मु. अध्यक्षलाई नमस्ते र कसैले सलाम पनि गर्नु हुन्थ्यो । यसको कुनै क्रम थिएन । देख्ता यो अलि भद्दा लाग्दथ्यो ।

१६ ज्येष्ठ, २०११-को दिन नियमानुसार अध्यक्षको चुनाव भयो । केही सदस्य पछि उपस्थित हुनु भएकाले उहाँहरूले शपथ ग्रहण गर्न बाँकी नै थियो । शपथ-ग्रहणको प्रयोग-विधिमा देखापरेको भद्दापनलाई हटाई राम्रो र नियमित व्यवस्था गर्न निर्वाचित अध्यक्षले २६ ज्येष्ठ, २०११-का दिन यो व्यवस्था (Ruling) दिनुभयो—

*अबउप्रान्त सदस्यहरूद्वारा शपथ ग्रहण गर्ने विषयमा एउटा भिन्न कार्यविधि अपनाइने छ जो इंगलैण्डको हाउस अफ कमन्समा अपनाइएका कार्यविधिको अनुरूप हुने छ । यो कार्यविधि यस प्रकार छः—*

*सेक्रेटरीले सदस्यको नाम पढ़ेर सुनाएपछि सदस्य आफ्नो स्थानबाट अध्यक्षको दाहिनेपट्टि आउनु हुने छ जहाँ कि उहाँलाई शपथ-पत्र दिइने छ । शपथ ग्रहण गरेपछि माननीय सदस्यले अध्यक्षको समक्ष आई अध्यक्षसंग हात मिलाएर, अध्यक्षको आसन पछिल्तिरबाट अर्को पट्टि जानु हुने छ र त्यहाँ रहेको टेबिलमाथि राखिएको शपथ-पत्रमा हस्ताक्षर गरेपछि आफ्नो*

आसन पुनः ग्रहण गर्नु हुने छ ।

दोस्रो सल्लाहकार सभाको प्रथम अधिवेशनमा श्री ५ महाराजाधिराज अस्वस्थतावश स्वयं सवारी हुन नसकिबक्सेकोले मौसूफको शाही सम्बोधन श्री ५ युवराजाधिराजबाट सभामा सवारी भई पढेर सुनाइबक्सियो । त्यसमा पेश भएको धन्यवादको प्रस्तावमा संसदीय प्रणालीअनुसार अनेक संशोधन प्रस्ताव आए ।

२-- शाही सम्बोधनमा कुनै प्रकारको आलोचना गर्दा स्वयं आफ्नो प्रिय राजामाथि नै आलोचना हुनजान्छ कि भन्ने कुरा बुझ्न अनेक सदस्यले अध्यक्षलाई उहाँको निवासस्थान र आफिसमा भेट्नु भयो । यसबारे सदनमै नियमानुसार व्यवस्था दिनु उचित ठानी अध्यक्षले २६ ज्येष्ठ, २०११-का दिन निम्नलिखित व्यवस्था (Ruling) दिनुभयो:--

धन्यवादको प्रस्तावमाथि हुने बहसको परिधिको विषयमा--काय-संचालन तथा कार्य-विधिको नियम १०-अनुसार श्री ५ महाराजाधिराजको सम्बोधनमा उल्लेख गरिएका समस्त कुराहरूमाथि सभामा छलफल हुन सक्ने छ । मेरो विचारमा, सम्बोधनमा सरकारले के-के गरेको छ तथा के-के गर्ने विचार गरेको छ त्यसको उल्लेख गरिएको छ र यस प्रकार, यसले शासन-प्रबन्धको सम्पूर्ण क्षेत्रलाई छोएकोछ । तसर्थ माननीय सदस्यहरूले धन्यवादको प्रस्तावमाथि छलफल गर्दा अन्तरिम शासन-विधान (दोस्रो संशोधन)-मित्र रही, सरकारसंग सम्बन्धित कुनै विषयको पनि उल्लेख गर्न सक्नु हुन्छ ।

सदनमा भाषाको विवाद खड़ा हुनजाँदा श्री लक्ष्मीप्रसाद देवकोटा-ले अंग्रेजीमा बोल्ने प्रयत्न गर्नुभयो। श्री मातृकाप्रसाद कोइराला भोजपुरीमा बोल्न उद्यत हुनुभयो। श्री विद्यानाथ पोखरेलले म संस्कृत-मा बोल्छु भन्न लाग्नुभयो। श्री बासुपोसाले नेवारीमा बोल्छु भन्नु भयो। श्री भीमबहादुर बुढ़ाथोकीले मगर भाषामा र कसैले किराती, थारू, मैथिली आदि भाषामा बोल्ने कुरा उठाउनु भयो। यस प्रकार विवाद खड़ा हुनगएकोले र राष्ट्र भाषाको विषय पनि संविधानकै अंग हुने भएकोले अध्यक्षले २१ आषाढ, २०११-का दिन निम्न लिखित व्यवस्था (Ruling) दिनुभयोः--

*देशमा बोलिने तथा भाषाको परिभाषाभित्र आउने भाषाको सदनमा प्रयोग गर्न सकिने छ।*

आषाढ २० गते, २०११-को दिन उपाध्यक्षको अध्यक्षता-मा चलिरहेको बैठकमा केही सदस्यहरूले फेरि भाषाको विवाद खड़ा गरेर उपाध्यक्षलाई निकै असजिलोमा पार्नुभयो र उपाध्यक्षले अन्तमा, अध्यक्ष आउनु भएपछि यसको-निर्णय दिनुहुनेछ भनी निर्णय स्थगित राखनु भयो। भोलिपल्ट सभा शुरू भएपछि अध्यक्षले अघिल्लो दिनको घटनामा खेद प्रकट गर्दै निम्नलिखित कुरा भन्नु भयोः-

*भाषाको प्रश्न लिएर बारबार सभाको कार्यमा बाधा दिरहनु ठीक होइन। सबैले एक भाषा, एक राष्ट्रको नीति अपनाउनु पर्दछ। म सबैसंग नेपालीमा नै बोल्ने अनुरोध गर्दछु। केवल नेपाली नजान्ने माननीय सदस्यहरूले मात्र हिन्दीमा बोल्नु भए बेस हुनेछ। कारण, यी दुइ भाषालाई मात्र अहिलेसम्म सदनमा अपनाउने*

परम्परा देखिन्छ । साथै माननीय सदस्यहरूले सदनमा संयमि भाषाको प्रयोग गर्नु पर्छ । सभाको गौरव र प्रतिष्ठाको वृद्धि यसैमा छ ।

४-- सभामा महिला सदस्यको उल्लेख हुँदा कसैले 'श्रीमती अमुक' भन्ने, कसैले 'माननीया सदस्या' भन्ने, कसैले 'माननीय सदस्या' भन्ने कसैले 'माननीया सदस्य' र कसैले 'माननीय सदस्य अमुक' भन्ने विविध प्रयोग आएकोले सदनका नेता श्री मातृकाप्रसाद कोइरालाले यो उचित भएन, 'माननीय सदस्या' भन्नु कस्तो होला भन्ने प्रश्न गर्नु हुँदा सदस्यता पद हो । जस्तो सचिव पदमा स्त्री अथवा पुरुष जोसुकैभए तापनि 'सचिव' नै भन्नु पर्ला; गवर्नर, बड़ाहाकिम, सुब्बा, खरिदार, सम्पादक आदिलाई पनि त्यसै गरी दर्जाकै हिसाबले गवर्नर, बड़ाहाकिम, सुब्बा, खरिदार आदि नै भन्नु पर्ला आदि कुराको व्याख्या गर्दै प्रस्तुत प्रश्नमाथि अध्यक्षले यो व्यवस्था दिनु भयोः—

महिला सदस्यहरूको उल्लेख गर्दा 'माननीय सदस्या' नभनी 'माननीय सदस्य' नै भन्नु पर्दछ । 'सदस्य' शब्द दुवै लिंगीलाई लागू हुने छ ।

५-- सभामा सम्बोधन गर्दा कुनै सदस्यले पार्टीका मीटिङहरूमा प्रचलित तरीकाले 'साथी अमुक' भन्नु हुन्थ्यो, कसैले 'माननीय अमुकजी' भन्नु हुन्थ्यो, कसैले 'सदस्य माननीय अमुकजी' र कसैले 'माननीय सदस्य श्री अमुक' भन्नु हुन्थ्यो । यस भिन्नतालाई एक रूपमा ल्याउन अध्यक्षले यो व्यवस्था दिनुभयोः--

कुनै पनि माननीय सदस्यले कुनै अन्य माननीय सदस्यको

नामोच्चारण गर्दा नामको अगाडि 'माननीय'--को प्रयोग गरि-रहनु पर्दैन, तर 'सदस्य' शब्दको प्रयोग हुनै पर्दछ। उदाहरणार्थ 'माननीय सदस्य श्री.....,तर श्री माननीय.....होइन।

६-- चलिरहेको बहसमा बोल्न इच्छुक सदस्यहरूमध्ये कसैले हात उठाउनु हुन्थ्यो, कोई 'म बोल्न पाउँछु कि?' भन्नुहुन्थ्यो, कसैले 'म बोल्न पाऊँ' भनी चिट लेखी दिनु हुन्थ्यो। यस्तै विविध प्रयोगलाई एकरूपता प्रदान गर्न २९ ज्येष्ठ, २०११-का दिन अध्यक्षले यो व्यवस्था दिनुभयो:—

माननीय सदस्यहरूले बोल्न चाहनु भएमा आफ्नै स्थानमा उभिनु पर्दछ र मैले नाम लिएपछिमात्र बोल्न सक्नु हुनेछ।

७-- सभामा कार्यस्थगन-प्रस्ताव बराबर आउन लागे--कहिले श्री चन्द्र-भूषण पाण्डेयको गिरफ्तारीमा, कहिले श्री मृगेन्द्र शम्शेरको गिरफ्तारीमा, कहिले दाङको आन्दोलनमा। यिनमा सदनको कार्यस्थगन किन हुन सक्तैन भनी अध्यक्षले बराबर व्याख्या गरिरहनु पर्दथ्यो।

यसै क्रममा ६ आषाढ, २०११-मा श्री वेदानन्द झाले महुत्तरीमा भएको अग्नि--काण्ड र अराजकतामाथि छलफल गर्न सदनको आजको अरू कार्यवाही स्थगित गरियोस् भन्ने प्रस्ताव ल्याउनु भएकोमा अध्यक्षले 'यो कुरा हालै घटित भएको पनि होइन, कार्यस्थगनको निमित्त आवश्यक हुने प्रयोजनको पनि लाग्दैन। अतः यस विषयमा ओएको स्थगनको प्रस्ताव पेश गर्न मिलेन भनी व्यवस्था दिनुभयो।

८-- प्रश्न सोधिने पहिला दिन माननीय अध्यक्षले प्रश्न सोधदा अपनाइने कार्यविधिको घोषणा गर्नुभयो। उहाँले भन्नुभयो कि प्रश्न-सूचीमा नाम रहेका माननीय सदस्यले आफ्नो नाम बोलाएपछि आफ्नो स्थानमा उभिनु पर्दछ र 'माननीय अध्यक्ष महोदय, अमुक नम्बरको प्रश्नको उत्तर म सम्बन्धित मन्त्रीज्यूबाट चाहन्छु' भन्नु पर्दछ। माननीय सदस्यले पूरा प्रश्न पढिरहनु पर्दैन। किन कि प्रश्न-सूची सबैमा वितरित भइसकेको छ।

९-- माननीय मन्त्रीज्यूहरू कहिले अस्वस्थ भएर, कहिले आफ्नू पार्टी वा सरकारी कामले पनि सदनबाट अनुपस्थित हुनुहुन्थ्यो। यस्तो अवसरमा उहाँहरूसित त्यस दिन सोधिने प्रश्नको उत्तर प्राप्त हुन सक्दैनथ्यो। परिणामतः त्यस दिनको प्रश्नको समयमा कार्यसूचीबमोजिम कार्य हुन सक्दैनथ्यो। यसको अतिरिक्त ती प्रश्नहरू अरू दिनमा खप्टने व्यवस्था मिलाउनु पर्दथ्यो। कुनै व्यवस्था नभए त्यस दिन पनि त्यस्तै पर्नजाने भएकोले अध्यक्षले यस प्रकारको व्यवस्था दिनुभयो:-

*यदि कुनै माननीय मन्त्रीज्यू अस्वस्थतावश वा कुनै अनिवार्य कारणवश उपस्थित हुन सक्नुहुन्न भने कुनै अर्को माननीय मन्त्री-ज्यूले सम्बन्धित मन्त्रीज्यूको तरफबाट सभाका सम्मुख आएका प्रश्नहरूको उत्तर दिन उपस्थित रहनु पर्दछ। सदनको सम्मानको निमित्त आवश्यक छ कि उहाँहरूले आफ्नू उपस्थितिबारे अध्यक्षलाई समुचित सूचना पठाउनु होस् जसमा उहाँसंग सम्बन्धित*

कार्यहरू कुनै अर्को दिनको निमित्त स्थगित गर्न सकियोस् ।

अध्यक्षलाई आशा छ कि सरकारी पक्षले यस कुरालाई भविष्यमा सदैव ध्यानमा राख्ने छ ।

११– सभाको कार्यवाही चलिरहेकै बखत कुनै-कुनै अवसरमा कुनै-कुनै सदस्यले आफूले सोधन चाहेको प्रश्न, पेश गर्न चाहेको प्रस्ताव अथवा विधेयक सभाको काम-कारवाई गरिरहनु भएका सेक्रेटरीलाई दिन ल्याउनु हुन्थ्यो, अथवा विदा, भ्रमण-भत्ता आदि विषयका कागजका चिट्मा लेखी सदनभित्रै सेक्रेटरी अथवा कहिलेकाहीं अध्यक्षकै टेबुलमा राखिदिनु हुन्थ्यो । यसले स्वभावतः सदनमा चलिरहेको कारवाईमा आघात पर्दथ्यो । यसबारे अध्यक्षले १२ आषाढ, २०११-का दिन निम्नलिखित अनुरोध गर्नु भयोः—

म माननीय सदस्यहरूसग अरोनुध गर्दछु कि सभाको चलिरहेको कार्यवाहीसंग अत्यावश्यक रूपबाट सम्बन्धितबाहेक अरू कागज पत्रहरू माननीय सदस्यहरूले सदनभित्र मेरो वा सेक्रेटरीको टेबुलमा नराखी त्यस कामको निमित्त रहेको नोटिस-आफिसमा दिनु पर्दछ । सभा बसेकै बखतमा कम प्रयोजनका कागजका टुक्राहरू बराबर सदनभित्र टेबुलमा आउँदा सभाको कार्यवाहीमा बाधा पर्ने भएकोले मैले यो अनुरोध गरेको छु ।

१२– २३ आषाढ, २०११-का दिन गैरसरकारी बिल र प्रस्ताव सभामा पेश गर्नबारे अध्यक्षले निम्नलिखित निर्णय दिनुभयोः—

माननीय सदस्यहरूलाई थाहा नै होला कि सभाका

नियमहरूअनुसार प्रत्येक बुधवारको दिन गैरसरकारी कार्यले प्राथमिकता पाउँदछ । आज बुधवार हो र सभामा गैर सरकारी कार्य पेश हुने आज प्रथम दिवस हो । यससम्बन्धमा, अरू देशहरूमा प्रचलित प्रणालीअनुसार मैले निश्चय गरेबमोजिम अबदेखि पाली-पाली गरी एक बुधवारमा प्रस्तावलाई तथा अर्को बुधवारमा बिललाई प्राथमिकता दिइने छ । आज, केवल गैरसरकारी प्रस्तावहरू पेश हुनेछन्, तथा अर्को बुधवार गैरसरकारी बिलहरूलाई प्राथमिकता दिइने छ ।

१३—५ श्रावण, २०११-का दिन अध्यक्षले घोषणा गर्नु भयो—माननीय सदस्यहरूले संशोधनमाथि बोल्नु हुँदा बारम्बार उही तर्क दोहरिरहेको हुनाले त्यसबाट हुने समयको बर्बादीलाई बचाउनको निमित्त हाललाई अवदेखि केवल ३-देखि ५ जना माननीय सदस्यहरूले एउटा संशोधनमाथि बोल्न पाउनु हुनेछ र एक जना सदस्यले ३ मिनटभन्दा बढ़ता समय लिन पाउनु हुने छैन ।

१४— तृतीय वाचनमा संशोधन पेश गर्न हुने नहुनेबारे प्रश्न उपस्थित हुँदा १८ श्रावण, २०११-का दिन सभामा अध्यक्षले निम्नलिखित व्याख्यासहितको व्यवस्था दिनुभयो:-

तपाईंहरू सबैलाई थोहा छ कि हिजो सबैको दृष्टि दोषबाट मिति नै उल्लेख नगरिएको एक दफा सभाद्वारा पास हुनगयो । यो त निर्विवाद छ कि मिति नभई दफा... बिलकुलै

अपूर्ण रहन्छ । तसर्थ दफामा मिति कसरी हाल्ने यो प्रश्न हिजो उठेको थियो । यसको समाधानको उपाय एक त यो छ कि सभाद्वारा हिजोको मतदान रद्द गरियोस् । दोस्रो उपाय यो छ कि तेस्रो वाचनमा दफा...माथि संशोधन पेश गर्ने अनुमति दिइयोस् ।

मैले दुवै उपायमाथि विचार गरें, र मेरो विचारमा द्वितीय उपाय बढ़ता व्यावहारिक र न्यायसंगत छ । सभाले एक पटक दिइसकेको मतलाई रद्द गरिनु राम्रो परम्परा होइन । फेरि तृतीय वाचनमा कुनै संशोधन आउन सक्दैन भन्ने कुरा पनि हाम्रो नियमहरूमा छैन । जहाँसम्म मलाई थाहा छ, यो संसदीय परम्परा र प्रचलनको पनि विरुद्ध छैन, किन कि संसदीय दृष्टिबाट सम्पूर्ण बिललाई एउटै वस्तु मानिन्छ र बिलको तृतीय वाचन, अर्थात् बिल पास गरियोस् भन्ने प्रस्ताव पास नभई, बिल सभाद्वारा स्वीकृत भएको मानिदैन, र स्वीकृत नहुन्जेलसम्म कुनै अवस्थामा पनि संशोधन आउनलाई कुनै कानूनी वा वैधानिक बाधा हुन सक्तैन । तसर्थ, हिजोको मतदान रद्द नगरेर पनि म आज फेरि दफा...मा कसैले संशोधन पेश गर्न चोहनु भयो भने त्यसको निमित्त अनुमति दिन्छु । तर यसको यो अर्थ होइन कि सर्वत्र फेरिदेखि संशोधनको सिलसिला प्रारम्भ गर्न सकिने छ । आज म केवल यस्तो संशोधनहरूमात्र आउन दिन्छु जो बिलको निमित्त नितान्त आवश्यक छन् र, जसको बिना बिल अपूर्ण रहन्छ । यस्तो पनि संशोधन म पेश गर्न अनुमति दिनेछु जो यस्तो एउटा सभाले पहिले प्रकट गरिसकेको आशयको अनुकूल होस् । यस्तो एउटा

संशोधनको सूचना मैले श्री कृष्ण गोपाल टन्डनघाट प्राप्त गरेको छु र उहाँलाई पनि म उक्त संशोधन पेश गर्ने अनुमति दिन सक्छु ।

यस विषयमा म फेरि पनि स्पष्ट गर्न चाहन्छु कि मेरो यो भनाई होइन कि बिलको प्रत्येक अवस्था वा स्टेजमा जे पनि संशोधन पेश गर्न सकिने छ । त्यसो भए त कार्यविधिका नियम-हरूको, तथा बिलका विविध अवस्थाहरूको केही अर्थ नै हुँदैन । कार्यविधिसम्बन्धी नियमहरू तथा प्रचलन हमेशा व्यावहारिक दृष्टिबाट प्रभावित हुन्छन् । यस सम्बन्धमा बिलको विविध अवस्था (स्टेजहरू) को आवश्यकता र कार्य तपाईंहरूको समक्ष राख्दछु ।

तपाईंहरूलाई थाह नै छ, प्रथम वाचन केवल एउटा औप-चारिक कुरामात्र हो ।

बिलको द्वितीय वाचनको पूर्वार्द्धमा बिलको सामान्य सिद्धान्तमाथि छलफल हुन्छ । द्वितीय वाचनको पूर्वार्द्ध बिलमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश हुनासाथ प्रारम्भ हुन्छ ।

द्वितीय वाचनको उत्तरार्द्धमा बिलमाथि विस्तारपूर्वक छलफल हुन्छ । यो अवस्था, बिलमाथि विचार गरियोस् भन्ने प्रस्ताव पास भएपछि प्रारम्भ हुन्छ । यस अवस्थामा बिलको दफा दफाहरूमाथि एक-एक गरेर छलफल हुन्छ र दफा दफाहरूमाथि संशोधनहरू पनि यसै अवस्थामा पेश हुन्छन् ।

तृतीय वाचनको तात्पर्य बिलको जो रूप द्वितीय वाचनमा तयार भइसकेको छ, त्यसमाथि अन्तिम विचार गर्नु नै हो । तसर्थ

यस हालतमा सामान्य दृष्टिले आवश्यक देखिएकाबाहेक अरू संशोधन पेश गर्न पाइने छैनन् । र छलफल हुँदा बिल पास गरियोस् अथवा नगरियोस् भन्ने कुरामा सामान्य छलफलमात्र हुन सक्छन् ।

१५— कार्य-संचालन तथा कार्य-विधिको नियम ५०-अनुसार माननीय अध्यक्षले मार्ग ७ गते, २०११-को सभामा गैरसरकारी बिलहरूको बारेमा निम्नलिखित व्यवस्था पनि दिनुभयो:—

क— गैरसरकारी बिल तथा गैरसरकारी प्रस्तावहरूको पारस्परिक क्रम बैलटद्वारा निर्धारित गरिने छ ।

ख— गैरसरकारी बिल तथा गैरसरकारी प्रस्तावहरूको निमित्त बेग्ला-बेग्लै बैलट हालिने छ ।

ग— अध्यक्षले अन्यथा आदेश नदिएमा गैरसरकारी बिलहरू पेश हुने प्रत्येक बुधवारको दिन दिउसो ११।३० बजे सेक्रेटरीको कोठामा बैलट हालिने छ । माननीय सदस्यहरूले चाहनु भएमा बैलटको समय उपस्थित रहन सक्नु हुन्छ ।

घ— बैलट हालिने दिनको अघिल्लो दिनसम्म सूचना प्राप्त भएका सबै प्रस्तावहरू बैलटमा सम्मिलित गरिने छन् । तर एक जना सदस्यको दुइभन्दा बढी प्रस्ताव एउटै बैलटमा राखिने छैन ।

ङ— अध्यक्षले अन्यथा आदेश नदिएमा, गैरसरकारी प्रस्ताव पेश हुने प्रत्येक बुधवारको कार्यक्रममा केवल ६ वटा प्रस्तावमात्र सम्मिलित गरिने छन् ।

च— सूचना प्राप्त भएका सबै प्रस्तावहरूमा क्रमसंख्या अंकित

गरिने छ, र छुट्टाछुट्टै कागजका टुक्राहरूमा पनि सोही अनुसार क्रमसंख्या अंकित गरिने छ। बैलटको निमित्त निर्धारित समयमा उक्त टुक्राहरू बैलट–बाकसमा हालिने छन्। त्यसपछि सेक्रटरी-द्वारा तोकिएको कर्मचारीले उक्त बैलेट- बाकसबाट एक–एक गरी दस वटा कागजहरू झिक्ने छ, र उक्त कागजहरू जुन क्रमबाट झिकिएका थिए उसै क्रमबाट उक्त कागजहरूमा लेखिएका संख्या-हरूका दस वटा प्रस्तावहरूको पारस्परिक क्रम मिलाइने छ। उक्त दस प्रस्तावहरूमध्ये प्रथम ६ स्वीकार्य प्रस्तावहरूलाई कार्यक्रममा स्थान दिइने छ।

छ— कार्यक्रममा स्थान प्राप्त गर्न नसकेको प्रस्तावहरूलाई, अर्को बैलटमा फेरि सम्मिलित गरिने छ। कार्यक्रममा स्थान प्राप्त गरेको, तर समयाभावले गर्दा सभामा पेश हुन नसकेको प्रस्तावलाई पनि फेरि बैलटमा राखिने छ।

---

## परिशिष्ट २१

### सल्लाहकार सभा विघटन ऐन, २०१२

### प्रस्तावना

२०११ साल फाल्गुन १६ गतेको शाही घोषणाबमोजिम मन्त्रिमण्डल विघटन भएकोले,

र सो मन्त्रिमण्डलको सिफारिशको आधारमा गठन भएको

मौजूदा सल्लाहकार सभा पनि मुलुकको अहिलेको परिस्थितिमा कायम राख्न पर्दैन भन्ने मेरैको राय बुझिएकोले,

श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

२— नेपाल अन्तरिम शासन विधानबमोजिम २०११।२।१५—मा गठन भएको सल्लाहकार सभा विघटन गरिएको छ।

## अन्तरिम शासन विधानका दफाहरू स्थगित

३— नेपाल अन्तरिम शासन विधानको ३३- देखि ५६-दफासम्म स्थगित राखिएको छ।

२०१२ साल ज्येष्ठ २७ गते ६ रोज

## परिशिष्ट २२

### तेस्रो सल्लाहकार सभा गठनबारेको शाही घोषणा

आगे प्यारा प्रजाहरूके यथोचित,

यही आउने संवत् २०१५ सालको फाल्गुन ७ गतेदेखि संसदको निमित्त आम चुनावको काम थालिने कुरा सबैले थाह पाएकै छ । आम चुनाव नभएसम्म पनि मुलुकको काम-काजमा सरकारलाई राय-सल्लाह दिन एक सल्लाहकार सभा गठन गर्ने पनि हाम्रो इरादा हो।

हुन त जिल्ला-जिल्लाका मानिसहरूलाई हामीले नै सोझै मनोनीत गरे पनि हुने थियो, आफ्ना-आफ्नो जिल्लामा सबैले पत्याएका, जनतालाई दुःख-पीर नदिने, ईमानदार, देश र जनताको भलो

चिताउने, सेवाभाव भएका—यस्ता खालका को-को मानिस छन्—वर्षौंको अनुभवबाट जिल्लाकै बासिन्दाहरूलाई बढता थाह हुन्छ। यसैले नेपाल राज्यका प्रत्येक जिल्ला, गढ़ी, गौंड़ा, गोश्वाराका नेपालीहरूले आफ्ना जिल्लाका बड़ाहाकिमले तोकिदिएको ठाउँ र समयमा जम्मा भै पाँच जना जिल्लाका मानिसहरूको नोम ठेगान गरिदिनू। जिल्लाका बड़ाहाकिम १, मालको हाकिम १, अपील वा अमिनी अदालतको हाकिम १, र तिनैले एकमत भै छानेका सोही जिल्लाका अरू दुइ प्रतिष्ठित व्यक्तिसमेत पाँच जनाले माथि भनेबमोजिमको जन-समुदायले बहुमतद्वारा यकीन गरिदिएका मानिसहरूको नाम, थर, वतन यही आउने चैत्र मासान्तसम्ममा हाम्रा हजूरमा जाहेर गरीपठाउनू भनी हुकुम बक्सेका छौं। यसै किसिमसंग जिल्ला-जिल्लाका जनताले छानी पठाएका नामहरूमध्येबाट र दरकारअनुसार थप-घट र छनौट गरी सल्लाहकार सभाको सदस्य भई काम गर्न मनोनीत हुने छन्। यस काममा सबैले मन लगाई पनपक्षको भाव नली सहयोग गर्ने छन् भन्ने हाम्रो विचार छ।

परमेश्वरले सबैको असल गरुन्, जय नेपाल।

राजदरबार, काठमाडौं।

इति संवत् २०१४ साल फाल्गुन २२ गते रोज ४ शुभम्।

# परिशिष्ट २३

## तेस्रो सल्लाहकार सभाको सदस्य-सूची

अन्तरिम शासन विधानको दफा ३३-मा लेखिएको अधिकार प्रयोग गरी श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्को सल्लाहअनुसार निम्नलिखित सदस्यहरूको एक सल्लाहकार सभा गठन गरिबक्सेको छ।

छानिएका व्यक्तिहरूको नाम तथा जिल्ला यस प्रकार छः—

### पाल्पा

श्री अच्युतराज रेग्मी, तानसेन-मेहल धारा; श्री पद्मचन्द श्रेष्ठ, तानसेन-मखन टोल; श्री डा. श्यामप्रसादमल्ल, तानसेन।

### धनकुटा

श्री सूर्यबहादुर थापा, खाल्सा-मुगा; श्री रामनारायण श्रेष्ठ धनकुटो; श्री इन्द्रबहादुर बस्नेत क्षत्री, छ थर-हात्तीखर्क।

### पाल्ही—माझखण्ड

श्री पृथ्वीराज कड़ेल, बुटौल लोकौली-महेशपुर; श्री रमेश चन्द्रमणि त्रिपाठी; श्री मदनबहादुर प्रधान।

### महोत्तरी-सर्लाही

श्री बनारसी साहु सुँड़ी; श्री रामहरि जोशी, मलंगवा; श्री वृक्षलाल सिंह, फत्तेपुर।

### सप्तरी

श्री डा. नागेश्वरप्रसाद सिंह, कोइलाड़ी; श्री चतुरनारायण चौधरी थारू, सप्तरी-बनौली; श्री बुनिलाल महतो।

## विराटनगर

श्री नरेन्द्रप्रसाद रिजाल; श्री केदारनाथ खनाल, धरान बजार;
श्री अनिरुद्र विश्वास थारू, तेतरिया ।

## वीरगंज

श्री सा. हिरण्यविक्रम शाह; श्री नेत्र शम्शेर; श्री ऋषिप्रसाद भण्डारी ।

## पश्चिम १ नम्बर

श्री महेन्द्रबहादुर महत,खोले गाउँ ; श्री वासुदेव उपाध्याय, थानसिङ् ।

## पश्चिम ३ नम्बर

श्री चन्द्रमान थकाली; श्री श्रीकान्त अधिकारी ।

## पूर्व १ नम्बर

श्री नेत्रविक्रम थापा; श्री चित्रमान सिंह बस्नेत, पलांचोक ।

## डोटी

क. प. कृष्णबहादुर मल्ल; श्री लक्ष्मीदत्त भट्ट ।

## इलाम

श्री पद्मबहादुर देबान; श्री गणेशप्रसाद रिजाल ।

## कैलाली–कंचनपुर

सुब्बा दिलीप सिंह मल्ल; श्री कुन्कुराम महतो ।

## बाँके–बर्दिया

श्री सरकार बक्स कुर्मी चौधरी; श्री योगेश्वर मिश्र ।

## शिवराज, तौलीहवा

श्री शिवप्रताप शाह; श्री देवकुमार भारती ।

झापा

श्री स्वयम्भूलाल श्रेष्ठ; श्री कालीप्रसाद गणेश ।

चिसापानी गढ़ी

श्री नरबहादुर बिष्ट, पालुंग घर्तीखोला ।

गुल्मी

श्री काशीनाथ गौतम ।

बाग्लुङ्

श्री रा. हीराबहादुर खँड़का ।

डँड़ेलधुरा

श्री जयानन्द शर्मा।

बैतड़ी

श्री कृष्णलाल लेखक ।

पश्चिम ४ नं.

श्री जमानसिंह गुरुङ् ।

पूर्व ४ नं.

श्री दानबहादुर शाक्य ।

दाङ्

श्री भरतमणि शर्मा ।

सल्यान

श्री बलभद्रगिरि सुकदेव ।

उदयपुर गढ़ी

पं. चन्द्ररमण उपाध्याय ।

पूर्व २ नं.

श्री डमरजङ् श्रेष्ठ, मन्थली -भँगेरी ।

प्यूठाना

श्री टंकबहादुर बिष्ट क्षत्री ।

जुम्ला

श्री अदन सिंह कथायण क्षत्री ।

पश्चिम २ नं.

श्री खिलनाथ उपाध्याय, गोर्खा—बराह ।

पूर्व ३ नं,

मास्टर पद्मबहादुर कार्की—बुंगनाम—चौलाकोट ।

दैलेख

श्री केशरबहादुर शाह, दुल्लू ।

काठमाडौं

श्री होराप्रसाद जोशी; श्री धनमानसिंह परियार; श्री कृष्णबहादुर भट्ट क्षत्री ।

ललितपुर

श्री सुबेदार देवीबहादुर क्षत्री; श्री बद्रीमेहर श्रेष्ठ ।

भक्तपुर

श्री हर्षबहादुर प्रजापति; श्री नेत्रनाथ शर्मा ।

राजनैतिक पार्टीहरूको पनि प्रत्यक्ष प्रतिनिधित्व होस् भनी प्रत्येक राजनैतिक पार्टीले, इच्छा भएमा, दुइदुइ जना र समानान्तर दलहरूले एक-एक जना सल्लाहकार सभाको सदस्य रोजी पठाउन पाउने व्यवस्था भएकोमा हाल मन्त्रिपरिषद्को ठहर-सल्लाहबमोजिम निम्न

राजनैतिक पार्टीहरूबाट दुइ-दुइ जनाको प्रतिनिधि यस सल्लाहकार सभामा मन्त्रिपरिषदले १५ दिनभित्र मिलाउने छ। यसमा अर्को एघार जनासम्म सदस्य वा सदस्याहरू श्री ५-को सरकारले सिफारिश गरेबमोजिम श्री ५ महाराजाधिराजबाट मनोनीत हुने छन्।

राजनीतिक पार्टीहरूको नाम यस प्रकार छः—

( १ ) नेपाली कांग्रेस; ( २ ) नेपाल राष्ट्रवादी गोरखापरिषद्; ( ३ ) नेपाल प्रजापरिषद्; ( ४ ) नेपाली राष्ट्रीय कांग्रेस; ( ५ ) संयुक्त प्रजातन्त्र पार्टी; ( ६ ) नेपाल कम्यूनिस्ट पार्टी।

१. श्री मृगेन्द्र शम्शेर, २. श्री युगेश्वरप्रसाद वर्मा—नेपाल राष्ट्रवादी गोरखापरिषद्बाट। १. श्री सूर्यप्रसाद उपाध्याय, २. श्री कृष्णप्रसाद उपाध्याय—नेपाली कांग्रेसबाट। १. श्री कमर शाह, २. श्री कमलराज रेग्मी—नेपाल कम्यूनिस्ट पार्टीबाट। १. श्री काशीराज, २. श्री सेमन्तराज—नेपाल प्रजापरिषद्बाट। १. श्री कृष्णप्रसाद रिमाल, २. श्री कीर्तिनिधि बिष्ट— नेपाली राष्ट्रीय कांग्रेसबाट।

श्री ५ महाराजाधिराजबाट मनोनीत गरिबक्सेका—

श्री कमल राणा—डब्ल्यू. भी. एस., २ श्री रोहिणी शाह, ३ श्री सरस्वती राई, ४ श्री पुण्यप्रभा देवी, ५ श्री सुशीला थापा, ६ श्री धावा-देवी गुरूङ्, ७ श्री सुरेन्द्रबहादुर बस्नेत, ८ श्री झग्गूप्रसाद, ९ श्री लोकनाथ जोशी, १० श्री गणेशबहादुर कुसले, ११ श्री नेत्रबहादुर खँडका, १२ श्री भोलानाथ शर्मा, र १३ श्री सुमित्रा सिंह।

जम्मा सदस्य संख्या ( पदेन मन्त्रिपरिषद्का सदस्यसहित )— ९१.

## परिशिष्ट २४

### अध्यक्ष पदको नामजदगी (Nomination) पत्रको नमूना

श्री सचिव,

सल्लाहकार सभा

म सल्लाहकार सभाको अध्यक्ष (Speaker) पदको निमित्त .....को नाम प्रस्तावित गर्दछु । चुनिएको पक्षमा..... .....अध्यक्षको रूपमा कार्य गर्न तयार हुनुहुन्छ ।

मिति.....

.....

म, माथि प्रस्तावित नामको समर्थन गर्दछु ।

... ... ... ...

सदस्य

... ... ...

सदस्य

मिति.....

## परिशिष्ट २५

### श्री ५ महाराजाधिराजबाट तेस्रो सल्लाहकार सभालाई बक्सेको सम्बोधनभाषण ।

सल्लाहकार सभाका अध्यक्ष र सदस्यहरू,

सबैलाई आज यहाँ स्वागत-सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । मुलुकको वर्तमान अवस्थामा पनि देशका विभिन्न भागबाट जम्मा भएका सदस्यहरूको राय-सल्लाह र सहयोग मेरो सरकार-लाई प्राप्त होस् भन्ने अभिप्रायले यो सभाको आह्वान भएको छ। देशको

सुख, शान्ति र जनताको भलाईको एकमात्र पवित्र उद्देश्यले सबै सदस्य-हरूले यस सभामा भाग लिने छन् भन्ने हामीलाई लागेको छ।

परराष्ट्रतर्फको सम्बन्धमा हामीसित दौत्य सम्बन्ध भएको मुलुकको संख्या ११ पुगेको छ। साबिकमा विलायतस्थित राजदूतलाई नै अमेरिकाको पनि राजदूतको काम गराइआएकोमा यस पालिदेखि अमेरिकामा छुट्टै राजदूतावास कायम गराइएको छ। चीनसित भएको नयाँ सम्झौताबमोजिम ल्हासामा भएको वकील-अड्डाको ठाउँमा शाही कन्सुलेट जनरलको स्थापना गरिएको छ। औपचारिक दौत्य सम्बन्ध-बाहेक सांस्कृतिक र शिष्ट-मण्डलहरूको आवत-जावतबाट हाम्रो मित्र राष्ट्रहरूसितको सम्बन्ध बलियो हुनगएको छ।

मेरो सरकारले शिक्षाको विकासतर्फ पनि ध्यान दिंदै आएको छ। आगामी दस वर्षभित्र मुलुकमा अनिवार्य निःशुल्क प्राथमिक शिक्षाको व्यवस्था गर्ने सरकारले अठोट गरेको छ। मुलुकमा हाल २२०० प्राथमिक, ३६० माध्यमिक र ६० प्रधान शिक्षालयहरू, ६ इन्टर कलेज र १२ डिग्री कलेज चालू छन्। नेपाल अकाडेमीको स्थापना भैसकेको र विश्वविद्यालयको शिलान्यास भैसकेको छ। तीनधारा पाक-शाला-छात्रावासमा विद्यार्थी र स्नातकहरूलाई बस्ने ठाउँको संख्या १०६-को दरबन्दी कायम गरिएको छ। शिक्षालयहरूमा एकनासको पाठ्यक्रम चलाउने र नेपाली भाषामा उत्तम ग्रन्थहरू तयार गराई प्रकाशन गराउने व्यवस्था चाँडै हुने भएको छ।

न्याय र सरकारी प्रशासन यन्त्रलाई जनताको सेवाको निमित्त सुधार गर्नेतिर पनि सरकारको ध्यान गएको छ। यातायात र संचारको

सुविधा बढ़ाउनेतर्फ पनि सरकारले विशेष ध्यान दिएको छ। मुलुकभरि आकाशवाणीको शीघ्र यकीन व्यवस्था हुन लागेको छ र नेपालसमेत तीन देशको सामूहिक सहयोगबाट मुलुकभरि ६०० (नौ सय) माइल सड़क बनाउने संस्थाको स्थापना भइसकेको छ। ठाउँ–ठाउँमा बन्न लागेको र तयार भएको बाटोमध्ये त्रिभुवन राजपथ, हिटौंड़ा-नारायण-गढ़को मार्ग, सुनौली--बुटवलको बाटो र टीका भैरवको बाटो विशेष उल्लेखनीय छन्। रायल नेपाल एयरलाइन्स् नामक एक नेपाली कम्पनीले देशको आन्तरिक हवाई सेवा चालू गराएको छ। साथै हुलाकको समुचित व्यवस्थातिर सरकारले विशेष ध्यान दिन लागेको छ। संयुक्त राष्ट्र संघ र अरू अन्तर्राष्ट्रीय संस्थाहरूबाट र मित्रराष्ट्र-हरूबाट प्राप्त भएको सहूलियत, सहायता र प्राविधिक मद्दतको तिमित्त हाम्रो हार्दिक धन्यवाद व्यक्त नगरिरहन सकिन्न।

मुलुकको निर्माणको काममा राष्ट्रिय सेनाले दिलचस्पी ली काम गरेको छ। सेनाकै तत्त्वावधानमा टीका भरवको बाटो बनाउने प्रशंसनीय काम भैरहेको छ। राष्ट्र–निर्माणको अरू काममा पनि हाम्रो बहादूर सेना अग्रसर गराइने छ।

देशको विभिन्न भागको परिस्थितिको ज्ञानको निमित्त हामीले ठाउँ–ठाउँमा स्वयं भ्रमण गर्ने गरिआएको सिलसिलामा यस पालिको पौष महीनामा पश्चिमतर्फको केही जिल्लाहरूतिर यात्रा गर्ने हाम्रो इरादा छ।

मुलुकको प्राकृतिक धनको उपयोगद्वारा जनताको भलाइको निमित्त मुख्यतः उत्पादन बढ़ाई सकेसम्म सरल तरीकाले बराबरीसित

वितरण गर्न आवश्यक छ । लोकहितकारी राज्य कायम गर्ने दिशातर्फ व्यावहारिक कदमहरू कसरी शीघ्र उठाइन सक्दछ भन्ने कुरामा यस सभाका सदस्यहरूले विशेष ध्यान दिने छन् भन्ने हाम्रो आशा छ ।

यही २०१५ साल फाल्गुन ७ गते देशमा सर्वप्रथम आम चुनाव शुरू गराउने व्यवस्था भएको छ । यो महान् कामलाई शान्तिपूर्वक कानूनबमोजिम सम्पन्न गराउनालाई आवश्यक वातावरणको सृजना गर्न र यस सभामा काम-काजबाट अब गठन हुने सदलाई उपयोगी अनुभवको पूँजी जम्मा गर्न सबै सदस्यहरूलाई हाम्रो विशेष आग्रह छ ।

ऋणमोचन, विदेशी मुद्रा प्राप्ति, कल-कारखाना र मजदूरबारे, बाल-विवाह निषेध गर्ने विषयमा र सहकारी संस्थाबारेका विधेयकहरू सभाको बैठकमा पेश गर्ने मेरो सरकारले विचार गरेको छ ।

देश बनाउने काममा सबै सदस्यहरूलाई निःस्वार्थ भावले सेवा गर्ने दिल र बल श्री पशुपतिनाथले प्रदान गरुन्— यही हाम्रो प्रार्थना छ । जय नेपाल ।

मार्ग ११, २०१५

## परिशिष्ट २६

### तेस्रो सल्लाहकार सभामा अध्यक्षले दिनुभएका व्यवस्था (Rnlings)

१. मार्ग १६ गतेको सभामा 'लिखित भाषण पढ्न पाइन्छ ?' भन्ने एक सदस्यको प्रश्नको उत्तरमा अध्यक्षले 'हुन्छ' भन्नुभयो ।

२. मार्ग २५ गतेको सभामा एक जना सदस्यले आफ्नू भाषणमा पत्रकारहरूलाई पनि अपील गर्नु भएकोमा 'बाहिरका कुनै पनि व्यक्तिलाई सम्बोधन गर्न सकिँदैन' भन्नुभयो ।

## परिशिष्ट २७

### (तृतीय) सल्लाहकार सभा विघटन ऐन, २०१६

सल्लाहकार सभा मुलुकको वर्तमान परिस्थितिमा कायम राख्नु आवश्यक नभएकोले सो सभालाई विघटन गर्न श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्का सल्लाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः—

(१) यस ऐनको नाम सल्लाहकार सभा विघटन ऐन, २०१६ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सल्लाहार सभाको विघटनः—

नेपाल अन्तरिम शासन विधानबमोजिम २०१५ साल, मार्ग ४ गतेका मितिमा गठन भएको सल्लाहकार सभा विघटन गरिएको छ ।

लाल मोहर सदर मिति २०१६।१।११।६

# परिशिष्ट २७

## जनगणनाको अन्तरिम रिपोर्ट २०११

| सि. नं. | ज़िल्लाको नाम | १९७७ सन् १९२०ई | १९९८ सन् १९४१ई | २००९ सन् १९५२ई | |
|---|---|---|---|---|---|
| | **पूर्वी पहाड़** | | | | |
| १ | पूर्व १ नं | २,१३,७०३ | २,४८,७८७ | ३,७०,२४८ | |
| २ | पूर्व २ नं | १,७७,०७२ | १,५९,७७५ | २,५०,४४७ | |
| ३ | पूर्व ३ नं | | | २,७५,५०३ | ५,१४,०३६ |
| ४ | पूर्व ४ नं | ३,७७,७७४ | ३,८८,७७० | २,३८,५३३ | |
| ५ | धनकुटा | ३,५३,०६२ | ३,८१,९६५ | ५,१३,३९६ | |
| ६ | लाम | ८७,४७५ | ९१,३६२ | १,१५,०५७ | |
| | **भित्री मधेश** | | | | |
| ७ | चिसापानो ÷ | ६६,०७२ | ÷४९,६५९ * | १,६४,१४३ | |
| ८ | सिन्धुली | △ | △ | १,०२,१०१ | |
| ९ | उदयपुर | ४८,९१३ | ३९,४८३ | ९०,५३९ | |
| १० | चितवन | २०,५२० | २६,२३९ | ४०,९५४ * | |
| | **तराई** | | | | |
| ११ | पर्सा | | | १,१४,१६८ | |
| १२ | बारा | ४,१४,६५७ | ४,५१,६७० | २,१०,८७८ | ५,१४,५४६ |
| १३ | रौतहट | | | १,८९,५०० | |

△ उदयपुर, पूर्व २ नं. ३ नं र महोत्तरीमा सम्मिलित। * २०११ तथ्याङ्क।

÷ यसको पछिल्तिर ४३ नं-मा उपत्यकाले बाहिरी आसपासमा चर्चेको भनी राखिएको जनसंख्यामध्ये धेरै भाग यसमा जोड़िनु पर्ने हो।

टिप्पणी :—कुनै-कुनै जिल्लाको सिमाना र इलाकासम्बन्धी एकै किसिमको नीति निर्धारित नभएकोले ७७ र ९८-का अङ्कमा कहीं-कहीं नमिल्दो विभिन्नता देखापरेको छ।

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सर्लाही | ४,७१,२६२ | ४,६०,६४३ | १,३४,४०० | ५,५४,३६० |
| १५ | महोत्तरी | | | ४,१६,६६०* | |
| १६ | सप्तरी | ३,७७,८५५ | ३,६३,६४१ | ४,३१,५६६ | |
| १७ | मोरङ्ग | २,११,३०८ | २,४१,४७४ | ३,०८,४२८ | |
| स न | जिल्लाको नाम | १६७७ १६२० ई० | १६६८ १६४१ ई० | २०११ १६५४ ई० | |
| | प० पहाड़ | | | | |
| १८ | पश्चिम १ नं | १,६५,२५१ | २,३६,१२८ | २,८६,२५० | |
| १६ | पश्चिम २ नं | ७६,२०३ | ६७,३८६ | १,४२,१६५ | |
| २० | पश्चिम ३ नं | २,२१,७२५ | २,७४,७७६ | ३,७६,७०३ | |
| २१ | पश्चिम ४ नं | १,८३,४१७ | २,५६,६४१ | ३,४४,१६४ | |
| २२ | पाल्पा | ३,७६,६०० | ४,७५,८४१ | १,४८,८६३ | ६,५१,१४४ |
| २३ | गुल्मी | | | २,८५,०७७ | |
| २४ | बाग्लुङ् | | | २,१७,१७४ | |
| २५ | प्यूठान— | १,२२,०६३ | १,७३,२२८ | २,१०,३६८ | |
| २६ | सल्यान | २,६२,७३३ | ३,८२,२६३ | ३,८१,६४७ | ४,७१,३१४ |
| *२७ | दाङ् | | | ८६,३६७ | |
| २८ | दैलेख | २,८१,६८६ | ४,१८,१६५ | २,६८,२२७ | ५,६३,६४१ |
| २६ | डोटी | | | ३,२५,७१४ | |
| ३० | जुमला | ८६,०२२ | १,१८,८६६ | १,६८,००७ | |
| ३१ | बैतडी | ७७,८६५ | १,१२,६८५ | १,३३,२३१ | २,०४,७२४ |
| ३२ | डँडेलधुरा | | | ७१,४६३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | तराई | | | | |
| ३३ | पाल्ही | | | ८१,१८८ | |
| ३४ | माझखण्ड | १,८४,५८१ | १,८६,०७३ | १,१७,०७८ | २,१४,६५८ |
| *३५ | नवलपुर | | | १६,३६२ | |
| ३६ | खजहनी | | | १,१६,११६ | |
| ३७ | शिउराज | १,२२,२८३ | १,००,१८६ | ३३,४६६ | १,४६,६१२ |
| ३८ | बाँके | | | ८१,६६४ | |
| ३६ | बर्दिया | १,०७,१६४ | १,१६,८११ | ५८,३५३ | १,४०,०४७ |
| ४० | कैलाली | | | ७५,८८५ | |
| ४१ | कञ्चनपुर | ४६,८१६ | ४६,२०२ | १७,७८७ | ६३,६७२ |
| ४२ | उपत्यका | ३,०६,६०६ | ३,२१,३३६ | ४,१४,७०५ | |
| ४३ | उपत्यकाले बाहिरी आस पासमाचर्चेको | ६०,१०१ | ५२,८६२ | — × | |
| | दूतावास | — A | १८०२ | ११६□ | |
| | जम्मा | ५५,३७७८५ | ६२,८३,७१५ | | ३३,४४,७६७ (२००६वि.) ५०,८६,७४० (२०११वि.) |

* भित्री मधेस हो ।

× जुन-जुन इलाकाको हो उसैमा गाभिन गएकोले यसमा उपत्यका-बाहिर भनी जन-संख्या छुट्याइएको छैन ।

A ल्हासा, ग्यांची, दिगर्चासमेत ।

□ दूतावासका कर्मचारीमात्र ।

## निर्वाचन-क्षेत्र -विभाजन

१०६ निर्वाचन-क्षेत्र-विभाजनको आधारमा :—

(क) प्रत्येक निर्वाचन-क्षेत्रमा पर्ने सरदर जनसंख्या = $\frac{८४,६१,३७६}{१०६}$ (भरमुलुकको जनसंख्या=७७,६२७ (निर्वाचन-क्षेत्र संख्या)

(ख) जिल्लामा पर्ने निर्वाचन-क्षेत्र-संख्या = $\frac{\text{जिल्लाको जनसंख्या}}{\text{निर्वाचन-क्षेत्र जन-संख्या}}$

| सि.नं. | जिल्लाको नाम | जिल्लाको जन-संख्या | जिल्ला-कोटा | भागबाट आउने क्षेत्र-संख्या | | | जिल्लाको एक क्षेत्रमा पर्ने सरदर जन-संख्या | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पूर्ण संख्या बाट | दशमिक संख्या बाट | जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १ | काठमाडौं उपत्यका | ४१४७३२ | ५·३४ | ५ | — | ५ | ८२९४६ | २०८ |
| २ | पूर्व १ नं चौतारा | ३७६४४३ | ४·८४ | ४ | १ | ५ | ७५२८८ | १४९३ |
| ३ | पूर्व २ नं सिंधुली | ३५७५९९ | ४·६० | ४ | १ | ५ | ७१५१९ | २१९३ |
| ४ | पूर्व ३ नं | २७५५०३ | ३·५४ | ३ | — | ३ | ९१८३४ | २०३७ |
| ५ | पूर्व४ नं | २३८५३३ | ३·०७ | ३ | — | ३ | ७९५१९ | ९२६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६+७ | धनकुटा इलाम | ६२८४५३ | ८·०६ | ८ | — | ८ | ७८५५६ | ४३४७ |
| ८ | उदयपुर | ६०५३६ | १·१६ | १ | — | १ | ६०५३६ | ६२७ |
| ६ | झापा | ७६४८२ | १·०२ | १ | — | १ | ७६४८२ | १५३७ |
| १० | विराटनगर | २२८६४६ | २·६४ | २ | १ | ३ | ७६३१५ | |
| ११ | सप्तरी सिराहा | ४३१५६६ | ५·५५ | ५ | १ | ६ | ७१६३३ | ६१२ |
| १२ | महोत्तरी सर्लाही | ५५४३६० | ७·१४ | ७ | — | ७ | ७६१६४ | १२८१ |
| १३ | बारा, पर्सा, रौतहट | ५१४५४६ | ६·६२ | ६ | १ | ७ | ७३५०६ | १३८८ |
| १४ | चिसापानी, चितौन, ल. पु. | १६४६०६ | २·१२ | २ | — | २ | ८२३०३ | १५५८ |
| १५ | पाल्ही, माझखण्ड, नवलपुर | २१४६५८ | २·७६ | २ | १ | ३ | ७१५५२ | १३०७ |
| १६ | खजहनी सिवराज | १४६६१२ | १·६२ | १ | १ | २ | ७४८०६ | |
| १७ | बाँके, बर्दिया | १४००४७ | १·८० | १ | १ | २ | ७००२३ | ११६६ |
| १८ | कैलाली, कञ्चनपुर | ६३६७२ | १·२० | १ | — | १ | ६३६७२ | १४६७ |
| १६ | डँड़ेलधुरा | ७१४६३ | ·६२ | — | १ | १ | ७१४२३ | ५६६ |
| २० | बैतड़ी | १३३२३१ | १·७१ | १ | १ | २ | ६६६१५ | १४१४ |
| २१ | डोटी | ३२५७१४ | ४·१६ | ४ | — | ४ | ८१४२८ | ३८३२ |
| २२ | जुमूला | १६८००७ | २·१६ | २ | — | २ | ८४००३ | ५६६२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | दैलेख | | २६८२२७ | ३·४५ | ३ | — | ३ | ८६४०६ | १३६६ |
| | | | ८६३६७ | १·१५ | १ | — | १ | ८६३६७ | ८६४ |
| २४ | दाङ् | | ३८१६४७ | ४·६२ | ४ | १ | ५ | ७६३८६ | ३२३१ |
| २५ | सल्यान | | २१०३६८ | २·७१ | २ | १ | ३ | ७०१३२ | ६७५ |
| २६ | पिउठान | | २८५०७७ | ३·६७ | ३ | १ | ४ | ७१२६६ | |
| २७ | गुल्मी | | २२७०३६ | २·६२ | २ | १ | ३ | ७५३४५ | ६४७६ |
| २८ | बाग्लुङ् | | १४८८६३ | १·६१ | १ | १ | २ | ७४४४६ | |
| २६ | पाल्पा | | ३४४१६४ | ४·४३ | ४ | — | ४ | ८६०४८ | ७३४ |
| ३० | पश्चिम ४ नं | | ३७६७०३ | ४·८५ | ४ | १ | ५ | ७५३४० | २६३३ |
| ३१ | पश्चिम ३ नं | | १४२०६५ | १·८३ | १ | १ | २ | ७१०४७ | ६७१ |
| ३२ | पश्चिम २ नं | | ३३५५४२ | ४·३२ | ४ | — | ४ | ८३८८५ | १६२७ |
| ३३ | पश्चिम १ नं | | ११६ | | | | | | |
| | दूतावास | | | | | | | | |
| | | जम्मा | ८४६१३७६ | | ६२ | १७ | १०६ | | |

# परिशिष्ट २६

## जन-प्रतिनिधित्व ऐन, २०१५ का केही अंश *

### परिच्छेद - ३

१२. **सदस्य हुनको निमित्त योग्यता:—** प्रतिनिधि सभाको कुनै निर्वाचन-क्षेत्रको मतदाताको नामावलीमा नाम दर्ता नभई र कमसेकम २५ वर्ष उमेर नपुगी कुनै व्यक्ति पनि प्रतिनिधि-सभाको सदस्य निर्वाचित हुन योग्य ठहरिने छैन ।

१३. **सदस्यको अयोग्यता:—** देहायका व्यक्तिहरू प्रतिनिधि-सभाको सदस्य रहन वा निर्वाचित हुन पाउने छैनन्:—

(क) श्री ५-को सरकारको मातहतको लाभको पदमा बहाल रहेका, तर, यस खण्डको तात्पर्यको लागि मन्त्रिपरिषद्का सदस्य, सल्लाहकार सभाका सदस्य र कर्मचारीबाहेक सरकारतर्फबाट मनोनीत भएका नगरपालिकाका सदस्यलाई लाभको पद धारण गरेको मानिने छैन ।

**स्पष्टीकरण**

'श्री ५-को सरकारको मातहतको लाभको पद' भन्नाले तलब वा भत्ता वा तलब-भत्ता दुवै वा अरू कुनै किसिमको आर्थिक लाभ प्राप्त

---

* यो ऐन सम्पूर्णतः यहाँ दिने प्रयोजन नभएकोले निर्वाचित संसदको स्वरूप र त्यसको अधिकार एवं शक्तिको सामान्य बोध गराउने अंशमात्र यहाँ दिइएको छ । उक्त विषयका बाँकी कुराको जानको निमित्त मूल ऐन र त्यसको नियमावली हेर्नु पर्दछ ।

हुने गरी नियमित रूपले वा कहिलेकाहिँमात्र गरे हुने काम-कर्तव्य तोकिएको श्री ५-को सरकारबाट नियुक्त गरिने पद र तलब-भत्ता नलिई काम गरेपनि कार्यकारिणी अधिकार प्रयोग गर्न पाउने पदलाई समेत श्री ५-को सरकारको मातहतको लाभको पद संझनु पर्छ ।

(ख) ऋण तिर्न नसकी (टाट उल्टी) साहूको दामासाहीमा परेका, वा

(ग) नेपालको कुनै अदालतले राजनैतिक कसूरमा बाहेक कुनै कैद ठेकिने अपराधमा दोषी ठहराई २ वर्ष वा सोभन्दा बढी कैदको सजाय दिएको र कैदबाट छुटेर ५ वर्ष वा सोभन्दा घटी यस सम्बन्धमा निर्वाचन आयोगले तोकेको समय नकाटेको, वा

(घ) प्रतिनिधि-सभाको निमित्त उम्मेदवारमा मनोनीत भइसकेपछि वा त्यसरी मनोनीत भएका व्यक्तिको निर्वाचन-एजेन्ट भई काम गरी तोकिएको रीतबमोजिम तोकिएको समयभित्र निर्वाचनको खर्चको फाँटवारी पेश गर्न नसकेको सो फाँटवारी बुझाइसक्नु पर्ने मितिदेखि ५ वर्षसम्म नै वा निर्वाचन आयोगले ५ वर्ष नपुग्दै अयोग्यता नहटाएसम्म, वा

(ङ) भ्रष्टाचार, वा घूस खाएबापत बर्खास्त गरिएका कुनै सरकारी कर्मचारी बर्खास्त गरिएको ३ वर्ष नपुगेसम्म, वा

(च) राज्यप्रति वफादारी नदेखाएबापत बर्खास्त गरिएका कुनै सरकारी कर्मचारी बर्खास्त गरिएको ५ वर्ष नपुगेसम्म; वा

(छ) निर्वाचनसम्बन्धी कुनै अपराध वा भ्रष्टाचार वा गैरकानूनी व्यवहारको दोषी ठहराइएका र प्रतिनिधि-सभाको सदस्य हुन

यतिसम्म अयोग्य भनी यस ऐनले तोकेको अवधि ननाघेका, वा

(ज) कुनै सरकारी कामसम्बन्धी लिखित ठेक्कामा कुनै हिस्सा वा सरोकार भएका।

१४. बचाउः— दफा १३-मा जेसुकै लेखिएको भए तापनि—

(क) कुनै व्यक्ति दफा १३ (ग) वा (छ)-अन्तर्गत प्रतिनिधि-सभाको सदस्य हुन अयोग्य हुनगए पनि सो अयोग्य ठहरिएको मितिमा प्रतिनिधि-सभाको सदस्य भइरहेको भए सो मितिदेखि ३ महीनासम्म वा सो ३ महीनाभित्र निजले मुद्दा दोहोऱ्याउने निवेदनपत्र वा अपील दिएमा सो किनारा नभएसम्म निज सदस्यताबाट बर्खास्त गरिने छैन।

(ख) निर्वाचन खर्चको फाँटवारी बुझाइसक्नु पर्ने मितिले २ महिना वा निर्वाचन-आयोगले कुनै खास अवस्थामा तोकिदिएको समय बितिनसकेसम्म दफा १३ (घ) लागु हुने छैन।

## परिच्छेद ४

## उम्मेदवारको नोमिनेशन-पत्र

२२. नोमिनेशन-पत्र पेश गर्ने इत्यादि काम-कुराको निमित्त मिति तोक्नेः— यस ऐनको दफा १५-अनुसार घोषणा प्रकाशित भएपछि निर्वाचन-आयोगले सो निर्वाचन-क्षेत्रमा देहायका काम-लाई मिति तोकी सो कुराको सूचना सकभर चाँडो गजेटमा प्रकाश गर्नेछः-

(क) नोमिनेशन-पत्र दाखिल गर्ने— नोमिनेशन-पत्र दाखिल गर्ने

आखिरी मिति देहायबमोजिम हुनेछः—

(१) यस दफाबमोजिम सूचना निकालेको मितिले १५ दिन-पछि, र

(२) दफा १५-बमोजिम प्रकाशित भएको घोषणाको मितिले ३५ दिनभित्र ।

(ख) **नोमिनेशन-पत्र जाँच गर्ने**— नोमिनेशन-पत्र जाँच गर्ने मिति नोमिनेशन-पत्र पेश गर्ने आखिरी मितिले ७ दिनभन्दा बढ़ी हुने छैन ।

(ग) **उम्मेदवारबाट नाउँ फिर्ता लिने**— उम्मेदवारबाट नाउँ फिर्ता लिने आखिरी मिति नोमिनेशन-पत्र जाँच गर्ने मितिपछि तेस्रो दिनसम्म हुनेछ ।

(घ) **मत लिने**— मत लिने मिति उम्मेदवारबाट नाम फिर्ता लिने आखिरी मितिले ६० दिनपछि हुनेछ ।

२३. **निर्वाचनको साधारण सूचनाः**— दफा २२-अनुसार सूचना प्रकाश भएपछि सरोकारवाला रिटर्निङ् अफिसरले निर्वाचन हुने कुरा र त्यसको निमित्त उम्मेदवारहरूको नोमिनेशन-पत्र फलाना ठाउँमा पेश गर्नू भनी तोकिएको फाराममा तोकिएको रीतले सर्वसाधारणलाई सूचना दिनु पर्छ ।

२४. **निर्वाचनको निमित्त उम्मेदवारः**— (१) यो ऐनअनुसार प्रतिनिधि-सभाको सदस्य निर्वाचित हुन योग्यता पुगेको कुनै व्यक्तिलाई कुनै निर्वाचन-क्षेत्रको सदस्यको स्थान पूर्ति गर्नका निमित्त निर्वाचनमा उम्मेदवार मनोनीत गर्नु हुन्छ ।

(२) कुनै उम्मेदवारलाई एकै निर्वाचन-क्षेत्रमा निर्वाचनको निमित्त एकभन्दा बढ़ी नोमिनेशन-पत्रद्वारा मनोनीत गर्न हुन्छ ।

(३) कुनै उम्मेदवारलाई एकभन्दा बढ़ी निर्वाचन-क्षेत्रमा निर्वाचनको निमित्त मनोनीत गर्न हुन्छ ।

२५. **मत दिने अधिकार:—** (१) यस ऐनले स्पष्ट रूपबाट निषेध गरेकोमा बाहेक प्रत्येक व्यक्तिको नाम जुन निर्वाचन-क्षेत्रको मतदाताको नामावलीमा मतदाता भनी दर्ज़िएको छ सो निर्वाचन-क्षेत्रमा मात्र मत दिन पाउने छ ।

(२) यस ऐनको दफा ७ (१)-मा लेखिएको कुनै व्यक्तिले कुनै निर्वाचनमा मत दिन पाउँदैन ।

(३) कुनै व्यक्तिले एकभन्दा बढ़ी निर्वाचन-क्षेत्रमा मत दिएमा निजको सबै मत रद्द हुनेछ ।

(४) कुनै व्यक्तिको नाम कुनै निर्वाचन-क्षेत्रको मतदाताको नामावलीमा एक पटकभन्दा बढ़ी दर्ता हुनगएको भए तापनि निजले कुनै निर्वाचनमा एक पटकभन्दा बढ़ी मत दिन हुँदैन । दिएमा निजका सबै मतहरू रद्द हुनेछन् ।

(५) सुरक्षा-कानूनअन्तर्गत थुनामासम्म रहेका व्यक्तिबाहेक कैद वा थुनामा रहेका कुनै व्यक्तिले कुनै निर्वाचनमा मत दिन पाउने छैन ।

## परिच्छेद ५

## निर्वाचन-खर्च र निर्वाचनको परिणाम घोषित गर्ने

२६. **निर्वाचित उम्मेदवार:—** कुनै निर्वाचन-क्षेत्रमा सबभन्दा बढ़ी

मत पाउने उम्मेदवार सो निर्वाचन-क्षेत्रबाट निर्वाचित भएको मानिने छ ।

२७. **निर्वाचनमा मत बराबर भएमा गर्ने:**—दुइ वा दुइभन्दा बढी उम्मेदवारले बराबर मत पाएमा रिटर्निङ् अफिसरले तिनीहरूमध्ये गोला हाली जसलाई पर्छ उसलाई १ मत बढ़ी पाएको संझनु पर्छ र निज निर्वाचित भएको मानिने छ ।

२८. **निर्वाचन-परिणामको घोषणा:**— मत गनिसकेपछि रिटर्निङ् अफिसरले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमअनुसार निर्वाचन-परिणाम घोषित गर्नु पर्छ ।

२९. **निर्वाचन-खर्च:**— (१) निर्वाचन--खर्चको माथिल्लो हद र निर्वाचनसम्बन्धमा रूपैयाँ खर्च गर्न काम लगाइने व्यक्तिहरूको संख्या र प्रकार नियममा तोकिएबमोजिमको हुनु पर्छ ।

(२) निर्वाचन समाप्त भएपछि सो निर्वाचनमा उम्मेदवार भई खड़ा भएको हरेक व्यक्तिले निर्वाचनसम्बन्धमा भएको खर्चको फाँटवारी तोकिएको समयमा रिटर्निङ् अफिसरछेउ पेश गर्नु पर्दछ र यस्तो फाँटवारीमा सो उम्मेदवार र निजको एजेन्टले दस्तखत गरेको हुनु पर्छ ।

(३) यस्तो फाँटवारी तोकिएको फर्ममा हुनेछ र त्यसमा तोकिए-बमोजिमका विवरणहरू खुलाउनु पर्छ ।

(४) यस दफामा जेसुकै लेखिए तापनि कुनै उम्मेदवार परदेश गएको भई निजले हिसाबको फाँटवारी पेश गर्न नसक्ने भएमा निर्वाचनसम्बन्धमा भएको खर्चको फाँटवारी उम्मेदवारको

एजेन्टले सो फाँटवारीमा लेखिएका कुराहरू साँचो हुन् फरक गरी लेखिदिएको भए नेपाल-कानूनबमोजिम सहुँला, बुझाउँला भनी दस्तखत गरी स्थानीय हाकिमको समक्ष निजले बुझाए पुग्छ। उम्मेदवार देशभित्र फर्केपछि आइपुगेका मितिले चौदह दिनभित्र निजले 'उपरोक्त एजेन्टले दिएको विवरण ठीक छ' भन्ने लिखत रिटर्निङ् अफिसरलाई पेश गर्नु पर्छ।

३०. **नियमद्वारा व्यवस्था गर्नेः**— निर्वाचन-आयोगले देहायका कुराहरूमा नियम बनाई व्यवस्था गर्न सक्नेछ र त्यस्ता नियमहरू सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुने छन्:—

(१) रीतपूर्वकको नोमिनेशन-पत्र पेश गर्नेको निमित्त आवश्यक कुराहरूबारे।

(२) धरोटबारे।

(३) नोमिनेशन-पत्रको सूचना र जाँच-बूझ गर्ने समयबारे।

(४) नोमिनेशन-पत्रहरूको जाँच-बूझबारे।

(५) उम्मेदवारबाट नाम फिर्ता लिन पाउनेबारे।

(६) नोमिनेशन-पत्रको प्रकाशनबारे।

(७) मत लिनुभन्दा अगावै उम्मेदवार परलोक भएमा गर्नेबारे।

(८) निर्विरोध र विरोध गरिएका निर्वाचनको कार्यविधिबारे।

(९) मत लिनुअगावै उम्मेदवारबाट नाम कटाउनेबारे।

(१०) मतदान-पत्र लिई अरूलाई दिन रोक्ने वा मतदान-पत्र देहाय्याई लिन रोक्नेबारे।

# परिशिष्ट ३०

## नेपाल अधिराज्यको संविधानका केही अंश ❀

## भाग ५

### संसद

### परिच्छेद १

### *संसदको गठन*

१८. **संसदको गठनः**- श्री ५ महाराजाधिराज र महासभा तथा प्रतिनिधि-सभा नामका दुइ सदनसहितको एक संसद रहनेछ ।

१९ **महासभाको गठनः**— (१) महासभामा जम्मा ३६ जना महा-सभासद् रहनेछन्, जसमध्ये १८ जना ( यसपछि निर्वाचित महासभासद् भनी सम्बोधन गरिएका) प्रतिनिधि सभाद्वारा निर्वाचित हुने छन् र १८ जना (यसपछि मनोनीत महोसभासद् भनी सम्बोधन गरिएका ) श्री ५-बाट धारा २१- अनुसार मनोनीत हुनेछन् ।

(२) धारा २० तथो २१- का अधीनमा रही महासभासद्को पदावधि ६ वर्षको हुने छ र प्रतिनिधि-सभाको विघटनले कुनै असर पर्ने छैन ।

(३) उपधारा (२)—मा जेसुकै लेखिएको भए पनि—

(क) कुनै आकस्मिक रिक्त स्थानको पूर्तिको लागि निर्वाचित

---

❀ हाम्रो संविधानमा जम्मा दस भाग छन् जसमध्ये भाग ५-मा संसदको गठन र त्यसको कार्य र संचालनबारेका परिच्छेदहरू भएकोले यहाँ त्यही भागमात्र उद्धृत गरिएको छ ।

वा मनोनीत महासभासद्ले आफ्नो साबिकवालाको अवशेष पदावधिसम्ममात्र बहाल गर्नेछ, र

(ख) महासभासद्को सर्वप्रथम चुनावमा बाहेक कुनै पनि महासभासद्को पदावधि आफ्नू साबिकवालाको पदावधि भुक्तान भएको मितिदेखि गणना गरिने छ।

(४) निर्वाचित महासभासद्को आकस्मिक रिक्त स्थानको पूर्तिको लागि पृथक् चुनाव गरिने छ।

(५) अवकाश लिने महासभासद् योग्यतारहित नभए समय-समयमा निर्वाचन वा मनोनयनको लागि योग्य हुनेछ।

(६) यो धारामा "आकस्मिक रिक्त स्थान" भन्नाले महासभासद्को मृत्यु, राजीनामा वा अयोग्यताको कारणबाट हुनआएको रिक्त स्थानलाई जनाउँछ।

२०. **महासभासद्को निर्वाचन:**—(१) धारा २९-बमोजिम प्रतिनिधिसभाको एक सभामुख र एक उपसभामुखको सर्वप्रथम निर्वाचन भएपछि प्रतिनिधि-सभाले अन्य कार्यमा लाग्नुअगावै अठार जना महासभासद्को निर्वाचन गर्नेछ र त्यसपछि निर्वाचित महासभासद्-मध्येबाट कुनै स्थान रिक्त भएमा यथाशीघ्र प्रतिनिधि-सभाले त्यसको पूर्ति गर्न कुनै व्यक्तिलाई निर्वाचन गर्नेछ।

(२) महासभासद्हरूको निर्वाचनमा भरिनु पर्ने स्थानभन्दा उम्मेद्वारको संख्या बढ़ी भएमा समानुपातिक प्रतिनिधित्वको सिद्धान्त-बमोजिम एकल संक्रमणीय मतद्वारा निर्वाचन गरिने छ।

(३) यस संविधानको उपबन्धहरूको अधीनमा रही महासभासद्हरूको

निर्वाचन ऐनद्वारा व्यवस्थित हुनेछ । त्यस्तो नभएसम्म श्री ५-बाट बनाइबक्सेको नियमद्वारा व्यवस्थित हुनेछ ।

(४) धारा २८-अन्तर्गत एक अध्यक्ष र एक उपाध्यक्षको सर्वप्रथम निर्वाचन भएपछि अध्यक्षले निर्वाचित महासभासद्हरूलाई गोला-प्रथाद्वारा महासभासद्मध्ये को-को ६ जना ७ वर्ष, को-को ६ जना ५ वर्ष, र को-को ६ जना ३ वर्ष रहने भन्ने निर्णय गर्ने छन् । त्यसरी भएको निर्णयानुसार पहिलो पटकलाई निजहरूको पदावधि कायम हुनेछ ।

**२१. महासभासद्को मनोनयनः—** (१) धारा २० अन्तर्गत महा-सभासद्हरूको सर्वप्रथम निर्वाचन भइसकेपछि यथाशीघ्र श्री ५-बाट मौसूफको स्वविवेकमा अठार जना महासभासद्हरू मनोनीत गरिबक्सने छ, र तत्पश्चात् मनोनीत महासभासद्हरूमध्ये कुनै स्थान रिक्त हुनआएमा यथाशीघ्र श्री ५-बाट मौसूफको स्वविवेकमा कुनै व्यक्तिलाई यस्तो रिक्त स्थानको पूर्तिका लागि मनोनीत गरिबक्सनेछ ।

(२) यस धाराअनुसार पहिलो पटक मनोनीत अठार जना महासभा-सद्हरूलाई अध्यक्षले गोला-प्रथाद्वारा महासभासद्मध्ये को-को ६ जना ६ वर्ष, को-को ६ जना ४ वर्ष, को-को ६ जना २ वर्ष रहने भन्ने निर्णय गर्नेछन् र त्यसरी भएको निर्णयानुसार पहिलो पटकलाई मनोनीत महासभासद्को पदावधि कायम हुने छ ।

**२२. प्रतिनिधि-सभाः—**(१) यस धाराअनुसार निर्धारित विभिन्न निर्वा-चन-क्षेत्रहरूका मतदाताहरूद्वारा निर्वाचित सदस्यहरू भएको एक प्रतिनिधि-सभा हुने छ ।

(२)प्रत्येक निर्वाचन-क्षेत्रबाट गुप्त मतदानद्वारा एक सदस्य निर्वाचित हुने छ र ऐनले अन्य व्यवस्था नगरेसम्म १०९ निर्वाचन-क्षेत्र हुनेछन्

(३) श्री ५–बाट मौसूफको स्वविवेकमा नियुक्त एक निर्वाचन क्षेत्र-विभाजन-आयोगद्वारा प्रत्येक क्षेत्रमा मतदाताहरूको संख्या हुन सकेसम्म समान हुने किसिमले निर्वाचन–क्षेत्रहरू विभाजन हुने छन्। तथापि प्रशासकीय जिल्लाहरूको सिमाना, जनसंख्याको घनत्व वा पातलोपन, यातायातका सुविधाहरू, प्राकृतिक बनावट, वासिन्दाहरूको सामुदायित्व वा विभिन्नतामा ध्यान दिइने छ।

(४) निवास-अवधि, विशेषित दिनांक वा मतदाताको नामावली तयारीमा प्रासंगिक अन्य मामलाहरूसम्बन्धी र बहुला, अपराधी, खराब आचरण वा गैरकानूनी व्यवहारका आधारमा हुने अयोग्यता-सम्बन्धी कुनै ऐनका उपबन्धहरूको अधीनमा रही नेपालको २१ वर्ष उमेर पुगेको प्रत्येक नागरिकले एकमात्र निर्वाचन-क्षेत्रमा एक मतदान दिने अधिकार पाउने छ।

(५) प्रतिनिधि-सभाको निर्वाचनको लागि मतदाताको नामावली तयार गर्ने काममा र निर्वाचन-कार्य संचालनमा रेखदेख, निर्देशन र नियन्त्रणसमेत श्री ५-बाट मौसूफको स्वविवेकले नियुक्त एक निर्वाचन–आयोगमा निहित हुने छ।

(६) निर्वाचन-क्षेत्र-विभाजन र निर्वाचन-आयोगहरूको सदस्यहरूको पारिश्रमिक श्री ५-बाट प्रधानमन्त्रीसंग परामर्श गरी ठेकिबक्सिने छ, र यस्तो पारिश्रमिक तथा निर्वाचन--क्षेत्र-विभाजन र निर्वाचन-आयोगको प्रशासकीय खर्च संचित कोशप्रति व्ययभार हुने छ।

(७) प्रतिनिधि-सभाको निर्वाचनबाट उठेको वा त्यससम्बन्धी विवादहरू नेपालको प्रधान न्यायाधीशद्वारा नियुक्त निर्वाचन-विशेष अदालतमा पेश भई छिनिने छन् र कानूनी प्रश्नमा सर्वोच्च अदालतमा अपील परेकोमा बाहेक विशेष अदालतबाट भएका कुनै पनि निर्णय अन्तिम हुने छ।

(८) यस धाराको उपबन्धहरूको अधीनमा रही प्रतिनिधि-सभाको निर्वाचन र त्यससम्बन्धी अन्य प्रासंगिक मामलाहरू ऐनद्वारा प्रशासित हुने छन्।

२३. **दुवै सदनका सदस्यहरूको लागि योग्यता**:-(१) कुनै महासभासद् प्रतिनिधि-सभाको निमित्त निर्वाचित हुन वा त्यस सदनमा बस्न वा त्यस सदनको सदस्यको हैसियतमा मतदान गर्न योग्य हुने छैनन्।

(२) देहायबमोजिमका कुनै पनि व्यक्तिहरू संसदको कुनै पनि सदनमा मनोनीत हुन वा निर्वाचित हुन वा बस्न वा मतदान दिन योग्य हुने छैनन्:—

(क) नेपालको नागरिक होइन भने, वा

(ख) महासभाको लागि तीस वर्षभन्दा कम उमेरको छ र प्रतिनिधि-सभाको लागि पच्चीस वर्षभन्दा कम उमेरको छ भने, वा

(ग) श्री ५-को मन्त्री, सहायक मन्त्री वा सभामुख वा उपसभामुख वा महासभाका अध्यक्ष वा उपाध्यक्ष वा श्री ५-बाट धारा १७-को उपधारा (१)-को कार्यको लागि नियुक्त व्यक्तिबाहेक श्री ५-को कर्मचारी छ भने, वा

(घ) लोक-सेवा–आयोग वा निर्वाचन–आयोगको सदस्य छ भने वा

(ङ) कुनै ऐनले अयोग्य छ भने।

२४. स्थानको रिक्तता:–[१] महासभा वा प्रतिनिधि-सभाको सदस्यको स्थान देहायका अवस्थामा रिक्त हुने छ।

[क] निजको मृत्यु भएमा वा

[ख] सम्बन्धित सदनको सचिवलाई लिखित सूचना दिई आफनू स्थानबाट राजीनामा दिएमा, वा

[ग] धारा २३ अनुसार योग्यतारहित हुनगएको छ भने, वा

[घ] सम्बन्धित सदनको स्वीकृति नलिई तीन महिनाको अवच्छिन्न अवधिसम्म सदनको बैठकमा अनुपस्थित रहेमा, वा

[ङ] महासभाको सदस्यको हकमा निजको पदावधि अन्त भएमा र प्रतिनिधि-सभाको सदस्यको हकमा प्रतिनिधि-सभाको विघटन भएमा वा महासभाको लागि निजको मनोनयन वा निर्वाचन भएमा।

(२) प्रतिनिधि-सभाको विघटनबाहेक अरू कारणले प्रतिनिधि-सभामा स्थान रिक्त हुनआयो भने त्यसरी रिक्त भएको सूचना त्यस सदनको सचिवले निर्वाचन–आयोगलाई पठाउने छ र निर्वाचन–आयोगले रिक्त स्थानको पूर्तिको लागि यथाशीघ्र उपनिर्वाचन गर्ने छ।

२५. अनधिकार उपस्थिति वा मतदानको दण्ड:–धारा ३१–को आवश्यकता पालन गर्नु भन्दा अगावै अथवा सदनको सदस्यताको निमित्त चाहिने योग्यताको अभाव छ भन्ने थाह पाउँदापाउँदै पनि कुनै व्यक्ति संसदको कुनै सदनको सदस्यको हैसियतमा उपस्थित

हुन्छ वा मतदान गर्छ भने त्यसरी उपस्थित भएको वा मतदान दिएको हरएक दिनको पाँच सय रूपैयाको दरले दण्ड लाग्ने छ र सो दण्ड सरकारी ऋणसरह असूल-उपर गरी लिइने छ ।

## परिच्छेद २
### संसदका बैठक

२६. संसदको आह्वान र अवधिः— (१) यो संविधानको घोषणापछि र तोकिएको दिनअघि श्री ५-बाट संसद यथासाध्य चाँडो आह्वान गरिबक्सने छ र त्यसपछि एउटा प्रतिनिधि—सभाको विघटन अर्को प्रतिनिधि सभाको बैठकको बीचको अवधि चार महीनाभन्दा बढ़ता व्यतीत भएको हुनु हुँदैन ।

(२) तोकिएको दिनपछि श्री ५-बाट संसद आह्वान तथा विघटन गर्न सकिबक्सने छ । तर—

(क) श्री ५-बाट मन्त्रिमण्डलले प्रतिनिधि—सभालाई विघटन गर्न चढ़ाएको सिफारिश मौसूफको विचारमा विघटन गर्न पाउने अधिकारको दुरुपयोग गरेको लागेमा मौसूफको स्वविवेकमा त्यस्तो सिफारिश अस्वीकार गर्न सकिबक्सने छ ।

(ख) मन्त्रिमण्डलले सिफारिश प्रस्तुत नगरेबाट यो संविधानको उपबन्ध भंग हुने संभावना देखिबक्सेमा मन्त्रिमण्डलको सिफारिश नभए तापनि श्री ५-बाट मौसूफको स्वविवेकमा संसदलाई आह्वान गर्न सकिबक्सने छ ।

(३) अगावै विघटन नभएमा प्रतिनिधि-सभाको पहिलो बैठक बस्ने निर्दिष्ट मितिदेखि पाँच वर्षसम्म मात्र सो प्रतिनिधि-सभा

कायम रहने छ र सो अवधि खतम भएपछि त्यो प्रतिनिधि-सभा स्वतः विघटित हुने छ ।

२७. **संसदको अधिवेशन तथा बैठकः—** (१) श्री ५-बाट समय-समयमा अधिवेशन-समाप्ति-आदेशद्वारा संसदको अधिवेशनको अन्त गर्न सकिनेछ, तर एक अधिवेशनको अन्त अर्को अधिवेशनको प्रारम्भको अवधिमा ६ महिना भन्दा बढी अन्तर हुनु हुँदैन ।

(२) स्थायी नियमावलीमा व्यक्त भएका कुराको अधीनमा रही दुवै सदन समय-समयमा प्रस्तावद्वारा अधिवेशन-अवधिभित्र नै स्थगित हुन सक्नेछ ।

दुवै सदनको कुनै दिनको कार्यारम्भदेखि कार्य स्थगनसम्मको अन्तरावधिलाई यस संविधानमा बैठक भनी उल्लेख गरिएको छ ।

(३) यो धारामा जेसुकै लेखिएको भए तापनि संसदीय अधिवेशन चालू नभएको बखत अथवा कुनै सदन स्थगित भएको बखत संसद वा कुनै सदनको बैठक शीघ्रतर बोलाउन वांछनीय छ भन्ने श्री ५ का रायमा लागेमा मौसूफबाट घोषणाद्वारा यस्तो बैठक बस्ने मिति तोक्न सकिनेछ, र तोकिबक्सेबमोजिम संसद वा कुनै सदनको बैठक बस्नेछ ।

## परिच्छेद— ३

### *सभापतित्व गर्ने अधिकारीहरू*

२८. **महासभाका अध्यक्ष र उपाध्यक्षः—** १ महासभाले यथाशीघ्र हुन महासभासद्हरूलाई क्रमशः अध्यक्ष र उपाध्यक्षको लागि चुन्ने छ, र अध्यक्ष वा उपाध्यक्षको पद रिक्त भएमा सो पछि यथाशीघ्र रिक्त

स्थानको पूर्ति गर्न महासभाले महासभासद्मध्येबाट चुन्नेछ

(२) महासभाको अध्यक्ष र उपाध्यक्ष—

(क) महासभासद् नरहेमा निज सो पदमा कायम रहने छैन, र

(ख) महासभालाई सूचना दिएर जुनसुकै बखत आफ्नू पदबाट राजिनामा दिन सक्नेछ।

[३] अध्यक्षले वा उनको अनुपस्थितिमा उपाध्यक्षले वा दुवैको अनुपस्थितिमा स्थायी नियमावलीमा त्यस्ता अवस्थाका लागि भएका व्यवस्थाको अधीनमा रही त्यस बैठकको निमित्त महासभाले चुनेको महासभासद्ले त्यस बैठकको अध्यक्षता गर्नेछ।

२६. **प्रतिनिधि-सभाको सभामुख र उपसभामुखः**— (१) आम निर्वाचनपछि यथाशीघ्र प्रतिनिधि-सभाको सभामुख वा उपसभामुख हुने दुइ व्यक्ति प्रतिनिधि-सभाले क्रमशः चुन्नेछ, र त्यसपछि सभामुख वा उपसभामुखको स्थान रिक्त हुन आएमा प्रतिनिधि-सभाले सोपछि यथाशीघ्र रिक्त स्थानको पूर्तिका लागि चुनाउ गर्नेछ।

(२) प्रतिनिधि-सभाको सदस्य सभामुखको पदमा चुनियो भने सदस्यका रूपमा निजको स्थान रिक्त हुनेछ, तर त्यस हालतमा सभामुखको पदबाट वंचित हुने छैन।

(३) प्रतिनिधि-सभाको विघटन हुनेअगावै पदासीन सभामुखको मृत्यु भएमा वा राजिनामा दी छाड्नेबाहेक नव संसदको पहिलो बैठक बस्नेसम्म निज आफ्नो पदबाट हट्ने छैन, विघटन भएको समयमा सभामुखको मृत्यु भयो भने वा आफ्नू पदबाट राजिनामा

—ने विघटनको अगाडि उपसभामुख भई काम गरेको व्यक्तिले
—को पनि मृत्यु भएमा वा राजिनामा दिई छोड़ेमा श्री ५-बाट
— गरिबक्सेको व्यक्तिले सभामुखको कार्यभार सम्हाल्ने छ।
—तिनिधि-सभाको सदस्यहरूमध्येबाट उपसभामुख चुनिने छ, र
सदनको सदस्यताबाट मुक्त हुनु पर्‍यो भने निज उपसभामुखको
—ाट पनि हट्नु पर्नेछ।
— सभामुख वा उपसभामुखले प्रतिनिधि-सभालाई लिखित सूचना
—एर वा विघटन भएको समयमा भए श्री ५-मा समाबेदन पेश
—ारी राजीनामा दिन सक्ने छ।

६ सभामुख वा निजको अनुपस्थितिमा उपसभामुखले अथवा निजहरूको अनुपस्थितिमा स्थायी नियमावलीमा त्यस्ता अवस्थाको लागि भएका व्यवस्थाको अधीनमा रही प्रतिनिधि-सभाले त्यस बैठकको निमित्त चुनेको सदस्यले त्यस बैठकको अध्यक्षता गर्नेछ।

३०. पारिश्रमिकः—ऐनले तोकेबमोजिम वा यसरी नतोकिएसम्म श्री ५ बाट तोकिबक्सेबमोजिमको पारिश्रमिक महासभाका अध्यक्ष, उपाध्यक्ष, महासभासदलाई र प्रतिनिधि-सभाका सभामुख, उपसभामुख, सदस्यलाई दिइने छ।

## परिच्छेद ४
## कार्य—संचालन

३१. शपथः—संसदका दुवै सदनको प्रत्येक सदस्यले र यसको कार्यवाहीमा भाग लिन पाउने प्रत्येक व्यक्तिले श्री ५-बाट निर्धारित गरिबक्सेको रूपमा अध्यक्ष वा सभामुखको संमुख, यथास्थिति

आसन ग्रहण गर्नु भन्दा पहिले निष्ठा-शपथ ग्रहण गरी हस्ताक्षर गर्नु पर्ने छ। तर, अध्यक्ष वा सभामुखको चुनाव हुनुअगाडि सम्बन्धित सदनको सचिवको संमुख शपथग्रहण र हस्ताक्षर गर्ने छ।

३२ शाही संबोधन तथा सन्देशः-- (१) श्री ५-बाट मौसूफको स्वविवेकमा संसदको कुनै सदनमा वा एकसाथ दुवै सदनको संयुक्त बैठकमा संबोधन गर्न सकिबक्सने छ र यस प्रयोजनका लागि सदस्यहरूको उपस्थिति समादेश गर्न सकिबक्सने छ।

(२) श्री ५-बाट संसदको कुनै सदनलाई सन्देश पठाउन सकिबक्सने छ, जुन सदनलाई त्यस्तो सन्देश पठाइबक्सेको छ त्यस सदनले सन्देशमा तोकिएका कुराको विचार-विमर्श यथाशीघ्र गर्नु पर्ने छ।

३३ मन्त्रीले उभय सदनमा अभिभाषण गर्न पाउनेः--श्री ५-को मन्त्रीले वा धारा १४-को उपधारा ३-बमोजिम यस्तो मन्त्रीको कार्यभार लिने व्यक्तिले उभय सदनमा अभिभाषण गर्न अथवा कुनै सदनको कार्यवाहीमा वा त्यसको जुनसुकै समितिमा भाग लिन पाउँछ, तर त्यस सदनको सदस्य नभएसम्म त्यहाँ मतदान गर्न पाउँदैन।

३४. बहसमा बन्देजः-- १-श्री ५ र मौसूफका उत्तराधिकारीहरूको आचरणलाई लिएर संसदको कुनै सदनमा बहस गर्न पाइने छैन। तर, यस उपधारामा भएको कुनै कुराले पनि श्री ५-को सरकारको आलोचना गर्न बाधा पुऱ्याएको मानिने छैन।

२ प्रधान न्यायाधीशलगायत सर्वोच्च अदालतका कुनै न्याया-

[illegible] भने विघटनको अगाडि उपसभामुख भई काम गरेको व्यक्तिले वा निजको पनि मृत्यु भएमा वा राजिनामा दिई छोड़ेमा श्री ५-बाट नियुक्त गरिबक्सेको व्यक्तिले सभामुखको कार्यभार सम्हाल्ने छ।

४ प्रतिनिधि-सभाको सदस्यहरूमध्येबाट उपसभामुख चुनिने छ, र त्यस सदनको सदस्यताबाट मुक्त हुनु पर्‍यो भने निज उपसभामुखको पदबाट पनि हट्नु पर्नेछ।

५ सभामुख वा उपसभामुखले प्रतिनिधि-सभालाई लिखित सूचना दिएर वा विघटन भएको समयमा भए श्री ५-मा समावेदन पेश गरी राजीनामा दिन सक्ने छ।

६ सभामुख वा निजको अनुपस्थितिमा उपसभामुखले अथवा निजहरूको अनुपस्थितिमा स्थायी नियमावलीमा त्यस्ता अवस्थाको लागि भएका व्यवस्थाको अधीनमा रही प्रतिनिधि-सभाले त्यस बैठकको निमित्त चुनेको सदस्यले त्यस बैठकको अध्यक्षता गर्नेछ।

३०. पारिश्रमिकः—ऐनले तोकेबमोजिम वा यसरी नतोकिएसम्म श्री ५ बाट तोकिबक्सेबमोजिमको पारिश्रमिक महासभाका अध्यक्ष, उपाध्यक्ष, महासभासदलाई र प्रतिनिधि-सभाका सभामुख, उपसभामुख, सदस्यलाई दिइने छ।

## परिच्छेद ४

### *कार्य-संचालन*

३१. शपथः—संसदका दुवै सदनको प्रत्येक सदस्यले र यसको कार्यवाहीमा भाग लिन पाउने प्रत्येक व्यक्तिले श्री ५-बाट निर्धारित गरिबक्सेको रूपमा अध्यक्ष वा सभामुखको समुख, यथास्थिति

आसन ग्रहण गर्नु भन्दा पहिले निष्ठा-शपथ ग्रहण गरी हस्ताक्षर गर्नु पर्ने छ। तर, अध्यक्ष वा सभामुखको चुनाव हुनुअगाडि सम्बन्धित सदनको सचिवको संमुख शपथग्रहण र हस्ताक्षर गर्ने छ।

३२ शाही संबोधन तथा सन्देशः-- (१) श्री ५-बाट मौसूफको स्वविवेकमा संसदको कुनै सदनमा वा एकसाथ दुवै सदनको संयुक्त बैठकमा संबोधन गर्न सकिबक्सने छ र यस प्रयोजनका लागि सदस्यहरूको उपस्थिति समादेश गर्न सकिबक्सने छ।

(२) श्री ५-बाट संसदको कुनै सदनलाई सन्देश पठाउन सकिबक्सने छ, जुन सदनलाई त्यस्तो सन्देश पठाइबक्सेको छ त्यस सदनले सन्देशमा तोकिएका कुराको विचार-विमर्श यथाशीघ्र गर्नु पर्ने छ।

३३ मन्त्रीले उभय सदनमा अभिभाषण गर्न पाउनेः--श्री ५-को मन्त्रीले वा धारा १४-को उपधारा ३-बमोजिम यस्तो मन्त्रीको कार्यभार लिने व्यक्तिले उभय सदनमा अभिभाषण गर्न अथवा कुनै सदनको कार्यवाहीमा वा त्यसको जुनसुकै समितिमा भाग लिन पाउँछ, तर त्यस सदनको सदस्य नभएसम्म त्यहाँ मतदान गर्न पाउँदैन।

३४. बहसमा बन्देजः-- १-श्री ५ र मौसूफका उत्तराधिकारीहरूको आचरणलाई लिएर संसदको कुनै सदनमा बहस गर्न पाइने छैन। तर, यस उपधारामा भएको कुनै कुराले पनि श्री ५-को सरकारको आलोचना गर्न बाधा पुऱ्याएको मानिने छैन।

२ प्रधान न्यायाधीशलगायत सर्वोच्च अदालतका कुनै न्याया-

धीशले आफ्नू कर्तव्य पालनका लागि गरेको सर्वोच्च अदालतको कार्यसंचालनलाई लिएर संसदको कुनै सदनमा बहस गर्न पाइने छैन ।

३५. **मतदानः**-यो संविधानमा अन्य व्यवस्था गरिएकोमा बाहेक संसदको कुनै सदनमा निर्णयको लागि प्रस्तावित भएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यको मतदानको बहुमतबाट हुने छ, सभापतित्व गर्ने व्यक्तिलाई साधारणतया मत दिने अधिकार हुने छैन, तर मत बराबर भएको खण्डमा सभापतित्व गर्नेले एक निर्णायक मत दिने छ ।

३६. **रिक्तावस्थामा संसदका दुवै सदनको कार्य-संचालन-अधिकार**
संसदको कुनै सदनको कुनै सदस्यता रिक्त छ भने पनि आफ्नो सदनको कार्य चालू राख्ने अधिकार प्रत्येक सदनलाई हुने छ, र त्यस्तो अवस्थामा वा सदनमा बस्न वा मत दिन वा कार्यवाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले सो गरेको हो भन्ने कुरा पछि पत्ता लाग्यो भने पनि त्यहाँ भएको जुनसुकै कार्य मान्य हुने छ ।

३७. **गणपूरकः**– संसदको कुनै सदनको बैठक भएको जुनसुकै समयमा महासभाको बैठकको लागि त्यसभन्दा कम महासभासद् उपस्थित भएको वा प्रतिनिधि-सभाको लागि पच्चीसभन्दा कम प्रतिनिधि-सभाका सदस्य उपस्थित भएको तथ्यप्रति सभापतित्व गर्ने व्यक्तिको ध्यान आकर्षित गरियो भने सभापतित्व गर्ने व्यक्तिले महासभाको वा प्रतिनिधि-सभाको स्थायी नियमावलीको अधीनमा रही गणपूरक संख्या नपुगेसम्म बैठकको कार्य निलम्बन गर्ने वा अर्को बैठक बस्ने

दिनसम्म बैठक स्थगित गर्न बिना प्रश्नले सक्ने छ ।

३८. **संसदका विशेषाधिकारः—** (१) संसदको कुनै सदनको कार्यवाहीको मान्यताप्रति कार्य-विधिको आरोपित अनियमितताको आधारमा कुनै अदालतमा प्रश्न उठाइने छैन ।

(२) कुनै पदाधिकारी वा महासभासद् वा प्रतिनिधि-सभाको सदस्यले कुनै सदनमा कार्यविधि नियमित गराउन, वा कार्य-संचालन गर्न वा व्यवस्था कायम राख्न पाएको अधिकार प्रयोग गरेको विषयलाई लिएर कुनै अदालतमा कारवाई चल्ने छैन ।

(३) महासभामा वा प्रतिनिधि-सभामा वा त्यहाँको कुनै समितिमा बोलेको कुनै कुरा अथवा दिएको कुनै मतको विषयलाई लिएर कुनै महासभासद् वा प्रतिनिधि-सभाको सदस्यउपर कुनै अदालतमा कारवाई चल्ने छैन ।

(४) संसदको कुनै सदनको अधिकारले वा संसदको कुनै सदनले दिएको अधिकारअन्तर्गत कुनै रिपोर्ट वा अन्य कागजपत्र वा मतदान वा कार्यवाही प्रकाश गरेको विषयलाई लिएर कुनै व्यक्ति-उपर कुनै अदालतमा कारवाई चल्ने छैन ।

(५) यस धाराको अधीनमा रही संसदको कुनै सदनको वा समिति-हरूको तथा त्यहाँका सदस्यहरूको विशेषाधिकार ऐनबाट निर्धारित हुने छ ।

३९. **नियमावलीः—** (१) यो संविधानमा भएका कुराहरूको अधीनमा रही आफ्ना कार्यविधि, कार्यसंचालन तथा आफ्नो समितिको कार्यविधि, कार्यसंचालन र आफ्नो बैठक बसेको बखत सुव्यवस्था

कायम राख्न तथा आफ्नो कार्यको उपयुक्त संचालनको निमित्त चाहिने अरू कुनै कुरा नियमित गर्नको लागि संसदको प्रत्येक सदनले स्थायी नियमावली वा अधिवेशन-नियमावली बनाउन सक्ने छ ।

(२) उपधारा (१)-बमोजिम स्थायी नियमाली जारी नभएसम्म उक्त उपधारामा उल्लिखित कुराहरू यो संविधानमा भएका कुराहरूको अधीनमा रही श्री ५-बाट जारी गरिबक्सेको नियमावलीअनुसार नियमित हुने छ ।

(३) यो धारामा " स्थायी नियमावली " भन्नाले अधिवेशन-अधिवेशनमा वा संसद-संसदमा चालू रही आवश्यतकतानुसार संशोधन हुन सक्ने नियमावलीलाई र "अधिवेशन-नियमावली" भन्नाले अधिवेशनको अवधिमा बनी त्यसै अधिवेशनमा मात्र चालू रहने नियमावलीलाई जनाउँछ ।

## परिच्छेद ५

### व्यवस्थापिका-कार्यप्रणाली

**८०. विधेयक-प्रस्तुत-विधिः—** (१) आर्थिक विधेयकबाहेक अरू जुनसुकै विधेयक संसदको कुनै सदनमा प्रस्तुत हुन सक्ने छ, तर आर्थिक विधेयक भने प्रतिनिधि-सभामा मात्र प्रस्तुत हुने छ ।

(२) यो संविधानमा "आर्थिक विधेयक" भन्नाले निम्नलिखित सबै वा कुनै विषयसित मात्र सम्बन्ध राख्ने व्यवस्था भएका सरकारी विधेयक सम्झनु पर्छ—

(क) करको आरोपण, खारेजी, माफी, परिवर्तन वा कर-

व्यवस्थालाई नियमित गर्नु ।

(ख) संचित कोष वा कुनै सरकारी कोष वा संसदले व्यवस्था गरी दिएको धनबाट खर्च हुने रकम निर्धारण गर्नु र त्यसरी निर्धारण भएको रकममा परिवर्तन वा खारेज गर्नु ।

(ग) श्री ५-को सरकारको निमित्त वा कुनै अधिकारी वा व्यक्तिको लागि धन प्रदान गर्नु वा त्यसरी प्रदान गरिएको अंक परिवर्तन गर्नु वा प्रतिसंहरण गर्नु ।

(घ) सरकारी कोष तोकिएको काममा लगाउने वा प्राप्ति गर्ने वा जिम्मा राख्ने वा लगान गर्ने वा त्यसको हिसाब-किताब जाँच्ने ।

(ङ) कुनै ऋण प्राप्त गर्ने वा त्यस्तो ऋणको जमानत दिनु वा चुक्ता गर्नु वा यस्ता ऋणको सम्बन्धमा व्यवस्थापित ऋण-निवारण-कोषको स्थापना गर्नु वा परिवर्तन गर्नु वा प्रशासन-व्यवस्था गर्नु वा अन्त गर्नु ।

(च) उपरोक्त विषयहरूसंग प्रासंगिक कुनै अन्तर्गत विषय ।

(३) उपधारा (२)-मा लेखिएको विषयमा व्यवस्था गर्ने विधेयक वा संशोधन वा ऐन बनाई लागू गरिएमा संचित कोष वा सरकारी कोष वा राजस्वबाट खर्च गराउने विधेयक वा संशोधन श्री ५-को सिफारिशबिना संसदको सदनहरूमा प्रस्तुत गरिने छैन ।

४१. विधेयक-पास-विधि:— (१) संसदको एउटा सदनले पास गरेको विधेयक अर्को सदनमा अविलम्ब पठाइने छ र अर्को सदनमा पनि पास भयो भने सो विधेयक श्री ५-को स्वीकृतिकालागि पेश गरिनेछ ।

(२) प्रतिनिधि-सभाले पास गरेको आर्थिक विधेयक अधिवेशन अन्त हुने कमसेकम एक महीनाअगावै महासभामा पठाईएको छ र एक महीनाभित्र महासभाले त्यस विधेयकलाई पास गरेन भने महासभामा पास नभइकन पनि विधेयक श्री ५-को स्वीकृतिको लागि पेश गर्न सकिने छ ।

(३) आर्थिक विधेयक वा यो संविधानलाई संशोधन गर्ने विधेयकबाहेक अरू कुनै विधेयक प्रतिनिधि-सभाले पास गरेको छ र अधिवेशन अन्त हुने कमसेकम एक महीनाअगावै महासभामा पठाइएको छ, र

(क) त्यो विधेयक त्यस अधिवेशनमा महासभाले पास गरेन भने, र

(ख) प्रतिनिधि-सभाले अर्को अधिवेशनमा त्यस विधेयकलाई फेरि पास गरी सो अधिवेशनको अन्त हुने कमसेकम एक महीना अगावै महासभामा पठाइसकेको छ भने, र

(ग) महासभाले त्यो विधेयक एक महीनाभित्र पास गरेको छैन भने,

महासभामा पास नभइकन पनि सो विधेयक श्री ५-को स्वीकृतिको लागि पेश गर्न सकिने छ ।

तर, पहिलो अधिवेशनमा प्रतिनिधि-सभाले पास गरेको मिति र अर्को अधिवेशनमा पास गरेको मितिबीचको अवधि पाँच महीनाभन्दा कम भएको हुनु हुँदैन ।

(४) यो धाराको प्रयोजनको निमित्त महासभाले संशोधन गरी पास गरेको विधेयकमा भएको संशोधनलाई प्रतिनिधि-सभाले इन्कार गऱ्यो भने महासभामा विधेयक पास भएको मानिने छन ।

(५) उपधारा (३)-को प्रयोजनको निमित्त—

(क) अर्को अधिवेशन उही संसदको वा त्यसपछि आउने अर्को संसदको पनि हुन सक्छ।

(ख) प्रतिनिधि-सभाले दोस्रो अधिवेशनमा पास गरेको विधेयकमा

(१) महासभाले पहिलो अधिवेशनमा पास गरेको संशोधन, र

(२) समयावसानले भएको संशोधन र आनुषंगिक संशोधन-बाहेक अरू कुनै संशोधन भएको छैन भने त्यो विधेयक प्रतिनिधि-सभाको पहिलो अधिवेशनमा पास भएको विधेयक मानिने छ।

४२. शाही स्वीकृतिः-(१) धारा ४१-बमोजिम श्री ५-को स्वीकृतिको निमित्त जब विधेयक पेश गरिन्छ श्री ५-बाट सो विधेयक स्वीकृत भयो वा अस्वीकृत भयो भनी सूचना बक्सने छ।

(२) श्री ५-बाट विधेयकलाई स्वीकृति बक्सने वा नबक्सने विषयमा राष्ट्रिय परिषद्‌सित परामर्श गर्न सकिबक्सने छ र यस्तो परामर्श गरिबक्सेपछि मौसूफको स्वविवेकमा स्वीकृत नगरिबक्सन संतुष्ट होइबक्स्यो भने श्री ५-बाट—

(क) स्वीकृति बक्सेको छैन भनी संसदको दुवै सदनलाई सूचना बक्सने छ, वा

(ख) अरू बढता विचार-विमर्श गर्नको लागि त्यो विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाइबक्सने छ र यस्तो भएमा श्री ५-बाट मौसूफको स्वविवेकले त्यस सदनलाई उक्त विधेयकमाथि मौसूफको अवलोकन पठाउन सकिबक्सने छ।

(३) यो संविधानबमोजिम श्री ५-को स्वीकृति प्राप्त भएको विधेयक लालमोहर लागेपछि 'ऐन' भनिने छ।

४३. **सभामुखद्वारा प्रमाणीकरण:–** (१) 'यो आर्थिक विधेयक हो' भनी सभामुखले स्वहस्त प्रमाणित नगरेसम्म धारा ४१-को उपधारा (२)-अनुसार कुनै विधेयक पनि श्री ५-को स्वीकृतिको लागि पेश गरिने छैन।

(२) धारा ४१-को उपधारा (३)-को आवश्यकता पूरा भएको छ भनी सभामुखले स्वहस्त प्रमाणित नगरेसम्म कुनै विधेयक श्री ५-को स्वीकृतिको लागि पेश गरिने छैन।

(३) यो धाराअन्तर्गत सभामुखको प्रत्येक स्वहस्त प्रमाणित लिखतपत्र सबै उद्देश्यको निमित्त अन्तिम हुने छ। र त्यसउपर कुनै अदलतमा प्रश्न उठाइने छैन।

## परिच्छेद ६

## *आर्थिक कार्यप्रणाली*

४४. **सामान्य व्यवस्था:–** (१) ऐन वा ऐनले दिएको अधिकार बमोजिमबाहेक कुनै कर लगाइने छैन।

(२) यो संविधानअनुसार वा ऐनले दिएको अधिकारले बाहेक संचित कोष वा अरू कुनै सरकारी कोष वा संसदद्वारा व्यवस्थित धनबाट कुनै किसिमको व्यय गरिने छैन।

(३) ऐनले दिएको अधिकारबाहेक संचित कोष वा अरू कुनै सरकारी कोष वा संसदद्वारा व्यवस्थित धन धितो राखी कुनै कर्जा लिन हुँदैन।

(४) यस भागको कुनै कुरा श्री ५-को निजी राजस्व वा यस्तो

राजस्वबाट हुने व्ययमा लागू हुने छैन ।

४५. संचित कोष:-(१) श्री ५-को निजी राजस्व र स्थानीय करबाहेक श्री ५-को सरकारलाई प्राप्त हुने अरू सबै प्रकारका राजस्व तथा करबाट हुने आम्दानी राजस्वको धितोमा लिइएको सबै कर्जाहरू र ऐनको अधिकारअन्तर्गत दिइएको जुनसुकै ऋण असूल हुँदा प्राप्त हुने सबै धन संसदले अर्को कुनै व्यवस्था नगरेसम्म एउटा सरकारी कोषमा आम्दानी बाँधिने छ र यसलाई संचित कोष भनिने छ ।

(२) निम्नलिखित विषयसंग सम्बन्ध भएका कुरा संचित कोष-माथि व्यय-भार हुने छ र यस्तो व्ययको लागि संसदको वार्षिक स्वीकृतिको जरूरत पर्ने छैन ।

(क) श्री ५ तथा राजपरिवारमा हुने व्यय,

(ख) निम्नलिखित व्यक्तिलाई दिइने पारिश्रमिक-

(१) प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू,

(२) निर्वाचन-क्षेत्र--विभाजन तथा निर्वाचन-आयोगका सदस्यहरू,

(३) लोकसेवा-आयोगका सदस्यहरू र

(४) महालेखा परीक्षक ।

(ग) राजदरबार, सर्वोच्च अदालत, निर्वाचन-क्षेत्र-विभाजन तथा निर्वाचन-आयोग, लोकसेवा-आयोग र महालेखा-परीक्षक-विभागका कर्मचारीलाई दिइने पारिश्रमिकलगायत प्रशासन-व्ययहरू,

(घ) ब्याज-र ऋण-निवारण-कोषबाट हुने व्यय, पूँजीको चुक्ता वा निष्कासण र ऋण-प्राप्त-गर्दाको अरू व्यय संचित कोषको धितोमा

काढ़ेका ऋणको विमोचन र यससम्बन्धी काममा लाग्ने खर्च-समेत श्री ५-को सरकारले दिनु पर्ने सबै व्यय,

(ङ) श्री ५-को सरकारको विरुद्ध अदालत वा विशेष अदालत [ अदालतको अधिकार प्राप्त कुनै अड्डा ]-बाट भएको फैसला वा डिक्रीअनुसार तिर्नु पर्ने रकम,

(च) यो संविधान वा ऐनले संचित कोषबाट खर्च गर्ने भनी निधो गरेको रकम ।

४६, **राजस्व र व्ययको अनुमानः**--(१) श्री ५-बाट प्रत्येक आर्थिक वर्षमा प्रतिनिधि--सभाको संमुख देहायबमोजिमका कुरा खुलाई आर्थिक विवरण पेश गर्न लगाइबक्सने छः-

(क) गत आर्थिक वर्षको उपलब्ध स्रोतबाट राजस्वको अनुमान,

(ख) करसम्बन्धी कानूनमा प्रस्तावित परिवर्तनको प्रभाव,

(ग) संचित कोषप्रति व्यय-भार भएका चाहिंदा रकमहरू,

(घ) संसदको मतदानले व्यय हुने चाहिंदा रकमहरू,

(ङ) ऋणको रूपमा व्यवस्था गरिएका रकमहरू ।

(२) संसदको मतदानले व्यय हुने चाहिंदो रकम शीर्षक र उप-शीर्षकहरूमा निर्दिष्ट गरिने छ र शीर्षकानुसार ती रकमलाई विनियोजन गरी विनियोजन-विधेयकमा ती शीर्षकहरू गाभी श्री ५-को सरकारलाई उक्त रकमहरू दिने भनी मतदान गर्ने छ । विधेयकमा निर्दिष्ट गरिएका शर्तबमोजिम विनियोजन-विधेयकले एक शीर्षकबाट अर्को शीर्षकमा सार्न हुने अधिकार दिन सक्ने छ ।

४७. **पूरक र बढ़ीको निमित्त मतदानः**-कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा श्री ५-बाट शीर्षक र उपशीर्षकमा निर्दिष्ट भएको पूरक अनुमान प्रतिनिधि-सभाको संमुख राख्न लगाइनेछ र ती शीर्षकहरू पूरक विनियोजन-विधेयकमा गाभिने छ ।

(क) चालू आर्थिक वर्षको निमित्त कुनै सेवाको लागि खर्च गर्न अधिकार दिइएको रकम अपर्याप्त भयो भने वा त्यस वर्षको निमित्त विनियोजन- ऐनले अधिकार नदिएको नयाँ सेवामा व्यय गर्नु पर्ने जरूरत पऱ्यो भने, वा

(ख) त्यस आर्थिक वर्षमा कुनै सेवाको निमित्त मतदानद्वारा स्वीकृत भएको रकमभन्दा अधिक मात्रामा धन खर्च भएको छ भने ।

४८. **पेश्की अनुदानः**- १. यस परिच्छेदमा यसअघि जेसुकै लेखिएको भए तापनि विनियोजन-विधेयक विचाराधीन रहेको अवस्थामा आगामी आर्थिक वर्षको अंशको अनुमान गरिएको व्ययको निमित्त अगावै पेश्कीको रूपमा रकम दिन मतदान गर्ने संसदको अधिकार हुने छ ।

(२) धारा ४६-मा गरिएका व्यवस्थाअनुसार राजस्व व्ययको अनुमान उपस्थित नगरिएसम्म पेश्की अनुदान प्रतिनिधि-सभामा प्रस्तुत गरिने छैन र—

(क) आगामी आर्थिक वर्षका पहिलो चार महीनाको निमित्त अनुमान गरिएको व्ययभन्दा पेश्की अनुदानको रकम अधिक हुने छैन ।

(ख) पेश्की अनुदान पेश्की-अनुदान-विधेयकमा गाभिने छ र

पृथक् रकमहरू विनियोजन-विधेयकमा पृथक्-पृथक् शीर्षकमा विनियोजित हुने छ ।

(ग) पेश्की अनुदान-विधेयकमा श्री ५-को स्वीकृति प्राप्त नभएसम्म पेश्की अनुदानबाट कुनै व्यय गरिने छैन ।

४९ उधारो अनुदानः—यस परिच्छेदमा यसअघि जे लेखिएको भए तापनि प्राकृतिक कारण वा बाह्य आक्रमणको धम्की वा आन्तरिक विघ्न वा अरू कुनै कारणले गर्दा राष्ट्रव्यापी वा स्थानीय संकटावस्था भएमा धारा ४६-अन्तर्गत नाहिने विवरण निर्दिष्ट गर्न अव्यावहारिक र राज्यको सुरक्षा वा हितको दृष्टिले अवांछनीय छ भन्ने कुरामा श्री ५ संतुष्ट होइबक्सेमा त्यस परिस्थितिमा व्ययको श्री ५-बाट बांछनीय ठहराइबक्सेको विवरणमात्र भएको उधारो अनुदान-विधेयक श्री ५-बाट प्रतिनिधि-सभाको सम्मुख राख्न लगाइ-बक्सने छ ।

५०. आकस्मिक कोषः—ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिने छ र उक्त कोषमा समय-समयमा ऐनले निधो गरेअनुसार रकम जम्मा गरिने छ । यो कोष श्री ५-को सरकारको नियन्त्रणमा रहने छ र श्री ५-बाट स्वीकृति बक्सेबमोजिम सो कोषबाट आकस्मिक खर्चका लागि व्यय गरिने छ । यथाशक्य चाँडो यस्तो व्ययको रकम पूरक अनुदानको रूपमा शोध भर्नाका लागि संसदमा पेश गरिने छ ।

## परिच्छेद ७

### व्यवस्थापिका अधिकार

**५१. सामान्य व्यवस्थापक-अधिकार:**—यस संविधानमा भएको व्यवस्थाहरूको अधीनमा रही नेपालको शान्ति, सुरक्षा र सुशासनको लागि कानून बनाउने अधिकार संसदलाई हुने छ ।

**५२. अध्यादेश:**— १ संसदको दुवै सदनको अधिवेशन नभएका बखतमा तत्काल केही गर्न आवश्यक परिस्थिति आएको छ भन्ने कुरामा श्री ५ संतुष्ट होइबक्सेमा यस संविधानको उपबन्धको प्रतिकूल नहुने गरी मौसूफबाट परिस्थितिअनुसार आवश्यक सम्झिबक्सेको अध्यादेश जारी गर्न सकिबक्सने छ ।

(२) उपधारा १—अनुसार जारी भएको अध्यादेश ऐनसरह मान्य हुने छ । तर, यस्तो प्रत्येक अध्यादेश—

(क) अध्यादेश जारी भएपछि बसेको संसदको दुवै सदनमा पेश गरिने छ र संसदको दुवै सदनले अस्वीकार गर्ने प्रस्ताव पास गरेमा खारेज हुने छ ।

(ख) श्री ५-बाट जुनसुकै समयमा खारेज हुन सक्ने छ ।

(ग) खण्ड (क) वा (ख)-बमोजिम खारेज नभएमा संसदको बैठक बसेको ४५ दिनपछि स्वतः निष्क्रिय हुने छ ।

**स्पष्टीकरण**—संसदको विभिन्न सदन अघि-पछि गरी बसेको छ भने यस उपधाराको तात्पर्यको लागि जुन सदन पछि बसेको छ सो सदनको बैठक बसेको मितिले संसदको समयको बैठक बसेको गणना हुने छ ।

५३. **संविधान संशोधनः-** (१) संसदको दुवै सदनबाट पास भएको विधेयकमा श्री ५-बाट स्वीकृति बक्सी लालमोहर लागेपछि स्यसद्वारा संसदले यस संविधानको कुनै पनि कुरालाई संशोधन वा खारेज गर्न सक्नेछ। तर--

(क) संविधानमा संशोधन गर्ने विधेयकको नाम संविधान-संशोधन-विधेयक भनिने छ र संविधान-संशोधनसम्बन्धीबाहेक अन्य कुनै कुरा त्यसमा रहने छैन।

(ख) प्रतिनिधि-सभा तथा महासभाको बेग्लाबेग्लै बैठकमा विधेयकको अन्तिम पठन हुँदा उक्त सदनहरूका सबै सदस्य-संख्याको कमसेकम दुइ-तिहाइ सदस्यहरूको समर्थन प्राप्त भएन भने त्यो विधेयक उक्त सभाहरूमा पास भएको मानिने छैन।

(ग) श्री ५-को स्वीकृतिको लागि पेश हुँदा त्यो विधेयकमा अध्यक्ष तथा सभामुखद्वारा यो उपधाराको उपबन्धहरू पालन गरिएको व्यहोराको प्रमाणपत्र स्वहस्तांकित भएको हुनेछ।

(घ) स्वीकृति बक्सने या नबक्सने निधो श्री ५-बाट मौसूफको स्वविवेकमा गरिबक्सनेछ।

(२) उपधारा (१)-अन्तर्गत अध्यक्ष तथा सभामुखको प्रत्येक स्वहस्त प्रमाणित लिखतपत्र सबै उद्देश्यको निमित्त अन्तिम हुनेछ र यसउपर कुनै अदालतमा प्रश्न उठाइने छैन।

५४. **बाझिएका ऐन-कानून अवैध गराउने उपायः—** प्राप्य अन्य कुनै उपायमा विरोध नहुने गरी यस संविधानसंग बाझिएकोले कुनै ऐन वा अन्य कानूनको सबै वा केही कुरा बाझिएको छ भनी

आरोप लगाउने व्यक्ति देहायको कुराको लागि सर्वोच्च अदालतमा जान सक्नेछः—

(क) उक्त बाझिएका कानूनका बाझिएजति कुराहरू अवैध भनी सर्वोच्च अदालतबाट घोषित होस् भनी, र

(ख) सर्वोच्चअदालतबाट उचित ठहराएको प्रासंगिक तथा पूरक निवारणका लागि आदेश होस् भनी।

५५. संकटकालीन अधिकारः--(१) श्री ५-को स्वविवेकमा कुनै गम्भीर संकट विद्यमान भई जसबाट नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षा वा आर्थिक जीवन युद्धले वा बाहिरी आक्रमणले वा आन्तरिक उपद्रवले संतप्त छ भन्ने लागेको छ भने मौसूफबाट मौसूफकै स्वविवेकमा देहायबमोजिम गर्ने गरी घोषणा गर्न सकिनेछ र यस संविधानको उपबन्धको प्रचलनलाई पूर्ण वा आंशिक मात्रामा निलम्बन गर्ने व्यवस्थाहरूलगायत घोषणाको उद्देश्य कार्यान्वित गर्नको लागि मौसूफबाट आवश्यक वा वांछनीय सम्झिनेसम्मको प्रासंगिक र आनुषंगिक व्यवस्थाहरू यस्तो जुनसुकै घोषणामा रहन सक्ने छन्—

(क) घोषणामा तोकिएसम्म मौसूफको कार्यहरू मौसूफबाट स्वविवेकमा गरिनेछन् गरी,

(ख) संसद वा अन्य कुनै सरकारी निकाय वा अधिकारीमा निहित वा तीद्वारा प्रयोग हुने सबै वा कुनै अधिकार मौसूफले नै ग्रहण गरिनेछन् गरी।

तर, यस उपधाराको कुनै कुराले पनि मौसूफबाट सर्वोच्च

अदालतमा निहित वा त्यसद्वारा प्रयोग हुने कुनै पनि अधिकार ग्रहण वा यस संविधानको भाग ६-मा गरिएको व्यवस्थाहरू पूर्ण वा आंशिक मात्रामा निलम्बन गरिबक्सने छैन ।

(२) यस्तो कुनै घोषणा अर्को घोषणाद्वारा खारेज वा परिवर्तित हुन सक्ने छ ।

(३) पहिलो घोषणालाई खारेज गर्ने घोषणाबाहेक यस धारा अन्तर्गत भएको अन्य घोषणा बाह्र महीनाको अवधि नाघेपछि निष्क्रिय हुने छ, परन्तु पुनः अर्को घोषणाद्वारा नवीकरण हुन सक्तछ र गम्भीर संकटकालीन परिस्थिति अब विद्यमान छैन भनी श्री ५ संतुष्ट होइनबक्सेसम्म एवंरीत चलिरहने छ ।

(४) श्री ५-बाट यस धाराअन्तर्गत अधिकार ग्रहण गरी बनाइ बक्सेको कुनै पनि कानून ऐनद्वारा अगावै खारेज वा पुनः व्यवस्थित नभएमा यस धाराअन्तर्गतको घोषणा लागू हुन छोड्देको ६ महीना बितेपछि निष्क्रिय हुने छ ।

(५) श्री ५-बाट यस धाराअन्तर्गत अधिकार प्रयोग गरिबक्सदा यथासाध्य राष्ट्रिय परिषद्संग परामर्श गरी कार्य गरिबक्सने छ ।

**१६. संवैधानिक यन्त्र विफल भएमा संकटकालीन अधिकारहरूः**—(१) यस संविधानद्वारा आयोजित संसदीय शासन-पद्धति भंग भएको छ र धारा १७—द्वारा प्रदत्त अधिकारहरू त्यस परिस्थितिमा अपर्याप्त छ भन्ने कुरा राष्ट्रिय परिषद्संग परामर्श गरिबक्सेपछि श्री ५-को स्वविवेकमा लागेमा मौसूफबाट घोषणाद्वारा मौसूफको स्वविवेकमा यस संविधानको भाग ३,४ र ५—को कुनै

पनि उपबन्ध निलम्बन गर्न र नेपाल अधिराज्यको शासनको लागि मौसूफको स्वविवेकमा आवश्यक ठहरिएका अस्थायी व्यवस्था गर्न सकिबक्सने छ । तर—

(क) मौसूफको स्वविवेकमा संसदको एउटामात्र वा दुवै सदनलाई निलम्बन गर्न आवश्यक छ भन्ने नलागेसम्म त्यस्तो गरिबक्सने छैन ।

(ख) मौसूफबाट संसदको एउटा सदन निलम्बन गर्नु पर्ने आवश्यक संभिबक्सेमा यो धारामा व्यक्त कुराहरूको अधीनमा रही श्री ५ र निलम्बन नभएको सदनको संसदद्वारा कानूनहरू बनाइने छन् ।

(ग) धारा ५३-ले व्यवस्था गरेको किसिम र ढाँचामा बाहेक श्री ५-बाट यस धाराअन्तर्गत यो संविधानलाई स्थायी तवरले संशोधन गरिबक्सने छैन ।

(२) उपधारा (१)-अन्तर्गत जुनसुकै घोषणा पनि पछि हुने घोषणाद्वारा खारेज वा परिवर्तित हुन सक्नेछ ।

(३) पहिलो घोषणालाई खारेज गर्ने घोषणाबाहेक यस धाराअन्तर्गत भएको अन्य घोषणा बाह्र महीनाको अवधि नाघेपछि निष्क्रिय हुनेछ, तर पुनः अर्को घोषणाद्वारा नवीकरण हुन सक्छ र श्री ५-को स्वविवेकमा यस संविधानद्वारा आयोजित संसदीय शासन-पद्धति पूर्णतया पुनः स्थापित हुन सक्छ भन्ने कुरामा सन्तुष्ट होइनबक्से-सम्म यस्तै क्रमले चलिरहनेछ ।

तर, श्री ५—को स्वविवेकमा निम्नलिखित अवस्था छ भन्ने सन्तुष्ट भैनबक्सेसम्म यस धाराअन्तर्गत कुनै घोषणा पुनः नवीकरण हुन सक्ने छैन ।

(क) संसदीय शासन-पद्धति यस्तो प्रकारले भंग भएको छ कि आम निर्वाचन गराउन अव्यावहारिक हुनजान्छ भने, वा

(ख) आम निर्वाचन भरखरै भएको छ, तर यस संविधानद्वारा आयोजित तरीकाबाट संसदीय शासन-पद्धतिअनुसार काम चल्न सक्तैन भने ।

(४) यस संविधानलाई संशोधन गर्नेबाहेक यस धाराअन्तर्गत जारी भएको घोषणामुताबिक बनाइएको कुनै पनि कानून, ऐनद्वारा अगावै खारेज वा पुनः व्यवस्थित नभएमा यस धाराअन्तर्गतको घोषणा लागू हुन छाड्देको ६ महिना बितेपछि निष्कृय हुनेछ, र यो संविधानलाई संशोधन गर्ने कानून चाहिं यस धाराअन्तर्गत जारी भएको घोषणा लागू हुन छाड्देपछि निष्कृय हुनेछ ।

# परिपिष्ट ३१

## श्री ५ त्रिभुवनको २००७ साल फाल्गुन ७ गतेको शाही घोषणा

स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखा दक्षिणवाहु महाधिपति श्री मन्महाराजाधिराज श्री श्री श्री महाराजा त्रिभुवन वीरविक्रम जंगवहादुर शाहवहादुर शम्शेर जंग देवानाम् सदा समर विजयीनाम् ।

आगे हाम्रो मुलुकका भाई-भारादार; सन्त-महन्त, रैति-दुनियाँ, महाजन गँह्र के यथोचित।

उपरान्त संवत् १९०३ सालमा त्यस समयमा यो राज्यको गद्दीमा राजभएको हाम्रो स्वर्गीय पूज्य जिज्यू वराज्यू श्री ५ महाराजाधिराज सुरेन्द्र विक्रमशाहदेवले धेरै गम्भीर र महत्वपूर्ण कारणले आफ्ना र आफ्ना उत्तराधिकारीहरूको तर्फवाट यो मुलुकको शासन-भार श्री ३ महाराज जंगवहादुर राणालाई सुम्पिवक्सेको हुनोले उपरोक्त श्री ३ महाराज जंगवहादुर राणाका उत्तराधिकारीहरुले हाम्रा पूर्वजहरूको तर्फवाट मौसूफका प्राइममिनिष्टरहरूको हँसियतमा यो राज्यको शासन चलाई आएकोले

औ वर्तमान समयमा श्री ३ महाराज मोहनशम्शेर जंगवहादुर राणाले हाम्रो तर्फवाट औ हाम्रो नाममा यो राज्यको शासन चलाई

आएको हो ।

आज हाम्रो प्रजाको शासन अन्त-उपरान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले

औ सो बिधान तयार नभएसम्म अहिले हामीलाई हाम्रो कार्यसम्पादन गर्नामा मद्दत र सल्लाह दिनाको निमित्त दुनियाँको विश्वास भएका दुनियाँका प्रतिनिधिहरूसमेत सम्मिलित भएको एक मन्त्रिमण्डलको संगठन होस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले

तसर्थ हामीबाट यो घोषणा-पत्रद्वारा हामीलाई हाम्रो कार्यको संपादनमा मद्दत गर्न हाम्रा अति विश्वासपात्र र प्रिय श्री ३ महाराज मोहनशम्शेर जंगबहादुर राणा हाम्रो प्राइममिनिष्टर र परराष्ट्र मन्त्री,

श्री मिनिष्टर बब्बर शम्शेर जंगबहादुर राणा, रक्षा मन्त्री

श्री विश्वेश्वरप्रसाद कोइराला, गृहमन्त्री

श्री सुवर्ण शम्शेर, अर्थमन्त्री

श्री चूडाराज शम्शेर, वन-विभागको मन्त्री

श्री गणेशमान सिंह, उद्योग-वाणिज्य मन्त्री

श्री नृपजंग राणा, शिक्षामन्त्री

श्री भद्रकाली मिश्र, यातायात मन्त्री

श्री यज्ञबहादुर बस्न्यात, स्वास्थ्य र स्थानीय स्वायत्त शासन मन्त्री

श्री भरतमणि शर्मा, खाद्य र कृषि मन्त्रीसमेत अरू मन्त्रीहरू सम्मिलित भएको एक मन्त्रिमण्डल संगठन र नियुक्त गरिबक्सिन्छौं ।

माथि उल्लेख गरिएका मन्त्रीहरू हाम्रो इच्छाअनुसार आफ्ना

ओहदामा रहने छन् । औ संयुक्त रूपमा हामीप्रति जिम्मेदार रहने छन्। यो राज्यको शासनसम्बन्धी विषयहरूमा मन्त्रिमण्डलका सबै निर्णयहरू हामीलाई जाहेर गर्ने हाम्रो प्राइम-मिनिष्टरको कर्तव्य हुने छ। औ यो राज्यको शासनसम्बन्धी विषयहरूका बारेमा हामीले खोजिबक्सेको सबै समाचार पनि उनले हामीलाई जाहेर गर्न उनको कर्तव्य हुनेछ।

औ हामी यसद्वारा हाम्रो सबै प्रजालाई हामी र हाम्रो उत्तराधिकारीप्रति सच्चा वफादारी धारण गर्नाको निमित्त आमन्त्रण गर्दछौं। औ हाम्रा सबै जंगी-निजामती अफिसरहरू र यस राज्यका अरू बासिन्दाहरूलाई आज्ञाकारी भई हाम्रा मन्त्रीहरूलाई निजको कर्तव्यको संपादनमा मद्दत र सहायता गर्नालाई आदेश गरिबक्सन्छौं।

राजनैतिक अपराधमा परेकाहरू सबैलाई निजहरू २००७। १२।२०।२-अघि आफ्ना-आफ्ना घर फर्की शान्तिमय काम-काजमा लागेभने निजहरूलाई माफी र विस्मृति दिने औ त्यस्ता अपराधमा जफत भएका निजहरूको जायजात तिनीहरूलाई फिर्ता दिने हाम्रो शाही इच्छा छ।

यो हाम्रो आन्तरिक आशा छ कि यो नयाँ व्यवस्थामा सरकार र दुनियाँले मिलीजुली नेपालको समृद्धिको निमित्त प्रयत्न गर्ने छन्। परमेश्वरले हामीलाई र हाम्रा अधिकारी-वर्गलाई हाम्रा प्रजाको हितको निमित्त उपरोक्त हाम्रा इच्छाहरू पालन गर्ने शक्ति दिउन्।

नारायणहिटी दरबार

काठमाडौं

२००७।११।७।१

## परिशिष्ट ३२

### नेपालमा नगरपालिका र पंचायतको सूत्रपातका सम्बन्धमा केही ज्ञातव्य कुरा

१. 'म्यूनिसिपलिटी' को जन्म १९७६ सालमा भएको देखिन्छ । यसै साल पौष २ गतेको खड्गनिशाना सदरबाट सो कुरा ज्ञात हुन्छ ।

२. त्यसभन्दा अघि नै 'सफाई अड्डा' खड़ा भएको थियो ।

३. म्यूनिसिपलिटीका सदस्यहरूलाई छानेर लिने चलन १९७९ साल-देखि चल्यो ।

४. १९८५ सालमा 'मान्य–जन–कचहरी' को नामले कुनै क्षेत्रमा पंचायत गठनको प्रारम्भ देखिन्छ ।

५. आधुनिक ढंगले नेपाल भरमुलुक पंचायत गठन गर्ने व्यवस्था २००६ सालदेखि भयो ।

## परिशिष्ट ३३( क )

### ७ अक्टूबर, १९५२ ई०–मा प्रकाशित नेपाल सरकारको मर्यादा–क्रम

### ( Order of Precedence )

1. His Majesty the King.
2. Crown Prince.
3. Crown Prince's son.
4. Princes such as King's other son's, Princes of

the Blood Royal in order of succession to the throne.

5. The Prime Minister of Nepal,
6. Ambassadors accredited to Nepal.
7. Cabinet Ministers of Nepal.
8. Chief Justice of Nepal.
9. President, Constituent Assembly.
10. Ex–Prime Ministers of Nepal.
11. President, Advisory Assembly.
12. Ministers of State.
13. Ambassadors of Nepal.
14. Visiting Ambassadors and Ministers Plenipotentiary.
15. Charge d' Affaires pied.
16. Charge d' Affaires ad interim.
17. Commander–in–Chief.
18. Bada Guruju.
19. Deputy Ministers.
20. Officers of the rank of Commanding General & Generals.
21. Judges of Pradhan Nyayalaya, Adviser–cum–Secretary to H. M. the King.

22. Attorney General, Controller & Auditor Generals.
23. Chairman, Public Service Commission.
24. Counsellors, Foreign Embassies and Legations.
25. First Secretaries of Foreign Embassies and Legations, Police Adviser.
26 Election Commissioner.
27, Census Commissioner.
28. Members, Constituent Assembly.
29. Officers of the rank of Lt. General.
30. Nayab Bada Guruju.
31. The Chief Priest ( Purohit ) of His Majesty the King.
32. Members, Public Service Commission.
33. Members, Advisory Assembly.
34. Military Secretary to H. M. the King.
    Private Secretary to H. M. the King.
    Personal Secretary to H. M. the King.
35. Secretaries to Government.
36, Inspector-General of Police, Inspector-General of Prisons.
37. Principal Private Secretary to the Prime

Minister.

38. Bada Hakim ( Within their charges).

39. Officers of the rank of Major General.

40. Director-Generals and Heads of Departments including (a) Chief Electrical Engineer;
(b) Forest Advisor;
(c) Director, Nepal Radio.

41. Deputy Secretaries, Brigadiers, Bada Kazi, Bada Hakims ( Not within their charges ).

42. Kazis and Colonels (in order of appointment).

43. Sardars, Lt. Colonels (in order of appointment).

44. Mir Subbas and Majors ( in order of appointment ).

45. Assistant Secretaries.

## परिशिष्ट ३३ ( ख )

### ज्येष्ठ २६ गते, २०१३-मा सरकारबाट संशोधित रूपमा निर्णय भएको मर्यादा-क्रम

१.श्री ५ महाराजाधिराज, २. श्री ५ युवराजाधिराज, ३.श्री ५ युवराजाधिराजका राजकुमारहरू, ४. श्री ५ अधिराजकुमारहरू, राजपरिवारका अन्य राजकुमारहरू, ५ श्री प्रधानमन्त्री, ६ श्री विदेशका राजदूतहरू, ७ मन्त्रिमण्डलका सदस्य श्री मन्त्रीहरू, नेपालका श्री प्रधान

न्यायाधीश, श्री स्पीकर ( सल्लाहकार सभाका अध्यक्ष ),श्री बड़ा गुरुज्यू, ८. श्री नेपालका भू. पू. प्रधान मन्त्रीहरू, ९. श्री मिनिस्टर प्लेनिपोटेन्शियरी एण्ड एनभ्वायज् एक्स्ट्राअर्डिनरी, १०. श्री ५ - बाट मनोनीत गरिबक्सेका साहेबज्यू ११ श्री नेपाली राजदूत, श्री भिजिटिङ् एम्बेस्डर एण्ड मिनिस्टर प्लेनिपोटेन्शियरी १२. श्री चार्ज द एफेयर्स एड् पेद, १३ श्री चार्ज द एफेयर्स एड् इन्टरिम, १४ श्री फील्ड मार्शल, १५ श्री कम्याण्डर-इन-चीफ, १६ पब्लिक सर्भिस कमिशनको श्री चेयरमैन, १७ प्रधान न्यायालयका श्री जजहरू, पब्लिक सर्भिस कमिशनका श्री सदस्यहरू, श्री एलेक्शन कमिश्नर, श्री सेन्सस कमिश्नर, १८ श्री जनरल, १९ श्री साहेबज्यूहरू (१० नं.-मा लेखिएबाहेकका), २० श्री एटर्नी जनरल, श्री अडिटर जनरल, श्री प्रमुख प्रोहित, २१ श्री ५-का मिलिटरी सेक्रेटरी, श्री ५-का प्रिन्सिपल सेक्रेटरी, श्री ५-का प्रिन्सिपल प्राइभेट सेक्रेटरी, श्री ५-का प्रिन्सिपल पर्सनल सेक्रेटरी, श्री ५-का ए.डी.सी. लेफ्टिन्याण्ट जनरल, श्री चीफ सेक्रेटरी, श्री सी.जी.एस. २२ श्री लेफ्टिन्याण्ट जनरल,२३ श्री सल्लाहकार सभाका सदस्यहरू, नगरपालिकाका सभापतिहरू, २४ श्री सल्यानी राजा, श्री जाजरकोटे राजा, श्री बझांगी राजा, श्री मुस्तांगी राजा, श्री ५- बाट मनोनीत गरिबक्सेका चौतरियाहरू, २५ श्री ५-का सचिवालयका सेक्रेटरीहरू, श्री प्रधानमन्त्रीका प्रिन्सिपल प्राइभेट सेक्रेटरी, श्री उपत्यका कमिश्नर, २६ श्री राजाहरू (नं. २४-मा लेखिएबाहेकका), २७ श्री सल्यानी राजकुमार, २८ श्री विदेशी राजदूतावास तथा लिगेशनका काउन्सेलरहरू, श्री ल्हासाका वकील, २९ श्री मेजर जनरल, श्री

आइ. जी. पी., श्री ज्वाइन्ट सेक्रेटरी, श्री चीफ अफ प्रोटोकल, श्री क श्रेणीका बड़ा-हाकिमहरू, ३० श्री विदेशी राजदूतावास तथा लिगेशनका फर्स्ट सेक्रेटरी, ३१ श्री बृगेडियर जनरल, श्री डेपुटी सेक्रेटरी, श्री कन्सल जनरल, श्री एकाउन्टेन्ट जनरल,श्री पब्लिक सर्भिस कमिशनका सेक्रेटरी, श्री एलेक्शन कमिशनका सेक्रेटरी,श्री डाइरेक्टरहरु,श्री कस्टम कमिश्नर, श्री भूमि-सुधार-कमिशनका सेक्रेटरी, श्री ल कमिशनका सेक्रेटरी, श्री मिन्ट मास्टर, श्री आस्से मास्टर, श्री खजान्ची, श्री म्यूजियमको क्यूरेटर, श्री प्रस एटाची (श्री ५ महाराजधिराजका), ३२ श्री बड़ाकाजी, श्री डि.आइ.जी., ३३ श्री ख. श्रेणीका बड़ाहाकिमहरू, श्री काठमाडौंका मजिस्ट्रेट, श्री आइ. जी. प्रिजन्स्, श्री हेड अफ डिपार्टमेण्ट, श्री कर्नेलहरू, श्री कन्सलहरू, ३४ श्री ग. श्रेणीका बड़ाहाकिमहरू, श्री काजी, श्री अ. सेक्रेटरीहरू, श्री अ. डाइरेक्टरहरू, श्री भक्तपुरका मजिस्ट्रेट, श्री ललितपुरका मजिस्ट्रेट, ३५ श्री एस.एस.पी.-हरू, ३६ श्री रायल फिजिसिएन्, श्री राज कविराज, श्री राज वैद्य, श्री सरदार, श्री लेफ्टिन्यान्ट कर्नेलहरू, श्री एस. पी.-हरू, श्री रायल डेन्टिस्ट, फोटोग्राफर, श्री रायल होमियोप्याथिक डाक्टर, ३७ श्री मीरसुब्बाहरू, श्री मेजरहरू, श्री भाइस कन्सलहरू। द्रष्टव्य—१ नं. २५ दफामा सरकारका सेक्रेटरीहरूका हकमा-मात्र मर्यादाक्रम नियुक्ति भएको मितिले हुने, अरू पदाधिकारीहरूले लेखिएका क्रम अपनाउने, २ नं ३१ दफामा श्री प्रेस एटाचीपछि रहने, अरूको मर्यादाक्रम तलको नम्बर, नं३-अनुसार, ३ माथिको कुरामा विचार राखी एउटै पदमा परेका पदहरूका मर्यादाक्रम नियुक्ति भएको मितिले हुने।

# शुद्धिपत्र

| पृष्ठ | पंक्ति | अशुद्ध छापिएको | हुनुपर्ने शुद्ध |
|---|---|---|---|
| ६ | १४ | आफ्न | आफ्नै |
| ११ | १ | गुम्बजद्वार | गुम्बजदार |
| १३ | १ | सम्पक | सम्पर्क |
| १६ | २० | गरे | गरे । |
| १८ | ५ | ाकन्तु | किन्तु |
| १९ | ५ | मंजूर। गनु | मंजूर गर्नु |
| २० | ९ | ता | तर |
| २० | ९ | ज्याद | ज्यादै |
| २० | ११ | दुव | दुवै |
| २० | १३ | पसा | पैसा |
| २० | १४ | तसथ | तसर्थ |
| २१ | ११ | ननताका | जनताका |
| २२ | २ | सबस्वतन्त्र | सर्वस्वतन्त्र |
| २२ | ८ | छुट्ट | छुट्टै |
| २२ | १३ | Conmons | Commons |
| २२ | १४ | बठक | बैठक |
| २२ | १६ | Wostminisor | Westmi-nister |
| २४ | ३ | भवनक | भवनको |
| २५ | १५ | राजालेपीयर | राजाले पीयर |
| २६ | १ | यिन | यिनै |
| २६ | १३ | मरणीय | स्मरणीय |
| २८ | १ | थ्या | थ्यो |
| २८ | १० | लार्ड (Archli-shop Laud) | लाड्(Arch-bishop Laud) |
| ३० | १ | विल | बिल |
| ३० | ४ | क्त | उक्त |
| ३० | ५ | भइसकेक | भइसकेको |
| ३० | ११ | एनको | ऐनको |
| ३१ | १८ | धेरैजसो | धेरैजसो |
| ३८ | १५ | गोरखली | गोरखाली |
| ५५ | १२ | व्यक्ति | व्यक्त |
| ६४ | १७ | नेपाली कांग्रेस | नेपाली राष्ट्रीय कांग्रेस |
| ८२ | १७ | पुरनू | पुरानू |
| ८५ | ६ | छि सानू | छिनें सानू |
| ८७ | ९ | काननी | कानूनी |
| ९० | १३ | ंभन | संभन |
| ९५ | ५ | पार्टीले | पार्टी |
| १०७ | १९ | त्यसला | त्यसलाई |
| ११५ | १० | हुन्न | हुन्न । |
| ११५ | १८ | प्रस्तवित | प्रस्तावित |
| ११६ | ६ | बिगा | बिंगा |
| ११६ | १० | येस् | योस् |
| १२४ | १ | ठम्याउन्न | ठम्याउन्न |

| पृष्ठ | पंक्ति | अशुद्ध छापिएको | हुनुपर्ने शुद्ध |
|---|---|---|---|
| १२४ | ६ | अभुनय | अनुनय |
| १२५ | १५ | अध्यक्ष | अध्यक्ष |
| ,, | १८ | अध्ययन | अध्ययन |
| ,, | २० | अध्यक्ष | अध्यक्ष |
| १२६ | ६ | थिचोभिचो | थिचोमिचो |
| ,, | १४ | अध्यक्ष | अध्यक्ष |
| ,, | २२ | वेस्तमिनिस्टर | वेस्टमिनिस्टर |
| १२७ | ६ | अध्यक्ष | अध्यक्ष |
| ,, | १९ | अध्यक्ष | अध्यक्ष |
| ,, | २१ | अध्यक्ष | अध्यक्ष |
| १२८ | ३ | सक्तन | सक्तैन |
| १४५ | ८ | सदनको थिनको पल्लोपट्टि | सदनको पल्लोपट्टि |
| १५० | ११ | बरुवालाई | बिरुवालाई |
| १५३ | ७ | Fanlt | Fault |
| १५४ | ६ | माम्रल । | मामलामा |
| १५४ | १० | गर्डको | गार्डको |
| ,, | ११ | इच्च | इच्छा |
| १५५ | १६ | ठडि | ठड्निे |
| १६० | ५ | अपधारी | अपराधी |
| १६१ | १ | लाग्यो | लाग्यो। |
| ,, | १४ | टंगिएन | टुंगिएन |
| १६६ | १६ | वणन | वर्णन |
| १७१ | १७ | सरकारा- | सरकारी |
| १७२ | १२ | मन्त्राहरुले | मन्त्रीहरुले |
| १७३ | १८ | नर्थ ब्रिटेन | नार्थ ब्रिटन |
| १७६ | १ | सानिस | मानिस |
| ,, | १३ | विल्किखलाई | विल्किजलाई |
| ,, | १८ | Ought | Ought |
| १८० | ८ | छन | छैन |
| १८१ | १६ | सक्तन | सक्तैन |
| १८५ | ७ | सिहभै | सिंहभैं |